# सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५

# प्रतिवेदन

२०७५ माघ

# प्राक्कथन

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयनको क्रममा निर्वाचनहरू सम्पन्न भई तिनै तहका सरकारहरू मुलुकमा छिटो सम्वृद्धि प्राप्तिको दिशामा अघि बढिरहेका छन्। सरकार गठन भएसँगै संघीय सरकारले **सम्वृद्ध नेपाल सुखी नेपाली**को दीर्घकालीन लक्ष्यसहित सन् २०३० भित्रै दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धताअनुरूप नीति, कार्यक्रम र बजेट कार्यान्वयनमा ल्याइरहेको छ।

दीर्घकालीन लक्ष्य प्राप्तिका लागि समानतामा आधारित उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्नु अनिवार्य छ। त्यसैले वर्तमान सरकारले नीति तथा कार्यक्रम र वजेट मार्फत् सुधारका श्रृङ्खलाहरू सुरु गरेको छ। लामो राजनीतिक संक्रमणसँगै आर्थिक सुधारका कार्यक्रमहरू थाँती रहेका थिए। विगतमा आयातमा आधारित उपभोगमूखी आर्थिक परिपाटीले प्रोत्साहन पाउँदा आन्तरिक उत्पादन र उत्पादकत्वका आधारहरू कमजोर रहेका छन्। बजेट र सार्वजनिक खर्च प्रणालीले अर्थतन्त्रको उत्पादनशील क्षमता वृद्धिमा अपेक्षित योगदान गर्न नसकेका कारण अर्थतन्त्रमा जटिलता थपिएका छन्। हालको आर्थिक संरचना, उत्पादन र वितरण प्रणाली तथा सामाजिक सम्बन्धहरूमा आधारभूत रूपमै परिवर्तन गरेर मात्र समानतामा आधारित समृद्धि छिटो हासिल गर्न सकिने देखिएको छ। त्यसैले सार्वजनिक खर्चको उत्पादकत्व र प्रभावकारिताको विषय अहम् बनेको छ।

पुँजीगत खर्चले उत्पादन र उत्पादकत्वमा ठोस योगदान दिन नसकेको अवस्था छ। चालु खर्चमा व्यापक विस्तार हुने तर पुँजी निर्माणमा योगदान न्यून हुने देखिएको छ। विभिन्न शीर्षकहरू मार्फत् वित्तीय सहायता, अनुदान तथा सामाजिक सुरक्षाका लागि जाने रकमको आकार बढे पनि लक्षित वर्गमा पुग्ने र प्रभावकारिता बढ्ने तर्फ निकै समस्याहरू रहेका छन्। सार्वजनिक खर्चको प्रभावकारिता बढाइ यसलाई कसरी प्रभावकारी बनाउने र सो क्रममा अनावश्यक र फजुल खर्च कसरी नियन्त्रण गरी राज्यकोषको ठूलो हिस्सा उत्पादनशील क्षेत्रमा प्रवाहित गर्ने चुनौती सरकारको सामु छ। संघीयताअनुरूप स्रोतको बाँडफाँडसहित खर्च अधिकारलाई कार्यान्वयन तहमा कसरी व्यवस्थित र समन्वयिकृत गरी वित्तीय संघीयतालाई ठोस र प्रभावकारी बनाउने भन्ने चुनौति छ। यस्ता चुनौतिहरूको सम्बोधन गर्ने गरी सरकार अघि बढ्ने क्रममा खर्च प्रणाली र वित्त व्यवस्थापनका क्षेत्रमा गरिनु पर्ने सुधार बारे सुझाव दिन एक सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन गर्ने घोषणा चालु आर्थिक वर्षको बजेटमा गरिएको थियो। सोही अनुरूप नेपाल सरकारले निश्चित कार्यक्षेत्र र पाँच महिनाको समयसीमा तोकी मेरो अध्यक्षतामा ५ सदस्यीय सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन गरेको थियो।

आयोगका कार्यक्षेत्रमा विभिन्न विषयहरू समेटिएको थियो। विद्यमान सार्वजनिक खर्च र खर्च व्यवस्थापन प्रणालीमा के कस्तो सुधार गरी सार्वजनिक खर्चलाई प्रभावकारी र परिणाममूखी बनाउन सकिन्छ भन्ने बारे सुझाव दिनु पर्ने मुख्य विषय कार्यक्षेत्रमा समावेश गरिएको थियो। बढ्दो चालु खर्च नियन्त्रण गर्ने उपायहरू, नेपाल सरकारको हालको संगठनात्मक स्वरूपको विस्तृत अध्ययन गरी त्यसमा गर्नुपर्ने सुधार र पुनरावलोकन गर्ने महत्त्वपूर्ण विषयहरू कार्यक्षेत्रमा समेटिएका थिए। आयोजना व्यवस्थापनमा सुधार गर्नुपर्ने विषयहरू पनि यसमा समावेश थिए। सरकारद्धारा बर्सेनि वितरण गरिने अनुदान र सामाजिक संरक्षणको कार्यक्रमलाई कसरी प्रभावकारी बनाउने तथा सार्वजनिक सेवालाई कसरी प्रभावकारी र कुशल बनाउने भन्ने बारे सुझाव दिनुपर्ने विषय पनि यसमा राखिएका थिए। यसका साथै सार्वजनिक संस्थानहरूको भूमिका र योगदान बारे समेत अध्ययन गरी तिनलाई कसरी सुधार गर्ने भन्ने राय दिनुपर्ने विषय कार्यक्षेत्रमा परेको थियो। तीनै तहमा खर्च अधिकारअनुरूप क्रमागत कार्यक्रमहरूको बाँडफाँड भएको छ छैन तिनको लेखाजोखा गरी सूचीसहित सुझाव दिनुका साथै प्रदेश र स्थानीय तहका लागि

सार्वजनिक खर्च र वित्त प्रणाली के कस्तो हुनुपर्छ भन्ने बारे समेत खाकासहितका सुझावहरू दिनुपर्ने यसमा उल्लेख गरिएको थियो। प्रतिवेदनमा यीसँग सम्बन्धित सबै विषयहरूलाई समेटिएको छ।

अध्ययन तथा प्रतिवेदन तयार गर्ने क्रममा आयोगले विगतका महत्त्वपूर्ण दस्तावेज तथा प्रतिवेदनहरू र थप सन्दर्भ सामग्रीहरूको विस्तृत अध्ययन गरेको थियो। त्यसैगरी सम्माननीय सभामुख, प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरू, अर्थ समितिका सभापति, महालेखा परीक्षक, भाषा आयोगका अध्यक्ष, पूर्व अर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा सदस्यहरू, नेपाल सरकारका सचिव तथा अन्य उच्च पदाधिकारीहरू, लामो अनुभव प्राप्त गर्नुभएका अन्य विशिष्ट व्यक्तित्वहरू, सम्बन्धित क्षेत्रका विशेषज्ञहरू, निजी क्षेत्र लगायतसँग छलफल र अन्तर्क्रिया मार्फत् सुझावहरू लिइएको थियो। संघीय र प्रदेशका मन्त्रालयहरू तथा संस्थानहरूबाट छुट्टै लिखित सुझावहरू समेत लिइएको थियो। स्थानीय तहका जनप्रतिनिधिहरुसँग छलफल गरिएको थियो। त्यस्तै, सातवटै प्रदेशका केही महत्त्वपूर्ण परियोजनाहरूको स्थलगत अध्ययन भ्रमणसमेत गरिएको थियो। वित्तीय संघीयतामा खर्च प्रणालीका चुनौतिहरू विषयमा एकदिने गोष्ठी पनि आयोजना गरिएको थियो। आयोगलाई अमूल्य सुझावहरू दिई सहयोग गर्ने विशिष्ट व्यक्तिहरू, उच्च पदाधिकारीहरू, विभिन्न संस्था तथा निकायहरू, विशेषज्ञ तथा सरोकारवालाहरूको नाम अनुसूचीमा उल्लेख गरिएको छ। आयोगको तर्फबाट म सबैमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु। प्रतिवेदन तयारीमा योगदान गर्नुहुने विज्ञहरू, नेपाल सरकारका कर्मचारीहरू तथा अन्य सबैमा विशेष धन्यवाद दिन चाहान्छु। प्रतिवेदनको भाषिक शुद्धताको कार्य गर्नुहुने श्री इन्द्रबहादुर देवकोटालाई धन्यवाद दिन्छु।

विभिन्न चुनौतिहरू बिच समृद्धि र दिगो विकास अभियानमा वर्तमान सरकार केन्द्रित भएर लागिरहेको बेला बजेट र खर्च प्रणालीमा गरिनु पर्ने सुधार बारे प्रतिवेदनमा दिइएका सुझावहरूले त्यस दिशामा विशेष योगदान पुऱ्याउनेछन् भन्ने मैले विश्वास लिएको छु। यस्तो गहन विषयमा प्रतिवेदन तयार गरी सुझाव दिने अवसरको लागि आयोगको तर्फबाट म नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु। प्रतिवेदन तयारीमा निरन्तर खटी योगदान गर्नुहुने आयोगका सदस्यहरू श्री सुरेश प्रधान, श्री दुर्गानिधि शर्मा, डा. शिवराज अधिकारी तथा सदस्य-सचिव डा. मुकुन्दप्रसाद पौड्यालको उच्च मूल्याङ्कन गर्दै आभार प्रकट गर्न चाहान्छु। प्रतिवेदन तयार गर्ने क्रममा आयोगलाई निरन्तर प्रेरणाको लागि माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूलाई विशेषा धन्यवाद दिन चाहान्छु। आयोगको काममा पूर्ण सहयोगको लागि अर्थ मन्त्रालयका उच्च पदाधिकारी एवं मन्त्रालयका सम्पूर्ण परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

२०७५ माघ ११
सिंहदरबार, काठमाडौं

डा. डिल्लीराज खनाल
अध्यक्ष

# प्रतिवेदनको सारांश

१. **वर्तमान सरकार समृद्ध नेपालः सुखी नेपाली बनाउने दीर्घकालीन उद्धेश्य अनुरूप आर्थिक सामाजिक विकासको मौलिक ढाँचा अघि बढाइरहेको छ। यसका लागि योजना, बजेट र खर्च प्रणालीमा विगतदेखि रहेका समस्याहरूको पहिचान गरी तिनमा सुधार हुन आवश्यक छ।** विगतमा योजना बढी औपचारिकतामा सीमित हुने कारणले समष्टिगत एवं क्षेत्रगत लक्ष्यअनुरूप कार्यक्रमको प्राथमिकीकरण र त्यसकै आधारमा लागत अनुमान तयार गरी योजना लक्ष्यलाई उपलब्धिमा रूपान्तरित गर्नेतर्फ ठूलो समस्या रहँदै आएको छ। आयोजनाहरू पूर्वतयारी बिना नै बजेटमा राख्ने, स्रोत सुनिश्चितताको नाउँमा नयाँ परियोजनाहरू आर्थिक वर्षको बिचमा समावेस गर्ने, उच्च प्राथमिकतामा राखिएका राष्ट्रिय गौरवका आयोजनाहरू लगायत अन्य आयोजनाहरूको कार्यान्वयनमा जटिलता, स्रोतान्तर तथा रकमान्तरको व्यापक दुरूपयोग, पुँजीगत बजेटको ठूलो हिस्सा आर्थिक बर्षको अन्त्यमा खर्च गर्ने जस्ता प्रवृत्ति सार्वजनिक खर्च प्रणालीका मूल समस्याको रूपमा रहेका छन्। कार्यान्वयन पक्ष ज्यादै कमजोर हुँदा कतिपय आयोजनाहरू अधुरा रहने र समय र लागत बढ्ने गरेको छ। यसबाट निजी क्षेत्र लगानी विस्तार तथा सहकारी क्षेत्र प्रवर्द्धनमा समेत प्रतिकूल असर पर्ने गरेको छ। योजना, बजेट र कार्यान्वयनका क्षेत्रमा संस्थागत, प्राविधिक र व्यवस्थापकीय कमजोरी र समस्याहरूका कारण लामो कालदेखि यिनले संरचनागतरूप लिई आर्थिक रूपान्तरण र समृद्धिको मार्गमा बाधा पारीरहेका छन्। यस्ता अन्तरसम्बन्धित समस्याहरूको आधारभूत रूपमै समाधान वा सुधार गर्नुपर्ने आवश्यकता बारे चालु आ.व.को बजेट वक्तव्यमा उल्लेख गरी नेपाल सरकारले सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ गठन गरेको हो। विकास आयोजनाहरूको प्राथमिकीकरण, पुनर्संरचना र समग्र सार्वजनिक खर्च प्रणालीमा गर्नु पर्ने सुधार बारे सुझाव दिने गरी आयोगको कार्यक्षेत्र तोकिएको छ। आयोगले तयार गरेको प्रतिवेदनको मूल सारांशहरू तल प्रस्तुत गरिएको छ।

२. **नेपालमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा सरकारी खर्चको आकार तीव्र रूपमा बढेको छ। आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ्य उत्पादनमा सरकारी खर्चको अनुपात २२.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा सो अनुपात ३६.१ प्रतिशत पुग्न गयो। पाँच वर्षको अन्तरालमा कुल गार्हस्थ्य उत्पादनमा सरकारी खर्च १३.६ प्रतिशतले बढ्यो। सो अवधिमा कुल गार्हस्थ्य उत्पादनमा चालु खर्चको अनुपात वार्षिक औसत १७.३ प्रतिशतबाट बढेर आर्थिक वर्ष २०७४/७५ मा २३.२ मा पुग्यो। तर पुँजीगत खर्चको अनुपात सो अवधिमा ५.२ प्रतिशतबाट बढेर ९.० प्रतिशत मात्र पुग्यो।** खर्चको अनुपातिक हिसावले नै चालु खर्च वृद्धि उच्च रह्यो। आर्थिक वर्ष २०७४/७५ को विश्लेषण गर्दा कुल चालु खर्चमा

सबैभन्दा धेरै हिस्सा अनुदानको (५८.७ प्रतिशत) रहेको छ। त्यसपछि पारिश्रमिक सुविधा र सामाजिक सुरक्षाको क्रमशः १६.० प्रतिशत र १३.७ प्रतिशत रहेको छ। सरकारले नियमित रूपमा गर्नु पर्ने खर्चमा लगातार वृद्धीसँगै दरबन्दी स्विकृती, कार्यालय संख्या वृद्धि, कार्यालय शाखा विस्तार तथा मन्त्रालय संख्या आदि वृद्धिको नीतिगत कारण, संघ प्रदेश र स्थानीय तहले जनता माझ आफ्नो उपस्थिति बढाउन संस्थाहरू खोल्ने होड नै चलेको संस्थागत कारण, संविधानद्वारा प्रदत्त हक प्रच

लन गर्न ल्याइने नयाँ कानून, जनसंख्या वृद्धि एवं बसाईं सराईले प्रहरी तथा अन्य नियामक सेवाहरू बढाउँदा संरचनागत कारणले चालु खर्च बढने कारण रहेका छन। मुख्य समस्या के देखिन्छ भने अहिलेसम्म खर्चको प्रक्षेपण गर्न सकिएन। चालु खर्च विनियोजनको पर्याप्त आधार र खर्च शीर्षगत मापदण्ड बन्न सकेको छैन। खर्चको अनुगमन र नियन्त्रण गर्ने आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसक्दा चालु खर्चको वृद्धि नियन्त्रण हुन नसकेको देखिन्छ।

३. **सार्वजनिक खर्चको उपादेयता, उत्पादकत्व वृद्धि र सेवा प्रवाहको गुणात्मक प्रभावकारिता जस्ता महत्त्वपूर्ण पक्षहरूलाइ विशेष ध्यान दिने, चालु खर्चलाई विशुद्ध सञ्चालन खर्च र पुँजी निर्माणको सहयोगी खर्चका रूपमा विश्लेषण गरी संगठनात्मक स्वरूप, सामाजिक सुरक्षा, आर्थिक सहायता अनुदानलाई मितव्ययी, प्रभावकारी र कुशल बनाउने, सार्वजनिक खर्च प्रणालीले खर्चसँग जोडिएका संस्थागत एवं कानूनी व्यवस्था, संरचनागत व्यवस्था, खर्च गर्ने संयन्त्रहरू, तिनको ढाँचा र परिपाटी, खर्चसम्बन्धी नीति र खर्च व्यवस्थापन जस्ता विविध पक्षहरूमा सुधार ल्याई चालु खर्चलाई वान्छित सीिमा भित्र राख्न सकिने सम्भावनाका आधारहरूमा सुझावहरू दिइएको छ।** (क) चालु खर्चमा सुधारको लागि संघीयताअनुसार कानुन, संस्थागत तथा संगठनात्मक संरचनामा सुधार गरी खर्च कटौती गर्नुपर्ने, चालु खर्चलाई कुल ग्राहस्थ उत्पादनको निश्चित अनुपातमा राख्नुपर्ने तथा निश्चित विधि र मापदण्डका आधारमा समग्र चालु खर्च र खर्च वर्गीकरण प्रक्षेपणको थालनी र संस्थागत व्यवस्था गरिनु आवश्यक छ। (ख) त्यस्तै उत्तरदायित्वसम्बन्धी कानून निर्माण गर्नुपर्ने र सञ्चालन खर्चलाई अर्ध वा पूर्ण परिवर्तनशील खर्चको रूपमा वर्गीकरण गर्नु पर्दछ। (ग) बजेट मार्फत् व्यक्ति वा संस्थालाई प्रदान गरिने सबै प्रकारका अनुदानलाई क्षमता विकास, उत्पादनशीलता अभिवृद्धि, कल्याणकारी सेवामा वर्गीकरण गरी वितरणका ठोस आधारसहितको सरकारी अनुदान वितरण ऐन बनाई लागु गर्नुपर्दछ। (घ) योगदानमा आधारित निवृत्तिभरण प्रणाली निजामती, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, नेपाली सेना, विद्यालय र महाविद्यालयका शिक्षकहरूको लागि पनि लागू गर्नुपर्दछ। (ङ) त्यस्तै, नतिजामा आधारित खर्च

प्रणाली अर्थात् कार्यसम्पादन प्रगतिको आधारमा खर्च बढाउँदै लग्ने र सो कार्यक्रम/परियोजना समाप्त भएपछि विनियोजन शून्यमा झार्ने तथा सार्वजनिक सेवा जस्तै शिक्षा, स्वास्थ्य आदि कार्यक्रमहरूमा नतिजा एवं शून्यमा आधारित बजेट पद्दति लागु गर्नु पर्दछ। (च) बजेटको ठूलो हिस्सा प्रदेश र स्थानीय तह कोषमा गएपछि खर्च भएको जनाइने परिपाटीले खर्च खोजि (ट्राकिङ) को वर्तमान प्रणाली अवरुद्ध भएकोले स्थानीय तह र प्रदेशको खर्च पनि एकल खाता कोष प्रणाली लागू गरी खर्च अनुगमन गर्नुपर्दछ। (छ) सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन अनिवार्य छ। यसको लागि सामाजिक सुरक्षासम्बन्धी एकीकृत नीति तयार गरी सबै नेपालीले जीवन निर्वाहका लागि आवश्यक रकम पाउने सुनिश्चिततासहितको योजना लागु गर्न आवश्यक छ। यस कार्यमा केन्द्रित रहने गरी एक **सामाजिक सुरक्षा केन्द्र** स्थापना गरी सो प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा राख्न र सम्पूर्ण सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू यसै केन्द्र मातहत सञ्चालन गर्न आवश्यक छ। (ज) सामाजिक सुरक्षा सञ्चालनमा नीतिगत स्पष्टता आवश्यक छ। सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूको यकिन तथ्याङ्क ब्यबस्थित र अध्यावधिक गरि प्रभावकारिता मापन गर्न सकिने बनाउनुपर्दछ। लाभान्वित वर्गको पहिचान प्रणाली लागू गरिनुपर्दछ। लक्षित वर्ग स्पष्ट गरी लाभान्वित वर्गको संख्या र सुरक्षा दायित्वको सीमा गणना गर्न आवश्यक छ। (झ) अनुदान, आर्थिक सहायता वितरणलाई संघीय संरचनामार्फत् प्रभावकारी बनाइनुपर्दछ। वस्तुनिष्ठ मापदण्ड बनाइनुपर्दछ। अनुदान कार्यक्रम अन्तर्गत ठूलो अंश खर्च गरिने तर सेवाग्राहीको छनौट पनि नहुने तथा वहुनिकायले त्यस्तो अनुदान दिने प्रवृत्ति बढेकोले अनुदानबाट उत्पादन र उत्पादकत्वमा योगदान पुगे नपुगेको बारे अनुगमन र मूल्याङ्कन गर्ने प्रभावकारी संयन्त्र आवश्यक छ। घुम्ति कोषबाट दिइने अनुदान, कृषि यान्त्रिकीकरण अनुदान, कृषि क्षेत्रमा रासायनिक मल, उन्नत बिउबिजन, कृषि औजार, बजार विकास, शीत भण्डार, तालिम लगायतका कार्यक्रमहरूको वस्तुनिष्ठ मापदण्ड बनाउनु पर्दछ। प्रभावकारी र नतिजा स्पस्ट भएको हुनु पर्दछ। सालबसाली कार्यक्रमहरू चार पाँच वर्षको अन्तरालमा शून्यमा आधारित बजेटमा लैजानु पर्दछ। (ण) नीति, निर्माण तथा अनुगमन र मूल्याङ्कन, स्वास्थ्य र शिक्षा क्षेत्रमा सम्भाव्यताको आधारमा सामुदायिक, पारम्परिक संस्था, स्थानीय क्लब एवं निजीक्षेत्रको संलग्नता बढाउन उपयुक्त हुनेछ। कृषि तथा पशुपालन, गरिबी निवारण र जलवायु परिवर्तनको क्षेत्रमा गैरसरकारी सहकारी संस्थाहरू र पर्यटनको क्षेत्रमा निजी वा सहकारी संस्थाको सहभागिता बढाउन उपयुक्त हुनेछ। करार खेतीको माध्यमबाट निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन आवश्यक छ।

४. **पुँजीगत खर्च पुँजीगत बजेट अनुमान भन्दा निकै कम मात्र नभएर आर्थिक वर्षको अन्तमा ४०-५० प्रतिशतसम्म हुने गरेको देखिन्छ। जसले गर्दा पुँजीगत खर्चको उत्पादकत्व र गुणस्तरमा कमि आएको छ। विगत ७ वर्षको अवधिमा विनियोजित पुँजीगत बजेटको तुलनामा यथार्थ खर्च वार्षिक औषत ७३.३ प्रतिशत रहने गरेको छ।** खर्च भित्रको संरचनामा हेर्दा जग्गा खरिद, सवारी साधन र सार्वजनिक निर्माणमा विनियोजनको तुलनामा यथार्थ खर्च बढी भएको देखिन्छ। कुल पुँजीगत खर्च मध्ये झण्डै दुई तिहाइ खर्च सार्वजनिक निर्माण र त्यसपछि क्रमशः भवन निर्माण, जग्गा खरिद, मेशिनरी औजार र सवारी खरिदमा हुने गरेको छ। मुलतः परियोजनाहरू बजेट पूर्वका तयारीहरू बिनानै बजेटमा समावेश गरी, कमजोर प्राथमिकताका आधारहरू तय गरिन्छ। जेष्ठ १५ देखि श्रावण १ सम्मको ४५ दिन परियोजना तयारीमा उपयोग नै नहुने जस्ता कारणले सार्वजनिक खर्च प्रणाली भित्र बिकृति र विसंगति जन्मन गएको राजनीतिक अस्थिरताले समेत महत्त्वपूर्ण भूमिका खेल्यो। यस्ता अन्तरसम्बन्धित कारणहरूले बजेट कार्यान्वयनमा अवरोध खडा गरी यसको नकारात्मक असर पुँजीगत खर्चमा पर्ने गरेको छ। समयमा काम सम्पन्न नगर्ने, जिम्मेवारी पूरा नगर्ने पनि खरिद प्रक्रियाको समय तालिका उपयोग नगर्ने जस्ता कारणले आर्थिक वर्षको अन्यमा पुँजीगत खर्च केन्द्रित हुने गरेको छ।

५. **पुँजीगत खर्च वृद्धिका साथै आर्थिक वर्षको अन्तमा पुँजीगत खर्च केन्द्रित हुने अवस्थालाई अन्त्य गर्ने गरीि प्रकिया र पथलाई थप व्यवहारिक र तुरुन्त कार्यान्वयन गर्न सकिने गरी सरल बनाइनुपर्दछ ।स्पस्ट समय तालिका, बजेट पूर्वका कार्यहरू, जेष्ठ १५ देखि श्रावण १ सम्मका कार्यहरू, खरिद व्यवस्थापनका प्रत्येक चरण र समय तालिका, वित्तीय भुक्तानीका प्रक्रिया र समय तालिका, सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रलाय, निर्माण व्यवसायीहरू भूमिका र जिम्मेवारीलाई थप स्पस्ट गरि बिध्यमान अवस्थामा लाग्ने समयमा ५० प्रतिशतले घटाउने र नयाँ परियोजनाको लागि पहिलो भुक्तानी मङ्सिर महिनामा हुन सक्ने गरि बिध्यमान व्यवस्थालाई परिस्कृत गरिएको छ।** *जसले गर्दा पुँजीगत खर्चको उत्पादकत्व र गुणस्तर दुवैमा सुधार आउने छ।* विद्यमान खरिद प्रक्रियाबाटै समाधान निकाल्ने गरी खरिदको प्रकियाहरू चरणवद्धरूपमा प्रस्ताव गरिनु पर्ने गरी सुझावहरू दिइएको छ। यसबाट परियोजना बजेटमा समावेस गर्दा मासिक खरिद योजना र वास्तविक चौमासिक बजेट योजना पेश गरिनुपर्दछ। जेष्ठ १५ देखि श्रावण १ सम्मको समयमा कार्यालय, मानव संसाधनको तयारी, कागजात, सूचना प्रकाशन जस्ता आन्तरिक तयारी आदि कार्यहरू गर्रिनुपर्दछ। आर्थिक वर्ष शुरु भएपछि तुरुन्त खरिद प्रक्रियाका कार्यहरू सुचारु गरी ७० दिन भित्र करार सम्झयौता सजिलै सम्पन्न

हुन सक्तछ र गर्नुपर्दछ। भौतिक पूर्वाधारको कार्य गर्ने निकायहरूले निर्माण कार्यको अभिलेख दैनिक रूपमा प्रमाणित गर्ने व्यवस्था गर्नुपर्दछ। यसको लागि निर्माण व्यवसायीले दैनिक रूपमा सम्पन्न भएको निर्माण कार्य आईटमवाईज अभिलेखको आधारमा तयार गरी सुपरिवेक्षण गर्ने निकायको सम्बन्धिीत प्राविधिकबाट दैनिक रूपमा प्रमाणित गराउने कार्य अनिवार्य गरिनुपर्दछ। सो आईटमवाईज प्रमाणित कार्यको आधारमा मासिक वा करार सम्झौतामा उल्लेखित समयमा बिल अफ क्वान्टिटीको आईटमको आधारमा ठेक्कासम्बन्धी बिल तयार गरिनुपर्दछ। निर्माण व्यवसायीले बिल पेश गरेको मितिले १५ दिन भित्र निजले भुक्तानी पाउने वा निजको खातामा रकम जम्मा हुने व्यवस्था गर्नुपर्दछ। कर्मचारीको पदस्थापना हुने व्यवस्था गरी ३ वर्षसम्म काम गर्ने मौका दिइनुपर्दछ। तोकिएको समयमा काम सम्पन्न गर्ने प्राविधिक र अन्य प्रत्यक्ष संलग्न कर्मचारीहरूलाई करार समयमा नै गुणस्तरसहितको कार्य गर्ने निर्माण व्यवसायीलाई दिने बोनस बराबरको रकम उत्प्रेरणा भत्ताको रूपमा प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ। तोकिएको कार्यतालिकाअनुसार कार्यसम्पन्न नगर्ने, म्याद थपको मनासिब कारण नहुने, मूल्य समायोजनको आधारभूत प्रमाण बिना भुक्तानी गर्नेदेखि कमजोरीका कारण दावी गर्न रकम तिर्नुपर्ने अवस्था आएमा सिफारिश, प्रमाणित, स्वीकृत गर्ने तथा भुक्तानी गर्ने सबैबाट खर्च असूल उपर गर्ने **प्रावधान आर्थिक कार्यविधि ऐन तथा सार्वजनिक खरिद ऐन**मा गर्नुपर्दछ।

६. **संघीय बजेट, खर्च र वित्त व्यवस्थापन प्रणालीमा समस्याहरू जेलिएर रहेका छन् ।दुई वा सो भन्दा बढी समस्याहरू आपसमा अन्तरक्रिया गरी तेस्रो वा अर्को समस्या सिर्जना गर्दछन्। योजनादेखि बजेट तर्जुमासम्म, प्राथमिकता कार्यक्रम तथा परियोजना छनोट गर्नेदेखि बजेटमा प्रविष्ट गर्नेसम्म, बजेट पारित भए पछि बजेट कै मूल्य मान्यता भत्काउने गरि आर्थिक वर्षको बिचमा स्रोत सुनिश्चितता सहित बिना तयारीका थप कार्यक्रम र परियोजना मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्ने, धेरै परियोजनाहरू भए पछि प्रति इकाई बजेट कम हुने र कम बजेट भएका कारण उक्त परियोजना कार्यान्वयनमा नजाने तर उक्त रकम अर्को परियोजनालाई मोबिलाइजेसन फण्डमा उपयोग गर्ने जस्ता कारणले कार्यक्रम/परियोजना कार्यान्वायन गर्न नसकिने समस्याहरू बिगतदेखि नै सालबसाली हुदै आएका छन्। विगतदेखि नै सार्वजनिक खर्च प्रणाली ठूलो समस्याले ग्रस्त छ।** क्षेत्रगत रणनीति, आवधिक योजना र वार्षिक बजेट बीचको सम्बन्ध निकै कमजोर छ। वार्षिक बजेटलाई मध्यकालीन दृष्टिकोणले हेर्ने प्रावधान छ तर व्यवहार छैन। नियमितता छैन र संस्थागत संरचना पनि छैन। वार्षिक बजेटलाई सहयोग गर्ने गरी मध्यकालिन खर्च संरचना तयार हुने गरेको छैन। बजेटमा नयाँ परियोजनाहरू होइन पुरानै परियोजनाहरूलाई प्राथमिकतामा राखिन्छ। बजेट प्रणालीमा प्रविष्ट गरिएका सार्वजनिक खर्चका शीर्षकहरूलाई पहिलो प्राथमिकता (P1) र दोस्रो प्राथमिकता (P2) मा बाडिन्छ।

योजना आयोगले १५ वर्ष पहिलेदेखि उही प्राथमिकताका आधारहरू प्रयोग गर्दै आइरहेको छ तर ती आधारहरूले अन्तर क्षेत्र र आन्तरिक क्षेत्रलाई समान धरातलवाट मापन गर्दछन्। बहुवर्षीय आयोजनाहरू एक पटक बजेट प्रणालीमा प्रविष्ट भएपछि सम्बन्धित मन्त्रलाय र अर्थ मन्त्रलायले समेत दायित्व हिसाव गर्दैन।बजेटको सीमा तोक्ने कार्यमा नेतृत्व लिने योजना आयोगले पनि बहुवर्षीय परियोजनाको दायित्वको खोजी नगरेको स्थिति छ। बहुवर्षीय कार्यक्रम तथा परियोजनाहरू बजेट निर्माणको क्रममा नियमित प्रक्रियाबाट र आर्थिक वर्षको विचमा स्रोत सुनिश्चितताको प्राक्रियाबाट बजेट प्रणालीमा प्रविष्ट हुन्छन् तर दायित्व कति बढ्यो हिसाव नहुने गरेको छ। १० प्रतिशतको रकमान्तरको सिमा राखे पनि ३० प्रतिशत देखि ५० प्रतिशतसम्म हुने गरेको छ। कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको क्रियाकलाप र त्यसको प्रतिफलसँग सम्बन्ध मिलाउनु पर्दछ भन्ने सामान्य नियमको पालना पनि हुन सकेको पाइँदैन। कार्यक्रममा बजेट विनियोजन गर्नेमा मात्र मुख्य ध्यान जाने गरेको छ। खरिद व्यवस्थापनका आफ्नै समस्या छन् र यसमा निर्माण व्यवसायीहरूको व्यवसायीकरण र स्वस्थ्य प्रतिस्पर्धामा कमी रहेकोले माग र आपूर्ती दुवैतर्फ समस्या हुन गएको छ। विभिन्न निकायहरू विच समन्वयको अभाव छ। अनुगमन र मूल्याङ्कन गर्ने संस्थाहरू धेरै छन् तर प्रभावकारी समन्वय हुन सकेको छैन। कतै कार्य क्षेत्रहरू खप्टिएका छन्, कतैं कार्य क्षेत्रहरू समावेश छैनन्।

७. **संघीय बजेट, खर्च र वित्त प्रणालीमा देखिए समस्याहरूको समाधानका लागि आंशिक प्रयास होइन प्रणालीगत समाधान खोजिनु पर्ने निष्कर्षसहित प्रणालीगत समाधानहरु सुझावको रूपमा दिइएको छ। समग्र प्रणालीभित्रको अन्तर सम्बन्धलाई ध्यान दिँदै प्रणालीलाई क्रियाशील बनाउने ८ वटा इकाइ खण्डहरू र छवटा न्युनतम सर्तका मूलभूत तत्वहरूको संयुक्त प्रयासबाट विद्यमान अवस्थामा व्यापक सुधार ल्याउने गरी प्रस्ताव गरिएको छ।** मानव संसाधनको क्षमता तथा सीपमा विकास, एकिकृत सूचना प्रविधि, आवश्यक कानुनी प्रावधान, तथ्याङ्क र सूचना प्रवाह, सुशासन र तेस्रो र ठाडो संस्थागत समन्वय सूधारका पूर्व शर्तहरूको रूपमा यी पक्षहरूको मार्गदर्शनमा समावेश गरिएका छन्। यी पूर्वसर्तहरूको आधारमा इकाइ खण्डहरूले एक आपसमा अन्तरक्रिया गर्दै समग्र प्रणालीमा सुधार ल्याउँने छन्। फलतः निजीक्षेत्र र सहकारी क्षेत्र समेत प्रोत्साहित भई समृद्ध नेपाल, सुखी नेपालीको उद्देश्य प्राप्ति मा सहजता आउनेछ। (१) संस्थागत तथा नीतिगत व्यवस्था अर्थमन्त्रालय, योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालयको पुन संरचना गरी प्रभावकारी बनाउने र नीतिगत एवम् कानुनी व्यवस्थामा सुधार गरिनु आवश्यक छ। यसको लागि राष्ट्रिय योजना आयोगलाई **संघीय योजना आयोग बनाई** सबै तहको सरकारको आर्थिक सामाजिक विकासको

समन्वय गर्ने संस्थाको रूपमा विकास गर्नु आवश्यक छ। त्यस्तै, बजेट कार्यान्वयनलाई उपलब्धिमूलक बनाउन र प्रभावकारी कार्यान्वयन गर्न विद्यमान बजेट तथा कार्यक्रम महाशाखा र योजना, अनुगमन मूल्याङ्कन महाशाखाका कार्यहरूलाई थप स्पष्ट गरी बजेट तथा मध्यमकालीन खर्च संरचना महाशाखा र बजेट कार्यान्वयन तथा खर्च व्यवस्थापन महाशाखा बनाउन उपयुक्त हुनेछ। त्यस्तै, मन्त्रालयहरूमा रहेका विद्यमान योजना महाशाखा वा शाखाहरूको क्षमता अभिवृद्धि र पुनर्गठन गरिनुपर्दछ। प्रत्येक मन्त्रालयले आ-आफ्ना मध्यमकालीन बजेट संरचनाअनुरूप क्षेत्रगत नीतिपत्रहरू तयार गर्ने, खरीद योजना तयार गर्ने, प्राथमिकीकरण गर्ने, नतिजामुलक बजेट तयार गर्ने कार्यको लागि अर्थ मन्त्रालयसँग संयुक्तरूपमा काम गर्ने व्यवस्था गर्नु पर्दछ। यसका साथै साविकका सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्र समायोजन गर्न आवश्यक छ। (२) मध्यमकालीन खर्च संरचनाको दृष्टिकोणबाट वार्षिक बजेट बनाई आवधिक योजनासँग जडिनुपर्दछ। यसका लागि आवश्यक संस्थागत व्यवस्था र सम्बन्धित निकायहरूको भूमिका स्पष्ट गर्दै क्षमता विकास गरिनुपर्दछ। (३) संवैधानिक व्यवस्थाअनुरूप संघीय संरचनालाई ध्यानमा राखी कार्यक्रमको बनावट र वर्गीकरणमा सुधार गरिनुपर्दछ। बजेटमा सार्वजनिक सेवा, सामाजिक सेवा, आर्थिक सेवा, पुँजी निर्माणमा सार्वजनिक लगानी र वित्तीय हस्तान्तरण गरी ५ भागमा वर्गीकरण गरी त्यसैअनुसार लागत अनुमान, प्राथमिकीकरण र बजेट विनियोजन गर्ने, मापदण्ड र मानक निर्धारण गर्ने कार्य गर्न आवश्यक छ। यसका लागि **एक कार्यदल** बनाउन आवश्यक छ।(४) सुझावमा यी माथिका विभिद पक्षमा वैज्ञानिक आधारहरू विधि र प्रकृयाहरु प्रस्तुत गरिएका छन्। ती लागू गर्न थप आधारहरु समेत प्रस्ताव गरिएको छ। (५) मध्यमकालिन खर्च संरचना र नतिजामुलक बजेट अन्तरसम्बन्धित हुनु पर्ने गरी सुझाव दिइएको छ। प्रत्येक चरणमा नतिजामूलक बजेटलाई आधार बनाउन सकेमात्र बजेटलाई प्रभावकारी र परिणाममूखी बनाउन सकिनेछ। ति सुधारका पक्षहरूलाई आधार मान्दै ठोस सुझावहरु मार्ग दर्शनमा अन्तर्निहित छन्। आयोजना तथा परियोजनाको प्राथमिकीकरण गर्दा केवल रणनीतिक र अन्यमा विभाजन गरी सो अनुरूप बजेट विनियोजनको मापदण्ड सुनिश्चित गर्न उपयुक्त हुनेछ। त्यस्तै हरेक खर्चका शीर्षकहरुलाई आयोजना र कार्यक्रम भनी गणना गर्ने र तदनुरूप प्राथमिकीकरण गर्ने परिपाटीको अत्य गरी स्थापित मापदण्डका आधारमा मात्र आयोजना परियोजनाहरू छुट्टाउने र तदनुरूप विनियोजन नीति अवलम्बन गरिनु पर्दछ।

८. **संघीय बजेट कार्यान्वयनलाई ६ वटा आधार स्तम्भद्वारा प्रभावकारी बनाउन सुझावहरू दिइएका छन्। यस अन्तर्गत सम्बन्धित मन्त्रालय र परियोजना कार्यालयबाट खर्च व्यवस्थापन,**

**सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, नीजिक्षेत्र, सरकारी र उपभोक्ता समितिको दक्षता र क्षमता विकास, कार्यान्वयनलाई प्रभावकारी बनाउने वातावरण र मध्यकालीन नतिजा सम्पादन संस्थापना गरी ६ वटा आधार स्तम्भहरू प्रस्ताव गरिएको छ।** *प्रत्येक आधार स्तम्भमा सम्बन्धित निकायको भूमिका सुधारका कार्यक्रम, त्यसको प्रतिफल समेत व्याख्या गरी प्रक्रिया समेत उल्लेख गरिएको छ। तुरुन्त कार्यान्वयनमा लैजान सहज हुने गरी सुझाव दिइएको छ।* सम्बन्धित मन्त्रालय वा परियोजना कार्यान्वयन कार्यालयका कर्मचारीलाई र निर्माण व्यवसायीलाई समयमै परियोजना सम्पन्न गरेमा पुरस्कार र तोकिएको समय वा करार सम्झौताअनुसार काम नभएमा दण्ड जरिवानाको प्रस्ताव गरिएको छ। आन्तरिक लेखा प्रणालीलाई प्रभावकारी बनाउन आलेप गर्ने समय, प्रक्रिया र संस्थागत व्वयस्था पनि सुझावमा समावेश गरिएको छ। खरिद व्यवस्थापनलाई सहज बनाउनका साथै आवश्यक थप सुधारको लागि चाल्नु पर्ने कदम बारे पनि उल्लेख गरिएको छ। सार्वजनिक खरिदको मात्र पूरा गर्ने निजीक्षेत्र, सहकारी, उपभोक्ता समिति लगायतका क्षेत्रको क्षमता र दक्षता विकासमा जोड दिइएको छ। कार्यान्वयनलाई सहज बनाउन विभिन्न निकायहरू विचको समन्वय, कानुनी प्रक्रिया, मापदण्ड तथा क्षमता वृद्धिमा जोड दिइएको छ। मध्यकालीन नतिजा सम्पादनमा संघीय योजना आयोगको नेतृत्वदायी भूमिकालाई विशेषरूपमा उल्लेख गरिएको छ।

९. **सार्वजनिक वित्तीय व्यवस्थापनमा व्यापक सुधारका लागि सुझावहरु दिइएको छ।निर्माण व्यवसायीले बिल पेश गरेको मितिले १५ दिन भित्र निजले भुक्तानी पाउने वा निजको खातामा रकम जम्मा हुने व्यवस्था गर्नुपर्दछ। सोही अनुरूप आर्थिक कार्यविधि ऐन, निजामती सेवा ऐन र अन्य निर्माण कार्यसम्बन्धी संस्थाको कानूनमा परिमार्जन गरिनुपर्दछ। एकल खाता कोष प्रणालीलाई परिमार्जन गरी बजेट खर्चलाई प्रक्षेपण गर्न सकिने गरी मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली र बजेट व्यवस्थापन सूचना प्रणाली एकीकृत गर्नुपर्दछ। खर्चको वास्तविक लागत निर्धारण गर्न र समग्र वस्तुस्थिति यकिन गर्नको लागि हालको नगदमा आधारित लेखा प्रणालीलाई प्रोदभावी लेखा प्रणालीमा रूपान्तरण गर्नुपर्दछ।** *सो प्रणाली ३ वर्षमा लागू गर्ने गरी कार्ययोजना बनाइनु पर्दछ। कम्यूटरीकृत सरकारी लेखा प्रणाली*लाई अद्यावधिक गरी सबै सरकारी कार्यालयहरू (संघ, प्रदेश र स्थानीय तह) मा पूर्णरूपमा लागू गर्नुपर्दछ। लेखा प्रणालीलाई सूचना प्रविधिमैत्री गरी खातासूचीअनुसार खर्च र राजस्व, कार्यक्रम वा आयोजनाको क्रियाकलापको आधारमा भौतिक र वित्तीय सूचनाहरू नियमित उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ। आलेपको कार्य प्रभावकारी बनाउन लेखा समुह भित्र **आन्तरिक लेखा परीक्षण उप समुह** तुरून्त गठन गरी चालु आर्थिक वर्षदेखि नै सो उपसमूहले आलेप गर्ने व्यवस्था मलेनिकाले गर्नु पर्दछ। सो

उपसमूहमा पदस्थापना भएपछि कम्तीमा १० वर्षअन्य उपसमुह वा समूहमा सरूवा नहुने व्यवस्था गर्नुपर्दछ। लेखापरीक्षणको क्षेत्रमा **कम्प्युटरको सहयोगमा** लेखापरीक्षण गर्ने पद्दति क्रमशः लागू गर्नु आवश्यक छ। महालेखा नियन्त्रक कार्यालय र मलेप कार्यालयले समन्वय गरी यस्तो कम्प्युटरमा आधारीत लेखापरीक्षण प्रणाली क्रमशः लागू गर्नु पर्दछ। आयोजनाको निर्माण कार्यको समाप्ति र कार्यसम्पन्न अवधि पछि (त्रुटि सच्याउने अवधिपछि) पनि आयोजनाको गुणात्मकता समेत सम्भार गर्नुपर्ने आवश्यकता हेरी ३ देखि ५ वर्षसम्मको मर्मत संभार अवधि तोकी सोहि ठेकेदारको जिम्मा दिने व्यवस्था गरिनुपर्छ र सो समयसम्म मर्मत सम्भार करार व्यवस्था निजसँग गरी करार सम्झौता गरिनुपर्दछ।

१०. **कार्यन्वयनलाई सक्रिय बनाउने वातावरण तयार गर्न प्रणालीगत सुधारका लाग पद्दति, संस्थागत संरचना, कानूनी प्रावधान, मापदण्ड, दक्षता अभिवृद्धि आदि क्षेत्रमा सामाजिक हिसावले सुधार आवश्यक छ। आयोजनाको अनुगमन र मूल्याङ्कन कार्य आयोजना कार्यालय, मन्त्रालय स्तर, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री कार्यालयले गर्ने प्रणाली प्रभावकारी बनाइनुपर्दछ। वैदेशिक सहायताको प्रभावकारितामा उच्च प्रथामिकताको खाँचो छ।** *उत्पादन र उत्पादकत्व वृद्धि, भौतिक र मानवीय पूँजी निर्माण तथा दिगोपनालाई आधार बनाई मुलुकलाई क्रमशः आत्मनिर्भर बनाउन योगदान गर्ने आयोजनाहरूमा विदेशी सहायता लिइनुपर्दछ।* कार्यान्वयन योजना र वार्षिक खरिद योजना तथा उपलब्धि सुचकको मासिक भौतिक र वित्तीय प्रगति समीक्षाको प्रतिवेदन प्रणाली प्रभावकारी बनाउनु पर्दछ। यसको लागि मध्यमकालीन नतिजा सम्पादन संरचनाको विकास गरी लागू गर्नुपर्छ। राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय सार्वजनिक लेखा समिति, अख्तियार दूरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालयले नियमितरूपमा अनुगमन र मूल्याङ्कन गर्ने बाहेक ओभरसाइटको रूपमा कार्य गरिरहेका छन्। कार्यान्वयनलाई प्रभावकारी बनाउने गरी उनिहरूको भूमिका अझ सशक्त बनाइनु पर्दछ।

११. **स्थानीय र प्रदेश तहमा गरिएको वित्तीय हस्तान्तरणलाई संघको सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा राखी गणना गरिएकोले यसलाई परिमार्जन गरिनु पर्दछ। वित्तीय हस्तान्तरणकै रूपमा गणना गर्नुपर्दछ।** खर्च गर्ने एकाईबाट भएको खर्चलाई मात्र सार्वजनिक खर्च भएको मानि वित्तीय हस्तान्तरणलाई छुटै गणना गरी सम्भावित दोहोरो गणना हट्नु पर्दछ। तीन तहका सरकार बीच वित्तीय हस्तान्तरणबाट हुनसक्ने दोहोरो गणना हटाउन तथा समग्र सरकारको आम्दानी र खर्चको तथ्याङ्क तयार पार्न आवश्यक छ। तीनै तहका सरकारको एकमुष्ट आय व्यय विवरण अन्तर्राष्ट्रिय मुद्रा कोषको GFSM 2014 को आधारमा संघीय अर्थ मन्त्रालयले तयार गरी प्रकाशित गर्ने परिपाटी स्थापित गरिनुपर्दछ।

१२. **प्रदेश र स्थानीय तहले अवलम्बन गर्नुपर्ने सार्वजानिक वित्त व्यवस्थापन प्रणालीको खाका अन्तर्गत संवैधानिक प्रावधान र ऐनलाई ध्यानमा राखि मध्यकालीन खर्च संरचना र बजेट निर्माण, आयव्यय र आर्थिक कार्यप्रणालीसम्बन्धी विस्तृत सुझावहरू समावेश गरिएका छन्।** चरणवद्ध बजेट तर्जुमाका प्रक्रिया तथा विभिन्न निकाय वा समितिका भूमिका र गरिनु पर्ने कार्यहरू एवं कार्यान्वयनका लागि चाल्नु पर्ने कदमहरु बारे त्यसमा उल्लेख गरिएको छ। आवधिक योजना तयार गर्ने, मध्यमकालिन खर्च संरचना तयार गर्ने, प्रदेश स्तरको आयोजनाको लागि स्थानीय तहबाट माग वा सहमति प्राप्त गर्ने, आयोजनाको सम्भाव्यता अध्ययन र आयोजना ढाँचा तयार गर्ने, बजेट र कार्यक्रमको लागि कार्यान्वयन योजना, खरिद योजना, अनुगमन सूचक र उपलब्धी सूचकहरूको विकास गर्ने, योजना क्षमताको विकास गर्ने र यसको लागि **मापदण्ड विकास** गर्ने गरी वित्तीय व्यवस्थापन गरिनु पर्ने आवश्यकता यसमा देखाइएको छ। त्यस्तै **खातासूची र बजेटको वर्गीकरणअनुसार बजेट प्रणालीमा सुधार गरी** सीमान्त वृद्धि, शून्यमा आधारीत र कार्यक्रम वा कार्यसम्पादनमा आधारित बजेट प्रणाली लागू गरिने सुझाव दिइएको छ। कारोवार संचालनको लागि आर्थिक कार्यविधि नियमावली तयार गर्नु पर्ने उल्लेख गरिएको छ। संघीय तहको जस्तै कार्यकारी मन्त्रालय बजेट सूचना प्रणालीसंग एकीकृत गरी निकासा र खर्चको लागि एकल खाता कोष प्रणाली अनिवार्य गरिनुपर्ने प्रस्ताव गरिएको छ। बजेट तथा कार्यक्रमको अनुगमन मासिक रूपमा सचिव, २।२ महिनामा मन्त्री र प्रत्येक चौमासिकमा योजना आयोगको संस्थागत माध्यमबाट मुख्यमन्त्रीको अध्यक्षतामा अनुगमन र मूल्याङ्कन गर्ने कार्य प्रणाली शुरु गरी जिम्मेवार पदाधिकारीहरूलाई आर्थिक उत्तरदायित्व पालना नगरेको आधारमा दण्डीत गर्ने व्यवस्था पनि गर्नुपर्दछ। प्रदेश सरकारले आन्तरिक नियन्त्रण प्रणालीको संघीय मापदण्डबमोजिम विकास गरी लागू गरिनुपर्दछ। लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन, नगदमा आधारीत लेखा प्रणाली लागू गर्ने र आगामी ३ वर्षमा प्रोदभावी लेखा प्रणाली कार्यान्वयन गरिनुपर्दछ। साथै, बजेट, कोष तथा प्रतिवद्धता लेखाप्रणाली लागू गर्नुपर्दछ। लेखा ढाँचाको फाराम प्रदेश तहमा प्रचलनमा ल्याउन र नेपाल सरकारले लागू गरेको लेखा निर्देशिका प्रयोगमा ल्याई खर्च व्यवस्थापन पारदर्शी र वस्तुगत बनाउन आवश्यक छ। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकिकृत वित्तीय व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयर सञ्चालन तथा कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ। सुचना प्रविधिमा आधारीत विल भुक्तानी वा राजस्व दाखिला र बैंक खातामा नै भुक्तानी हुने व्यवस्था मलेनिकाको समन्वयमा आगामी २ वर्ष भित्र लागू गर्न आवश्यक छ। प्रत्येक २।२ महिनाको अवधिमा प्रदेश कोलेनिकाले आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ। प्रदेश तहको वेरुजु फर्छयौट आदिलाई प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहने व्यवस्था आर्थिक

कार्यविधि कानूनमा गर्नुपर्दछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले नियमित आन्तरिक लेखा परीक्षण गर्ने र प्रतिवेदन दिने कार्यको साथै लेखा समितिको निर्णयको आधारमा वेरुजुको फछ्र्यौटको कार्य गरी लगत अद्यावधिक गर्नुपर्दछ। पेफाको ३१ सूचकहरू मध्ये २८ सूचकहरू अनुसार स्वःमूल्याङ्कन गर्ने प्रणाली स्थापना गरी सो अनुसार आर्थिक अनुशासनमा भारीत हुने व्यवस्था राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयागले गर्नु आवश्यक छ। प्रदेश तहको कार्यक्षेत्रमा उपलब्ध भएको प्राकृतिक श्रोत र साधनको अनुसन्धान खोजी र सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा क्षमता विकासका विषयगत तालिम तथा गोष्ठी सेमिनार सञ्चालन गर्नु पर्दछ।

१३. *तहगत संगठनात्मक संरचना, खर्च अधिकार तथा कार्यक्रम/आयोजनाहरूको बाँडफाँड सम्बन्धी संवैधानिक व्यवस्था, कानुनी व्यवस्था, कार्य विस्तृतीकरण, संघमा रहेका कार्यालयहरू एवं आयोजनाहरू, प्रदेश एवं स्थानीय तहमा हस्तान्तरण भएका आयोजनाहरूको विस्तृत अध्ययन, विश्लेषण तथा सम्बन्धित निकायहरूसँग गरिएको छलफलका आधारमा आवश्यक मापदण्ड निर्धारण गरी तीन तहमा संचालन गर्नु पर्ने गरी सुझाव दिइएको छ।*

१४. नेपालमा विकास समिति ऐन, विशेष ऐन र गठन तथा सञ्चालन आदेश अन्तर्गत गठित समिति, परिषद, आयोग, केन्द्र र बोर्डहरू सङ्ख्यात्मक रूपमा यकिन गर्न कठिन छ। कोष, परिषद, आयोग, बोर्डहरू विभिन्न कानुनी धरातलमा उभिएर गठन गरिएकाले हरेकको फरक फरक कार्यबोझ, विशेषता, प्रकृति र संरचना देखिन्छ। यस्ता निकाय खारेज गर्ने, निरन्तरता दिने वा सञ्चालन गरी रहने, सान्दर्भिक नदेखिएका संस्थाहरू खारेज गर्ने, दोहोरोपन आउने देखिएका निकाय खारेज गर्ने, गाभ्ने, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र अनुसार स्थानान्तरण गर्ने, संरचना परिवर्तन वा पुनः संरचना गर्ने एवं हालकै स्वरूपमा सञ्चालन गर्ने बारे सुझावहरु प्रस्तुत गरिएको छ।

१५. नेपालको संविधान (२०७२) मा संघीय सञ्चित कोष वा अन्य कुनै संघीय सरकारी कोषबाट मात्र रकम झिक्न सक्ने व्यवस्था गरिएकोले छुट्टै कोष खडा नगर्ने र विनियोजन ऐन बमोजिम मात्र रकम प्राप्त गरी खर्च गर्नुपर्ने व्यवस्था भएको देखिन्छ। कोष खडा गर्दा रकम फ्रिज गर्नु नपर्ने, अर्को आर्थिक वर्ष खर्च गर्न सकिने, औपचारिक कार्यविधि नभइ लोचकता रहने भएकोले कोषको रकमहरू संसदमा खासै चासो र छलफल नहुने र स्वतन्त्र र स्वायत्त किसिमले खर्च गर्न सकिने हुँदा यस्ता कोषहरू स्थापनाको लागि कतिपय निकायहरू प्रेरीत हुने गरेको पनि देखिन्छ। तर सबै कोषहरू नेपाल सरकारको सार्वजनिक कोषको दायरा भित्र आउने र जवाफदेहिता यकिन गर्नुपर्ने सरकारको दायित्व रहन्छ। महालेखा परीक्षकको कार्यालयको

प्रतिवेदनमा सरकारी कार्यालयतर्फ २३ निकाय अन्तर्गत करिब ५६ वटा कोषहरू विभिन्न नामबाट सञ्चालनमा रहेका कोषहरूमा आर्थिक वर्ष २०७३।७४ को अन्तसम्म रु.९२ अर्ब ८२ करोड ६ लाख बाँकी रहेको उल्लेख गरिएको छ। पुनर्निर्माण कोष, शान्ति कोष एडिबि, धरहरा पुननिर्माण कोष, कार्य सञ्चालन कोष, घुम्ती कोष, सैनिकहरू प्रहरी तथा सशस्त्र प्रहरी कोष आदि सञ्चालनमा रहेको देखिन्छ । सरकारी कोषको मुख्य समस्याहरूमा आय व्यय व्यवस्थित गर्न कोष लेखा प्रणाली लागू गरिएको छैन। कार्यसञ्चालन कोषहरू कायमै रहेको अवस्था छ। स्थापित कोषहरूको स्थिति प्रतिवेदन संसदमा छलफल र वहस हुने गरेको छैन। जुन उद्देश्यले कोष स्थापना भएको हो सो उद्देश्य प्राप्त भयो भएन भन्ने अवस्था यकिन हुन सक्ने अवस्था देखिंदैन। राष्ट्रिय लेखामा कोषको अवस्था प्रस्तुत हुन सकेको छैन | त्यसैले, सार्वजनिक लेखामान समेतको आधारमा कोष लेखा प्रणाली लागू गरी आय व्यय तयार गर्ने विधि तय गरिनुर्पर्दछ । सरकारी वा सर्ावजनिक कोषको हालसम्मको स्थिति यकिन गरी अबदेखि स्थापना गर्न दिदा सार्वजनिक कोषको लेखा महालेखा नियन्त्रक कार्यालयको राष्ट्रिय लेखा र कोष प्रणालीमा लेखाङ्कन हुने व्यवस्थाको साथै आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था गरी अन्तिम लेखा परीक्षण गराउने व्यवस्था गर्नुपर्दछ। खरिदको काम कारवाही गर्दा सर्ावजनिक खरिद कानूनको अन्तरनिहीत मान्यता र प्रावधान लागू हुने गरी सरकारी कोष सञ्चालन गर्ने निकायहरूले खरिद विनियमावली तयारी गरी लागू गर्ने व्यवस्था हुनु आवश्यक छ।

१३. सार्वजनिक वित्तीय व्यवस्थापन पारदर्शी, जवाफदेही र कार्यमैत्री बनाई सरकारको वित्तीय स्थिति वास्तविक समयका उपलब्ध हुने गरी व्यवस्थापन गर्न एकीकृत सूचना प्रणाली लागू गर्न आवश्यक छ । स्थानीय, प्रदेश र संघ सरकारको आय व्यय र छुट्टाछुट्टै सञ्चितकोष भएको हुँदा सबै सरकारको समग्र बजेट, राजस्व, खर्च, कोष, आदिको एकीकृत सूचना प्राप्त गर्न सबै तहमा विद्युतीय सूचना प्रणालीको प्रयोग अपरिहार्य भएको छ। हाल बजेट कार्यक्रम, राजस्व, आर्थिक खर्च लेखा, तथा स्रोत प्रतिवेदनको निमित्त विभिन्न प्रकृतिका सफ्टवेयर विभिन्न निकायहरूले आफ्नो ढंगले सफ्टवेयरको विकास र उपयोग गरिरहेका छन्। योजना, बजेट र बजेट भित्रका वैज्ञानिक विश्लेषणका आधारमा वढि विश्वासिलो बनाउन पनि एकिकृत सूचना प्रणाली ज्यादै महत्त्वपुर्ण हुन्छ।हाल बजेट तर्जुमा तथा नियन्त्रणमा कार्यकारी मन्त्रालय बजेट सूचना प्रणाली (LMBIS) तथा बजेट व्यवस्थापन सूचना प्रणाली (BMIS) , कारोवार लेखा र बजेट नियन्त्रण प्रणाली (TABUCS) संघ तहमा प्रयोग गरिएको छ। प्रदेश तहमा स्थानिय सञ्चित कोष व्यवस्थापन प्रणाली शुत्र प्रयोग गरिएको छ।निकासा र भुक्तानी व्यवस्थामा एकल खाता कोष (TSA) प्रणाली अन्तर्गत विद्युतीय सूचना प्रणाली विकास गरी बजेट निकासा, धरौटी भुक्तानी, अन्य कोषको भुक्तानी,

विद्युतीय कोष हस्तान्तरण (EFT), प्रतिवद्धता अभिलेखको काममा उपयोग गरिने गरिएको छ। राजस्व वा प्राप्तिसम्बन्धी कार्यको लागि राजस्व व्यवस्थापन सूचना प्रणालीको साथै विद्युतीय बिल भुक्तानी (EBP) को कार्यमा (राजस्व प्राप्ति) प्रयोग गरिएको छ। लेखाङ्कन र प्रतिवेदनको लागि कम्प्यूटीकृत सरकारी लेखा प्रणाली (CGAS) लागू गरी अख्तियारी, केन्द्रीय लेखा, धरौटी लेखा र अन्य कोषको लेखाको साथै एकल खाता कोषसँग एकीकृत गर्ने गरी तयार गरिएको छ। संघको सबै कार्यालयहरूमा र प्रदेश र स्थानीय तहमा यो प्रणाली लागू हुन बाँकी नै छ । हालको उपयोगको अवस्थाको अवलोकन र स्थिति विश्लेषण गर्दा सूचना प्रविधिको विकास र उपयोगमा बजेट,खर्च र वित्तीय व्यवस्थापनको समष्टिगत र क्षेत्रगत सूचनाको कार्यक्षेत्र पहिचानमा समस्या छ। सरकारको समग्र बजेट र वित्तीय व्यवस्थापनको कार्यक्षेत्र र सो कार्यको लागि जिम्मेवार निकायको पहिचान हुन नसकेकोले समष्टिगत खाकाको विकास मार्फत बजेट, खर्च र वित्तीय व्यवस्थापनका क्षेत्रमा सूचना प्रणाली लागु गर्न सकिएको छैन। त्यस्तै, निकायगत सूचना प्रविधि विकास गर्ने बढदो प्रवृत्ति र समन्वयको अभावमा एकीकृत र एकरूपता नहुने र जिम्मेवार निकायको सहमति बिना विकास भएको यस्तो प्रणालीले सरकारको खर्च बढाउने अवस्था र प्रवृत्ति मौलाएको छ। वित्तीय व्यवस्थापन जस्तो महत्त्वपूर्ण क्षेत्रमा मलेनिकाले आफ्नो क्रियाशिलता र केही दातृनिकायहरूको सुझावमा यससम्बन्धी काम गर्दै रहेपनि औपचारिक रूपमा मलेनिकाले नै यस क्षेत्रको सूचना प्रविधिको विकास गर्ने गरी जिम्मेवारी पनि तोकिएको छैन। त्यस्तै, वित्तीय व्यवस्थापनमा सूचना प्रविधिको विकास रणनीति तर्जुमा गर्ने समग्र नीति तयार भएको छैन। कार्यकारी मन्त्रालयको बजेट प्रणाली, एकल खाता कोष प्रणाली, कम्प्युटीकृत लेखा प्रणाली र हालसालै प्रयोगमा आएको विद्युतीय भुक्तानी प्रणाली बिच सम्बन्ध एकीकृत गर्ने प्रणाली नहुँदा समग्र प्रतिवेदन र सूचना प्रविधि गर्न नसकेको स्थिति छ। त्यस्तै वित्तीय व्यवस्थापनको सम्पर्क विन्दु कायम नगरिंदा सूचना प्रविधिको विकासमा स्वामित्व लिने कार्य हुन सकेको छैन। सूचना प्रविधिको लागि कानूनी व्यवस्था र सूचना प्रविधिको संरचना र आधारभूत पूर्वाधार इन्टरनेटको आधारभूत संरचना र सुविधा सबै स्थानहरूमा नभएको हुँदा प्रवाहमा समस्या हुने गरेको देखिन्छ। सरकारी कार्यालयहरूमा कतिपय दक्ष र क्षमतावान् विज्ञहरूलाई कार्यालयमा कायम राख्न सकिने अवस्था छैन। बजेट, खर्च र वित्तीय व्यवस्थापनसहित बहुक्षेत्रमा उपयोगका निमित्त एकिकृत सूचना प्रविधिको विकास गर्न एक कार्यदल गठन गरी सुझाव लिन आवश्यक छ। बजेट,राजस्व, निकासा, खर्च र प्रतिवेदन प्रणालीमा उपयोग गरिएका सूचना प्रविधि एकीकृत सफ्टवेयरको विकास गरी तीनै तह -संघ, प्रदेश र स्थानीय तहमा लागू गरिनुपर्दछ। कम्प्यूटीकृत सरकारी लेखा प्रणाली सबै निकायहरूमा लागू गरिनुपर्दछ। वित्तीय व्यवस्थापनको क्षेत्रमा सूचना प्रविधिको विकास र लागू गर्ने जिम्मेवार निकायको रूपमा मलेनिकालाई तोकिनु पर्दछ। दातृ निकायहरूले वित्तीय व्यवस्थापनसँग सम्बन्धित सूचना प्रविधिको क्षेत्रमा सहयोग

अर्थ मन्त्रालय र मलेनिका मार्फत् गर्ने व्यवस्था हुनु उपयुक्त हुनेछ। हाल संघीय सरकारको लागि लागू गरिएको एकल खाता कोष, राजस्व, खर्च, लेखाङ्कन, सञ्चित कोष तथा प्रतिवेदन कार्यको लागि प्रदेश र स्थानीय तहमा समेत लागू गरिनु आवश्यक छ। एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणालीलाई एकीकृत सुचना व्यवस्थापन प्रणालीमा आवद्ध हुनेगरी अर्थतन्त्रका प्रवृत्तिहरूको नियमित अनुगमन गर्ने व्यवस्था गरिनुपर्दछ ।

१४. हालै मात्र गरिएको सङ्गठनात्मक व्यवस्थामा थप सुधार गर्नु पर्ने सूझाव गरिएको छ। सो अनुरूप संघमा केन्द्रीय विभागको संख्या ३५ र हालको मन्त्रालयको संख्यालाई घटाई १६ मा कायम राख्न उपयुक्त हुनेछ। मन्त्रालयको कार्यबोझअनुसार ३-५ वटा महाशाखा राख्ने, एउटा मन्त्रालयमा कामको बोझ हेरि सामान्यतया एउटा भन्दा बढी सचिव नराख्ने नीति लिनुपर्ने आवश्यकता देखिन्छ। संघीयस्तरमा रहेका अनावश्यक कार्यालयहरू संघीयताको मर्म अनुसार प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्दछ।

**१५.** खर्च प्रणालीमा गरिनु पर्ने आवश्यक सुधार विना खर्चको आकार बढाउने प्रवृत्तिले अर्थतन्त्रमा प्रतिकूल असर पार्ने हुन्छ। त्यसैकारण खर्च प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउन निश्चित सिद्धान्त, नीति र मापदण्डका आधारमा अगाडि बढाउनु पर्ने तर्फ जोड दिने गरिएको छ। सार्वजनिक खर्चको प्राथमिकीकरण आवश्यक छ। प्रत्येक क्रियाकलापको प्रति एकाइ लागत अनुमान, लाभान्वित हुने जनसंख्याको आधारमा प्रति व्यक्ति लागत अनुमान जस्ता विभिन्न मापदण्डको अवलम्बनबाट मात्र विनियोजन प्रणाली दक्ष र कुशल हुन सक्दछ। योजना-कार्यक्रम-बजेट बीच तादम्य कायम गर्ने क्रममा आधारभूत खर्च एवं लाइन आईटमको लेखाजोखा, शून्य र नतिजा वा कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बनमा ल्याई सुधारका कार्यहरू एकसाथ अझ अघि बढाउन आवश्यक छ। वित्त अनुशासन, विनियोजन कुशलता तथा कार्यान्वयन दक्षतासँग सार्वजनिक खर्चको पारदर्शीता, जवाफदेहिता, पूर्वानुमान र जनसहभागीताका पक्षहरूलाई अन्तरसम्बन्धित हुने गरी सम्बन्ध स्थापित गर्नु अनिवार्य छ।

१६. बजेट, खर्च र वित्तीय व्यवस्थापनसम्बन्धी क्षेत्रमा गरिने प्रणालीगत सुधारबाट अर्थतन्त्रमा गुणात्मक परिवर्तनसँगै उच्च आर्थिक वृद्धिको मार्गमा अघि बढ्न अनुकुल हुने अपेक्षा गरिएको छ। सुधारबाट चालु आ.व सहित पाँच वर्षमा ९ प्रतिशत र १० वर्षको अवधिमा औषत १०.५ प्रतिशतको उच्च आर्थिक वृद्धिदर हासिल गर्न सकिनेछ। यसमा लगानी विस्तारसँगै उत्पादकत्वमा वृद्धिको महत्त्वपूर्ण भूमिका हुनेछ। प्रक्षेपणबाट सरकारको अपेक्षित खर्च र लगानीका लागि आवश्यक पर्ने स्रोत जुटाउँदै वित्त स्थायित्व समेत कायम गर्न सकिने अनुकूल सम्भावना देखिन्छ। प्रक्षेपणको क्रममा बजेट र खर्चका प्रक्षेपणहरू थप विश्वसनीय बनाउन अझ उन्नत विधि समेत प्रयोग गर्न उपयुक्त हुनेछ।

# विषयसूची


पृष्ठ

**अध्याय एकः आयोगको गठन, जिम्मेवारी, कार्यक्षेत्र तथा विगतका आयोगको सिफारिसको समीक्षा** **१-१५**

१.१ पृष्ठभूमि
१.२ आयोगको गठन
१.३ आयोगको कार्यक्षेत्र
१.४ अध्ययन विधि र आधार
१.५ आयोगको कार्यअवधि
१.५ प्रतिवेदनको संरचना
१.६ विगतका आयोगहरू (२०५७ र २०६६) का सिफारिसहरूको समीक्षा

**अध्याय दुईः सार्वजनिक खर्च प्रणालीको भूमिका, स्वरूप र प्रवृत्ति** **१६-४३**

२.१ पृष्ठभूमि
२.२ विकास एवं समृद्धिका लागि सार्वजनिक खर्च प्रणालीका आधारहरू
२.३ सार्वजनिक खर्चको स्वरूप र प्रवृत्ति

**अध्याय तीनः तहगत संगठनात्मक संरचना, खर्च अधिकार तथा क्रमागत कार्यक्रम/आयोजनाहरूको बाँडफाँडसम्बन्धी सुझावहरू** **४४-९४**

३.१ तीन तहको खर्च अधिकारसम्वन्धी संवैधानिक व्यवस्था
३.२ संगठनात्मक तथा खर्च अधिकार सम्वन्धी समस्याहरू
३.३ कानूनी, संस्थागत र संगठनात्मक संरचना सम्वन्धी सुझावहरू
३.४ संघ, प्रदेश र स्थानीय तहमा संचालन गर्ने क्रमागत कार्यक्रम/परियोजनाको लागि मापदण्ड र सुझावहरू
३.५ प्रस्तावित मापदण्ड अनुरूप संघ, प्रदेश र स्थानीय तहमा रहने क्रमागत कार्यक्रम/आयोजनाको सूची

**अध्याय चारः चालु खर्च वृद्धिका कारणहरू** **९५-१११**

४.१ चालु खर्च संरचना
४.२ चालु खर्च वृद्धि हुनाका मूल कारणहरू
४.३ चालु खर्च नियन्त्रण र प्रभावकारीता अभिवृद्धि गर्ने उपायहरू

**अध्याय पाँचः सामाजिक सुरक्षा, सहायता र अनुदान तथा सार्वजनिक सेवाको प्रभावकारीता बढाउने उपायहरू** **११२-१२८**

५.१ सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरू

५.२ आर्थिक सहायता र अनुदानको क्षेत्रमा गरिनुपर्ने सुधार

५.३ सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी र कुशल बनाउन चालु खर्च व्यवस्थापनमा गरिनु पर्ने सुधारहरू

५.४ सरकारले व्यवस्थापन गरे मात्र पुग्ने र अन्य क्षेत्रबाट वितरण गर्न सकिने सेवाहरूको व्यवस्थापनको आधार र विधि

**अध्याय छः संघीय बजेट, खर्च र वित्त व्यवस्थापन प्रणालीका समस्या र समाधानका उपायहरू** **१२९-२२८**

६.१ पृष्ठभूमि

६.२ मध्यकालीन बजेट खर्च व्यवस्थाको न्यून सदुपयोग

६.३ आयोजना प्राथमिकीकरणमा वैज्ञानिकताको प्रभाव

६.४ मन्त्रालयगत रकम बाँडफाँडमा कमजोर मापदण्ड

६.५ आर्थिक वर्षको अन्तिम महिनामा अत्यधिक पुँजीगत खर्च

६.६ वर्गीकृत पुँजीगत विनियोजन दक्षतामा कमि

६.७ स-साना वार्षिक कार्यक्रममा मुख्य ध्यान

६.८ दायित्व हिसाव विना नै वहुवर्षीय कार्यक्रम/परियोजनाहरू बजेटमा समावेश

६.९ स्रोत सुनिश्चितताको अनौठो प्रयोग

६.१० रकमान्तरको बढ्दो प्रयोग

६.११ सार्वजनिक खरिद प्रक्रियाको कमजोरी र विसंगति

६.१२ अवैज्ञानिक कार्यक्रम तर्जुमा प्रक्रिया र साधनमूखी बजेट

६.१३ सार्वजनिक खरिदमा व्यवसायिकता र स्वस्थ्य प्रतिस्पर्धाको समस्या

६.१४ परियोजना व्यवस्थापनमा कमजोरी

६.१५ कमजोर अनुगमन र मूल्याङ्कन प्रणाली

६.१६ समन्वय समस्या

६.१७ सार्वजनिक खर्च नीति एवं संस्थागत कमजोरी

६.१८ मध्यकालीन खर्च संरचना र बजेटमा आयोजना/परियोजनागत वर्गीकरण तथा हस्तान्तरणको विद्यमान व्यवस्थाले ल्याएको समस्या

६.१९ वैदेशिक सहायताको प्रभावकारितासम्वन्धी समस्या

६.२० सूचना प्रविधिको सीमित र अव्यवहारिक छुट्टाछुट्टै प्रयोग

६.२१ निकासा लेखा प्रणालीमा रहेका समस्याहरू

६.२२ लेखा प्रणालीमा रहेका समस्याहरू

६.२३ सरकारको खर्चको दायित्व वृद्धिका थप कारणहरू

६.२४ संघीय बजेट र खर्च प्रणालीमा गरिनुपर्ने सुधारहरू
६.२५ बजेट तर्जुमा प्रक्रियामा सुधार
६.२६ संस्थागत तथा नीतिगत व्यवस्थामा सुधार
६.२७ सार्वजनिक खर्च व्यवस्थापनमा परिवर्तित संस्थागत सम्वन्ध
६.२८ नीतिगत एवं कानूनी व्यवस्थामा सुधार
६.२९ योजना र मध्यकालीन खर्च संरचना
६.३० कार्यक्रम बनावट र वर्गीकरणमा नयाँ स्वरूप
६.३१ बजेट कार्यान्वयन र सार्वजनिक वित्त व्यवस्थापनमा गरिनुपर्ने सुधार

**अध्याय सातः प्रदेशका लागि प्रस्तावित वित्त व्यवस्थापन प्रणालीको खाका** २२९-२४८

७.१ पृष्ठभूमि
७.२ प्रदेशको वित्तीय व्यवस्थापन प्रणाली
७.३ प्रदेशको रूपान्तरण बजेट र वित्तका लागि प्रस्तावित खाका
७.३.१ बजेट र वित्त व्यवस्थापनका आधारहरू

**अध्याय आठः स्थानीय तहका लागि प्रस्तावित वित्त व्यवस्थापन प्रणालीको खाका** २४९-२७७

८.१ पृष्ठभूमि
८.२ बजेट र सार्वजनिक वित्त वा व्यवस्थापनका मूल पक्ष
८.३ स्थानीय तहको व्यवस्थापनसम्बन्धी वर्तमान व्यवस्था र कमी कमजोरीहरू
८.४ वित्त व्यवस्थापन प्रभावकारिताको लागि प्रस्तावित खाका
८.५ लेखाङ्कन, अभिलेख तथा प्रतिवेदनको कार्यमा सुधार
८.६ बाह्य छानविन र लेखापरीक्षणमा सुधारका उपायहरू
८.७ सुधारका अन्य क्षेत्रहरू

**अध्याय नौः विकास समिति ऐन र विशेष ऐनहरूबाट सञ्चालित/गठित समिति, परिषद्, आयोग, बोर्ड र केन्द्रमा सरकारको लगानी विश्लेषण गरी खारेज तथा पुनर्संरचनाः विवरण** २७८-२९१

९.१ पृष्ठभूमी

९.२ समिति, परिषद, आयोग र बोर्डको सञ्चालन, खारेजी तथा पुनःसंरचना गर्न लिइएका आधारहरू

९.३ सिफारिस

**अध्याय दशः सार्वजनिक संस्थानहरूको लगानी र दायित्वको स्थिति र दिगो वित्तीय व्यवस्थापनको उपायहरू** २९२-३१६

१०.१ पृष्ठभूमि

१०.२ निजीकरणपछि हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थान

१०.३ सार्वजनिक संस्थानहरूको वित्तीय अवस्था

१०.४ सार्वजनिक संस्थानको दक्षता र आर्थिक सामाजिक विकासमा योगदान

१०.५ वित्तीय दायित्व न्यून गर्ने दिगो व्यवस्थापनका उपायहरू

१०.६ सार्वजनिक संस्थानहरूको विनिवेशको अवस्था तथा सुधारका उपायहरू

१०.६.१ निजीकरण/ विनिवेसमा गर्नुपर्ने सुधार

**अध्याय एघारः सरकारी कोष सञ्चालन व्यवस्थामा गर्नुपर्ने सुधारहरू** ३१७-३२१

११.१ पृष्ठभूमि

११.२ कोष सञ्चालनको वर्तमान अवस्था

११.३ कोष सञ्चालनका कमी कमजोरीहरू

**अध्याय बाह्रः एकीकृत सूचना प्रणालीको विकास मार्फत् बजेट, खर्च र वित्तीय व्यवस्थापनमा प्रभावकारिता** ३२२-३३१

१२.१ पृष्ठभूमि

१२.२ बजेट, खर्च र वित्तीय व्यवस्थापनको क्षेत्रमा हाल प्रयोगमा रहेका विद्युतीय सूचना प्रणाली र उपयोगको अवस्था

१२.३ सूचना प्रविधिको उपयोगमा विद्यमान समस्याहरू

१२.४ सूचना प्रविधिको व्यापक प्रयोग र उपयोगिताका लागि गर्नुपर्ने सुधारहरू

**अध्याय तेह्रः प्रस्तावित सुधारबाट समग्र अर्थतन्त्रमा पर्ने अपेक्षित प्रभाव** ३३२-३३४

**अनुसूचीहरू**

## अध्याय एक

# आयोगको गठन, जिम्मेवारी, कार्यक्षेत्र तथा विगतका आयोगको सिफारिसको समीक्षा

## १.१ पृष्ठभूमि

ऐतिहासिक राजनीतिक परिवर्तन पश्चात् नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न संविधान जारी भएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहमा राज्य शक्ति र अधिकारको बाँडफाँड गरेको छ। संविधान कार्यान्वयनको मुख्य आधारको रूपमा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई तिनै तहका सरकारहरू संघीय लोकतान्त्रिक राज्य व्यवस्थाअनुरूप मुलुकमा छिटो आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य प्राप्तिमा अघि बढिरहेका छन्। संघीय सरकारले ***समृद्ध नेपालः सुखी नेपाली***को दीर्घकालीन लक्ष्य निर्धारण गरी विकास, समृद्धि र सुशासन प्राप्तिको लागि आफ्ना नीति एवं कार्यक्रम, बजेट र रणनीतिक कदमहरूलाई सोही दिशामा अगाडि बढाइरहेको छ।

नेपाली जनताले राजनीतिक एवं लोकतान्त्रिक अधिकारका लागि लामो समयसम्म संघर्ष गर्नु पर्‍यो। यसले गर्दा मुलुक थुप्रै उतार चढाव, राजनैतिक अस्थिरता र संक्रमणको अवस्थाबाट गुज्रिनु पनि पर्‍यो। फलतः तीव्र विकास र समृद्धिको मार्ग अवरुद्ध रह्यो। यो अवधिमा अवलम्वन गरिएका विकासका प्रारूप, नीति, रणनीति तथा संस्थागत एवं संरचनागत परिपाटीहरू आम जनताको जीवनस्तर माथि उठाउने काममा असफल रहे। यद्यपि, विकासका प्रचुर सम्भावनाहरू कायमै थिए।

यस्ता मूल कारणहरूले गर्दा अर्थतन्त्रको आधार अहिले पनि ज्यादै कमजोर अवस्थामा छ। गत दुई आर्थिक वर्षमा समग्र आर्थिक वृद्धिदर केही उच्च रहे पनि निकै समयसम्म वृद्धिदर ज्यादै न्यून रह्यो। अझ त्यसभित्र गुणस्तरको ठूलो समस्या रहेको स्थिति छ। संरचनागत प्रतिकूलतासँगै न्यून उत्पादकत्व, गरिबी, बेरोजगारी तथा वर्गीयरूपमा ठूलो असमानता कायमै छ। समग्र र क्षेत्रगत उत्पादन एवं उत्पादकत्व न्यून रहने, मुद्रा आप्रवाहमा आधारित आयात र उपभोग ज्यादै बढ्ने गरेको छ। यो क्रमसँगै निर्यात खुम्चिदै गएको जोखिमपूर्ण अवस्था पनि छ। सार्वजनिक खर्च भित्र चालु खर्च क्रमिकरूपमा बढ्दै जाने तर सानो आकारको पुँजीगत लगानी समेत कुशल र गुणस्तरीय रूपमा कार्यान्वयन नहुँदा सार्वजनिक खर्चको उपादेयता र उत्पादकत्व न्यून रहेको आशंका उत्पन्न भएको छ। आर्थिक र सामाजिक पूर्वाधार, माग र आपूर्ति, अर्थतन्त्रको उत्पादनशील क्षमता र आधार वृद्धि मार्फत् आय तथा रोजगारी सिर्जना एवं आय असमानता न्यूनीकरण जस्ता पक्षमा बजेट र खर्च प्रणालीले दिनुपर्ने योगदान ठोसरूपमा दिन सकेको छैन भन्ने टिप्पणीहरू आइरहेका छन्।

सार्वजनिक खर्चको विगत वर्षहरूका प्रवृत्ति हेर्दा खर्च नीति र व्यवस्थापन दुबैमा समस्या थपिँदै गएको देखिन आएको छ। एकातिर चालु खर्चको आकार अनियन्त्रित तरिकाले लगातार बढिरहेको छ भने अर्कोतर्फ सो अनुपातमा पुँजीगत खर्च बढ्न नसकेको स्थिति छ। अझ पुँजीगत बजेटको ठूलो अंश आर्थिक वर्षको अन्त्यतिर आएर खर्च गर्ने प्रवृति छ। यसबाट जथाभावी र गुणस्तरहीन तरिकाले पुँजीगत खर्च हुने प्रवृत्तिले प्रोत्साहन पाएको हुन सक्छ। भौतिक पूर्वाधार तथा अन्य विकासका आयोजनाहरूमा पर्याप्त अध्ययन र सम्भाव्यताको पहिचान विना नै बजेट विनियोजन गरी आयोजना शुरू गर्ने र विचमा यसै छोड्ने, आयोजना निर्माणसम्बन्धी आवश्यक तयारी बिना ठेक्का दिने र रूखको कटान तथा जग्गासम्बन्धी मुआब्जा विवाद जस्तो समस्या लामो समयसम्म रही आयोजनाको कुल लागत बढ्ने, निर्माण कार्यको जिम्मेवारी लिने निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगर्ने जस्ता प्रवृत्ति बढेका छन्। मोबिलाइजेशन पेश्की लिएर गायब हुने तथा त्यस्तालाई कारवाहीको दायरामा ल्याउन नसकिने जस्ता कारणहरूले आयोजनाको समय र लागत दुवै बढ्न गएको देखिन्छ। त्यस्तै, लागतको तुलनामा वार्षिक बजेट ज्यादै न्यून हुनेगरी आयोजनामा रकम छर्ने प्रवृत्तिले जरा गाडेको छ। अझ हालका वर्षहरूमा बजेटको सामान्य सिद्धान्त, वित्त अनुशासन र लोकतान्त्रिक प्रक्रियाको समेत उपहास हुने गरी आर्थिक वर्षको बिचबिचमा बिना आधार श्रोत सुनिश्चितता दिने, आर्थिक वर्षको अन्त्यमा ठेक्का लगाई खवौं रूपैयाँको व्ययभार र दायित्व सरकार माथि थपिन गएको तथ्यहरू सार्वजनिक हुने गरेका छन्। यस्तो प्रवृत्तिसँगै रकमान्तरको परिपाटी पनि मौलाएको भन्ने आलोचना हुने गरेको छ। अझ कार्यक्रममा राखिएको बजेट थाती राखी नयाँ नयाँ कार्यक्रममा रकमान्तर मार्फत् बजेट माग्ने परिपाटीलाई बढावा दिन खोजिएको छ। भैपरी बजेट शीर्षकमा ठूलो रकम राख्ने कारणले आर्थिक वर्षको अन्त्यमा अनेकन शीर्षकहरूमा रकमान्तर गरी खर्च गर्ने प्रवृत्तिलाई थप वल मिलेको भनी आलोचना हुने गरेको छ। पर्याप्त अध्ययन, विश्लेषण र मापदण्ड बिना ९० प्रतिशत भन्दा बढी रकम पहिलो प्राथमिकताका आयोजना भनी तिनैमा राख्ने गरिएकाले पनि बजेट छर्ने प्रवृत्ति संस्थागत भएको छ।

विदेशी सहायतासम्बन्धी नीतिगत व्यवस्था कार्यान्वयन र व्यवहारमा ठूलो अन्तर रहने गरेको देखिदैं आएको छ। सहायता प्रतिवद्धता र प्राप्ति बिच ठूलो अन्तर हुने तथा प्राप्ति र कार्यान्वयन बिच पनि खाडल देखिने गरेको छ। यसबाट क्षेत्रगत लक्ष्य प्राप्ति नहुने र वित्त व्यवस्थापनमा थप समस्या खडा हुने गरेको छ। वैदेशिक सहायता प्राप्तिका नाममा अर्थतन्त्रको हित प्रतिकूल शर्तहरू स्वीकार्ने र त्यसलाई आधार बनाई बजेटमा राख्ने तर कार्यान्वयनमा जाँदा त्यस्ता शर्त पूरा हुन नसकी उक्त सहयोग वापत खर्च भइसकेको रकम सोधभर्ना हुन नसकेको समस्या पनि जटिल बन्दै गएको भनी अध्ययनहरूले देखाएका छन्। परिणामस्वरूप आर्थिक वर्षको अन्त्यतिर स्रोतान्तर गरी मुलुकी कोषमा भार थप्दै जाने प्रवृत्ति बढेको पाइएको छ। यसले अधिविकर्ष बढाउने र वैदशिक ऋण

थपिने सम्भावना बढ्दछ। अहिले पनि कतिपय वैदेशिक सहायता रकम बजेटको नियमित प्रक्रियामा नआउने र वैदेशिक सहायताको ठूलो हिस्सा लेखापरीक्षण प्रणालीभन्दा बाहिर रहने गरेको देखिएको छ। अनावश्यक विदेशी परामर्श सेवा एवं प्राविधिक सहायता स्वीकार्ने प्रवृति पनि झाँगिदै गएको देखिन्छ।

नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा अनेकन प्रतिवद्धता जनाएको छ। यसले पनि सार्वजनिक खर्च बढ्न गएको हुन सक्छ। अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, अभिसन्धि र प्रोटोकलमा दीर्घकालीन विश्लेषण बिना प्रतिवद्धता जनाउनाले यस्तो दायित्व थपिने गरेको अनुमान छ।

कार्यालयबाट हुनसक्ने कामको लागि पनि छुट्टै आयोजना बनाउने तथा परामर्शदाता राख्ने, सोधभर्ना समयमा माग नै नगर्ने, विस्तृत आयोजना प्रतिवेदन बिना नै बहुवर्षिय ठेक्का लगाउने, परियोजनाको डिजाइन गर्दा नै त्रुटिपूर्ण डिजाइन गर्ने, परामर्शदाता, आयोजना व्यवस्थापन र निर्माण व्यवसायी बिच अपवित्र गठजोडका आधारमा अनुचित तरिकाले लाभ लिने र आयोजना यसै छाड्ने, विभिन्न निकायहरूले एउटै कार्य गर्ने गरी स्रोत-साधनको दुरूपयोग गर्ने जस्ता समस्याहरू पनि बढ्दै गएको जानकारीहरू विभिन्न माध्यमबाट सार्वजनिक हुने गरेका छन्।

सडक र यातायातका क्षेत्रमा समस्या अझ प्रवल बनेको भनी उल्लेख हुने गरेको छ। फलस्वरूप सडक निर्माण कार्य प्रभावकारी हुन नसकिरहेको भनी आलोचना हुने गरेको छ। सडकका बिच-बिचका बनाउनु पर्ने पुलहरूको ठेक्कापट्टा व्यवस्थापनको समस्या प्रवल बन्ने र निर्माणकार्य सम्पन्न हुनुपुर्व नै सडकहरू बिग्रिई गुणस्तरमा ठूलो समस्या हुने गरेका गुनासाहरू आउने गरेका छन्। पुल बनाउँदा बनाउदै भत्कने गरेका भनी उदाहरणहरू सार्वजनिक हुने गरेका छन्। यसले गर्दा सडक र पुल निर्माणको ठेक्का प्रणाली र परामर्शदाताको सेवामा नै प्रश्न उठ्ने गरेको छ। भौतिक आधारशीलाहरूको निर्माण समयमा सम्पन्न नहुनुले कार्य क्षमतामा प्रश्न उठ्ने गरेको छ। सडक यातायातमा सिन्डिकेट प्रणालीले गर्दा निजी स्वामित्वका सवारी साधनहरूलाई यातायात समितिको नाममा एकाधिकार कायम गरी मनपरी ढङ्गले सञ्चालन गर्दा जनता ठूलो शोषणमा परिरहेका थिए भन्ने पुष्टि भइरहेको छ। यद्यपि यो प्रणालीलाई तोड्नेतर्फ केही सकारात्मक कदमहरू चालिएका पाइन्छन् तापनि यी कदमहरू पर्याप्त भएनन् भन्ने भनाई अझै पनि आइरहेका छन्।

सार्वजनिक सरोकार र अन्य सेवाहरूसँग सम्बन्धित कतिपय निकायहरूको कार्य सम्पादन झन्झटिलो, सुस्त र सेवाग्राहीमैत्री नभएको गुनासोमा कमि आएको छैन। मालपोत, भूमिसुधार, नापी, यातायात, जनताको सुरक्षासँग सम्बन्धित सेवाहरू प्रदान गर्ने सरकारी निकायहरूमा यस्ता प्रवृत्तिहरू अझै रहेको घटनाक्रमहरुले देखाउँछन्। सार्वजनिक संस्थानहरूबाट प्रवाह हुने सेवा जस्तै विजुली, टेलिफोन, खानेपानी आदिमा सेवा ज्यादै ढिलो र परिणाम ज्यादै खर्चिलो हुने गरेका छन्। केहीलाई छाडेर

अधिकांश सार्वजनिक संस्थानहरू व्यावसायिक तरिकाले सञ्चालन नहुँने तथा मितव्ययिता नअपनाउने कारणले सरकारको लागि बोझको रूपमा रहेको भनाइहरू सार्वजनिक हुने गरेका छन्। कतिपय संस्थानहरूको उद्देश्यमा समानता भए पनि यी संस्थानहरू खारेज वा एकीकरण गर्न नसक्दा त्यसले सरकारको आर्थिक बोझ थपेको भन्ने तर्क दिने गरिएको छ। चार पाँचदशक अगाडि आवश्यक भई स्थापना भएका कतिपय संस्थानहरू सान्दर्भिकताका विषयमा तर्क वितर्क हुने गरेका छन्। सरकारी निकायहरूवाट सोझै सम्पादन गर्न सकिने कार्यहरू पनि विभिन्न आयोग, समिति, वोर्ड र परिषद् जस्ता निकायहरू सिर्जना गरी सम्पादन गराउने प्रवृत्तिका कारण यस्ता निकायहरूवाट ठूलो स्रोत साधन खर्च भई दुरूपयोग हुने गरेको भनी व्यापक टिका-टिप्पणी समेत हुने गरेको छ।

कृषक लगायत विभिन्न लक्षित वर्गलाई उत्पादन र सेवामा सहुलियत प्रदान गर्ने उद्देश्य राखी सरकारले बजेट मार्फत् निरन्तर रूपमा अनुदान र सहायता उपलब्ध गराउने गरेको छ। तर त्यस्तो अनुदान एवं सहायताहरू लक्षित कार्य तथा सेवामा सही ढङ्गले खर्च नहुने, एकै व्यक्ति वा संस्थाले दोहोरो तेहोरो रूपमा त्यस्तो सुविधा प्राप्त गर्ने प्रवृत्ति पनि निरन्तर वृद्धि भएकोले सरकारको खर्च दायित्व पनि औचित्यता बिना नै बढ्न गएको हो कि भन्ने अनुमान छ।

सामाजिक सुरक्षा कार्यक्रमका अतिरिक्त गरीबी निवारण, दुर्गम क्षेत्र विकास र पिछडिएका क्षेत्रमा थप भत्ता वितरण जस्ता कार्यक्रमहरूमा एकभन्दा बढी निकाय संलग्न हुने हुँदा तिनीहरू बिच समन्वय नहुने, काममा दोहोरोपन हुने, सुविधा खर्च बढ्ने र अनुदानको समेत ठीक ढङ्गले उपयोग नहुने गरेको भनी विभिन्न अध्ययनहरूले देखाएका छन्।

राज्यको जिम्मेवारी र दायित्वका कारण शिक्षा र स्वास्थ्य सेवामा सरकारले लगानी बढाउन आवश्यक पर्दछ। यी क्षेत्रमा खर्च बढ्नु स्वाभाविक छ। तर देशैभरि छरिएर रहेका शिक्षा र स्वास्थ्य कार्यालयहरूमा कार्यालय व्यवस्थापन, कर्मचारीको खटनपटन, औषधि वितरण, शैक्षिक सामाग्रीहरूको वितरण, विदेश यात्रा आदिमा के कसरी खर्च भइरहेको छ भन्ने अहिलेसम्म पनि यथार्थ विश्लेषण हुन नसकेको स्थिति छ। खर्च बढ्ने क्रमसँगै यस्तो खर्चको उत्पादकत्व र प्रभावकारिताका हिसावले बारम्बार प्रश्न उठ्ने गरेको छ।

सरकारी कार्यालयमा हुने खर्च पनि ज्यादै बढ्दो छ र कार्यालय व्यवस्थापन दक्षतामा ठूलो समस्या रहँदै आएको छ। घर भाडादेखि कार्यकक्षहरूको सजावट र व्यवस्थापनको अंश पनि बढ्दो छ। संघीयतामा गइसकेपछि तीन तहमा नै सरकारी कार्यालयहरू रहने हुनाले कार्यालय व्यवस्थापनमा खर्च निकै वढ्ने स्थिति पैदा भएको छ। कर्मचारी सरूवा र व्यवस्थापनमा समेत धेरै खर्च हुने स्थिति छ। कर्मचारी सरूवा हुँदा दिइने दैनिक भ्रमण भत्ताले खर्चहरू अझ बढाएको पाइन्छ। पदाधिकारीको सुविधाहरू जस्तै सवारी साधन, इन्धन, व्यक्तिगत सहयोगी, सवारी चालक, कम्प्युटर

अपरेटर, अर्दली एवं भान्से आदिको खर्च धान्नै नसक्ने गरी बढ्ने अवस्था छ। खर्चको निश्चित मापदण्ड वनाई सो आधारमा खर्च गर्नु भन्दा जे जसरी पनि खर्च गर्ने प्रवृत्तिमा प्रतिष्पर्धा देखिएको छ।

कर्मचारीको निवृत्तभरण (पेन्सन) मा हुने खर्च प्रतिवर्ष वृद्धि हुँदै गएको छ। सरकारी सेवावाट अवकास प्राप्त गर्ने राष्ट्रसेवकहरूका लागि प्रदान गरिने यस्तो मासिक रकम उनीहरूको सामाजिक सुरक्षासँग जोडिएको छ। धेरै मूलुकमा योगदानमा आधारित प्रणाली र अवकास हुने उमेरमा वृद्धि मार्फत् यस्तो खर्चमा मितव्ययिता ल्याउने गरिएको छ। तर नेपालमा यसतर्फ ठोस पहल हुन नसकेकोले यस्तो स्थिति उत्पन्न भएको हो भन्ने तर्कहरू प्रस्तुत हुने गरेका छन्। संघीय संरचना अन्तर्गत सिर्जित राजनीतिक उच्च पदहरूका लागि आवास, अन्य सुविधा र सुरक्षा व्यवस्थामा खर्च गर्नु पर्ने कारणले समेत खर्च उच्च हुन गएको टिप्पणी हुने गरेको छ। स्थानीय र प्रदेश तहमा सीमित रूपमा स्रोत हुने र संघ मार्फत् जाने वा रकमान्तर हुने रकमको ठूलो अंश चालु र अन्य अनुत्पादक क्षेत्रमा प्रवाहित गर्ने प्रवृत्ति अझै बढेर गयो भने विकास र समृद्धिको बाटोमा थप समस्या आउन सक्छ।

योजना र बजेटको सम्बन्ध गहिरो हुन्छ र यो अति आवश्यक पनि छ। योजना र बजेट बिच तादाम्यता कायम गर्ने गरी निश्चित मापदण्डका अधारमा क्षेत्र, परियोजना तथा कार्यक्रमगत प्राथमिकीकरण गर्ने तथा वित्तीय स्थायित्वमा खलल नहुने गरी सामाजिक आर्थिक विकासलाई गति दिने उद्देश्यले दसौं योजनादेखि त्रिवर्षीय खर्च संरचना लागू गरिएको छ। बजेटलाई खर्च संरचनाका मुख्य आधार बनाउने गरी बजेट बनाउने प्रयासहरू समेत भएको पाइन्छ। तर व्यवहारतः योजनाका समष्टिगत तथा क्षेत्रगत लक्ष्यअनुरूप कार्यक्रमको प्राथमिकीकरण गर्ने र त्यसकै आधारमा खर्च वा लागत अनुमान तयार गरी योजनाका लक्ष्यलाई उपलब्धिमा रूपान्तरित गर्नेतर्फ ठूलो समस्या रहँदै आएको छ। समग्र योजना र क्षेत्रगत कार्यक्रमसँग जोडिएका नीति, रणनीति लगायतका पक्षहरूमा एकरूपता वा सामान्जस्यताको अभाव हुने कारणले योजनाकै विश्वसनीयतामा समस्या आउने हो कि भन्ने स्थिति छ। त्रिवर्षीय खर्च संरचना समेत औपचारिकतामा सीमित हुन पुगेको अवस्थाले योजना लक्ष्य, बजेट, रकम विनियोजन, रकमको सही उपयोग, खर्च व्यवस्थापन र प्रभावकारितामा चुनौति थपिएको भन्ने तर्कहरू प्रस्तुत हुने गरेका छन्।

कतिपय स्थितिमा विभिन्न आवधिक योजनाहरूको आ-आफ्नै प्राथमिकता हुने हुँदा एउटा योजनाले लिएको प्राथमिकता अर्को योजनाले त्याग्ने वा निरन्तरता नदिई चालु भएका नीति र कार्यक्रम समेत अलपत्र पर्ने गरेको देखिएको छ। कतिपय राम्रा कार्यक्रम र आयोजनाहरू पनि कार्यान्वयन गर्ने निकायहरूको कमजोरी वा जिम्मेबारी अभावका कारण कार्यान्वयनमा ठूलो समस्या पर्ने गरेको

आशंका छ। केही वर्षयता अनुगमन र मूल्याङ्कन परिपाटी कमजोर हुन पुगेको टिप्पणी छ। त्यसको प्रतिकूल असर आयोजना कार्यान्वयनमै परेको हुन सक्छ। कार्यान्वयन पक्ष ज्यादै कमजोर हुँदा कतिपय आयोजनाहरू अधुरा रहने र कतिपय आयोजनाहरूमा समय र लागत बढ्न गएको छ। यसको प्रतिकूल असर सिंङ्गो आपूर्ति व्यवस्था एवं समग्र अर्थतन्त्रमा पर्ने गरेको हुन्छ। निजी क्षेत्रबाट लगानी ल्याउने तथा सहकारी क्षेत्र प्रवर्द्धनमा समेत प्रतिकूल असर पर्ने हुन्छ। वर्षको अन्तिमतिर मात्र अत्यधिक खर्च हुने प्रवृत्तिबाट सिङ्गो वित्तीय क्षेत्रसमेत अफठ्यारोमा पर्न जान्छ।

नेपालमा आवधिक योजना तर्जुमा गर्दा कार्यान्वयन पक्षलाई उचित ध्यान दिन सकेको पाइँदैन। कार्यान्वयन गर्ने कतिपय निकायहरूले समेत प्रस्तावित कार्यक्रम र आयोजनाहरूमा आफ्नो स्वामित्व लिने गरेको पाइएको छैन। फलतः योजना एकातिर र कार्यान्वयन प्राथमिकता अर्कोतिर हुने गरेको छ। आवधिक योजनामा प्रस्तावहरू समावेश नभएका तर वार्षिक बजेटमा परेका आयोजना पनि धेरै हुने गरेको देखिएको छ। माथि भने झै मध्यमकालीन खर्च संरचना मार्फत् योजनासँग तादम्यता कायम गर्ने गरी वार्षिक वजेटका कार्यक्रमहरूलाई वस्तुगत र कार्यान्वयन योग्य बनाउने प्रकृया कमजोर भएकोले स्रोत विनियोजन प्रणालीमा समेत समस्या थपिएको छ। समग्रमा स्रोत विनियोजनको आधार नै तदर्थ भई बजेटका सरोकारवाला निकायहरूमा बारम्बार समस्या थपिने गरेको हुन सक्छ।

बजेट निर्माण प्रक्रिया समेत आफैमा विश्लेषणात्मक र पारदर्शी हुन नसकेको टिप्पणी हुने गरेको छ। बजेट माग गर्ने निकायहरूले वस्तुगत र विश्लेषणमा आधारित रहेर भन्दा सम्बन्ध वा दबाबका आधारमा बजेट माग गर्ने र प्राप्त गर्ने अभ्यासले ठाउँ लिने गरेको गुनासो छ। बजेट तर्जुमाका लागि बनाइने मार्ग दर्शनमा आर्थिक अनुशासन र बजेट सीमालाई मुख्य आधार बनाइए पनि वस्तुगत विश्लेषणको अभावले व्यवहारमा यो प्रभावकारी हुन नसकेको अवस्था छ। बजेट छलफलमा बजेट रकमको सीमान्त वृद्धिलाई मुख्य रूपमा ध्यान दिने गरिएको पाइन्छ। यसरी बजेट तर्जुमा प्रक्रियामा सार्वजनिक खर्चको उपादेयता, उत्पादकत्व वृद्धि र सेवा प्रवाहको गुणात्मक प्रभावकारिता जस्ता महत्त्वपूर्ण पक्षहरू गौण हुने गरेको कुरा बारम्बार उठिरहेको छ।

संविधानले संघीय, प्रादेशिक र स्थानीय तहहरूबाट गर्नुपर्ने कार्यहरूको जे जस्तो अधिकारसहितको सूचीको व्यवस्था गरेको छ, त्यसअनुरूप कानुनी, नीतिगत, संरचनागत एवं कार्यविधिगत स्पष्ट व्यवस्था हुन नसक्दा द्विविधा र अन्तरविरोध श्रृजना भएको हो कि भन्ने स्थिति छ। सशर्त अनुदानका कार्यक्रमलाई ठोस मापदण्डका आधारमा प्रदेश र स्थानीय तहमा पठाउन नसक्दा ठूलो समस्याको सामना गर्नुपरेको टिप्पणी र आलोचनाहरू हुने गरेका छन्। यी लगायतका कारणले खर्चमा दोहोरो तेहरोपन हुने र दायित्व बढ्ने स्थिति सिर्जना भएको छ। साथै, प्रदेश र स्थानीय तहमा संस्थागत, प्राविधिक र व्यवस्थापकीय क्षमता सुदृढ नभएकाले योजना तर्जुमा र कार्यान्वयन बिच ठूलो खाडल

रहने अवस्था छ। फलस्वरूप उपयुक्त कार्यक्रमको चयन एवं प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नेतर्फ बजेट र खर्च व्यवस्थापनका क्षेत्रमा धेरै समस्याहरू रहेको देखिन्छ। यस्तो व्यवस्थापन समस्या बिच अनियन्त्रित र औचित्यहीन तरिकाले परियोजनामा रकम छर्ने र खर्च गर्ने प्रवृत्ति थपिई खर्चको आकार बढ्दै जाने र प्रतिफल न्यून वा ह्रासोन्मुख हुन गई अपेक्षित लक्ष्य प्राप्तिमा जटिलता थपिँदै जाने खतरा रहन्छ।

योजना, बजेट र खर्चसँग सम्बन्धित उपरोक्त अनेकौं सम्भावित समस्या र चुनौतिहरू बिच संविधानले परिकल्पना गरेअनुरूप समानता, समावेशीता र सहअस्तित्व एवं आत्मनिर्भरतामा आधारित समाजवाद उन्मुख समृद्ध राष्ट्र बनाउने र सो क्रममा सन् २०३० भित्रै दिगो विकास लक्ष्य हासिल गरी आम जनताको जीवनस्तर उच्च गर्ने अभिभारा नेपाल सरकारको काँधमा आएको छ। संघीय व्यवस्थामा स्थानीय तहदेखि नै स्रोत साधनको अत्याधिक परिचालन र उपयोग हुने अवसर प्राप्त हुन्छ। यो प्रणालीले आम जनताको स्रोत र साधनमा समान पहुँच, विकास प्रकृया र प्रतिफलमा न्यायोचित अवसर र लाभ सुनिश्चित गर्न मद्दत गर्दछ। यसअनुसार दिगो रूपमा बिकास कार्यलाई अघि बढाउन सकिने हुनाले संघीय, प्रदेश र स्थानीय सरकारहरूले दीर्घकालीन लक्ष्य प्राप्तिमा विशिष्ट योगदान गर्ने गरी अनुकूल अवस्था निर्माण गर्नुपर्ने दायित्व समेत नेपाल सरकारको काँधमा आएको छ। यिनै पृष्ठभूमिमा नेपाल सरकारले सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ गठन गरेको हो।

## १.२ आयोगको गठन

विगतमा रहेका बजेट, वित्त व्यवस्थापन र खर्च प्रणालीसँग सम्बन्धित विविध पक्षमा रहेका समस्याहरू समाधान गरी सार्वजनिक खर्च प्रणालीलाई कसरी दक्ष, मितव्ययी एवं परिणाममुखी बनाउन सकिन्छ भन्ने बारेमा सुझाव दिन नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५ भाद्र ३ गतेको निर्णयानुसार यस आयोगको गठन भएको हो। यस आयोगको संरचना देहायअनुसार रहेको छः

| | |
|---|---|
| डा. डिल्ली राज खनाल, पूर्व सांसद तथा अर्थविद् | अध्यक्ष |
| श्री सुरेश प्रधान[1], महालेखा नियन्त्रक, नेपाल सरकार | सदस्य |
| श्री दुर्गानिधि शर्मा, पूर्व सचिव, नेपाल सरकार | सदस्य |
| डा. शिवराज अधिकारी, सह-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| डा. मुकुन्दप्रसाद पौड्याल, सह-सचिव, अर्थ मन्त्रालय | सदस्य-सचिव |

## १.३ आयोगको कार्यक्षेत्र

सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को कार्यक्षेत्र देहायबमोजिम रहेको छः

[1] मिति २०७५ पौष ७ गतेसम्म

१. सम्वत् २०५७ र २०६६ मा गठन गरिएका सार्वजनिक खर्च पुनरावलोकन आयोगहरूका सुझाव कार्यान्वयनको स्थिति समीक्षा गर्ने।

२. विकास आयोजनाहरूको प्राथमिकीकरण, पुनर्संरचना र समग्र सार्वजनिक खर्च प्रणाली सुधार गर्न आवश्यक सुझाव दिने।

३. क्रमागत कार्यक्रम/आयोजनाहरूको आवश्यकता, उपयोगिता, कार्यान्वयन स्थिति एवं प्रभावकारिताको विश्लेषण गरी देहायबमोजिम गर्नेः

(क) क्रमागत कार्यक्रम/आयोजनाहरूलाई प्रभावकारिता र आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गरी हालकै अवस्थामा निरन्तरता दिने वा एक आपसमा गाभ्ने वा हटाउने बारेमा सिफारिस गर्ने।

(ख) निरन्तरता दिनुपर्ने क्रमागत कार्यक्रम/आयोजनाहरूमध्ये नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा रहेका अधिकार सूचीबमोजिम संघ वा प्रदेश वा स्थानीय कुन तहले सञ्चालन गर्नुपर्ने हो, निक्यौंल गर्ने।

(ग) तीनै तहका सरकारले सञ्चालन गर्ने नयाँ आयोजना/कार्यक्रमहरूको प्रकृति र मापदण्ड निर्धारण गर्ने।

४. खर्चको गुणस्तर कायम गर्न र पुँजीगत खर्च वृद्धि गर्न अपनाउनुपर्ने संरचनागत, कानूनी र प्रक्रियागत उपायहरूका बारेमा सिफारिस गर्ने।

५. चालु खर्चको बारेमा देहायबमोजिमका क्षेत्रलाई समेटेर सुझाव दिने:

(क) चालु खर्चको प्रवृत्ति विश्लेषण गरी चालु खर्चलाई विशुद्ध सञ्चालन खर्च र पुँजी निर्माणको सहयोगी खर्चका रूपमा विश्लेषण।

(ख) नेपाल सरकारको हालको संगठनात्मक स्वरूपलाई चुस्त दुरूस्त बनाउने उपायहरू।

(ग) हालका वर्षहरूमा छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकत्रित गरी प्रभावकारी बनाउन चाल्नुपर्ने कदमहरू।

(घ) आर्थिक सहायता अनुदान (Grants) र उत्पादनका साधनहरूमा उपलब्ध गराइने अनुदान (Subsidies) को प्रवृत्ति विश्लेषण गरी तिनलाई मितव्ययी र प्रभावकारी बनाउने उपायहरू।

(ङ) सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी र कुशल बनाउन चालु खर्च व्यवस्थापनमा गर्नुपर्ने सुधारहरू।

(च) सरकारले व्यवस्थापन मात्र गरे पुग्ने र अन्य क्षेत्रबाट वितरण गर्न सकिने सेवाहरूको यकिन गरी तिनको व्यवस्थापनको आधार र विधि।

६. सार्वजनिक संस्थानहरूमा हाल कायम रहेको सरकारको लगानी र दायित्वको विश्लेषण गर्दै दिगो वित्तीय व्यवस्थापनको खाका प्रस्तुत गर्ने।

७. विकास समिति ऐन र विशेष ऐनहरूबाट सञ्चालित समिति, परिषद्, आयोग, बोर्ड र केन्द्रमा सरकारको लगानी विश्लेषण गरी खारेज तथा पुनर्संरचनाको लागि सिफारिस गर्ने।

८. प्रदेश र स्थानीय तहले अवलम्बन गर्नुपर्ने सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको खाका निर्धारण गर्ने।

९. सार्वजनिक वित्त व्यवस्थापनमा सुधार गर्न संघीय बजेट प्रणाली र खर्च प्रणालीमा गर्नुपर्ने सुधारको सिफारिस गर्ने।

१०. विशेषतः भौतिक तथा सामाजिक पूर्वाधारका क्षेत्रहरूमा आर्थिक दायित्व सिर्जना हुनका कारणहरूको विश्लेषण गरी यसको नियन्त्रण र व्यवस्थापनका उपायहरू पहिल्याई सुझाव दिने।

११. आयोगको सिफारिस कार्यान्वयन गर्न आवश्यक पर्ने कानुनी तथा नीतिगत व्यवस्थाहरू सिफारिस गर्ने।

१२. आयोगले आवश्यक देखेका सार्वजनिक खर्च व्यवस्थापन र आयोजना व्यवस्थापनसम्बन्धी अन्य विषयहरूमा सुझाव प्रस्तुत गर्ने।

## १.४ अध्ययन विधि र आधार

आयोगले तथ्यमा आधारित रही गहिरो अध्ययन तथा विश्लेषणका आधारमा प्रतिवेदन बनाएको छ। यसका लागि आयोगले निम्न अध्ययन विधि र आधारहरू अपनाएको छः

- योजना, बजेट र सार्वजनिक खर्च प्रणाली एवं खर्च व्यवस्थापनसँग सम्वन्धित दस्तावेजहरूको अध्ययन र विश्लेषण।
- बजेट र खर्चसँग सम्वन्धित नीति नियमहरूको अध्ययन र विश्लेषण।
- बजेट र खर्चसँग सम्बन्धित विषयमा अर्थ मन्त्री तथा अर्थ मन्त्रालयका उच्च पदाधिकारीहरूसँग नियमित सम्वाद र छलफल।
- सातैवटा प्रदेशमा माननीय मुख्य मन्त्रीज्यूहरू लगायत माननीय मन्त्रीहरू, प्रदेश योजना आयोगका उपाध्यक्षहरू, प्रमुख सचिव लगायत मन्त्रालयका सचिवहरूसँग छुट्टाछुट्टै अन्तर्क्रिया, छलफल र सुझाव संकलन।
- प्रतिनिधिसभा अर्थ समितिका सभापति, महालेखापरीक्षक, पूर्व अर्थमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षहरू, लगायत विषय विशेषज्ञहरूसँग छलफल र सुझाव संकलन।

- राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायत विकाससँग सम्वन्धित मन्त्रालयका सचिव एवं उच्च पदाधिकारीसँग योजना, बजेट र सार्वजनिक खर्चसँग सम्बन्धित विविध पक्षहरू बारे छलफल र सुझाव संकलन।
- निजी क्षेत्र लगायत विभिन्न सरोकारवालासँग अन्तर्क्रिया र सुझाव संकलन।
- राष्ट्रिय गौरवका तथा अन्य आयोजनाहरूको स्थलगत अध्ययन।
- नगरपालिका तथा गाउँपालिका महासंघका प्रतिनिधिहरू तथा विषय विशेषज्ञहरूलाई सहभागी बनाईएको कार्यपत्रसहितको राष्ट्रियस्तरको अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरी सुझाव संकलन।
- संघीय सरकारका मन्त्रालय, प्रदेशका मन्त्रालय तथा सार्वजनिक संस्थानहरूबाट आयोगले तयार गरेको प्रश्नावलीसँग सम्बन्धित तथ्यांक र सूचनाहरू संकलन र तिनको विश्लेषण।
- राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, तथ्याङ्क विभाग लगायतबाट योजना, बजेट, खर्च, विनियोजन, लेखा र अन्य सान्दर्भिक तथ्याङ्कहरू संकलन र तिनको गहन विश्लेषण।
- खर्च प्रणालीको प्रभावकारिता बढाउन केही राष्ट्रका बजेट र खर्च प्रणालीहरूको नमुना अध्ययन।
- सञ्चार माध्यम तथा अन्य स्रोतबाट प्राप्त जानकारी र सूचनाको अध्ययन विश्लेषण।
- स्वतन्त्र विज्ञहरूवाट प्राप्त सुझावहरूको विश्लेषण।

## १.५ आयोगको कार्यअवधि

"आयोग" को कार्यावधि कार्यारम्भ गरेको मितिदेखि लागू हुने गरी कुल पाँच महिनाको अवधि तोकिएको छ। यस आयोगले मिति २०७५ भाद्र १२ गतेदेखि कार्य शुरू गरेको हो। यसअनुसार यस आयोगको कार्यावधि २०७५ साल माघ ११ गते सम्म रहेको छ।

### १.५.१ प्रतिवेदनको संरचना

यो प्रतिवेदनमा तेर्‍हवटा अध्यायहरू छन्। **अध्याय *एक*** मा आयोग गठनको पृष्टभूमि, कार्यक्षेत्र तथा अध्ययनका आधार र विधिबारे चर्चा गरिएको छ। **अध्याय दुई**मा सार्वजनिक खर्च प्रणालीको भूमिका, स्वरूप र प्रवृत्ति उल्लेख गरिएको छ। **अध्याय तीन**मा तहगत संगठनात्मक संरचना, खर्च अधिकार तथा क्रमागत कार्यक्रम/आयोजनाहरूको बाँडफाँडसम्बन्धी सुझावहरु प्रस्तुत गरिएको छ। **अध्याय चार**मा चालु खर्च वृद्धिका कारणहरू र चालु खर्च नियन्त्रण र प्रभावकारिता अभिवृद्धि गर्न अवलम्वन गर्नुपर्ने उपायहरू सिफारिस गरिएको छ। **अध्याय पाँच**मा सामाजिक सुरक्षा, अनुदान तथा सार्वजनिक सेवाको प्रभावकारिता बढाउने उपायहरू तथा अन्य क्षेत्रबाट वितरण गर्न सकिने सेवाहरुको व्यवस्थापनको आधार र विधि प्रस्तुत गरिएको छ। **अध्याय छ**मा संघीय बजेट, खर्च र वित्त

व्यवस्थापन प्रणालीको समस्या र समाधानका उपायहरू समेटिएको छ। संघीय बजेट, खर्च र वित्त व्यवस्थापन प्रणालीलाई दक्ष, परिणाममूखी र प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरू बारे ठोस सुझावहरू अघि सारिएको छ। **अध्याय सात**मा प्रदेशका लागि प्रस्तावित वित्त व्यवस्थापन प्रणालीको खाका प्रस्तुत गरिएको छ। **अध्याय आठ**मा स्थानीय तहका लागि प्रस्तावित वित्त व्यवस्थापन प्रणालीको खाका समेटिएको छ। **अध्याय नौ**मा विकास समिति ऐन र विशेष ऐनहरूबाट सञ्चालित/गठित समिति, परिषद्, आयोग, बोर्ड र केन्द्रमा सरकारको लगानी विश्लेषण गरी खारेज तथा पुनर्संरचनाः गर्नुपर्ने समेतको विवरण उल्लेख गरिएको छ। **अध्याय दश**मा सार्वजनिक संस्थानहरूको लगानी र दायित्वको स्थिति तथा दिगो वित्तीय व्यवस्थापनका उपायहरू र विनिवेशमा गर्नुपर्ने सुधार सम्बन्धमा सिफारिस गरिएको छ। **अध्याय एघार**मा सरकारी कोष सञ्चालन, व्यवस्थापनमा गर्नुपर्ने सुधारहरू सम्बन्धमा उल्लेख गरिएको छ। **अध्याय बान्ह**मा एकीकृत सूचना प्रणालीको विकासमार्फत् बजेट, खर्च र वित्तीय व्यवस्थालाई प्रभावकारी बनाउन गर्नुपर्ने सुधारहरू सम्बन्धमा सिफारिस गरिएको छ। **अध्याय तेन्ह***मा* प्रस्तावित सुधारबाट समग्र अर्थतन्त्रमा पर्ने अपेक्षित प्रभावको विषयमा विश्लेषण गरिएको छ।

## १.६ विगतका आयोगहरू (२०५७ र २०६६) का सिफारिसहरूको समीक्षा

### १.६.१ सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७ र २०६६ को प्रतिवेदनको पुनरावलोकन

यस आयोगको कार्यक्षेत्रको बुँदा नं १ मा सम्वत् २०५७ र २०६६ मा गठन गरिएका सार्वजनिक खर्च पुनरावलोकन आयोगहरूका सुझाव कार्यान्वयनको स्थिति समीक्षा गर्ने समावेस छ। सो कार्याक्षेत्रअनुसार दुबै प्रतिवेदनका सिफारिस/सुझावहरू अध्ययन र समीक्षा गरिएको छ।

राजनैतिक परिवर्तनसँगै नेपालमा आर्थिक समृद्धिको लागि जनआकांक्षा बढ्दो छ। बढ्दो जनआकांक्षा पूरा गर्न सार्वजनिक खर्चमा चाप परेको छ। २०४६ को राजनैतिक परिवर्तनले साविकको सरकारको स्वरूप, संगठन, संरचना र कार्यक्षेत्रमा व्यापक सुधारको माग गऱ्यो। फलस्वरूप २०४८ मा प्रशासन सुधार सुझाव आयोग गठन गरियो।

### १.६.२ सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७ को सुझाव कार्यान्वयनको समीक्षा

सार्वजनिक खर्च पुनरावलोकन आयोगले २०५७ फागुनमा सुझावसहितको प्रतिवेदन तत्कालीन श्री ५ को सरकारलाई दिएको थियो। उक्त आयोगको सुझावहरूको सम्बन्धमा सरकारी बजेट व्यवस्थापन

तथा खर्च प्रणाली आयोग, २०६६ को प्रतिवेदनमा समीक्षा गरिसकिएको छ। उक्त आयोगका केही प्रमुख सुझावहरू निम्नानुसार उल्लेख गरिएको छः

- सरकारी संलग्नता रहनुपर्ने विषयक्षेत्रका सम्बन्धमा - सरकार नियामक भूमिकामा रही निजी तथा गैरसरकारी क्षेत्र आकर्षित हुने क्षेत्रमा ती क्षेत्रलाई नै संलग्न गराउने उद्धेश्यले सरकारी क्षेत्र संलग्न रहनुपर्ने विषयक्षेत्रको पहिचान गरिएकोमा ती क्षेत्रहरूमा अझै पनि सरकारको भूमिका रहेकै देखिन्छ।
- सरकारको संलग्नताका क्षेत्र तय गर्ने - सरकार संलग्न हुनुपर्ने मार्गदर्शनहरू तय गरी सोको आधारमा सरकारको कार्यक्षेत्र निर्धारण गरिएकोमा अधिकाँश विषयहरूमा सम्वोधन गरेको देखिन्छ।
- कानूनी सुझावहरू कार्यान्वयन सम्बन्धमा - निजामती सेवा ऐन तथा आर्थिक प्रशासन नियमावलीमा समसामयिक सुधार गरिएको भएतापनि अपेक्षित प्रावधान राखी संशोधन भएको देखिदैन।
- सांगठनिक सुधार सम्बन्धमा - मन्त्रालय/विभागको संख्या घटाउने, क्षेत्रीय कार्यालयहरू खारेज गर्ने, एकीकृत सेवा प्रदान गर्ने, एउटै निर्माण कार्यालय राख्ने, दरबन्दी घटाउने सन्दर्भमा सुझावहरू रहेको थियो। यस सम्बन्धमा केही विभाग, कार्यालयहरू र कार्यालयका साबिकमा दरबन्दी घटाइएको भएतापनि पछिल्ला दिनहरूमा मन्त्रालयको संख्या घट्न सकेन र दरबन्दीहरू थप गर्दै गएको पाइन्छ। हालको संघीय स्वरूपमा यसको औचित्य समेत देखिदैन।
- कार्यविधिगत सुधार सम्बन्धमा - सार्वजनिक निर्माण कार्यका लागि जिल्ला स्थित डिभिजन कार्यालयहरूको ब्यवस्थापन, विद्यालय ब्यवस्थापन समितिमा हस्तान्तरण गर्ने आदि विषय कार्यान्वयन भएको देखिएता पनि अन्य कार्यविधिमा सुधार भएको देखिदैन।
- आयोजनाको सम्भाव्यता निर्क्योल गर्ने न्यूनतम वस्तुगत आधारहरू सम्बन्धमा -आयोजनाको सम्भाव्यता निर्कौल गर्ने न्यूनतम वस्तुगत आधार जस्तो सामान्य आधार, प्राविधिक आधार र क्षेत्र-विशेष आधार गरी ३ आधार तय गरिएकोमा ती आधारहरूमा कार्य भएको पाईदैन।
- वृद्ध कर्मचारी आय सुरक्षा सम्बन्धमा - योगदानमा आधारित निवृत्तिभरण प्रणाली केही वर्षदेखि लागू गर्ने प्रयास भए पनि २०७५/७६ देखि लागू गर्ने गरी अन्तिम चरणमा रहेको देखिन्छ।
- आयोजना तथा कार्यक्रमको बजेट निकासा तथा खर्च सम्बन्धमा - राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा बजेट विनियोजन गर्ने, विगत वर्षमा कम खर्च गरेका आयोजनालाई स्रोत ओगट्न नदिने जस्ता विषय केही हदसम्म कार्यान्वयन गरिएको भएता पनि आयोजनाबाट

रकमान्तर गर्ने, कर्मचारी र कार्यालय खर्च कुनैमा साधारण र कुनैमा विकासमा राख्ने कार्यक्रममा दोहोरोपना हुन नदिने आयोजनाको अवधि नथप्ने आदि सुझावहरू कार्यान्वयन भएका छैनन्।

- कार्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धमा-कार्यक्रम निर्माण गर्दाको खाका तयार गरिएपनि सो खाकाबमोजिम आयोजना तयारी गर्ने ढाँचा पूर्ण पालना भएको पाइदैन।
- निजामती कर्मचारीको दरबन्दी पुनरावलोकन र ठिक्क आकारमा राख्ने सम्बन्धमा -कर्मचारीको मौजुदा दरबन्दीमा कटौती गर्ने, कानून अधिकृत मन्त्रालय पिच्छे नराख्ने, ५ वर्ष पदपूर्ति नगर्ने सुझावहरू कार्यान्वयन नभएको तथा निम्नस्तरका कर्मचारी सेवा करारमा लिने सम्बन्धमा ब्यक्ति करार पनि गरी कार्यान्वयन भएको देखिन्छ।
- कार्यसम्पादनमा आधारित विनियोजन प्रणाली अवलम्बन गर्ने भन्ने सिफारिस कार्यान्वयन नै हुन सकेन।
- बेरूजु कम गर्ने संस्थागत र प्रकृयागत व्यवस्था गरिए पनि बेरूजु गर्नेलाई जिम्मेवार बनाउन नसक्दा वर्सेनि बेरूजु बढ्दै गएको तथ्याङ्कबाट देखिन्छ।

उपरोक्तानुसारका विषयक्षेत्रमा आयोगले दिएका मुख्य मुख्य ६८ वटा सुझावहरूमध्ये ५ वटा सुझावहरू अधिकांश कार्यान्वयन भएको, २८ वटा सुझावहरू आंशिक कार्यान्वयन भएको र ३५ वटा सुझावहरू कार्यान्वयन भएको पाइएन। वर्तमान समयमा पनि तत्कालीन केही सुझावहरू सान्दर्भिक नै देखिएकोले समयानुकूल परिमार्जन गरी कार्यान्वयन गर्नपर्ने देखिन्छ।

आयोगले सिफारिस गरेका मुख्य मुख्य सुझावहरूको कार्यान्वयनको अवस्थालाई अनुसूची-१ मा प्रस्तुत गरिएको छ।

## १.६.३ सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६ को सुझाव कार्यान्वयनको समीक्षा

सार्वजनिक खर्च र बजेट प्रणालीको ब्यवस्थापन सम्बन्धमा देखिएका विसंगति र चुनौतीहरूको समयमै निराकरण गरी सुधारका उपायहरू पहिल्याएमा सार्वजनिक खर्च ब्यवस्थापनमा प्रभावकारिता आई राष्ट्रको समग्र विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षासहित नेपाल सरकारको मिति २०६६/११/०९ को निर्णयानुसार सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६ गठन गरिएको थियो। उक्त आयोगले दिएका मुख्य सुझावहरूको कार्यान्वयन समीक्षा निम्नानुसार गरिएको छः

विकास कार्यक्रम/आयोजनाहरूमा सार्वजनिक खर्चको उपयोग सम्बन्धमा नतिजामूलक बजेट निर्माण हुन सकेको देखिएन। केन्द्रीयस्तर र जिल्लास्तरमा आयोजना छुट्याउन स्पष्ट आधार निर्धारण गरी कार्यान्वयन गरिनु पर्ने तर्फ प्रगति भएको देखिएन। अनुदान दिंदा मन्त्रालयकै अनुदान शीर्षकहरूमा राख्ने व्यवस्था गर्नुपर्ने, आयोजना/कार्यक्रम शुरू भएको वर्ष र सम्पन्न हुने वर्ष उल्लेख गर्नु पर्नेमा सो नगरिएको, आयोजना प्रमुख एवं अन्य सम्बद्ध कर्मचारीहरूको चाँडो चाँडो सरूवा गर्ने परिपाटी रहिरहेको र आयोजना बैंक तयार गरी प्राथमिकताक्रम निर्धारण गरी आयोजना छनौट गर्नुपर्नेमा सो अनुसार गरिएको पाइएन।

क्षेत्रगत बजेट संरचना निर्माण सम्बन्धमा आयोजना/कार्यक्रममा कुन स्रोतबाट खर्च गर्ने भनी निक्यौंल गर्नुपर्ने ब्यवस्था गरिएको देखियो। नियमित रूपमा गर्नुपर्ने मर्मत सम्भारका लागि बजेट विनियोजन नगरिएको, बजेट विनियोजन गर्दा सञ्चालन गर्ने निकायसँग बजेट खर्च गर्ने क्षमता नहेरी विनियोजन गरिएको ,सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धमा वित्तीय अनुशासनसम्बन्धी छाता कानून तर्जुमा नगरिएको, नतिजामा आधारित बजेट प्रणाली अवलम्वन नगरिएको, क्षेत्रगत मन्त्रालयहरूलाई आयोजना तथा कार्यक्रमको नाममा पुँजीगततर्फ एकमुष्ठ बजेट विनियोजन गर्ने जस्ता सुझाव कार्यान्वयन नभएको पाइयो।

खर्चको दायित्व सिर्जना हुने, प्रोद्भावी लेखा सिद्धान्तअनुरुप लेखा राख्ने, सबै दातृ नियकायहरूलाई नेपाल सरकारको कोष प्रणाली मार्फत् निकासा तथा खर्च गर्न लगाउने, आर्थिक वर्षको अन्तिम चौमासिकमा बजेट विनियोजन नभएको शीर्षक र उप-शीर्षकमा रकमान्तर वा स्रोतान्तर नगर्ने, गैर सरकारी संस्थाहरूमार्फत् नेपाल भित्रिने रकमलाई नियमनको व्यवस्था गर्नुपर्ने जस्ता सुझावहरू कार्यान्वयन नभएको देखियो ।

एकल खाता कोष प्रणाली मुलुकभर विस्तार भएको पाइयो। सेवा प्रवेश गर्ने नयाँ कर्मचारीहरूलाई कोष-सहितको निवृत्तिभरण प्रणाली लागु गर्ने सुझाव कार्यान्वयन नभएको देखियो। आर्थिक अनियमितता तथा बेरूजु फछ्र्यौटका लागि बेरूजु फछ्र्यौट समितिको कार्य क्षेत्रमा विस्तार, लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी किटान गर्ने सम्बन्धमा अपेक्षित नतिजा प्राप्त हुन सकेको देखिएन। आर्थिक सहायताको दुरूपयोग रोकथाम समेत हुन नसकेको पाइयो।

वैदेशिक सहायताको प्रभावकारिताका लागि नयाँ वैदेशिक सहायता नीतिको तर्जुमा भएको भएतापनि राष्ट्रिय आवश्यकता तथा प्राथमिकता प्राप्त क्षेत्रमा मात्र वैदेशिक सहायता परिचालन हुन सकेको देखिँदैन। साथै, समयमा सोधभर्ना हुन सकेको छैन।

सार्वजनिक संस्थान व्यवस्थापन सम्बन्धमा केही संस्थानहरू निजीकरण गरिएतापनि कार्यसम्पादनमा आधारित व्यवस्थापनलाई अवलम्बन गरेको देखिएन।

लेखा समूहका कर्मचारीहरूको पदस्थापन कार्यविधिलाई सरलीकृत गरी शुरू पदस्थापन र अन्तर–मन्त्रालय सरूवामा मात्र महालेखा नियन्त्रक कार्यालयको भूमिका हुनु पर्ने, मन्त्रालय र अन्तर्गतको सरूवा सम्बन्धित मन्त्रालयबाटै हुने व्यवस्था गरिनुपर्ने, सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन विभागको गठन हुनुपर्ने जस्ता सुझावहरु लागू भएको पाइएन।

आयोगले दिएका मुख्य मुख्य ९४ वटा सुझावहरूमध्ये ४ वटा सुझावहरू पूर्ण कार्यान्वयन भएका, ८ वटा सुझावहरू अधिकांश कार्यान्वयन भएका, ४८ वटा सुझावहरू आंशिक कार्यान्वयन भएका र ३४ वटा सुझावहरू कार्यान्वयन हुन नसकेको पाइएकोले आयोगका सुझावहरू कार्यान्वयन स्थिति सन्तोषप्रद देखिएन।

# अध्याय दुई

# सार्वजनिक खर्च प्रणालीको भूमिका, स्वरूप र प्रवृत्ति

## २.१ पृष्ठभूमि

सार्वजनिक खर्च प्रणालीले सार्वजनिक क्षेत्रको खर्चसँग जोडिएका संस्थागत एवं कानूनी व्यवस्था, संरचनागत व्यवस्था, खर्च गर्ने संयन्त्रहरू, तिनको ढाँचा र परिपाटी, खर्चसम्बन्धी नीति र खर्च व्यवस्थापन जस्ता विविध पक्षहरूलाई जनाउँछ। तसर्थ सार्वजनिक खर्च प्रणालीमा खर्च गर्ने संस्थागत र संरचनागत व्यवस्था कस्तो हुने, सार्वजनिक खर्चको दायरा र क्षेत्र के हुने, खर्च नीति र प्राथमिकता के के हुने तथा सो खर्च किन, कसरी र कहाँ गर्ने भन्ने जस्ता विविध पक्षहरू पनि जोडिएका हुन्छन्। सार्वजनिक खर्चको क्षेत्र र यसको सीमा राज्यले अर्थतन्त्र सञ्चालनमा संलग्न हुने भूमिकासँग जोडिएकाले यस बारे अहिले पनि बहस जारी छ। देशको विकासको स्तरले पनि यो क्षेत्र र सीमा निर्धारण गर्दछ। नेपाल जस्ता विकासोन्मुख राष्ट्रमा सार्वजनिक खर्च प्रणाली र यसले खेल्ने भूमिकाले आफ्नै महत्त्व राख्दछ। राज्य सञ्चालन, शान्ति र सुरक्षा तथा आधारभूत सेवाहरूमा आम जनताको अधिकार र पहुँच सुनिश्चित गर्दै समृद्धि र दिगो विकासको लक्ष्य प्राप्तिमा खर्च प्रणालीले सोझो सम्बन्ध राख्ने कारणले विकासोन्मुख राष्ट्रहरूमा खर्च प्रणालीको विशेष महत्त्व हुने गर्दछ। यस्ता देशहरूमा सार्वजनिक खर्च प्रणालीले निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने, बजारमा माग र आपूर्तिलाई सन्तुलन राख्दै स्वस्थ बजारको विकासमा सहयोग गर्ने समेतको भूमिका खेल्दछ। अर्थतन्त्रमा आउने गरेका उतारचढाव र कतिपय समयमा ठूला संकटहरू आउँदा अर्थतन्त्रलाई बचाउन र विकास र समृद्धितर्फ अघि बढ्न राज्यले खेल्नुपर्ने भूमिकासम्वन्धी विश्वव्यापी अनुभवले सार्वजनिक खर्च नीतिको विशेष महत्त्व रहेको स्पष्ट छ।

नेपाल जस्ता विकासोन्मुख राष्ट्रमा सार्वजनिक खर्च प्रणाली आफैमा एकांकी र निरपेक्ष हुँदैन। यसको घनिष्ठ सम्बन्ध देशको दीर्घकालीन विकासको सोंच, आवधिक योजना लक्ष्य र सो लक्ष्यलाई उपलब्धिमा रुपान्तरण गर्न ल्याइने वार्षिक बजेट र कार्यक्रमहरूसँग हुन्छ । यसरी योजना र बजेटले निर्धारण गरेका लक्ष्य प्राप्तिमा खर्च प्रणालीले निर्णायक प्रभाव पार्दछ। तात्कालीन वा दीर्घकालीन दुवै हिसावले सार्वजनिक खर्च प्रणाली भित्र खर्च नीति र खर्च व्यवस्थापन पक्षको आफ्नै विशिष्ट भूमिका हुन्छ। आमरूपमा सार्वजनिक खर्च नीति के मा खर्च गर्ने भन्ने पक्षसँग जोडिएको छ भने सार्वजनिक खर्च व्यवस्थापन खर्च कसरी गर्ने भन्ने विषयसँग सम्बन्धित रहेको छ। यी दुई पक्षले आवश्यकता र माग अनुरूप खर्चको विन्यास गर्ने र खर्चलाई दक्ष र कुशलता पूर्वक उपयोग गरी लक्षित परिणाम हासिल गर्ने तर्फ टेवा पुर्याईरहेका छन्\छैनन् भन्ने तथ्यलाई उजागर गर्छन्। यी

दुवै पक्ष फेरी खर्च जुटाउने श्रोतसँग जोडिएका छन् र स्रोतहरूको आधार, संरचना एवं प्रवृत्तिले समग्र अर्थतन्त्र एवं समाजका विभिन्न क्षेत्र र तहमा के कस्तो प्रभाव पर्नेछ भन्ने संकेत गर्दछ।

आमरूपमा नेपाल जस्ता विकासोन्मुख राष्ट्रमा सार्वजनिक क्षेत्र मार्फत गरिने खर्चले अर्थतन्त्रका विविध क्षेत्र, समाज एवं आम जनतामा प्रत्यक्ष एवं परोक्ष रूपमा ठूलो प्रभाव पार्दछ। आर्थिक स्थायित्वसहित निश्चित मान्यता, मापदण्ड र विधिका आधारमा खर्च प्रणालीलाई प्रभावकारी र परिणाममूखी बनाउँदा यसले मुलुकको द्रुततर विकास, दिगो र उच्च आर्थिक वृद्धि, रोजगारी सिर्जना एवं सामाजिक न्याय र समानता जस्ता पक्षमा महत्त्वपूर्ण योगदान गर्ने हुन्छ। यसले निजी र सहकारी क्षेत्रको लगानी प्रवर्द्धनमा परिपूरक, साझेदार, सहजकर्ता र नियमकको जिम्मेवारी निर्वाह समेत गर्दछ। आर्थिक सामाजिक असमानताको न्यूनीकरण, गरिबीको अन्त्य र सार्वजनिक सेवा प्रवाहमा आम नागरिकको अधिकार तथा सहज पहुँच एवं देशको सन्तुलित विकासमा खर्च प्रणालीले निर्णायक भूमिका खेल्दछ। संघीय प्रणालीमा संघ, प्रदेश र स्थानीय सरकार बीच अधिकारको बाँडफाँड तथा राजस्व र खर्च उत्तरदायित्व अनुरूप खर्च प्रणालीलाई ढाल्दा समावेशी, मानव विकास केन्द्रित तथा समतामूलक समृद्धिको बाटोमा छिटो फड्को मार्न सकिने अनुकूल स्थिति बन्न सक्दछ।

## २.२ विकास एवं समृद्धिका लागि सार्वजनिक खर्च प्रणालीका आधारहरू

विश्वका कतिपय संघीय तथा अन्य देशहरूको अनुभवबाट के देखिन्छ भने खर्च प्रणालीमा दक्षता र प्रभावकारिता बढाउन अवलम्बन गरिएका संस्थागत, कानुनी, नीतिगत, नियमन तथा कार्यान्वयनसँग जोडिएका ठोस व्यबस्थाहरूका कारण ती देशहरूले खर्चको आकारलाई समेत वान्छित सीमाभित्र राखि वित्त र आर्थिक स्थायित्व कायम गर्दै महत्वकांक्षी लक्ष्यहरू समेत हासिल गर्न सकेका छन्।आमरुपमा आर्थिक र वित्त अनुशासन कायम गर्दै न्याय र समानता सहितको उच्च र गुणस्तरिय आर्थिक वृद्धि हासिल गर्न सकेका छन्। अर्को तर्फ कतिपय देशहरू ठूलो घाटा बजेटमा टेकेर अन्धाधुन्ध रुपमा खर्चको आकार बढाउने गरेका कारण ती देशहरूले वित्त र आर्थिक स्थायित्वको समस्यासँगै संकट बेहोरेको स्थिति छ। फलस्वरुपः निजी लगानी हतोत्साही भई पुँजी पलायन हुने, विकासमा असन्तुलन आई शहर र ग्रामीण, सम्पन्न र पछाडी परेका क्षेत्र बीच विकासमा ठूलो खाडल बढ्दै जाने, हुने र नहुने बीच आय असमानता विस्तार हुँदै जाने तथा आम जनताको जीवनस्तरमा प्रतिकुलता थपिने गरेको पाईएको छ। सामाजिक द्वन्द्वमा मुलुक धकेलिने र राजनीतिक संकटमा फस्ने जस्ता समस्याहरू पनि सामना गर्नु परेको स्थिति छ।

यी अनुभवहरूले के देखाउछन् भने खर्च प्रणालीमा गरिनुपर्ने आवश्यक सुधार विना खर्चको आकार बढाउने प्रवृत्तिले अर्थतन्त्रमा प्रतिकुल असर पार्ने हुन्छ। त्यसैकारण सफल राष्ट्हरुको अनुभव

समेतको आधारमा खर्च प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउन निश्चित सिद्धान्त, नीति र मापदण्डका आधारमा अगाडि बढाउनु पर्ने तर्फ जोड दिने गरिएको छ। योजना, बजेट र वित्त नियम, स्रोत र साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता र आमरुपमा संस्थागत तथा संरचनागत कुशलतामा आधारित खर्च व्यवस्थापनमा उच्च प्राथमिकता दिएमा मात्र खर्च प्रणालीले विकास र समृद्धिमा टेवा पुर्याउन सक्ने देखिएको छ।

योजना हचुवा, अपत्यारिलो र कार्यान्वयन सुनिश्चितताको आधार विना नै तर्जुमा भएको रहेछ भने यसले बजेट र खर्च प्रणालीमै प्रतिकुल असर पार्दछ। व्यवहारतः यसबाट बजेट र खर्च प्रणाली एकातर्फ तथा योजना अर्कोतर्फ हुने स्थिति पैदा हुन्छ। त्यसैले योजनाको दूरदृष्टि, यसका उद्देश्य, समष्टिगत र क्षेत्रगत लक्ष्य एवं नीति, रणनीति तथा सो अनुरुप परियोजना\कार्यक्रमहरू प्रस्ताव गरिएका छन् छैनन् त्यसले बजेट र खर्च प्रणालीमा ठूलो असर पार्दछ। त्यति मात्र नभएर योजना र बजेटले अनुगमन र मूल्याङ्कनको ठोस व्यवस्था गरी कार्यान्वयनलाई सुनिश्चितता समेत प्रदान गर्नु पर्ने हुन्छ।

योजना, बजेट र सार्वजनिक खर्च बीचको अन्तरसम्बन्धमा तादम्यता ल्याउन मध्यमकालीन खर्च संरचना तयार गरी लागू गर्ने अभ्यास लामो समयदेखि हुँदै आएको छ। सो अन्तर्गत श्रोत र साधन उपलव्धताको मध्यमकालीन संभावनाको आधारमा समग्र, क्षेत्रगत र परियोजनागत रुपमा खर्च संरचनाको खाका तयार गरिन्छ। संघीय व्यवस्थामा केन्द्र र तल्लो तहका सरकारहरू बीचको अधिकार बाँडफाँड सहितको सहयोग र अन्तरसम्वन्धको प्रष्ट व्यवस्था हुनु नितान्त जरुरी हुन्छ। त्यस्तै राज्य र निजी क्षेत्र बीचको सम्बन्ध, साझेदारी, परिपूरकता, आपसी सहयोग जस्ता पक्षहरूलाई वित्त नियमले कानूनी र नीतिगत प्रष्टता पार्नु आवश्यक हुन्छ। धेरै देशहरूमा वित्त अनुशासन कायम नहुने, जिम्मेवारी र जवाफदेहितामा समस्या रहने र निजी क्षेत्रको भूमिका अस्पष्ट हुने जस्ता कारणले वित्त नियमको ठोस व्यवस्था गर्नु पर्ने तर्फ हालका वर्षहरूमा जोड दिने गरिएको छ।

वित्त नियम अन्तर्गत अनावश्यक खर्चमा कटौती, स्रोतको मितव्ययी प्रयोग र जवाफदेहिपूर्ण परिपाटी सुनिश्चित गरिएको हुन्छ। यसबाट आम जनताले सरकारलाई तिरेको करको सही सदुपयोग भई अपेक्षित उपलब्धि हासिल हुने र सरकार जनउत्तरदायी बन्नेतिर अनुकुल स्थिति पैदा हुन्छ। आमरुपमा बजेटको आकारलाई निश्चित मापदण्डका आधारमा वाञ्छित सीमाभित्र राख्न वित्त नियमले महत्वपूर्ण भूमिका खेल्छ। समग्र खर्च तथा खर्च इकाई दुवैलाई निश्चित परिधिभित्र बाँधी अनुशासन कायम गर्न यसले मद्दत पुऱ्याउँछ।

सार्वजनिक खर्च प्रणालीको अर्को ज्यादै महत्वपूर्ण पक्ष भनेको बजेट विनियोजनको ठोस वैज्ञानिक आधार तयार गरी सीमित स्रोत र साधनको कुशलतम उपयोगबाट अत्याधिक लाभ लिने पक्षलाई सुनिश्चित गर्नु हो। विनियोजन रणनीति र कुशलता सरकारका विभिन्न तह र निकायसँग सम्बन्धित हुन्छ। विषयगत मन्त्रालयहरूले क्षेत्रगत योजनाको अधीनमा रही प्राविधिक क्षमता र लागत प्रभावी मापदण्डका आधारमा कार्यक्रम तथा आयोजना छनौट गर्छन् र त्यसले साधनको विनियोजन दक्षतालाई निर्धारण गर्दछ।

बजेट विनियोजनको पक्ष जति यथार्थपरक हुन्छ त्यति खर्च प्रणाली प्रभावकारी हुन्छ। प्रति ईकाइ खर्च अनुमान, खर्चको क्षेत्रमा प्राथमिकीकरण र खर्च गर्ने क्षमतालाई आधार बनाई खर्चको दोहोरोपना हटाउने गरी ठोस मापदण्डको आधार बनाएमा विनियोजन परिपाटी वैज्ञानिक, कुशल र थोरै खर्चमा धेरै परिणाम हुने तिर उन्मूख हुन सक्छ। यो स्पष्ट छ की स्रोत साधनको सीमितताका कारण राज्यले माग र आवश्यकता बमोजिमका सवै प्रकारका खर्चहरू गर्न नसक्ने हुन्छ। त्यसैकारण सार्वजनिक खर्चको प्राथमिकीकरण आवश्यक हुन्छ। यसले स्रोत साधन उपलब्धताको तथ्यपरक आँकलनको पनि माग गर्दछ। बजेटलाई अव्यवाहारिकरुपमा धेरैतिर छर्ने जस्तो गलत परिपाटीलाई समेत निरुत्साहित गर्दछ।

कुनैपनि आयोजना\कार्यक्रममा प्रति ईकाई लागतका आधारमा बजेट विनियोजन गर्दा विनियोजन प्रणाली दक्ष र कुशल हुन सक्छ। सामान्यतया आयोजना वा कार्यक्रमका प्रत्येक क्रियाकलापको प्रति ईकाइ लागत अनुमान (कार्यान्वयन लागतमा आधारित रहेर) तथा आयोजना वा कार्यक्रमबाट लाभान्वित हुने जनसंख्याको आधारमा प्रति व्यक्ति लागत अनुमान (कार्यान्वयनबाट प्राप्त हुने नतीजामा आधारित रहेर) मार्फत प्रति ईकाइ लागत अनुमान तयार गरिन्छ। धेरै देशहरूमा प्रति ईकाइ लागत तयार गर्ने परिपाटीका कारण विनियोजन प्रणाली दक्ष र कुशल हुने गरेको छ। यसरी प्रतिइकाई लागतले विनियोजन दक्षता प्रतिविम्वित गर्दछ।

यसैगरी विभिन्न कार्यक्रम\क्रियाकलापहरूका बीच स्रोत विनियोजनको संतुलन मिलाउन चक्र खर्च योजना तथा खर्चको प्राथमिकीकरण परिपाटी लोकप्रिय र प्रभावकारी हुने गरेको छ। त्यसैगरी योजना-कार्यक्रम-बजेट बीच तादम्य कायम गरेर थप रुपमा खर्च प्रणालीलाई प्रभावकारी बनाउने गरिएको छ। यसक्रममा आधारभूत खर्च एवं लाईन आईटमको लेखाजोखा, शून्य र नतिजामा आधारित बजेट प्रणालीको अवलम्बन गर्ने गरिएको छ।

त्यस्तै, कतिपय देशहरूमा सार्वजनिक खर्चको कुशलता बढाउन लागत मापदण्ड एवं वित्त लाभांश (Fiscal Dividend) को विवरण तयार गर्ने विधी र परिपाटीको अवलम्बन गरिएको पनि पाईन्छ।

त्यसैगरी, कार्यसम्पादनमा आधारित बजेट र क्रियाकलापमा आधारित लागत प्रणालीको अभ्यासमार्फत पनि खर्च कुशलता बढाउन सकिने देखिएको छ।

सरकार संलग्न नभई निजी क्षेत्रमात्र संलग्न हुने वा हुनसक्ने, राज्य र निजी क्षेत्रले साझेदारी गर्ने वा अन्य गैरसरकारी क्षेत्रको संलग्नता बढाई कार्यान्वयनमा जान सकिने जस्ता पक्ष पनि विनियोजन नीतिले समेट्नु पर्ने हुन्छ।आमरुपमा थुप्रै मुलुकहरूले विनियोजन कुशलता मार्फत अर्थतन्त्रको रुपान्तरण र समृद्धिलाई द्रुतगतिले अघि बढाउन सफल भएका छन्। अध्ययनहरूबाट के पनि प्रष्ट हुन्छ भने विभिन्न निकायहरूबाट सम्पादन हुने समान प्रकृतिको कार्यलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्दा खर्चको दोहोरोपना हट्ने, समन्वय पक्ष सुदृढ हुने र विनियोजन कुशलता बढाउने तर्फ ठोस सफलता मिल्न सक्दछ।

सैद्धान्तिक एवं व्यवहारिक दुवै हिसावले विकासशिल राष्ट्रहरूको सम्बन्धमा खर्चको प्राविधिक दक्षता र प्रभावकारी कार्यान्वयन ज्यादै संवेदनशील र महत्वपूर्ण हुने देखिएको छ।यससँग संस्थागत तथा संरचनागत परिपाटी देखि सार्वजनिक खर्च व्यवस्थापनका महत्वपूर्ण पक्षहरू जोडिएका छन्।प्रस्तावित कार्यक्रम र सेवा प्रवाहलाई समयबद्ध, कम खर्चिलो, गुणस्तरीय र उत्पादकत्व अभिवृद्धि उन्मुख गराउन सकेमात्र सार्वजनिक खर्च प्रणाली प्रभावकारी र परिणाममूखी हुन सक्दछ।नतिजामा आधारित बजेट प्रणाली तथा सुदृढ अनुगमनको विधिबाट मात्र धेरै देशहरूले सार्वजनिक खर्चको कार्यान्वयन दक्षतामा अभिवृद्धि गर्न सकेका छन्।यसबाट बजेट छर्ने प्रवृत्ति समेत निरुत्साहित हुने गरेको छ।

वित्त अनुशासन, विनियोजन कुशलता तथा कार्यान्वयन दक्षतासँग जोडिएको महत्वपुर्ण पाटो सार्वजनिक खर्चको चुस्त व्यवस्थापन एवं प्रभावकारीता हो। यसको लागि सार्वजनिक खर्चको पारदर्शीता, जवाफदेहिता, पूर्वानुमान र जनसहभागीता महत्वपुर्ण औजारका रुपमा रहेका हुन्छन्। यिनलाई सुशासनका प्रमुख चार स्तम्भ पनि भन्ने गरिन्छ।

सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन पारदर्शीता र जवाफदेहिता संयन्त्र महत्वपूर्ण हुन्छन्। जवाफदेहिता मुख्य रुपमा कसले, कहिले र कसको लागि गर्ने भन्ने पक्षहरूसँग जोडिएको छ। संसद प्रतिको जवाफदेहिता समग्र खर्च प्रणालीको आधारभूत शर्तको रुपमा रहेको हुन्छ। यो पारदर्शीता र जवाफदेहितालाई मजबुत गर्ने प्रमुख आधार पनि हो। योजना, बजेट र वित्त नियम, स्रोतसाधनको कुशलतम विनियोजन र कार्यान्वयन तथा प्राविधिक दक्षताको मुख्य कसीको रुपमा सार्वजनिक खर्च व्यवस्थापन पक्ष रहेको हुन्छ।सार्वजनिक खर्चको व्यवस्थापनलाई वित्तीय अनुशासनसँग जोड्न विभिन्न देशहरूले समयमा नै बजेट निकासा गर्ने प्रणाली र नगद व्यवस्थापनमा जोड दिएका हुन्छन्। सार्वजनिक खर्चको अवस्थाको वारेमा आवधिकरुपमा प्रतिवेदन गर्ने र सोको

प्रक्रियाको नियमित अनुगमन गर्ने तथा सार्वजनिक खर्चको स्थिति विवरणलाई दैनिक रुपमा निगरानी गर्न अनलाईन प्रणालीको उपयोग गर्ने पद्दतिको विकास वित्तीय अनुशासन कायम गर्ने दिशामा महत्वपुर्ण मानिन्छ।

खर्चको व्यवस्थापन पक्षलाई बलियो बनाउन नतिजा वा कार्यसम्पादनमा आधारित बजेट प्रणालीको अतिरिक्त व्यवस्थापन सम्झौता, आधुनिक व्यवस्थापन विधीको उपयोग, कार्यमूलक निकायको सिर्जना र खर्च मुल्याङ्कन जस्ता पक्षहरू उपयोगमा ल्याउने गरिन्छ।

वित्तीय पारदर्शिता खर्च व्यवस्थापन दक्षताका लागि महत्वपूर्ण हतियार मानिएको छ।यसका लागि प्रोदभावी लेखा र लेखामान प्रणालीठोस आधार हुने देखिएको छ।सार्वजनिक महत्वका निर्णयहरूलाई नियमित एवं पारदर्शी रुपमा सूचना प्रवाह गर्न संस्थागत संयन्त्रको व्यवस्था गर्ने गरिन्छ। सरकारको समग्र वित्तीय अवस्थाको बारेमा सरोकारवाला तथा आम नागरिकलाई नियमित रुपमा यथार्थ सूचना प्रवाह गर्ने गरिन्छ।

सार्वजनिक खर्चको पारदर्शीता अभिवृद्धि गर्न कार्यक्रम आयोजनाको विशेषता तथा उद्देश्य छर्लङ्ग हुने गरी बजेट दस्तावेजमा सुधार गर्दै सवै सरकारी निकायहरूको वार्षिक खर्च प्रतिवेदन तयार गर्ने र मुख्य मुख्य वित्तीय सुचकाँकहरू प्रवाहित गर्ने गरिन्छ।साथै, आयोजना कार्यक्रमको विस्तृत लेखाङ्कन प्रतिवेदन तयार गरी खर्चको पारदर्शीता अभिवृद्धि गर्ने गरिन्छ।

उपभोक्ता नागरिक अभिमूखीकरण प्रभावकारी खर्च व्यवस्थापनको एक अंग हो। यस अन्तर्गत सार्वजनिक क्षेत्रबाट प्रवाह गरिने सेवाको स्तर मापन गर्न आन्तरिक मूल्याङ्कन पद्दतिको विकास गरिन्छ।त्यस्तै सार्वजनिक वस्तु तथा सेवा प्रवाह प्रति उपभोक्ताको धारणा वा सन्तुष्टी परिक्षणको लागि समूह सर्वेक्षण गर्ने विधी पनि उपयोगमा ल्याएको पाईन्छ।

सार्वजनिक खर्च व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष जनसहभागिता हो। आर्थिक तथा वित्तीय व्यवस्थापनको निश्चित क्षेत्रमा जनसहभागिताको लागि समुदायलाई संलग्न गराईन्छ। यस क्रममा बोलपत्र र अन्य सम्झौता तथा मूल्याङ्कन संयन्त्रमा जनप्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरिएको हुन्छ। माथि उल्लेख गरिएका विविध माध्यमहरूले धेरै देशहरूको खर्च दक्षता र प्रभावकारिता बढाउन सहयोग गरेको विभिन्न अध्ययनहरूले पुष्टि गर्दछन्।

## २.३ सार्वजनिक खर्चको स्वरूप र प्रवृत्ति[१]

नेपालमा बजेट आरम्भ भएको करिब ७ दशक भइसकेको छ भने योजनावद्ध विकासले ६ दशक नाघिसकेको छ। पछिल्ला वर्षहरूमा सार्वजनिक खर्च प्रणालीलाई समावेशी, लैङ्गिक उत्तरदायी तथा गरिबी न्यूनीकरण उन्मूख बनाउने उद्देश्यले आवधिक योजना तथा बजेटलाई सो अनुरूप ढाल्ने प्रयास भइरहेका छन्। आवधिक योजनाले निर्देशित गरेका नीति तथा कार्यक्रम तथा सरकारी बजेटलाई एक आपसमा आबद्ध गर्ने उद्देश्यले आर्थिक वर्ष २०५९/६० देखि मध्यमकालीन खर्च संरचना कार्यान्वयनमा ल्याइएको थियो तर वीचका वर्षहरूमा सो संरचना कार्यान्वयनको अभ्यासले निरन्तरता पाएन।

सार्वजनिक स्रोत र साधनको अनुमान, वितरण र उपयोगलाई प्रभावकारी तुल्याउन आर्थिक वर्ष २०६४/६५ देखि लैङ्गिक उत्तरदायी बजेट प्रणाली समेत कार्यान्वयनमा ल्याउने गरिएको छ। त्यस्तै, देशको स्रोतलाई गरिबी न्यूनीकरण उन्मूख गर्ने उद्देश्यले बजेट विनियोजनमा यसलाई एउटा मुख्य आधार बनाउने गरी बजेटलाई थप रूपमा परिभाषित र वर्गीकृत गर्ने गरिएको पनि छ। जलवायु परिवर्तन र वातावरणको पक्षले प्राथमिकता पाओस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०७०/७१ देखि जलवायु परिवर्तनमा मात्र हुने खर्च छुट्याउने गरी बजेट कार्यान्वयनमा ल्याइएको छ।


आर्थिक वर्ष २०७३/७४ देखि थप रूपमा दिगो विकास लक्ष्यका आधारमा बजेट तथा कार्यक्रमहरूलाई संकेतीकरण गर्ने कार्य आरम्भ गरी बजेट तर्जुमा गर्दा प्रस्तावित कार्यक्रम/आयोजनाले दिगो विकासका १७ लक्ष्यहरू मध्ये कुन लक्ष्य हासिल गर्न मद्दत पुर्‍याउँछ भन्ने पक्षलाई आधार मानेर संकेतीकरण गर्ने व्यवस्था गरिएको छ। बजेटले उच्च प्राथमिकता दिँदै आएको अर्को क्षेत्र मध्ये वित्त सन्तुलन र आर्थिक स्थायित्व पनि पर्दछन्। सो अनुरूप बजेट घाटालाई वाञ्छित सीमामा राख्ने प्रयत्नहरू पनि हुँदै आएका छन्। हालै मध्यमकालीन खर्च संरचनालाई कानूनतः अनिवार्य बनाइएको छ।

यसरी सरसर्ति नियाल्दा संस्थागत एवं प्रक्रियागत रूपमा समग्र र क्षेत्रगत लक्ष्यसहित आवधिक योजना बनाउने, त्यसको आधार बनाएर मध्यकालीन खर्च संरचना तयार गर्ने र फेरि त्यसको आधारमा विभिन्न क्षेत्रमा विशेष लक्षयसहित बजेट निर्माण गर्ने कार्यहरू हुँदै आएको देखिन्छ। बजेट कार्यान्वयनमा रहेका समस्या समाधान गर्ने उद्देश्यसहित सार्वजनिक खरिद ऐन, करार मार्फत् आयोजना कार्यान्वयन जिम्मेवारी, समयमै खर्चको अख्तियारी र निकासा गर्ने कार्य समेत हुने गरेको पाइन्छ। संविधानमै व्यवस्था गरेर चालु आर्थिक वर्ष को जेष्ठ १५ मै आगामी आर्थिक वर्षको लागी

[१] यस अध्यायमा प्रयोग गरिएका सार्वजनिक वित्तसम्बन्धी तथ्याङ्कहरू २०७५ मंसिर २६ गतेसम्मको (LMBIS) मा आधारित छन्।

बजेट सार्वजनिक गर्ने व्यवस्था नै गरिएको छ। थुप्रै निकायहरू अनुगमन र मूल्याङ्कनमा संलग्न हुने परम्परा जारी छ। लेखा प्रणाली सहित वित्तीय व्यवस्थापनका अन्य क्षेत्रमा कतिपय सुधारहरू कार्यान्वयनमा ल्याइएका छन्। चालु आर्थिक वर्षकव बजेटले संघीयताअनुरुप संविधानमा आधारित भएर प्रदेश र स्थानीय तहको श्रोतको बाँडफाँड, वित्तीय हस्तान्त्रणसिहत केन्द्रबाट सञ्चालित हजारौं कार्यक्रमहरू प्रदेश र स्थानीयतहमा पठाई वित्त संघीयतालाई बलियो बनाउने पहल थालिएको छ।यसरी विभिन्न पहलहरू मार्फत् बजेट र खर्च व्यवस्थापनमा सुधार ल्याउने प्रयत्नहरू भइरहेका छन्।वित्तीय क्षेत्रमा गरिएकमा सुधार वा पहलले खर्चकव स्वरुप प्रवृत्तीमा के कस्तो असर परिरहेका छन् भन्ने बारे विश्लेषण गर्न प्रयत्न गरिएको छ। यसबाट विगतको बजेट र खर्च प्रणालीको आर्थिक सामाजिक विकासमा सम्भावित भूमिकाको केहि हदसम्म आंकलन गर्न सहयोग पुग्ने छ।

कुल सरकारी खर्चको समष्टिगत स्वरूप र प्रवृत्तिबारे चालु खर्च, पुँजी खर्च र वित्तीय व्यवस्थामा गरिएको विभाजनले स्पष्ट गर्दछ।हालसम्मको खर्च विभाजन सरकारी वित्त तथ्याङ्क २०१४ जो.एफ.एस.मा आधारित छ।यस्तो क्षेत्र, परियोजना तथा कार्यक्रम तहमा गरिने आर्थिक र कार्यगत वर्गीकरणमा आधिरत हुने हुनाले यसले सरकारी खर्चको आम प्रवृत्ति कस्तो छ र यो उपभोगमुखी वा अर्थतन्त्रको उत्पादनशील क्षमतातर्फ उन्मुख छ भन्ने धेरै हद्सम्म पुष्टि गर्दछ।तर कतिपय उपभोग भित्रका खर्चहरू मानवीय विकास र भौतिक पुँजी निर्माणमा सहयोगी हुने हुनाले उपभोग भित्रको स्वरूपलाई समेत ध्यानमा राख्न जरुरी हुन्छ।





सार्वजनिक खर्चको प्रवृत्तिलाइ हेर्दा केही वर्षयता नेपालमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा सरकारी खर्चको आकार तीव्र रूपमा बढेको देखिन्छ। आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ्य उत्पादनमा सरकारी खर्चको अनुपात २२.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा सो अनुपात ३६.१ प्रतिशत पुग्न गयो। पाँच वर्षको अन्तरालमा कुल गार्हस्थ्य उत्पादनमा सरकारी खर्च १३.६ प्रतिशतले बढ्नु यो आफैमा केही अस्वभाविक देखिन्छ।अझ त्यसमा पनि सो अवधिमा कुल गार्हस्थ्य उत्पादनमा चालु खर्चको अनुपात वार्षिक औसत १७.३ प्रतिशतबाट बढेर आर्थिक वर्ष


२०७४/७५ मा २३.२ मा पुग्यो। पुँजीगत खर्चको अनुपात सो अवधिमा ५.२ प्रतिशतबाट बढेर ९.० प्रतिशत मात्र पुग्यो।यसरि अनुपातिक हिसावले नै चालु खर्च वृद्धि उच्च रह्यो।

**तालिका १ सार्बजनिक खर्चको संरचना र वृद्धि :**

| आर्थिक वर्ष | कुल सार्वजनिक खर्चमा अंश (प्रतिशतमा) | | | सार्वजनिक खर्चमा वृद्धि (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | पुँजीगत खर्च | वित्तीयब्यवस्था | चालु खर्च | पुँजीगत खर्च | वित्तीय ब्यवस्था | जम्मा |
| २०६९/७० | ६९.० | १५.२ | १५.८ | १.६ | ६.२ | २७.७ | ५.७ |
| २०७०/७१ | ६९.८ | १५.३ | १४.९ | २२.७ | २२.२ | १४.६ | २१.३ |
| २०७१/७२ | ६३.९ | १६.७ | १९.४ | ११.८ | ३३.१ | ५९.४ | २२.१ |
| २०७२/७३ | ६१.८ | २०.५ | १७.७ | ९.४ | ३८.९ | ३.१ | १३.१ |
| २०७३/७४ | ६२.७ | २४.८ | १२.५ | ३९.० | ६५.८ | -३.४ | ३७.० |
| २०७४/७५ | ६४.२ | २५.० | १०.८ | ३५.० | ३२.५ | १४.० | ३१.७ |





वृद्धिका हिसावले सार्वजनिक खर्चमा पुँजीगत खर्च केही समय यता केही बढेको देखिएको छ।विगत ७ वर्ष अवधिमा कुल, चालु र पुँजीगत खर्चको वार्षिक औषत वृद्धि क्रमशः २१.९,१९.९ र ३३.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा ३१.७ प्रतिशतले वृद्धि भएको कुल सरकारी खर्चको झण्डै दुई तिहाइ (६४.२ प्रतिशत) हिस्सा चालु खर्चले ओगटेको छ भने एक चौथाई (२५.० प्रतिशत) हिस्सा मात्र पुँजीगत खर्चको रहेको छ र १०.८ प्रतिशत हिस्सा वित्तीय व्यवस्थाको रहेको छ। यस्तै, वित्त एवं खर्च व्यवस्थापनका हिसावले विसंगत र अस्वस्थ दुईवटा प्रवृत्तिहरू रहेका छन्। पछिल्लो समसयमा चालु खर्च बजेट अनुमानकै हाराहारीमा हुने गरेको छ। तर पुँजीगत खर्च सामान्यतया बजेट अनुमान भन्दा निकै कम हुनुले सरकारको लगानी क्षमतामा प्रश्न उठ्ने गरेको छ। दोश्रो र चिन्ताजनक पक्ष के हो भने पुँजीगत खर्चको अत्यधिक हिस्सा आर्थिक वर्षको अन्त्यमा हुने गरेको छ ।थप चालु खर्च समेत आर्थिक वर्षको अन्त्यमा उच्च दरले हुने अझ अमिल्दो स्थिति देखिन्छ।






## २.३.१ आर्थिक वर्गिकरण (Economic Classification) अनुरूप खर्चको स्वरूप र प्रवृत्ति

आर्थिक संकेतअनुसारको वर्गीकरणको चालु खर्च अन्तर्गत पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग, ब्याज र साँवा शुल्क, सहायता, अनुदान, सामाजिक सुरक्षा र फिर्ता समावेश गरिएको हुन्छ।




आर्थिक वर्ष २०७४/७५को विश्लेषण गर्दा कुल चालु खर्चमा सबैभन्दा धेरै हिस्सा अनुदानको (५८.७ प्रतिशत) रहेको छ। त्यसपछि पारिश्रमिक सुविधा र सामाजिक सुरक्षाको क्रमशः १६.० प्रतिशत र १३.७ प्रतिशत रहेको छ।



विगत ७ वर्षको प्रवृत्ति विश्लेशण गर्दा कुल चालु खर्चमा पारिश्रमिक/सुविधाको हिस्सा केही घट्दो छ भने अनुदानको हिस्सा निकै बढ्दो छ। तुलनात्मक रूपमा सामाजिक सुरक्षा खर्चको हिस्सामा ठूलो वृद्धि भएको छैन। चालु खर्च भित्रको यस्तो प्रवृत्ति र स्वरूपले केवल निरन्तरता (Business as usual) र अझ त्यसमा पनि सम्भावित बढ्दो माग र दवावको पक्षलाई विचार गर्दा चालु खर्च धान्नै नसक्ने गरी बढ्ने हो कि भन्ने खतरा पनि बढेको छ।

**तालिका २ः आर्थिक वर्गिकरण अनुसार चालु खर्चमा विभिन्न खर्चको अंश (प्रतिशतमा)**

| आर्थिकवर्ष | पारिश्रमिक/ सुविधा | मालसामान तथा सेवाको उपयोग | ब्याज तथा सेवाशुल्क | सहायता | अनुदान | सामाजिक सुरक्षा | फिर्ता खर्च |
|---|---|---|---|---|---|---|---|
| २०६८/६९ | २७.१ | ९.८ | ६.२ | १.९ | ४२.६ | १२.४ | ०.१ |
| २०६९/७० | २६.७ | ९.४ | ५.६ | १.७ | ४१.४ | १५.२ | ०.१ |
| २०७०/७१ | २७.८ | ९.९ | ४.० | ०.४ | ४४.५ | १३.४ | ०.१ |
| २०७१/७२ | २६.१ | ९.४ | २.७ | ०.३ | ४६.४ | १५.० | ०.१ |
| २०७२/७३ | २४.० | १२.० | २.३ | ०.३ | ४६.० | १५.३ | ०.१ |
| २०७३/७४ | २३.० | १०.६ | १.९ | ०.२ | ४७.२ | १६.९ | ०.१ |
| २०७४/७५ | १६.० | ९.० | २.३ | ०.१ | ५८.७ | १३.७ | ०.० |

*नोटः दशवलव पछिको एकअंकका कारण जोडदा सय प्रतिशत नहुन सक्छ।*


आर्थिक संकेत वर्गीकरणका आधारमा जग्गा खरिद, भवन खरिद, भवन निर्माण, पुँजीगत सुधार खर्च फर्निचर तथा फिक्चर्स, सवारी साधन, मेशीनरी औजार, सार्वजनिक निर्माण, पुँजीगत सुधार खर्च र पुँजीगत अनुसन्धान तथा परामर्श र सफ्ट्वेयर निर्माण र खरीद पुँजीगत खर्च अन्तर्गत राखिने गरिएको छ।

**तालिका ३ः आर्थिक वर्गिकरणअनुसार पुँजीगत खर्च विनियोजन बजेट र यथार्थ खर्च अनुपात (प्रतिशतमा)**

| खर्च शिर्षकहरू | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| जग्गा खरीद | १४५ | ७८ | ५६ | १०२ | ३९ | ८६ | १३४ |
| भवन खरीद | ७९ | ० | ६२ | ० | २२ | ० | ३७ |
| भवन निर्माण | ७९ | ९५ | ६८ | ६७ | ५४ | २८ | ४९ |
| पूंजीगत सुधार खर्च भवन - | ० | ८८ | १०९ | ५३ | १९ | ६९ | ७३ |
| फर्निचर तथा फिक्चर्स | १०१ | ९४ | ९५ | ९३ | ९६ | ८३ | ८६ |
| सवारीसाधन | ८७ | १८८ | ३०४ | १५६ | १११ | २१८ | १७० |
| मेशिनरी औजार | ६६ | ८६ | ७७ | ८० | ६६ | ६९ | ८३ |
| सार्वजनिक निर्माण | ७१ | ८४ | ८२ | ८२ | ६८ | ८३ | ८९ |
| पूंजीगत सुधार खर्च | ७५ | ७६ | ७२ | ८६ | ४२ | ७६ | ७८ |
| पूंजीगतअनुसन्धान तथा परामर्श | ३७ | ६५ | ६७ | ४२ | ५४ | ४२ | ५८ |
| सफ्टवेयर निर्माण र खरीद खर्च | ० | २६ | १२ | १२ | १६ | २५ | ५५ |
| पुँजीगत खर्च | ७१ | ८३ | ७८ | ७६ | ५९ | ६६ | ८१ |

विगत ७ वर्षको अवधिमा विनियोजित पुँजीगत बजेटको तुलनामा यथार्थ खर्च वार्षिक औषत ७३.३ प्रतिशत रहने गरेको छ र यो आफैमा निराशाजनक स्थिति हो। खर्च भित्रको संरचनामा हेर्दा खर्च


स्वरूप र प्रवृत्तिमा केही फरक स्थिति देखिन्छ। यस अवधिमा जग्गा खरिद, सवारी साधन र सार्वजनिक निर्माणमा विनियोजनको तुलनामा यथार्थ खर्च बढी भएको देखिन्छ। अझ त्यसभित्र कुनै वर्षहरूमा जग्गा, सवारी साधनमा विनियोजित बजेटको तुलनामा यथार्थ खर्च ८८ प्रतिशतले बढी हुन गएको देखिन्छ।यसले बजेट तर्जुमा गर्दा बजेट विनियोजन दक्षतामा नै समस्या रहने गरेको र त्यसमा पनि खरिद गर्दा निर्धारण गरिने बजेट सीमामा नबसी थप बजेट माग गर्ने र सो मागबमेजिम थप रकम समेत उपलब्ध गराउने गरेको प्रष्ट रूपमा देखिन्छ। यसले बजेट विनियोजनको आधारभूत पक्षमै गम्भीर समस्या रहने गरेको पुष्टि गर्दछ।




कुल पुँजीगत खर्च मध्ये झण्डै दुई तिहाइ खर्च सार्वजनिक निर्माण र त्यसपछि क्रमशः भवन निर्माण, जग्गा खरिद, मेशिनरी औजार र सवारी खरिदमा हुने गरेको छ। यसरी पुँजी निर्माणमा प्रत्यक्ष प्रभाव नपार्ने जग्गा खरीद र सवारी साधन खर्चमा बढ्दो हिस्साले सार्वजनिक लगानीको अर्थतन्त्रमा उत्पादनशील क्षमता एवं उत्पादकत्व वृद्धिका हिसावले ठोस टेवा पुग्न नसकेको संकेत गर्छ। अझ लगानीभित्र गुणस्तर हीनताको पक्षले पुँजीगत खर्चको आकार मात्र नभएर, त्यसभित्रको स्वरूप र खर्च प्रवृत्तिमा निकै समस्या रहेको उजागर गर्छ।

**तालिका ४: आर्थिक वर्गिकरणअनुसार पुँजीगत खर्चमा विभिन्न शीर्षकहरूको अनुपात (प्रतिशतमा)**

| खर्च शिर्षकहरू | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| जग्गा खरीद | ६.९ | ५.१ | २.४ | ३.२ | २.३ | ४.३ | १०.७ |
| भवन खरीद | ०.१ | ० | ०.२ | ० | ०.४ | ० | ०.३ |
| भवन निर्माण | १४.२ | ११.७ | १०.४ | ९.८ | १४.३ | ११.९ | १३.२ |
| पूंजीगत सुधार खर्च भवन - | ० | ०.२ | ०.४ | ०.७ | ०.३ | ०.३ | ०.२ |
| फर्निचर तथा फिक्चर्स | ०.७ | ०.७ | ०.८ | ०.७ | ०.५ | ०.५ | ०.५ |
| सवारी साधन | १.५ | २.१ | ६.९ | ३.१ | १.८ | ३.३ | २.४ |
| मेशिनरी औजार | ४.७ | ४.८ | ७.४ | ५.८ | ४.२ | ३.७ | ३.६ |
| सार्वजनिक निर्माण (RA) | ६७.८ | ७०.५ | ६५.२ | ६९.९ | ६८.२ | ६९ | ६३.१ |
| पूंजीगत सुधार खर्च | १.१ | १.१ | १.९ | ३.२ | ३.७ | ३.९ | २.५ |
| पूंजीगत अनुसन्धान तथा परामर्श | ३ | ३.८ | ४.३ | ३.६ | ४.१ | ३ | ३.२ |
| सफ्टवेयर निर्माण र खरीद खर्च | ० | ० | ०.१ | ०.१ | ०.१ | ०.२ | ०.३ |
| भैपरिआउने पूंजीगत खर्च - | ० | ० | ० | ० | ० | ० | ० |
| अन्यखर्च | ० | ० | ० | ० | ० | ० | ० |





आर्थिक वर्ष २०७४/७५ मा कुल पुंजीगत खर्चमध्ये सार्वजनिक निर्माण, जग्गा खरिद र सवारी साधन खर्चको हिस्सा क्रमशः ६३.१,१०.७ र २.४ प्रतिशत रहेको छ। विगत ७ वर्षमा मेशिनरी औजार खर्चको हिस्सामा कुनै उल्लेख्य वृद्धि भएको छैन।

वित्तीय व्यवस्था अन्तर्गत सरकारको संस्थानमा ऋण र शेयर लगानी, वैदेशिक शेयर लगानी, वैदेशिक ऋणको साँवा भुक्तानी र आन्तरिक ऋणको साँवा भुक्तानी पर्दछन्।

**तालिका ५: आर्थिक वर्गिकरणअनुसार वित्तीय व्यवस्थामा बिनियोजन बजेटमा यथार्थ खर्चको अनुपात (प्रतिसतमा)**

| खर्च शिर्षकहरू | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| संस्थानमा ऋण लगानी | ६५ | ६२ | ४५ | ७९ | ४९ | ४४ | ४८ |
| संस्थानमा शेयर लगानी | १७५ | ९३ | १३१ | ६१ | | ७१ | ८६ |
| वैदेशिक शेयर लगानी | | १२५ | | | | २८३ | ५ |
| वैदेशिक ऋणको सांवा भुक्तानी | ९९ | ९० | १०२ | ८४ | ८३ | ८९ | ६२ |
| आन्तरिक ऋणको सांवा भुक्तानी | १०० | १४० | १०० | १४६ | १२२ | २१४ | १८५ |
| वित्तीय व्यवस्था जम्मा | ९७ | ९५ | ८२ | १०१ | ८४ | ८६ | ८४ |





आर्थिक वर्ष २०७४/७५ मा कुल वित्तीय व्यवस्था अन्तर्गत संस्थानमा शेयर लगानीको हिस्सा ३८.० प्रतिशत र आन्तरिक ऋणको साँवा भुक्तानी हिस्सा ३२.० प्रतिशत रहन गएको थियो। त्यस्तै,

संस्थानमा ऋण लगानीको हिस्सा १४.० प्रतिशत र वैदेशिक ऋणको साँवा भुक्तानी हिस्सा १६.० प्रतिशत रहेको थियो। एकातर्फ चालु खर्च माथिको दवाव ज्यादै बढ्ने र अर्कोतर्फ सरकारको संस्थानमा हुने सेयर लगानी र ऋण लगानी हिस्सा बढ्ने वा ज्यादै उच्च रहने प्रवृत्तिले खर्चको नियन्त्रण र व्यवस्थापकीय परिपाटीमा समस्या गहिरिँदै गएको प्रष्ट देखिन्छ ।

**तालिका ६: कुल वित्तीय व्यवस्था खर्चमा विभिन्न खर्च शीर्षकहरूको अनुपात (प्रतिशतमा)**

| खर्च शिर्षकहरू | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| संस्थान माऋण लगानी | २७ | २२ | २१ | २७ | २३ | २३ | १४ |
| संस्थान माशेयर लगानी | २७ | ९ | १५ | ८ | ११ | १५ | ३८ |
| वैदेशिक शेयर लगानी | ० | ६ | ० | २ | १ | ३ | ० |
| वैदेशिक ऋणको सांवा भुक्तानी | ३१ | २५ | २६ | १६ | १७ | २२ | १६ |
| आन्तरिक ऋणको सांवा भुक्तानी | १५ | ३७ | ३९ | ४६ | ४७ | ३७ | ३२ |
| वित्तीय व्यवस्था जम्मा | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

विगत ७ वर्षमा आन्तरिक ऋणको साँवा भुक्तानी विनियोजन बजेटको तुलनामा यथार्थ खर्च११४ प्रतिशत सम्मले थप वृद्धि भई विनियोजनको तुलनामा उच्चदरले भन्दा बढीले भुक्तानी गरिएको देखिन्छ। यसरी कुल सार्वजनिक ऋणमा करिव ४३.७ प्रतिशतको हिस्सा रहेको आन्तरिक ऋणको साँवा भुक्तानी खर्चले विनियोजन क्षमतामा ठूलो समस्या रहेको देखाउँछ।





## २.३.२ कार्यगत वर्गीकरण अनुसार (Functional Classification) खर्चको स्वरूप र प्रवृत्ति

सार्वजनिक खर्चको कार्यगत वर्गिकरण (Functional Classification) अनुसार दश खर्च उपशिर्षकहरू रहने गरेका छन्। यिनमा सामान्य सार्वजनिक सेवा, रक्षा, सार्वजिनक शान्ति सुरक्षा, आर्थिक मामला, वातावरण संरक्षण, आवास तथा सामुदायिक सुविधा, स्वास्थ्य, मनोरञ्जन, संस्कृतिक तथा धर्म, शिक्षा र सामाजिक सुरक्षा उपशिर्षकहरू पर्दछन्।

### तालिका ७: विनियोजन कार्यगत चालु बजेट र यथार्थ खर्च अनुपात (प्रतिशतमा)


| कार्यगत वर्गीकरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| सामान्य सार्वजनिक सेवा | ७३.७ | ७२.७ | ६९.७ | ७२.४ | ६२.८ | ६४.३ | ८०.२ |
| रक्षा | १२०.१ | ९६.२ | १०१.९ | १०८.७ | ९९.५ | ११०.१ | ९६.७ |
| सार्वजनिक शान्ति सुरक्षा | १२२.८ | ९९.४ | १०३.४ | १०२.० | ९६.३ | १५५.४ | ११४.४ |
| आर्थिक मामिला | ८६.३ | ८९.६ | ८१.८ | ८६.८ | ६६.४ | ७३.९ | १००.५ |
| वातावरण संरक्षण | ६३.८ | ५५.६ | ४६.० | ७३.६ | ६३.० | ९१.३ | ७८.९ |
| आवास तथा सामुदायिक सुविधा | ५३.८ | ४५.३ | ७०.२ | ७४.२ | ६२.८ | ८१.३ | ७६.६ |
| स्वास्थ्य | ८६.९ | ९८.५ | ८२.४ | ७९.१ | ८०.३ | ९१.६ | ८३.० |
| मनोरंजन,संस्कृतितथा धर्म | १०५.२ | १३१.१ | १२६.० | ८८.० | ८८.७ | ९५.७ | ९०.५ |
| शिक्षा | ९७.३ | ९८.५ | ९६.२ | ९२.९ | ९१.९ | ९३.७ | ६९.२ |
| सामाजिक सुरक्षा | ९३.७ | १००.१ | ८९.३ | ९२.८ | ८९.१ | १०२.४ | १०१.२ |
| कुल जम्मा (RA) | ९१.३ | ८८.७ | ८५.९ | ८५.१ | ७६.७ | ८४.० | ८६.७ |

वर्गीकरणका थप विशेषतालाई आधार बनाई विगत ७ वर्षको प्रवृत्ति हेर्दा अधिकांश शीर्षकहरूमा बजेट विनियोजनको तुलनामा यथार्थ खर्च वार्षिक औषत ८० प्रतिशतको हाराहारीमा रहने गरेको छ।तर सार्वजनिक शान्ति सुरक्षामा भने बजेट विनियोजनको तुलनामा यथार्थ खर्च थप ५५ प्रतिशतसम्मले बढ्ने गरेको छ। रक्षा, सार्वजनिक शान्ति सुरक्षा, मनोरञ्जन तथा सामाजिक सुरक्षामा बजेट विनियोजन भन्दा बढी खर्च भएको देखिन्छ। अर्कोतर्फ आवास र स्वास्थ्य क्षेत्रमा विनियोजन भन्दा थोरै खर्च भएको देखन्छ।यी क्षेत्रमा विनियोजनमै घटी रहेको अवस्थामा २०७४/७५ को यथार्थ खर्च कम हुनमा कार्यान्वयन पक्षमा रहेको समस्यालाई उजागर गर्छ।




कार्यगत खर्च वर्गीकरणअनुसार कुल सार्वजनिक खर्चमा सामान्य सार्वजनिक सेवाको अंश सवभन्दा बढी रहेको छ भने दोश्रोमा आर्थिक मामिला रहेको छ।आर्थिक वर्ष २०७४/७५ मा कुल खर्चमा सामान्य सार्वजनिक सेवाको अंश ३७.२ प्रतिशत छ।आर्थिक मामिलाको हिस्सा समेत क्रमशः बढ्दै गर्दा ३५ प्रतिशत पुगेको छ भने यस अवधिमा शिक्षा र स्वास्थ्यको अंश अनपेक्षित रूपले घट्दै गएको छ। उदाहरणको लागि आर्थिक वर्ष २०६८/६९ मा शिक्षाको खर्च १८.३ प्रतिशत रहेकोमा त्यो घटेर २०७४/७५ मा ४.१ प्रतिशतमा झरेको छ। त्यसैगरी, सोहि अवधिमा स्वास्थ्यमा ६.७


प्रतिशतबाट झण्डै आधाले घटेर ३.३ प्रतिशतमा झरेको छ। यो प्रवृत्तिले निरन्तरता पाएमा संविधान प्रद्दत्त अधिकारहरू सुनिश्चित गर्न तथा दीगो विकास लक्ष्य हासिल गर्नेतर्फ चुनौतीहरू थपिने छन्।





**तालिका ८ : विनियोजन कार्यगत चालु बजेटमा खर्चकोअंश (प्रतिशतमा)**

| कार्यगत वर्गीकरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| सामान्य सार्वजनिक सेवा | २२.४ | २४.५ | २०.७ | २९.४ | २५.४ | २५.२ | ४८.२ |
| रक्षा | ८.५ | ७.५ | ८.५ | ८.३ | ७.९ | ६.९ | ५.५ |
| सार्वजनिक शान्ति सुरक्षा | १४.८ | १४.१ | १३.१ | ८.९ | ८.२ | १०.० | ६.८ |
| आर्थिक मामिला | १४.३ | १४.५ | १६.७ | १५.५ | १८.२ | १९.७ | २१.१ |
| वातावरण संरक्षण | ०.२ | ०.१ | ०.५ | ०.८ | ०.७ | ०.६ | ०.४ |
| आवास तथा सामुदायिक सुविधा | १.३ | ०.९ | २.० | ०.७ | ०.८ | १.० | १.१ |
| स्वास्थ्य | ८.० | ७.६ | ७.७ | ७.७ | ८.२ | ७.६ | ४.२ |
| मनोरंजन, संस्कृति तथा धर्म | ०.८ | ०.९ | १.२ | ०.९ | १.० | १.० | ०.७ |
| शिक्षा | २५.४ | २५.२ | २५.६ | २३.५ | २४.४ | २०.९ | ६.४ |
| सामाजिक सुरक्षा | ४.२ | ४.७ | ४.१ | ४.४ | ५.४ | ७.३ | ५.६ |
| कुल जम्मा (RA) | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

त्यसैगरी, सार्वजनिक शान्ति सुरक्षा र रक्षामा चालु विनियोजनको तुलनामा यथार्थ खर्च प्रायः सधै बढीरहेको छ। कुल चालु खर्च मध्ये सामान्य सार्वजनिक सेवाको हिस्सा विगत ७ वर्षदेखि बढ्दै



आर्थिक वर्ष २०७४/७५ मा ४८.२ प्रतिशत पुगेको छ।त्यस्तै, आर्थिक मामलाको हिस्सा २१.१ प्रतिशत पुगेको छ भने अर्कोतर्फ सार्वजनिक शान्ति सुरक्षाको हिस्सा घटेर ६.८ प्रतिशत पुगेको छ। शिक्षा र स्वास्थ्यको हिस्सा घटेर क्रमशः ६.४ प्रतिशत र ४.२ प्रतिशत रहन गएको छ।

आर्थिक वर्ष २०७४/७५ मा मात्र सामान्य सार्वजनिक सेवामा १५७ प्रतिशतले वृद्धि र आर्थिक मामलामा ४४ प्रतिशतले वृद्धि भएको छ।यस्तो प्रवृत्तिहरूले चालु खर्चमा रकम विनियोजन र नियन्त्रणमा ठूला समस्याहरू रहेका छन् भन्ने उजागर गर्दछन्।सार्वजनिक सेवाको खर्च हिस्सा अप्रत्यासित रूपले बढ्ने तर शिक्षा र स्वास्थ्य सेवाको हिस्सा व्यापक रूपमा घट्ने प्रवृत्ति यसका ज्वलन्त उदाहरणहरू हुन्।

कार्यगत वर्गीकरणअनुसार आर्थिक वर्ष२०७४/७५मा पुँजीगत खर्चमा आर्थिक मामलाको अंश ७१.२ प्रतिशत रहेको छ भने आवास तथा सामुदायिक सुविधाको अंश १५.१ प्रतिशत रहेको छ।त्यस्तै, स्वास्थ्यको अंशमा क्रमशः कमि आई २.५ प्रतिशत र शिक्षाको अंश नगन्य ०.१ प्रतिशत रहेको छ। रक्षाको अंश भने घटेर ३.६ प्रतिशत छ।खासगरी शिक्षाको नगन्य अंशले मानवीय संसाधनको विकास र मानविय पुँजी विस्तारमा राज्यको लगानी लगभग शून्यमा झरेको प्रष्ट गर्छ। यो विरोधाभाषपूर्ण प्रवृत्ति हो।


**तालिका ९ः कुल पुँजीगत खर्चमा कार्यगत बजेट खर्चको अंश (प्रतिशतमा)**

| कार्यगत वर्गीकरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| सामान्य सार्वजनिक सेवा | २.४ | ३.८ | २.३ | ३.५ | ३.३ | २.४ | १.९ |
| रक्षा | ३.७ | ४.४ | ७.९ | ५.१ | ३.४ | ३.६ | ३.६ |
| सार्वजनिक शान्ति सुरक्षा | ६.२ | ५.४ | ७.७ | ४.४ | ३.६ | २.६ | २.४ |
| आर्थिक मामिला | ६५.९ | ६६.५ | ६५.१ | ६६.२ | ७०.१ | ७०.२ | ७१.२ |
| वातावरण संरक्षण | ०.९ | ०.६ | ०.७ | १.८ | १.५ | १.४ | २.८ |
| आवासतथा सामुदायिक सुविधा | १३.२ | १३.० | १०.६ | १४.५ | १४.६ | १६.० | १५.१ |
| स्वास्थ्य | ६.६ | ५.४ | ४.७ | ३.७ | २.९ | २.९ | २.५ |
| मनोरंजन, संस्कृति तथा धर्म | ०.४ | ०.३ | ०.५ | ०.४ | ०.३ | ०.७ | ०.२ |
| शिक्षा | ०.३ | ०.३ | ०.२ | ०.१ | ०.२ | ०.१ | ०.१ |
| सामाजिक सुरक्षा | ०.५ | ०.४ | ०.४ | ०.२ | ०.२ | ०.२ | ०.१ |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |


आर्थिक वर्ष २०७४/७५ मा पुँजीगत खर्चमा सवभन्दा बढी हिस्सा भएको आर्थिक मामलाको खर्चमा ३१.६ प्रतिशतले र दोस्रो उच्च हिस्सा भएको आवास तथा सुविधा खर्चमा २२.५ प्रतिशतले वृद्धि भएको देखिन्छ।स्वास्थ्य र शिक्षामा क्रमशः १३.४ प्रतिशत र २.८ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ। माथि भने झै त्यसरी संरचनागत रूपमै विनियोजन र यथार्थ खर्च दुवै हिसावले स्वास्थ्य र शिक्षामा हुने थप लगानी ज्यादै उपेक्षित भएको छ।यस्तो प्रवृत्ति सम्भावित परिणामका हिसावले गम्भीर प्रकृतिको छ।

### तालिका १० : कार्यगत पुँजीगत वजेट विनियोजन र खर्च अनुपात (प्रतिशतमा)

| कार्यगत वर्गीकरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| सामान्य सार्वजनिक सेवा | ३५.६ | ४०.५ | २१.० | ३५.१ | १३.२ | २४.० | २२.१ |
| रक्षा | ७७.९ | ११२.१ | २३४.९ | १५०.२ | १२०.३ | २०१.२ | १७८.९ |
| सार्वजनिक शान्ति सुरक्षा | ७९.९ | ७९.२ | ८२.७ | ७८.३ | ५७.७ | ६३.७ | ७०.८ |
| आर्थिक मामिला | ७१.३ | ८३.७ | ८१.२ | ८०.३ | ६२.२ | ६५.१ | ८२.३ |
| वातावरण संरक्षण | ६०.९ | ८६.३ | २०.६ | ४३.९ | ५२.८ | ६७.९ | १३४.९ |
| आवासतथा सामुदायिक सुविधा | ७९.५ | ९४.६ | ९६.५ | ७५.२ | ८८.५ | ७८.५ | ८२.३ |
| स्वास्थ्य | ७२.१ | ९०.५ | ५८.९ | ७०.१ | १०४.६ | १०९.९ | ११२.७ |
| मनोरंजन, संस्कृति तथा धर्म | ३४.३ | ८४.० | ७२.३ | ६१.९ | ५६.६ | १४७.६ | ७३.४ |
| शिक्षा | ४७.६ | ७६.१ | ५९.३ | ५५.२ | १३८.२ | १०४.७ | ५९.८ |
| सामाजिक सुरक्षा | ७८.३ | ७९.६ | ७०.६ | ५७.९ | ६४.३ | ७२.१ | ६१.७ |
| कुल जम्मा (RA) | ७०.८ | ८२.६ | ७८.४ | ७६.१ | ५९.० | ६६.९ | ८०.८ |




विगत ७ वर्षको बजेट विनियोजन र यथार्थ खर्चलाई हेर्दा आर्थिक वर्ष २०७४/७५ मा सामान्य सार्वजनिक सेवामा विनियोजनको तुलनामा यथार्थ खर्च २२.१ प्रतिशत रहेको छ भने रक्षामा १७८.९ प्रतिशत पुगेको छ। सवभन्दा बढी हिस्सा रहेको आर्थिक मामिलाको खर्च वार्षिक औषसको हाराहारी ८२.३ प्रतिशत रहेको छ भने दोस्रो हिस्सा रहेको आवास र सामुदायिक सुविधाको पनि वार्षिक औषत ८२.३ प्रतिशत रहेको छ। यसले आर्थिक सेवामा सरकारको संलग्नता र दायित्व थप्दै गएको देखाउँछ।





आर्थिक वर्ष २०७४/७५ मा कार्यगत वर्गीकरणअनुसार वित्तीय व्यवस्था खर्चमा सबैभन्दा बढी सार्वजनिक सेवाको अंश ५३.३ प्रतिशत रहेको छ भने दोस्रोमा आर्थिक मामिलाको अंश ४२.० प्रतिशत रहेको छ। त्यसपछि वातावरण संरक्षणको अंश ३.० प्रतिशत छ भने आवास तथा सामुदायिक सुविधाको अंश १.७ प्रतिशत रहेको छ। विगत ७ वर्षको अवधिलाई विश्लेषण गर्दा सामान्य सार्वजनिक सेवाको अंश घट्दो रहेको छ भने आर्थिक मामिलाको अंश बढ्दो रहेको छ।

**तालिका ११ : कुल वित्तीय व्यवस्था खर्चमा कार्यगत बजेट खर्चको अंश (प्रतिशतमा)**

| कार्यगत वर्गीकरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| सामान्य सार्वजनिक सेवा | ७१.६ | ७४.१ | ६९.९ | ६९.० | ६९.८ | ६२.० | ५३.३ |
| रक्षा | ०.० | ०.० | २.० | ०.५ | १.६ | ०.० | ०.० |
| सार्वजनिक शान्ति सुरक्षा | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| आर्थिक मामिला | २६.६ | २१.० | २५.३ | २५.९ | १९.९ | ३५.१ | ४२.० |
| वातावरण संरक्षण | ०.४ | २.० | ०.९ | ३.० | ७.० | ०.५ | ३.० |
| आवासतथा सामुदायिक सुविधा | १.५ | ३.० | १.८ | १.६ | १.६ | २.४ | १.७ |
| स्वास्थ्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| मनोरंजन, संस्कृति तथा धर्म | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| शिक्षा | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| सामाजिक सुरक्षा | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

विगत ७ वर्षमा बजेट विनियोजनको तुलनामा वित्तीय व्यवस्थाको यथार्थ खर्च सामान्य सार्वजनिक सेवामा ४ प्रतिशतदेखि ४३ प्रतिशतसम्मले बढीरहेको छ। दोस्रो ठूलो हिस्सा रहेको आर्थिक मामिलाको यथार्थ खर्च भने वार्षिक औषत ६२.२ प्रतिशतमात्र रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा वित्तीय व्यवस्थामा सवभन्दा धेरै हिस्सा भएको सामान्य सार्वजनिक सेवामा ८.३ प्रतिशतले कमि आएको छ भने दोस्रो हिस्सा भएको आर्थिक मामिलामा २७.८ प्रतिशतले वृद्धि भएको छ। सबैभन्दा बढी वृद्धि वातावरण संरक्षणमा भएको छ। तर कुल वित्तीय व्यवस्थामा यसको हिस्सा भने न्युन

रहेको छ। माथि भनेझैं यसले पनि आर्थिक मामिलासँग सम्बन्धित संस्थानहरूमा सरकारको दायित्व बढ्दै गएको पुष्टि गर्छ।




## २.३.३ स्रोत उपयोगको स्वरूप र प्रवृत्ति

सार्वजनिक खर्चका स्रोतहरू तथा उपयोगको स्वरूप र प्रवृत्तिले आर्थिक स्थायित्वसहित अर्थतन्त्रको उत्पादनशील क्षमता विकास तथा वृद्धि र रुपान्तरणमा के कस्तो सम्भावित असर पार्न सक्छ भन्ने समेत संकेत गर्दछन्। तल राजस्व परिचालन सहित खर्च व्यहोर्ने स्रोतको स्वरुप र प्रवृत्ती बारे विवेचना गरिएको छ।


## २.३.३.१ राजस्व परिचालन र यसको संरचना

सरकारको कुल आम्दानीका मुख्य श्रोतहरू राजस्व, वैदेशिक अनुदान, वैदेशिक ऋण र आन्तरिक ऋण रहेका छन्।विगत दश वर्षमा कुल सरकारी आयमा राजस्व अंश बढेर आर्थिक वर्ष २०७४/७५ मा ९५.५ प्रतिशत पुगेको छ भने अनुदानको अंशमा कमी आइ ४.५ प्रतिशतमा झरेको छ। विगत केही वर्षको सरकारी आयको प्रवृत्तिलाई विश्लेषण गर्दा राजस्वको मात्रा र यसको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात दुवैमा उल्लेखनीय वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०६५/६६ मा यस्तो अनुपात १७.२ प्रतिशत रहेकोमा गत आर्थिक वर्ष २०७४/७५ मा क्रमशः वृद्धि भई २५.६ प्रतिशत पुगेको छ। यस अवधिमा वैदेशिक अनुदानमा क्रमिक रूपमा कमि आई आर्थिक वर्ष २०७४/७५ मा १.२ प्रतिशतमा रहेको छ।यसबाट आन्तरिक स्रोत परिचालनमा सकारात्मक प्रवृत्ति देखिए पनि परिचालनको स्रोतका हिसावले थप दवाव परेको छ र वैदेशिक अनुदानमा देखिएको घट्दो प्रवृत्तिले स्रोत व्यवस्थापनमा चुनौति थपिएको प्रष्ट हुन्छ।

तालिका १२: कुल गार्हस्थ्य उत्पादनमा राजश्वको अनुपात (प्रतिशतमा)

| आर्थिक वर्ष | कुल राजस्व | कर राजस्व | भन्सार महसुल | अन्तःशुल्क | आयकर | मूल्य अभिवृद्ध कर | अन्य कर | गैर कर राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| २०६५/६६ | १४.५ | ११.८ | २.७ | १.६ | २.४ | ४.० | १.१ | २.७ |
| २०६६/६७ | १४.९ | १३.४ | ३.० | २.० | २.८ | ४.६ | १.० | १.५ |
| २०६७/६८ | १४.५ | १३.० | २.६ | १.९ | ३.० | ४.५ | ०.९ | १.५ |
| २०६८/६९ | १६.० | १३.९ | २.८ | २.० | ३.४ | ४.६ | १.१ | २.१ |
| २०६९/७० | १७.५ | १५.३ | ३.४ | २.२ | ४.० | ४.९ | ०.९ | २.२ |
| २०७०/७१ | १८.२ | १५.९ | ३.५ | २.३ | ४.० | ५.१ | १.० | २.३ |
| २०७१/७२ | १९.१ | १६.७ | ३.५ | २.५ | ४.२ | ५.३ | १.३ | २.३ |
| २०७२/७३ | २१.४ | १८.७ | ३.६ | २.९ | ५.२ | ५.४ | १.६ | २.७ |
| २०७३/७४ | २३.१ | २०.७ | ४.३ | ३.२ | ५.६ | ६.१ | १.६ | २.३ |
| २०७४/७५ | २४.३ | २१.९ | ४.६ | ३.४ | ५.३ | ६.९ | १.७ | २.४ |
| दश वर्षको औसत | १८.३ | १६.१ | ३.४ | २.४ | ४.० | ५.१ | १.२ | २.२ |


आर्थिक वर्ष २०६५/६६ मा कुल राजश्व परिचालन रु १ खर्व ४३ अर्व ४७ करोड भएकोमा आर्थिक वर्ष २०७४/७५ मा आइपुग्दा यो झण्डै पाँच गुनाले बढेर रु. ७ खर्व ३२ अर्व २३ करोड पुगेको छ। यस अवधिमा कुल राजश्व परिचालन वार्षिक वृद्धिदर सरदर २१.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा समेत यस्तो वृद्धिदर २०.२ प्रतिशत कायम रहेको छ।




बिगत दश वर्षमा राजस्वको अंश कुल गार्हस्थ्य उत्पादनमा वार्षिक औसत १८.३ प्रतिशतबाट आर्थिक वर्ष २०७४/७५ मा २४.३ प्रतिशत पुग्न गएको छ। सो अवधिमा कर राजस्वको अंश ८७.७ र गैर कर राजस्वको अंश १२.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा कुल राजस्वमा कर राजस्वको अंश ८१.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा ९०.१ प्रतिशत पुगेको छ। सोही अनुसार गैर कर राजस्वको अंश १८.४ प्रतिशतबाट घटेर ९.९ प्रतिशतमा झरेको छ। यसबाट राजस्व संरचनामा परिवर्तन हुँदै गएको देखिन्छ।

**तालिका १३: राजश्व वृद्धिदर (प्रतिशतमा)**

| आर्थिक वर्ष | कुल राजस्व | कर राजस्व | भन्सार महसुल | अन्तःशुल्क | आयकर | मूल्य अभिवृद्ध कर | अन्य कर | गैर कर राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| २०६५/६६ | ३३.३ | ३७.५ | २७.२ | ४५.० | ४४.६ | ३३.२ | ५८.५ | १७.६ |
| २०६६/६७ | २४.१ | ३६.५ | ३१.४ | ४८.९ | ४४.२ | ३८.३ | ७.३ | -३१.१ |
| २०६७/६८ | ११.५ | १०.९ | १.४ | ९.१ | २२.३ | १२.३ | ४.२ | १६.२ |
| २०६८/६९ | २३.२ | १९.५ | २१.५ | १४.० | २४.१ | १५.० | ३२.२ | ५४.४ |
| २०६९/७० | २१.४ | २२.६ | ३१.१ | २२.१ | ३०.६ | १७.७ | -३.४ | १३.४ |
| २०७०/७१ | २०.३ | २०.१ | १९.३ | २३.८ | १६.३ | २०.९ | २६.५ | २१.६ |
| २०७१/७२ | १३.७ | १४.२ | १०.० | १७.९ | १३.५ | ११.३ | ३६.९ | १०.८ |
| २०७२/७३ | १८.९ | १८.४ | ९.६ | २२.८ | ३२.४ | ७.७ | ३२.६ | २२.९ |
| २०७३/७४ | २६.२ | २९.९ | ३८.३ | २८.९ | २६.६ | ३२.४ | १५.१ | ०.६ |
| २०७४/७५ | २०.२ | २०.५ | २१.७ | २१.१ | ७.९ | २९.० | २७.७ | १७.९ |





पछिल्ला वर्षहरूमा विभिन्न उतार चढाव बिच कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको अनुपातमा उल्लेख्य वृद्धि भई आर्थिक वर्ष २०७४/७५ मा २१.९ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०६४/६५ मा कर राजस्वमा ३७.५ प्रतिशतका दरले उत्साहजनक वृद्धि भएको थियो। त्यस पछिका वर्षहरूमा केही कमी भएको छ। उदाहरणका लागि आर्थिक वर्ष २०७१/७२ मा कर राजस्वमा १४.२ प्रतिशतले वृद्धि भएको थियो भने आर्थिक वर्ष २०७४/७५ मा आईपुग्दा यस्तो वृद्धिदर २०.५ प्रतिशत पुगेको छ।

**तालिका १४ : कुल कर राजश्वमा अन्य कर राजश्वको अंश (प्रतिशतमा)**

| आर्थिक वर्ष | कर राजस्व | भन्सार महसुल | अन्तःशुल्क | आयकर | मूल्य अभिवृद्ध कर |
|---|---|---|---|---|---|
| २०६५/६६ | २२.८९ | १३.८६ | २०.०४ | ३३.९२ | ९.२९ |
| २०६६/६७ | २२.०४ | १५.११ | २१.१७ | ३४.३७ | ७.३१ |
| २०६७/६८ | २०.१५ | १४.८६ | २३.३३ | ३४.७९ | ६.८६ |
| २०६८/६९ | २०.४९ | १४.१८ | २४.२३ | ३३.५० | ७.६० |
| २०६९/७० | २१.९१ | १४.१२ | २५.८२ | ३२.१७ | ५.९८ |
| २०७०/७१ | २१.७७ | १४.५६ | २४.९९ | ३२.३८ | ६.३० |
| २०७१/७२ | २०.९८ | १५.०४ | २४.८५ | ३१.५७ | ७.५६ |
| २०७२/७३ | १९.४२ | १५.५९ | २७.७९ | २८.७२ | ८.४७ |
| २०७३/७४ | २०.६७ | १५.४७ | २७.०८ | २९.२८ | ७.५० |
| २०७४/७५ | २०.८९ | १५.५५ | २४.२५ | ३१.३६ | ७.९५ |

कर राजस्वको संरचनामा सबभन्दा ठूलो हिस्सा मूल्य अभिवृद्धिकरको रहेको छ। विगत दश वर्षमा कुल कर राजस्वमा मू.अ.करको हिस्सा वार्षिक औषत ३२.२ प्रतिशत रहेको छ।त्यसपछि क्रमशः आयकरको हिस्सा २४.४ प्रतिशत, भन्सार महसुलको हिस्सा २१.१ प्रतिशत, अन्त शुल्कको हिस्सा १४.८ प्रतिशत र अन्य करको हिस्सा ७.५ प्रतिशत रहेको छ।




पछिल्ला वर्षहरूमा करनीति र कर प्रशासनमा गरिएको सुधारले कर संरचनामा परिवर्तन भएको छ र यसले कर राजस्व परिचालनमा सुधार हुन गएको छ। तर अहिले पनि कर संरचनामा अप्रत्यक्ष करको हिस्सा ठूलो छ। त्यसमा पनि आयातमा आधारित मूल्य अभिवृद्धि करको हिस्सा उच्च भएकाले कर राजस्वको जोखिमता उच्च छ। व्यापार घाटामा भएको विस्तारले यस पक्षलाई थप उजागर गर्छ। मूल्य अभिवृद्धि कर तुलनात्मक रूपमा प्रतिगामी हुने कारणले करको भार पनि जनतामा बढी हुन्छ। प्रगतिशिलता तथा कर लोचकताको हिसावले प्रत्यक्ष कर बढी महत्त्वपूर्ण हुने भए पनि यसको न्यून हिस्सा र बाह्य व्यापार जोखिममा आधारित अप्रत्यक्ष करको ठूलो हिस्साले खर्च स्रोतको दिगोपनाको समस्यालाई उजागर गर्दछ साथै यस प्रकारको कर संरचनाले अप्रत्यक्ष रूपमा सार्वजनिक खर्च र लगानीसँग कर राजस्व परिचालनको कमजोर सम्बन्ध रहेको देखाउँछ।


## २.३.३.२ सार्वजनिक ऋण र यसको संरचना

विगतका केही वर्षहरूमा कुल गार्हस्थ उत्पादनमा सार्वजनिक ऋणको अनुपात क्रमशः घट्नु सार्वजनिक खर्च भित्रको एउटा सकारात्मक पक्ष रहेको थियो। आर्थिक वर्ष २०५७/५८ मा कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात ५८.० प्रतिशत रहेकोमा पछिल्ला वर्षहरूमा उच्च दरले घट्न गई आर्थिक वर्ष २०७१/७२ मा २५.४ प्रतिशतमा पुगे तापनि अब विस्तारै पुनः बढ्न लागेको छ। फलस्वरूपः आर्थिक वर्ष २०७४/७५ मा कुल गार्हस्थ उत्पादनमा सार्वजनिक ऋणको अनुपात २९.७ प्रतिशतमा उक्लिएको छ जसमा आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः

१३.० प्रतिशत र १६.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा आन्तरिक ऋणको अंश कुल बजेटमा उच्च हुन गई रू ३.९ खर्व पुग्न गयो र यसका कारण कुल गार्हस्थ्य उत्पादनमा यसको अनुपात ४.८ प्रतिशत हुन गयो।

**तालिका १५ : सार्वजनिक ऋण र यसको संरचना**

| | सार्वजनिक ऋणको अवस्था (करोडमा .रू) | | | सार्वजनिक ऋणको संरचना (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| आर्थिक बर्ष | सार्वजनिक ऋण | आन्तरिक ऋण | बाह्य ऋण | आन्तरिक ऋण | बाह्य ऋण |
| २०६५/६६ | ४०२७१.४५ | १२५६७.४१ | २७७०४.०४ | ३१.२ | ६८.८ |
| २०६६/६७ | ४०४३०.३० | १४८०५.९७ | २५६२४.३३ | ३६.६ | ६३.४ |
| २०६७/६८ | ४४३७५.७५ | १८४२०.५७ | २५९५५.१८ | ४१.५ | ५८.५ |
| २०६८/६९ | ५२३२७.८४ | २१३९९.१३ | ३०९२८.७१ | ४०.९ | ५९.१ |
| २०६९/७० | ५५३७८.८७ | २२०३४.७२ | ३३३४४.१५ | ३९.८ | ६०.२ |
| २०७०/७१ | ५४८६३.७० | २०१८१.८० | ३४६८१.९० | ३६.८ | ६३.२ |
| २०७१/७२ | ५४००६.१७ | १९६७८.६० | ३४३२७.५७ | ३६.४ | ६३.६ |
| २०७२/७३ | ६२२११.५० | २३४१५.७९ | ३८७९५.७१ | ३७.६ | ६२.४ |
| २०७३/७४ | ६९६८८.३७ | २८३७१.०६ | ४१३१७.३१ | ४०.७ | ५९.३ |
| २०७४/७५ | ८९४५३.०० | ३९०८९.८७ | ५०३६३.१३ | ४३.७ | ५६.३ |




आर्थिक वर्ष २०७४/७५ मा कुल सार्वजनिक ऋणमा अन्तरिक ऋणको अंश ४३.७ र वैदेशिक ऋणको अंश ५६.३ प्रतिशत रहेको छ। यसले वैदेशिक ऋणको हिस्सा केही घटेको देखाउँछ। पछिल्ला तीन वर्षको वृद्धिदर हेर्दा आन्तरिक ऋणको वृद्धिदर आर्थिक वर्ष २०७४/७५ मा ३७.८ प्रतिशत र वैदेशिक ऋणको वृद्धिदर २१.९ प्रतिशत रहेको छ। पछिल्ला वर्षहरूमा आन्तरिक ऋणको प्रवृति केही बढ्नु र विदेशी ऋणको खर्च दक्षता घट्नुले पनि स्वरूप र प्रवृत्ति दुवैमा केही परिवर्तन आएको पाइन्छ। पछिल्ला केही वर्ष विदेशि अनुदानमा भएको वृद्धि र विदेशी ऋणमा आएको केही कमी जस्ता कारणले समेत यस्तो परिवर्तन आएको हो। तर पछिल्लो समय अनुदानको तुलनामा वैदेशिक ऋणको अनुपात बढ्दै गएको स्थिति एकातिर छ भने अर्कोतर्फ आन्तरिक ऋण माथि दवाव पनि थप रूपमा घनिभूत भएकाले सार्वजनिक ऋणको अंश उक्लिँदै जाने सम्भावना छ।


यसरी खर्चको चरित्र र आन्तरिक ऋणमा बढ्न गएको निर्भरताले वित्त सन्तुलन र आर्थिक स्थायित्वमा समस्या आउन सक्ने सम्भावनालाइ संकेत गर्दछ।


## २.३.४ कुल खर्च तथा खर्च ब्यहोर्ने स्रोतहरू

कुल सरकारी आयबाट वित्तीय स्रोतको पर्याप्तता नभएमा बजेट सन्तुलनको लागि घाटा पूर्ति (Deficit Financing) गर्ने स्रोतको रूपमा आन्तरिक ऋण र वैदेशिक ऋण परिचालन गरिन्छ। आर्थिक वर्ष २०७४/७५ मा वैदेशिक स्रोतमा वैदेशिक अनुदानको अंश ३२.६ प्रतिशत छ भने वैदेशिक ऋणको अंश ६७.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६५/६६ मा वैदेशिक अनुदानको अंश ७२.६ प्रतिशत र वैदेशिक ऋणको अंश २७.४ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७४/७५ मा वैदेशिक अनुदानमा १३.३ प्रतिशतले वृद्धि भएको छ भने वैदेशिक ऋणमा २९.१ प्रतिशतले वृद्धि भएको छ।

**तालिका १६: कुल गार्हस्थ्य उत्पादमा कुल खर्च तथा खर्च ब्यहोर्ने स्रोतको अनुपात (प्रतिशतमा)**

| क्र.सं | आर्थिक बर्ष | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक खर्च | २२.२१ | २१.१६ | २२.१५ | २४.९४ | २६.६७ | ३१.१६ | ३६.०८ |
| २ | राजश्व र अनुदान | १८.६७ | १९.५८ | २०.३१ | २०.८४ | २३.१८ | २४.२६ | २५.५५ |
| | कुल राजस्व | १६.०० | १७.५० | १८.१६ | १९.०५ | २१.४३ | २३.०५ | २४.३५ |
| | अनुदान | २.६७ | २.०८ | २.१५ | १.७९ | १.७६ | १.२१ | १.२० |
| ३ | बजेट घाटा* | -३.५३ | -१.५८ | -१.८३ | -४.१० | -३.४९ | -६.९० | -१०.५२ |
| ४ | ***ऋण*** | ३.११ | १.८३ | १.९३ | ३.१९ | ५.४२ | ५.५४ | ७.३० |
| | वैदेशिक ऋण | ०.७३ | ०.७१ | ०.९२ | १.२० | १.५३ | २.२० | २.४९ |
| ५ | आन्तरिक ऋण | २.३८ | १.१२ | १.०२ | १.९९ | ३.९० | ३.३४ | ४.८१ |



**तालिका १७: कुल खर्च तथा खर्च ब्यहोर्ने स्रोतको वृद्धि (प्रतिशतमा)**

| क्रसं. | आर्थिक बर्ष | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| १ | सार्बजनिक खर्च | ५.७ | २१.३ | २२.१ | १३.१ | ३७.० | ३१.७ |
| २ | राजश्व र अनुदान | १६.४ | २०.२ | ११.३ | १७.६ | २२.७ | १९.९ |
| | कुल राजस्व | २१.४ | २०.३ | १३.७ | १८.९ | २६.२ | २०.२ |
| | अनुदान | -१३.७ | १९.८ | -९.६ | ३.६ | -१९.२ | १३.३ |
| ३ | बजेट घाटा | -५०.४ | ३४.५ | १४२.५ | -९.८ | १३१.७ | ७३.५ |
| ४ | ***ऋण*** | -३४.७ | २२.५ | ७८.९ | ७९.९ | १९.७ | ५०.१ |
| | वैदेशिक ऋण | ८.० | ५०.४ | ४१.८ | ३५.० | ६८.४ | २९.१ |
| ५ | आन्तरिक ऋण | -४७.७ | ४.९ | ११२.३ | १०६.९ | ०.६ | ६३.९ |

*नोटः बेरुजु र सार्वजनिक संस्थानहरुबाट प्राप्त हुने आय समेटिएका छन्*

विगत १० वर्षमा कुल वित्तीय स्रोतमा अन्तरिक ऋणको अंश बढ्दो छ भने वैदेशिक स्रोतको अंश घट्दो रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा कुल वित्तीय स्रोतमा आन्तरिक ऋणको अंश ५६.६ प्रतिशत र वैदेशिक ऋणको अंश ४३.४ प्रतिशत रहेको छ। त्यसैगरी, आर्थिक वर्ष २०७४/७५ मा अन्तरिक ऋणको वृद्धिदर ६४.० प्रतिशत र वैदेशिक ऋणको वृद्धिदर २३.५ प्रतिशत रहेको छ।


**तालिका १८ :वित्तीयस्रोत र यसको संरचना**


| आर्थिकबर्ष | वित्तीय स्रोतको अवस्था (करोडमा .रू) | | | | | वैदेशिक स्रोतको संरचना (प्रतिशतमा) | | वित्तीय स्रोतको संरचना(प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल वित्तीय स्रोत | आन्तरिक ऋण | कुल वैदेशिक स्रोत | वैदेशिक अनुदान | वैदेशिक ऋण | वैदेशिक अनुदान | वैदेशिक ऋण | आन्तरिक ऋण | वैदेशिक स्रोत |
| २०६५/६६ | ५४७६.९ | १८४१.७ | ३६३५.२ | २६३८.३ | ९९६.९ | ७२.६ | २७.४ | ३३.६ | ६६.४ |
| २०६६/६७ | ७९६८.३ | २९९१.४ | ४९७६.९ | ३८५४.६ | ११२२.३ | ७७.४ | २२.६ | ३७.५ | ६२.५ |
| २०६७/६८ | १००५१.४ | ४२५१.६ | ५७९९.८ | ४५९२.२ | १२०७.६ | ७९.२ | २०.८ | ४२.३ | ५७.७ |
| २०६८/६९ | ८८३१.२ | ३६४१.९ | ५१८९.३ | ४०८१.० | ११०८.३ | ७८.६ | २१.४ | ४१.२ | ५८.८ |
| २०६९/७० | ६६२४.२ | १९०४.३ | ४७१९.९ | ३५२३.० | ११९६.९ | ७४.६ | २५.४ | २८.७ | ७१.३ |
| २०७०/७१ | ८०१८.८ | १९९८.३ | ६०२०.५ | ४२२०.६ | १७९९.९ | ७०.१ | २९.९ | २४.९ | ७५.१ |
| २०७१/७२ | १०६१२.९ | ४२४२.३ | ६३७०.६ | ३८१७.४ | २५५३.१ | ५९.९ | ४०.१ | ४०.० | ६०.० |
| २०७२/७३ | १६१७७.४ | ८७७७.५ | ७४००.० | ३९५४.४ | ३४४५.६ | ५३.४ | ४६.६ | ५४.३ | ४५.७ |
| २०७३/७४ | १७८२८.३ | ८८३३.८ | ८९९४.५ | ३१९३.२ | ५८०१.३ | ३५.५ | ६४.५ | ४९.५ | ५०.५ |
| २०७४/७५ | २५५८३.५ | १४४७५.१ | १११०८.४ | ३६१६.४ | ७४९२.० | ३२.६ | ६७.४ | ५६.६ | ४३.४ |

## २.२.४ सरकारी खर्च र त्यसको उपयोगको स्वरुप र प्रवृत्ति

सार्वजनिक खर्च अन्तर्गत उपभोग, स्थिर पुंजी निर्माण तथा हस्तान्तरणमा के कसरी खर्च भइरहेको छ भन्ने तथ्यले तत्कालीन र दीर्घकालीन हिसावले अर्थतन्त्रको उत्पादनशील क्षमता वृद्धि तथा वितरणमा कस्तो असर परिरहेको छ भन्ने मोटो आँकलन गर्न सकिन्छ।बजेट वर्गीकरणमा यस्ता पक्षहरूलाई आधार मानी विश्लेशण नहुने हुनाले भरपर्दो तथ्याङ्क उपलब्ध छैन। खासगरी हस्तान्तरण अनुमानमा

समस्या छ। तथ्याङ्क विभागबाट सार्वजनिक क्षेत्रको छुट्टै एकिकृत लेखा अनुमान गर्ने कार्य नहुने कारणले पनि यस्तो समस्या आएको हो। त्यसैले तथ्याङ्क विभागबाट प्राप्त राष्ट्रिय आय अनुमानलाई आधार बनाइ तल कुल सार्वजनिक खर्चमा उपभोग र पुंजी निर्माणको स्वरुप कस्तो छ भन्ने विश्लेषण गरिएको छ।कुल खर्चमा बाँकी हस्तान्तरणको रुपमा लिइएको छ।ट्रान्सफरमा चालु र पुँजीगत दुवै हुने तर छुट्टाउन गाह्रो हुने हुनाले समग्र हस्तान्तरणलाई एकै ठाउँमा राखी विश्लेषण गरिएको छ।




यसरी गरिएको अनुमानबाट केही निष्कर्षहरू निकाल्न सकिन्छ। पहिलो, चालु खर्चको तुलनामा सरकारी उपभोगको अंश तुलनात्मक रुपमा कम छ। तर फरक प्रवृति के छ भने यसको अंश पछिल्ला वर्षहरूमा निकै घटेर गएको छ। उदाहरणको लागि २०६१/६२ मा कुल खर्चमा उपभोगको अंश ४५.५ प्रतिशत रहेकोमा २०७४/७५ मा ३२.४ प्रतिशत रहन गएको छ। अर्कोतर्फ कुल खर्चमा पुँजी निर्माणको अंश लगभग स्थिर छ र त्यो २१ प्रतिशतको आसपासमा छ। स्थिर पुँजी नर्माणको अंश पुँजीगत खर्चको अंशभन्दा न्यून छ।

### तालिका नं. १९ कुल सार्वजनिक खर्चमा उपभोग, पुंजी निर्माण र हस्तान्तरणको हिस्सा

| आर्थिकवर्ष | कुल खर्च | सरकारी उपभोग | पुँजी निर्माण (सरकारी) | ट्रान्सफर | कुलखर्चमा हिस्सा | | | पुँजीगत खर्च | कुल खर्चमा पुँजी खर्च | कुल गार्हस्थ्यउत्पादन | कुल गार्हस्थ उत्पादनमा हिस्सा | | | | | चालु खर्च | कुल स्थिर पुँजी निर्माण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उपभोग | पुँजी निर्माण | ट्रान्सफर | | | | कुल खर्च | उपभोग | पुँजी निर्माण | ट्रान्सफर | पुँजी खर्च | | |
| २०६८/६९ | ३३९.२ | १६४.४ | ७१.६ | १०३.२ | ४८.५ | २१.१ | ३०.४ | ५१.४ | १५.२ | १५२७.३ | २२.२ | १०.८ | ४.७ | ६.८ | ३.४ | २४३.५ | ३१७.२ |
| २०६९/७० | ३५८.६ | १६८.४ | ७५.४ | ११४.८ | ४७ | २१ | ३२ | ५४.६ | १५.२ | १६९५ | २१.२ | ९.९ | ४.४ | ६.८ | ३.२ | २४७.५ | ३८३ |
| २०७०/७१ | ४३५.१ | २०१.९ | ९५ | १३८.२ | ४६.४ | २१.८ | ३१.८ | ६६.७ | १५.३ | १९६४.५ | २२.१ | १०.३ | ४.८ | ७ | ३.४ | ३०३.५ | ४६२ |
| २०७१/७२ | ५३१.३ | २३२.५ | ११०.३ | १८८.६ | ४३.८ | २०.८ | ३५.५ | ८८.८ | १६.७ | २१३०.२ | २४.९ | १०.९ | ५.२ | ८.९ | ४.२ | ३३९.३ | ५९५.८ |
| २०७२/७३ | ६०१ | २५९.७ | १६०.५ | १८०.८ | ४३.२ | २६.७ | ३०.१ | १२३.३ | २०.५ | २२५३.२ | २६.७ | ११.५ | ७.१ | ८ | ५.५ | ३७१.३ | ६४७.३ |
| २०७३/७४ | ८२३.५ | २९९.९ | १६९.५ | ३५४.१ | ३६.४ | २०.६ | ४३ | २०४.४ | २४.८ | २६४२.६ | ३१.२ | ११.३ | ६.४ | १३.४ | ७.७ | ५१६.३ | ८४०.७ |
| २०७४/७५ | १०८४.९ | ३५१.३ | २३३.६ | ५०० | ३२.४ | २१.५ | ४६.१ | २७०.७ | २५ | ३००७.२ | ३६.१ | ११.७ | ७.८ | १६.६ | ९ | ६९६.९ | १०२५.६ |

खर्चको स्वरुपबाट पछिल्ला वर्षहरूमा जे-जसरी कुल खर्च बढी रहेको छ त्यसको ठूलो हिस्सा हस्तान्तरणतर्फ गइरहेको छ भन्ने स्पष्ट देखिन्छ। वित्तीय हस्तान्तरणका कारण हस्तान्तरण अंश बढ्नु स्वाभाविक छ तर पनि अन्य प्रकृतिको हस्तान्तरणहरू पनि बढ्ने गरेको बढ्दो हिस्साले पुष्टि गर्छ। स्थिर पुँजी निर्माणको अंश ज्यादै कम हुनु तथा माथि भने झै पुँजीगत खर्च भित्रको पुँजी निर्माणको स्वरुप र चरित्र अर्थतन्त्रको उत्पादनशील क्षमता वृद्धि उन्मुख नहुनु र निर्मित पुँजीको

मर्मत संहार त्यतिकै समस्याग्रस्त हुनु जस्ता कारणहरूले विद्यमान खर्च संरचना र प्रणाली तथा विकास र समृद्धि बिच निकै कमजोर सम्वन्ध रहेको संकेत गर्दछन्। एकातिर खर्चको आकार ज्यादै बढ्दै जानु र अर्कोतर्फ यसभित्रको प्रवृत्ति अनुकुल भन्दा प्रतिकुलता उन्मुख हुनुले रुपान्तरण र समृद्धिको मार्गमा विद्यमान खर्च प्रणाली चुनौतिको रुपमा रहेको प्रष्ट हुन्छ। त्यस्तै, ट्रान्सफरको अंश ह्वातै बढ्नुले ट्रान्सफरबाट हुने खर्चमा पुँजीगत अंश नबढ्ने तथा व्यवस्थापन पक्ष कमजोर हुने प्रवृति बढेमा यसबाट सार्वजनिक खर्च व्यवस्थापनमा अरु समस्याहरू थपिने संभावना देखिन्छ।

# अध्याय तीन

# तहगत संगठनात्मक संरचना, खर्च अधिकार तथा क्रमागत कार्यक्रम/ आयोजनाहरूको बाँडफाँडसम्बन्धी सुझावहरू

## ३.१ तीन तहको खर्च अधिकारसम्बन्धी संवैधानिक व्यवस्था

संविधानले तीन तहमा राज्यशक्तिको बाँडफाँडगरी व्यवस्थापकीय कार्यकारिणी र न्यायपालिकासम्बन्धी अधिकारको ब्यवस्था गरेको छ। राज्यशक्तिको प्रयोग गर्दा स्वतन्त्र र स्वायत्त भएका तीनै तहका सरकारबीचको सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्त अपनाइएको छ।

संविधानको धारा २३१ र धारा २३२ अनुसार संघीय कानून नेपालभर र प्रदेश कानून प्रदेशभर लागू हुन्छ। नेपाल सरकारले राष्ट्रिय महत्त्व र प्रदेशहरू बिच समन्वय गर्ने विषयमा प्रदेश मन्त्रिपरिषद्लाई निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ। संविधानमा संघीय सरकारले आफैं वा प्रदेश सरकारमार्फत स्थानीय तहलाई सहयोग गर्नुका अतिरिक्त निर्देशन दिन सक्ने प्रावधान राखिएको छ। संविधानको धारा ५७ को उपधारा ६ र ७ ले प्रदेश सभाले बनाएको कानून संघीय कानूनसँग बाझिएमा र गाउँ सभा र नगर सभाले बनाएको कानुन प्रदेश कानून अथवा संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने समेत व्यवस्था गरेको छ।

सरकारका तीनवटै तहमा सञ्चित कोषको व्यवस्था गरेको छ। सञ्चितकोषबाट विनियोजन गर्ने कार्य सरल बनाउन संघमा जेष्ठ १५ गते, प्रदेशमा आषाढ १ गते र स्थानीय तहमा आषाढ १० गते बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक एवं कानुनी व्यवस्था छ। सञ्चितकोषमा रकम राख्ने र झिक्ने प्रकृयालाई आर्थिक ऐन र विनियोजन ऐनले सहज बनाउँछन्। त्यसैले उपल्लो तहको सरकारबाट जे जति दिनु पर्ने हो जेष्ठ १५ र आषाढ १ गते नै दिई सक्नु पर्नेछ।

संघीय संसद, प्रदेश सभा र गाउँ वा नगर सभाले क्रमशः देश भर, प्रदेश भर र गाउँ/नगर भर लागु हुने गरी कानून बनाई आ-आफ्नो सञ्चित कोष प्रयोग गर्ने व्यवस्था छ। विभाज्यकोष मार्फत राजस्व बाँडफाँड गरी प्रदेश र स्थानीय तहलाई वित्त प्रदान गर्ने र चार प्रकारका अनुदानमार्फत् विकास निर्माणका कार्यहरू प्रदेश तथा स्थानीय तहलाई सुम्पिने व्यवस्था छ। संविधानका अनुसूचीहरू-५, ६, ७, ८ र ९ मा तीन तहका सरकारहरूका एकल र साझा अधिकारहरू उल्लेख गरिएको छ।

## ३.२ संगठनात्मक तथा खर्च अधिकारसम्बन्धी समस्याहरू

नेपालको संविधान (२०७२) ले परिलक्षित गरेको संघीय नेपालको राज्य संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहका अधिकार प्रयोगमा भने समस्याहरू देखिएका छन्। राज्यशक्तिको प्रयोगदेखि सरकार सञ्चालन, बजेट निर्माण र कार्यान्वयनका लागि नयाँ कानूनको निर्माण, संगठनात्मक तथा संरचनागत व्यवस्था जस्ता पक्षमा पूर्वतयारी नहुनु, तीनै तहका सरकारहरू बनिसकेपछि पनि न्यूनतम आधारहरू निर्माण नहुँदा खर्च अधिकार र श्रोत बाँडफाँडमा समस्या देखिएका छन्। संरचनाको उपयुक्त व्यवस्था र तद्अनुरूप कर्मचारी व्यवस्थापन समयमैं नहुँदा प्रदेश सरकार र स्थानीय तहले थप समस्याहरूको सामना गर्नु परेको छ। वित्तीय हस्तान्तरणको व्यवस्थाले समेत समस्याहरू सृजना गरेको छ।

संघीयता कार्यान्वयन गर्ने क्रममा प्रदेश एवं स्थानीय निकायको निर्वाचनपश्चात त्यसको लागि आवश्यक संगठन तयार गरी कर्मचारी व्यवस्थापनको पूर्वतयारी, तयारीको कार्य हुन सकेको छैन। प्रशासन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकता पहिचान गर्नुपर्नेमा तदर्थ रूपमा मात्र गरिएको छ। प्रदेशलाई अधिकार दिने भन्दा पनि संघको आदेश कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक अवस्थाको सृजना हुनु, संघीय मन्त्रालयले प्रदेश मन्त्रालयलाई मातहत कार्यालय जस्तो व्यवहार गर्नु, प्रदेश र स्थानीय निकायले आफ्नो भौतिक संरचना निर्माण गर्दा थप अनुदान प्राप्त हुनुपर्नेमा सो हुन नसक्नु जस्ता समस्याहरूको सामना गर्नु परेको छ। प्रहरी ऐन, लोक सेवा आयोग गठनसम्बन्धी मापदण्ड तोक्ने लगायतका दर्जनौ संघीय ऐनहरू नबन्दा प्रदेशको एकल सूचीमा परेका कार्य गर्न पनि समस्या उत्पन्न भएको छ। साविकमा कृषि र पशुसेवाका कार्यालयहरूको कार्यजिम्मेवारी स्थानीय निकाय अन्तर्गत नरहँदा नेपालको संविधानले प्रदान गरेको अधिकार प्रयोग एवं कर्तव्य निर्वाहमा बाधा उत्पन्न भई जनताहरू कतिपय क्षेत्रमा सर्वसुलभ सेवा प्राप्त गर्नबाट बन्चित हुन पुगेको स्थिति छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रकाशित गरेको संगठन तथा ब्यवस्थापन समितिको प्रतिबेदन २०७५ अनुसार संघ अन्तर्गत ४५,८५८ प्रदेशमा २१,३३९ र ७५३ वटा स्थानीय तहमा सालाखाला ४७ वटा दरवन्दीको दरले ३८,९५५ दरवन्दी स्वीकृत हुनुले संघीय सरकारले साविकको भूमिका छाड्न चाहेको देखिँदैन।

संविधानका अनुसूचीहरू अनुरूप अधिकारको बाँडफाँड र कार्यान्वयनमा सहजताका लागि २०७३ चैत्रमा मन्त्रिपरिषद्बाट कार्य विस्तृतिकरण समेत तयार गरेको थियो। उक्त कार्य विस्तृतीकरणले केही हदसम्म सहजता दियो। तर यसमा थप व्याख्या गर्दै कतिपय क्षेत्रमा संविधानले दिएका सीमा समेत पार गर्ने प्रयास भयो। एकीकृत सम्पत्ति कर, प्रदेश निकासी करहरू संविधानले उल्लेख

नगरेको भए पनि कार्य विस्तृतीकरणमा समावेश गरियो। विस्तृतीकरण गर्दा सरकारको तह र संविधानको व्यवस्थाअनुरूप भन्दा पनि कतिपय क्षेत्रमा संघीयता लागू हुनुभन्दा पहिलेको कार्यक्षेत्रलाई तीन तहको सरकारमा निक्षेपीकरण गर्ने तर्फ बढी ध्यान गएको देखियो। संघ अन्तर्गतका कतिपय निकायबाट हिजोको केन्द्रीकृत परिपाटीअनुरूप खर्च अधिकार आफैंमा राख्दै तलका संरचना र कर्मचारीहरू आफ्नै नियन्त्रणमा राख्ने प्रवृत्ति रह्यो। ७ वटै प्रदेश र स्थानीय तहमा आयोगले गरेको स्थलगत छलफल र अन्तरक्रियाबाट खर्च अधिकारलाई सहजीकरण गर्ने तर्फ धेरै अवरोध र समस्याहरू रहेको पाइयो।

यसरी कार्य विस्तृतीकरणकै जगमा बसेर संघीय सरकारका मन्त्रालयहरूबाट संघीयता लागू हुन भन्दा पहिलेको कार्यक्षेत्रलाई आफू अनुकूल संघ, प्रदेश र स्थानीय तहमा विभाजन गर्ने प्रयत्न गरेको देखियो। कार्यक्रमहरू प्रदेश एवं स्थानीय तहमा पठाए वा गएपछि आवश्यक संरचना, कर्मचारी र बजेटसँगै जानु पर्थ्यो। यस्तो भएको पाइएन। सकेसम्म प्रदेश एवं स्थानीय तहमा कर्मचारी एवं श्रोत हस्तान्तरण नगर्ने मनसायले कतिपय संगठन एवं संरचना, कार्यक्रम एवं परियोजनाहरूका नामै परिवर्तन गरेको पाइयो। कार्य विस्तृतीकरणले दिएको रूपरेखा र मापदण्डअनुसार केन्द्रीयस्तरका संरचना एवं संगठन संघमा रहने व्यवस्था भएकोले कतिपय कार्यक्रम/परियोजनाहरूको अगाडि वा पछाडि राष्ट्रिय, केन्द्रीय, विभाग आदि थपेको पाइयो। कतिपय कार्यक्रम/परियोजनाहरूलाई पुन: नामाकरण र कार्यक्षेत्र थप गरी अन्तर प्रदेशको रूपमा विस्तारित गरी केन्द्रमा राख्ने आधार तयार गरेको देखियो।

प्रत्येक संघीय मन्त्रालयहरूले आफूसँग भएका कार्यक्रम/परियोजनाहरू कहिले शुरू भएको, कहिले समाप्त हुने, वित्तीय एवं भौतिक प्रगतिको अवस्था के हो, कार्यान्वयनमा निरन्तरताको अवस्था र विस्तृत परियोजना प्रतिवेदन भए नभएको के हो, कुन स्थानमा कार्यक्रम/परियोजना रहेको छ, कार्यक्रम/परियोजनाहरूमा रहेको जनशक्ति, निर्माण कम्पनीको संलग्नता आदि विषयको अवस्थाको विवरण र समीक्षा विना नै निश्चित रकम उल्लेख गर्दै सशर्त अनुदानको नाममा प्रदेश एवं स्थानीय तहमा कार्यक्रम/परियोजनाहरू हस्तान्तरण गरेको पाइयो। यसरी वितरण गरिएका कार्यक्रम एवं परियोजनाहरूको संख्या ३० हजार भन्दा बढी पुगेको पाइयो। यसले गर्दा प्रदेश एवं स्थानीय तहबाट त्यस्ता क्रमागत कार्यक्रम/परियोजनाहरू कार्यान्वयन गर्ने तर्फ ठूलो समस्या रहेको देखियो। कार्यान्वयन प्रगतिको आधारमा बजेट निकाशा हुने हुँदा सशर्त अनुदानमार्फत प्राप्त हुनुपर्ने चौमासिक बजेट समेत प्राप्त नहुने स्थिति भएको पाइयो। संघमा भार एवं दायित्वको रूपमा रहेका कार्यक्रम/ परियोजनाहरू प्रदेश र स्थानीय तहमा सारेको भन्ने अनुभूति प्रदेश सरकार र स्थानीय तहलाई पर्न गएको देखियो।

साझा अधिकारहरूको प्रयोगले थप समस्या जन्माएको देखियो। उदाहरणका लागि कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, वन, खानेपानी, विद्युत, सडक जस्ता क्षेत्रहरूमा तीनै तहका सरकारहरूले लगानी गरेका छन्। माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको सूचीमा छ तर प्रदेश र संघले पनि विद्यालय भवन निर्माण, शिक्षक तलव, तालिम, पाठ्यक्रम तयारी र पाठ्यपुस्तक छपाइ इत्यादिमा लगानी गर्दछन्। कुनै प्रदेशले विद्यालय परिसरमा पर्खाल लगाउने तथा भवन बनाउने गर्दछन्। यसबाट लगानीमा दोहोरोपन आउने क्रमसंगै स्थानीय तहको एकल अधिकार क्षेत्रमा संघ वा प्रदेशले खर्च गर्दा अन्य अत्यावश्यक क्षेत्रमा रकम प्रवाह नहुने स्थिति देखिन्छ। समस्याहरुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ।

१. आ.व. २०७५/७६ को बजेट तर्जुमा गर्दा खर्च अधिकारको स्पष्ट बाँडफाँड हुन सकेको देखिदैन। संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आवधिक योजनाले परिलक्षित गरेको विषय र भावनाअनुरूप आयोजनाहरूको प्राथमिकीकरण गर्दा एकनासको मापदण्ड र आधार तयार हुन सकेन। विगतमा बहुवर्षिय योजनाको स्रोत सुनिश्चितता दिँदा आवश्यकता र क्षमताले धान्ने भन्दा निकै बढीमा स्रोत सूनिश्चितता दिई वर्तमानमा विना स्रोत ती आयोजनाहरू अन्धाधुन्द रूपमा प्रदेश र स्थानीय सरकारमा पठाइयो। यस्ता आयोजना कुन प्रदेश र स्थानीय निकायका कति छन् भन्ने यकिन गर्न कठिन देखिन्छ भने कार्य प्रगतिसहितको आयोजना सूची नपाउँदा प्रदेश र स्थानीय सरकारलाई कार्य अगाडि बढाउन समस्या देखिएको छ। केन्द्रले योजनाको लामो सूची संलग्न गरी प्रदेशलाई एकमुष्ट रकम पठाएकोमा बजेट बाड्दा कनिका छराई गर्नुपर्ने बाध्यात्मक समस्या सृजना भएको छ। बहुवर्षीय योजनामा निर्माण व्यवसायीले सम्पन्न गरेको कार्यका लागि समेत वजेट व्यवस्था हुन नसक्दा एकातिर ती योजना अलपत्र छन् भने अर्कोतिर सम्झौतानुसार कार्य गर्ने निर्माण व्यवसायी निरुत्साहित भएका छन्। संघले प्रदान गर्ने सशर्त अनुदान प्रदेशले स्थानीय तहलाई पठाउँदा त्यस्तै खालका योजना संघ र स्थानीय तह समेतको हुँदा स्रोत साधन दोहोरो पर्ने अवस्था सृजना भएको छ। सडक, सिँचाइ, खानेपानी जस्ता लाभग्राही फरक फरक हुने आयोजनाहरूको संघ, प्रदेश र स्थानीय तहको आयोजना मापदण्ड नबन्दा योजना केन्द्रीकृत भई संघको बोलवाला र एकाधिकार जस्तो देखिन गएको छ। व्यवस्थित बजेट प्रणाली एवं अन्तर सम्बन्धित सूचना सञ्जाल बन्न नसक्दा संघ, प्रदेश एवं स्थानीय तह बिचको बजेट व्यवस्था एवं सूचना आदान प्रदानमा समस्या सृजना भएको छ। यसरी हेर्दा जनभावनाअनुसार स्थापित संघीय शासन योजना र वजेटको माध्यमबाट नै विपन्न जनता सम्पन्न हुने तथ्य सुखको अनुभूति गर्ने संघीय नेपाल सरकारको परिकल्पनालाई हालको व्यवस्थाले चुनौति थपेको छ।

२. माथि भनेझैं नेपालको संविधान कार्य विस्तृतीकरण विवरण तथा राष्ट्रिय योजना आयोगबाट प्रकाशित आयोजना वर्गीकरण मापदण्डअनुसार आ.व.२०७५/७६ को वजेट तर्जुमा गर्दा ३०,७२८[1] क्रमागत आयोजनाहरू प्रदेश र प्रदेशमार्फत स्थानीय तहमा रकमसहित निक्षेपण गरिएको छ। प्रदेशले नै रकम विनियोजन गर्ने गरी एकमुष्ट अनुदान रकम प्रदेशलाई सुम्पिइएको छ।

३. यसरी प्रदेशलाई दिइएको अनुदान रकम पनि आयोजना तोकेर खर्च गर्नुपर्ने तर त्यस्ता आयोजनाहरूको अत्तोपत्तो नभएको, आयोजना कार्यान्वयन चक्रमा सो आयोजना हाल कुन चरणमा छ, कति रकमको ठेक्का भएको छ, निर्माण व्यवसायी को हो भन्ने जस्ता आधारभूत विवरण पनि नपठाई आयोजनाको सूची मात्र पठाउनुले प्रदेश सरकारले निक्षेपित आयोजनाहरूमा अपनत्व स्वीकार गर्न अप्ठ्यारो परिरहेको छ।

४. विगतमा स्रोत सुनिश्चितता, बहु-वर्षीय ठेक्का एवं विनियोजित बजेटको अधिनमा रही विगतमा भएका थुप्रै ठेक्काको कार्यान्वयनको जिम्मा आ.व.२०७५/७६ देखि प्रदेशलाई दिइएको छ। बजेट रकम खोली वा नखोली हस्तान्तरित यस्ता आयोजनाको सूचीमा मात्र प्राप्त भएको, ठेक्का अंक कति भई कति भुक्तानी भएको, म्याद कति छ, कस्ले निर्माण गर्ने हो, जस्ता आधारभूत कुरा पनि खुलेका छैनन्। सातै प्रदेशबाट यस्तै समान प्रकारका गुनासाहरू निरन्तर आइरहेका छन्।

५. प्रदेशमा हस्तान्तरण भएका आयोजनाहरूमा काम गर्ने सम्बन्धित निर्माण व्यवसायीहरू रकम भुक्तानीको लागि आउने गरेकोमा प्रदेशबाट यस विषयमा कुन निकाय मार्फत कुन काम गराउने र भए गरेका कामको फरफारक पनि कुन निकायबाट कसरी गराउने र भुक्तानी कसरी गर्ने भन्नेमा प्रदेशहरू अलमल्ल छन्। संगठन संरचना पनि अनौठो बनेको छ। प्रदेशको चुनाव भन्दा पहिले पालिकाहरूको चुनाव भएकोले तत्कालमा रहेका केन्द्रिय सरकारका अधिकांश कार्यालय, स्रोत, बजेट र जिन्सी सामान भवन, सवारी साधन र कर्मचारीहरू समेत स्थानीय तहमा गए। प्रदेश सरकार पछि बन्यो। यसका लागि नयाँ संरचना चाहिए। जिल्ला तहमा भएका सबै सुविधा स्रोत, सवारी साधन, कर्मचारी, भवन इत्यादि स्थानीय तहमा गइसकेकाले कर्मचारी लगायत सबै विषय नयाँ ढंगबाट व्यवस्था गर्नुपर्ने भयो। साथै, आर्थिक वर्षको मध्यतिर केन्द्रले एकमुष्ट बजेट पठाएको र खर्चगर्ने, ठाउँ, संयन्त्र र परियोजना समेत थिएनन्। बजेट बनाउने प्रकृया मात्र पूरा भयो। कार्यान्वयन संयन्त्र र समय नभएर आ.व.२०७४/७५ को बजेट कार्यान्वयन न्यून हुन गयो।

[1] क्रमशः सबै प्रदेशहरूमा ५२४९, ३३८७, ५६५७, ४०१५, ४८४७, ३६८९ र ३८८४ गरी कुल जम्मा ३०,७२८ आयोजना संख्या

६. आ.व.२०७५/७६का लागि केन्द्रबाट आएको बजेट सिलिङ र आफ्नै स्रोतबाट प्रदेशहरूले बजेट बनाए तर हस्तान्तरित आयोजनाहरूको कार्यान्वयन संयन्त्र नै बनाएनन् किनभने सोको जानकारी प्रदेशहरूलाई यस अघि गराइएको थिएन। प्रदेशको मागअनुरूपको संगठन र संरचना पनि आएनन्। केन्द्रले "एउटै आकार/सबैमा समान" भन्ने नीतिअनुरूप सातै प्रदेशमा समान प्रकृतिको दरवन्दीमा सामान्य फेरबदल गरी स्वीकृत गर्‍यो। अवकाश उन्मुख वा भर्खर बढुवा भएका र तुलनात्मक दृष्टिले प्राविधिक ज्ञान र सीप समेत कम भएका कर्मचारीहरूलाई प्रदेशमा कामकाज गर्न खटाइयो।

७. एकल अधिकारअनुसार पनि कार्यक्रम र बजेटको उपयुक्त व्यवस्था नहुनु तथा साझा अधिकार बाँडफाँडमा अन्यौलता, केन्द्रले आफूले र प्रदेशले आफूले राख्ने गर्दा कार्यक्रम, रकम विनियोजन र खर्चमा दोहोरोपन देखिएको छ।

८. संविधानका अनुसूचीहरू प्रष्ट भए पनि एकल अधिकारको सूचीमा नरहेका कामहरू समेत साझा सूचीमा रहेबाट अन्यौलता छाएको छ जसका कारण कार्य विभाजनमा समस्या आँउदा कार्य विस्तृतीकरण प्रतिवेदन एवं कार्य विभाजन नियमावली पनि स्पष्ट हुन नसकी धेरै कार्यहरू संघमा राखिएको छ। तलको संक्षिप्त उदाहरणहरूले यसको पुष्टि गर्दछनः

**तालिका १ संविधानका अनुसूचीसम्बन्धी उदाहरणहरू**

| सि.नं | विवरण | अनुसूची | | | | |
|---|---|---|---|---|---|---|
| | | अनुसूची-५ को व्यवस्था | अनुसूची-६ को व्यवस्था | अनुसूची-७ को व्यवस्था | अनुसूची-८ को व्यवस्था | अनुसूची-९ को व्यवस्था |
| १. | कृषि | क्वारेन्टाइन | कृषि तथा पशु विकास | -औषधि र विषादी<br>-पशु चिकित्सा | - कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य, सहकारी<br>- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | कृषि सहकारी |
| २. | शिक्षा | केन्द्रीय विश्व विद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्व विद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय | भाषा, लिपि, संस्कृति, ललितकला | विभिन्न पेशा सम्बन्धी | -आधारभूत र माध्यामिक शिक्षा<br>-भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास | पुरातत्व प्राचीन स्मारक र संग्रहालय |
| ३. | स्वास्थ्य | स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्टसेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण | स्वास्थ्य सेवा | परिवार नियोजन र जनसंख्या व्यस्थापन<br>-चिकित्सा, आयुर्वेद चिकित्सा | आधारभूत स्वास्थ्य र सरसफाइ | स्वास्थ्य |
| ४. | ऊर्जा | अन्तरदेशिय तथा अन्तरप्रदेश प्रसारण लाइन<br>-आणविक ऊर्जा, बायुमण्डल र अन्तरिक्ष सम्बन्धी | प्रदेश स्तरको विद्युत | अन्तरप्रदेश जल उपयोग | साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा | जल उपयोग |
| ५. | सिंचाइ | जलस्रोतको संरक्षण र वहु आयामिक उपयोग सम्बन्धि नीति र मापदण्ड<br>-केन्द्रीय स्तरका ठुला सिंचाइ आयोजना तथा परियोजना | प्रदेश स्तरको सिँचाइ | प्रदेश सिमा नदि, जलमार्ग | स्थानीय सिँचाइ | सिँचाइ सेवा |
| ६. | खानेपानी | - | प्रदेशस्तरको | खानेपानी र | खानेपानी, जलाधार | विद्युत, खानेपानी, सिँचाइ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खानेपानी, प्रदेश स्तरको जल उपयोग | सरसफाइ | | जस्ता सेवा |
| ७. | भौतिक पुर्वाधार | राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोक मार्गको व्यवस्थापन | प्रदेश स्तरको परिवहन, प्रदेश लोकमार्ग | भौतिक पूर्वाधार | स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक | सवारी साधन अनुमति |

नेपालको संविधानका अनुसूचीमा रहेका साझा अधिकार अन्तर्गत उल्लेख भएको कृषिलाई आधार लिएर कार्य विस्तृतीकरण प्रतिवेदन र नेपाल सरकार (कार्य विभाजन) नियमावलीमा संघीय कृषि मन्त्रालयको कार्य आवश्यक भन्दाबढी राखिएको छ। साझा अधिकारको क्षेत्रमा केही ठूला कार्यक्रमहरू संघमै राखी विभिन्न कार्यालयसहितको संरचना संघमा राखिएको छ। संविधानले कृषिमा संघको एकल अधिकार थोरै दिएको छ। तर संगठन संरचना भने ज्यादै बोझिलो बनाइएको छ। यस्तै प्रवृत्ति अन्य मन्त्रालयहरूमा पनि देखिन्छ।

## ३.३ कानूनी, संस्थागत र संगठनात्मक संरचनासम्बन्धी सुझावहरू

### ३.३.१ नेपाल सरकारको हालको संगठनात्मक संरचनाका समस्याहरू

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार हाल संघमा २२ मन्त्रालयहरू छन। केन्द्रीय संगठन संरचनाअनुसार ती मन्त्रालय मातहत ५७ विभाग र विभिन्न कार्यालयहरूको ब्यवस्था गरिएको छ। संवैधानिक निकायहरू, महान्यायाधिवक्ताको कार्यालय, लगायतका निकायहरू पनि रहेका छन्। संघ अन्तर्गत ४५,८५८ कर्मचारी रहने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदनले उल्लेख गरेको छ।

कुनै संगठनको स्वरूप मन्त्रालय विभाग हुँदै इलाका तहसम्म पुगेको छ भने कुनैको मन्त्रालय, विभाग, अञ्चल हुँदै तलसम्म पुगेको छ। कसैको मन्त्रालय, जिल्ला र इलाका हुँदै तलसम्म विस्तार भएको छ। तसर्थ, संघीय सरकारको संगठनात्मक स्वरूपमा ठूलो विविधता छ।

वर्तमान अवस्थामा नेपाल सरकारको संगठनात्मक स्वरूप एकै प्रकारको छैन। जस्तैः

क. मन्त्रालय/विभाग/क्षेत्र/जिल्ला/इलाका/सेवा केन्द्र

ख. मन्त्रालय/विभाग/जिल्ला/इलाका

ग. मन्त्रालय/विभाग/जिल्ला

घ. मन्त्रालय/जिल्ला/इलाका

ङ. मन्त्रालय/विभाग/अञ्चल

च. मन्त्रालय/विभाग/डिभिजन

छ. मन्त्रालय/विभाग/बोर्ड

प्रदेश तहको संगठन संरचना र दरबन्दी व्यवस्थातर्फ हरेक प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ वटा मन्त्रालय, प्रदेश सभा-सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश कोष नियन्त्रकको कार्यालय रहने व्यवस्था गरिएको छ। यसरी सबै प्रदेशमा गरी ४९ मन्त्रालय, ७ प्रदेश प्रमुखको कार्यालय, ७ प्रदेश सभा सचिवालय, ७ मुख्य न्यायाधिवक्ताको कार्यालय, ७ प्रदेश कोष नियन्त्रक कार्यालय कायम गरिएको छ। प्रदेश तहमा २१,३९९ कर्मचारी रहने व्यवस्था गरिएको छ।

स्थानीय तहतर्फ ७५३ वटा स्थानीय तहलाई ९ वर्गमा विभाजन गरी ३८,९५५ कर्मचारी रहने व्यवस्था गरिएको छ।

**तालिका २ दरबन्दीसम्बन्धी विवरण**

| सि.नं. | निकाय | दरबन्दी | प्रतिशत |
|---|---|---|---|
| १. | संघ अन्तर्गत | ४५८५८ | ४३.१८ |
| २. | प्रदेश अन्तर्गत | २१३९९ | २०.१४ |
| ३. | स्थानीय तह/जि.स.स. | ३८९५५ | ३६.६८ |
| | कुल दरबन्दी | १०६२१२ | १००.०० |

उपयुक्त निचोडबाट हाल नेपालको प्रशासनिक प्रणालीमा निम्न लिखित समस्याहरू विद्यमान भएको पाइएको छ।

संगठनात्मक स्वरूपका सम्बन्धमा हाल देखिएका प्रमुख समस्याहरू निम्न रहेका पाइन्छन्-

***क. मन्त्रालयको कार्य विभाजनमा अस्पष्टता र दोहोरोपन***

हरेक मन्त्रालयको कार्य स्पष्ट हुनुपर्दछ, दोहोरोपन हुनु हुदैंन भन्ने सैद्धान्तिक मान्यता हो। तर नेपाल सरकार (कार्य विभाजन नियमावली) अध्ययन गर्दा एउटै प्रकृतिको कार्यमा एक भन्दा बढी मन्त्रालयहरू संलग्न हुने देखिन्छन् जसले गर्दा काममा अन्यौलता सृजना हुने, विवाद बढ्ने, समन्वय प्रभावकारी नहुने र अनावश्यक व्ययभार बढ्ने हुन्छ। मन्त्रालयको काम स्पष्ट किटान भएका अवस्थामा पनि ऐनद्वारा अन्य निकाय खडा गरी काम गर्दा अनावश्यक विवाद सृजना हुने देखिएको छ। जस्तै- लगानी बोर्ड, गरिबी निवारण कोष, पर्यटन बोर्ड इत्यादि। एउटै प्रकृतिको कार्य जिम्मेवारी भएका केही उदाहरण निम्नानुसार उल्लेख गर्न सकिन्छ-

**तालिका ३**

| बिषय | कार्यविभाजन नियमावलीअनुसारको क्षेत्राधिकार | प्रचलित कानुनअनुसारको कार्यक्षेत्र |
|---|---|---|
| सार्वजनिक लिखत प्रमाणीकरण | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| मानव अधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून न्याय तथा संसदीय मामीला मन्त्रालय मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण र प्रवर्द्धन- गृह मन्त्रालय |

| | | |
|---|---|---|
| नेपालको अन्तर्राष्ट्रिय सीमा सम्वन्ध | परराष्ट्र मन्त्रालय | - अन्तर्राष्ट्रिय सीमा, सीमा स्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा - गृह<br>- सीमास्तम्भको निर्माण, मर्मत संभार तथा अभिलेख व्यवस्थापन<br>- भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय<br>- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय/सीमा क्षेत्रसम्बन्धी सूचना संकलन, विश्लेषण तथा उपयोग - रक्षा |

### *ख. एउटै कार्य विभिन्न निकायबाट सम्पादन हुनु*

हाल एउटै किसिमको कार्य एक भन्दा बढी निकायबाट भइरहेको पाइन्छ जसले गर्दा कतिपय क्षेत्रमा साधनको दोहोरोपन र कतिपय क्षेत्रमा सेवाग्राही सेवाबाट वञ्चित हुनुपर्ने अवस्था छ। यससम्बन्धी उदाहरण निम्न अनुसार दिन सकिन्छ-

- सडक निर्माण - सडक विभाग, सहरी विकास विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, नगरपालिकाहरू।
- सीप विकास तालिम - श्रम तथा रोजगार मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा मन्त्रालय आदि अन्तर्गत सञ्चालन भइरहेका छन्। त्यस्तै, यस्ता तालिम स्थानीय तहबाट समेत सञ्चालित छन्।
- कर्मचारीलाई तालिम - नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठान लगायत विभिन्न मन्त्रालय अन्तर्गतका १८ वटा निकायबाट प्रशिक्षण कार्य भइरहेका छन्।

### *ग. अन्तर सरकार कार्यमा दोहोरोपना*

तीनवटा सरकार बीच काममा दोहोरोपन हुनु हुँदैन। तर संघीय मन्त्रालयले हाल प्रदेश र स्थानीय सरकारको कार्यक्षेत्र अन्तर्गतको कार्य गर्ने निकायहरू संघ अन्तर्गत राखेको पाइन्छ जसका कारण प्रदेश एवं स्थानीय तहमा सो कार्य गर्ने निकायको स्थापना गर्नुपर्ने बाध्यता सृजना हुने र संघ अन्तर्गत पनि त्यस्ता निकाय रहँदा अनावश्यक संगठन गठन हुने, काममा दोहोरोपना आउने, काम छुट्ने भइ विभिन्न समस्या आउने निश्चित छ। यसको उदाहरण निम्नअनुसार दिन सकिन्छ-

- डोलीडार र एल.जि.सि.डि.पि. लाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्तर्गत राखेको छ जव की ती निकायको कार्य संघ अन्तर्गत पर्दैन।
- कृषिसम्बन्धी कार्य संघको एकल अधिकारमा पर्दैन। साझा अधिकार सूचीको विषयलाई लिएर कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत ठूलो संगठन संरचना बनाई धेरै आयोजनाहरू संघमै राखिएको छ।
- भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत डिभिजन सडक कार्यालय संघमै राखिएको छ।

### *घ. स्थानीय तहको संख्या पहिले अपेक्षा गरिए भन्दा बढी हुनु*

हाल स्थानीय तहको संख्या ७५३ रहेको छ। विभिन्न विद्वानहरूबाट प्राप्त सुझावका आधारमा शुरुमा यी निकायको संख्या निकै कम कायम गर्ने अपेक्षा थियो। हाल यातायात र सञ्चारको विकास भएको अवस्थामा यी निकायको संख्या २००-२५० जति हुँदा स्थानीय निकायलाई पर्याप्त साधन स्रोत उपलब्ध हुन सक्ने, प्रशासनिक खर्च कम लाग्ने र विभिन्न तहका विज्ञ कर्मचारी उपलब्ध गराउन सकिने अवस्था हुने थियो। तर त्यसो भएन। स्थानीय तहलाई सकभर संख्या घटाउने वा एकआपसमा एकीकृत गर्न उत्प्रेरित गरिएमा चालु खर्च घट्नेछ।

### *ङ. सरकारले संगठन संरचना बढाउने प्रवृति*

सरकारले गर्दै आएको र गर्नैपर्ने काम नगरी संगठन संरचना मात्र बढाउने गरेको पाईन्छ। जस्तै पर्यटन मन्त्रालय, पर्यटन विभाग र नेपाल पर्यटन बोर्ड समेत गठन गरिएको छ तर सरकार स्वयंले संकलन गर्नुपर्ने पर्वतारोहण दस्तुर (राजस्व) यी निकाय मध्ये कसैले पनि संकलन नगरी नेपाल पर्वतारोहण संघलाई दस्तुर उठाउन अधिकार दिएको छ। यसले काम भन्दा संगठन संरचनाको विस्तार गर्ने प्रवृत्ति बढेको देखिन्छ।

### *च. मन्त्रालय र विभागले गर्न सक्ने कामको लागि पनि समिति, परिषद्, केन्द्र वा प्रतिष्ठान खोल्ने प्रवृति*

हाल विभिन्न मन्त्रालय अन्तर्गत यस्ता निकायहरू रहेका छन् जसको अभिलेख केवल लेखा शाखामा रकम निकाशा हुने प्रयोजनाका लागि मात्र छन्। यी निकायहरूको एकीकृत अभिलेख कुनै निकायले राख्दैन। सरकारले हालै यस्ता निकाय खारेज गर्ने र अत्यावश्यक निकाय मात्र राख्ने नीति लिएतापनि हाल यस्ता कति निकाय आवश्यक ठानी राखिएको छ। कति खारेज भए भन्ने तथ्याङ्क समेत उपलब्ध छैन। मन्त्रालय तथा विभागबाट हुन सक्ने काम सोही निकायबाट गराई यस्ता अनावश्यक खोलिएका समिति, परिषद, केन्द्र वा प्रतिष्ठान खारेज गर्नु पर्दछ।

### *छ. अनावश्यक संस्थान रहिरहनु*

विगतमा कतिपय संस्थानहरू खोल्ने र मन्त्रालयले सुविधा उपयोग गर्ने वा राजनीति गर्ने स्थल बनेको थियो। त्यस्ता संस्थान सरकारको लागि बोझ बनिरहेका छन्। कर्मचारी भर्ना र अन्य माध्यमबाट सरकारको भावी दायित्व सृजना गरिरहेका छन्।

*ज. प्रदेश र स्थानीय तहमा आवश्यक ऐन, संगठन संरचना, दक्ष जनशक्तिको अभाव*

प्रदेश र स्थानीय तहमा आवश्यक ऐन, संगठन संरचना र जनशक्तिको अभाव प्रमुख समस्याको रूपमा रहेको छ।

### ३.३.२ समस्याका कारण पर्ने असर/प्रभावहरू

माथि उल्लेखित समस्याहरूका कारण अनेकौं नकारात्मक प्रभाव/असर पर्ने हुनाले तिनको समाधानको लागि संविधान लगायत अन्य ऐन, नियम, कार्यविधिमा सुधारको आवश्यकता छ। उल्लिखित समस्याहरूबाट पर्ने प्रमुख असरहरू निम्नबमोजिम देखिन्छन्ः

- काममा दोहोरोपन, अनावश्यक हस्तक्षेप र खण्डिकरण हुने,
- संगठन संरचना अनावश्यक भद्दा हुने,
- कामको जिम्मेवारी पन्छाउने प्रवृत्ति बढ्ने,
- उत्तरदायित्वको अभाव हुने,
- समन्वयको समस्या हुने,
- अन्यौलता बढ्ने,
- अनावश्यक खर्च बढ्ने, स्रोतको समुचित उपयोग नहुने,
- लक्षित वर्ग सेवाबाट वञ्चित हुने र अन्य वर्गले फाइदा उठाउने,
- संघमा अनावश्यक संरचना ठूलो हुने र बढी कर्मचारी रहने तर प्रदेश र स्थानीय तहमा आवश्यक कानून, संगठन र कर्मचारीको अभाव हुने,
- अन्तर सरकार द्वन्द्व बढ्ने, बजेट खर्च गर्न नसकिने अवस्था देखिएको,
- प्रदेश र स्थानीय तह सक्षम र प्रभावकारी नहुने,
- एकीकृत सूचना तथा तथ्याङ्क नहुँदा निर्माण प्रकृयामा ढिलो हुने, निर्णयमा बेथिति बढ्ने।
- अनावश्यक दायित्व बढी रहने आदि।

## ३.३.३ संगठन संरचना चुस्त दुरुस्त बनाउन लिनुपर्ने नीतिगत आधारहरू

संघ, प्रदेश र स्थानीय तह सबैमा सरकार गठन र सञ्चालन भई सकेपछि पनि विगत कै जस्तो संगठनात्मक संरचनालाई निरन्तरता दिंदा संघीयताको मर्मअनुरूप कार्य सञ्चालन हुन सक्दैन। तीनवटै सरकारको संरचना छरितो, चुस्त दुरुस्त र कार्यमूलक बनाउन आवश्यक छ। यस उद्देश्यका लागि निम्न आधारहरू लिइएको छः

- नेपालको संविधानको अनुसूची-५, ६, ७, ८ र ९ मा उल्लेखित तीन तहका सरकारका एकल र साझा अधिकारको सूची।
- नेपाल सरकारबाट तयार गरिएको कार्य विस्तृतीकरण विवरण।
- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ र संशोधनहरू।
- जनतालाई नजिकैबाट सेवा प्रदान गर्ने प्रणालीको सुदृढीकरण।
- प्रदेश वा स्थानीय तहमा एउटै निकायबाट विभिन्न सेवाहरू प्रवाह गर्ने खालको (अर्थात सोली आकारको) संरचनाको विकास।
- प्रदेश र स्थानीय तहलाई किटान भएको कार्य क्षेत्रमा संघीय संरचना नराख्ने।
- संघले राष्ट्रिय नीति निर्माण, अन्तर प्रदेश समन्वय तथा अनुगमन एवं मूल्याङ्कनमा संलग्न हुने।
- राष्ट्रिय र अन्तर प्रदेशस्तरका आयोजना संघले र अन्य आयोजना आवश्यकतानुसार संघ तथा प्रदेशले एवं स्थानीय पूर्वाधार एवं सेवा प्रवाहमा स्थानीय तहमा संलग्नता सुदृढ गर्ने।
- संविधानको मर्मअनुसार संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुनुपर्ने काम, संरचना एवं स्रोत निक्षेपण गर्ने।
- प्रतिष्ठान, समिति, केन्द्र, परिषद् लगायतका संस्थामा विगत लामो समय देखि निष्कृय रहेका कोष (खाता) हरू खारेज गरी सञ्चित कोषमा दाखिला गर्ने, ती निकायबाट भइरहेका कार्य मन्त्रालय वा विभागबाटै सम्पन्न गर्ने।
- हाल विभिन्न मन्त्रालय अन्तर्गत करिव १८/१९ वटा तालिम दिने निकायहरू रहेकोमा ती र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यक्षेत्रमा दोहोरोपन हटाउने।
- कार्य विभाजन र कार्यबोझ हेरी मन्त्रालयको सांगठनिक संरचना अन्तर्गत न्यूनतम कति महाशाखासम्म राख्ने हो, त्यसको पुनर्मूल्याङ्कन गर्ने।

उपरोक्त नीतिगत आधारहरू अनुरूप हाल रहेका २१ मन्त्रालयहरूलाई देहायबमोजिम पुन:वर्गीकरण गर्न उपयुक्त हुने देखिन्छ। यसबाट कार्य सञ्चालन, कर्मचारी र भवन, सवारी साधन लगायतमा गरिने खर्चमा ठूलो मात्रामा कमि आउँनेछ।

## ३.३.४ सिफारिश गरिएको संगठन संरचना

उपरोक्त नीतिगत आधारमा अब निम्नानुसारको संगठन संरचना हुनुपर्ने प्रस्ताव गरिएको छ। केन्द्रीय विभागको संख्या ३५ भन्दा बढी हुनु उपयुक्त हुँदैन। संघीयता कार्यान्वयनका लागि केन्द्र चुस्त र छरितो हुनुपर्दछ।केन्द्रको प्रमुख दायित्व नै प्रदेश र स्थानीय तहले बनाएका विकास योजनाका लागि आन्तरिक र बाह्य स्रोतहरू कसरी रकम उपलब्ध गराउने र उनीहरूलाई व्यवस्थापनमा कसरी चुस्त

बनाउने भन्ने हुनुपर्दछ। प्रदेशले प्रदेशको विकासमा चुस्त दुरुस्त तरीकाले भूमिका निभाउनु पर्दछ। स्थानीय तहले सेवा प्रवाहमा अग्रणी भूमिका निभाउनु पर्दछ।

## क. संघीय मन्त्रालयसम्बन्धी व्यवस्था

एकै प्रकृतिको कार्यहरू गर्ने मन्त्रालयलाई एकीकरण गरी हालको मन्त्रालयको संख्यालाई घटाई १६ मा कायम राख्न सिफारिस गरिएको छ। ती मन्त्रालयको नाम अनुसूची-१ मा संलग्न गरिएको छ।

- हाल छुट्टै रहेको खानेपानी मन्त्रालयलाई यसको अधिकांश कार्य प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको हुँदा छुट्टै मन्त्रालयको रूपमा नराखी उस्तै प्रकृतिको कार्य गर्ने ऊर्जा, जलस्रोत, सिँचाइ तथा खानेपानी मन्त्रालयको रूपमा राख्ने प्रस्ताव गरिएको छ।
- हालको शहरी विकास मन्त्रालयलाई सोही प्रकृतिको मन्त्रालयमा गाभी भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय राख्न सिफारिश गरिएको छ।
- हालको युवा तथा खेलकुद मन्त्रालयलाई छुट्टै नराखी श्रम, रोजगार, युवा तथा खेलकुद मन्त्रालय गठन गर्न प्रस्ताव गरिएको छ।
- हालको कृषि तथा पशुपंछी विकास मन्त्रालय र भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय गाभी कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय गठन गर्ने प्रस्ताव गरिएको छ।
- हालको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमध्ये संघीय मामिलालाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा गाभी कानून, न्याय, संघीय मामिला तथा संसदीय व्यवस्था मन्त्रालय गठन गर्ने र सामान्य प्रशासन मन्त्रालयको कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत कर्मचारी व्यवस्थापन विभागको रूपमा राख्न उपयुक्त हुने गरी प्रस्ताव गरिएको छ।
- मन्त्रालयको कार्यबोझअनुसार ३-५ वटा महाशाखा राख्ने, एउटा मन्त्रालयमा कामको बोझ हेरी सामान्यतया एउटा भन्दा बढी सचिव नराख्ने नीति लिनुपर्ने आवश्यकता देखिन्छ। मन्त्रालयमा रहने कर्मचारी दरबन्दीसम्बन्धी विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ। सो अनुसार ३ वटा महाशाखा हुने मन्त्रालयमा ६२ जना कर्मचारी, ४ वटा महाशाखा रहने मन्त्रालयमा ७५ जना र ५ वटा महाशाखा रहने मन्त्रालयमा ८८ जना मात्र कर्मचारी आवश्यक हुने देखिन्छ।
- कार्य प्रक्रिया सरलीकरण गर्नुपर्दछ। एउटै निकायले योजना बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्दा विकृति एवं विसंगतिको समेत ढाकछोप हुने हुँदा मन्त्रालयले नीति एवं योजना

बनाउने अनुगमन र मूल्याङ्कन गर्ने तथा विभागले कार्यान्वयन गर्ने गरी कार्य विभाजन स्पष्ट गर्दा काममा प्रभावकारिता आउनेछ।

## ख. विभागसम्बन्धी व्यवस्था

प्रस्तावित विभागको संख्याः

- संघीयतामा आफ्नो क्षेत्रमा विशेषज्ञताको विकास, कार्यक्रम कार्यान्वयन, योजना तथा नीति तर्जुमा गर्न मन्त्रालयलाई आवश्यक सूचना र सल्लाह उपलब्ध गराउनु विभागको कार्य हो। विगतमा संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदनले संघ मातहत ५७ वटा विभाग राख्ने प्रस्ताव गरेको थियो। मन्त्रालयको संख्या पुनरावलोकन गरी १६ प्रस्ताव गरिएको अवस्थामा अत्यावश्यक क्षेत्रमा मात्र विभाग राख्ने र विभाग राख्नु परेमा सकभर विगतका विभाग गाभिने गरी ३५ विभाग मात्र राख्न उपयुक्त हुने देखिन्छ। कानून, न्याय, संघीय मामिला तथा संसदीय व्यवस्था मन्त्रालयमा भने कुनै विभाग प्रस्ताव गरिएको छैन। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ६ वटा विभाग रहने र पराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय र महिला बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालयमा एक-एक वटा विभाग सिफारिश गरिएको छ। विभागसम्बन्धी विवरण अनुसूची ....... मा संलग्न गरिएको छ।
- **विभागको संरचना र दरबन्दीः** विभागहरूको कार्यबोझको आधारमा बिभागभित्रै रहनेगरी ३-५ वटा महाशाखा राख्न उपयुक्त हुने देखिन्छ। जसमा रा.प.प्र.श्रेणीका एकजना महानिर्देशक र सोही श्रेणीका उपमहानिर्देशक रहने, हरेक निर्देशनालयमा १ जना उपसचिव, २ जना अधिकृत, १ जना ना.सु, १ जना कम्प्यूटर अपरेटर र १ जना कार्यालय सहयोगी राख्ने सुझाव दिइएको छ। सकभर सवारी चालक र कार्यालय सहयोगी सेवा करारमा लिन उपयुक्त हुने गरी दरबन्दी तालिका अनुसूची ..... मा दिइएको छ। बढी कार्यबोझ र कार्य जटिलता भएका विभागमा ५ वटा निर्देशनालय रहने गरी सिफारिस गरिएको छ। मझौला स्तरका विभागमा ४ वटा निर्देशनालय र साधारणस्तरका विभागमा ३ वटा निर्देशनालय रहन उपयुक्त हुनेछ।
- हरेक मन्त्रालय अन्तर्गत रहने विभाग एवं बिभागभित्र रहने निर्देशनालय एवं दरबन्दीसम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा संलग्न गरिएको छ। उक्त अनुसूचीअनुसार ३५ विभागहरूमा जम्मा १४१० कर्मचारी रहने प्रस्ताव गरिएको छ। विगतमा संघ अन्तर्गतका ५७ विभागमा करिब ३८०६ दरवन्दी सिफारिस गरिएकोमा १४१० मात्र आवश्यक रही बाँकी २३९६

दरवन्दी घट्ने देखिन्छ। यो विगतमा सिफारिस गरिएको विभाग तर्फको संख्यामा करिव ६३ प्रतिशत कम हो।

## ग. कार्यालयसम्बन्धी व्यवस्था

संघीयस्तरमा रहेका अनावश्यक कार्यालयहरू संघीयताको मर्मअनुसार प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्दछ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले तयार गरेको प्रतिवेदनले कायम गरेको कार्यालयगत संरचना र दरबन्दीलाई विश्लेषण गरी संघमा आवश्यक पर्ने कार्यालय र त्यसको लागि आवश्यक दरबन्दी सम्बन्धमा उल्लेख गरिएको छ। कार्यालयतर्फ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको एक-एक वटा कार्यालय हरेक प्रदेशमा राखी सोही कार्यालयमार्फत कार्य गर्न प्रस्ताव गरिएको छ। अर्थ मन्त्रालय अन्तर्गतका साविक कार्यालय यथावत रहने छन् तर पिरवर्तित सन्दर्भमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको (कोलेनिका) कार्यबोझको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सेवा वा क्लष्टर निर्माण गर्नु उचित कदम चाल्नु पर्दछ। ऊर्जा, जलस्रोत, सिँचाइ तथा खानेपानी मन्त्रालय, कानून, न्याय, संघीय मामिला एवं संसदीय व्यवस्था मन्त्रालयका कार्यालय प्रदेश तहमा रहेका छैनन्। खाद्यान्नको आयात/निर्यात, फलफूल, तरकारी, जीवजन्तुको क्वारेन्टाइन जाँचको लागि कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत हरेक प्रदेशमा एक-एकवटा कार्यालय प्रस्ताव गरिएको छ। गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालय, अध्यागमन कार्यालय र कारागार कार्यालयहरू रहेकोमा जि.प्र.का.अन्तर्गत यी कार्यालयलाई सानो शाखाको रूपमा राख्नेतर्फ पनि विचार गर्नुपर्ने देखिन्छ। यसबाट थप जनशक्ति र स्रोतको वचत हुन जानेछ।

त्यस्तै, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय र महिला बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रदेश र स्थानीय तहमा कुनै संरचना नरहने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ। वन तथा वातावरण मन्त्रालयतर्फ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र जलाधार क्षेत्र संघ अन्तर्गत राखी डिभिजन एवं सब डिभिजन वन कार्यालय प्रदेश तहमा हस्तान्तरण गर्नु उपयुक्त हुने देखिन्छ। साविक जिल्ला हुलाक कार्यालयहरूलाई जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयबाटै कार्यसम्पादन गर्ने व्यवस्था गर्न सुझाव गरिएको छ। त्यस्तै, साविकमा राजस्व कार्यालय नभएको जिल्लामा को.ले.नि.का.बाट सो कार्य गर्ने हालको व्यवस्थालाई निरन्तरता दिनपर्ने सुझाव दिइएको देखिन्छ।

## घ. दरबन्दी व्यवस्था

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदनअनुसारको दरबन्दी र हाल सिफारिश गरिएको दरबन्दी विवरण अनुसूचीमा संलग्न छ। उक्त तालिका अध्ययन गर्दा निम्न कुरा देखिन आउँछ-

अदालत एवं संवैधानिक निकाय बाहेकको निजामती तर्फको दरबन्दीतर्फ साविकमा संघीय मन्त्रालयतर्फ २६५२ दरबन्दी तोकिएकोमा सोको करिब ५८ प्रतिशत दरबन्दी अनावश्यक देखिन्छ। त्यस्तै, संघीय विभागतर्फ विगतमा सिफारिश गरेभन्दा ६३ प्रतिशत कम कर्मचारी चाहिने देखिन्छ। संघीय मन्त्रालय र विभाग तर्फ विगतमा ६४५८ कर्मचारी दरबन्दी सिफारिस गरिएकोमा ३८६१ घट्न जाने देखिन्छ जुन करिब ६० प्रतिशत कम हो।

**तालिका ४ संघ अन्तर्गत सिफारिस दरवन्दी विवरण**

| सि.नं. | विवरण | साविक दरवन्दी | हालको सिफारिस दरवन्दी | घटेको दरवन्दी | घटेको दरवन्दी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | मन्त्रालय तर्फ रहने दरवन्दी | २६५२ | ११८७ | १४६५ | ५८.२४ |
| २. | विभाग तर्फ रहने दरवन्दी | ३८०६ | १४१० | २३९६ | ६२.९५ |
| | | **६४५८** | **२५९७** | **३८६१** | **५९.७९** |
| ३. | कार्यालय तर्फ रहने दरवन्दी | २९७४८ | | | |
| ४. | अदालत एवं संवैधानिक निकायतर्फ रहको साविक दरवन्दी | ९६५२ | ९६५२ | | |
| ५. | **जम्मा** | **४५८५८** | | | |

## ङ. अन्य व्यवस्था

संघीय सरकार अन्तर्गत रहने मन्त्रालय, विभाग र कार्यालय एवं दरबन्दीसम्बन्धी विश्लेषणमा निम्न पक्ष समावेश नभएको हुँदा सो सम्बन्धी विवरण देहाय बमोजिम उल्लेख गरिन्छ-

- नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन किसिमका सुरक्षाकर्मी रहेको देखिन्छ। सैनिक एवं प्रहरीको संख्या कति राख्ने भन्ने सम्बन्धमा छुट्टै अध्ययन गराउनु सान्दर्भिक हुनेछ। समय समयमा प्रहरीको माथिल्लो तहको दरबन्दी बढाउने गर्दा अनावश्यकरूपमा तल्लो तहको दरवन्दी बढ्ने र व्ययभार थपिने हुँदा थप अध्ययन गर्नुपर्ने देखिन्छ।
- अदालत लगायत संवैधानिक निकायको दरवन्दी संरचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेअनुसारको राखिएको छ। निर्वाचन आयोग अन्तर्गत ७७ निर्वाचन

कार्यालयमा ६७१ दरवन्दी प्रस्ताव गरेकोमा निर्वाचन आवधिक हुने हुँदा हरेक प्रदेशमा १/१ वटा संघीय निर्वाचन कार्यालय राखी जिल्ला निर्वाचन कार्यालय नराख्ने र निर्वाचनका समयमा मात्र संघबाट आवश्यक मात्रामा कर्मचारी खटाई अस्थायी जिल्ला निर्वाचन कार्यालय राखी निर्वाचन सम्पन्न गर्न उपयुक्त हुने देखिन्छ।

## ३.३.४.१ प्रदेश

प्रदेश तहमा हरेक प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ वटा मन्त्रालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालय (प्रलेनिका) रहने व्यवस्था गरिएको छ।प्रलेनिकाको प्रमुख सहसचिव स्तरको गरी निजको नियुक्ति पदस्थापना संघीय सरकारले गर्ने र स्थानीय तहमा आर्थिक प्रशासन समूहका कर्मचारीको दरवन्दी र व्यवस्थापन जिम्मा दिनु पर्दछ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७ वटै प्रदेशमा रहने मन्त्रालय अन्तर्गत कार्यालयहरू र दरबन्दी विवरण देहाय अनुसार जम्मा २१,३९९ कर्मचारी रहने व्यवस्था गरेको पाइन्छ।

| सि.नं. | प्रदेश नं./नाम | कर्मचारी दरबन्दी |
|---|---|---|
| १. | १ | ३६२८ |
| २. | २ | ३१३२ |
| ३. | ३ | ३५५५ |
| ४. | गण्डकी | २४१४ |
| ५. | ५ | ३८२१ |
| ६. | कर्णाली | २२३६ |
| ७. | सुदूरपश्चिम | २६१३ |
| **जम्मा** | | **२१३९९** |

### क. प्रदेश मन्त्रालय एवं ती अन्तर्गत रहने कार्यालय

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको प्रदेश मन्त्रालय एवं ती अन्तर्गत रहने निकायहरू एवं दरबन्दीलाई संविधानको अनुसूची-६ को एकल अधिकार सूचीसँग दाँजेर विश्लेषण गर्दा हालसम्म प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिनुपर्ने निकायहरू संघमै राखिएको वा राख्ने प्रयास भएको देखिन्छ। संघ अन्तर्गत रहने मन्त्रालय, विभाग र ती अन्तर्गत रहने दरबन्दीसम्बन्धी विस्तृत विश्लेषण अनुसूचीहरूमा उल्लेख गरिएको छ। संविधानको प्रावधानअनुसार प्रदेशमा हस्तान्तरण हुनुपर्ने संरचना हालसम्म हस्तान्तरण नभएका केही उदाहरणहरू तल उल्लेख गरिएको छ-

क. अनुसूची-६ को १ को प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा

ख. अनुसूची-६ को ५ को प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा

ग. अनुसूची-६ को ६ प्रदेश तथ्याङ्क

घ. अनुसूची-६ को ९ स्वास्थ्य सेवा

ङ. अनुसूची-६ को १२ प्रदेश लोकमार्ग-डिभिजन सडक कार्यालयहरू

च. अनुसूची-६ को १७ खानी, अन्वेषण र व्यवस्थापन

छ. अनुसूची-६ को १९ प्रदेश भित्रको वन, जल उपयोग तथा वातावरण व्यवस्थापन

ज. अनुसूची-६ को २० कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकरण, व्यापार व्यवसाय, यातायात

झ. अनुसूची-२१ गुठी व्यवस्थापन

## ख. प्रदेशस्तरमा संगठनसम्बन्धी व्यवस्थामा गर्नुपर्ने सुधार

संगठन तथा व्यवस्थापन सर्वेक्षण एवं कार्यविस्तृतीकरण विवरण अध्ययन गर्दा संविधानमा संघको एकल अधिकारमा नपरेका तर साझा अधिकारमा परेका अधिकारका आधारमा संघ अन्तर्गत मन्त्रालय, विभाग र आवश्यक कार्यालय मात्र राख्नुपर्नेमा ती अन्तर्गतका कार्यालय, केन्द्र एवं डिभिजन कार्यालय समेत संघमै राखिएको छ। संविधानको अनुसूची-६ समेतलाई आधार मानी हालको प्रदेश तहमा देहाय अनुसार संगठन संरचनामा सुधार गर्नु उपयुक्त हुनेछ-

- प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा सम्बन्धमा हालको प्रहरी प्रशासन संघमा ठूलो चाहिदैंन। त्यसैले, हरेक प्रदेश अन्तर्गत रहने गरी नगर इलाका बाहेक (स्थानीय तहको अधिकार) हालको प्रहरी संगठनबाट तत्कालै प्रदेश प्रहरी गठन गर्न अध्ययन गरी कार्य अघि बढाउनुपर्दछ। हालको प्रहरीको संख्या नबढ्ने गरी नगर प्रहरी (स्थानीय तह), प्रदेश प्रहरी र संघीय प्रहरी गठन गरी आवश्यक समन्वय हुने प्रणाली विकास गर्नुपर्दछ।

- हाल प्रदेशमा रहेको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले गुणस्तर तथा नापतौलसम्बन्धी कार्य पनि गर्ने गरी दरबन्दी थप गरी व्यवस्थापन गर्नु उपयुक्त हुनेछ।

- भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत हाल संघमा रहेको यान्त्रिक कार्यालय र आयोजना कार्यान्वयन समूहको संरचना र दरबन्दी प्रदेशमा मिलान गरी पुनर्संरचना गर्नुपर्ने देखिन्छ। सडक विभाग मातहत हाल रहेका सडक विभाग पुलदरबन्दी ४२४, डिभिजन सडक कार्यालय

२६ को ८२५ दरबन्दी तथा हेभी इक्विपमेन्ट डिभिजन ८ समेत पूर्वाधार विकास कार्यालयमा समाहित गरिनुपर्दछ।

- सामाजिक विकास मन्त्रालयतर्फ हाल शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्र प्रदेश अन्तर्गत रहेको पाइन्छ। आधारभूत र माध्यमिक शिक्षा स्थानीय तह अन्तर्गत रहेको छ। माध्यमिक तह स्थानीय तहमा रहेता पनि उक्त क्षेत्र स्थानीय तहमै रहने गरी माध्यमिक तह (१२ कक्षा) को परिक्षा सञ्चालन, पाठ्यक्रम विकास र शैक्षिक गुणस्तर कायम गर्न संघसँग समन्वय गरी कार्य गर्ने जिम्मा प्रदेशको शिक्षा विकास केन्द्रलाई दिइनुपर्दछ। स्थानीय तहले परीक्षा सञ्चालन, पाठ्यक्रम विकास एवं गुणस्तर कायम गर्न कठिन हुने हुँदा प्रदेशलाई यो कार्य सुम्पिनु उपयुक्त हुनेछ। संघले राष्ट्रिय नीति निर्धारण गर्ने हुँदा सो कार्य प्रदेशले गर्नु उपयुक्त हुनेछ।

- स्वास्थ्यतर्फ औषधि व्यवस्था विभागका शाखा कार्यालयले गर्ने कार्य स्वास्थ्य निर्देशनालयबाटै गराउन सकिन्छ जसबाट थप संरचना सृजना नहुने तर दरबन्दी थप्दा काम चल्ने हुँदा सो कार्य गराउनु उपयुक्त हुनेछ। त्यस्तै, राष्ट्रिय अस्पताल बाहेकका हाल संघमा राखिएका पोखरा क्षेत्रिय अस्पताल, राप्ती उपक्षेत्रीय अस्पताल, जुम्ला अस्पताल, पशुपति होमियोप्याथी र युनानी औषधालय तत् प्रदेशमा रहने गरी संरचना र दरबन्दी हस्तान्तरण गरिनुपर्दछ। यस्तै, हाल विकास समिति अन्तर्गत रहेका विशेष प्रकृतिका अस्तपताल बाहेका अन्य अस्पतालहरू विकास समिति खारेज गरी प्रदेश तहलाई हस्तान्तरण गर्नु पर्दछ।

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि एवं सहकारी प्रशिक्षालय हाल प्रदेश अन्तर्गत रहेको पाइन्छ। संघबाट हस्तान्तरण हुनुपर्ने भनी तोकेका कार्यालय एवं कर्मचारी प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुनु उपयुक्त हुन्छ। यसरी कर्मचारी हस्तान्तरण गर्दा सम्बन्धित क्षेत्रको विशेषता पनि विचार गरी आवश्यक ज्ञान भएका कर्मचारी खटाउनु उपयुक्त हुनेछ। हाल विभिन्न जिल्लामा भूमिसुधार, मालपोत र नापी कार्यालय रहेको अवस्था छ। संविधानको अनुसूची-६ मा भूमि व्यवस्थापन, जग्गाको अभिलेख प्रदेश अन्तर्गत रहेको छ भने अनुसूची-८ मा स्थानीय अभिलेख व्यवस्थापन एवं घरजग्गाको पूर्जा वितरण स्थानीय तहको क्षेत्राधिकारमा परेको पाइन्छ। प्रदेशतहमा भूमि व्यवस्थापन र जग्गाको अभिलेख राख्नुपर्ने भएतापनि प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा यससम्बन्धी निर्देशनलय राखिएको छैन। फलत प्रदेश मन्त्रालय अन्तर्गत यस्तो कार्य गर्ने एउटा निर्देशालय थप हुनुपर्दछ।

- हाल रहेका सार्वजनिक सम्पत्तिको अभिलेख महालेखा नियन्त्रक कार्यालय अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट व्यवस्थितरूपले राख्दै महालेखा

नियन्त्रक कार्यालयले समग्र एकीकृत अभिलेख राख्नु पर्ने व्यवस्था गरिनुपर्दछ। यस कार्यालयले हाल प्रदेश र स्थानीय तह अन्तर्गतका सबै सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी सो विवरण म.ले.नि.का.पठाई १ वर्षभित्र राष्ट्रिय अभिलेख तयार गर्न उपयुक्त हुनेछ।

➢ प्रदेश तथ्याङ्क अनुसूची-६ ले प्रदेशमा प्रदेश तहको तथ्याङ्क राख्नुपर्ने व्यवस्था गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको विवरणमा हाल संघमा तथ्याङ्क कार्यालयको संख्या नखुलाई दरबन्दी ३८७ जना राखेकोमा हरेक प्रदेशमा संघीय तथ्याङ्क कार्यालय १-१ वटा हुने प्रस्ताव गरी कुल १०५ (१५ जना) रहने सिफारिश गरिएको छ। बाँकी कर्मचारी २७९ रहने र यो क्षेत्र स्थानीय तहमा समेत रहेकोले बाँकी कर्मचारीलाई स्थानीय तहको तथ्याङ्क राख्न उपयोग गर्ने गरी स्थानीय तहमा संगठनात्मक सुधार गरी समायोजन गर्नुपर्ने देखिन्छ। प्रदेशको अधिकार सूचीमा प्रदेशतहको तथ्याङ्क रहेको छ। तर हरेक प्रदेशमा संघीय तथ्याङ्क कार्यालय रहने हुँदा उक्त कार्यालयले संघ र प्रदेश दुबैलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने जिम्मेवारी र उत्तरदायित्व तोकिएमा प्रदेशमा थप तथ्यांक कार्यालय खोल्नु नपर्ने भई खर्चमा वचत हुन जाने देखिन्छ।

➢ गुठी व्यवस्थापनसम्बन्धी कार्य प्रदेशमा तोकिएको छ। हाल गुठीसम्बन्धी कार्य भूमि व्यवस्था मन्त्रालय र गुठी संस्थानले गरी आएकोमा प्रदेश तहमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत माथि उल्लेखित कार्यालयले गुठी संस्थानसँग समन्वय गरी गुठी जग्गाको अभिलेख व्यवस्थापन गर्नु उपयुक्त हुनेछ।

➢ तालिम केन्द्र- हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदनले निम्न क्षेत्रमा तालिम केन्द्रको व्यवस्था गरेको छ-

- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
- सामाजिक विकास मन्त्रालय- शिक्षा तालिम केन्द्र
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय- पशुसेवा तालिम केन्द्र - कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र र सहकारी प्रशिक्षालय।

यसरी प्रदेश तहमा ३ वटा मन्त्रालयमा ५ वटा तालिम केन्द्र र एउटा मन्त्रालयमै ३ वटा तालिम केन्द्र एकै ठाउँमा रहने प्रस्ताव गरिएको छ जुन अमिल्दो छ। एउटै मन्त्रालय अन्तर्गत ३ वटा तालिम दिने निकाय प्रस्ताव गर्नु ठिक होइन। प्रदेशमा प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय अन्तर्गत रहने गरी विभिन्न क्षेत्रका विज्ञ प्रदेश प्रशिक्षण कार्यालय गठन गर्ने र माथि उल्लेख भएका ५ वटा कार्यालय सोही कार्यालयमा गाभ्नु उपयुक्त हुनेछ। साथै यस अन्तर्गतका स्थानीय तहका कर्मचारी समेतलाई तालिम दिने व्यवस्था गरी आवश्यक स्रोत, साधनको व्यवस्था

मार्फत विभिन्न क्षेत्रका विषय विज्ञ आमन्त्रण गरी तालिम दिने कार्य गर्न उपयुक्त हुनेछ। एकै ठाँउबाट सबै प्रकारका तालिम दिने नीति अवलम्वन गर्दा त्यो प्रभावकारी समेत हुनेछ।

## ३.३.४.२ स्थानीय तह

### क. स्थानीयस्तरमा सङ्गठनसम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा ५६ ले नेपालको मूल संरचना तीन तहको हुने व्यवस्था गरी स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरेको छ। अनुसूची-८ मा स्थानीय तहको अधिकार उल्लेख गरिएको छ। धारा ११४ ले स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने व्यवस्था गरेको छ। धारा २१७ ले न्यायिक समिति, धारा २२० ले जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्न एक जिल्ला सभा र जिल्ला समन्वय समिति रहने व्यवस्था गरेको छ। धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ। त्यस्तै, धारा २३५ ले संघ, प्रदेश र स्थानीय तह बीचको समन्वयबाट प्रदेश र गाउँपालिका वा नगरपालिका बीच समन्वय र विवाद भएमा आवश्यक कानून बनाउनुपर्ने व्यवस्था गरेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदनले ७५३ स्थानीय निकायहरू एवं ७७ जिल्ला समन्वय समितिहरू एवं स्थानीय तह अन्तर्गत रहने गरी कृषि तथा पशु सेवा केन्द्र, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीको व्यवस्था गरेको छ। ७५३ स्थानीय तहलाई ९ वर्गमा विभाजन गरी संगठन संरचना तयार गरिएको छ। त्यस्तै, ७७ जिल्ला समन्वय समितिहरूमा रा.प.द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारीको नेतृत्व रहने व्यवस्था गरिएको छ। सोही प्रतिवेदनले स्थानीय तहमा जम्मा ३८९५५ कर्मचारी रहने व्यवस्था गरेको छ। जनसंख्याका आधारमा दरवन्दी समेत उल्लेख भएको निम्न तालिकाले यसबारे अझ स्पष्ट पार्छ-

| सि.नं. | स्थानीय तहको प्रकार | संख्या | दरबन्दी | कैफियत |
|---|---|---|---|---|
| १. | २५ हजारसम्म जनसंख्या भएको गाउँपालिका | ३३४ | १०,२०८ | |
| २. | २५ हजार भन्दा बढी जनसंख्या भएको गाउँपालिका | १२६ | ४,९१८ | |
| ३. | २५ हजारसम्म जनसंख्या भएको नगरपालिका | ३१ | १३९३ | |
| ४. | २५ देखि ५० हजारसम्म जनसंख्या भएको नगरपालिका | १५१ | ९४५३ | |
| ५. | ५० हजारभन्दा बढी ७५ हजारसम्म जनसंख्या भएको नगरपालिका | ६८ | ५१३९ | |
| ६. | ७५ हजारभन्दा बढी जनसंख्या भएका नगरपालिका | २६ | २१६४ | |
| ७. | उपमहानगरपालिका | ११ | १९७० | |

| | | | | |
|---|---|---|---|---|
| ८. | संघीय राजधानी बाहेक अन्य महानगरपालिका | ५ | २३४७ | |
| ९. | संघीय राजधानी का.म.न.पा. | १ | ३६२ | |
| १०. | जिल्ला समन्वय समिति | ७७ | १००१ | |
| **कुल जम्मा दरबन्दी** | | | **३८,९५५** | |

### ख. स्थानीय तहमा गर्नुपर्ने थप व्यवस्था

संविधानको एकल सूचीका विषयवस्तु समेत अध्ययन गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन संरचनामा देहायअनुसार थप सुधार गर्नु पर्ने देखिन्छ-

- अनुसूची-८ मा नगर प्रहरी स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत पर्ने हुँदा हाल रहेकै संघीय प्रहरीलाई स्थानीय तह अन्तर्गत रहने गरी हस्तान्तरण गर्नुपर्दछ। स्थानीय (नगर) प्रहरीको सञ्चालन गाउँपालिका वा नगरपालिका प्रमुखको सहमतिमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तथ्याङ्क संकलन एवं व्यवस्थापनको लागि २ जना तथ्याङ्क तर्फका कर्मचारी व्यवस्था गर्नुपर्दछ। संघ तथा प्रदेशलाई आवश्यक पर्दा स्थानीय निकायले तथ्याङ्क उपलब्ध गराउने प्रणालीको व्यवस्था गरिनुपर्दछ।
- कानूनसम्बन्धी कार्यका लागि कम्तिमा २ जना कानून अधिकृत र पाँचौ तहका १ जना गरी ३ जना कर्मचारी व्यवस्था गर्नुपर्दछ।
- स्थानीय अभिलेख एवं जग्गा धनी पूर्जा वितरणको लागि मालपोत एवं नापीको प्रशासनिक र प्राविधिक कर्मचारीको व्यवस्था थप हुनुपर्दछ।

## ३.४ संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन गर्ने क्रमागत कार्यक्रम/परियोजनाको लागि मापदण्ड र सुझावहरू

कार्यविस्तृतीकरण विवरण चालु आर्थिक वर्षको बजेटमा गरिएको व्यवस्था तथा राष्ट्रिय योजना आयोगद्वारा तयार गरिएको सामान्य मार्गदर्शन तथा माथि उल्लेखित समस्याहरूलाई समेत आधार बनाई क्रमगत कार्यक्रम बाँडफाँडको निम्न मापदण्डहरू तय गरिएको छ-

### ३.४.१ संघबाट सञ्चालन हुने कार्यक्रम/परियोजनाहरूको मापदण्ड

क. राष्ट्रिय गौरवका आयोजनाहरू तथा राष्ट्रियरूपमा रणनीतिक महत्त्वका आयोजनाहरू संघबाट सञ्चालन गर्ने।

ख. वैदेशिक सहयोगबाट सञ्चालित राष्ट्रिय, अन्तर प्रदेशस्तरीय र हाल कार्यान्वनयको अन्तिम चरणमा पुगेका परियोजनाहरू संघबाट सञ्चालन गर्ने।

ग. दुई वर्ष भित्र सम्पन्न हुने र हाल संघको कार्यक्षेत्रमा परेका कार्यक्रम/परियोजनाहरू संघबाट सञ्चालन गर्ने।

घ. संरचना प्रदेश वा स्थानीयमा गइसकेको तर संघको कार्यक्षेत्र राखिएका कार्यक्रम/परियोजनाहरू सम्बन्धित प्रदेश एवं स्थानीय तहमा हस्तान्तरण गर्ने।

ङ. धेरै वर्ष अगाडि स्वीकृत भई कार्य प्रारम्भ नभएका, निरन्तररूपमा ज्यादै न्यून बजेट विनियोजन गरी लामो समयदेखि बजेटमा समावेश गरिएको एवं संभाव्यता अध्ययन नै नगरी न्यून बजेट राखी शुरू मात्र भएका परियोजनाहरूलाई पुनः प्राथमिकीकरण गर्ने र औचित्यताका आधारमा सञ्चालन गर्ने वा बन्द गर्ने। सञ्चालन गठित कार्यक्रमहरू खर्च अधिकारअनुरूप तीन तहमा बाँड्ने ।

च. प्रदेश र स्थानीय तहमा भौगोलिक क्षेत्र भित्र सीमित भएका कार्यक्रम वा परियोजनाहरूलाई सम्बन्धित प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्ने।

छ. स्थानीय वा प्रदेश तहमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रम वा परियोजनाहरू स्थानीय र प्रदेश तहमा राख्ने।

ज. अवधि नतोकी सालबसालीरूपमा सञ्चालन भएका कार्यक्रम/परियोजनहरू तथा निश्चित उद्देश्यका लागि वैदेशिक सहयोगमा सञ्चालन भई म्याद सकिएका तर विविध कारणले हाल नेपाल सरकारको आर्थिक सहयोगमा सञ्चालनमा रहेका कार्यक्रम/परियोजनाहरूलाई पूर्णरूपमा स्थगित गर्ने र पुनःप्राथमिकीकरण गरी आवश्यक देखिएमा शून्य बजेटको आधारमा सम्बन्धित प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने व्यवस्था गर्ने।

झ. कम्तिमा ५० प्रतिशत भौतिक एवं वित्तीय प्रगति भइरहेका परियोजनाहरूको यथासम्भव छिटो कार्यसम्पन्न गर्ने र अर्को चरणको लागि कुनै मापदण्ड विना थप्ने वा सालबसाली भनि दिने कार्य बन्द गर्ने।

ञ. एकै प्रकृतिका परियोजनाहरूमा विभिन्न शीर्षकहरू एकमुष्ट राख्ने र प्रदेशबाट स्थानीयमा जानु पर्ने समेत केन्द्रबाटै सञ्चालन गर्ने गरी अवण्डा देखाइएको कार्यक्रमले खर्च अधिकार र परियोजनाको प्रकृति हेरी तीनवटै तहमा विभाजन गर्ने ।

## ३.४.२ प्रदेशबाट सञ्चालन गर्ने कार्यक्रम/परियोजनाहरूको मापदण्ड

१. सशर्त अनुदान अन्तर्गत आयोजना कार्यान्वयन गर्न संघबाट प्रदेश तहमा हस्तान्तरण भएका कार्यक्रम/परियोजनाहरूमा निम्न प्रक्रिया वा मापदण्ड अपनाउने-

क. बहुबर्षीय ठेक्का लागेका आयोजनाहरूको ठेक्का लागेको अवधिको सम्पूर्ण लगत (नाम, स्थान, शुरू मिति, सम्पन्न मिति, वित्तीय एवं भौतिक प्रगति, कुनै तत्काल

समस्या देखिएको वा नदेखिएको, ठेक्का व्यवसायीको विगतको कार्यसम्पन्नताको अवस्था, विस्तृत परियोजना प्रतिवेदन, भेरिएसन भए/नभएको, मूल्य समायोजन भए/नभएको आदि) तयार गर्ने।

ख. उपरोक्त लगतअनुसार प्रदेशको वस्तुस्थिति, प्रदेशको प्राथमिकता र सम्पन्न गर्न सकिने समयअनुसार प्रदेशले केन्द्रसँग समन्वय गरी बजेटको व्यवस्था मार्फत छिटो सम्पन्न गर्ने।

ग. उपरोक्त लगतअनुसार प्रदेशको पहिलो प्राथमिकतामा नपरेका कार्यक्रम एवं परियोजनाहरू पुनः प्राथमिकीकरण गरी सम्पन्न गर्न सकिने समयसहितको सूची तयार गर्ने।

घ. अन्य बाँकी रहेका कार्यक्रम/परियोजनाहरू आगामी आर्थिक वर्षको बजेटमा राख्न सकिने/ नसकिने अध्ययन गर्न परियोजना बैंकमा पठाउने।

२. प्रदेशभित्र जिल्ला तह वा एकभन्दा बढी स्थानीय तह भेट्ने कार्यक्रम/परियोजनाहरू प्रदेशबाट स्थानीय तहको समन्वय समेतको सञ्चालन गर्ने।

३. प्रदेशभित्र प्रदेश विशेष वा प्रदेशलाई तुलनात्मक लाभ हुने क्षेत्रका परियोजनाहरू प्रदेशबाट सञ्चालन गर्ने।

४. प्रगति शून्य भएका र बाँकी अवधिमा रकम विनियोजन गर्दा समेत सम्भावना नदेखिएका आयोजना/कार्यक्रमहरू बजेटबाट हटाई परियोजना बैंकमा राख्ने र थप अध्ययन गर्ने।

५. नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीय तहको अधिकारको सूची भित्रको विषयमा नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी बजेट विनियोजन भएको योजना वा कार्यक्रममध्ये गाउँपालिका भित्रको भए १ करोड रूपैयाँसम्म, नगरपालिका भित्रको भए २ करोड रूपैयाँसम्म र उपमहानगरपालिका वा महानगरपालिका भित्रको भए ४ करोड रूपैयाँसम्म विनियोजन भएको योजना वा कार्यक्रम सम्बन्धित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाले कार्यान्वयन गर्ने गरी हस्तान्तरण गर्ने।

६. साविकमा विषयगत मन्त्रालयहरूबाट सम्पादन भइरहेका तर नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका कार्यक्रमहरू स्थानीय तहबाटै सञ्चालन गर्ने।

७. नेपालको संविधानको अनुसूची-६बमोजिम प्रदेश सरकारको अधिकारको सूचीमा उल्लेख भएका कार्यक्रमहरू तर प्रदेशले हाल गर्न नसकेको कार्यक्रमहरू प्रदेशसँगको समन्वयमा संघीय सरकारबाट सम्पन्न हुने व्यवस्था मिलाउने।

८. नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका साझा अधिकारका सूचीहरूमा थप स्पष्ट पार्ने व्यवस्थाका लागि एवं कार्यदल बनाई गृहकार्य गर्ने।

### ३.४.३ स्थानीय तहबाट सञ्चालन गर्ने कार्यक्रम/परियोजनाहरूको मापदण्ड

माथि संघ र प्रदेशबाट सञ्चालन गर्ने भनी उल्लेख गरिएका, माथि उल्लेख गरिएअनुरूप स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने मात्र उल्लेख गरिएका र स्थानीय तहको अधिकार भित्र रहेका आयोजना/कार्यक्रम स्थानीय तहबाट सञ्चालन गर्ने।

## ३.५ प्रस्तावित मापदण्डअनुरूप संघ, प्रदेश र स्थानीय तहमा रहने क्रमागत कार्यक्रम/आयोजनाको सूची

### कृषि तथा पशुपन्छी विकास मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 312102 | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ✓ | | | | नीति बनाउने, रणनीति परिमार्जन गर्ने। |
| 312103 | विशेष कृषि उत्पादन कार्यक्रम | | ✓ | | | प्रदेशमार्फत उत्पादन र सेवामा कृषकको पहुँचलाई सुनिश्चित गर्न। |
| 312109 | बिउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | | | | खारेज गर्ने | नीतिगत विषय भएको र निजी क्षेत्र यस विषयमा सक्षम भइसकेको हुँदा खारेज गर्ने। |
| 312111 | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | | | | खारेज गर्ने | सूचकसहितको क्रियाकलाप नभएको। |
| 312112 | प्लान्ट क्वारेन्टाइन तथा विषादी ब्यवस्थापन कार्यक्रम | | | ✓ | हस्तान्तरण गर्ने | स्थानीय कृषकसँग सम्बन्धित भएको। |
| 312115 | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | | | ✓ | हस्तान्तरण गर्ने | स्थानीय कृषकसँग सम्बन्धित भएको। |
| 312118 | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | | ✓ | | हस्तान्तरण गर्ने | प्रयोगशाला व्यवस्थापन तथा परिणाम कुशलता (Scale of Operation) |
| 312136 | कृषि अनुसन्धान कार्यक्रम | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले संघमा रहने। |
| 312163 | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | | | ✓ | | कृषकसँग प्रत्यक्ष जोडिएको। |
| 312166 | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ✓ | | | | संविधानको अनुसूची-५ अनुसार संघमा रहने। |
| 312168 | पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | | ✓ | | हस्तान्तरण | एकभन्दा बढी जिल्लामा कार्यक्रम सञ्चालन हुने हुँदा। |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 312198 | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ✓ | | ✓ | हस्तान्तरण | केन्द्रमा मन्त्रालयले समन्वय गर्ने गरी वित्तीय हस्तान्तरण मार्फत स्थानीय निकायमा सञ्चालन गर्ने। |
| 312199 | कृषि क्षेत्र विकास कार्यक्रम | | ✓ | | | केन्द्रमा मन्त्रालयले समन्वय गर्ने गरी वित्तीय हस्तान्तरण मार्फत प्रदेशमा सञ्चालन गर्ने। |
| 312107 | राष्ट्रिय फलफूल विकास कार्यक्रम | | ✓ | | | निर्देशनालयहरू प्रदेशमा गएकोले कार्यक्रम समेत प्रदेशमा जानुपर्ने। |
| 312108 | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | | ✓ | | | निर्देशनालयहरू प्रदेशमा गएकोले कार्यक्रम समेत प्रदेशमा जानुपर्ने। |
| 312110 | मत्स्य विकास कार्यक्रम | | ✓ | | | निर्देशनालयहरू प्रदेशमा गएकोले कार्यक्रम समेत प्रदेशमा जानुपर्ने। |
| 312113 | व्यवसायीक कीट विकास कार्यक्रम | | ✓ | | | निर्देशनालयहरू प्रदेशमा गएकोले कार्यक्रम समेत प्रदेशमा जानुपर्ने। |
| 312114 | वाली बिकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | | ✓ | | | निर्देशनालयहरू प्रदेशमा गएकोले कार्यक्रम समेत प्रदेशमा जानुपर्ने। |
| 312139 | कृषि ज्ञान केन्द्र | | ✓ | | | प्रदेशमा गइसकेको |
| 312143 | चीनी तथा उखु बिकास समिति | | ✓ | | | कार्यक्रम प्रदेशमा गइसकेको। |
| 312156 | रानी जमरा कुलरिया सिचाई आयोजना - प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ✓ | | | | संघमा रहने (राष्ट्रिय गौरवको आयोजना)। |
| 312170 | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | | ✓ | | | कार्यक्रम प्रदेशमा गइसकेको। |
| 312104 | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | | | | हटाउनुपर्ने | यस आर्थिक बर्षमा सम्पन्न हुने भएकोले। |
| 312122 | व्यावसायिक कृषितथाव्यापार आयोजना | | | | हटाउनुपर्ने | यस आर्थिक बर्षमा सम्पन्न हुने भएकोले। |
| 312124 | एकीकृत जलस्रोत व्यवस्थापन आयोजना | | | | हटाउनुपर्ने | यस आर्थिक वर्षमा सम्पन्न हुने भएकोले। |
| 312153 | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | | | | हटाउनुपर्ने | यस आर्थिक वर्षमा सम्पन्न हुने भएकोले। |
| 312157 | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन तथा सूचना प्रणाली) | | | | हटाउनुपर्ने | यस आर्थिक वर्षमा सम्पन्न हुने भएकोले। |
| 312160 | किसानका लागि उन्नत बिउ विजन कार्यक्रम | | | | हटाउनुपर्ने | यस आर्थिक वर्षमा सम्पन्न हुने भएकोले। |
| 312174 | उच्च पहाडी कृषि व्यवसाय | | | | हटाउनुपर्ने | यस आर्थिक वर्षमा सम्पन्न हुने |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | प्रवर्धन तथा जिविकोपार्जन सुधार आयोजना | | | | | भएकोले। |
| 312802 | कृषिप्रसार कार्यक्रम | | | | हटाउनुपर्ने | यस आर्थिक वर्षमा सम्पन्न हुने भएकोले |
| 312177 | बङ्गुर तथा कुखुरा पालन सहकारी कार्यक्रम | | | | हटाउनुपर्ने | सहकारीसँग सम्बन्धित देखिएकोले कृषि तथा पशुपन्छी मन्त्रालयबाट हटाउने। |
| 312119 | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | | | | गाभ्नुपर्ने | प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना। |
| 312176 | नेपाल एकीकृत व्यापार रणनीति कार्यक्रम | | | | गाभ्नुपर्ने | वाणिज्य मन्त्रालय अन्तर्गत रहेको नेपाल एकीकृत व्यापार रणनीति कार्यक्रमसग जोड्ने। |
| 312164 | नेपाल कृषि बजार विकास कार्यक्रम | | | ✓ | | वैदेशिक सहयोगमा सञ्चालित भएकोले संघले समन्वय मात्र गर्ने। स्थानीयमा जाने। |
| 312165 | नेपाल कृषि सेवा विकास कार्यक्रम | | | ✓ | | वैदेशिक सहयोगमा सञ्चालित भएकोले संघले समन्वय मात्र गर्ने। स्थानीयमा जाने। |
| 312167 | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | | | ✓ | | वैदेशिक सहयोगमा सञ्चालित भएकोले संघले समन्वय मात्र गर्ने। स्थानीयमा जाने। |
| 312175 | राष्ट्रिय दुग्ध विकास बोर्ड | | | | खारेज गर्ने | यसको काम मन्त्रालयमा लगि यसको आवश्यकता नभएको |
| 312020 | कपास विकास समिति | | | | खारेज गर्ने | यसको काम मन्त्रालयमा लगि यसको आवश्यकता नभएको। |
| 312021 | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | | ✓ | | केन्द्रमा खारेज गर्ने | केन्द्रमा यसको काम मन्त्रालयले गर्ने भएकोले प्रदेशमा आवश्यकताअनुसार स्थापना हुन सक्ने। |

## वन तथा वातावरण मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 329115 | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ✓ | | | | नेपालको संविधान, २०७२ अनुसूची-५ तथा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र संघको अधिकार भित्र रहेको। |
| 329123 | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ✓ | | | | नेपालको संविधान, २०७२ अनुसूची-५ तथा नेपाल |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | सरकार (कार्यविभाजन) नियमावली,२०७४ अनुसार कार्वन सेवा, सञ्चिती तथा व्यापार संघको अधिकार क्षेत्र भित्र परेको हुनाले |
| 329124 | राष्ट्रपति चुरे-तराई मधेशसंरक्षण विकास समिति | ✓ | | | | राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयनमा रहेको तथा नदी प्रणालीमा अन्तर निकाय/तहहरू सँगको सहयोग र सहकार्यमा सम्पूर्ण चुरे क्षेत्रमा एकीकृत रूपमा कार्य गर्नुपर्ने |
| 329127 | वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग प्रवर्धन आयोजना | ✓ | ✓ | | | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन हुने कार्यक्रमहरू संघीय कार्यालय मातहत सञ्चालन हुने र संरक्षित क्षेत्र बाहिर सञ्चालन हुने कार्यक्रम प्रदेश सरकार मातहत सञ्चालन हुने। |
| 329154 | पर्वतीय जलाधारहरूको जलवायु परिवर्तन समयानुकूलन आयोजना | ✓ | | | | ९ जिल्लामा सञ्चालित भएको तथा २ वर्षमा सकिने र दातृ निकायको सहयोग। |
| 329156 | पहाडी साना किसानका लागि अनुकूलआयोजना | ✓ | | | | ६ जिल्लामा सञ्चालित हुने तथा ३ वर्षमा सकिने र दातृ निकायको सहयोग। |
| 329804 | जलाधार संरक्षण तथा ब्यवस्थापन कार्यक्रम | ✓ | | | | चारवटा वृहत जलाधार क्षेत्रहरूको एकीकृत संरक्षण र व्यवस्थापनका लागि ४ वटा संघीय कार्यालय (वृहत जलाधार व्यवस्थापन कार्यालय) स्थापना भएको। जलाधार क्षेत्र ठूलो हुने कतिपय अवस्थामा छिमेकी देशहरूसँग पनि समन्वय गर्नु पर्ने अवस्था। कार्यान्वयनको क्रममा प्रदेश तथा स्थानीय तहसंग समन्वय गर्न जरुरी। |
| 329014 | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) | | ✓ | | | नेपालको संविधानको अनुसूची-६ अनुसार प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश भित्रको अधिकार सूचीमा उल्लेख भएको। |
| 329019 | हात्तीसारहरू | | ✓ | | | नेपालको संविधान, २०७२ अनुसूची-५ तथा नेपाल |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | सरकार (कार्यविभाजन) नियमावली,२०७४ अनुसार अनुसार राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र संघको अधिकार भित्र रहेको। |
| 329020 | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ✓ | | | | वन तथा वातावरणसँग सम्बन्धि अनुसन्धानका कार्यहरू गरी राष्ट्रिय नीति निर्माणमा योगदान दिन साथै प्रयोगशालामा आधारित अनुसन्धानका कार्यक्रमहरू संघबाट गर्न उपयुक्त हुने भएकोले । |
| 329102 | जडिबुटी विकास कार्यक्रम | ✓ | ✓ | | | नेपालको संविधान तथा नेपाल सरकार (कार्यविभाजन) नियमावली,२०७४ को अवधारणाअनुरूप अध्ययन अनुसन्धान, मापदण्ड निर्धारणका विषयहरू संघीय निकायबाट सञ्चालन गरिनेछ भने जडिवुटी खेती विस्तार, भण्डारण, क्षमता विकास जस्ता विषयहरू प्रादेशिक निकायबाट सञ्चालन गरिनेछ। |
| 329104 | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | | ✓ | | | अनुसन्धान, तालिम र प्रसार कार्यक्रम प्रदेशसरकार बाट सञ्चालन हुने। |
| 329106 | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ✓ | ✓ | | | नेपालको संविधान तथा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अवधारणा अनुरूप अध्ययन अनुसन्धान, मापदण्ड निर्धारणका विषयहरू संघीय निकायबाट सञ्चालन गरिनेछ भने वन व्यवस्थापन, संरक्षण, सदुपयोग तथा क्षमता विकास जस्ता विषयहरू प्रादेशिक निकायबाट सञ्चालन गरिनेछ। |
| 329158 | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | | ✓ | | | समन्वय संघले गर्ने UNDP/UNEP को सहयोग |
| 329806 | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | ✓ | ✓ | | | नेपाल सरकार (कार्यविभाजन) नियमावली,२०७४ को |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | अवधारणाअनुरूप हर्वेरियम व्यवस्थन वन तथा वातावरण मन्त्रालयको अधिकार क्षेत्र रहेको हुनाले। |
| 329809 | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम | ✓ | | | | नेपाल सरकार (कार्यविभाजन) नियमावली,२०७४ को अवधारणाअनुरूप वनस्पतिहरूको रसायनिक गुणको परीक्षण, प्रयोगशाला, मापदण्ड र गुणस्तर लगायतका विषयहरू वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्र रहेको हुनाले। |

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 337101 | सगरमाथा राजमार्ग(गाईघाट-दिक्तेल खण्ड) | | ✓ | | | एउटै प्रदेशभित्र परेकोले प्रदेश लोकमार्गको परिभाषाभित्र पर्ने। |
| 337102 | वी.पी.राजमार्ग (सुर्यविनायक-धुलिखेल,धुलिखेल-सिन्धुली-बर्दिवाससडक आयोजना) | ✓ | | | | अन्तरप्रदेश भएकोले संघमा राखुपर्ने। |
| 337105 | महाकाली कोरिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-टिङकर) | ✓ | | | | दुई देश जोड्ने सडक भएकोले संघमा राख्ने। |
| 337106 | कान्ति राजपथ | | ✓ | | | प्रदेश लोकमार्गको परिभाषाभित्र पर्ने। |
| 337117 | गंगटे-समुन्द्रटार-गल्फुभन्ज्याङ सडक | | ✓ | | | प्रदेश लोकमार्गको परिभाषाभित्र पर्ने। |
| 337120 | सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक | ✓ | | | | अन्तरप्रदेश भित्र रहेकोले संघमा राख्ने। |
| 337124 | दमक-चिसापानी सडक | | ✓ | | | प्रदेश लोकमार्गको परिभाषाभित्र पर्ने। |
| 337125 | मदन भण्डारी राजमार्ग (झापाको शान्तिनगरदेखि पश्चिम डडेल्धुराको रूपालसम्म) | ✓ | | | | अन्तरप्रदेश भित्र रहेकोले संघमा राख्ने। |
| 337129 | गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना | | ✓ | | | प्रदेशलोकमार्गको परिभाषाभित्र पर्ने। |
| 337130 | टनकपुर लिंक सडक | | ✓ | | | प्रदेश लोकमार्गको परिभाषाभित्र पर्ने। |
| 337133 | सडक सुधार आयोजना | ✓ | | | | हाललाई संघमा राखी आ.ब. २०७६/७७ मा तत् तत् प्रदेशमा हस्तान्तरण गर्ने। |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 337136 | ११किलो छेपेटार-भालुस्वारा-बारपाक सडक | | ✓ | | | प्रदेश लोकमार्गको परिभाषाभित्र पर्ने। |
| 337137 | शहिद मार्ग (घोराही-नुवागाउँ-तिला-घर्तीगाउँ-थवाङ-मुसिकोट-मैकोट) | ✓ | | | | अन्तरप्रदेश भित्र रहेकोले संघमा राख्ने। |
| 337138 | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ✓ | | | | अन्तरप्रदेश भित्र रहेकोले संघमा राख्ने। |
| 337139 | रूपैडिया-नेपालगंज-सुर्खेत-दैलेख बजार-महावुलेक-गाल्जे भात्तडी, रतडा-नाग्म-गमगढी-नाक्चेलाग्ना सडक | ✓ | | | | अन्तरप्रदेश भित्र रहेकोले संघमा राख्ने। |
| 337140 | भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे धो) | | ✓ | | | प्रदेश लोकमार्गको परिभाषाभित्र पर्ने। |
| 337141 | काठमांडौ-तराई मधेश फाष्ट ट्र्याक | ✓ | | | | अन्तरप्रदेश भित्र रहेकोले संघमा राख्ने। |
| 337142 | सडक क्षेत्र विकास आयोजना | ✓ | | | | हाललाई संघमा राखी आ.ब. २०७६/७७ मा तत् तत् प्रदेशमा हस्तान्तरण गर्ने। |
| 337145 | उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | ✓ | | | | हाललाई संघमा राखी आ.ब. २०७७/७८ मा तत् तत् प्रदेशमा हस्तान्तरण गर्ने। |
| 337146 | बेनीघाट-आरूघाट-लार्के भन्ज्याङ सडक | ✓ | | | | अन्तर प्रदेश परेको हुनाले संघमा रहनुपर्ने। |
| 337149 | काठमाडौं उपत्यका सडक विस्तार आयोजना | | ✓ | | | अन्तर स्थानीय तह भएकोले प्रदेशमा रहनुपर्ने। |
| 337154 | बेशीशहर-चामे-मनाङ सडक | | ✓ | | | अन्तर स्थानीय तह भएकोले प्रदेशमा रहनुपर्ने। |
| 337157 | स्थानीय सडक पुल निर्माण | | ✓ | | | तत् तत् प्रदेशले अन्तर्गतका स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्ने। |
| 337159 | रणनैतिक सडक पुलहरूको विस्तृत संभाव्यता अध्ययन | ✓ | | | | अन्तरप्रदेशसम्बन्धी भएकोले हाललाई संघमा रहने। |
| 337165 | सडक बोर्ड | ✓ | ✓ | | | संघले समग्र नीति (राष्ट्रिय) र प्रदेशले प्रदेशस्तरीय नीति बनाउने। |
| 337188 | काठमाडौं बाहिरी चक्रपथ | | ✓ | | | अन्तर स्थानीय तहमा पर्ने भएकोले प्रदेशमा रहने। |
| 337197 | महाकाली पुल निर्माण आयोजना | | ✓ | | | अन्तर स्थानीय तहमा पर्ने भएकोले प्रदेशमा रहने। |
| 337198 | सेती राजमार्ग(टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) | ✓ | | | | अन्तराष्ट्रिय सीमा जोड्ने भएकोले संघमा रहने। |
| 337199 | चेपाङ मार्ग (ठोरी-भण्डारा-लोथर-मलेखु) | ✓ | | | | अन्तर प्रदेश तथा अन्तराष्ट्रिय सीमा जोड्ने भएकोले संघमा रहने। |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 337224 | हुलाकी राजमार्ग (पुलहरू समेत) | ✓ | | | | अन्तर प्रदेश तथा अन्तराष्ट्रिय सीमा जोड्ने भएकोले संघमा रहने। |
| 337304 | उपक्षेत्रीय यातायात अभिवृद्धि आयोजना | | ✓ | | | तत् तत् प्रदेशले अन्तर्गतका स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्ने। |
| 337306 | जल मार्ग | ✓ | | | | संघको कार्यक्षेत्रमा पर्ने। |
| 337307 | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ✓ | | | | संघको कार्यक्षेत्रमा पर्ने। |
| 337312 | व्यापारीक मार्ग विस्तार आयोजना | | ✓ | | | तत् तत् प्रदेशले अन्तर्गतका स्थानीय तहसंग समन्वय गरी कार्यान्वयन गर्ने। |
| 337314 | यातायात आयोजना तयारी सहयोग | ✓ | | | | मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले आवश्यक नभएको। |
| 337320 | रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ✓ | ✓ | ✓ | | रणनैतिक सडक पुल खण्ड संघमा रहने गरी अन्य पुल पुलेसा तत् तत् प्रदेश र स्थानीय तहमा जाने। |
| 337326 | सासेक रोड कनेक्टीभिटी प्रोजेक्ट | ✓ | ✓ | | | अन्तर्राष्ट्रिय सहयोगबाट सञ्चालन हुने भएकोले समन्वयको काम संघमा रहने गरी तत् तत् प्रदेशमा लैजाने। |
| 337327 | चक्रपथ विस्तार आयोजना | | ✓ | | | अन्तर स्थानीय तहमा पर्ने भएकोले प्रदेशमा रहने। |
| 337330 | नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजनाः मुग्लिङनारायणगढ सडक खण्ड | ✓ | | | | अन्तर प्रदेश भएकोले संघमा रहने। |
| 337331 | सडक तथा ट्राफिक सुरक्षा | | ✓ | | | तत् तत् प्रदेशले अन्तर्गतका स्थानीय तहसंग समन्वय गरी कार्यान्वयन गर्ने। |
| 337352 | यातायात व्यवस्था सुदृढीकरण आयोजना | | ✓ | | | यस्ता आयोजनाहरू अरू पनि देखिएकोले तत् तत् प्रदेशमा जाने। |
| 337356 | रणनीतिक सडक पुनर्स्थापना तथा सुधार | | ✓ | | | यस्ता आयोजनाहरू अरू पनि देखिएकोले तत् तत् प्रदेशमा जाने। |
| 337357 | राजमार्गस्तरोन्नती (रणनीतिक सडक विकास आयोजना) | | ✓ | | | यस्ता आयोजनाहरू अरू पनि देखिएकोले तत् तत् प्रदेशमा जाने। |
| 337358 | नागढुङ्गा सुरूङमार्ग निर्माण आयोजना | ✓ | | | | उच्च प्रविधियुक्त भएकोले संघमा राख्ने। |
| 337361 | सासेक सडक सुधार आयोजना | | ✓ | | | वैदेशिक सहयोगमा सञ्चालित भएकोले अन्यसँग मर्ज गरी |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | तत् तत् प्रदेशमा जाने। |
| 337362 | मनाङ्ग-मुस्ताङ्ग-डोल्पा-जुम्ला सडक | ✓ | | | | औचित्य पुष्टि गरी अन्तर प्रदेश भएकोले संघमा रहने। |
| 337363 | स्वर्ण सगरमाथा वृहत चक्रपथ (ओखलढुंगा-सोलु-सल्लेरी-खोटाङ -दिक्तेल-ओखलढुंगा) | | ✓ | | | प्रदेश लोकमार्गको परिभाषा भित्र पर्ने भएकोले। |
| 337366 | तराई मधेस सडक पूर्वाधार विशेष कार्यक्रम | ✓ | | | | अन्तर प्रदेश पर्ने देखिएकोले संघमा रहनुपर्ने तर यसको कार्यक्षेत्र थप स्पष्ट गर्नुपर्ने। |
| 337368 | साँघुटार-ओखलढुङ्गा-कुइभिर सडक | | ✓ | | | प्रदेशराजमार्गको परिभाषामा परेको। |
| 337369 | सासेक राजमार्ग सुधार आयोजना | ✓ | | | | वैदेशिक सहयोगमा सञ्चालित भएकोले अन्यसँग मर्ज गरी तत् तत् प्रदेशमा जाने। |
| 337370 | दोश्रो पुल सुधार तथा सम्भार आयोजना | ✓ | | | | पुल पुलेसासँग समायोजन गरी संघमा राख्ने। |

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 370102 | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल समेत) | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 370103 | कान्ति बाल अस्पताल | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 370104 | शुक्रराज ट्रपिकल अस्पताल | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 370105 | परोपकार प्रसुति अस्पताल | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 370106 | नेपाल आँखा अस्पताल | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 370107 | बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 370108 | मनमोहन कार्डियोथेरासिक भस्कुलर तथा ट्रान्स्प्लान्ट केन्द्र, | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | महाराजगंज | | | | | |
| 370109 | शहिद गंगालाल हृदय केन्द्र | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 370110 | बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 370112 | त्रि. वि.शिक्षण अस्पताल (सुरेश वाग्ले स्मृति क्यान्सर केन्द समेत) | ✓ | | | | केन्द्रीय अस्पतालहरू एउटै बजेट उपशीर्षकमा समायोजन गर्ने। |
| 370113 | क्षयरोग नियन्त्रण | ✓ | | | | संघले समन्वय गरी तत् तत् प्रदेशमा जाने । |
| 370114 | एड्स तथा यौन रोग नियन्त्रण | ✓ | | | | संघले समन्वय गरी तत् तत् प्रदेशमा जाने। |
| 370115 | एकीकृत महिला स्वास्थ्य तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | ✓ | | | | ३७०११५ र ३७०११६ आयोजनाहरू एउटैमा गाभिइ सकेको संघले समन्वय गरी तत् तत् प्रदेशमा जाने। |
| 370116 | एकीकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम | ✓ | | | | |
| 370119 | इपिडेमियोलोजी, औलो, कालाज्वर नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१६ अनुसार संघको कार्यक्षेत्रमा पर्ने |
| 370120 | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | | ✓ | | | संगठन संरचना समेत प्रदेशमा गईसकेको |
| 370121 | औषधि र उपकरण आपूर्ति | ✓ | ✓ | ✓ | | • विदेशबाट खरीद गर्नुपर्ने उपकरण एवं औषधि संघले खरीद गर्ने।<br>• स्वदेशमा उत्पादित औषधि, उपकरण,आपूर्ति र वितरण तीनै तहमा। |
| 370122 | अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली | ✓ | | | | सूचीकृत रोगका सूचिकृत नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराइने। |
| 370123 | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र | | ✓ | | | संविधानको अनुसूची-६ क्र.सं.९ अनुसार स्वास्थ्य सेवा तत् तत् प्रदेशमा पर्ने। |
| 370124 | राष्ट्रिय तालिम कार्यक्रम | | ✓ | | | संविधानको अनुसूची-६ क्र.सं.९ अनुसार स्वास्थ्य सेवा तत् तत् प्रदेशमा पर्ने। |
| 370125 | किटजन्य रोग नियन्त्रण अनुसन्धान तथा तालिम केन्द्र | ✓ | | | | संविधानको अनुसूची-५ क्र.सं.१६ विशिष्टिकृत सेवा भएकोले संघमा पर्ने। |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 370126 | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | ✓ | | | | संविधानको अनुसूची-५ क.सं.१६ विशिष्टिकृत सेवा भएकोले संघमा पर्ने। |
| 370127 | स्वास्थ्य कर कोषबाट सञ्चालित कार्यक्रमहरू | | ✓ | | | संविधानको अनुसूची-६ क.सं.९ मा प्रदेशको कार्यक्षेत्रभित्र पर्ने भएकोले (धुम्रपानजन्य रोग नियन्त्रण एवं उपचारको लागि कार्यक्रम रहेकोले स्रोत समेत सुनिश्चत भएको हुँदा प्रदेशमा रहने)। |
| 370128 | आयुर्वेद चिकित्सालय, नरदेवी | ✓ | | | | संविधानको अनुसूची-५ क.सं.१६ विशिष्टिकृत सेवा भएकोले संघमा पर्ने। |
| 370129 | विविध कार्यक्रम (आयुर्वेद विभाग) | | ✓ | | | संविधानको अनुसूची-६ क.सं.९ मा प्रदेशको कार्यक्षेत्रभित्र पर्ने र जिल्ला कार्यालयहरू प्रदेश अन्तर्गत सञ्चालन भइरहेकोले। |
| 370130 | सिहंदरबार वैद्यखाना | ✓ | | | | संविधानको अनुसूची-५ क.सं.१६ विशिष्टिकृत सेवा भएकोले संघमा पर्ने। |
| 370131 | बी.पी. कोईराला लायन्स नेत्र अध्ययन केन्द्र | ✓ | | | | संविधानको अनुसूची-५ क.सं.१६ विशिष्टिकृत सेवा भएकोले संघमा पर्ने। |
| 370132 | नेपाल नेत्रज्योति संघ | ✓ | | | | संविधानको अनुसूची-५ क.सं.१६ विशिष्टिकृत सेवा भएकोले संघमा पर्ने। |
| 370133 | स्वास्थ्य अनुसन्धान परिषद् | ✓ | | | | संविधानको अनुसूची-५ क.सं.१६ नियामक निकाय भएकोले संघमा पर्ने। |
| 370134 | अनुगमन,मूल्यांकन तथा योजना सुदृढीकरण | ✓ | | | • | • कार्यक्रमको शीर्षकअनुसार क्रियाकलापहरू नमिलेको।<br>• क्रियाकलापअनुसार तत् तत् कार्यक्रम शीर्षकहरूमा गाभ्ने गरी पुनर्समायोजन गर्ने। |
| 370136 | प्राथमिक स्वास्थ्य पुनजार्गरण कार्यक्रम | | ✓ | | • | संविधानको अनुसूची-६ क.सं.९ मा प्रदेशको कार्यक्षेत्रभित्र पर्ने, सञ्चालन मितव्ययिता कायम हुने। |
| 370139 | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | | ✓ | | | संविधानको अनुसूची-६ को क.सं.८ अनुसार प्रदेशमा |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | रहने। |
| 370140 | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं.८ अनुसार प्रदेशमा रहने। |
| 370141 | मानव अंग प्रत्यारोपण केन्द्र | ✓ | | | | संविधानको अनुसूची-५ क्र.सं.१६ विशिष्टिकृत सेवा भएकोले संघमा पर्ने। |
| 370143 | सामाजिक स्वास्थ्य सुरक्षा (स्वास्थ्य बिमा) कार्यक्रम | ✓ | | | | छुट्टै ऐनद्वारा स्थापित स्वायत्त निकाय भएकोले स्वास्थ्य मन्त्रालयबाट भिन्न गरी संघमा रहनुपर्ने। |
| 370144 | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ✓ | | | • | • बहु प्रदेशमा पर्ने भएकोले संघमा रहने।<br>• संविधानको अनुसूची-५ क्र.सं.१६ विशिष्टिकृत सेवाप्रदान गर्ने भवन निर्माण भएकोले संघमा पर्ने। |
| 370809 | आयुर्वेद सेवा कार्यक्रम | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं.८ अनुसार प्रदेशमा रहने। |

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 350108 | राष्ट्रिय परीक्षा बोर्ड | ✓ | | | | • नियामक निकाय भएकोले।<br>• कार्यक्षेत्र राष्ट्रियस्तरको भएको। |
| 350109 | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत) | ✓ | | | | एक वर्षभित्र सम्पन्न हुने भएकोले संघबाट सञ्चालित। |
| 350113 | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहारा) | | | ✓ | | संघले समन्वय गर्ने गरी तत् तत् स्थानीय तहमा जाने। |
| 350115 | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | ✓ | | | | दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने कार्यक्रम भएकोले संघमा रहने। |
| 350118 | सबैका लागि शिक्षा - शिशु विकास कार्यक्रम | | ✓ | ✓ | | तत् तत् प्रदेशले समन्वय गरी स्थानीय तहले गर्ने। |
| 350135 | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना दोश्रो | ✓ | | ✓ | | संघले समन्वय गरी स्थानीय तहले काम गर्ने। |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 350136 | सीप विकास परियोजना | ✓ | | | | हाल संघबाट सञ्चालित भएको एवं २०७६/७७ मा सम्पन्न हुने हुँदा संघमा रहने |
| 350138 | पढाई सीप प्रवर्द्धन कार्यक्रम | | | ✓ | | विद्यालयतहमा सञ्चालन हुने कार्यक्रम रहेकोले स्थानीय तहमा जाने। |
| 350139 | उच्च शिक्षा सुधार परियोजना | ✓ | | | • | • विश्वविद्यालय अनुदान आयोग अन्तर्गत रहने भएकोले।<br>• राष्ट्रियस्तरको कार्यक्रम भएको। |
| 350140 | विद्यालय क्षेत्र विकास कार्यक्रम - केन्द्र स्तर | | ✓ | | | हाल संगठन संरचना परिवर्तन हुँदा अधिकांश रकम प्रदेशर स्थानीयमा गएको। |
| 350143 | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं. १५ मा पर्ने। |
| 350145 | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ✓ | | | | यसको काम मन्त्रालयले गर्ने गरी खारेज गर्ने। |
| 350146 | चिकित्सा शिक्षा आयोग | ✓ | | | | नियामक निकाय भएको एवं राष्ट्रियस्तरको कार्यक्षेत्र भएको। |

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 301101 | सूचना र प्रविधि विकास आयोजना | ✓ | | | | केन्द्रीयस्तरको कार्यक्रम भएकोले। |
| 301801 | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ✓ | | | | केन्द्रीयस्तरको कार्यक्रम भएकोले। |

## अर्थ मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 305104 | साना किसान विकास बैंक (वित्तीय संस्था), विविध | ✓ | | | | केन्द्रीयस्तरको कार्यक्रम भएकोले। |
| 305105 | लघु विमा सहयोग कार्यक्रम (पशु ,बाली,स्वास्थ्य) | ✓ | | | | केन्द्रीयस्तरको कार्यक्रम भएकोले। |
| 305106 | शीत घर निर्माण (ब्याज अनुदान) | ✓ | | | | केन्द्रीयस्तरको कार्यक्रम भएकोले। |
| 305114 | बजेट तथा निवृत्तिभरण सुधार आयोजना | ✓ | | | | बजेट निर्माण गर्ने कार्य अर्थ मन्त्रालयको नियमित काम |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | र योगदानमा आधारित निवृत्तिभरण भएकोले खारेज गर्ने। |
| 305117 | पुँजी बजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | ✓ | | | | यस आर्थिक वर्षमा सम्पन्न हुने। |
| 305119 | सार्वजनिक संस्थान निर्देशन बोर्ड | ✓ | | | | खारेज भइसकेको। |
| 305120 | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ✓ | | | | समग्र वित्तीय व्यवस्थापनमा सुधार गर्ने कार्यक्रम भएकोले। |
| 305121 | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | ✓ | | | | बिशिष्ट कार्यप्रकृतिको भएकोले। |
| 305122 | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ✓ | | | | नयाँ कार्यालय। |
| 305321 | भन्सार सुधार कार्यक्रम | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं. ९ रहेको एवं समग्र भन्सारसम्बन्धी कार्यक्रम केन्द्रमै रहने। |
| 305322 | ब्याज अनुदान (कृषी, पशुपालन तथा अन्य आयआर्जन) | ✓ | | | | यस्तै प्रकारका ब्याज अनुदानसम्बन्धी कार्यक्रम अर्को बजेट शीर्षकमा पनि देखिएकोले एकीकृत गरी केन्द्रमा रहने। |

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 307102 | खनिज अन्वेषण तथा विकास आयोजना | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं.१७ मा प्रदेशको कार्यक्षेत्रमा परेको। |
| 307103 | पेट्रोलियम अन्वेषण परियोजना | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं.१७ मा प्रदेशको कार्यक्षेत्रमा परेको। |
| 307104 | भू-वैज्ञानिकसर्भेक्षण तथा अनुसन्धान आयोजना | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं.१७ मा प्रदेशको कार्यक्षेत्रमा परेको। |
| 307105 | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | | ✓ | | | प्रदेशमा राख्न उपयुक्त हुने। |
| 307108 | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | ✓ | | | | कार्य विस्तृतीकरण प्रतिवेदन को १५.१.२ अनुसार। |
| 307109 | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ✓ | | | | यस्तो कार्य मन्त्रालयको नियमित काममा पर्ने भएकोले खारेज गर्ने। |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 307116 | कण्ठ रोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेट) | ✓ | | | | राष्ट्रियस्तरमा सम्पादन गर्नुपर्ने भएकोले। |
| 307117 | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना -बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ✓ | | | | अन्तराष्ट्रिय कार्यक्रम भएकोले। |
| 307118 | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ✓ | | | | अन्तर्राष्ट्रिय कार्यक्रम सम्बन्धित भएकोले। |
| 307119 | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | ✓ | | | | अन्तर्राष्ट्रिय ब्यापारसँग सम्बन्धित भएकोले। |

## ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 308101 | जल तथा ऊर्जा आयोग | ✓ | | | | संविधानको अनुसूचि ५ को क्र.सं. ११ अनुसार। |
| 308102 | नदी बेसिनयोजना तथा जलविद्युत विकास गुरूयोजना तर्जुमा आयोजना | ✓ | | | | दीर्घकालीन योजना तर्जुमा गर्नुपर्ने भएकोले। |
| 308103 | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले। |
| 308104 | सप्तकोशी बहुउद्धेश्यीय आयोजना | | ✓ | | | प्रदेशस्तरीय कार्यक्षेत्र भएकोले। |
| 308105 | पंचेश्वर बहुउद्धेश्यीय आयोजना | ✓ | | | | अन्तर्राष्ट्रिय सीमामा भएकोले। |
| 308106 | जलविद्युत आयोजना अध्ययन | ✓ | | | | एकभन्दा बढी प्रदेशमा रहेकोले सम्भाव्यता अध्ययन सकिएपछि तत् तत् प्रदेशमा दिने गरी हाल संघमा रहने। |
| 308107 | जलविद्युत आयोजना सम्बन्धी मापदण्ड | | | | खारेज गर्ने | जल तथा ऊर्जा मन्त्रालयको मुख्य काम नै मापदण्ड तयार गर्नुपर्ने भएकोले मन्त्रालयको विनियोजित बजेटबाट काम गर्ने गरी खारेज। |
| 308112 | बुढीगंगा जलविद्युत आयोजना | ✓ | | | | • संविधानको अनुसूची-५ को क्र.सं. १४ अनुसार संघमा रहने।<br>• आयोजना समापन भएपछि तत् तत् प्रदेशमा सञ्चालन |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | सम्भारको लागि पठाउने। |
| 308113 | बुढीगण्डकी जलविद्युत आयोजना | ✓ | | | | • संविधानको अनुसूची-५ को क्र.सं. १४ अनुसार संघमा रहने।<br>• आयोजना समापन भएपछि तत् तत् प्रदेशमा सञ्चालन सम्भारको लागि पठाउने। |
| 308114 | नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड | ✓ | | | | • संविधानको अनुसूची-५ को क्र.सं.१४ अनुसार संघमा रहने।<br>• आयोजना समापन भएपछि तत् तत् प्रदेशमा सञ्चालन सम्भारको लागि पठाउने। |
| 308115 | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | ✓ | | | | • संविधानको अनुसूची-५ को क्र.सं.१४ अनुसार संघमा रहने।<br>• दीर्घकालीन योजनाको रूपमा राष्ट्रियस्तरको कार्यक्रम भएको। |
| 308116 | जल तथा मौसम विज्ञान कार्यक्रम | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं. २३ अनुसार संघमा रहने। |
| 308117 | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ✓ | | ✓ | | संघले समन्वय गरी कार्यक्रमहरू संविधानको अनुसूची-८ को क्र.सं. १९ मा स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने। |
| 308118 | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | ✓ | | | | • संविधानको अनुसूची-८ को क्र.सं. १९ मा स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने।<br>• वर्तमानमा वैदेशिक सहायता संलग्न भएकोले यसको संयोजन केन्द्र/मन्त्रालयले |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | गर्ने। |
| 308120 | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ✓ | | | | • संविधानको अनुसूची-५ को क्र.सं.२३ र २७ बमोजिम। • राष्ट्रियस्तरको कार्यक्रम भएकोले। |
| 308124 | सिँचाइ संस्थागत विकास कार्यक्रम | | | | खारेज गर्ने | विभागको विनियोजनमा रकम बढाई खारेज गर्ने । |
| 308125 | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ) | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं. ७ बमोजिम। |
| 308126 | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम। |
| 308127 | यान्त्रिक व्यवस्थापन कार्यक्रम | | ✓ | | | तत् तत् प्रदेशमा पठाउने। |
| 308128 | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना | | ✓ | | | तत् तत् प्रदेशमा पठाउने। |
| 308129 | नदी नियन्त्रण | | ✓ | | | तत् तत् प्रदेशमा पठाउने। |
| 308130 | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ✓ | | | | राष्ट्रियस्तरको भएकोले केन्द्रमा रहने। |
| 308131 | भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण आयोजनाहरू (बागमती, कमला, खाँडो र लालबकैया समेत) | ✓ | | | | • अन्तराष्ट्रय सहयोग भएको। • राष्ट्रियस्तरको भएकोले केन्द्रमा रहने। • अन्तर प्रदेश भएको। |
| 308132 | भूमिगत जलस्रोत विकास समिति | | | | खारेज गर्ने | मन्त्रालयबाट कार्य गर्ने गरी खारेज गर्ने। |
| 308135 | मर्मत सम्भार आयोजनाहरू | | | ✓ | | केन्द्रबाट मापदण्ड बनाई स्थानीय तहमा काम सम्पन्न गर्ने गरी व्यवस्था मिलाउने। |
| 308136 | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम। |
| 308137 | बागमती सिँचाइ आयोजना | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम। |
| 308138 | बबई सिँचाइ आयोजना | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम। |
| 308139 | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं. ७ बमोजिम। |
| 308140 | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं. ७ बमोजिम। |
| 308141 | प्रगन्ना तथा बड्कापथ सिँचाइ | | ✓ | | | संविधानको अनुसूची-६ |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | आयोजना, दाङ | | | | | को क्र.सं. ७ बमोजिम। |
| 308142 | सिक्टा सिँचाइ आयोजना | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम। |
| 308145 | पालुङटार-कुण्डुटार सिँचाइ आयोजना | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं. ७ बमोजिम। |
| 308148 | टार बजार संरक्षण कार्यक्रम (इन्द्रावती बगर कोरिडोरसमेत) | | ✓ | | | संविधानको अनुसूची-६ को क्र.सं. ७ बमोजिम। |
| 308149 | रानीजमरा कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 308150 | भेरी-ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 308151 | जलसाधन योजना तयारी सुविधा आयोजना | ✓ | | | | • ठूला कार्यक्रम भएकोले<br>• संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 308152 | सिँचाइ पुनर्स्थापना आयोजना )कुवेत फण्ड( | ✓ | | | | अन्तर्राष्ट्रिय सहयोग भएकोले |
| 308154 | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ✓ | | | | मन्त्रालयको प्रमुख कार्यक्षेत्रभित्र परेकोले विनियोजन बढाई कार्यक्रम स्थगन गर्ने |
| 308155 | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 308156 | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 308157 | बृहत दाङ उपत्यका सिँचाइ आयोजना | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 308158 | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | ✓ | | | | नयाँ प्रविधियुक्त भएकोले केन्द्रमा राख्ने |
| 308160 | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | ✓ | | | | बहुआयामिक तथा नयाँ प्रविधियुक्त भएकोले केन्द्रमा राख्ने |

# खानेपानी मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 313101 | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | | ✓ | | | तत् तत् प्रदेश मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने देखिएको |
| 313102 | खानेपानी सेवा नियमन तथा पुनर्स्थापना कार्यक्रम | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 313104 | जनसाधन विकास कार्यक्रम | | ✓ | | | कामको प्रकृति अनुसार प्रदेश तहबाट परिचालन हुँदा मितव्ययी तथा प्रभावकारी हुने |
| 313106 | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | | ✓ | | | कामको प्रकृति अनुसार प्रदेश तहबाट परिचालन हुँदा मितव्ययी तथा प्रभावकारी हुने |
| 313108 | तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | ✓ | | ✓ | | संघले समन्वय गरी तत् तत् स्थानीय तहबाट सञ्चालन हुने |
| 313109 | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 313110 | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ✓ | ✓ | | | केन्द्रले समन्वय गरी तत् तत् प्रदेशमा कार्यान्वयनमा पठाउने |
| 313111 | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | | | ✓ | | सम्बन्धित प्रदेशले समन्वय गर्ने गरी तत् तत् स्थानीय तहमा कार्यान्वयनमा पठाउने |
| 313114 | मेलम्ची खानेपानी आयोजना | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम |
| 313115 | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | | | ✓ | | तत् तत् स्थानीय तहमा कार्यान्वयनमा पठाउने |
| 313118 | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | | | ✓ | | तत् तत् स्थानीय तहमा कार्यान्वयनमा पठाउने |
| 313119 | संघीय गुणस्तर अनुगमन तथा आयोजना कार्यान्वयन कार्यालयहरू | | | ✓ | | बजेट शीर्षक ३१३१०६ र ३१३११९ एकै प्रकृतिको भएकोले समायोजन गरी तत् तत् स्थानीय तहमा कार्यान्वयनमा पठाउने |

## सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 325102 | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ✓ | | | | रणनैतिक साझेदार खोजी व्यवस्थापन कुशलता अभिवृद्धि गर्ने गरी संघमा रहने। |
| 325104 | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ✓ | | | | कार्य विस्तृतीकरण प्रतिवेदनको बुँदा नं १९ बमोजिम संघको कार्यक्षेत्र एवं अन्तर्राष्ट्रिय कानूनसँग सम्बन्धित कार्य गर्नुपर्ने भएकोले केन्द्रमा रहने। |
| 325106 | पर्यटन पूर्वाधार विकास आयोजना | | ✓ | | | तत् तत् प्रदेशमा कार्यान्वयनमा पठाउने। |
| 325108 | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | ✓ | | | | अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित र उच्च प्रविधियुक्त भएको। |
| 325111 | पुरातात्विक संरक्षण | | | ✓ | | तत् तत् स्थानीय तहले कार्यान्वयन गर्ने। |
| 325112 | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ✓ | | | | अन्तर्राष्ट्रिय सम्बन्ध तथा विश्व सम्पदासँग सम्बन्धित। |
| 325113 | संस्कृति प्रवर्द्धन कार्यक्रम | | | ✓ | | तत् तत् स्थानीय तहले कार्यान्वयन गर्ने। |
| 325115 | पशुपति क्षेत्र विकास कोष | ✓ | | | | राष्ट्रिय गौरवका आयोजना भएकोले। |
| 325116 | लुम्बिनी विकास कोष | ✓ | | | | राष्ट्रिय गौरवका आयोजना भएकोले । |
| 325117 | सांस्कृतिक संस्थान | | | | | • संविधानको अनुसूची-५ को क्र.सं.१५ बमोजिम संघमा रहने।<br>• प्रज्ञा प्रतिष्ठानहरूको छाता ऐन तथा संगठन बनाई प्रज्ञा, ललितकला, संगीत तथा नाट्यलाई एकीकृत गरी संघमा राख्ने। |
| 325118 | नेपाल प्रज्ञा प्रतिष्ठान | ✓ | | | | |
| 325119 | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ✓ | | | | |
| 325120 | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ✓ | | | | |
| 325122 | यातायात (हवाई) आयोजना तयारी सुविधा | ✓ | | | | संविधानको अनुसूची-५ को क्र.सं.१९ बमोजिम संघमा रहने। |
| 325123 | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले। |

## महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 340101 | महिला विकास कार्यक्रम | | | ✓ | | तत् तत् स्थानीय तहमा जाने। |
| 340102 | महिला सशक्तिकरण कार्यक्रम | | | ✓ | | तत् तत् स्थानीय तहमा जाने। |
| 340105 | समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | | | ✓ | | तत् तत् स्थानीय तहमा जाने। |
| 340107 | बाल कल्याण कार्यक्रम | | | ✓ | | तत् तत् स्थानीय तहमा जाने। |
| 340108 | बाल कल्याण समिति | | ✓ | | | समन्वयको लागि तत् तत् प्रदेशमा जाने। |
| 340112 | लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम | ✓ | | | | कार्यक्रम सम्पन्न हुने मिति समाप्त भइसकेकोले। फरफारकको लागि संघमै रहने। |
| 340113 | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले संघमा रहनुपर्ने। |

## सहरी विकास मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 347180 | आवास व्यवस्था कार्यक्रम | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले संघमा रहने। |
| 347182 | एकीकृत कार्यमूलक योजना ) शहरी विकास ( | ✓ | | | | अन्तर प्रदेश एवं अन्तर स्थानीय तहसँग सम्बन्धित भई राष्ट्रियस्तरमा सम्पादन गर्ने कार्यक्रम भएकोले । |
| 347185 | नगर विकास कोष | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले संघमा रहने। |
| 347186 | सघन शहरी विकास कार्यक्रम | ✓ | | | | • संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम संघमा रहने<br>• वैदेशिक सहयोग प्राप्तिमा समन्वय गर्नुपर्ने भएकोले। |
| 347187 | शहरी तथा वातावरणीय सुधार आयोजना | ✓ | | | | • संविधानको अनुसूची-५ को क्र.सं.१४ बमोजिम संघमा रहने।<br>• वैदेशिक सहयोग प्राप्तिमा समन्वय गर्नुपर्ने भएकोले। |
| 347190 | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ✓ | | | | संघीय संसद भवन निर्माण एवं गुणस्तर तथा मानक तयार गर्नुपर्ने भएकोले। |
| 347197 | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | ✓ | | | | आयोजना समाप्तितर्फ गएकोले अन्तिम भुक्तानी लगायत हिसाव फरफारक गर्नुपर्ने |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | | | | | | भएकोले। |
| 347308 | धोविखोला कोरिडोर सुधार आयोजना | ✓ | | | | उच्च प्रविधियुक्त आयोजना भएकोले। |
| 347309 | नेपाल भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ✓ | | | | • संविधानको अनुसूची-५ को क्र.सं.१८ अनुसार। • अन्तर्राष्ट्रिय सीमा सम्बन्धी कार्य गर्नुपर्ने भएकोले। |
| 347316 | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ✓ | | ✓ | | केन्द्रले प्राविधिक र वैदेशिक सहयोग समन्वय गरी तत् तत् स्थानीय तहमा जाने। |
| 347320 | एकीकृत शहरी विकास आयोजना | ✓ | | ✓ | | केन्द्रले प्राविधिक र वैदेशिक सहयोग समन्वय गरी तत् तत् स्थानीय तहमा जाने। |
| 347357 | बागमती सुधार आयोजना | ✓ | | | | यसै आर्थिक वर्षमा आयोजना समाप्तितर्फ गएकोले। |
| 347358 | नयाँ सहर आयोजना | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले। |
| 347360 | गरिबी लक्षित सहरी पुनर्उत्थान कार्यक्रम | | | ✓ | | तत् तत् स्थानीय तहमा जाने। |
| 347361 | क्षेत्रीय शहरी विकास कार्यक्रम | | ✓ | | | तत् तत् प्रदेशमा जाने तथा वैदेशिक सहयोगको लागि संघले समन्वय गर्ने। |
| 347362 | संघीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | ✓ | | | | संघीय मन्त्रालयले गर्ने काम भएकोले मन्त्रालयको बजेट विनियोजनबाट गर्ने गरी यो आयोजना हटाउने। |
| 347363 | सहरी पूर्वाधार लगानी आयोजना | ✓ | | | | वैदेशिक स्रोत भएको एवं संघीय कार्यक्रम भएकोले। |

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 358102 | रेडियो प्रसार सेवा विकास समिति | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले। |
| 358105 | प्रमाणीकरण नियन्त्रकको कार्यालय | ✓ | | | | राष्ट्रव्यापी कार्यक्षेत्र भएको र नियामक निकाय समेत भएकोले। |
| 358106 | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ✓ | | | | राष्ट्रियस्तरको कार्यक्रम भएकोले। |

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 365105 | आदिवासि/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ✓ | | | खारेज गर्ने | संविधानको धारा २६१ बमोजिम छुट्टै आयोगको व्यवस्था भइसकेकोले आयोगसँग समायोजन गर्ने। |
| 365144 | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | | ✓ | | | अन्तर स्थानीय प्रशिक्षण कार्यक्रम भएकोले। |
| 365154 | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | | | ✓ | | संघले प्राविधिक सहयोगमा समन्वय गरी तत् तत् स्थानीय तहमा जाने। |
| 365155 | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | ✓ | | | | संविधानको धारा २३२ बमोजिम संघको कार्यक्षेत्रसँग सम्बन्धित। |
| 365157 | निजामती कर्मचारी अस्पताल विकास समिति | ✓ | | | | संविधानको अनुसूची-५ क्र.सं.१६ बमोजिम भएकोले। |
| 365158 | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | | ✓ | | | प्रदेश विशेषको कार्यक्षेत्रमा पर्ने भएकोले।<br>प्रदेशमा तालिम केन्द्र रहने भएकोले। |
| 365160 | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | | ✓ | • | • संविधानको अनुसूची-८ क्र.सं.११ बमोजिम भएकोले।<br>• स्थानीय तहको कार्यक्षेत्रसँग सम्बन्धित भएकोले। |
| 365801 | जिल्ला समन्वय समितिको कार्यालयहरू | ✓ | | | | • संविधानको धारा २२० बमोजिम जिल्लास्तरीय समन्वयको कार्य गर्नुपर्दा स्थानीयमा रहनुपर्ने भएता पनि प्रदेश र स्थानीयको सञ्चित कोषले नसमेट्ने भएकोले संघमा रहनुपर्ने।<br>• संविधानको अनुसूची-५ को क्र.सं.३५ बमोजिम। |
| 365805 | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | ✓ | | | | परियोजना सम्पन्न हुने आर्थिक वर्ष २०७५/७६ भएको देखिएकोले संघमै रहने। |
| 365806 | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | | | ✓ | | संविधानको अनुसूची-८ को क्र.सं.११ अनुसार। |
| 365809 | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | | ✓ | | | प्राविधिक सहयोग संघले प्रदान गर्ने गरी प्रदेशले कार्यान्वयन गर्ने। |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 365810 | ग्रामीण पहुँच कार्यक्रम | ✓ | | | | परियोजना सम्पन्न हुने आर्थिक वर्ष २०७५/७६ भएको देखिएकोले संघमै रहने। |
| 365821 | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ✓ | | | | आयोजना आ.ब. २०७४/७५ मा समाप्त भइसकेकोले फरफारक गर्नुपर्ने। |
| 365831 | स्थानीयस्तरका सडक पुल तथा सामुदायिक पहुंच सुधार परियोजना | | ✓ | | | • अन्तर स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले।<br>• संविधानको अनुसूची-८ को क.सं.११ अनुसार। |
| 365840 | पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | | ✓ | | | अन्तर स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 365842 | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम | | ✓ | | | तत् तत् प्रदेशमा लगि भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत कार्यक्रम राख्नुपर्ने। |
| 365844 | साना सिँचाइ कार्यक्रम | | | ✓ | | स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले। |
| 365847 | बहुक्षेत्रीय पोषण कार्यक्रम | | ✓ | | | तत् तत् प्रदेशमा लगी सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यक्रम राख्नुपर्ने। |
| 365852 | तराई मधेस समृद्धि कार्यक्रम | ✓ | | | | अन्तरप्रदेश भएकोले संघमा रहनुपर्ने। |

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 371104 | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | | ✓ | | | प्रदेशमा तालिम केन्द्र रहने भएकोले तत् तत् प्रदेशमा लाने। |
| 371105 | रोजगार प्रवर्द्धन कार्यक्रम | ✓ | | | | • राष्ट्रियस्तरका कार्यक्रम भएकोले संघमा रहने।<br>• एकै प्रकृतिका कार्यक्रम भएकोले एक आपसमा गाभ्ने। |
| 371108 | प्रधानमन्त्री रोजगार कार्यक्रम | ✓ | | | | |
| 371107 | सामाजिक सुरक्षा कोष | ✓ | | | | • संविधानको अनुसूची-५ को क.सं.३२ अनुसार।<br>• राष्ट्रियस्तरका कार्यक्रम भएकोले संघमा रहने।<br>• एकीकृत सामाजिक सुरक्षा कोष बनाउने। |

# अर्थ मन्त्रालय -वित्तीय व्यवस्था

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 501101 | नेपाल नागरिक उड्डयन धिकरण | ✓ | | | | • वित्तीय व्यवस्थासम्बन्धी प्रावधान (शेयर तथा ऋण लगानी) संविधानको अनुसूची-५ को क.सं.३५ अनुसार संघमा रहने।<br>• वित्तीय व्यवस्था संघीय बजेटमार्फत निकाशा जाने भएकोले।<br>• कार्य विस्तृतीकरणको बुँदा नं.५.१.९ अनुसार वित्तीय व्यवस्था संघको कार्यक्षेत्रभित्र परेकोले। |
| 501102 | नेपाल टेलीभिजन | ✓ | | | | |
| 501104 | नगर विकास कोष-खानेपानी क्षेत्र | ✓ | | | | |
| 501105 | १३२ के.भी.तथा अन्य प्रसारण लाईन विस्तार | ✓ | | | | |
| 501106 | थानकोट-चापागाउं-भक्तपुर१३२ के.भी | ✓ | | | | |
| 501107 | अन्य ३३ के.भी. तथा सव-स्टेशन आयोजनाहरू | ✓ | | | | |
| 501110 | जलविद्युत सुदृढीकरण आयोजना | ✓ | | | | • वित्तीय व्यवस्थासम्बन्धी प्रावधान (शेयर तथा ऋण लगानी) संविधानको अनुसूची-५ को क.सं.३५ अनुसार संघमा रहने।<br>• वित्तीय व्यवस्था संघीय बजेटमार्फत निकाशा जाने भएकोले।<br>• कार्य विस्तृतीकरणको बुँदा नं.५.१.९ अनुसार वित्तीय व्यवस्था संघको कार्यक्षेत्रभित्र परेकोले। |
| 501111 | सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण | ✓ | | | | |
| 501114 | कुलेखानी तेस्रो जलविद्युत आयोजना (१४ मे.वा.) | ✓ | | | | |
| 501118 | चमेलिया गाडजलविद्युत आयोजना (३० मे.वा.) | ✓ | | | | |
| 501119 | जलाशययुक्त आयोजनाहरूको छनौट तथा सम्भाव्यता अध्ययन | ✓ | | | | |
| 501120 | ठूला तथा मझौला जलविद्युत अध्ययन आयोजना | ✓ | | | | |
| 501121 | माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मे. वा.) | ✓ | | | | |
| 501122 | माथिल्लो त्रिशुली (३ए) जलविद्युत आयोजना (६० मे.वा.) | ✓ | | | | |
| 501123 | राहुघाट जलविद्युत आयोजना (२७ मे.वा.) | ✓ | | | | |
| 501125 | लगानी -विविध | ✓ | | | | |
| 501126 | खानेपानी उत्पादन बृद्धि कार्यक्रम | ✓ | | | | |
| 501127 | खानेपानी तथा ढल निकास कार्यक्रम | ✓ | | | | |
| 501128 | काठमांडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | ✓ | ✓ | | | |
| 501133 | तनहुँ जलविद्युत आयोजना (१४० मे.वा.) | ✓ | | | | • वित्तीय व्यवस्थासम्बन्धी प्रावधान (शेयर तथा ऋण लगानी) संविधानको |
| 501136 | हवाई यातायात क्षमता | ✓ | | | | |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| | अभिवृद्धि आयोजना | | | | | अनुसूची-५ को क्र.सं.३५ अनुसार संघमा रहने। • वित्तीय व्यवस्था संघीय बजेटमार्फत निकाशा जाने भएकोले। • कार्य विस्तृतीकरणको बुँदा नं.५.१.९ अनुसार वित्तीय व्यवस्था संघको कार्यक्षेत्रभित्र परेकोले। |
| 501145 | काठमाण्डौं उपत्यका खानेपानी सुधार आयोजना | ✓ | | | | |
| 501148 | माथिल्लो मोदी जल विद्युत आयोजना | ✓ | | | | |
| 501150 | नेपाल भारत विद्युत प्रशारण | ✓ | | | | |
| 501161 | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | ✓ | | | | |
| 501163 | नगर विकास कोष-मझौला शहरी ३३७१८७ | ✓ | | | | |
| 501164 | नगर विकास कोष-शहरी शासकीय सुधार ३३७३१६ | ✓ | | | | |
| 501166 | पशुपालन (मासुजन्य र दुग्धजन्य) कर्जा तथा पशुधन कार्यक्रम | ✓ | | | | |
| 501167 | काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना | ✓ | | | | |
| 501168 | काठमाडौं उपत्यका विकास प्राधिकरण | ✓ | | | | |
| 501169 | एकीकृत शहरी विकास योजना | ✓ | | | | |
| 501170 | सार्वजनिक संस्थान सुधार कार्यक्रम | ✓ | | | | |
| 501172 | पुनर्नविकरणीय तथा क्षमता विस्तार आयोजना | ✓ | | | | • वित्तीय व्यवस्थासम्बन्धी प्रावधान (शेयर तथा ऋण लगानी) संविधानको अनुसूची-५ को क्र.सं.३५ अनुसार संघमा रहने। • वित्तीय व्यवस्था संघीय बजेटमार्फत निकाशा जाने भएकोले। • कार्य विस्तृतीकरणको बुँदा नं.५.१.९ अनुसार वित्तीय व्यवस्था संघको कार्यक्षेत्रभित्र परेकोले। |
| 501174 | तामाकोशी पाचौं जलबिद्युत आयोजना | ✓ | | | | |
| 501175 | जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड | ✓ | | | | |
| 501177 | ढल प्रशोधन केन्द्र | ✓ | | | | |
| 501178 | जलविद्युत उत्पादन, प्रशारण र ब्यापारसम्बन्धी कम्पनीहरू | ✓ | | | | |
| 501179 | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | ✓ | | | | |
| 501180 | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारा | ✓ | | | | |
| 501183 | विद्युत उत्पादन कम्पनी लिमिटेड | ✓ | | | | |
| 501184 | राष्ट्रिय प्रशारण ग्रीड कम्पनी लिमिटेड | ✓ | | | | |
| 501185 | अपर अरूण जलविद्युत आयोजना कम्पनी लिमिटेड | ✓ | | | | |
| 501186 | पावर सेक्टर रिर्फम ऐण्ड सस्टेनबल हाईड्रोपावर डेभलपमेन्ट प्रोजेक्ट | ✓ | | | | |

| कोड | आयोजनाको नाम | संघ | प्रदेश | स्थानीय तह | गाभ्ने/स्थगन गर्ने | मापदण्ड/औचित्य |
|---|---|---|---|---|---|---|
| 501187 | नगर विकास कोष | ✓ | | | | |

## अध्याय चार

# चालु खर्च वृद्धिका कारणहरू र नियन्त्रणका उपायहरु

## ४.१ चालु खर्च संरचना

विगत वर्षहरूदेखि चालु खर्च निरन्तर बढ्दै गएको देखिन्छ। यसको विश्लेषण अध्याय दुईमा गरिएको छ। पछिल्ला आर्थिक वर्षहरूमा यस्को वृद्धि अझ बढेको देखिन्छ। आर्थिक वर्ष २०७३/७४ मा रू. ५ खर्व १९अर्व रहेको चालु खर्च २०७५/७६ मा रू. ८ खर्व ४५ अर्व पुगी आ.व. २०७३/०७४ को तुलनामा करिव ६३ प्रतिशतले बढेको छ। उल्लखित तीन आर्थिक वर्षको चालु खर्च सम्बन्धित आर्थिक बर्षको कुल खर्चको क्रमशः ६२,६७ र ६४ प्रतिशत रहेको छ। यसरी तीन आर्थिक वर्षमा सरदर ६४ प्रतिशतले चालु खर्च बढेको छ। चालु खर्च सामान्यतः नियमित प्रकृतिको खर्च भएकोले देशको राजस्वबाट व्यहोर्न  सकिने हुनुपर्दछ। हाल राजस्वको लक्ष्य प्राप्ति भएकै अवस्थामा पनि चालु खर्च राजस्वले धान्न नसक्ने अवस्था रहेको छ, जुन चिन्ताजनक मान्नु पर्दछ। चालु खर्च भित्र पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग, व्याज र सेवा खर्च, सहायता, अनुदान, सामाजिक सुरक्षा खर्चहरू पर्दछन्। त्यस्तै यसभित्र शिक्षा, स्वास्थ्य जस्ता सेवासँग सम्बन्धित खर्चहरू पर्दछन्। चालु खर्चले दैनिक प्रशासन मात्र नधानेर निर्मित पुँजीको उपयोग गरी देशको आर्थिक सामाजिक विकासमा सहयोग पुऱ्याउनु पर्ने हुन्छ। अर्कोतर्फ धान्न सकिने आकारमा राख्न नसकिएमा चालु खर्चका लागी राजस्वले नपुगेर ठूलो आकारमा आन्तरिक ऋण उठाउनु पर्ने परिस्थितिको सृजना हुन् सक्छ।यसबाट वित्त सन्तुलन विग्रिइ अर्थतन्त्रमा अस्थिरता निम्तिन सक्दछ।तसर्थ, चालु खर्च भित्र के कस्ता खर्चहरू बढीरहेका छन् भन्ने पक्ष महत्त्वपूर्ण हुन्छ।

### ४.१.१ पारिश्रमिक सुविधा अन्तर्गत तलब र भत्ता

सार्वजनिक कोषमा प्रत्यक्ष चाप पर्ने चालु खर्चहरूमा मुख्य अंश तलब भत्ता, औषधी उपचार, पोशाकजस्ता नियमित खर्चहरूले ओगटेका हुन्छन्। यसमा मुख्यतः निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, शिक्षक, प्राध्यापक, सार्वजनिक निकायहरू जस्तै प्राधिकरण, बोर्ड, केन्द्र, निगम, परिषद्, समिति, आदिमा कार्यरत कर्मचारीहरूको तलब र भत्ता लगायतका पारिश्रमिक एवं सुविधाको बजेट समावेश हुन्छ। आर्थिक वर्ष २०७५/७६ मा कूल चालु खर्चको १४.५२ प्रतिशत यस शीर्षकमा विनियोजन भएको छ। निरन्तर घाटामा गएका र सञ्चित मुनाफा क्रमशः ऋणात्मक बनाउने सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीहरूको तलब भत्ता समेत सरकारले ऋण लगानी मार्फत वेहोर्ने गरेको छ। सेना तथा प्रहरीलाई पोशाक एवं खाद्यान्नमा समेत बजेट विनियोजन

गरिन्छ। वार्षिक १० हजार रूपैयाँका दरका कारण सार्वजनिक सेवामा कार्यरत कर्मचारीहरूलाई पोशाक खर्च पनि प्रदान गरिन्छ। केन्द्रीय तहमा मात्र रहेका कर्मचारीहरूको दरबन्दी अब संघ, प्रदेश तथा स्थानीय तहमा पनि रहने भएकोले साविकमा भएको खर्चमा बढोत्तरी हुने निश्चित छ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी पहिलो चरणको दरबन्दी यकिन भए पनि हालै आएको समायोजन ऐनले दरबन्दी हेरफेर गर्ने कार्य निरन्तर भइरहेको अवस्था रहेकोले दरबन्दी संख्या यकिन भइसकेको छैन। अपितु हालको अवस्थामा देहायबमोजिम तलबमा वार्षिक खर्च हुने अनुमान गर्न सकिन्छ।

| **विवरण** | **संख्या** | **तलबमा वार्षिक लागत** (रू.करोडमा) |
|---|---|---|
| १. निजामती<br>क. संघ - ४५८५८<br>ख. प्रदेश - २१३९९<br>ग. स्थानीय तह - ३७५७८ | १०४८३५ | २९१०.२४ |
| २. नेपाली सेना | ९६७६६ | ३०७५.७ |
| ३. नेपाल प्रहरी | ७५९२७ | २२५४.५ |
| ४. सशस्त्र प्रहरी बल | ३७११८ | १०६८.१ |
| ५. शिक्षक | १५४७६० | ५१७३.१३ |
| ६. विश्व विद्यालयका प्राध्यापक | १९५८८ | ८७७.२८ |
| जम्मा | ४८८९६४ | १५३५८.९५ |

*स्रोतः सङ्गठन तथा व्यावस्थापन सर्भेक्षण, प्रतिवेदन MOFAGA २०७५*

आर्थिक वर्षको जुनसुकै महिनामा ठूलो सङ्ख्यामा दरबन्दी थप गरिए आगामी आर्थिक वर्षमा यसको चाप पर्न जान्छ। यसले सरकारको दायित्व अनन्तकालसम्म बढ्ने संभावना रहन्छ।

## ४.१.२ कार्यालय सञ्चालन खर्च

यस खर्च अन्तर्गत पानी, विजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, सञ्चालन तथा मर्मत संभार र बिमा खर्चहरू पर्दछन्। हालको संघीय संरचनामा साङ्गठनिक व्यवस्थामा परिवर्तन भएको छ। साविकमा मुलुकभर करिव ५ हजार (हाल ४५५८) कार्यालय भएकोमा केन्द्र र प्रदेशमा गरी कार्यालय संख्या घटेको छ तैपनि केन्द्रीय योजना/परियोजना/आयोजना/कार्यक्रमका नाममा अवधि तोकिएका योजनाहरू समेत केन्द्रकै अन्तर्गत रहेका छन्।संवैधानिक निकायका पनि जिल्ला तथा अञ्चल कार्यालयहरू हालसम्म अस्तित्वमा रहेकै छन्। साविकका गाउँ विकास समितिहरूको ठूलो संख्या ३९१५ घटेर ७५३ वटा गाउँ/नगर पालिका बनेको छ तर वडाहरूले सम्पादन गर्नु पर्ने कार्यहरू साविकबमोजिम नै हुने भएकोले साविककै संख्यामा नभए पनि हाराहारीमा वडा कार्यालयहरूको संख्या

उल्लेख्य रूपमा घटेको छैन। केवल घरभाडा तथा विजुली पानीका तथा सञ्चारका नियमित खर्चहरू केहि घट्ने देखिए तापनि समग्रमा कार्य सञ्चालन खर्च घट्न जाने देखिँदैन।

### ४.१.३ सेवा महशुल तथा भाडा

खर्चको वर्गीकरणअनुसार खर्च महसुल तथा भाडा अन्तर्गत पानी तथा विजुली, सञ्चार महसुल, घरभाडा तथा अन्य भाडा पर्दछन्। कार्यालय संख्या बढ्ने वित्तिकै यी शीर्षकहरूमा थप चाप पर्दछ। यी खर्चहरू चालु खर्चका स्थायी अवयव हुन् र स्थिर प्रकृतिका हुन्छन्। भाडा एवं पानी तथा विजुलीका लागी मासिक रूपमा न्युनतम खर्च भुक्तानी गर्नै पर्दछ। साथै, सञ्चार, पानी तथा विजुलीमा प्रयोगअनुसार रकम बढ्दै जान्छ।तर यी कार्यहरूमा कति रकम विनियोजन गर्ने भन्ने आवश्यकताका आधारमा लागत अनुमान अनुसारको मापदण्ड स्थानगत, कार्यालयगत रुपमा विकास नभएको कारणले यस्था खर्चहरूको आँकलन गर्न कठिन छ।

### ४.१.४ पुँजीगत सम्पत्तिको सञ्चालन र सम्भार खर्च

आयोजना/कार्यक्रम सम्पन्न भएपछि व्यय अनुमानको विवरणबाट ती आयोजनाहरू झिकिन्छन्। ती आयोजनाहरूको मर्मत सम्भार लगायतका खर्च जस्तै मर्मत, इन्धन, सञ्चालन तथा मर्मत सम्भार तथा विमाजस्ता अत्यावश्यक र वाध्यात्मक खर्चका लागी कुनै बजेट विनियोजन हुँदैन। सडक, नहर, बाँध तथा प्रसारण लाइन जस्ता पूर्वाधारहरूको मर्मतमा एकमुष्ट बजेट रहने गर्छ।जहाँ अत्यावश्यक हुन्छ त्यहाँ खर्च गरी "भविष्यको ठूलो खर्च जोगाउने" तर्फ बजेट विनियोजन नै हुँदैन। सडक मर्मतका लागि ज्यादै थोरै बजेट विनियोजन हुने गरेको बारे धेरै पहिलेदेखि नै गुनासो र टिप्पणी हुँदै आएको छ । तर त्यसतर्फ ध्यान गएको देखिँदैन। उदाहरणको लागि चालु खर्चमा सञ्चालन र मर्मत खर्चको लागि मात्र ०.६७ प्रतिशत आ.व.२०७५/७६ को विनियोजन बजेटमा छुट्याएको छ।

पुँजीगत सम्पत्तिको अभिलेख समेत छैन।सडक निर्माणसँग पक्कि सडक, मौसमले असर नगर्ने (all weather) सडक, हिउँदमा मात्र चल्ने  सडकहरूको किलो मिटरमा अभिलेख स्पष्ट नहुँदा मर्मत संभार योजना बन्न सकेको देखिँदेन। त्यसैले कुन पुल कति जीर्ण छ र त्यसको पून:निर्माण गर्न कति लाग्छ तथा त्यसको बजेट कसरी व्यवस्थित गर्ने भन्ने योजना भएको पाइँदैन। अभिलेख अद्यावधिक पनि देखिँदैन जस्तै विगतमा तयार भई नहर समेत सञ्चालनमा आइ ८/१० वर्ष सिँचाइ समेत भएको भूमिगत जल सिँचाइ योजनाका सबै नहरहरू सडकमा परिणत भई ती सिञ्चित क्षेत्रहरू घडेरीमा परिणत भइसक्दा पनि सिञ्चित कमाण्ड एरियामा सो क्षेत्र पनि समावेश हुने गरेको पाइन्छ।

## ४.१.५ ब्याज र सेवा खर्च

आन्तरिक तथा बाह्य ऋण प्रत्येक वर्ष बढ्दै गएको छ। ऋण बढेसँगै यसको साँवा, व्याज र सेवा खर्च पनि निरन्तर वृद्धि भएको छ। विगत ५ वर्षको तथ्याङ्क हेर्दा वैदेशिक ऋणको साँवा खर्च बढिरहेको छ। यसको अतिरिक्त विदेशी विनिमयको कारणले व्याज एवं सेवा खर्चमा थप वृद्धि भएको देखिन्छ। वैदेशिक ऋणको यथार्थ हिसाब नहुँदा साँवा एवं व्याज भुक्तानी समयमा हुन् नसकी यस्तो रकममा हर्जाना समेत भुक्तानी गर्नुपर्ने स्थिति छ। त्यस्तै सोधभर्ना हुने ऋणको शर्तअनुसार खर्च हुन् नसक्दा यस्तो ऋणको अंश समेत नेपाल सरकारले व्यहोर्नु परेको देखिन्छ। महालेखापरीक्षकका प्रतिवेदनहरूले ऋण, व्याज एवं सेवा खर्चको दायित्व एवं खर्च हिसाब नमिलेको औंल्याउदै आएका छन्।

## ४.१.६ सामाजिक सेवा अनुदान

चालु खर्चको यो शीर्षक भित्र अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग खर्च पर्दछ।यो राज्यको अनिवार्य दायित्व हो। विदेशी मुद्रामा निश्चित रकम तिर्नु पर्ने भएकोले र विदेशी विनिमयअनुसारको रकम खर्च गरिने हुँदा यसशिर्षकमा समेत खर्च बढीरहेको छ। दीर्घकालीन दायित्व हिसाब नगरी धेरै अन्तराष्ट्रिय निकायहरूको सहायता लिएका कारण पनि यस्तो खर्च बढीरहेको देखिन्छ।

## ४.१.७ स्थानीय निकायहरूलाई अनुदान

संवैधानिक प्रावधानअनुसार जिल्ला समन्वय समितिहरू रहेका छन्। तिनको सञ्चालन खर्च चालु शीर्षकबाट व्यहोर्न पर्दछ। यिनीहरूको माध्यमबाट जिल्ला भित्र रहेका पालिकाहरूको क्षमता अभिवृद्धिका तालिम, गोष्ठी लगायतका कार्यहरू गर्न निःशर्त अनुदानमा दिइने व्यवस्था छ।यसले पनि खर्च बढाएको छ।

## ४.१.८ वित्तीय हस्तान्तरण

वित्तीय संघीयता अनुरूप वित्तीय समाजीकरण, सशर्त, समपुरक र विशेष अनुदानको रूपमा केन्द्रबाट प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने प्रावधान गरिएको छ।खातासूचीको वर्गीकरण अनुसार वित्तीय हस्तान्तरणको अंश चालु खर्चतर्फ रहेकोले हस्तान्तरण खर्चवृद्धि हुनासाथ यस्तो खर्च बढ्नु स्वाभाविक छ तर हस्तान्तरणमा पुँजीगत अनुदानको अंश छुट्ट्याउने प्रणाली विकास नभएकोले यस्तो अनुदानअन्तर्गत चालु खर्च बढ्ने हो कि भन्ने देखिएको छ। यसको साथै प्रदेश र स्थानीय संङ्गठन संरचना, पदाधिकारीको अभावमा अनुदान रकम लक्षित स्थान र कार्यक्रममा खर्च गर्न कठिनाई भएको देखन्छ। यसले खर्चमा चाप बढाउने हो कि भन्ने पनि देखिन्छ।

## ४.२ चालु खर्च वृद्धि हुनाका मूल कारणहरू

चालु खर्च वृद्धिको मूल कारणमा सरकारले नियमित रुपमा गर्नुपर्ने शान्ति सुरक्षा, रक्षा, आर्थिक स्थायित्व, राजस्व आदिमा सङ्गठन र कर्मचारीको विस्तारलाई लिन सकिन्छ । यसको साथै स्वदेशी वस्तु सेवाको आपूर्तिमा कमी, मुद्रास्फीति र मूल्यमा वृद्धि, विज्ञान प्रविधिको बढ्दो प्रयोगले सेवा खर्चमा वृद्धि, सेवा निवृत्त कर्मचारीहरूको संख्या र समग्र तलबमा वृद्धि हुँदा निवृत्तभरणमा समेत वृद्धि, सामाजिक सुरक्षामा सरकारी दायित्व थपिदै जाँदा खर्चमा वृद्धि, पोशाक खर्चमा सामान्य वृद्धि हुँदा खर्चको आकारमा वृद्धि, विदेशी मुद्रासँग नेपाली मुद्रा सस्तो हुँदा बाह्य ऋणको व्याज खर्च बढ्ने आदि रहेका छन्।

कर्मचारीको तलब चालु खर्चको ठूलो हिस्सा हो। तलब बढ्दा त्यससँग प्रत्यक्ष जोडिएको निवृत्तभरण, उपदान, सञ्चित विदा, औषधी उपचार इत्यादि पनि बढ्छ। तलबको निश्चित प्रतिशतमा दिइने घर भाडा एवं मर्मत खर्च लगायतका सुविधा पनि बढ्छन्। स्वास्थ्य विमाको शुल्क वृद्धि पनि चालु खर्च बढाउने माध्यम हुन्। धेरै जसो भत्ताहरू तलबसँग आवद्ध छैनन् तर पनि एकै व्यक्तिले पृथक पृथक भत्ता पाउने गर्दछन्। जस्तै स्थानीय भत्ता, महंगी भत्ता, फिल्ड भत्ता, वैठक भत्ता, प्रोत्साहन भत्ता, वैदेशिक भत्ता इत्यादि। योगदानमा आधारित निवृत्तभरण तथा उपदानकोष खर्च, कर्मचारी कल्याण कोष खर्च पनि चालु खर्च वृद्धिका कारण हुन्। चिठी, पार्सल, टिकट खर्च, रजिष्ट्रि, फिर्ति रसिदको खर्च एवं कुरियरको खर्च पनि चालु खर्चका मूल कारण हुन्। इन्धनमा भएको सानो मूल्य वृद्धिले पनि चालु खर्चलाई ठूलो रूपमा बढाउँछ। किनभने इन्धनमा मूल्य सिमा नराखी परिमाण तोकिएको हुन्छ र त्यो परिमाणको तैल्य पदार्थ जति महंगो भएपनि खर्च गर्नु पर्ने व्यवस्था गरीएको छ। सवारी साधन मर्मत खर्च पनि अर्को कारण हो। वर्सेनि सैयौंको संख्यामा जीप, भ्यान, बस आदि सवारी साधनहरू थपिने हुँदा मर्मतको खर्च बढ्दै जान्छ। कार्यालय सामानको खर्च पनि अर्को स्थायी खर्च हो। आ.व. २०७५/७६ को विनियोजन हेर्दा यो खर्च शीर्षकमा रू.३ अर्व ३९ करोड २१ लाख देखिन्छ र नेपालमा हाल ४ हजार ४ सय भन्दा बढी कार्यालय संख्या देखिन्छन्। यसरी औषत हेर्दा एक कार्यालयलाई रू. ७ लाख ६१ हजार पर्न जाने देखिए पनि संघीय संसद सचिवालय, प्रदेश प्रमुखको कार्यालयदेखि मन्त्रालयसम्म गणना गर्दा प्रति कार्यालय रू. २ करोड ६३ लाख विनियोजन भएको देखिन्छ। खर्चको मापदण्ड नभएकाले विभिन्न निकाय बिच समान प्रकृतिको आकार समेतमा खर्चको एक रूपता छैन र औषत विनियोजन र खर्च बढ्दो छ।

कर्मचारी तालिम खर्च एवं सीप विकास तालिम खर्चमा विनियोजित रकमबाट दैनिक भ्रमण भत्ताको खर्च, प्रशिक्षक/स्रोत व्यक्तिको भत्ता, सहभागी भत्ता, खाजा खर्च, मसलन्द, हल भाडा इत्यादि खर्च गरीने भएकोले यसलाई लचिलो खर्च रकम भन्न सकिन्छ। विनियोजन जति सबै नै खर्च हुन् जाने र

अन्य खर्च शीर्षकमा अपुग भएमा यो रकमबाट खर्च गर्ने वा रकमान्तर गरी लैजाने प्रवन्ध रहेको देखिन्छ। यस्तो प्रावधान पनि चालु खर्च वृद्धिको अप्रत्यक्ष कारण हो।

### ४.२.१ नीतिगत कारणहरू

चालु खर्च बढ्नुमा सरकारको नीति पनि जिम्मेवार छ।प्रत्येक वर्ष जस्तो दरबन्दी स्विकृती, कार्यालय संख्या वृद्धि, कार्यालय शाखा विस्तार तथा मन्त्रालय संख्या आदि वृद्धि हुँदा नियमित प्रकृतिका खर्च बढ्ने भई चालु खर्चका पनि बढ्न जान्छ। यस्तो वृद्धि एक आर्थिक वर्षका लागी मात्र नभएर वर्सेनि वृद्धि हुदैं जाने गर्दछ। निवृत्तभरण, उपदान, सञ्चित विदा, औषधिउपचार खर्च आदि पनि बढ्दै जान्छन्। शिक्षक, सुरक्षाकर्मी (नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना)को प्रत्येक वर्ष जसो थप दरबन्दी स्वीकृत हुने गर्दछ।

दरबन्दी संख्या बढ्दा तलब भत्ता मात्र नबढेर पोशाक, खाद्यान्न, अफिस सञ्चालन, दैनिक भ्रमण भत्ता, निवृत्तभरण वा उपदान, औषधिउपचार, कार्यालय खर्च, सवारी साधनको संख्या इत्यादि बढ्छ। चालु खर्च बढ्नुमा प्रमुख कारकको रुपमा यसलाई लिन सकिन्छ। सरकारले नीतिगत निर्णय गरी मन्त्रालय, कार्यालय संख्या सीमित गरेमा स्वतः यस किसिमको चालु खर्च वृद्धि हुँदैन।

### ४.२.२ संस्थागत कारणहरू

संघीयताको कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहले जनता माझ आफ्नो उपस्थिति बढाउन संस्थाहरू खोल्ने होड नै चलेको छ। आयोगले सात वटै प्रदेश तथा केही पालिकाहरूको अध्ययन क्रममा भ्रमण गर्दा कृषि, सडक, खानेपानी, सिँचाइ, वन, उद्योग इत्यादि जनसङ्ख्या सेवा दिने निकायहरू लहरै खुलेको देखिएको छ। साविकमा जिल्लाले दिने सेवा दुई वा तीन जिल्ला मिसिएर बनेको प्रदेशको डिभिजन कार्यालय अन्यत्र गई सो सेवा पाउनबाट बञ्चित भएको पनि देखिएको छ। एकातिर आफ्नो उपस्थिति कायम गर्न थप संस्थाहरू खुल्ने अर्कोतर्फ विद्यमान सेवा पनि विलुप्त हुने विडम्बना देखिएको छ। यसले काममा दोहोरोपना त ल्याउँछ नै चालु खर्च वृद्धिमा पनि रोक लाग्दैन।

### ४.२.३ कानूनी कारणहरू

अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँगको सम्झौता, नेपालको संविधानद्वारा प्रदत्त हक प्रचलन गर्न ल्याइने नयाँ कानूनले गर्दा पनि त्यसको असर खर्चमा पर्ने गरेको छ। हालै आएको कर्मचारी समायोजन ऐनले पनि चालु खर्च बढाउने देखिन्छ। सरूवा एवं पदस्थापन इत्यादिले सरूवा भ्रमण खर्चमा चाप थपिने छ भने प्रकृया भित्र नपर्ने र नबस्ने कर्मचारीलाई अवकास रकम भुक्तानी समेत दिनुपर्ने

हुन्छ। यसबाट निवृत्तभरणमा पनि देखिनेगरी चाप बढ्छ। कर्मचारीको अभावमा सेवा प्रदाय खुम्चिने भएकोले अत्यावश्यक रूपमा गर्नु पर्ने कर्मचारी भर्नाले पनि चालु खर्च अझ बढाउने देखिन्छ।

### ४.२.४ संरचनागत कारणहरू

चालु खर्च बढ्नुमा मूल्य वृद्धि एक प्रमुख कारण हो। विनिमय दरको उतार चढाव अर्को कारण हो। सूचना प्रविधिको प्रयोगले नयाँ नयाँ उपकरण सेवा र स्रोतको उपयोग वृद्धि र त्यसको लागि क्षमता विकास गर्दा मानव संशाधन विकासमा चालु खर्च बढ्छ। यातायात लगायत पूर्वाधार वृद्धिले जनताको सेवा उपर पहुँच वृद्धि हुन्छ। यसबाट चालु खर्च बढ्छ। जनसंख्या वृद्धि एवं बसाईंसराईले प्रहरी तथा अन्य नियामक सेवाहरू बढाउँदा चालु खर्च वृद्धि हुन्छ। तसर्थ, चालु खर्च वृद्धिमा प्रत्यक्ष र परोक्ष रुपमा आर्थिक संरचना, सूचना प्रविधि, पूर्वाधार र जनसंख्या संरचना आदि छन्।

### ४.२.५ खर्च गर्ने विधि र परिपाटी

वार्षिक विनियोजनमा पुँजीगत कार्यक्रममा बजेट व्यवस्था गरे पनि कार्यक्रम बजेटबाट इन्धन, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, मर्मत, अतिथि सत्कार, अफिस सामान इत्यादिमा खर्च गर्ने परिपाटी पनि रहेको छ। यसको साथै "सुदृढीकरण" नाम दिएर कतिपय मन्त्रालयमा छुट्टै खर्च उपशीर्षक रहने गरेको पनि देखिन्छ। यस्तो शीर्षकबाट सालबसाली प्रकृतिका खर्च हुने गर्दछन् । यस्तो कार्यक्रमको निरन्तरताले चालु खर्चको यथार्थ स्थिति पनि देखिँदैन। चालु खर्चको लागि यस्तो बजेटबाट नपुग भएको भनी यस्ता "सुदृढीकरण" आयोजना मार्फत् खर्च गरिने हुँदा चालु खर्चको अवस्था यकिन स्थिति पनि देखिँदैन ।

### ४.२.६ विनियोजनको आधार र खर्च मापदण्ड

चालु खर्चको विनियोजनको आधार एवं खर्च मापदण्ड प्रक्षेपण योग्य छैन। केही खर्च शीर्षक जस्तै तलब भत्ताको हकमा दरवन्दी र स्थायी कर्मचारीको ग्रेड समेत गणना गरी कार्यालयगत विवरण बनाई १४.२ महिनाको खर्च वहन गर्नु पर्छ। जसमा १२ महिना तलव, १० प्रतिशतले क.सं.कोष थप बापत १.२ महिना र १ महिनाको चाड पर्व खर्चको गणना गरी बार्षिक विनियोजन तयार गरिन्छ। कार्यालय सामान, भ्रमण भत्ता खर्च, धारा विजुली, परामर्श सेवा, भाडा इत्यादिमा गतवर्षको विनियोजनमा ७.५ प्रतिशत देखि १० प्रतिशतसम्म थप गरी विनियोजन गरिन्छ तर यस्तो विनियोजनको आधार स्पष्ट छैन। निकायको प्रकृति र कार्य सम्पादनको आधारमा आधुनिक खर्च मापदण्ड विकास नगरिँदा चालु खर्चको यस्ता शीर्षकको विनियोजन प्रक्षेपणीय हुन सकेको छैन। त्यसकारण चालु खर्चको विनियोजन गर्न पनि कठिन छ।

### ४.२.७ विनियोजन र यथार्थ खर्च बिचको विसँगति

चालु खर्चमा प्रस्तावित र यथार्थ खर्च बिचको अन्तर धेरै भएको खर्च शीर्षक मध्ये निवृत्तभरण, व्याज भुक्तानी र पारिश्रमिक सुविधा पर्दछन्। त्यसैगरी सामाजिक सुरक्षामा पनि प्रस्तावित र यथार्थ खर्च बिचको अन्तर देखिएको छ। सामाजिक सुरक्षा बारे तल छुट्टै चर्चा गरिएको छ।

### ४.२.८ खर्चको अनुगमन र नियन्त्रण

चालु खर्चको ठूलो हिस्सा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण मार्फत् गएको छ। सशर्त अनुदान भए पनि यी निकायहरू स्वतन्त्र भएकाले यिनले आ-आफ्नै सञ्चित कोष परिचालन गर्दछन्। आफ्नै विनियोजन ऐनबाट निर्देशित हुन्छन्। यस्ता खर्चलाई नियन्त्रण र अनुगमनको समन्वय गर्न चुनौति थपिएको छ। विगतमा शिक्षकहरूको तलब भत्ता, प्राध्यापकहरूको पारिश्रमिक, संस्था एवं विकास समितिहरूलाई एकमुष्ट अनुदान दिने र तत् तत् निकायको खातामा जम्मा भएपछि छुट्टै विधिअनुसार लेखापालन र लेखापरिक्षण हुने र प्रतिवेदन लिने गरिन्थ्यो। केन्द्रीय आर्थिक विवरणको लागी खर्चको विवरणसम्म लिने व्यवस्था थियो। हाल त्यस्तो श्रृङ्खलामा अवरोध भई केन्द्रबाट स्थानीय र  सातवटै प्रदेशमा एक महिना भन्दा बढीको अवधि लगाएर विवरण संकलन गरी केन्द्रीय आर्थिक विवरण बनाएको अवस्था छ। विनियोजन गर्दाको उद्देश्य अनुसारको प्रयोजनमा खर्च भए नभएको जान्न अनुगमन भ्रमण वा प्रतिवेदन लिने कार्यले मात्र खर्च अनुगमन हुन् सक्दैन। त्यसैले खर्च प्रवृत्तिको नियमित अनुगमन गर्ने र बेथिति वा अनियमितता भएमा तुरून्तै दण्ड गर्ने आम अनुगमन र खर्च नियन्त्रण स्थिति तीनै तहमा नभएमा चालु खर्च वृद्धि गर्ने एक कारण हुने अवस्था रहेको छ।

आन्तरिक नियन्त्रण पद्धति विकास नगरिँदा र आन्तरिक लेखा परीक्षण प्रभावकारी नहुँदा पनि स्वभाविक  अनुगमन कार्य प्रभावकारी हुन सकेको देखिँदैन।

## ४.३ चालु खर्च नियन्त्रण र प्रभावकारीता अभिवृद्धि गर्ने उपायहरू

चालु खर्चलाई वाञ्छित सीमा भित्र राखी यसको प्रभावकारिता बढाइनु पर्छ। चालु खर्चलाई निर्देशित विन्दुमा सीमित गरी यसको उपयोगिता र प्रभावकारिता अभिवृद्धि गर्ने उपायहरू यस खण्डमा उल्लेख गरिएको छ।

### ४.३.१ संघियता अनुरूप कानुन, नियम, संस्थागत तथा संगठनात्मक संरचनाहरू सुधार र खर्चमा कटौती

संघीय संगठनात्मक संरचनालाई चुस्त र फुर्तिलो बनाउन  संघीय मन्त्रालयहरूलाई एक आपसमा समायोजन गर्ने नीति अपनाउनु पर्छ। आयोजना/परियोजना/कार्यक्रममा रहने तीनवटा पद- आयोजना प्रमुख, लेखा प्रमुख र भंडार प्रमुख बाहेक अरु सबैसेवालाई आयोजना/कार्यक्रमको प्रकृति हेरेर सेवा करारमा वा परामर्श सेवा मार्फत् नियुक्ति गरि आयोजना सञ्चालन गर्ने नीतिलाई प्राथमिकता दिनु अपनाउनु पर्छ। त्यस्ता नियुक्ती पाउनेहरूलाई गरिने सम्पूर्ण खर्च जस्तै पारिश्रमिक, भत्ता इत्यादि आयोजनाको लागि छुट्याइएको पुँजीगत खर्च भित्रबाट व्यहोर्नुपर्छ। माथि भनेझैं संघ, प्रदेश र स्थानीय तह तर्फ क्रमशः ३५, २० र ४० गरी ९५ हजारको कुल संख्यामा नबढ्ने गरी दरवन्दी पुनःसंरचना गर्नुपर्दछ। केन्द्र, प्रदेश सरकार र स्थानीय तहमा रहेका हालका कार्यालय संख्यालाई पुनरावलोकन गरी ३५०० मात्र राख्नु पर्दछ। सवारी साधन खरिदको मापदण्ड तोकी नयाँ कार्यालय बाहेक सबै कार्यालयमा ३ वर्ष सवारी साधन खरिद नगर्ने नीति लिनु पर्दछ।

यसै प्रतिवेदनमा उल्लेखित विभिन्न संस्थाहरूलाई खारेज गर्ने, गाभ्ने वा स्थगन गर्ने सुझाव तत्परताका साथ कार्यान्वयन हुनु पर्दछ।नेपाल सरकारले सञ्चालन गरेको एकल खाता कोष प्रणाली भित्र नपरेका विभिन्न नाममा खुलेका कोषहरूलाई आवश्यकता र औचित्यता पुष्टी भएमा मात्र सञ्चालन गर्ने गरी सिमित रूपमा कोष स्थापना गर्नु पर्दछ। आयोजना परियोजना सञ्चालनको लागि प्रत्येक वर्ष बस्ने अस्थायी दरवन्दी समितिको व्यवस्था खारेज गरी निजामती सेवा वा सार्वजनिक सेवा भित्रका कर्मचारी खटाइ आयोजना सञ्चालन गर्नु पर्दछ। नेपाल सरकार (मन्त्रिस्तर) स्वयंको प्रतिनिधित्व आवश्यक पर्नेमा बाहेक सम्बन्धित देश वा कार्यक्षेत्र रहेका नेपाली दुतावासबाट प्रतिनिधित्व गराई वैदेशिक भ्रमणलाई निरुत्साहित गर्नु पर्दछ।

सुचना प्रविधिको प्रयोगबाट सरकारी कामकाज सम्पादन गर्ने नीति लिनु पर्दछ।बजेट तर्जुमा दिग्दर्शनमा सामयिक परिवर्तन गरि कार्यालयको संख्या वा प्रकृति र कार्य सम्पादनको आधारमा खर्चका मापदण्ड तयार गरी कार्यालय सञ्चालन खर्च, घर भाडा, विजुली, पानी, संचार महशुल लगायतका अनिवार्य चालु खर्च नियन्त्रण गर्ने नीति लिनु पर्दछ।

### ४.३.२ चालु खर्चलाई कुल ग्रार्हस्थ्य उत्पादनको निश्चित अनुपातमा राखिनु पर्ने

चालु खर्चको अनिवार्य वृद्धिलाई सीमाबद्ध गर्न कुल ग्रार्हस्थ उत्पादनसँग यसको अंश अनुपातमा तोक्नुपर्छ। यसबाट कुल ग्रार्हस्थ उत्पादन बृद्धि हुँदा चालु खर्चको रकमगत हिस्सा पनि बढ्ने भएकोले मुल्यवृद्धि लगायतका विषयहरू स्वतः समावेश हुन्छन् र चालुखर्चलाई पर्याप्त रकमको

जोगाड हुन्छ। आगामी वर्षहरूमा बजेट तर्जुमा गर्दा चालु खर्चलाई कुल गार्हस्थ्य उत्पादनको हालको अनुपात भन्दा नबढने गरी नियन्त्रण गर्ने नीति अवलम्बन गर्नुपर्छ। यस्तो अनुपातको सीमा तोक्दा चालु खर्चबाट पुँजीगत हस्तान्तरणको अंशलाई घटाएर समायोजन गर्ने र पुँजीगत आयोजना परियोजनाका लागि गरिनु पर्ने मर्मत सम्भारमा प्राथमिकता दिई रकम विनियोजन गर्ने विशेष व्यवस्था गरिनु पर्छ।

## ४.३.३ निश्चित विधि र मापदण्डका आधारमा समग्र चालु खर्च र खर्च बर्गिकरण प्रक्षेपणको थालनी र संस्थागत व्यवस्था

विद्यमान खर्च वर्गिकरण (तलव, भत्ता, इत्यादि)लाई पुन संरचना गरी चालु खर्चको वर्गिकरणगत प्रक्षेपण गर्नुपर्दछ। हाललाई वजेट वक्तव्यको अनुसुचिमा दिइएका चालुखर्चका उपवर्गहरूमा प्रक्षेपण गर्ने र ५ वर्ष पछि प्रत्येक खर्च शिर्षकमा प्रक्षेपणको पद्धति लागु गर्ने व्यवस्था मिलाउनु पर्दछ।

यस्तो चालु खर्च वर्गिकरणमा तथ्यांक एवं विवरण उपलब्ध गराउने निकायका रूपमा महालेखा नियन्त्रक कार्यालयलाई तोक्नु पर्दछ। कुनैवर्ष सरकारले लिने प्राथमिकता कै आधारमा बजेट निर्देशित गर्ने परिपाटीलाई मध्यमकालिन खर्च संरचनासँग जोड्ने र कार्यक्रम आयोजना/परियोजनामा मात्र प्राथमिकिरणको प्रकृया अवलम्बन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## ४.३.४ उत्तरदायित्व सम्बन्धी कानुनको निर्माण

आ.व.२०५२/५३ देखि नै बजेट वक्तव्य मार्फत घोषणा गरिएको तर हालसम्म पनि कानून नबनेको अवस्थामा "खर्च उत्तरदायी वा जवाफदेहीता" कानून तत्काल बनाई लागु गर्नुपर्दछ। यो कानूनमा अर्थ मन्त्रालयको भुमिका र सीमा निर्धारण गर्ने, कुल ग्रार्हस्थ उत्पादनको तोकिएको सीमा भित्र रहि अनुदान दिने, राजस्व उठाउने, आन्तरिक एवं बाह्य ऋण लिने इत्यादी प्रकृया तोक्नु पर्दछ। अनिवार्य दायित्वको रूपमा रहेको साँवा व्याज भुक्तानीलाई अर्को आ.व.हरूमा सार्ने तथा निवृत्तभरण कोषको व्यवस्था नगरी रकम नछुट्याउने गर्नाले भावि दायित्व पत्ता लगाउन नसकिएको विद्यमान अवस्थाको अन्त्य गरीनु पर्दछ। यसबाट विद्यमान दायित्वलाई भावी पुस्तामा सार्ने प्रथाको अन्त्य गर्न साँवा व्याज भुक्तानी कोष एवं पेन्सन कोष आदिको व्यवस्था गर्नु पर्दछ। वित्तीय व्यवस्थापनमा संलग्न हुने प्रत्येक पदाधिकारी र निकायहरूलाई नतिजाको आधारमा पुरस्कृत वा दण्ड दिने व्यवस्था गर्नुपर्दछ।

## ४.३.५ खर्च गर्ने विधि र परिपाटीमा सुधार

स्विकृत कार्यक्रम वा बजेटमा परेको रकमको लागि पुनः मन्त्रालय, अर्थ मन्त्रालय आदीको स्विकृति लिने काम बन्द गर्नु पर्दछ। सञ्चालन खर्चलाई "अर्ध वा पुर्ण परिवर्तनसिल" खर्चको रूपमा वर्गिकरण गर्नु पर्दछ। बजेट मार्फत व्यक्ति वा संस्थालाई प्रदान गरिने सवै प्रकारका अनुदानलाई - १) क्षमता विकास २) उत्पादनशिलता अभिवृद्धि ३) कल्याणकारी सेवा र ४) अन्यमा वर्गिकरण गरी वितरणका ठोस आधार सहितको सरकारी अनुदान वितरण ऐन बनाई लागु गर्नु पर्दछ। निवृत्तभरणमा वृद्धि भएको दायित्व कम गर्न सवै प्रकारका सार्वजनिक सेवाको अवकाश हुने उमेर ६० वर्ष पुऱ्याउनु पर्दछ र यो उमेर पुगेपछि मात्र निजले निवृत्तभरण पाउने व्यवस्था गर्नु पर्दछ। योगदानमा आधारित निवृत्तभरण प्रणाली निजामति, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, नेपाली सेना, विद्यालय र महाविद्यालयका शिक्षकहरूको लागी पनि लागू गर्नु पर्दछ।

त्यस्तै शाखा अधिकृत स्तर देखि माथिका सवै पदाधिकारीलाई ल्यापटप दिने र बढुवा भए पनि छ वर्ष पुगेपछि मात्र पुन अर्को उपलब्ध गराउने नीति लिनु  पर्दछ। कार्यालयमा १ वा २ वटा मात्र डेस्कटप कम्प्युटर राख्ने गर्नाले सदुपयोग बढ्ने र कार्यालय खर्चमा ठुलो मात्रामा मितव्ययीता आउनेछ। कामको प्रकृति र परिमाणको संरचनागत करारको माध्यमबाट समय समय आवश्यक पर्ने सामानको विवरण तथा अनुपात तोकी जुन पदको लागि जति परिमाणमा सामान आवश्यक पर्ने हो कामको प्रवाह अनुसार त्यती मात्र खरिद गर्ने नीति लिनु पर्दछ।

आर्थिक कार्यविधि कानुन अनुसार अर्थ मन्त्रालयको स्वीकृतिमा बाहेक अर्को आर्थिक वर्षको लागि सार्न सकिने दायित्व तत्काल अन्त्य गर्नु पर्दछ। खर्च वर्गिकरणका शिर्षकहरू नै तोकेर "मितव्ययी ढंगले कार्यक्रम सञ्चालन गरी वचत भएको" रकमको २० प्रतिशत रकम सो कार्यमा संलग्न सबै पदाधिकारीहरूलाई खाइपाइ आएको तलवको अनुपातमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा "*मितव्ययिता पुरस्कार* " दिने पद्धती अवलम्बन गर्नु पर्दछ। तर खर्चहरु खर्च मापदण्ड अनुसार विनियोजित भएको हुनुपर्नेछ।

## ४.३.६ संरचना, संगठनको स्थापना र विस्तारका लागि निश्चित मापदण्ड

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको संगठनात्मक संरचनामा कार्य विभाजन र कार्य आवश्यकताको विश्लेषण गरि परिवर्तन गर्नु पर्दछ। केन्द्र, प्रदेश र स्थानीय तहमा गरिनु पर्ने दरवन्दीको सीमा र समायोजनबारे माथि गरिएको प्रस्तावअनुसार गरिनु पर्दछ।सो अनुसार नगरिए "चाहिने व्यक्ति नआउने, भएको व्यक्ति नचाहिने" परिपाटीको अन्त्य हुँदैन। कर्मचारीहरूको बढुवा वा वृत्ति विकासको लागि वृत्ति-पथ बारे छुट्टै कार्यटोली बनाई त्यसको सिफारिस कार्यान्वयन गर्नु पर्दछ।

### ४.३.७ नतिजा र शुन्यमा आधारित खर्च प्रणालीको अवलम्बन

विगत ६ दशक देखि एउटै प्रकृतिको सीमान्त वृद्धि वजेट व्यवस्था भईरहँदा विविध प्रकारका कार्यलाई संवोधन गर्न सकिएन। नतिजामा आधारित खर्च प्रणाली अर्थात् कार्यसम्पादन प्रगतिको आधारमा खर्च बढाउँदै लग्ने र सो कार्यक्रम/परियोजना समाप्त भएपछि विनियोजन शुन्यमा झार्ने तथा सार्वजनिक सेवा जस्तै शिक्षा, स्वास्थ्य आदि कार्यक्रमहरूमा नतिजा एवं शुन्यमा आधारित वजेट पद्दति लागु गर्नु पर्दछ। संघले प्रदेश र स्थानीय तहमा बजेट हस्तान्तरण गर्दा वित्त हस्तान्तरण (Fiscal Transfer) को माध्यम मात्र अपनाउनु पर्दछ। संघीय मन्त्रालयहरूले प्रदेश सरकार र स्थानीय तहलाई दिने गरेको अख्तियारी बन्द गर्नु पर्दछ।

### ४.३.८ खर्चको नयाँ वर्गिकरणको अवलम्बन र पुँजीगत प्रकृतिको खर्च, अनुदान र हस्तान्तरण पुँजीगत बजेट तर्फ पठाउने

वर्तमान चालु, पुँजीगत र वित्तीय व्यवस्थाअन्तर्गत चालु, आयोजना  र कार्यक्रमगत, हस्तान्तरण र वित्तीय व्यवस्था गरि खर्चलाई उद्देश्यमुलक बनाउनु पर्दछ। आयोजना र कार्यक्रमगत खर्चमा मात्र प्राथमिकिकरणको प्रवन्ध गर्ने व्यवस्था अपनाउनु पर्छ। हस्तान्तरण खर्च भित्र प्रदेश र स्थानीय तहमा जाने विभिन्न अनुदान र वित्तीय हस्तान्तरणलाई अलग गरि राख्नु पर्दछ।

### ४.३.९ हस्तान्तरण सम्बन्धी छुट्टै नयाँ नीतिको अवलम्बन

कुनै सेवा वा सामान प्राप्तिको लागि चालु, पुँजीगत तथा वित्तीय लगानी गरिन्छ। तर नगद हस्तान्तरण गर्दा सामान वा सेवा प्राप्त हुँदैन। हस्तान्तरण वास्तवमा खर्च पनि होइन। अर्को तहको सरकारले खर्च गर्ने गरी वित्तको हस्तान्तरण मात्र हो। राजश्व बाँडफाँडबाट खर्चको प्रयोग निश्चित गरिँदैन। तर हस्तान्तरणले खर्चको प्रयोगस्थल निर्धारण गर्दछ। त्यसैले राजश्व बाँडफाँड भन्दा ट्रान्सफर बढी लक्ष्यमुखी हुन्छ। वित्त हस्तान्तरण गर्दा त्यस्तो वित्तको प्रयोग सुनिश्चित गर्ने छुट्टै नीति तय गर्नु पर्दछ।

### ४.३.१० खर्च वर्गिकरणको विद्यमान वर्गिकरण र ढाँचामा पुनःसंरचना र सुधार

यस प्रतिवेदनको छुट्टै अध्यायमा गरिएको प्रस्ताव अनुरूप चालु खर्चमा पनि सोही अनुसार गर्नु पर्दछ। भइपरी आउने शीर्षकमा रकम राख्ने विद्यमान परिपाटीको विवेकपूर्ण ढंगले अन्त्य गर्नु पर्दछ।

### ४.३.११ रकमान्तरमा नियन्त्रण र व्यवस्थापन

आर्थिक वर्षको दोस्रो चौमाशिक समाप्ती अर्थात् फागुन मसान्त पछि मात्र रकमान्तर, स्रोतान्तर थप निकाशा इत्यादि गर्ने गरी सो भन्दा अगाडी यस्ता कृयाकलापमा पूर्ण बन्देज लगाउनु पर्दछ। आफ्नो अख्तियारी भित्र परेका एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न प्रस्ताव गर्ने मन्त्रालयका सचिवले के कारणले रकम सार्न खोजिएको हो सोको विवरण प्रमाणीत गर्नु पर्दछ। अर्को वर्ष बजेट तर्जुमा गर्दा त्यस्तो शीर्षकमा बजेट कम माग गरिने विवरण पनि प्रमाणित गर्नु पर्दछ।

### ४.३.१२ विनियोजन प्रणालीमा दक्षता अभिवृद्धि मार्फत खर्च अनुमान र यथार्थ विचको विसंगती न्युनीकरण

मापदण्ड विनाको खर्च अनुमान हचुवा हुन्छ। अन्यथा उस्तै र उही भौगोलिक क्षेत्रमा रहेका समान प्रकारका काम गर्ने कार्यालयहरूमा बजेट फरक फरक जाने गर्दछ। खर्च अनुमानलाई यथार्थपरक बनाउन अनुमान भरपर्दो हुनु पर्दछ। जस्तै आगामी आर्थिक वर्ष कुन कुन आन्तरिक वा वैदेशिक ऋणको साँवा व्याज भुक्तानी गर्नु पर्ने हो सो को समेत अनुमान यथार्थ गर्ने गरी भुक्तानी तालिका अनुसार विनियोजनलाई बढी वास्तविक बनाउनु पर्दछ।। विगतमा रहेको यस्तो फरकपना नहटाइ बचत रकम अन्यत्र रकमान्तर गर्ने अस्वस्थ्य परिपाटी अन्त्य गर्न मापदण्ड नै तयार गर्नु पर्दछ। खर्च अनुमान र यथार्थ विचको विसंगती न्युनीकरण गर्न बजेट तर्जुमा दिग्दर्शनमा समेत परिमार्जन गर्नु पर्दछ।

### ४.३.१३ आयोजना खडा गरी मन्त्रालयको साधारण खर्च बेहोर्ने प्रवृत्ती तत्काल रोक्ने

विभिन्न मन्त्रायलहरू/केन्द्रिय कार्यालयहरूमा सुदृढीकरणको नाममा आयोजनाहरू तयार गरी कार्यान्वयन गर्ने प्रकृया बढ्दै गएको छ।यसबाट आयोजना संख्या बढ्ने, प्रतिवेदनको समस्या र आयोजना मुल्यांकन तथा अनुगमनमा थप खर्च लाग्ने गरेको छ। आयोजनाको कृयाकलाप अध्ययन गर्दा मन्त्रालय/केन्द्रिय कार्यालयहरूको नियमित कार्य जस्तै नीति बनाउने, निर्देशिका तयार गर्ने, ऐन तर्जुमा गर्ने र अनुगमन तथा मुल्यांकन गर्नुका साथै समिक्षा वैठकहरू गर्ने कार्यक्रमहरूका लागि समेत छुट्टै बजेटको व्यवस्था गरेको देखिन्छ। तसर्थ यस्ता आयोजनाहरू तत्काल खारेज गरी साधारण खर्च बाटै कार्य सम्पादन गर्ने/गराउने व्यवस्था मिलाउनु पर्दछ। उदाहरणको लागि उर्जा जलस्रोत तथा सिंचाइ कार्यक्रम (ब.शि.नं. ३०८०११) को क्रियाकलापमा मन्त्रालय भित्र स-साना मर्मत संभार तथा दैनिक कार्यालय सञ्चालन सम्बन्धी कार्य देखाइएको छ। त्यसैगरी महिला विकास कार्यक्रम (ब.शि.नं. ३४०१०१) को क्रियाकलापमा विभागका कर्मचारीको तलव भत्ता देखाइएको पाइन्छ।

### ४.३.१४ खर्चको खोजि (ट्र्याकिङ) गर्ने ठोस व्यवस्था सहित खर्चको नियमित अनुगमन र मुल्यांकन

तोकिएको प्रतिफल प्राप्त गर्ने तर्फ गरिएका खर्चहरू सहि दिशामा उन्मुख छन् वा छैनन् भनि निरन्तर अनुगमन गर्ने अभ्यासलाई खर्चको खोजि (ट्राकिङ) भनिन्छ। यसबाट स्रोतको दुरूपयोग नहुने वा दुरूपयोग क्रमशः घट्ने विस्वास गरिन्छ। अहिले सरकारी निकायसंग ट्रायाकिङ गर्ने क्षमता भए पनि सो को प्रणाली पुर्ण छैन। जस्तै विगतमा शिक्षक एवं स्वास्थ्य कर्मीको तलव भत्ता, कृषि तथा पशु सेवाका कर्मचारीको तलव भत्ता लगायतका रकमहरू सिधै स्थानीय निकायमा जाने गर्दथ्यो। यस्ता खर्चको अनुगमन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित खातामा एकमुष्ट रकम जम्मा गरिदिने प्रयोजनमा मात्र सिमित हुन्थे। अब त्यस्तो निकासा स्थानीय तहमा जान्छ। वजेटको यत्रो ठुलो हिस्सा अर्को सरकारी कोषमा गएपछि खर्च भएको जनाइने परिपाटीले खर्च खोजि (ट्राकिङ) को वर्तमान प्रणाली अवरुद्ध भएको छ। यसलाई थप प्रभावकारी बनाउने गरी सुचारु गर्न आवश्यक छ। स्थानीय तह र प्रदेशको खर्च पनि एकल खाता कोष प्रणाली लागू गरी खर्च अनुगमन गर्नुपर्दछ।

### ४.३.१५ पुँजीगत खर्चको संभार मार्फत पुँजी निर्माणमा सहयोग पुग्ने गरी निश्चित मापदण्डका आधारमा बजेट व्यवस्था गर्नुपर्दछ

निर्मित पुँजी निर्माणका पुर्वाधारहरूमा मर्मत र स्याहार सम्भारका लागि ज्यादै थोरै वजेट विनियोजन परिपाटी अन्त्य गर्न आयोजनाको प्रकृती हेरी अध्ययन र खर्चको मापदण्डको आधारमा प्रत्येक वर्ष मर्मत प्रयोजनको लागि प्रयाप्त बजेट विनियोजन गर्नुपर्दछ।

### ४.३.१६ कार्यालय सञ्चालन खर्चमा मितव्ययीता

हालको वजेट प्रणालीबाट आर्थिक वर्षको पहिलो महिनामा नै वर्ष भरिको लागि छुट्याइएको चालु खर्च तर्फको केही बजेट पुर्ण रूपमा सकिने संभावना रहन्छ। जस्तै दैनिक भ्रमण भत्ता, मसलन्द अन्य सामान मर्मत संभार आदि खर्च वार्षिक वजेटको अधिनमा रहि आर्थिक वर्षको पहिलो महिनामा नै सक्ने प्रवृत्ति रहेको छ। यो विकृती रोक्न वार्षिक वजेटलाई मासिक सीमा कायम गरी मासिक अवधि भित्र सो सीमा भन्दा बढी खर्च गर्न नपाइने व्यवस्था मिलाउनु पर्दछ। कार्यालय सञ्चालन खर्चमा मितव्ययीता कायम गर्न देहायका उपायहरू अपनाउनु पर्दछ।

१. चिठी पत्र ओसार पसार, कार्यालयको सरसफाई, कार्यालयको रेखदेख र सुरक्षा, पत्र तथा प्रतिवेदन तयारीको लागि कम्प्युटरसम्बन्धी सेवा, सवारी सञ्चालन सेवा, प्राविधिक सेवा (कृषि, पशु, निर्माण आदि) को कार्यस्थलसम्बन्धी कार्यहरू व्यक्ति वा संस्थागत निकायबाट

कार्यालयहरूले सेवाको विवरणहरू तयार गरी सेवा करारको माध्यमबाट लिने कार्य सार्वजनिक खरिद कानून अनुसारको प्रावधान पूरा गरी प्राप्त गर्ने कार्यलाई थप प्रभावकारी बनाइनु पर्दछ।कामको क्षेत्र, परिमाण, समय, सेवा शर्त, गुणस्तर, परिवर्तनशील समयको लागि सेवा लिनुपर्ने व्यवस्था गरिनुपर्दछ।

२. सवारी साधनको सुविधा पाउने पदाधिकारीहरूलाई एकपल्ट सवारी साधन उपलब्ध गराएपछि बाह्र वर्षसम्म निजले सोही सवारी साधन उपयोग गर्ने व्यवस्था गर्नुपर्दछ। निजहरू जुनसुकै कार्यालयमा सरुवा भएपनि सोही सवारी साधन लैजाने व्यवस्था गर्नुपर्दछ। सवारी साधनको प्रकार र स्तर नेपाल सरकारले तोके अनुसार हुने व्यवस्था गर्नुपर्दछ।

३. कार्यालय सामान मध्ये ल्यापटपको व्यवस्था शाखा अधिकृत देखि माथिको पदाधिकारीहरूलाई उपलब्ध गराउने नीति लिनु आवश्यक देखिन्छ। ल्यापटप दिएपछि सो पदाधिकारीलाई डेस्कटप दिने कार्यपूर्ण बन्द गर्नुपर्दछ। एकपटक ल्यापटप उपलब्ध गराएपछि ६ वर्षसम्म अर्को ल्यापटप नदिने नीति लिनुपर्दछ। माथिल्लो पदमा बढुवा भएपनि सो अवधि पश्चात मात्र अर्को ल्यापटप दिने नीति लिनुपर्दछ।सरुवा बढुवा हुँदा रमानापत्रमा सो विवरण अनिवार्य रूपमा खुलाउनु पर्दछ।

४. मसलन्द सामानको लागि एक आर्थिक वर्षको लागि चाहिने हिसाब गरी संरचनागत करारको माध्यमबाट समय समयमा आवश्यक हुने सामानको मोटामोटी विवरण तयार गरी जुन पदको लागि जति परिमाण आवश्यक पर्ने हो त्यति मात्र महिना अनुसार उपलब्ध गराउने र कर्मचारी नभएको समयको घटाउने व्यवस्था गर्नुपर्दछ।

### ४.३.१७ नगदमा आधारित लेखा प्रणालीलाई प्रोद्भावि लेखा प्रणालीमा परिवर्तन

विगत ५६ वर्ष देखि नयाँ स्रेस्ता प्रणालीको नाममा नगदमा आधारित लेखा प्रणाली लागु छ। यातायात/संचारको कमी, भौगोलिक विकटता, अपर्याप्त बैंकिङ प्रणाली भएको अवस्थामा पेश्कीलाई खर्च मान्ने विगतको प्रणालीलाई आज सम्म निरन्तरता दिइएको छ।अब यस्को सट्टा कार्ययोजना बजेट ३ वर्षमा लागू हुने गरी प्रोदभावी लेखा प्रणाली अवलम्वन ल्याइनु पर्दछ।

### ४.३.१८ अन्तिम लेखा परिक्षणले औंल्याए अनुरूप अनियमितता तथा बेरुजु फर्योटलाई सुचारु गर्न आर्थिक कार्यविधि ऐनमा थप व्यवस्था

यस प्रतिवेदनको छुट्टै अध्यायमा गरिएको प्रस्ताव अनुरूप चालु खर्चमा पनि सोही अनुसार गरिनु पर्दछ।

## ४.३.१९ हरेक निकाय र तहमा पारदर्शिता तथा जवाफदेहीता सहित सुशासनको प्रत्याभुति

कार्यालयमा प्राप्त बजेट बाट गरिएको खर्च र त्यसबाट प्राप्त उपलब्धी प्रष्ट देखिने गरी प्रत्येक महिना सकिए पछिको महिनाको ७ गते भित्र सार्वजनिक गर्नु पर्दछ।

## ४.३.२० एकिकृत सुचना प्रणालीको अवलम्बन गर्दै महिना महिनामा खर्च सुचना प्रतिवेदन र सार्वजनिकीकरण

सम्पूर्ण बजेट तयारी र स्वीकृती, निकासा, बजेट कार्यान्वयन, खर्च, लेखाँकन, प्रतिवेदन, संचित कोषको व्यवस्था सम्बन्धी सम्पूर्ण कारोवारको छुट्टाछुट्टै सफ्टवेयर तयार गरी संघ, प्रदेश र स्थानीय तहमा अवलम्बनमा ल्याउने र एकीकृत रुपमा सञ्चालन हुने गरी पर्छ। यसक्रममा महालेखा नियन्त्रक कार्यालय अन्तर्गत सुचना प्रविधि एकाई (Cell) को स्थापना गरी सबै सम्बन्धीत निकायहरू (अर्थ मन्त्रालय, कार्यकारी निकायको बजेट र खर्च ईकाइ) सँग समन्वय गरी वित्तीय प्रतिवेदन तयार गर्ने र सार्वजनिकरण गर्ने प्रणाली प्रभावकारी रूपमा लागू गरिनु पर्छ। यस प्रणालीले खर्चको व्यवस्थापन, अनुगमन र मुल्याङ्कन, बजेटसँगको तादाम्यता एवम् समग्र वित्त अनुशासन सुदृढ गर्ने कार्यमा सघाउ पुर्याउँछ। खर्चको गुणस्तर अभिवृद्धि गर्न समेत सघाउ पुग्नेछ।

## ४.३.२१ साँवा, व्याज एवं सेवा खर्चमा नियन्त्रण र खर्चको प्रभावकारीता बढाउने

साँवा व्याज एवं सेवा खर्चमा विनियोजन र यथार्थ विचको अन्तर समेत मेटाउन देहाय बमोजिमको प्रकृया अवलम्बन गर्नु पर्दछ।

१. आवधिक योजना र मध्यमकालिन खर्च संरचना मार्फत प्रत्येक आर्थिक वर्षका लागि चाहिने आन्तरिक एवम् वाह्य ऋण लिने रकमको यथार्थ अनुमान गर्ने।
२. तिर्नुपर्ने साँवा, व्याज एवम् सेवा खर्च र वजेटको अनुमान यथार्थपरक बनाउन अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंक बीच अन्तरनिकाय समन्वयको भरपर्दो व्यवस्था गरी ऋणको साँवा, व्याज भुक्तानीको तालिका बनाई अध्यावधिक गर्ने र यसको नियामक निकायको रूपमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई तोक्ने।
३. प्रदेश सरकार र स्थानीय सरकारले सार्वजनिक ऋण व्यवस्थापन शाखा स्थापना गरी कार्य गर्ने गराउने व्यवस्था गर्ने र सवै प्रदेश र स्थानीय तह समेतको एकिकृत हिसाव सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले राख्ने व्यवस्था गर्ने।

४. प्रत्येक योजनाको प्रारम्भमा नै यथार्थ श्रोतको अनुमान गरी आन्तरिक एवम् बाह्य ऋणको श्रोत सुनिश्चित गरी वर्तमान र भविष्यको दायित्व एकिन गर्ने।

५. अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालय बीच स्रोत आँकलन गर्न अर्थ सचिवको अध्यक्षतामा तीनै निकायका प्रमुख वा निजले तोकेको प्रतिनिधि भएको एक उच्चस्तरीय **सार्वजनिक ऋण व्यवस्थापन समन्वय समिति** गठन गर्ने। यो समितिले प्रत्येक वर्ष बजेट स्रोत समितिलाई साँवा, व्याज भुक्तानीको आँकडा प्रस्तुत गर्ने।

# अध्याय पाँच

# सामाजिक सुरक्षा, सहायता र अनुदान तथा सार्वजनिक सेवाको प्रभावकारिता बढाउने उपायहरू

## ५.१ सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरू

### ५.१.१ पृष्ठभूमि

युरोपियन मुलुकहरूले लोककल्याणकारी राज्यको मान्यतामा उन्नाईसौं शताब्दि पूर्वदेखि नै सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन। एशिया तथा अफ्रिकाका धेरै मुलुकहरूका लागि सामाजिक सुरक्षा तुलनात्मक रूपमा नौलो अवधारणा हो। विश्वव्यापीकरणको प्रतिकूल असर, गरिबी, असमानता, जनसांख्यिक संरचना परिवर्तन, प्राकृतिक विपत्ति, वित्तीय मानवीय संकट लगायतका समस्याहरूले गर्दा बाँच्ने वा जीवनयापनको जोखिम बढ्दै गएपछि सामाजिक सुरक्षाको आवश्यकता सबै तिर महसुस हुँदै गयो। विपन्न र गरिबका लागि न्यूनतम आय सुनिश्चितता, उपभोग र वितरणको सुनिश्चितता, विपत्ति सामनाका लागि सामाजिक बिमा र सुरक्षा कवच, कमजोर र असक्षम वर्गको लागि क्षमता विकास, न्यूनतम मानवीय आधारभूत आवश्यकता पूर्ति र उपलब्ध सुविधाको उपयोग गर्नसक्ने क्षमताका लागि आवश्यक सहुलियत र सहयोग गर्ने गरी सामाजिक सुरक्षाको दायरा र क्षेत्र बढ्दै गएको छ।

नेपालमा सामाजिक सुरक्षालाई सानो घेरामा हेर्ने गरिन्थ्यो। सामाजिक सुरक्षा कर्मचारी निवृत्तभरणमा मात्र सीमित थियो। सामाजिक सुरक्षाको परिधि भित्र विभिन्न वर्ग, समुदायलाई समाहित गर्न थालेको करीब दुई दशक मात्र भएको छ। तत्कालीन एमालेको सरकारले आर्थिक वर्ष २०५१/५२ मा ऐतिहासिक रूपमै सामाजिक सुरक्षाको कार्यक्रम बजेट मार्फत् कार्यान्वयनमा ल्याएको थियो। उक्त कार्यक्रम अन्तरगत ७५ वर्ष नाघेका ज्येष्ठ नागरिक, ६० वर्ष नाघेका एकल महिला र अपाङ्गता भएका व्यक्तिलाई प्रतिमहिना सामाजिक सुरक्षा भत्ताको रूपमा निश्चित रकम दिन शुरु गरिएको थियो। त्यसपछि सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम विस्तार गर्दै लगियो। नेपालमा हालसम्म विभिन्न निकायहरूबाट लागू गरिएको सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू अनुसूची-१ मा दिइएको छ।

### ५.१.२ संवैधानिक तथा नीतिगत व्यवस्था

नेपालको संविधानको धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख

जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। त्यस्तै संविधानका विभिन्न धाराहरूले रोजगारी, स्वास्थ्य, खाद्य सुरक्षा, शिक्षा, आवास, बालबालिका, दलित, ज्येष्ठ नागरिकलगायतका हक व्यवस्था गरेका छन्।

आधारभूत सामाजिक सुरक्षाका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँच मार्फत समतामूलक समाज निर्माण गर्ने मान्यता हाल अगाडि बढिरहेको छ। समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पँहुच सुनिश्चित गर्ने, विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी एकीकृत र सुदृढ गर्ने र प्रभावकारी प्राकृतिक प्रकोप व्यवस्थापन प्रणाली विकास गर्ने जस्ता नीतिहरूमा हाल जोड दिने गरिएको छ।

आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तव्यमा "सबै नागरिक राज्यबाट संरक्षित भएको अनुभूति हुने गरी छरिएर रहेका विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरू एकीकृत तवरले सञ्चालन गर्दै यसको दायरा फराकिलो बनाउन एकीकृत सामाजिक सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ" भन्दै निम्न पक्षहरूमा जोड दिइएको छ:

- जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र लोपोन्मुख आदिबासी जनजाति लगायतलाई हाल राज्यले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्तालाई ब्यवस्थित गर्दै अन्य सुविधाहरू क्रमशः वृद्धि गर्दै लगिनेछ।
- सत्तरी वर्ष भन्दा माथिका सबै जेष्ठ नागरिकको रू १ लाखसम्मको स्वास्थ्य बिमा शुल्क सरकारले ब्यहोर्ने छ।
- वृद्ध-वृद्धालाई राज्यले दिने संरक्षणको अतिरिक्त सन्तानले अनिवार्य हेरचाह गर्नुपर्ने कानुनी ब्यवस्था गरिनेछ।
- २०७५ साल साउन १ गतेदेखि नियुक्त हुने सबै राष्ट्र सेवकहरूका लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको नियमावली तर्जुमा गरी लागु गरिनेछ।
- असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिहरूलाई समेत क्रमशः सामाजिक सुरक्षाको दायरामा समाहित गरिनेछ।
- सामाजिक सुरक्षाको दायरामा रहेका कुनै पनि व्यक्तिले दोहोरो सुविधा नपाउने व्यवस्था गरिनेछ।

सामाजिक सुरक्षा कार्यक्रमको विस्तारका लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा सामाजिक सुरक्षा ऐन, २०७५ ल्याइएको छ। उक्त ऐन मार्फत् आर्थिक वर्ष २०६५/६६ देखि स्थापना भई निष्कृय रहेको सामाजिक सुरक्षा कोषलाई सकृय पार्न थालिएको छ। सरकारी सेवा तथा निजी क्षेत्रमा काम गर्ने २० लाख भन्दा बढी व्यक्तिहरूको आम्दानीबाट सामाजिक सुरक्षा करको


रूपमा एक प्रतिशत लिने व्यवस्था गरिएकाले उक्त कोषमा रू. १३ अर्ब भन्दा बढी रकम जम्मा छ। कोषको सही परिचालन गर्नका लागि २०७५/०८/११ देखि विभिन्न योजनाहरू सहित सामाजिक सुरक्षा कार्यक्रम देशब्यापी रूपमा प्रारम्भ गरिएको छ।

विगत ७ वर्षमा सामाजिक सुरक्षा वार्षिक बजेट रकम प्रत्येक वर्ष बढ्दै गइरहेको छ। आर्थिक वर्ष २०६८/६९ मा रू.९ अर्ब ६१ करोड खर्च भएकोमा आर्थिक वर्ष २०७४/७५ मा आईपुग्दा रू.३८ अर्ब ७७ करोड खर्च भएको छ। त्यसैगरी निवृत्तिभरण तथा अशक्त वृत्ति पनि बढ्दै गइरहेको छ। आर्थिक वर्ष २०६८/६९ मा रू.१७ अर्ब ५७ करोड खर्च भएको थियो भने आर्थिक वर्ष २०७४/७५ मा आइपुग्दा खर्चको आकार रू.४० अर्ब ३६ करोड पुगेको छ। खर्चको प्रवृत्ति हेर्दा प्रत्येक वर्ष राज्य कोषमा सामाजिक सुरक्षाबापत्को रकमको भार बढ्दै गइरहेको प्रष्ट हुन्छ। छात्रवृत्तितर्फ भने आर्थिक वर्ष २०६८/६९ मा रू.१ अर्ब ९७ करोड खर्च भएकोमा आर्थिक वर्ष २०७४/७५ मा आईपुग्दा झण्डै ५० प्रतिशत भन्दा बढीले घट्न गई रू.८३ करोड खर्च भएको छ। आर्थिक वर्ष २०७२/७३ देखि बजेटमा समावेश गरिएको अन्य सामाजिक सहायता कार्यक्रममा खर्च क्रमशः घट्दै गइरहेको छ।


**तालिका १: विगत ७ वर्षमा सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरूमा भएको खर्च र तिनको अंश**

*(रू.दश लाखमा)*

| कार्यक्रम | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा | ९६१९ | ११६३० | १२०८४ | १४१५६ | १५८७३ | ३६७५९ | ३८७७८ |
| अन्य सामाजिक सहायता | ० | ० | ० | १ | ३१४७ | १००४ | २१७३ |
| छात्रवृत्ति | १९७२ | १९१४ | १७७४ | २२०० | १९६६ | २०३७ | ८३९ |
| निवृत्तिभरणतथा अशक्त वृत्ति | १७५७१ | २२४९८ | २४९९० | २६१२५ | २७०८३ | ३७२९३ | ४०३६५ |
| उपदान | ४२ | ११३ | २२६ | ४७९ | ५६० | ४२८ | ५८९ |
| सेवानिवृत्तको सञ्चित विदा | ३८३ | ५७४ | ७२० | ३२६२ | ३१९८ | ३९८४ | ५०९६ |
| सेवानिवृत्तको औषधी उपचार | ५५५ | ८१५ | १००८ | ४४९५ | ४८६२ | ५८६३ | ७६७५ |
| मृत कर्मचारीको सुविधा तथा सहायता | ० | ० | ० | ४० | ५९ | ४१ | ३९ |
| **कुल जम्मा** | ३०१४० | ३७५४४ | ४०८०२ | ५०७५८ | ५६७४७ | ८७४१० | ९५५५३ |
| **कुल खर्चमा अंश (प्रतिशतमा)** | | | | | | | |
| सामाजिक सुरक्षा | ३२ | ३१ | ३० | २८ | २८ | ४२ | ४१ |
| अन्य सामाजिक सहायता - | ० | ० | ० | ० | ६ | १ | २ |
| छात्रवृत्ति | ७ | ५ | ४ | ४ | ३ | २ | १ |
| निवृत्तिभरणतथा अशक्त वृत्ति | ५८ | ६० | ६१ | ५१ | ४८ | ४३ | ४२ |
| उपदान | ० | ० | १ | १ | १ | ० | १ |
| सेवानिवृत्तको सञ्चित विदा | १ | २ | २ | ६ | ६ | ५ | ५ |
| सेवानिवृत्तको औषधी उपचार | २ | २ | २ | ९ | ९ | ७ | ८ |
| मृत कर्मचारीको सुविधा तथा सहायता | ० | ० | ० | ० | ० | ० | ० |
| **कुल जम्मा** | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |




कुल सामाजिक सुरक्षा खर्चमा सबै भन्दा बढी अंश निवृत्तिभरण तथा अशक्त वृत्तिको रहेको छ। आर्थिक वर्ष २०६८/६९ मा यसको हिस्सा ५८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा घटेर ४२ प्रतिशत रहेको छ। समग्रमा हेर्दा निवृत्तिभरण तथा अशक्त वृत्ति खर्चको भार बढिरहेको छ। त्यसैगरी, कुल सामाजिक खर्चमा सामाजिक सुरक्षा खर्चको हिस्सा दोस्रो रहेको छ। शुरुका तीन आर्थिक वर्षमा बजेट खर्चको अवस्था करिब उस्तै रहेको छ भने त्यसपछिका पछिल्ला वर्षहरूमा सो खर्च बढ्दो छ। आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०७२/७३ सम्म कुल सामाजिक खर्चमा सामाजिक सुरक्षा खर्चको हिस्सा झण्डै ३० प्रतिशतको हाराहारीमा रहेकोमा त्यसपछिका दुई वर्षमा यसको हिस्सा अझ बढेको छ।




*नोट* :अन्यमा अन्य सामाजिक सहायता, छात्रवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधी उपचारर मृत कर्मचारीको सुविधा तथा सहायता समावेश छन्।*

वि.सं.२०५१ मा सरकारले ल्याएको जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, लोपोन्मुख जातजाति आदिलाई केन्द्रितगरी ल्याइएको सामाजिक बिमा (Social Insurance) कार्यक्रमलाई नै सरकारले औपचारिक सामाजिक संरक्षणको रूपमा लिएको छ। त्यसपछि विभिन्न सरकारी एवं गैरसरकारी संघ संस्थामा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ। आर्थिक वर्ष २०७४/७५ सम्ममा १० लाख ४९ हजार ८ सय १९ जना ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता प्राप्त

गरिरहेका छन्। पाँचवटा ज्येष्ठ नागरिक नमूनाग्राम निर्माण भइरहेका छन्। ज्येष्ठ नागरिकलाई अस्पतालमा छुट्टै वार्डको व्यवस्था तथा सार्वजनिक यातायातमा महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूका लागि सिट आरक्षणको व्यवस्था लागु भएको छ। कैलाली, इलाम र बागलुङ जिल्लामा स्वास्थ्य बिमा योजना शुरु भएको छ। सामाजिक संरक्षण राष्ट्रिय विकासको एक महत्त्वपूर्ण अंगको रूपमा स्थापित भएको छ। सोहीअनुरूप खर्चमा पनि उल्लेखनीय रूपमा वृद्धि हुँदै आएको छ। सामाजिक सुरक्षा कोषको स्थापनाले योगदानमूलक सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई नीतिगत, कानुनी र संस्थागत सुधारसहित अघि बढाउन मार्ग प्रशस्त गरेको छ।

## ५.१.३ विद्यमान समस्याहरू

हाल प्रचलनमा रहेको सामाजिक सुरक्षासम्बन्धी प्रावधान, कार्यक्रम वा सहायताको सञ्चालनमा तपसिलका समस्याहरूदेखिएको छन्ः

- सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू छरिएर रहेकोले कुन वर्ग वा व्यक्तिले प्राप्त गरिरहेको यकिन तथ्याङ्क उपलब्ध छैन।
- सरकारको तर्फबाट समग्रमा कुन प्रयोजनको लागि यस्तो सामाजिक सुरक्षाको कार्य गर्ने भन्ने नीतिगत स्पष्टता छैन।
- एकभन्दा बढी निकायहरूको संलग्नताले एकीकृत विवरणको समन्वयको अभावमा यस्तो कार्यक्रमको प्रभावकारिता मापन गर्न सकिने अवस्था देखिंदैन।
- बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निकायहरूले यस्तो कार्यक्रमबाट लाभान्वित वर्गको पहिचान गरेर मात्र विनियोजन गर्ने प्रणाली लागू नगर्दा एकै किसिमको देखिने सुरक्षाको पनि विभिन्न निकायले गर्ने गरेकोले (जस्तै गरिबी निवारणको काम) बजेटको सदुपयोग हुन सकेको छैन।
- लक्षित वर्गको स्पष्ट परिभाषा नगरिंदा र विभिन्न निकायहरूको संलग्नताले लाभान्वित वर्गको संख्या र सुरक्षाको मूल्य गणना गर्न कठिन हुँदा भविष्यमा सरकारले व्यहोर्नुपर्ने सुरक्षा दायित्वको सीमा गणना गर्न कठिन भएको छ।
- सामाजिक सुरक्षाको व्यवस्थापछि सो सुविधा प्राप्त गर्ने व्यक्ति वा वर्गको क्षमता तथा जीवनस्तरमा भएको परिवर्तनको अनुगमन र मूल्याङ्कन समेत हुन सकेको छैन।
- सामाजिक सुरक्षाका वैकल्पिक उपायहरूको बारेमा सोच विकास भएको देखिंदैन। गैरसरकारी संस्था, सहकारी संस्थाहरूले समेत यस्तै प्रकृतिको कार्य गरिरहेकोले सबै पक्षहरूको योगदानको आँकलन गरी व्यवहारिक नीति अवलम्बन हुन सकेको छैन।
- सामाजिक सुरक्षाको लागि भएको व्यवस्था सर्वसुलभ र सरल देखिंदैन। कतिपय अवस्थामा हिनामिना र दुरूपयोग भएकोले लक्षित वर्गसम्म पुग्न कठिन भएको देखिन्छ।

## ५.१.४ सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाउने उपायहरू

सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन निम्न उपायहरू अवलम्बन गर्न उपयुक्त हुने देखिन्छः

- सामाजिक सुरक्षासम्बन्धी एकीकृत नीति तयार गरी हालसम्मको सबै सम्भाव्य र उपयोगी कार्यक्रमहरू समावेश गरी लागू गर्नुपर्दछ। यस्तो नीति अन्तर्गत नदोहोरिने गरी सबै नेपालीले जीवन निर्वाहका लागि आवश्यक रकम सामाजिक सुरक्षा कार्यक्रम मार्फत् पाउने सुनिश्चिततासहितको योजना लागु गर्न आवश्यक छ। छरिएर रहेका दोहोरो/तेहोरो हिसाबले वितरण भएका वा सुविधा उपलब्ध भएका कार्यक्रमहरूलाई एकीकृत गर्दा सकभर ठुलो थप व्ययभार नथपिने देखिन्छ। यसबाट अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरवर्ग समेत सुरक्षा जालोमा आई लाभान्वित हुनेछन्।
- सामाजिक सुरक्षाको कार्यमा केन्द्रित रहने गरी सामाजिक सुरक्षा केन्द्र स्थापना गर्ने व्यवस्था गर्नुपर्दछ। यो कार्यालयले मात्र सामाजिक सुरक्षासम्बन्धी काम गर्ने व्यवस्था गर्नुपर्दछ। सो केन्द्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा राखी कार्यक्रमको व्यवस्थापन र सञ्चालन हुने व्यवस्था गरिनु उपयुक्त हुन्छ। नेपालभित्र अन्य जुनसुकै निकायबाट सञ्चालन भएका सामाजिक सुरक्षासम्बन्धी कार्य र कार्यक्रमहरू यसै केन्द्र मातहत सञ्चालन गरिनुपर्दछ।
- सामाजिक सुरक्षाको सुविधा प्राप्त गर्ने हरेक नागरिकहरूलाई क्रमागत हुने किसिमले छुट्टै परिचय हुने गरी नम्बर दिने व्यवस्था गर्नुपर्दछ। यस्तो नम्बर सामाजिक सुरक्षाको कार्य गर्ने निकायले मात्र प्रदान गर्नुपर्दछ। जुनसुकै निकायले यस्तो सुरक्षा मानिने रकम वा सहुलियत दिंदा सो नम्बर अनिवार्य रूपमा भुक्तानी गर्ने समयमा जनिने गरी खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ।
- विषयगत आधारमा छुट्टै निकायहरूले कुनै प्राविधिक कार्यहरू (जस्तै स्वास्थ्य, छात्रवृत्ति, गरिबी निवारण आदि) गर्नुपर्ने अवस्था भएपनि सम्बन्धित निकायहरूले सामाजिक सुरक्षा परिचय खुल्ने छुट्टै नम्बरको आधारमा मात्र यस्तो निकायले खर्च गर्ने व्यवस्था अनिवार्य गरिनु आवश्यक छ। यस्तो सहुलियत रकम पनि यस सामाजिक सुरक्षा केन्द्र मातहतमा नै ल्याउने व्यवस्था गरिनुपर्दछ। यस केन्द्र मार्फत् सबै सहुलियत र सुविधा एकीकृत गर्नुपर्दछ।
- एक सामाजिक सुरक्षा एप्लीकेशन सफ्टवेयर विकास गरी सो सफ्वेयर मार्फत् मात्र सामाजिक सुरक्षा रकमको वितरणको कार्य गर्नुपर्दछ। बजेट वा कार्यक्रम स्वीकृत गर्ने हरेक निकायले सो नम्बर र वितरण भएको रकमको आधारमा बजेटको व्यवस्था गर्ने र खर्च गर्ने व्यवस्था

गर्नुपर्दछ। यस्तो रकम सो सफ्टवेयर मार्फत् सम्बन्धित नागरिकले उपलब्ध गराएको बैंक खातामा सोझै जम्मा हुने व्यवस्था गर्नुपर्दछ।

- सामाजिक सुरक्षासम्बन्धी सुविधा र सहुलियत परिभाषित तथा एकीकृत गर्नुपर्दछ। हालसम्म सरकारले जति पनि सामाजिक सुरक्षाका सेवा सुविधाहरू लागू गरेको छ (जस्तै- वृद्ध, एकल महिला, छात्रवृत्ति, गरिबी निवारण, सहुलियत कर्जा, खाद्यसुरक्षा, स्वास्थ्य उपचार आदि) ती सबै सुविधा र सहुलियत पुनः वर्गीकरण गरी निश्चित समूहमा सामाजिक सुरक्षाको कार्य वर्गीकृत गर्नुपर्दछ। सो समूह भित्रबाट मात्र जीवन निर्वाह लागत परिपूर्ति योजना, अशक्ततासम्बन्धी सुविधा, उपचार, क्षमता विकास वा अन्य कल्याणकारी (जस्तै- बालबालिका निर्वाह खर्च) आदिको व्यवस्था गरी सो सम्पूर्ण प्याकेज एकीकृत गरी यस्तो सामाजिक सुरक्षाको खर्च र सहुलियत वितरण गर्नु पर्दछ।
- सरकारको अतिरिक्त गैरसरकारी संस्था, सहकारी संस्था, बिमा कम्पनी तथा निजी वित्तीय वा सामाजिक संस्थाहरूले प्रदान गरेको कल्याणकारी सेवा सहुलियत आदिको क्रियाकलाप सूचीकृत गरी सामाजिक सुरक्षासम्बन्धी एकीकृत रणनीति तय गर्नु समेत आवश्यक छ।
- अशक्तताको अवस्थामा बाहेक सामाजिक सुरक्षाको सुविधा रकम प्राप्त गर्ने प्रत्येक नागरिकले क्षमता र सीपले भ्याएसम्म सम्बन्धित काम नगरी यस्तो सामाजिक सुरक्षाको रकम लिन नहुने नैतिक विश्वास पैदा गर्ने नैतिक शिक्षा पनि दिने व्यवस्था गर्नुपर्दछ। यस्तो कामको सूचना सबै सहुलियत रकम प्राप्त गर्ने नागरिकलाई प्राप्त हुने सूचना संयन्त्र पनि विकास गर्नु आवश्यक छ।
- तीनै तहका सरकारले सम्पादन गर्ने वा सार्वजनिक क्षेत्र वा निजी क्षेत्रमा पनि सिर्जना हुने कामको प्रकृति, कामको परिमाण, समयावधि, जटिल वा प्राविधिक, काम गर्नुपर्ने स्थान र ठेगाना आदि सूचीकृत हुने व्यवस्था गर्नुपर्दछ। हाल स्थानीय तहमा स्थापना गरिएको रोजगार सूचना केन्द्रमा बेरोजगारहरूको लगत संकलन गर्ने मात्र हैन, कुन कुन क्षेत्रमा (घरेलुस्तर र संगठित दुवै) के कति काम सिर्जना भएको छ, सोको पनि सूचीकरण उक्त केन्द्रले नै गरी कामको एकीकृत सूचना संकलन गर्ने व्यवस्था गर्नुपर्दछ। यस केन्द्रले सबै निकायहरू तथा घरपरिवारबाट निजी क्षेत्रको काम पनि अभिलेख हुने गरी कम्प्यूटर सफ्टवेयर विकास गरी सबै सरोकारवालाहरूले सो सफ्टवेयरमा उल्लिखित ढाँचामा कामको आवश्यकता भनी विवरण भर्ने र सूचीकृत गर्ने व्यवस्था पनि गर्नुपर्दछ।
- सामाजिक सुरक्षासम्बन्धी एकीकृत कानूनी व्यवस्था गर्नुपर्दछ। सामाजिक सुरक्षासम्बन्धी यस्तो व्यवस्थाको लागि निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था पनि गर्नुपर्दछ। यसको लागि तेश्रो पक्षको सुपरीवेक्षण निश्चित अवधि (३।३ वर्ष) मा गर्ने व्यवस्था गरी सामाजिक

सुरक्षासम्बन्धी कार्यक्रम देशको आर्थिक विकास र सामाजिक अवस्थाको आधारमा पुनरावलोकन वा परिमार्जन हुने व्यवस्था गर्नु आवश्यक छ।

सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई उत्पादन, उत्पादकत्व वृद्धि र दिगो रूपमा जीवनस्तर उकास्नमा मदत हुने गरी आवद्ध गर्ने नीतिगत व्यवस्था समेत गरिनु आवश्यक छ।

## ५.२ आर्थिक सहायता र अनुदानको क्षेत्रमा गरिनुपर्ने सुधार

### ५.२.१ पृष्ठभूमि

चालु तथा पुँजीगत बजेटभित्र एक छुट्टै विनियोजनको वर्गीकरणको रूपमा आर्थिक सहायता र अनुदान रहन्छ। त्यस्तै, आफ्नै तह वा अन्य तहको लागि वित्तीय हस्तान्तरणको रूपमा बजेट विनियोजन गरिन्छ। चालु तथा पुँजीगत अनुदान अन्तर्गत यस्तो शीर्षकमा आर्थिक वर्ष २०७२।७३, २०७३। ७४ र २०७४। ७५ मा क्रमशः रू.१७१ अर्ब, रू.११० अर्ब, रू.३५५ अर्ब खर्च भएकोमा चालु आ.ब. २०७५। ७६ मा रू.५ खर्ब बजेट प्रस्ताव गरिएको छ। यसरी बजेट विनियोजन र खर्चमा अनुदान तथा सहायता बढ्दै गएको छ। स्थानीय र प्रदेश तहमा गरिएको वित्तीय हस्तान्तरणको व्यवस्थाले पनि यस्तो सहायता र अनुदानको अंश बढ्दै गएको छ। उल्लिखित आर्थिक वर्षहरूको अनुदान र सहायतको स्थिति अनुसूची-५.१ मा प्रस्तुत गरिएको छ।

आर्थिक वर्ष २०७२/७३ देखि आर्थिक वर्ष २०७४/७५ सम्म चालु तथा पुँजीगत अनुदान उपयोग गर्नेमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेका छन्। सरकारले प्रवाह गर्ने यस्तो सहायता र अनुदानमा कृषि तथा पशुपालनको क्षेत्रमा दिइने अनुदानको अंश उच्च रहेको छ। कृषि क्षेत्रमा मुलतः दुई प्रकारका अनुदानहरू दिइने गरिएको छ। पहिलोमा सालबसाली सञ्चालन गर्ने कृषि विकास कार्यक्रम अन्तर्गत प्रवाह गरिने अनुदान रहेको छ भने दोस्रो वैदेशिक सहायता अन्तर्गत सञ्चालित आयोजनाहरू मार्फत् प्रदान गर्ने अनुदान रहेका छन्। कृषि क्षेत्रमा दिइने अनुदानमा रासायनिक मल वितरणका साथै कृषि प्रसार अन्तर्गत मल, उन्नत बिउबिजन, कृषि औजार, बजार विकास, शीत भण्डार, तालिम लगायतका कार्यक्रमहरू समेटिएको छन्। कृषि क्षेत्रमा छुट्याइएको कुल बजेटको ५० प्रतिशत अनुदानमा जाने गरेको छ र हाल यो रकम करीब रू. १२ अर्बको हाराहारीमा पुगेको छ।

वित्तीय हस्तान्तरण र सार्वजनिक संस्थानमा जाने अनुदान र सहायता निरन्तर बढिरहेको छ। यी पक्षबारे छुट्टै समिक्षा गरिएको छ।

### ५.२.२ अनुदान र सहायतासम्बन्धी प्रमुख समस्याहरू

- अनुदान कार्यक्रम अन्तर्गत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यसहित कृषि तथा पशुपालन क्षेत्रमा अनुदानको ठूलो अंश खर्च गरिए पनि सो अनुदानको सदुपयोग हुने गरी उपयुक्त सेवाग्राहीको छनौट पनि नहुने र वहुनिकायले त्यस्तो अनुदान दिने प्रवृत्ति बढेको समेत देखिन्छ। अनुदान महत्त्वपूर्ण रूपमा खर्च भएपछि आयोजनाबाट उत्पादन र उत्पादकत्वमा के-कस्तो प्रभाव पऱ्यो सोको अनुगमन र मूल्याङ्कन गर्ने प्रभावकारी परिपाटी पनि देखिंदैन।
- अनुदान परिचालनका लागि घुम्ति कोष र विशेष आयोजना (जस्तै- प्याक्ट र हिमाली) को व्यवस्था गरिए पनि सो कोष वा आयोजनाबाट दिइने अनुदान रकमको प्रभावकारी ढंगले उपयोग हुन सकेको देखिंदैन। दुवै आयोजनाको हालसम्मको ७-८ वर्षमा वितरण भएको रकमको वित्तीय प्रगति पनि ६१ र ५४ प्रतिशत भएको देखिन्छ।
- कृषि यान्त्रिकीकरण अनुदान कार्यक्रम अन्तर्गत कृषिलाई प्रविधिमूलक बनाउने उद्देश्य राखिए पनि यान्त्रिकीकरण गर्ने प्राथमिकताको क्षेत्रको पहिचानमा रहने गरेको कमजोरीका कारण कार्यान्वयन पक्ष अपेक्षित रूपमा अघि नबढेको देखिन्छ। कार्यविधिमा गरिएको पटक पटकको संशोधनले समेत अस्थिरता र अविश्वास सिर्जना गरेको पाइन्छ। यसैगरी कृषि यान्त्रिकीकरण र कृषि पूर्वाधार विकास अनुदान कार्यक्रम अन्तर्गत सिँचाइ पूर्वाधार, बजार पूर्वाधार, शीत भण्डार गृह निर्माण, गोदाम घर निर्माण, प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर, प्रविधि विस्तार जस्ता कार्यक्रम राखिएपनि कार्यान्वयनको लागि तयार गरिएको कार्यविधिमा पटक पटक परिवर्तन गरिएकोले कार्यान्वयनमा समस्या देखिएको पाइन्छ।
- आर्थिक सहायता वितरणमा वस्तुनिष्ठ मापदण्ड छैन। आर्थिक सहायताको बहुनिकाय मार्फत् वितरण तथा औचित्य पुष्टि हुने गरेको देखिदैन।
- संघीय सरकारले विभिन्न रोगका लागि औषधि उपचारमा आर्थिक सहायता घोषणा गरेको छ तर वास्तविक व्यक्ति पहिचान कसरी गर्ने भन्ने स्पष्ट आधार देखिदैंन।
- आर्थिक सहायताबारे केन्द्रीय आर्थिक विवरण तयार गर्ने गरेको देखिदैंन।
- औचित्य र आवश्यकता भन्दा राजनीतिक प्रभावका आधारमा आर्थिक विवरण तयार गर्ने गरेको देखिन्छ र यसले पनि दायित्व बढाउने तर मूल उद्देश्य पूरा नहुने देखिएको छ।

### ५.२.३ अनुदान र सहायता सम्बन्धमा गर्नुपर्ने प्रमुख सुधारहरू

- प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणमार्फत् जाने रकमको सदुपयोग हुने विधि र प्रकृयालाई सुदृढ गरेर लान आवश्यक छ।

- कृषि क्षेत्रमा मूलतः कृषि क्षेत्रको विकाससँग जोडिएको उद्यमशीलता र पूर्वाधार विकास, कृषिको व्यवसायीकरण र मूल्य श्रृङ्खला प्रवर्द्धनमा अनुदान दिइने नीति लिइनु पर्दछ। खाद्य सुरक्षा तथा पोषणसँग सम्बन्धित उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रममा भएको प्रगति मूल्याङ्कनका आधारमा अनुदान दिने व्यवस्था गरिनुपर्दछ।
- कृषि सामाग्री, यान्त्रिकीकरण, मल, बिउ विजन, कृषि कर्जा, कृषि प्रसारका कार्यहरू कृषकहरूको नजिकमा स्थानीय र प्रदेश सरकारको प्रत्यक्ष सहभागिता र अनुगमनमा सञ्चालन हुने व्यवस्था गरिनु आवश्यक छ। बजेट रकमको सदुपयोगको लागि सम्बन्धित सरकारहरूको जिम्मेवारीलाई थप स्पष्ट पार्न आवश्यक छ।
- कृषि क्षेत्रमा विनियोजन गरिएको अनुदान र सहायता रकमको सदुपयोगको लागि कृषि तथा पशु सञ्चार र सूचना प्रणालीको विकास गरी लागू गर्न आवश्यक छ। सूचना प्रविधिमैत्री सूचना प्रणालीको विकास गरी अनुदानलाई उत्पादन, साधन, आपूर्ति, उत्पादन वृद्धि, बजार प्रवर्द्धनमा उपयोग गर्ने नीति अवलम्वन गर्न आवश्यक छ।
- अनुदान तथा अन्य सहायता रकम वितरणमा लाग्ने आयोजना लागत, प्रयोग गर्ने आयोजना लागत र त्यसको प्रतिफललाई ध्यानमा राखी अनुदान वितरणमा एप्सको सफ्टवेयर प्रयोग गर्ने नीति लिइनुपर्दछ। जुनसुकै अनुदान वितरण गर्दा पनि लाभान्वित हुने किसानहरूको स्पष्ट परिचय र स्थान तथा रकम खुल्ने गरी अभिलेख राख्ने व्यवस्था गर्नु आवश्यक छ। सो सफ्टवेयरमा प्रविष्ट नगरी अनुदान नदिने व्यवस्था गरिनुपर्दछ। एप्सको सफ्टवेयरमा पहुँचको समस्या हुने किसान वर्गको लागि मात्र विशेष व्यवस्था गरिनुपर्दछ।
- किसानहरूसँग प्रस्ताव माग गर्दा विपन्न र गरीब किसानको बढी पहुँच हुने व्यवस्था सुनिश्चित गरी भौचर प्रणाली मार्फत् अनुदान दिने व्यवस्था अनिवार्य गरिनुपर्दछ।
- नगद तथा वस्तुगत अनुदान उपलब्ध गराउँदा आधार र मापदण्डको आधारमा उपलब्ध गराउने र सोको लागि मानव विकास सूचकाङ्क, विकासका सूचक, लैंङ्गिक विभेदको सूचक, असमानता सूचक, क्षेत्रफल पूर्वाधारको अवस्था र लाभग्राहीको प्रतिशत जस्ता सूचकाङ्क प्रयोग गरिनुपर्दछ।
- अनुदान उपलब्ध गराउँदा पुँजी निर्माण हुने, सार्वजनिक सम्पत्ति सिर्जना हुने, लक्षित वर्ग र क्षेत्रका जनताको आर्थिक तथा सामाजिक उत्थान हुने तर्फ विशेष ध्यान दिनुपर्दछ।
- आर्थिक सहायतासम्वन्धी संघीय ऐन तर्जुमा गरी लागू गरिनुपर्दछ।
- आर्थिक सहायताको विवरणलाई बनाउने र सार्वजनिकीकरण गर्ने व्यवस्था गरिनुपर्दछ।
- त्यस्तो आर्थिक सहायताको केन्द्रीय आर्थिक विवरण संसद्मा प्रस्तुत गर्ने व्यवस्था समेत गरिनुपर्दछ।

- अनुदान लक्षित क्षेत्र लाभग्राहीमा प्रवाह हुने, सही सदुपयोग हुने व्यवस्था गर्न निश्चित मापदण्ड बनाई सोझै बैंक मार्फत् भुक्तानी दिने व्यवस्था गरिनुपर्दछ।

## ५.३ सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी र कुशल बनाउन चालु खर्च व्यवस्थापनमा गरिनु पर्ने सुधारहरू

सामान्यतः सार्वजनिक सेवा प्रवाह भन्नाले सरकारले जनतालाई पुऱ्याउने सेवा भन्ने बुझिन्छ। जन्मदेखि मृत्युसम्मका क्रियाकलापहरूमा जनतालाई आवश्यक सहयोग पुऱ्याउने सेवाहरू सार्वजनिक सेवा अन्तर्गत पर्दछन्। नेपालको संविधानको भाग ४ को राज्यको निर्देशक सिद्धान्तमा नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्दै सामाजिक न्यायको आधारमा राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्याय कायम गरी लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने उल्लेख गरिएको छ। संविधानमा राज्यले अवलम्बन गर्ने नीतिहरू समेत समावेश गरिएको छ। राज्यले के-कस्ता सेवाहरू पुऱ्याई जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने बारे नीतिहरूमा व्यवस्था गरिएको छ।

सार्वजनिक सेवाका प्रकार र सोको प्रवाहको अवस्था हेर्दा सेवाहरू नेपाल सरकार आफैले, सार्वजनिक संस्थान मार्फत्, निजी क्षेत्रबाट, गैर सरकारी संस्थाबाट, सार्वजनिक-निजी साझेदारीबाट प्रवाह गर्ने गरिएको पाइन्छ। खासगरी आधारभूत सेवाको प्रवाहमा सरकार स्वयं संलग्न हुनुपर्ने हुन्छ। यस्ता सेवामा खाद्यान्न, आवास, प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्य, खानेपानी, पोषण आदि पर्दछन्। लोककल्याण र सामाजिक सुरक्षासम्वन्धी सेवा पनि सरकार कै जिम्मेवारीमा पर्दछन्। पूर्वाधार सेवाहरू यातायात, सञ्चार, विद्युत, खानेपानी आदिमा राज्यको भूमिका अहम् हुन्छ। नागरिकको हैसियतमा प्राप्त गर्ने कतिपय व्यवसायिक सेवाहरू कुनै न कुनै रूपमा सरकारको नियमन वा निगरानीमा निजी क्षेत्र, बैंक, सहकारी वा समुदायबाट सञ्चालित हुने गरेका छन्।

सार्वजनिक सेवा प्रवाहमा विभिन्न समस्याहरू रहदैं आएका छन्। हाल मन्त्रालयगत सेवा प्रवाहसम्बन्धी दीर्घकालीन नीति, योजना र कार्यक्रम छैन। यसले पनि समस्या बढाएको छ। "सेवाग्राही सन्तुष्टि सर्वेक्षण" गरी माग अनुरूप सेवा प्रवाहलाई छरितो र स्तरीय बनाउने परिपाटी पनि सन्तोषप्रद छैन। मितव्ययिताका तौर तरिका नअपनाउदा वा नआउदा पूर्वाधार सेवा लागत उच्च हुँदै गएकाले सेवाको सूलभ पहुँचमा समस्या देखिएको छ। क्षमता अभिवृद्धिसम्बन्धी सेवा जस्तै शिक्षा, स्वास्थ्य, तालिम आदि लक्षित वर्गमा पुऱ्याउन प्रभावकारी व्यवस्था छैन। पुगेको सेवा पनि गुणस्तरिय र पर्याप्त नहुने गरेको छ। सिप विकास, तालिम जस्ता एउटै सेवा एक भन्दा बढी निकायबाट प्रदान हुने हुँदा वास्तविक सेवाग्राहीले नपाउने र कतिपयले दोहोरो सुविधा पाउने अवस्था रहेको छ। सेवाप्रवाह गर्ने निकायको संरचना मितव्ययी र प्रवाहमूखी छैन। संस्था दर्ताको एउटा

सेवा लिन अनेक कार्यालय, शाखा र टेवलहरूमा धाउनु पर्ने अवस्था छ। आय र रोजगारी बढाउने सेवाको खोजी सीमित छ। सेवाको पर्याप्तता, निश्चितता र गुणस्तरियतामा ध्यान दिने गरी निकाय र संयन्त्रको विकास हुन सकेको छैन। कुन सेवा कति समय र कति लागतमा प्राप्त गरिनेछ भन्ने स्पष्टनीति सहित नियमन र जवाफदेहिताको ठोस व्यवस्था हुन सकेको छैन। सेवा प्रवाह गर्ने निकाय र यसको सेवाको निरन्तर अनुगमन, मूल्याङ्कन एवं निर्देशन दिई सुधार गर्न सहयोग गर्ने गरी मन्त्रालयहरूमा उत्तरदायित्वको अभाव छ। सेवा प्रवाहसम्बन्धी ऐन, नियम, कार्यविधि र फाराममा सरलीकरण गर्दै सुधार गर्न नसकिएको स्थिति छ। सेवा प्रवाह गर्ने निकाय वीच समन्वयको ठूलो समस्या छ। यसले खर्च, गुणस्तर सेवा र व्यवस्थापनमै समस्या थपिरहेको छ।

सार्वजनिक सेवामा सरकारको दायित्व र जिम्मेवारीका कारण त्यतातर्फ हुने खर्चमा लगातार वृद्धि भइरहेको स्थितिमा संवैधानिक व्यवस्थाअनुसार सरकारको यस्ता सेवातर्फको दायित्व बढिरहेको छ। त्यसैले, मितव्ययिता र श्रोतको कुशलतम् प्रयोगका आधारमा सेवा उपलब्ध गराउने गरी खर्च व्यवस्थापन गर्न जरूरी छ। सेवा प्रवाह थप प्रभावकारी र कुशल बनाउन निम्नानुसारको सुधार आवश्यकता छः

१. सरकारले आफैंले प्रवाह गर्ने र निजी क्षेत्र र नागरिक समाजले प्रदान गर्ने सेवा बारे थप नीतिगत स्पष्टताको खाँचो छ।

२. सेवासम्बन्धी धेरै अधिकारहरू स्थानीय तहमा गएको वा अधिकार अनुरूप थप जान सक्ने भएकोले सोको थप मूल्याङ्कन गरी केन्द्रको खर्च दायित्व घटाउन आवश्यक छ। प्रभावकारिताका दृष्टिले स्थानीय तहमा सेवा प्रवाहको जिम्मेवारी दिनु उपयुक्त हुनेछ।

३. सेवा प्रवाह गर्ने निकायको लेआउटमा सुधार गरी एक ठाउँबाट प्रवेश गरेपछि सेवा प्राप्ति पछि बाहिर निस्कने गरी लेआउट मिलाउनु पर्दछ। सेवा प्रवाह गर्ने निकायमा दक्ष जनशक्तिको पर्याप्त व्यवस्था गरी हेल्प डेस्क राखी सेवा पुऱ्याउने प्रवन्ध गर्नुपर्दछ। यसले सेवा प्रवाहलाई मितव्ययी, छरितो र सेवा प्रवाहमा सकारात्मक प्रभाव पार्नेछ।

४. सेवा प्रवाहसम्बन्धी सम्बद्ध कानून, कार्यविधि, प्रकृया एवं फाराममा सुधार गर्दै जानुपर्दछ। फाराम सर्वसाधारणले बुझ्नेखालको अधिकतम १ पेजको बनाउनुपर्छ। संलग्न गर्नुपर्ने काजगातको संख्या घटाउने तर्फ सोची आवश्यक कदम चाल्नुपर्दछ।

५. सेवाग्राहीले के कस्तो सेवा कहाँबाट कति लागतमा कति समयमा प्राप्त गर्न सक्दछन् भन्ने सम्बन्धी सूचना र जानकारी हुने नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन मार्फत् पारदर्शिता र जवाफदेहीताको अनुकूल वातावरण सिर्जना गर्नु पर्दछ।

६. आधुनिक र विशेषत विद्युतीय प्रणालीको विकास गरी सेवाग्राही धाउनु नपर्ने घरबाटै सेवा प्राप्त हुने, घुम्तिसेवा एवं घरदैलो सेवा प्रणालीको विकास गरिनुपर्दछ। यसमा सूचना प्रविधिको उपयोग गरिनुपर्दछ। यसबाट खर्च दायित्वमा समेत कमि आउने र सेवा प्रवाह प्रभावकारी हुनेछ।

७. सेवा प्रवाहसम्बन्धी नागरिक वडापत्रको कार्यान्वयन गरी समयमा सेवा प्राप्त नभएमा क्षतिपूर्ति दिने प्रणाली अवलम्बन गरी कर्मचारीलाई जिम्मेवार र उत्तरदायी बनाउनुपर्दछ।

८. सेवाको गुणस्तर, समय र लागतको यथार्थपरक अनुमान गर्नेतर्फ विशेष ध्यान दिंदै तोकिएको समयमा सेवा प्रवाह हुने गरी समयबद्ध सेवा प्रवाह प्रणाली लागू गर्न आवश्यक छ।

९. सडक, खानेपानी र ढल निर्माण, विद्युत एवं सञ्चार सेवा प्रवाह गर्ने निकायहरू विच समन्वयहुने प्रभावकारी संयन्त्र निर्माण गरी स्थानीय निकायसँगको सहकार्यमा यी सेवाहरू सम्बन्धित र एक अर्कामा परिपूरक हुने गरी उपलब्ध हुने व्यवस्था गरिनुपर्दछ। सो संयन्त्रमार्फत् नियमनको सुदृढ व्यवस्था गर्नुपर्दछ। यसबाट खर्च नियन्त्रण र व्यवस्थापनमा ठूलो अनुकुलता आउनेछ।

१०. अनुगमन, मूल्याङ्कन र नियमन प्रभावकारी बनाउन हरेक २-२ महिनामा सम्बन्धित मन्त्रालयले अनुगमन र मूल्याङ्कन गरी समस्या भएका ठाँउमा तुरून्त सुधार एवं कारबाही व्यवस्था हुनुपर्दछ।

११. सेवाग्राहीको चाहना, आवश्यकता र गुणस्तरियताका आधारमा सेवा प्रवाहमा जिम्मेवार निकायका पदाधिकारीको कार्य सम्पादन मूल्याङ्कन हुने र उक्त मूल्याङ्कनलाई निजको वृत्ति विकासँगै आबद्ध गर्ने परिपाटी बसाल्नुपर्दछ।

१२. सेवाग्राहीको सेवा सन्तुष्टि सर्वेक्षण गर्ने कार्यलाई नियमन गर्दै प्राप्त सुझावहरू लागू गर्ने संस्थागत व्यवस्था गरिनुपर्दछ।

१३. मर्का पर्ने सेवाग्राहीलाई क्षतिपूर्ति दिने गरी आवश्यक कानूनी व्यवस्था गरिनुपर्दछ।

## ५.४ सरकारले व्यवस्थापन गरे मात्र पुग्ने र अन्य क्षेत्रबाट वितरण गर्न सकिने सेवाहरूको व्यवस्थापनको आधार र विधि

संविधानले तीन खम्वे अर्थ नीति अघि सारी सरकार, निजीक्षेत्र र सहकारी क्षेत्रको भूमिका स्पष्ट गरेको छ। त्यसैले प्रत्येक क्षेत्रको भूमिका स्पष्ट गर्ने गरी सरकार आफैले गर्ने, सामान्य सहयोग गर्ने वा नियमनको आधारमा निजी, सहकारी वा अन्य सामाजिक संस्थाहरूले सार्वजनिक सेवाहरू उपलब्ध गराउने बारे स्पष्ट नीति तय गर्न आवश्यक भएको छ। सरकारको खर्च दायित्व बढ्ने तर सेवा प्रबन्ध खर्चिलो र प्रभावकारी नहुने अवस्थामा गैर सरकारी वा अन्य उपयुक्त संस्थाको संलग्नता मार्फत् सेवाहरू प्रभावकारी बनाउने तर्फ विकल्पहरू खोज्न आवश्यक छ। यस पृष्ठभूमिमा

सार्वजनिक खर्च प्रभावकारी बनाएर सरकारले व्यवस्थापन मात्र गरी गैर सरकारी क्षेत्रमा सेवाको जिम्मेवारी दिने गरी निम्नानुसार कार्य व्यवस्थापन गर्न उपयुक्त हुने देखिन्छः

१. सरकारले मात्र नीति निर्माण तथा अनुगमन र मूल्याङ्कन गर्ने सोच र धारणामा परिवर्तन गरी सरकारी संगठनहरू, निजी क्षेत्र र प्राज्ञिक संस्थाहरू बीच प्रतिस्पर्धा गराई काम सम्पादन गर्ने नीति अवलम्वन गर्न जरूरी छ। सरकारले यस्ता विषयमा कार्यक्षेत्रमा प्रतिस्पर्धा गराउँदा खर्चहरूमा न्यूनता आउने र संलग्न कर्मचारी एवं सङ्गठनलाई छरितो बनाउन सकिनेछ।

२. शिक्षा क्षेत्रमा सचेतना अभिवृद्धि, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा, प्राथमिक शिक्षा आदिमा स्थानीय तह वा वडास्तरीय सामुदायिक एवं पारम्परिक संस्था तथा स्थानीय क्लबहरूलाई स्थानीयता र उपयुक्तताको आधारमा सहभागिता गराउने र शैक्षिक गुणस्तर, शुल्क अनुगमन र सुपरिवेक्षण जस्ता पक्षहरू विषयगत निकायहरूले हेर्ने नीति लिन उपयुक्त हुनेछ।

३. स्वास्थ्यसम्बन्धी सचेतना, पोषण, सुडेनी सेवा, प्राथमिक उपचार, ल्याबसम्बन्धी सेवा, स्वास्थ्य तथ्याङ्क संकलन वा नागरिकको उपचारसम्बन्धी विद्युतीय तथा भौतिक अभिलेख व्यवस्थापन र खानेपानी सुधारको लागि सामुदायिक स्वास्थ्य संस्थाहरू उपयोग गर्न सकिन्छ। त्यस्तै, रोगहरू छुट्याउन र जटिल रोगका लागि सो संस्थाभन्दा माथिको श्रृङ्खलामा रहने स्वास्थ्य केन्द्र वा विशिष्टिकृत रोगको लागि अस्पतालमा पठाउन (Referral) वा समय लिने कामको लागि यस्तो सामुदायिक संस्थाको भूमिका स्थापित गर्न सकिन्छ। यसको लागि स्थानीय तहमा गाउँ, टोल वा वस्ती, समुदायमा निश्चित जनसंख्यामा सेवा पुऱ्याउन नदोहोरिने गरी समुदायको स्वामित्वमा सामुदायिक स्वास्थ्य संस्था दर्ता गर्ने र सञ्चालन हुने व्यवस्था गर्न सकिन्छ। स्वास्थ्य सामुदायिक संस्थाको सामुदायिक संस्था व्यवस्थापन समिति मार्फत् समुदाय र स्थानीयबासीबाट नै स्थापना र सञ्चालन हुने व्यवस्था गरी कर्मचारीको व्यवस्था सरकारले गर्ने र समुदायले उत्प्रेरणा खर्च व्यहोर्ने गरी व्यवस्था गर्न सकिन्छ।

४. व्यापार, वाणिज्य क्षेत्र तथा आपूर्ति व्यवस्थापनमा निजी र सहकारी क्षेत्रको संलग्नता बढाइनु पर्दछ। विशेष गरी खाद्य सुरक्षा र खाद्यान्न आपूर्तिको लागि प्रतिस्पर्धाको आधारमा निजी क्षेत्रको भूमिका स्थापित गर्नु आवश्यक छ। स्थानीय वा प्रदेश तहमा उपभोक्ता वा कृषि सहकारी संस्थाहरूलाई एक कार्यक्षेत्रमा एक सहकारी संस्था (आवद्ध सदस्यहरू) लाई खाद्यान्न आपूर्ति वा खाद्यसुरक्षा कार्यमा सरकार (स्थानीय, प्रदेश) को सामान्य लागत र निगरानीमा गर्न सकिन्छ। कृषि सहकारीहरूलाई क्रमशः बिउ पुँजी र प्राविधिक तालिमको व्यवस्था गरी स्थानीयस्तरमा खाद्यान्न उत्पादन गर्ने कार्यमा प्रेरित गरी खाद्यान्नमा आत्मनिर्भर हुने स्थिति सिर्जना गर्न सकिन्छ। सरकार आफैले भन्दा उपभोक्ता सहकारी संस्थाहरूलाई प्रोत्साहन गरी खाद्यान्न ढुवानी र भण्डारणको कार्यमा संलग्न गराउन उपयुक्त हुनेछ। ढुवानी अनुदानमा

दिइदै आएको रकम स्थानीय सहकारी संस्थाहरूलाई खाद्य उत्पादन वा आपूर्तिमा बिउ पुँजीमा तालिम र बिमाको रूपमा उपलब्ध गरी सहकारीहरूलाई बालीचक्रमा आत्मनिर्भर हुने व्यवस्था गर्न सकिन्छ। यस्तो व्यवस्थाबाट ढुवानी अनुदान क्रमशः बन्द गरी वार्षिक रूपमा उत्पादन हुने परिमाण र गुणस्तरको आधारमा उत्पादन अनुदानको रूपमा सम्बन्धित प्रदेशलाई दिने व्यवस्था गर्न उपयुक्त हुनेछ।

५. गरिबी निवारणको लागि समूह गठन, गरिबी निवारण सर्भेक्षण तथा सामाजिक सुरक्षाको कार्यहरूमा गैरसरकारी संस्था र सहकारी संस्थाहरूलाई उपयोग गर्न सकिन्छ। सोही समूहलाई जलवायु परिवर्तनको क्षेत्रका कार्यक्रमहरू जस्तै वृक्षारोपण गर्न र निगरानी गर्न, सम्बन्धित स्थानको जलाधार संरक्षण, उष्णीय चेतना, तथ्याङ्क संकलन, बालीचक्रमा आएको परिवर्तन जस्ता कामको लागि बजेटको व्यवस्था गरी उपयोग गर्ने नीति लिन लाभप्रद हुनेछ।

६. होटेलमा निजी र सहकारी क्षेत्र, जनस्तरमा निजी वा सहकारी मार्फत् होमस्टे, भ्रमण व्यवस्थापनको लागि टुर्स एण्ड ट्राभेल कम्पनी आदिमा निजी र सहकारी संस्थाको सहभागिता गराउन उपयुक्त हुनेछ। सो स्थानीय र प्रदेश तहमा उक्त क्षेत्रको पर्यटन व्यवसायबाट प्राप्त राजस्व आर्जनको आधारमा पर्यटकीय आधारभूत पूर्वाधार निर्माण र व्यवस्थापनमा संयुक्त सहभागितामा काम गर्ने नीति लिन सकिन्छ।

७. शीत भण्डारण, कृषि तथा पशुपालनको क्षेत्रमा उद्यमशिलता वा व्यवसायीकरणको लागि कृषि सहकारी संस्थाहरू र उपभोक्ता सहकारी संस्थाहरूलाई प्रोत्साहन र प्राथमिकता दिई संयुक्त सहभागिता (शेयर पुँजी, बिउ पुँजी, क्षमता विकास, प्राविधिक सल्लाह आदि) मा व्यवसाय गर्ने व्यवस्था मिलाई खाद्यान्न वा नगदेबाली, माछामासु उत्पादन वा उत्पादकत्वमा अभिवृद्धि गर्न सकिन्छ। उत्पादन शुरु भएपछि सरकार अनुगमन निरीक्षणमा मात्र सीमित रहेर सो क्षेत्रबाट हात झिकी सहकारी संस्थाहरूलाई समयवद्ध रूपमा हस्तान्तरण गर्ने नीति लिन उपयुक्त हुनेछ। सम्बन्धित उद्योग वाणिज्य संघ वा महासंघ मार्फत् निजीक्षेत्रलाई पनि संलग्न गराउन सकिन्छ। प्रतिस्पर्धा र प्रस्तावको गुणस्तरको आधारमा सरकारले बिउ, पुँजी र क्षमता विकासमा सहयोग गरी स्थानीय प्रदेश सरकारहरूले निजी क्षेत्रलाई प्रोत्साहन गर्न सक्दछन्। करार खेतीको माध्यमबाट निजी र सहकारी क्षेत्रलाई यस कार्यमा प्रोत्साहन गर्नु पर्दछ।

८. पूर्वाधार विकासमा सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको संलग्नता गराउन सकिने अर्को प्रमुख क्षेत्र हो। आयोजना सूची तयार भएपछि व्यवसायिक रूपमा व्यवस्थापन र सञ्चालन गर्न सकिने राष्ट्रिय राजमार्ग र प्रदेशस्तरीय सडक तथा ठूला ठूला पुल जस्ता ठूला पूर्वाधारहरूको लागि बजेट विनियोजनको समयमा नै सम्बन्धित सरकारले सकेसम्म सरकार निजी साझेदारीबाट गर्ने विकल्प रोज्न सक्दछ। यसको पूर्वाधारको लगानी जुटाउने, कार्यसञ्चालन र

व्यवस्थापन गर्ने जिम्मा निजी क्षेत्रलाई दिन सक्दछ। वातावरण, गुणस्तर र उपभोक्ता शुल्कको लागि सरकारको स्वीकृतिअनुसार हुने गरी कानूनमा व्यवस्था गर्न सकिन्छ। यस्तो काम करार सम्झौता गरी २५/३० वर्षको लागि निजीक्षेत्र मार्फत् गराउन सकिन्छ। यस्तै माध्यमबाट प्रदेश राजमार्ग, विद्युत उत्पादन र प्रशारण, ठूला ठूला सूचना प्रविधिको विकासको लागि निजी क्षेत्रलाई संलग्न गर्ने गरी नीतिगत स्पष्टता गर्न सकिन्छ। हाल सहकारी ऐनमा विशिष्टीकृत सहकारीको प्रावधान रहेको हुँदा विद्युत उत्पादन, वितरण र यातायात व्यवस्थापन, रासायनिक मल उत्पादन र वितरण, जैविक मल, पाउडर दूध उत्पादन, सरकारको सामान्य रेखदेख र सहभागितामा सहकारी संस्थाहरूलाई संलग्न गर्न सहज हुनेछ।

९. सामुदायिक वन जस्ता क्षेत्रमा उपभोक्ता वा लाभग्राही समूह तथा परम्परागत संस्थाहरू मार्फत् व्यवस्थापन वा हेरचाह गराउन सकिन्छ। स्थान वा समुदाय विशेषको आधारमा एक लाभग्राही वा उपभोक्ता समिति हुने गरी व्यवस्थापन गर्न उपयुक्त हुनेछ। यसको लागि चाहिने प्राविधिक सहयोग वन प्राविधिक वा प्रतिस्पर्धाको आधारमा न्यून शुल्कमा यस क्षेत्रका विशेषज्ञ गैरसरकारी संस्थाहरू मार्फत् जुटाउने नीति लिनु पर्दछ।

१०. कुनै बस्ती, टोल, समुदाय आफैले मात्र उपभोग गर्ने सडक, साना सिँचाइ, पुल, खानेपानी, सामुदायिक भवन आदिको निर्माण कार्यमा स्थानीय उपभोक्ता समितिलाई प्राथमिकता र जिम्मेवारी दिनु उपयुक्त हुन्छ। बजेटमा समावेश भएका यस्ता खर्चहरू उपभोक्ता समितिको प्रस्ताव वा निकायले नै प्रस्ताव माग गर्ने व्यवस्था गर्नुपर्दछ। निर्माणको लागि यस्तो समुदायको निश्चित प्रतिशत (लागत अनुमानको २० देखि ३० प्रतिशत) वा सो बराबरको श्रम सहभागिता हुने प्रावधान राख्नु पर्दछ। समितिसँग सो कार्यको लागि सम्झौता गरी कार्यसम्पन्न भएपछि स्वामित्व हस्तान्तरण पनि गर्नुपर्दछ। एकपल्ट सरकारले लगानी गरी निर्माण कार्य सम्पन्न भई हस्तान्तरण भएपछि सो उपभोक्ता वा लाभग्राही समितिले नै मर्मत सम्भार गर्ने गरी पूर्वाधार व्यवस्थापन गर्न उपयुक्त हुन्छ। एक स्थानमा एक मात्र उपभोक्ता समिति हुने गरी स्थानीय सरकारले दर्ता गर्ने र एक स्थानमा एक भन्दा बढी उपभोक्ता समिति नहुने गरी व्यवस्था गर्नु आवश्यक छ।

११. गोप्यता गर्नुपर्ने कार्यहरू (कानूनमा व्यवस्था गरी) को छपाईका लागि सरकारको छापाखाना उपयोग गर्ने अवस्थामा बाहेक व्यवसायिक र अन्य किसिमको छपाईको लागि निजी क्षेत्र सहभागी हुने व्यवस्था गर्न सकिन्छ।

१२. कृषि क्षेत्रमा वागवानी फार्म सञ्चालन, मत्स्य पालन, पशु विकास तथा दुग्ध उत्पादन, बिउ विकास तथा वितरण आदि क्रियाकलापमा निजी क्षेत्रसँग करार व्यवस्थापनको माध्यमबाट सञ्चालन गर्न सकिन्छ। यस्ता क्रियाकलापहरूमा स्थान विशेष र सम्भाव्यताको आधारमा

सहकारीकरण गरी सञ्चालन गर्न सकिने समेत व्यवस्था गर्नुपर्दछ। रासायनिक मल आयात र वितरण गर्ने कार्यमा कृषि सहकारी संस्थाहरूको सदस्यहरूको स्वामित्वमा रहेको कृषि भूमिको आधारमा कृषि सहकारी स्थानीय/प्रदेश विषयगत संघ र अन्य किसानहरूलाई सहभागिता बढाउन सकिन्छ।

१३. सेवा करार मार्फत् हाल कार्यालयको कार्य सञ्चालन सेवाका क्रियाकलापहरू जस्तै धारा, बिजुली, टेलिफोन, वायरलेस सेट, सवारी साधन सञ्चालन, कार्यालय सामान मर्मत सम्भार, कम्प्युटरसम्बन्धी सेवाहरू, कार्यालयको सुरक्षा एवं सरसफाइ र बगैंचाको स्याहार सम्भार आदि परिवर्तनशील समयको विकल्प हुने गरी निजी सेवा करार दिने हालको व्यवस्था कायमै गरी थप व्यवसायिक बनाउन उपयुक्त हुनेछ।

१४. घरेलु उद्योग विभाग वा समिति मार्फत् सञ्चालन भएका कार्यहरूमध्ये उत्पादन कार्य (काठको सामग्री, कागज बनाउने, कपडा उत्पादनका साथै रङ्गाइ, सिलाइ, होजियारीसम्बन्धी उत्पादन कार्यहरू आदि) तथा सो संस्थाहरू अन्तर्गत सञ्चालित गलैंचा, सिलाइ, फर्निसिङसम्बन्धी विषयका तालिम कार्यक्रमहरू निजी क्षेत्रलाई संलग्न गराई कार्यक्रम प्रभावकारी बनाउन उपयुक्त हुनेछ।

१५. सरकारी निकायपिच्छे तालिम दिने कार्यमा बजेट विनियोजन गर्ने कार्य अबिलम्ब बन्द गरी प्रदेशमा एक मात्र तालिम केन्द्र र संघमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिस्ठानलाई नै तालिमको मुख्य जिम्मेवारी दिनु उपयुक्त हुनेछ। विषयगत (कृषि, पशु, शिक्षा स्वास्थ्य प्रशासन नापी निर्माण आदि) कामको लागि स्थलगत अभ्यासको रूपमा मात्र सम्बन्धित निकायमा पठाउने गरी तालिमको एकीकृत व्यवस्थापन गर्न उचित हुनेछ।

१६. स्वास्थ्य (खोप, परिवार नियोजन, मातृ शिशु कल्याण, आँखा उपचार), खानेपानी, शिक्षा (अनौपचारिक शिक्षा), सामुदायिक विकास, प्राकृतिक प्रकोप उद्धार, अपाङ्ग सेवा, वातावरण संरक्षण, सीप विकास, जनचेतना अभिवृद्धि, समाज कल्याण जस्ता क्षेत्रगत कार्यहरूको सञ्चालन गर्ने जिम्मा विषयगत विज्ञता हासिल गरेको गैरसरकारी संस्थाहरूलाई दिन उपयुक्त हुन्छ। स्थानीय स्तरमा संस्थाहरूको छनौट विशेषज्ञता अनुभव र कार्य सम्पादन क्षमताका आधारमा गर्ने परिपाटी बसालिनु पर्दछ।

१७. सरकारको निकाय बाहिरका निजी क्षेत्र, सहकारी क्षेत्र, उपभोक्ता समिति, गैरसरकारी संस्था, परम्परावादी संस्था आदिसँग कार्य गराउन करार सम्झौता गर्दा करारीय (Contracted) संस्कार र कार्यपद्धतिको विकास गर्न आवश्यक छ। यसको व्यवस्थापनको लागि दरिलो व्यवस्था गर्नु आवश्यक छ।

# अध्याय छ

# संघीय बजेट, खर्च र वित्त व्यवस्थापन प्रणालीका समस्या र समाधानका उपायहरू

## ६.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यको दायित्व र लक्ष्य निर्धारण गरेको छ। संविधानले समाजवाद उन्मुख आर्थिक समृद्धिको बाटो तय गरेकाले यो राज्यको लागि प्रस्थान विन्दु हो। यसैले उपलब्ध साधन र स्रोतको कुशलरूपमा उपयोग गरी न्यायोचित वितरणमा आधारित दिगो रूपमा उच्च आर्थिक विकास गर्न अनिवार्य छ। राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदैं समाजवाद उन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने दायित्व सरकारको काँधमा आएको छ। यस्ता उद्देश्यहरू प्राप्त गर्न सरकारले आफ्नो विकासको सोच (Vision) र खाका तय गर्दै सो अनुरूप आवधिक योजनाहरू निर्माण गरी वार्षिक बजेटहरू मार्फत् लक्ष्य प्राप्तिमा अघि बढ्नु पर्ने हुन्छ। वर्तमान सरकार सोही अनुरूप केन्द्रित भएर लागेको छ।

सरकारको अग्रगामी नयाँ सोंच, योजना, नीति तथा कार्यक्रमहरूले विचारसहित सिंङ्गो आर्थिक परिपाटिमा हलचल ल्याउँछन्। आर्थिक गतिविधि र क्रियाकलापमा नयाँ मोड ल्याउँछन्। बृहत् आर्थिक विकास, रूपान्तरण र आय समानता ल्याउन महत्त्वपूर्ण भूमिका खेल्दछन्। यसैले सरकारको सोंच अनुसार अर्थतन्त्रलाई गतिसाथ अगाडि बढाउन योजना प्रणालीको अहम् भूमिका हुन्छ। आर्थिक योजना मूलतः योजना प्रणालीको क्षमतामा निर्भर गर्दछ। राजनैतिक रूपमा प्रवेश भएका आर्थिक उद्देश्यहरूलाई योजना प्रणालीले प्रक्रियागत ढंगबाट कसरी सम्भव र दिगो बनाउँदछ भन्ने कुरा संवेदनशील हुन्छ। योजना तर्जुमा र वार्षिक बजेटको सम्बन्धलाई प्राविधिकरूप र अन्य हिसाबले बलियो बनाउने परियोजनाहरू समयमै कार्यान्वयन गराउने पक्ष र प्रयत्नहरूले सर्वाधिक महत्त्व राख्दछ। यसका लागि योजना प्रणालीका संयन्त्रहरू बलियो बनाउन अनिवार्य हुन्छ। त्यसैकारण, बृहत आर्थिक योजना र क्षेत्रगत रणनैतिक योजनाहरू, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट बिचको बलियो सम्बन्ध हुनु पर्ने हुन्छ। ती प्रत्येक अत्यावश्यक प्रक्रियाहरू अनिवार्य एवं सावधानीपूर्वक अवलम्बन गरिनुपर्दछ।

योजनागत प्रणालीले निश्चित आर्थिक परिसूचकहरूको लक्ष्य निर्धारण गर्दै समयअनुसार अर्थतन्त्रको विकास गर्न सहयोग पुर्‍याइने अपेक्षा गरिन्छ। यसले भविष्यको लागि आर्थिक क्षमताको वृद्धि गर्नुको साथै प्राथमिकताहरू निर्धारण गरी अघि बढ्ने बाटो प्रशस्त गर्दछ। यसैले योजना प्रणालीबाट संविधानले निश्चित गरेको समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्नलाई सहयोग पुग्नु पर्ने हुन्छ।

समाजवाद उन्मुख अर्थतन्त्रमा आर्थिक-सामाजिक रूपान्तरणको पक्षलाई मुख्य ध्यान दिइन्छ। यस कार्यदिशामा आउने समाजका अवरोधपूर्ण समस्याहरू हटाउन वा समाधान गर्न समाजको आफ्नै सीमा हुन्छन्। विद्यमान आर्थिक प्रणालीले समग्ररूपमा आम्दानी, सम्पत्ति एवं जीवनका अवसरहरूमा सृजना गर्दै लगेको असमानताहरू अर्थतन्त्रबाट स्वचालितरूपमा हट्न सक्दैनन्। समाजवाद उन्मुख अर्थतन्त्रले उक्त असमानता वा अवरोधपूर्ण तत्त्वलाई कम गर्न प्रयत्न गर्नुपर्ने हुन्छ। आर्थिक सामाजिक कल्याणका कार्यहरू अघि बढाउने क्रममा राजस्वको विस्तार गर्दै शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाहरूमा आम जनताको अधिकार र पहुँच सुनिश्चित गर्नुपर्ने हुन्छ। समाज परिवर्तनसँगै सबै जनतालाई आर्थिक-सामाजिक कल्याण प्राप्त हुने गरी पुनः आर्थिक-सामाजिक संरचनाको परिवर्तन गर्नुपर्ने हुन्छ। समाजवाद उन्मुख अर्थतन्त्रमा सबै प्रकारका असमानता एवं वञ्चितीकरणलाई निवारण गर्न सरकारको वित्त नीतिले प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पार्दछ। सरकारले कहाँ सार्वजनिक खर्च कति गर्‍यो भन्ने कुराले जनताले कति फाइदा पाए वा कति असमानता घट्यो भन्ने आंकलन गर्न सकिन्छ। यसरी त्यसबाट कुन वर्गले बढी फाइदा पायो भन्ने कुरा प्रष्ट हुन्छ। समाजवाद उन्मुख अर्थतन्त्रमा नीति, कार्यक्रम वा परियोजनाको कार्यान्वयनले आर्थिक सामाजिक रूपमा पछाडिपरेका जनसमुदायले तुलनात्मक रूपमा फाइदा पाउनु पर्दछ। तुलनात्मकरूपले धनीले भन्दा विपन्न वर्गले फाइदा प्राप्त गरेको अवस्थामा मात्र असमानता घट्दै जान्छ। त्यसैले सामाजिक क्षेत्रका कार्यक्रम, नीति तथा योजनाहरू विस्तृत अध्ययन अनुसन्धानको आधारमा सावधानीपूर्वक तयार गरी लागू गर्नु पर्ने अनुभवहरूले प्रष्ट गरेका छन्।

आर्थिक-सामाजिक रूपान्तरण र समाजवाद उन्मुख समृद्धिका लागि योजना प्रणाली र तदनुरूप बजेट र खर्च व्यवस्थापन प्रणाली अवलम्बन गर्न जरूरी छ। योजना र बजेट तथा खर्च व्यवस्थापनको महत्त्वपूर्ण कडिको रूपमा त्रिवर्षीय खर्च संरचना हो र यसलाई त्यही ढङ्गले पुनर्संरचना गर्न आवश्यक छ। संघीय प्रणालीमा त्यो थप अनिवार्य बनेको छ। आर्थिक सामाजिक रूपान्तरण परम्परागत होइन अग्रगामी संयन्त्रले सहयोग गर्न सक्दछ तर योजनाका लागि योजना अथवा परम्परा थेग्ने योजनाले सामाजिक रूपान्तरण गर्न सक्दैन। समन्याय उन्मुख सार्वजनिक, निजी र सहकारीको लगानीले समृद्धि एवं संरचनात्मक परिवर्तन सहज बनाउँछ। उत्पादनशील सार्वजनिक लगानीले निजी क्षेत्रको सहकारी लगानीलाई प्रोत्साहित गर्दछ तर कमजोर योजना प्रणाली यसले लगानी प्रवर्द्धनमा वाधकका रूपमा रहँदै आएको छ। फेरि जे जसरी चालु र अनुत्पादक खर्चमा वृद्धि भइरहेको छ त्यसले गर्दा उपलब्ध हुने सीमित स्रोतहरू आवश्यकताअनुरूप उत्पादनशील क्षेत्रमा परिचालन हुन सम्भव छैन। यही सन्दर्भमा यस परिच्छेदमा योजना, बजेट, खर्च र वित्त व्यवस्थापनका क्षेत्रमा देखिएका समस्याहरूको विश्लेषण गरिएका छ। त्यसपछि अन्तरसम्बन्धित पक्षहरूमा सारभूत रूपमा कसरी सुधार र परिवर्तन गर्न अवश्यक छ भन्ने खाकासहित सुझाव प्रस्तुत गरिएको छ। अन्त्यमा, कार्यान्वयनका क्षेत्रमा गरिनु पर्ने सुधार बारे सुझावहरू दिइएको छ।

## ६.१.१ बजेट र खर्च प्रणालीका प्रमुख समस्याहरू

### ६.१.१.१ योजना एवं बजेट बिचको कमजोर सम्बन्ध

क्षेत्रगत रणनैतिक योजनाहरू दीर्घकालीन सोचबाट निर्देशित हुनु पर्ने हुन्छ। यस्ता रणनैतिक सोंच अनुसारका योजनाहरू आवधिक योजनाहरू मार्फत् क्रमशः कार्यान्वयनमा लानु पर्ने हुन्छ। सडक-पुल-सिँचाइ-विद्युत उत्पादन जस्ता बहुउद्देशीय परियोजनाहरू बिचको अन्तरसम्बन्ध र सहयोग जस्ता पक्षहरूको निर्धारण क्षेत्रगत रणनैतिक योजना निर्माणसँगै गर्नुपर्ने हुन्छ। यस किसिमको दीर्घकालीन सोचसहितको क्षेत्रगत रणनैतिक योजनाले मात्र दिगो आर्थिक विकासको कार्यलाई प्रभावकारी र मितव्ययी बनाउँन सक्दछ। विद्यमान योजना प्रणालीमा यस्तो दीर्घकालीन सोंचसहितको क्षेत्रगत रणनीतिहरू स्थापित हुन सकेको देखिँदैन।

त्यस्तै, आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट बिच अन्योन्याश्रित अन्तरसम्बन्ध रहेको हुनु पर्दछ। आवधिक योजनाका उद्देश्य र नीतिअनुसार मध्यकालीन खर्च संरचना तयार गरिनु पर्ने हुन्छ। मध्यकालीन खर्च संरचनाले वार्षिक बजेट निर्माणमा मार्ग निर्देशन गर्नुपर्ने हुन्छ। आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट बिचको सम्बन्धलाई मजबुत बनाउन एउटा संयन्त्र वा प्रणाली आवश्यक पर्दछ। राज्यवाट प्रदान गरिने सार्वजनिक सेवा प्रभावकारी रूपमा आम नागरिक समक्ष पुऱ्याउन बृहत आर्थिक नीतिसँगै वित्तीय नीतिलाई उपयुक्त तरिकाले तर्जुमा गरी कार्यान्वयनमा लानु पर्ने हुन्छ। यसका साथै नियमन प्रक्रिया र संस्थागत व्यवस्था त्यत्तिकै महत्त्वपूर्ण हुन्छन्। कार्य पद्धतिले बजेट तर्जुमा, विनियोजन, कार्यान्वयन, सार्वजनिक खर्च व्यवस्थापनमा प्रभाव पारेको हुन्छ। संस्थागत व्यवस्था र पद्धति, भूमिका र जिम्मेवारीले सार्वजनिक खर्चको गुणस्तरमा वृद्धि ल्याउँदछन्। संरचनात्मक परिवर्तन स्वतः हुदै संयन्त्र जति मजबुत हुन्छ त्यति नै मात्रामा संरचनात्मक परिवर्तन सहज हुदै जान्छ। फलस्वरूप निर्धारित समयमा मितव्ययीरूपले प्रतिफल वा लक्ष्य प्राप्त गर्न सकिन्छ।

विद्यमान अवस्थामा आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट बिच सम्बन्ध स्थापित गर्ने संयन्त्र वा पद्धति निकै कमजोर छ। आवधिक योजनाहरू तथ्यगत विश्लेषण र नीति, रणनीति, क्षेत्रगत प्राथमिकता र कार्यक्रमहरूको गहिरो विश्लेषणका आधारमा एक अर्कोमा तादम्यता कायम गरी सो आधारमा लक्ष्यहरू तय भएको देखिँदैन। समष्टिगत आर्थिक परिसूचकहरूको प्रक्षेपण परम्परागत विधिमा आधारित पुँजी-प्रतिफल अनुपातको उपयोग गरी क्षेत्रगत लगानी प्रक्षेपण गर्ने गरिएको देखिन्छ। क्षेत्रगत प्राथमिकता एवं रणनीति उल्लेख भए पनि अन्तरक्षेत्रगत प्राथमिकता तय नहुँदा क्षेत्रगत प्राथमिकताहरू एक-आपसमा बाझिएका देखिन्छन्। विगतदेखि नै आवधिक योजना,मध्यकालीन खर्च

संरचना र वार्षिक बजेटहरू परम्परागत तरिकाबाट तयार गर्ने प्रचलन रहि आएको छ र यसको असर आवधिक योजना तथा वार्षिक बजेटमा समेत परेको देखिन्छ।

## ६.२ मध्यकालीन बजेट खर्च व्यवस्थाको न्यून सदुपयोग

### ६.२.१ मध्यकालीन खर्च संरचनाको विद्यमान अवस्था

बजेट र आवधिक योजनाका प्राथमिकताहरू बिच सम्बन्ध स्थापित गर्न मध्यकालीन खर्च संरचना तर्जुमा गरिन्छ। नेपालमा दशौं योजना कालदेखि तीन वर्षे मध्यकालीन खर्च संरचना तयार गर्ने कार्य आरम्भ भएको थियो। यसको मुख्य उद्देश्य गरीबी निवारण रणनीतिलाई वार्षिक बजेटमा रूपान्तरण गर्न सहयोग पुगोस् भन्ने थियो। प्रत्येक वर्ष अद्यावधिक गर्ने गरी आर्थिक वर्ष २०५९/६० बाट शुरु भएको मध्यकालीन खर्च संरचना कहिले प्रकाशित हुने र कहिले प्रकाशित नहुने गर्दै छैटौं संस्मरणसम्म २०६६/६७ आइपुग्यो। बिचमा उक्त अभ्यास कार्य रोकिए पनि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मध्यकालीन खर्च संरचनाको तयारी अनिवार्य गरेकोले आ.व. २०७५/७६ - २०७७/७८ का लागि राष्ट्रिय योजना आयोगबाट २०७५ मा यस्तो संरचना पुनः तयार गरिएको छ।

वार्षिक बजेटले आवधिक योजनालाई उपेक्षा गर्ने तथा परम्परागत सोचका आधारमा तर्जुमा गरिने हुनाले बजेट परम्परालाई हटाउन मध्यकालीन खर्च संरचनालाई प्रयोगमा ल्याइएको थियो तर उक्त खर्च संरचना आर्थिक वर्षको अन्त्यमा मात्र तयार गर्ने परम्परा बस्यो। मध्यकालीन खर्च संरचनाले वार्षिक बजेटलाई सहयोग गर्ने होइन कि वार्षिक बजेटले मध्यकालीन खर्च संरचनालाई डोऱ्याउने स्थिति बन्यो। यी दुबै दस्तावेजहरू समानान्तररूपमा तयार हुन थाले। कहिले बजेट घोषणा भएपछि त कहिले घोषणा केहि अघि मध्यकालीन खर्च संरचना तर्जुमा एवम् प्रकाशित गर्ने प्रचलन रह्यो। कानूनी प्रावधानपछि तयार गरिएको मध्यकालीन खर्च संरचना, २०७५ विगतको प्रकृया परम्पराकै रूपमा आयो। बजेट तर्जुमा र मध्यकालीन खर्च संरचना तर्जुमा छुट्टाछुट्टै वा समानान्तर कार्य हुन भन्ने बुझाई यिनले दिए। उदाहरणको लागि वार्षिक विकास कार्यक्रम तथा विकास बजेट (मध्यकालीन खर्च संरचना समेत) तर्जुमासम्बन्धी मार्गदर्शन २०७४ र बजेट तर्जुमा दिग्दर्शन २०७३ छुट्टाछुट्टै तयार गरिएका छन्। मध्यकालीन खर्च संरचना देखाउने दस्तावेजको रूपमा यसको प्रयोग भएकाले यसबाट बजेट निर्माण प्रकृयामा योगदान हुँदै आर्थिक सामाजिक परिवर्तनमा टेवा पुग्न सकेन।

### ६.२.२ मध्यकालीन खर्च संरचनाको संस्थागत व्यवस्थामा रहेका कमजोरीहरू

मध्यकालीन खर्च संरचना तर्जुमाको लागि संस्थागत क्षमता कमजोर देखिन्छ। मध्यकालीन खर्च संरचना तर्जुमा गर्दा न्यूनतमरूपमा पालना गर्नुपर्ने प्रक्रिया एवं मापदण्ड पालना नगर्दा यस्तो स्थिति उत्पन्न

भएको हो। शुरुमा स्थापना गरिएका संस्थागत व्यवस्थाहरू मध्यकालीन खर्च संरचना निर्माणमा निरन्तरता नदिइएका कारण यी प्रभावहीन वा अस्तित्वहीन हुन पुगे। पछिल्लो २०७५ को मध्यकालीन खर्च संरचना योजना आयोगले नै निर्माण गरेको भए पनि योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७५ ले विगतमा योजना आयोगले वार्षिक कार्यक्रम तर्जुमा र कार्यक्रम स्वीकृति जस्ता जुन जिम्मेवारीहरू पूरा गर्दै आएको थियो त्यस्तो जिम्मेवारी यसबाट कम गर्ने कार्य गरिएको छ। यस्बाट मध्यकालीन खर्च संरचना तर्जुमा कार्य राष्ट्रिय योजना आयोगको कार्यक्षेत्र भित्र नपर्ने जस्तो देखिन्छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सबै तहका सरकारले मध्यकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने प्रावधान राखे पनि कुन निकाय र संस्थाले तयार गर्ने भन्ने स्पष्ट गरेको छैन। अर्थ तथा अन्य मन्त्रालयहरूमा व्यवसायिक दक्ष जनशक्तिको अभाव छ। विगतमा यस्तो निमार्णमा विभिन्न मन्त्रालयहरूले मूलतः लेखा समूहको कर्मचारीलाई उपयोग गरेको देखिन्छ। यस्ता कर्मचारीहरू मध्यकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यमा प्रशिक्षित हुँदैनन्। यसरी सबै तहको सरकारहरूमा मध्यकालीन खर्च संरचना तर्जुमा गर्न सक्ने जनशक्तिको अभाव देखिन्छ।

मध्यकालीनन खर्च संरचना तर्जुमा र सफल कार्यान्वयनको लागि यसको प्रक्रियामा राजनैतिक संलग्नता र प्रतिबद्धता अति आवश्यक छ। त्यसैगरी बजेट सुधारका लागि प्रभावकारी व्यवस्थापन र संस्थागत समन्वय पनि उतिकै आवश्यक छ। विद्यमान व्यवस्थामा नियम, विनियम, मार्गदर्शन, मापदण्ड निर्माण गरिए पनि त्यसको सशक्त एवं अविछिन्न पालनाको अभाव देखियो। विगतमा छिटो छिटो सरकार परिवर्तन हुदैं जाँदा संस्थागतरूपमा पालना गर्नुपर्ने नियम एवं मापदण्ड पनि भत्किदैं गए।

मध्यकालीन संरचनासँग बजेट निर्माण प्रक्रियामा प्राविधिक पक्षहरू महत्त्वपूर्ण हुन्छन्। परियोजनाहरू तयारी अवस्थामा पुऱ्याउन निश्चित समय लाग्दछ। मध्यकालीन खर्च संरचना औपचारिकतामा बढी सीमित हुने क्रमसँगै बजेट निर्माण चक्रका विभिन्न चरणहरू पार नगरी आर्थिक वर्ष शुरु हुनुभन्दा केही दिन अगाडि तीव्रता दिने र हतारमा बजेट पेश गर्ने अभ्यास बनेको अवस्था छ। सामान्यतया बजेट तर्जुमाको विभिन्न चरणहरू पार गर्न लगभग ९ महिनाको समय लाग्ने हुन्छ। उक्त अति आवश्यक चरणहरू पार नगरी हतारमा अन्त्यमा आयोजना/कार्यक्रमको आधारमा तयार गरिएको बजेटको प्रभावकारिता कम हुन्छ। अपेक्षित प्रतिफल प्राप्तिमा समस्या हुन्छ। कतिपय प्राथमिकताका आयोजना/कार्यक्रमहरू समेत कार्यान्वयनमा लैजान नसकिने हुन्छ। एउटा चरण पार गर्न गरिएको ढिलाईले अर्को चरणलाई ठूलो असर पार्दछ। यसरी कार्यक्रम चयनको एक ढिलाई र अर्को ढिलाईको सञ्चित प्रभाव नेपालको बजेट कार्यान्वयनमा पर्न गइरहेको अवस्था छ। कार्यक्रम/परियोजनाहरू निर्धारित समयमा सम्पन्न नहुँदा समय र लागत दुबै बढ्ने तथा गुणस्तर पक्षमा ठूलो समस्या आउने आम प्रवृत्ति बनेर गएको छ।

# ६.३ आयोजना प्राथमिकीकरणमा वैज्ञानिकताको अभाव

कुनै कार्यक्रम वा परियोजनाहरू बजेटमा समावेश गर्ने वा नगर्ने भनी प्राथमिकता निर्धारण गरिन्छ। तर विद्यमान अभ्यासमा ठूलो समस्या छ। बजेटमा नयाँ परियोजनाहरू होइन पुरानै परियोजनाहरूलाई प्राथमिकतामा राखिन्छ। बजेटमा प्रस्तुत हुने सार्वजनिक खर्चका लगभग सम्पूर्ण शीर्षकहरूलाई मूलतः पहिलो प्राथमिकता (P1) र एकदम कम दोस्रो प्राथमिकता (P2) र सीमित मात्र तेस्रो प्राथमिकतामा राख्ने गरिएको छ। चालु आर्थिक वर्ष २०७५/०७६ मा त अधिकांश पहिलो र केहीलाई दोस्रो प्राथमिकता समूहमा राखिएको छ। यसै अभ्यसाले गर्दा लगभग ९० प्रतिशत परियोजना/कार्यक्रमहरू प्रथम प्राथमिकीकरण समूहमा पर्ने गरेका छन्। यस्तो अभ्यासले बजेटमा राखिएका परियोजनाहरूको पुनः समूहकृत गर्नु नै प्राथमिकीकरण हो भन्ने गलत सन्देश दिएको छ। संविधानले नै संघीय सञ्चित कोष माथि व्ययभार हुने भनेर स्पष्ट गरेको शीर्षकमा समेत प्राथमिकीकरण गरिएको छ। यसले गर्दा प्राथमिकीकरणको अभ्यासमा नै प्रश्न चिन्ह उठ्नु स्वभाविक छ। धेरै मात्रामा परियोजना/कार्यक्रमहरू समावेश गर्ने गरिएकाले थोरै थोरै मात्रामा पुँजीगत रकम विन्यासको परिपाटीलाई यसले टेवा पुऱ्याएको छ। महत्त्वपूर्ण आयोजनामा समेत रकमको अभाव सामान्य जस्तै बन्दै गएको छ। यी सबैको प्रतिकुल असरका कारण परियोजना/ कार्यक्रमहरू समयमा सम्पन्न हुन नसक्ने आम प्रवृत्ति बनेको छ। परियोजना/कार्यक्रमहरूको अनुगमन र सुपरीवेक्षण पनि यसले गर्दा कठीन वा उपेक्षित हुने गरेको छ।

तालिका १: प्राथमिकता प्राप्त परियोजना र खर्च

| आर्थिक वर्ष | विनियोजन खर्च र खर्च प्रतिशत | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | PL परियोजना सख्या | Pl बजेट | Pl खर्च | % | p2 परियोजना सख्या | p2 बजेट | p2खर्च | % | p3 Item | p3 बजेट | p3 खर्च | % |
| २०६८/६९ | ५०० | ३४४४९०११३ | २९८०३७६०७.१ | ८६.५२ | १८९ | ३४६०३७९६ | ३५९११३३६.४३ | १०३.७८ | ४२ | ५८०६०९१ | ५२१८५४१.६१ | ८९.८८ |
| २०६९/७० | ५२७ | ३५६३७९८९८ | ३२५०२०१९६.५ | ९१.२० | १७३ | ३४४६७३०७ | २८०३७२१९.३७ | ८१.३४ | ३४ | १३९७७४९५ | ५५८०५६४.६५ | ३९.९३ |
| २०७०/७१ | ५२९ | ४४२०५६३९१ | ३७९८३९१५४.५ | ८५.९३ | १८३ | ५९६३३७१८ | ५१५५६८२२.५९ | ८६.४६ | ३२ | १५५४९८९१ | ३६५६३०७.६३ | २३.५१ |
| २०७१/७२ | ५६१ | ५२७३८२२०८ | ४६७९९५४८२.४ | ८८.७४ | १७९ | ७०९८४९९८ | ५८०१७२३४.३८ | ८१.७३ | ३२ | १९७३२७९४ | ५५४५६४४.८३ | २८.१० |
| २०७२/७३ | ५६३ | ७०७१४००९२ | ५२६८४४४५६.८ | ७४.५० | १७५ | ८३६८९०५४ | ६६५११२८३.२४ | ७९.४७ | ३० | २८६३९७४० | ७६५९८४३.७३ | २६.७५ |
| २०७३/७४ | ६०० | ९०६८८१४१४ | ७३५८१९९३०.६ | ८१.१४ | १६६ | १०९१७५०६७ | ९९०५५६०३.३ | ९०.७३ | २६ | ३२८६४८७५ | २३७२२५४.५६ | ७.२२ |
| २०७४/७५ | १३७३ | ११४४३४१५१६ | १०१९१४९१७४ | ८९.०६ | १५७ | ८४३८८४२९ | ६३५२५३८६.५६ | ७५.२८ | २६ | ५०२६४९१० | २२१६५९३.८२ | ४.४१ |
| २०७५/७६ | १२६४ | १२०९१२८२०० | २५८६९४८५१.७ | २१.४० | १४९ | १०६०३३५०० | १६२९०८६८.०९ | १५.३६ | ०.०० | ० | ० | ० |

देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको पूर्वाधार जस्तै- ऊर्जा, सडक, सिँचाइ क्षेत्रका ठूला एवं राष्ट्रिय महत्त्वका आयोजनालाई उच्च प्राथमिकतामा राखी राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयनमा अगाडि बढाउनु आर्थिक विकासको रणनीतिक दृष्टिले उपयुक्त छ। तर राष्ट्रिय गौरवका आयोजना घोषणा गर्दा उपयुक्त आधार र मापदण्डअनुरूप आर्थिक-सामाजिक लाभ एवं समग्र प्रभावको विश्लेषणको आधारमा गरिएको देखिदैन। त्यस्तै राष्ट्रिय गौरवका आयोजनाहरूमा समेत न्यून विनियोजन गर्ने र कार्यान्वयनमा प्राथमिकता नदिइएको देखिन्छ। आयोजना कार्यान्वयन पूर्वका रुख कटान, जग्गा

प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन, सिमाङ्कन आदि विषयहरू यकिन गरी तयारीसाथ आयोजनाहरू कार्यान्वयनमा लगेको देखिदैंनन्। कार्यान्वयनमा विभिन्न समस्याहरू दोहोरिइ संरचनागत नै हुने गरेका छन्। कतिपय आयोजनाहरूको त सम्भाव्यता अध्ययन नै नभएकाले, काम शुरु नै नहुने र निर्माण प्रक्रियामा अल्मलिने गरेको देखिन्छ। कतिपय आयोजनाको पहिलो चरणको काम सम्पन्न हुन सके पनि दोश्रो चरणको कुनै तयारी स्थिति देखिँदैन। बहुउद्देश्यीय परियोजनाहरू छन् तर समन्वय छैन। परियोजना/कार्यक्रमहरूको वास्तविकरूपमा प्राथमिकीकरण गरिएको भए आवश्यक बजेटको अभाव हुने थिएन। दुर्लभ स्रोतकै कारणले प्राथमिकीकरण गर्नुपर्ने हो। स्रोतको आकारअनुसार नै परियोजनाहरू तयार गरिन्छ। तर हालको अवस्थामा थोरै रकम विनियोजन भएकोले परियोजना/कार्यक्रमहरू कार्यान्वयनमा लैजाने प्रेरणा कम हुदैं गयो। फलस्वरूप बजेटमा समावेश भएका परियोजना/कार्यक्रमहरूको छिट्टै कार्यान्वयन मार्फत् उत्पादनशील सञ्चय र वृद्धि गर्ने भन्दा नयाँ नयाँ परियोजना/कार्यक्रमहरूको लागि थप बजेट माग गर्ने प्रवृत्तिले सिंगो आपूर्ति व्यवस्था र अर्थतन्त्रको उत्पादन आधार विस्तारमा ठूलो असर परेको छ। राजनीतिक आरक्षणसँगै बजेटमा समावेश गर्ने हानथाप र आर्थिक वर्षको बिचमा मोटो रकम माग गर्ने अभ्यासले परियोजना प्राथमिकीकरणको पक्ष नै थप ओझेलमा पर्‍यो। परियोजना/कार्यक्रमहरूमा विनियोजित बजेट खर्च नगर्ने र आर्थिक वर्षको बिचमा नयाँ नयाँ परियोजना/कार्यक्रमहरू बनाई बजेट माग गर्ने प्रवृत्ति पछिका आ.व.हरूमा नियमित जस्तै बनेको वा स्थापित भएको स्थिति छ।

कार्यान्वयनमा रहेका परियोजना/कार्यक्रमहरू अनन्तकालसम्म रहने र नयाँ परियोजना/कार्यक्रमहरू थपी रहने प्रणालीले आयोजना/कार्यक्रमहरू चुलिदै गएको स्थिति छ। आयोजना/कार्यक्रमहरूमा दोहोरोपन बढ्दै गएको छ। लागत र समय बढ्दै जानाले उत्पादन संरचनामा अनुकुल परिवर्तन ल्याउने तर्फ चुनौति थपिएको छन्। यसको असर समग्र अर्थतन्त्रमा परेको छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (१) मा सार्वजनिक निकायले बजेट व्यवस्था नभई खरिदको कार्यविधि शुरु गर्न नहुने व्यवस्था गरेको छ। तर आर्थिक वर्षको मध्यतिर कतिपय आयोजना र कार्यक्रमहरूको विनियोजित बजेटअनुसार खर्च गरेको प्रगति शून्य भएमा र बाँकी अवधिमा खर्च गर्न सक्ने आधार एवं सम्भावना नभएका आयोजना/कार्यक्रमहरूमा बजेट राखी रहनु स्रोतको कुशल व्यवस्थापनको दृष्टिले उपयुक्त नहुने तर्कका आधारमा अर्थ मन्त्रालयले थप आयोजना र कार्यक्रमहरूका लागि आर्थिक वर्षको बिच बिचमा आवश्यक बजेट उपलब्ध गराउन प्राथमिकता दिएको पाइन्छ। सो अनुसार थपिएका आयोजना/कार्यक्रमहरूको सूचीमा लगभग सबै मन्त्रालयलाई समेट्ने गरेको पाइन्छ। यसरी यस्तो सूचीले जुनसूकै खालको आयोजना/कार्यक्रम थप्न प्रोत्साहित गर्दछ। विभिन्न मन्त्रालयहरूले त्यसैअनुसारको आयोजना/कार्यक्रमहरू माग गर्दछन् र स्रोत सुनिश्चितताको

नाममा मन्त्रालयगत बजेट सूचना प्रणालीमा छिर्दछन्। यसको साथै मन्त्रालयगत सूचना प्रणाली (LMBIS)मा बजेट तयारीकै क्रममा क्रियाकलाप यकिन नगरी एकमुष्ठ रकम राखे पछि मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरी कार्यक्रम स्वीकृत गराउने प्रचलन पनि आम बन्दै गएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ ले आर्थिक दायित्व पर्ने विषयमा अन्य मन्त्रालयले अर्थ मन्त्रालयको पूर्व स्वीकृत लिनुपर्ने व्यवस्था गरेको छ। यस अर्थमा अर्थ मन्त्रालय आफैंले आर्थिक दायित्व सृजना गर्न भूमिका खेलेको देखिन्छ। विनियोजित बजेटअनुसार खर्च गर्न नसक्ने तर आर्थिक वर्षको मध्यतिर आयोजना/कार्यक्रमहरू थप्ने र यस्तो कार्यक्रममा भने खर्च गर्ने क्षमता रहने तर्कमा ठोस आधार नहुँदा नहुँदै पनि स्रोत सुनिश्चितताको नाममा नयाँ परियोजना/कार्यक्रमहरू थप्ने कार्यमा यस्तो अभ्यासले ठूलो प्रोत्साहन पाएको स्थिति छ। बजेटमा आयोजना/कार्यक्रमहरू नपरे पनि दवावका आधारमा स्रोत सुनिश्चितता भनी अर्थ मन्त्रालयले लेखी दिने अभ्यासले बजेट र संसदबाहिर स्रोत बिना नै नयाँ परियोजना/कार्यक्रमहरू खास खास मन्त्रालयहरूमा थपिँदै गए। जुन निकाय बजेटको अनुशासन भित्र बसी अन्य निकायलाई परिपालना गर्न कठोर बन्नु पर्ने हो, उही निकायबाट वित्त अनुशासन भंग गर्ने कार्य हुने गरेको छ। बहुउद्देशीय ठेक्काको मापदण्डलाई गलत ढंगले प्रयोग गर्दा यस्तो प्रवृत्तिले थप प्रोत्साहन पाएको स्थिति छ। फलतः बजेट बाहिरबाट दिइएको स्रोत सुनिश्चितता बहुवर्षीय ठेक्कामा परिणत गर्दै लगिएको छ। यसरी परियोजनाहरू बजेटमा प्रवेश पाउने तयारीको अवस्थामा नहुँदैं क्रमागत परियोजनामा परिणत हुने विचित्र अभ्यासले संस्थागत रूप नै लिएको स्थिति छ।

सार्वजनिक खरिद नियम ६ २ (क) अनुसार वहुवर्षीय सम्झौता/ठेक्काबमोजिम गरिने खरिदको हकमा पहिलो वर्षको लागि बजेट व्यवस्था भएपछि अन्य वर्षको लागि खरिद कारवाही गर्न बजेटमा उल्लेख नभए पनि कुनै समस्या पर्दैन। यस प्रावधानअनुसार कुनै ढोकाबाट बजेटमा राखिएका वा छिरेका परियोजना/कार्यक्रमहरू बहुवर्षीय ठेक्कामा परिवर्तन गरिएमा अर्को वर्षको बजेटमा राखिन्छ वा राखिदैन भनेर चिन्ता वा चासो दिइरहन परेन। अर्थ मन्त्रालय/राष्ट्रिय योजना आयोगले दिएका बजेट सीमा भित्र राख्न पनि परेन। यसैकारण बहुवर्षीय ठेक्कामा आकर्षण बढ्दै गएको छ। एकै वर्षमा सकिने आयोजना/कार्यक्रमहरू नै किन नहोस् बहुवर्षीयमा पार्ने अभ्यासले पनि एकैसाथ प्रोत्साहन पाएको छ।

कार्यान्वयनको पूर्ण तयारी नगरी बजेट विनियोजन गर्ने, बजेट बाहिर गई स्रोतको सुनिश्चितता दिने, स्रोत दिइएको परियोजना/कार्यक्रमहरू अर्को वर्षको बजेटमा समावेश नगर्ने अथवा स्वतः समावेश भएको मानिने, विनियोजित बजेट भएको परियोजना/कार्यक्रम कार्यान्वयन नगरी बजेटमा समावेश नभएको परियोजना/ कार्यक्रमको माग गर्ने, रकमान्तर गर्ने जस्ता अभ्यासले बजेट तर्जुमाका सामान्य मूल्य,

मान्यता, वित्तीय अनुशासन, लोकतान्त्रिक विधि र प्रकृया जस्ता पक्षले मध्यकालीन खर्च संरचनाका प्रावधान एवं प्रक्रियालाई उपेक्षा र अवमूल्यन गरेको छ।

## ६.४ मन्त्रालयगत रकम बाँडफाँडमा कमजोर मापदण्ड

समग्र आर्थिक र वित्त नीति तर्जुमा र कार्यान्वयनको मुख्य जिम्मेवारी अर्थ मन्त्रालयको हुन्छ। अन्य मन्त्रालयहरू स्रोतगत बजेट तर्जुमा, आफ्ना प्राथमिकता अनुरूप रकम माग गर्ने, विनियोजित रकम खर्च गर्ने निकायहरू हुन्। अर्थ मन्त्रालय र खर्च गर्ने निकाय बिच स्रोत विनियोजन बारे द्वन्द्व हुने गर्छ। खर्च गर्ने निकाय आफ्नो क्षेत्रमा कति रकम कसरी विनियोजन गर्ने र कसरी खर्च गर्ने भन्ने विषयमा केन्द्रित हुन्छन्। तर अर्थ मन्त्रालयबाट बजेट सीमा भित्र राख्ने नाउँमा विनियोजन दक्षतालाई ध्यानमा नराखी सबै वा केही प्रमुख परियोजनाहरूमा समानरूपले बजेट घटाउने कार्यलाई प्रोत्साहित गर्ने गरेको पाइन्छ। समानरूपले बजेट घटाउनु भन्दा परियोजनाहरू पुनः प्राथमिकीकरण गरी बजेट सीमामा राख्ने गरी विनियोजन अभ्यास गरिँदैन। बजेट तर्जुमा प्रक्रिया परम्परायुक्त खेल जस्तै बनेको छ र विनाकारण नै बजेट घटाउँदा वित्तीय भूमिका प्रभावशाली बनाउन सकिने मान्यताले ठाउँ लिएको छ। अर्थ मन्त्रालयबाट बजेट घटाउने अनुमानका आधारमा परियोजना वा कार्यक्रमको लागि माग गरिने रकममा त्यही अनुसार वृद्धि गर्ने गरिएको छ। यसरी वृद्धि गरी ल्याइएका कार्यक्रम परियोजना वा अनुमानमा मुद्रस्फीति भन्दा केही प्रतिशतले बढी रकम बाँडफाँड गर्ने परम्परा अझै पनि कायम छ। यो समेतका कारण आ.व.को अन्त्यमै किन नहोस् विनियोजित गरिएको रकम जसरी पनि खर्च गरेर सिध्याइन्छ। विकाससँग सम्बन्धित मन्त्रालयहरूमा यस्तो अभ्यास बढी देखिन्छ। यो अभ्यासले बजेट र खर्च व्यवस्थापनलाई निकै कमजोर बनाउँदै उपलब्धिमा समेत ठूलो प्रतिकुल असर परेको छ।


## ६.५ आर्थिक वर्षको अन्तिम महिनामा अत्यधिक पुँजीगत खर्च

सार्वजनिक खर्च व्यवस्थित गर्न ऐन, नियम, मापदण्ड बनाइएको छ। आर्थिक कार्यविधि ऐन, २०५५ छ। सार्वजनिक खरीद ऐन, २०६३ एवं सार्वजनिक खरीद नियमावली, २०६४ छ। अझ भनौं संविधानमै जेष्ठ १५ गते बजेट पेश गर्ने व्यवस्था गरिएको छ र बजेट अर्को आर्थिक वर्षको श्रावण १ गतेदेखि नै लागू हुन्छ। जेष्ठ १५ देखि श्रावण १ गतेको करिब ४५ दिनको क्रममा आ.व. शुरु हुँदाकै दिनदेखि बजेट सार्वजनिक खर्च तयारी पूरा होओस् भनेर राखिएको छ। खर्च व्यवस्थापनलाई सुदृढ गर्न बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउन विविध प्रयासहरू हुँदै आएका छन्। तर खर्च गर्ने अभ्यासमा खासै परिवर्तन आउन सकेको छैन। श्रावण महिनामा आर्थिक वर्षभरी हुने खर्चको

बढीमा ३ प्रतिशत मात्र हुने गरेको देखिएको छ र त्यसमा पुँजीगत खर्चको मासिक प्रवृत्तिमा झिनो मात्र सुधार भएको देखिन्छ।

चित्र नं. १ मा पुँजीगत खर्चको मासिक प्रवृति प्रस्तुत गरिएको छ। श्रावण, भाद्रमा कुल पुँजीगत खर्चको १ प्रतिशतको वरिपरि खर्च भएको देखिन्छ। फाल्गुण, चैत्र र वैशाखसम्म ८ प्रतिशतको वरिपरि र जेष्ठमा १० प्रतिशत देखिन्छ तर असार महिनामा ४० देखि ५० प्रतिशतसम्म खर्च हुन्छ। यसले सार्वजनिक खर्च व्यवस्थापनमा प्रणालीगत समस्याको यथार्थ नमूना प्रस्तुत गर्दछ।

चित्र न १: पुँजीगत खर्चको मासिक प्रवृति




श्रोत: अर्थमन्त्रालय, २०७५


## ६.६ वर्गीकृत पुँजीगत विनियोजन दक्षतामा कमि

प्रस्तावित पुँजीगत खर्च विभिन्न १० वटा क्षेत्र (अंश) मा प्रस्तुत गरिएको छ। प्रस्तावित शीर्षक अनुसार नै खर्चको शीर्षक मिलान गरी निम्न दुई चित्र (२ र ३) मा क्रमशः प्रस्तावित र वास्तविक पुँजीगत खर्चको संरचना प्रस्तुत गरिएको छ। कुल प्रस्तावित पुँजीगत खर्चको ६० प्रतिशतको हाराहारीमा सार्वजनिक निर्माणमा बजेट विनियोजन गरिएको हुन्छ तर कुल वास्तविक खर्चको ७० प्रतिशतको हाराहारीमा देखिन्छ। त्यसैगरी भवन निर्माणमा लगभग १० प्रतिशत पुँजीगत खर्च विनियोजन भएको छ। तर सात वर्षको औसतमा वास्तविक खर्च कुल पुँजीगत वास्तविक खर्चको १० प्रतिशत भन्दा केही बढी देखिन्छ।

मेशीन, अनुसन्धान एवं परामर्श र आकस्मिक खर्चमा लगभग ५ प्रतिशतको हाराहारीमा विनियोजन हुन्छ। वास्तविक खर्चको अवस्था पनि उस्तै देखिन्छ। सार्वजनिक निर्माण र पुँजी निर्माणको मर्मत सम्भारमा २ प्रतिशतको

हाराहारीमा बजेट विनियोजन गरिएपनि उक्त प्रतिशतभन्दा कम खर्च गरेको देखिन्छ। सवारी साधनमा प्रस्तावित पुँजीगत खर्चको करिब १ प्रतिशत खर्च गर्ने विनियोजन देखिन्छ तर वास्तविक पुँजीगत खर्चको करिब २ प्रतिशत खर्च भएको देखिन्छ। औषतमा विगत सात आर्थिक वर्षहरूमा प्रस्तावित कुल पुँजीगत खर्चको कुल वास्तविक खर्च ७३ प्रतिशत रहेको देखिन्छ। एकातिर कुल पुँजीगत खर्चमा विनियोजित रकम पूरा खर्च हुन सकेको छैन अर्कोतिर शीर्षकगत विनियोजनमा दक्षता कमि देखिन्छ।


चित्र न. २: विनियोजित वर्गीकृत पुँजीगत खर्च




श्रोतः अर्थमन्त्रालय, २०७५

चित्र न. ३ : वास्तविक वर्गीकृत पुँजीगत खर्च

श्रोतः अर्थमन्त्रालय, २०७५




## ६.७ स-साना वार्षिक कार्यक्रममा मुख्य ध्यान

बजेट वार्षिक रूपमा तयार हुन्छ। वार्षिकरूपमा नै अनुमोदन हुन्छ। तर कार्यक्रम/परियोजनाहरू बहुवर्षीय हुन्छन्। प्रत्येक वर्ष नयाँ कार्यक्रम परियोजनाहरू थपिँदै जान्छन्। पहिले शुरु भएका कार्यक्रम आयोजनाहरू सम्पन्न नहुँदै थपिएका नयाँ कार्यक्रम/आयोजनाहरू बजेट प्रणालीमा थपिदै गइरहेका छन्। थपिएका कार्यक्रम/परियोजनाहरू अनुसार नै बजेट थप्न सकिने स्थिति नभएपछि आवश्यक बजेटको अभाव हुने नै भयो। फलतः कार्यक्रम/परियोजनाहरूको कार्यान्वयन एवं कार्य सम्पन्नतामा सँधै ढिलाई हुने गरेपछि आफ्नो क्षेत्रमा कति परियोजनहरू परेका छन् भन्नेबारे संसदमा बढी बहस केन्द्रित हुने हुनाले पनि मध्य र दीर्घकालीन कार्यक्रमले कम ध्यान खिचेको देखिन्छ। यसले गर्दा प्रस्तावित परियोजनाहरूको कति लागत र कहिले सम्म हुने भन्ने तर्फ कम ध्यान जाने गरेको छ। संसदकोषमा रकम थप्न ध्यान दिने एवं ठोस मापदण्ड र कार्यान्वयनका आधारमा यस्तो कोषबाट खर्च हुने तिर समस्या रहने गरेकोले पनि तात्कालीन हिसाबले बजेट छुट्टाउने परम्परा हावि भएको स्थिति छ।

## ६.८ दायित्व हिसाव बिना नै बहुवर्षीय कार्यक्रम/परियोजनाहरू बजेटमा समावेश

प्रत्येक वर्ष बजेट तर्जुमा गर्दा सञ्चित दायित्व लेखाङ्कन गरी बजेटको आकार एवं सीमा निर्धारण गर्नुपर्ने सामान्य सिद्धान्त हो। त्यसको आधार मानी स्रोत समितिले आफूले आंकलन गरेको स्रोतको आकारको आधारमा सम्बन्धित मन्त्रालयलाई सीमा निर्धारण गर्दा त्यो यथार्थपरक हुन्छ। तर स्रोत समितिले सञ्चित दायित्वअनुसार कति थपका लागि कति आवश्यकता छ भन्ने गणना गर्दैन। सम्बन्धित मन्त्रालयहरूलाई बजेटको सीमा दिंदा सञ्चिति दायित्वलाई समेत समावेश गरी बजेट निर्माण गर्न निर्देशन दिने समेत गरिँदैन। बहुवर्षीय कार्यक्रम एवं परियोजनाहरूको हकमा पहिले नै बजेट छुट्याउनु पर्ने अनिवार्य छैन। यसको उल्टो उक्त परियोजनहरू बजेटमा नराखे पनि स्वतः बजेटमा परेको मानिने अर्थ लगाइन्छ। सम्बन्धित मन्त्रालयहरूले उक्त सञ्चिति दायित्व अर्थ मन्त्रालयको हो भन्ने बुझ्दछन् तर अर्थ मन्त्रालयसँग सम्पूर्ण कार्यक्रम परियोजनाहरूको अध्यावधिक तथ्याङ्क छैन। कार्यक्रम/परियोजनाको प्रकृति, विस्तृत जानकारी, कार्य सम्पादनको विद्यमान अवस्था, परियोजना शुरु र सम्पन्न हुने मिति आदिको जानकारी नभएका कारण अर्थ मन्त्रालयले सम्पूर्ण सञ्चिति दायित्व गणना गर्न सक्ने स्थिति छैन। फलतः स्रोत प्रक्षेपणको आधार समेत कमजोर भई बजेटको कार्य सम्पादन नै निकै कमजोर हुन गएको स्थिति छ।

## ६.९ स्रोत सुनिश्चितताको अनौठो प्रयोग

बजेट संसदबाट अनुमोदन भइसकेपछि दवावका रूपमा आएका कार्यक्रम/परियोजनाहरूलाई स्रोत सुनिश्चितता हुने गरी मन्त्रालयगत बजेटसूचना प्रणाली (LMBIS) मा प्रविष्ट गर्ने परिपाटी केही वर्ष यता लागू गरिएको छ। बजेट कार्यान्वयनको मध्यतिर विनियोजित बजेटहरू अपेक्षाकृतरूपमा खर्च नभएको वा हुन नसक्ने प्रवृत्तिसँगै स्रोत उपयोग गर्न भन्दै थप कार्यक्रम/परियोजनाहरू सम्बन्धित मन्त्रालयबाट अर्थ मन्त्रालयमा अनुमतिका लागि पठाउने प्रचलन शुरु भयो। उक्त अनुमतिअनुसार स्रोत सुनिश्चितता दिने अनौठो परम्परा आरम्भ गरियो। यस्तो स्रोत सुनिश्चितता एकवर्षे कार्यक्रम/परियोजनाहरूलाई मात्र दिने व्यवस्था भएको भए स्रोत सुनिश्चितताको सञ्चित प्रभाव आगामी वर्षहरूपमा बढ्दै जाने थिएन। तर स्रोत सुनिश्चितता गरिएका कार्यक्रम परियोजनाहरू बहुवर्षीय बनाउँदै प्रत्येक वर्ष थपिँदै लगिए। यस्ता थपिने स्रोत सुनिश्चितता दुबै वहुवर्षीय योजनामा थप्दै जाने प्रचलनले गणतन्त्र आए पछिको राजनैतिक संक्रमणको बेला उत्कर्षमा पुऱ्यायो।


## ६.१० रकमान्तको बढ्दो प्रयोग

रकमान्तरको बढ्दो प्रयोग रोक्न भनी विनियोजित बजेट रकमान्तरलाई १० प्रतिशतको सीमितमा राख्ने मापदण्ड बनाइएको थियो। १० प्रतिशतको सीमा तोक्ने र आधार बारे प्रश्न गर्ने ठाउँ हुँदा हुँदै यो

मापदण्डमै नबसेको स्थिति छ। यस किसिमको रकमान्तर प्रवृतिले योजना विनाको स्रोतको विनियोजनलाई प्रोत्साहित गर्छ। तत्कालीन दवावका आधारमा बजेट छर्ने र वित्त अनुशासनलाई ज्यादै कम्जोर बनाउँछ। प्रत्येक वर्ष यस्तो प्रवृति उल्लेखनीय मात्रामा देखिएको छ। यसरी दीर्घकालीन सोंच र प्राथमिकीकरणका पक्षहरूलाई रकमान्तर परम्पराले उपेक्षा गर्न पुगेको छ।

भौतिक निर्माणक्षेत्रले बजेटको ठूलो हिस्सा ओगट्ने गर्छ। उक्त क्षेत्रमा रकमान्तरबाट थपघट हुने प्रवृति १० देखि ३० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ। तर आ.व. २०७३/७४ र २०७४/७५ मा भने यस्तो रकमान्तर अनुपात ५० प्रतिशतभन्दा माथि पुगेको देखिन्छ। सामाजिक एवं सुशासनसँग सम्बन्धित क्षेत्रमा घट्नेभन्दा रकमान्तर गरी बजेट थप्ने प्रवृति बढी देखिन्छ। यसले स्पष्ट गर्दछ कि रकमान्तर विशेष परिस्थितिजन्य नभएर नियमित प्रक्रिया भएको छ। रकमान्तर गरिसकेपछि सम्बन्धित निकायबाट प्रतिफलको निश्चितता हुनुपर्नेमा सो समेत भएको देखिँदैन।

चित्र न. ४: रकमान्तर प्रवृति




श्रोतः अर्थमन्त्रालय, २०७५

## ६.११ सार्वजनिक खरिद प्रक्रियाको कमजोरी र विसंगति

खरिद व्यवस्थापनले योजनावद्धता अर्थात् एकपछि अर्को कदमको सुनिश्चितता र प्रक्रियालाई ध्यान दिने गरेको हुन्छ। तर हाम्रो प्रयोग र व्यवहार कागजी प्रक्रियामा बढी सीमित भएको देखिन्छ। बजेटरी, गैर-बजेटरी रकमान्तर, स्रोतान्तर, कानूनी रित नपुऱ्याई आर्थिक वर्षको अन्त्यमा स्रोत उपलब्धता,

अपारदर्शी तरिकाबाट ऐन/नियमका प्रावधानहरू निलम्बन वा खरिदकर्ता र आपूर्तिकर्ता/निर्माण व्यवसायी/परामर्शदाताहरू बिच मिलेमतो जस्ता विकृत प्रवृत्ति र व्यवहारहरू सार्वजनिक खरिद प्रकृयामा पाइन्छन्। खरिद सम्झौतापश्चात व्यवस्थापन पक्ष कमजोर र गतिहीन भई समयमा सम्पन्न नहुने तथा मूल्य अन्तर र समायोजन सामान्य जस्तै हुने गरेकाले बजेटको कार्यसम्पादन कमजोर बन्दै आएको छ। ठेक्का लागू भई नसकेको अवस्थाभन्दा ठेक्का लागि सके पछिको अवस्था थप जटिल बनेको स्थिति छ।

सार्वजनिक खरिद प्रणाली परियोजना कार्यान्वयनको कुञ्जी हो। सम्पूर्ण सार्वजनिक निकायहरूमा लागू हुने गरी छाता ऐनको रूपमा सार्वजनिक खरीद ऐन, २०६३ र सो अन्तर्गत बनेको नियमावली २०६४ कार्यान्वयनमा छ। यसमा प्रशस्त कमी कमजोरीहरू देखिन्छन्। ऐनले तोकेको बोलपत्र मान्य अवधि सम्बन्धी काम सम्पन्न नभएमा खरीदको जिम्मेवार पदाधिकारी जिम्मेवार हुनेबारे प्रष्ट व्यवस्था छैन। नेपाली वस्तुलाई प्राथमिकता दिने विषयमा समेत ऐन र नियम बाझिएको छ। ऐनको दफा ८, नियम १७ र ६५ को उपदफाहरूमा भएका व्यवस्थाहरू अनुसार ऐनको ६३ कालोसूचीमा राख्ने र फुकुवा गर्नेबारे कार्यविधिमा अस्पष्टता देखिन्छ। बोलपत्र पेश गर्ने समय बढी र बढी हुनुका साथै अवधि गणना विधि स्पस्ट देखिदैन। कामको कदमगत प्रक्रियामा समयबारे स्पष्ट किटान देखिदैन। खरिद प्रक्रियालाई व्यवस्थित गर्न र पारदर्शी बनाउन खरिदसम्बन्धी अभिलेख व्यवस्थित गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन, बोलपत्रदाता/ परामर्शदाताको आचरणको मूल्याङ्कन गर्ने जस्ता व्यवस्था भए पनि कार्यान्वयन पक्ष ज्यादै फितलो देखिन्छ। विविध हतकण्डा उपयोग गरी हडप्ने र समयमा काम सम्पन्न नगर्ने, स्रोत परिचालको लागि दिने गरिएको रकम अन्यत्र प्रयोग गर्ने तथा गुणस्तर नहुने वा त्यस्मा सौदावाजी हुने जस्ता कारणले खरीद प्रकृयाहरूमा ठूलो विकृति र विसँगतिहरूले जरा गाड्दै आएको स्थिति छ। कर्मचारीमा सीपको कमि छ। सार्वजनिक खरीद प्रक्रियामा तदर्थबाद् भित्रिएको छ।

## ६.१२ अवैज्ञानिक कार्यक्रम तर्जुमा प्रक्रिया र साधनमूखी बजेट

बजेटमा समावेस गरिएका वार्षिक विकास कार्यक्रमहरूको तर्जुमा गर्ने आधार केही देखिदैन । वैदेशिक सहयोग प्राप्त हुने भए कार्यक्रम जन्मिन्छ । सानो रकमको कुनै क्रियाकलाप आवश्यक भयो भने कार्यक्रम जन्मिन्छ । साना, टुक्रे, एकै प्रकृतिका छुट्टाछुट्टै कार्यक्रमहरू प्रसस्त पाइन्छ । कर्मचारीको तलब भत्ताको व्यवस्थालाई पनि कार्यक्रम बनाइएको छ । कार्यक्रम, क्रियाकलाप र प्रतिफलको सामन्जस्यता देखिदैन । कार्यक्रम लेखिएको तर क्रियाकलाप र प्रतिफल नलेखिएको प्रसास्त पाइन्छ । जस्तै, महिला विकास कार्यक्रम (बजेट शीर्षकः ३४०१०१) प्रमुख क्रियालापमा विभागका कर्मचारीको तलब, प्रतिफल कर्मचारीको व्यवस्थापन हुने लेखिएको छ। नेपाल कृषि सेवा विकास कार्यक्रम (बजेट शीर्षकः ३१२१६५) क्रियाकलापः जलबायु परिवर्तन र बसाइ सराइका कारण सृजित समस्या समाधानको लागि बजारको आवस्यकता अनुसार प्रविधि उपलब्ध गराउने; प्रतिफलः

कृषकको आम्दानी बढ्ने र खाध्य सुरक्षामा टेवा पुग्ने लेखिएको छ । अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली कार्यक्रम (बजेट शीर्षकः ३७०१२२) प्रमुख क्रियाकालापः सुचिकृत रोगका सुचिकृत अस्पतालवाट बिपन्न नागरिकलाई स्वस्थ सेवा उपालब्ध गराउने, बिपन्न नागरिकको रोगथाम सम्बन्धि अन्तरक्रिया संचालन गर्ने र प्रतिफलः भैतिक पूर्वाधारको विकास भइ स्वास्थ्य सेवा प्रभावकारी हुने लेखिएको छ । यातायात आयोजना तयारी सहयोग कार्यक्रम (बजेट शीर्षकः३३७३१४) क्रियाकलापः परामर्श दातावाट प्राप्त डिजाइन स्वीकृत गरि बाँकी भुक्तानी दिने; प्रतिफलः १०५० किमी सडक र ८४ वटा पूलको विस्तृत सर्वेक्षण र डिजाइन हुने लेखिएको छ । यस्ता दृष्टान्त प्रत्येक मन्त्रालयमा छन् । कार्यक्रमहरू र नीतिको कुनै सम्बन्ध छैन । कार्यक्रमहरू तर्जुमा गर्दा नीति, संस्थागत संरचना, लागत, क्रियाकलाप, प्रतिफल हेरेर बनाइदैन । मूलतः बजेट प्रणाली साधनमूखी छ। बजेटमा लाईन आइटम र खर्चका शीर्षक हुन्छन्। यस प्रणाली अन्तर्गत खर्चको औचित्यको उल्लेख हुँदैन वा गर्नु पर्दैन। यसका कारण प्रतिफल वा उपलब्धिसँग जोडेरमात्र सम्बन्धित कार्यक्रम वा क्रियाकलापहरूमा खर्च गर्ने परीपाटि नै स्थापित हुन सकेको छैन। खर्चमा बढी ध्यान दिइन्छ तर प्रतिफललाई होइन। पुँजी निर्माण योजनाले खर्च प्राथमिकता निर्देशित हुनु पर्नेमा यस्तो हुँदैन। साधनमा आधारित बजेट परिपाटीका कारण प्रतिफलले प्राथमिकता पाउँदैन। फलतः प्रतिफल र बजेट एवं लागतको सम्बन्ध स्थापित गर्ने स्थिति बन्दैन। बजेट विनियोजन एवं खर्च भएअनुसार समयमा प्रतिफल प्राप्त हुने सुनिश्चतता हुँदैन। यसरी साधनमा आधारित बजेट अभ्यासका कारण आधारभूत रूपमै बजेट तर्जुमा प्रकृयामा समस्या देखिएका छन्। यसले साधन विनयोजन कुशलता र कार्यान्वयन दक्षतामै प्रभाव पारेको छ।

## ६.१३ सार्वजनिक खरिदमा व्यवसायिकता र स्वस्थ्य प्रतिस्पर्धाको समस्या

बजेट कार्यान्वयमा निर्माण व्यवसायीको भूमिका महत्त्वपूर्ण हुन्छ। ठूला निर्माण कार्य देशको आवश्यकता हो। तर ठूला निर्माण कार्य गर्न सक्ने निर्माण व्यवसायीहरूको संख्या ज्यादै सीमित छ। अर्कोतर्फ ठूला निर्माण कार्य हुने निकायमा परियोजनाहरूलाई नयाँ प्याकेजिङ्ग गरी ठूलो बनाउने प्रवृत्ति पनि छ। यसले गर्दा प्रतिस्पर्धा कम हुने र सार्वजनिक निर्माणका कार्यहरू सीमित निर्माण व्यवसायीमा केन्द्रित हुने स्थिति बनेको छ। त्यसैगरी अस्पतालको मेसिन औजार, विद्युतीयउपकरण, सवारी साधन आदिको स्पेसिफिकेशन तयार गर्दा जानाजानी एवं उद्देश्यमूलक तरिकाले प्रतिस्पर्धा कम हुने गरी अथवा सीमित ब्राण्डलाई मात्र मिल्ने गरी बनाइने गरेको समेत पाइन्छ। प्रतिस्पर्धात्मक क्षमताको विकासमा समस्याका कारण पनि निर्माण व्यवसायीको क्षेत्रमा व्यवसायिक क्षमताको कमी छ। संरक्षणमुखी प्रवृत्तिले प्रोत्साहन पाउनाले पनि क्षमता विकासमा प्रतिकुलता थपिएको स्थिति छ। आफ्नो क्षमताभन्दा बढी काम ओगट्ने तर त्यसअनुसार स्रोत परिचालनको क्षमता विस्तार गर्न नसक्ने अवस्था अर्को समस्या हो। माथि भनेझै सार्वजनिक निर्माणको अनुमानित कुल लागतमा दक्षताको अभिवृद्धि मार्फत् खर्च कम गरी नाफा आर्जनको आयतन बढाउने भन्दा पनि निश्चित प्रतिशत प्राप्त हुने गरी मोविलाईजेसन

फण्डलाई उपयोग गर्ने प्रकृत्ति हावी भएको स्थिति छ। बोलपत्रमा सहभागी हुँदा घटेर कबुल गर्ने विगतको प्रचलनमा क्रमशः लागत अनुमानको ४० प्रतिशतसम्म घटेर कवुल गर्ने प्रवृत्ति हावी भयो। यस्तो ज्यादै घटेर कवुल गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न कार्य सम्पादन जमानतको दरमा वृद्धि गरिए पनि अत्याधिक घटेर कवुल गर्ने प्रवृत्तिमा खासै कमी आउन सकेको छैन। फलतः निर्माण कार्य समयमा सम्पन्न गर्दै, दक्षतामा अभिवृद्धि गर्ने, बढी  मात्रामा नवप्रवर्तनशील हुने र निर्माण व्यवसायलाई बढी व्यवसायमूलक बनाई नाफा आर्जन गर्ने गरी निर्माण व्यवसाय अघि बढ्न सकेको छैन।  कानूनका छिद्र खोज्ने, मोविलाईजेसन फण्ड, भेरियसन, र मूल्य समायोजन जस्ता प्रवृत्तिले पनि यस विधामा प्रतिकुलता थपेका छन्। यसको असर समग्र सार्वजनिक निर्माणमा परिरहेको छ। पछिल्ला वर्षहरूमा एकातिर निर्माण व्यवसायीलाई सरकारले दिन पर्ने बक्यौता बढ्ने अर्कोतिर निर्माण कार्य समयमा सम्पन्न नहुने समस्या थपिएको छ।

## ६.१४ परियोजना व्यवस्थापनमा कमजोरी

परियोजना डिजाइन गलत गर्ने वा प्रक्रिया पूरा नगर्ने,परियोजना पूर्ण तयारी नभई मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्ने, तोकिएको समयमा ठेक्का सम्झ्यौताको लागि तयारी नगर्ने, ९० दिन भित्रका प्रत्येक चरणलाई समय तालिका बनाई ठेक्का सम्झौता समयमा नगर्ने, कार्य तालिका अध्यावधिक नगर्ने, मन्त्रालय वा विभागमा परियोजानका फाइलहरू अनाश्यकरूपमा पकडमा राख्ने प्रवृति बढ्दो छ। आर्थिक कार्यविधि ऐन, नियम, सार्वजनिक खरिद ऐन नियम, मन्त्रालय गत रूपमा रहेका मापदण्ड एवं निर्देशिकाहरूमा उपरोक्त कार्यहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गर्नै नहुने भनि किटानी गरिएको छ तर सार्वजनिक प्रशासनमा स्वच्छता, जवाफदेहीता र पारदर्शिता कायम हुन नसकेकाले नीति, नियम तथा गरिएका अन्य व्यवस्थाहरूको परिपालनामा समस्या रहेको छ। स्वीकृत बजेट र सम्बन्धित शीर्षकमा परेको रकम मात्र खर्च गर्नुपर्नेमा विनियोजित बजेट भन्दा बढी खर्च गर्ने, कानुनमा व्यवस्था नै नभएको अथवा स्वीकृत बजेटमा नपरेको ठाउँमा समेत खर्च गर्ने प्रवृत्ति छ। फलतः आर्थिक अनुसाशानाहीनताले प्रोत्साहन पाएको छ। दण्डहीनताले प्रश्रय पाएको छ। विधिको पालना गर्ने गराउने, जिम्मेवारी लिने, प्रचलित कानुनको परिपालन गर्ने पक्षहरू कमजेर बनेको स्थिति छ। जिम्मेवार व्यक्तिले जिम्मेवारीपूर्वक कार्य सम्पन्न नगरेका कारण परियोजना व्यवस्थापन निकै कमजोर बनेको छ। विशेषज्ञताको कमिका कारणले कानून भन्दा प्रचलन वा अभ्यासमा बढी ध्यान गएको स्थिति छ। उपरोक्त प्रवृत्तिलाई रोक्ने गरी प्रतिकारात्मक (preventive) वा उपचारात्मकएवं दण्ड सजायका व्यवस्थाहरू बिरलै प्रयोगमा ल्याइएको पाइन्छन्। यी सबै पक्षको सञ्चित प्रभाव बजेटको कार्यान्वयनमा परेको छ।

## ६.१५ कमजोर अनुगमन र मूल्याङ्कन प्रणाली

बजेटमा उल्लेख भएअनुसार कार्यक्रम/परियोजनाहरू कार्यान्वयनमा आए/नआएको, कार्यान्वयनमा कुनै समस्याहरू भए/नभएको, साधन र स्रोतको प्रयोग ठीक ढंगले भए/नभएको जस्ता पक्षहरूको निगरानी गर्न अनुगमन र मूल्याङ्कन प्रणालीको व्यवस्था गरिएको छ। राष्ट्रिय प्राथमिकता प्राप्त तथा राष्ट्रिय गौरवका आयोजनाहरूको अनुगमन आवश्यक भन्दा बढी निकायहरू गर्दछन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरीद अनुगमन कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयहरूले यी आयोजनाहरूको निरन्तर वा छड्के अनुगमन गर्दछन्। नियामक निकायका रूपमा सार्वजनिक लेखा समिति, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालयहरूले पनि अनुगमन, नियन्त्रण र परीक्षण गर्दछन्। आफ्नै विधिबाट तयार गरिएका फरक फरक प्रतिवेदनहरू आउँदछन्। सुझावहरू पनि फरक फरक देखिन्छन्। तर उपरोक्त अनुगमन नियमित रहदैंनन्। अनुगमन तथा मूल्याङ्कनमा धेरै निकायहरू भए पनि यो प्रणालीकै प्रभावकारिताका दृष्टिले निकै कमजोर रहेको छ। मूल्याङ्कन नतिजामूलक हुन नसकेको स्थिति छ। अनुगमन तथा मूल्याङ्कनको अभिलेख राख्ने र सार्वजनिकीकरण गर्ने अनिवार्य परिपाटी छैन। अनुगमन र मूल्याङ्कनका निष्कर्ष र सुझावलाई आन्तरिकीकरण गर्ने गरिएको छैन। फलतः बजेट चक्रमा यथेष्ट ठोस सहयोग पुग्दैन। फितलो अनुगमनका कारण क्रमागत महत्त्वपूर्ण परियोजनाका लागि समेत थप बजेट माग औचित्यता पुष्टि गर्ने आधार नहुने गरेको छ। कार्यान्वयन अवस्था, उपलब्धि, खर्चको प्राथमिकताअनुसारको प्रतिफल, परियोजनाको प्रभाव, समस्या तथा भावी रणनीति जस्ता पक्ष स्पष्ट हुन नसकेका कारण प्राथमिकताका साथ ल्याइएका परियोजनहरू पनि प्रभावकारी कार्यान्वयनमा आउन नसक्ने तर सरकारको दायित्व भार थपिँदै जाने स्थिति छ।

## ६.१६ समन्वय समस्या

परियोजना ठेक्कामा लागि सकेपछि वन क्षेत्रका रुखहरूको कटान गर्नुपर्ने हुन्छ। जग्गा अधिकरण गर्नुपर्ने हुन्छ। मुआव्जा दिनुपर्ने हुन्छ। स्थानीय तहसँग समन्वय गर्नुपर्ने हुन्छ। स्थानीय सहमतिका आधारमा परियोजनाको रेखाङ्कन गर्न पर्ने हुन्छ। निर्माण सामग्री जस्तैः रोडा, बालुवा, माटो आदि एउटा निश्चित स्थानबाट लिनु पर्ने गरी व्यवस्था गरिएको हुन्छ। यी सबै पक्षमा समन्वयको ठूलो समस्या रहने गरेको छ। कतिपय परियोजना त ठेक्का लाग्दछ तर निर्माण व्यवसायीको अत्तोपत्तो हुँदैन। अनुगमन मूल्याङ्कन गर्ने निकायहरू धेरै छन् तर एक अर्कामा समन्वय छैन। परियोजना कहिले शुरु भयो? कहिले सम्पन्न हुन्छ? हाल कुन अवस्थामा छ? भौतिक एवं वित्तीय प्रगति कस्तो छ? के के समस्या थिए? कुन कुन समस्याहरू बाँकी छन् आदि तथ्यहरूको लेखाजोखा गर्न खोज्दा सम्बन्धित परियोजनाको

अभिलेख फाइल पाइँदैन। जिम्मेवारीको हिसाबले एकले अर्को निकायलाई पन्छाउने गरिन्छ। सम्बन्धित मन्त्रालयहरूमा फाइल भेटिदैंन। बहुउद्देश्यीय परियोजनाहरूमा अन्तरनिकायगत समन्वयको ठूलो अभाव देखिन्छ। असफल समन्वयका कारणले पनि आयोजना निर्माणमा ज्यादै ढिलासुस्ति हुने गरेको छ। खर्च दायित्व बढ्दै गएको छ। निर्माण सम्पन्न नहुँदै अथवा त्यसको लाभ प्राप्त नहुँदै मर्मत सम्भारको दायित्व थपिँदै जानेमा असफल समन्वय एउटा मूल कारण देखिएको छ।

अल्पकालीन सोचाइ एवं व्यक्तिगत फाइदा वा चाहनाका कारणले असफल समन्वयको अवस्था प्रचलनमा रहीरहन्छ। आयोजना कार्यान्वयनको पूर्व तयारीहरू नहुने कारणले वनक्षेत्रको रुख कटान, जग्गा प्राप्ति, सिमाङ्कन जस्ता समस्या परीयोजनाले सामना गर्नुपर्ने हुन्छ र समन्वयको अभावले समस्या बल्झिदै जान्छ। यस्ता समस्या निर्माण व्यवसायीको क्षेत्रभन्दा बाहिर हुने कारणले निर्माण व्यवसायीलाई भेरियसनमा जाने बाटो खुल्छ। थुप्रै थप्नुपर्ने स्थिति उत्पन्न हुन्छ। असफल समन्वयलाई निरन्तरता दिन वा अस्तित्वमा ल्याउन समेत स्वार्थले काम गरेका उदाहरणहरू छन्। असफल समन्वयको दुस्चक्र प्रायः सबै परियोजनाले सानो वा ठूलो रूपमा सामना गरेको स्थिति छ।


## ६.१७ सार्वजनिक खर्च नीति एवं संस्थागत कमजोरी

वार्षिक बजेट, खरीद प्रक्रिया र खर्च व्यवस्थापन बिच सोझो सम्बन्ध रहेको हुन्छ। बजेट प्रणाली, सार्वजनिक खर्च र सार्वजनिक वित्त व्यवस्थापनमा विभिन्न समस्या र बढ्दोरूपमा देखापर्नुमा विद्यमान संस्थागत संरचना उत्तिकै जिम्मेवार छ। अर्थ मन्त्रालयभित्रको कार्य विभाजन र कार्यक्षेत्रमा वित्तीय स्रोतको व्यवस्थापन र राजस्व संकलनतर्फ बढी केन्द्रित देखिन्छ। सार्वजनिक खर्च व्यवस्थापनको महत्त्वपूर्ण पाटो त्यहाँ प्राथमिकतामा परेको देखिँदैन। महालेखा नियन्त्रक कार्यालयका मुख्य काम सञ्चित कोष सञ्चालनदेखि सरकारको आय व्ययको लेखा राख्ने, खर्च र निकासामा भएकाले यसले पनि खर्च व्यवस्थापनको कार्य गर्दैन। सम्बन्धित मन्त्रालयहरूले कार्यक्रम/परियोजनाहरूको कार्यान्वयन त गर्दछन् तर सार्वजनिक खर्चको प्रभावकारिता, कार्यकुशलता, पारदर्शी र उत्तरदायित्व जस्ता पक्षमा उनीहरूको ध्यान गएको हुँदैन। सम्बन्धित मन्त्रालयहरू रकमको विनियोजन, कार्यक्रम स्वीकृति, अख्तियारी, दातृ निकायको स्रोतको स्वीकृति, कार्यक्रमअनुसार खर्च गर्न पुनः मन्त्रालयबाट स्वीकृति, कानूनी व्यवस्थाको पालना वा प्रक्रिया पुऱ्याउने कार्यमा लागेका हुन्छन्। सार्वजनिक खर्च कार्य मुलतः प्रक्रियामूखी छ। खर्चको उपादेयता, उत्पादकत्व, प्रभावकारिता, कार्यान्वयन गर्ने निकायको कार्यकुशलता आदिलाई ध्यान दिने संस्थागत व्यवस्थाको अभाव देखिएको छ।

विद्यमान प्रणालीले विनियोजित रकम अन्य कार्यक्रममा रकमान्तर गर्ने, कार्यक्रम संशोधन, नयाँ कार्यक्रम थप्ने आदि कार्यलाई प्रोत्साहित गर्दछ। जुन महाशाखाले बजेट तथा कार्यक्रम सम्बन्धी कार्य गर्दछ

त्यहीँबाट बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, रकमान्तर गर्ने, समयमा नै रकमान्तर गर्न मिल्ने गरी रकम विनियोजन गर्ने, कार्यक्रम संशोधन गर्ने तथा स्रोत सुनिश्चितता दिने अवस्था श्रृजना भयो। त्यसको एउटा प्रमुख कारण खर्च व्यवस्थापनसम्बन्धी छुट्टै कार्य क्षेत्र अनुरूप जिम्मेवारी नतोकिनु पनि हो।

**चित्र ५ : विद्यमान सार्वजनिक खर्च व्यवस्थापन संस्थागत संरचना**




माथिका तथ्यगत विश्लेषण र विगतका अनुभवहरूले सिंगो योजना, बजेट र खर्च प्रणालीमा के कस्ता समस्याहरू प्रवल बनेर आएका छन्, तिनले एकांकी रूपमा केही केही ठाउँमा सुधार्ने वा सच्च्याउने पहल एवं खर्चको प्रभावकारिता बढाउने तथा छोटो समयमा अपेक्षित परिणाम दिन सक्दैनन् भन्ने स्पष्ट भएको छ।

## ६.१८ मध्यकालीन खर्च संरचना र बजेटमा आयोजना/परियोजनागत वर्गीकरण तथा हस्तान्तरणको विद्यमान व्यवस्थाले ल्याएको समस्या

मध्यकालीन खर्च संरचना र बजेटमा जे जसरी सबै जसो खर्चलाई आयोजना वा परियोजनागत रूपमा वर्गीकरण गरी सिंगो बजेट विनियोजन गर्ने गरिएको छ त्यसले योजना, बजेट र खर्च वीच एकरूपता ल्याउने र खर्च व्यवस्थापन गर्ने दुबै पक्षमा ठूलो समस्या ल्याएको देखिन्छ। गहिरो विश्लेषणले यो समस्या आधारभूत रूपमा अगाडि आएको देखाउँछन। राज्यको जिम्मेवारीअनुसार कार्यालय सञ्चालन, शान्ति सुरक्षालगायतमा अनिवार्य रूपमा सालबसाली गरिनुपर्ने खर्चलाई पनि यो आयोजना वा त्यो

आयोजना भनी वर्गीकरण गर्ने र त्यसपछि प्राथमिकता तोक्ने हालको परम्पराले राज्यले संविधानप्रदत्त जनताका आर्थिक सामाजिक आधारहरू पूरा गर्ने गरी अघि बढ्ने तिर समेत सहयोग गर्दैन। त्यत्तिकै महत्त्वपूर्ण पक्ष के हो भने मध्यकालीन खर्च संरचनाको अभ्यास भए पनि बजेटमा सबै विनियोजित रकमलाई यो वा त्यो परियोजना वा कार्यक्रमको रूपमा वर्गीकरण गर्नाले परियोजनाको आधारभूत पक्ष अर्थात् यसले अर्थतन्त्रको उत्पादनशील क्षमता बढाउन मद्दत पुग्नुपर्छ भन्ने मान्यता नै उपेक्षित वा भंगभएको भन्ने पुष्टि हुन्छ। अर्कोतर्फ हस्तान्तरणलाई चालु खर्चमा राख्ने गरिएको छर यसको अंश निकै बढाउँदै जानु पर्ने अवस्था छ। तर यस्ता हस्तान्तरणहरूमा चालु र पुँजीगत दुबै हुन्छन्। संस्थानमा गरिने सेयर वा ऋण लगानी भित्र पनि पुँजीगत हस्तान्तरणको हिस्सा ठूलो हुन्छ। अहिलेको वर्गीकरणले त्यसलाई स्पष्ट गर्दैन। विद्यमान वर्गीकरण परिपाटीले बजेट विनियोजनले ल्याउने सम्भावित परिणाम बारे लेखाजोखा गर्ने कार्यमा समस्याहरू सिर्जना गर्छ वा मद्दत गर्दैन।

## ६.१९ वैदेशिक सहायताको प्रभावकारितासम्बन्धी समस्या

वैदेशिक सहायताले हाम्रो विकास कार्यमा अहिले पनि महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। धेरै आयोजना, परियोजना र कार्यक्रमहरू द्विपक्षीय वा बहुपक्षीय सहायताबाट सञ्चालित छन्। वि.सं. २०७४/७५ मा कुल बजेटमा विदेशी सहायताको योगदान २२ प्रतिशत रहेकोमा चालु आ.व. २०७५/७६ मा करिव २४ प्रतिशत हुने अनुमान गरिएको छ। विकास बजेट र पुँजीगत खर्चभित्र सो अनुपात अझ उच्च छ। कुल सहायतामा परियोजना सहायता करीव ४८, मानव सहायता २४.४, कार्यक्रम सहायता १२.८ र बजेट सहायता ११.१८ प्रतिशत रहेको सन् २०१६/१७ को विकास सहायता प्रतिवेदनबाट प्रष्ट हुन्छ। यसरी बजेटको स्रोत, क्षेत्र र स्रोत अन्तर्गतका कार्यक्रमहरूको चयन, तिनको प्राथमिकीकरण र स्रोत विनियोजन तथा कार्यक्रम/परियोजनाको कार्यान्वयन विदेशी सहायतासँग प्रत्यक्ष रूपमा जोडिएको छ। यसकारण विदेशी सहायताले बजेट र खर्च प्रणाली तथा यसको प्रभावकारितासँग घनिष्ट सम्बन्ध राख्दछ। अध्ययन र विश्लेषणहरूबाट समेत देखिन्छ कि जे जसरी विदेशी सहायता नेपालमा आउने गरेको छ सो अनुरूप यो प्रभावकारी बन्न सकेको छैन।

वैदेशिक सहायताको प्रभावकारितामा समस्या रहेको भनी सहायता दिने र लिने राष्ट्रहरूका निष्कर्षको आधारमा सन् २००५ मा पेरिसमा विदेशी सहायता प्रभावकारितासम्बन्धी ५ वटा महत्त्वपूर्ण एजेण्डा पास गरिएको थियो। त्यसयता सहयोग दिने र लिने राष्ट्रहरूले विविध सुधारका पहलहरू गरिरहेका छन्। नेपालमा सहायता प्रभावकारिता बढाउने तर्फ विविध प्रयत्नहरू हुँदै आएका छन्। सोहीअनुरूप २०७१ मा विकास सहायता नीति तर्जुमा गरी लागु गरिएको थियो। यसले विदेशी सहायतामा नेपालको आफ्नो अपनत्व स्थापित गर्न हाम्रा बजेट, क्षेत्रगत र परियोजनागत प्राथमिकताका आधारमा सहायता लिने, कारोवार खर्च न्यून गर्ने तथा सहायता उपयोगमा हुने ढिलाई कम गर्दै कार्यान्वयनमा तीव्रता

ल्याउने जस्ता पक्षलाई जोड दिएको छ। यसमा स-साना प्रकृतिका एकल परियोजनाका लागि साझा कोष खडा गर्ने नीति लिइएको छ। यस्ता नीतिगत तथा अरू केही पहलहरू गरिए पनि विदेशी सहायताको परिचालन र उपयोग दुबैमा गम्भीर समस्या रहेकाछन्। सहायता प्रतिवद्धता र कार्यान्वयन व्यवस्थाको बिच ठूलो अन्तर रहीरहेको स्थिति छ। अहिले पनि कुल विकास सहायताको एक चौथाइ भन्दा बढी रकम बजेट बाहिर रहने, सहायताको ठूलो हिस्सा लेखा प्रणालीमै नआउने, प्राविधिक र गैर सरकारी संस्थाहरूबाट परिचालित सहायता बजेट प्रकृयामा नै प्रवेश नगर्ने जस्ता समस्याहरूले निरन्तरता पाइरहेका छन्। सहायताको खण्डीकरण अर्को समस्याको रूपमा छ। प्रतिवद्धताअनुरूप सहायता नै नआउने, विभिन्न शर्तहरू लागू गर्ने, सोधभर्ना समयमा नआउने वा आउँदै नआउने तथा हाम्रा प्राथमिकता भन्दा दाताको प्राथमिकता वा प्रभावमा सहायता आई आन्तरिक स्वामित्व कायम गर्न नसकिने स्थिति अझै कायम छ। पारस्परिक भन्दा आफ्नोतर्फको जवाफदेहीतालाई पन्छाउने दातृ निकायको व्यवहारमा खासै परिवर्तन नआएको स्थिति छ। परियोजना कार्यान्वयनमा जनशक्ति, ठेक्का पट्टा, परियोजना सञ्चालन र व्यवस्थापनमा हस्तक्षेप वा नियन्त्रण गर्ने प्रवृति कायमै छ। यी सबैको प्रत्यक्ष्य/परोक्ष्य असर बजेट परिपाटि, स्रोत विनियोजन, परियोजना चयन र कार्यान्वयनमा परिरहेको छ। यसरी विदेशी सहायताले बजेट र खर्च प्रणालीलाई प्रभावकारी बनाउने तर्फ समस्या ल्याइरहेको स्थिति छ।

## ६.२० सूचना प्रविधिको सीमित र अव्यवहारिक छुट्टाछुट्टै प्रयोग

माथि उल्लिखित प्रणालीगत र संरचनागत समस्याको साथै तपसिलबमोजिमका कार्यान्वयनसम्बन्धी समस्याहरू पनि विद्यमान रहेको छन्। आजको युग सूचना प्रविधिको युग हो। यसको बहुआयमिक प्रयोगले सिंगो अर्थतन्त्र एवं समाजकै रूपान्तरणमा फड्को मार्ने गरी अगाडि बढ्न टेवा पुऱ्याउन सक्छ। विद्युतीय सुशासनको माध्यमबाट बजेट, खर्च र लेखा व्यवस्थापनमा कायापलट नै हुन सक्ने सम्भावना छ। यसको महत्त्व समेतलाई विचार गरी केही वर्षयता सरकारी विभिन्न निकायहरूमा यसको प्रयोग व्यापक बन्दै गएको छ। बजेट खर्चलाई प्रक्षेपण गर्न सकिने गरी मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली तथा बजेट व्यवस्थापन प्रणाली, कोलेनिकाबाट एकल खाता कोष र जिल्ला खर्च नियन्त्रणका लागि सफ्टवेयरको अलवा विभिन्न मन्त्रालय, विभागहरूले अलग अलग ढंगले सफ्टवेरको उपयोग गरेको स्थिति छ। त्यस्तै प्रदेश र स्थानीय तहमा पनि सफ्टवेर प्रयोग गर्ने प्रचलन बढेको छ तर अझै पनि प्रविधिको सीमितता छ। अझ महत्त्वपूर्ण रूपमा खर्च विनियोजन कुशलता बढाउन तथा खर्च प्रणालीलाई मितव्ययी, कुशल र प्रभावकारी बनाउने तर्फ यसको उपयोग गर्न सकिएको छैन। कतिपय निकायहरूमा प्रयोगको लागि मात्रै उपयोग गर्ने प्रवृत्तिका कारण खर्च दायित्व बढ्ने तर सम्बन्धित क्षेत्रमा अपेक्षित परिणाम नआउने अवस्था देखिएको छ।

## ६.२१ निकासा लेखा प्रणालीमा रहेका समस्याहरू

हालको निकासा प्रणाली अघि चौमासिक तथा मासिक सोधभर्ना प्रणालीको अभ्यास गरिएको थियो जसलाई क्रमशः अवधि तथा मासिक खर्च र समयावधिको आधारमा सोधभर्ना निकासा हुने गरी व्यवस्था गरिएको थियो। हाल एकल खाता कोष प्रणाली लागु गरेदेखि अनुदान र हस्तान्तरण बाहेक सरकारी निकायले गर्ने नियमित चालु र पुँजीगत खर्चको लागी बजेट निकासा हुँदैन। खर्च गर्ने निकायहरूले खर्चको प्रकृया पूरा गरेपछि प्रत्येक कारोवारमा आधारित भई खर्च हुने वास्तविक समयको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) हरूबाट खर्चको आधारमा नै चेक उपलब्ध गराइन्छ। त्यसको आधारमा सम्बन्धित पक्षलाई विद्युतीय हस्तान्तरणको माध्यमबाट निजको बैंक खातामा नै रकम जम्मा गरीदिने गरी सोझै भुक्तानी गरिन्छ। एकल खाता कोष निकासा प्रणालीले सरकारको नगद प्रवाहको व्यवस्थापनलाई समेत अंगीकार गरेको छ। यस प्रणालीमा खर्च भएको रकमको चेक तयार भएपछि वा विद्युतीय हस्तान्तरण भएपछि खर्चलाई नै निकासा मानी लेखाङ्कन गरिन्छ। यस प्रणालीमा असर पार्ने र पर्ने दुबै पक्षहरूमा समस्या देखिएका छन्।

- बजेट पारित हुनासाथ अख्तियारी हुने प्रणाली (कार्यकारी मन्त्रालय बजेट सूचना प्रणाली (कामबसुप्र) लागु गरेपनि अपेक्षित प्रवाहमा निकासा हुन् सकेको देखिंदैन। बजेट र कार्यक्रमको कार्यान्वयन गर्ने खरिद योजना, कार्यान्वयन योजना खरिदको कागजात प्रकृया तयारी भएर मात्र अख्तियारी दिने व्यवस्था नभएकोले समस्या रहेको छ। शुरुमा अख्तियारी दिएपनि वर्षको बिच बिचमा बजेट दिने र अर्थ मन्त्रालयले नै कामबसुप्रमा संशोधन गर्ने केन्द्रीकृत प्रणालीको कारणले निकासा (खर्च) प्रकृयामा अवरोध हुने हुँदा अख्तियारी स्वतः हुने प्रणाली पनि खास प्रभावकारी हुन सकेको छैन।
- निकासा (खर्च) प्राप्त गर्नको लागी खर्च गर्ने निकायहरूले कोलेनिकामा सरकारी श्रेस्ता लेखाङ्कन र अभिलेख अद्यावधिक गर्न र समयमा नै सरकारको प्रतिवेदन पेश गर्न खर्च तथा पेश्कीको फाँटवारी, वार्षिक आर्थिक विवरण तथा राजस्व धरौटी लगायत अन्य विवरण माग गर्ने अभ्यास रहेको छ। यस पूर्वावस्थाले त्यस्तो प्रतिवेदन र विवरणहरू समयमा पेश नगर्दा पनि निकासा समयमा नहुने स्थिति छ र यसले सामयिक निकासा प्रकृयामा अवरोध हुने गरेको छ।
- बजेट पुस्तिकामा समावेश भएको वैदेशिक (ऋण र सहायता) स्रोतको रकम विनियोजन गरिंदा ऋण वा सहायता सम्झौताअनुसारको अनुपातमा स्रोतगत बाँडफाँड नहुँदा दातृ निकायले रकम निकासा नगर्ने अवस्था आउने गरेकोले स्रोतगत बाँडफाँडको आधारमा पनि निकासा प्रवाहमा समस्या सिर्जना हुने गरेको छ।

- बजेट तयार गर्ने निकायहरूले आयोजना तयारीको कार्य पूरा नभएको र खर्च गर्ने सुनिश्चितता नभएको भनी बजेटमा मोटो अवण्डा रकम राख्ने कार्य हुने गरेको छ। बजेट तयार गर्दा कै अवस्थामा निश्चित नभएका कार्य र कार्यक्रमहरू बजेटमा समावेश गर्ने कार्य हुँदा र चालु खर्चमा खर्च मापदण्डअनुसार खर्च गर्ने अभ्यास हुन् नसक्दा अवण्डा राख्ने अभ्यासले निकासाको प्रवाहमा समस्या आउने गरेको छ।

- आर्थिक वर्षको बिचमा वैदेशिक स्रोतको ऋण वा अनुदानसम्बन्धी सम्झौता हुँदा सो सम्झौता प्रभावकारी नहुँदै बजेटमा समावेश गर्दा सो बजेट निकासा हुने अवस्था रहन्छ। वैदेशिक सहायताको सम्झौता समय नमिल्दा यस्तो अवस्था आउने गरेको छ।

- वैदेशिक ऋणको माध्यम सोधभर्ना हुने भने पनि दातृ निकायले सोधभर्ना रकम समयमा उपलब्ध नगराएमा बजेट निकासामा समस्या आउने गरेको छ।

- वैदेशिक स्रोत समावेश भएका आयोजना वा कार्यक्रमको लागी दातृ निकायको स्रोतको बजेटमा व्यवस्था गरेपनि स्थानीय कर वा अन्य शुल्कको लागी नेपाल सरकारको समपूरकको व्यवस्था गर्नुपर्ने अवस्थामा बजेटमा नेपाल सरकारको स्रोतको रकम समावेश हुन् नसक्दा सो कार्यक्रम वा आयोजनाको प्रत्येक बिल र बिजकको भुक्तानी हुन नसक्ने र सोधभर्ना प्रकृतिको बजेट खर्च नै हुन सक्ने अवस्था हुँदैन। यस अवस्थामा बजेट निकासा हुन नसकेको र निकासामा अवरोध पैदा हुने गरेको पाइन्छ।

- बजेट निश्चित मापदण्ड नहुँदा र कुनै निकायको कुनै आयोजना वा कार्यक्रमको लागि थप बजेट दिनुपर्ने अवस्था भएमा अर्थ मन्त्रालयले सो निकाय मातहतको कुनै बचत हुने कार्यक्रमबाट रकम व्यवस्था गरी थप बजेटको लागि रकम व्यवस्था गर्ने, रकमान्तर वा स्रोतान्तर गर्ने जस्ता नीति रहेको कारणले खर्च गर्ने निकायहरूले आफ्नो मातहतका खासै काम नगर्ने तर सो रकम प्राप्त गर्ने उद्देश्यले नाम मात्रको आयोजना खडा गर्ने प्रवृत्ति पनि रहेको छ। यस अवस्थामा निकासाको गुन्जाईस रहँदैन। बजेट व्यवस्था भए पनि यस अवस्थामा निकासा हुँदैन।

- कार्यक्रमको कार्यान्वयन तालिका र खर्च प्रवाहअनुसार निकासाको लागि वैदेशिक तर्फको स्रोतको फुकुवा आवश्यक पर्दछ। समयमा सम्झौता नहुने, भए पनि प्रभावकारी नहुने प्रभावकारी भए पनि पूर्वशर्तहरू पूरा नहुने, समयमा आयोजना वा कार्यक्रम शुरु नहुने, आदि कारणले गर्दा वैदेशिक स्रोतको रकम दातृ निकायको तर्फबाट फुकुवा हुँदैन। विशेष खाता वा ईम्प्रेष्ट खाता खोलिएको अवस्थामा नेपाल सरकारको खातामा रकम समयमा हस्तान्तरण नहुँने वा वैदेशिक स्रोत फुकुवा पत्र नआउने कारणले निकासामा समस्या पैदा हुने गरेको छ।

- बजेट भन्दा बढी खर्च वा स्रोत नाघी खर्च गर्दा पनि समयमा नै आर्थिक कार्यविधि कानूनबमोजिम कारवाही भई नियमित नहुँदा सो खर्च शीर्षकको रकम निकासा गर्न समस्या पैदा हुने गरेको छ।
- आयोजना वा कार्यक्रमको कार्यान्वयनको क्रममा खरिद कार्यको व्यवस्थापन र मूल्याङ्कनको साथै ठेक्का पट्टाको करार सम्झौता कार्यान्वयन गर्दा उजूरी परी नियामक निकायहरूले अनुसन्धान वा छानबिन गर्न लामो समय लगाउने हुनाले निकाशामा कठिनाइ हुने गरेको देखिन्छ।

## ६.२२ लेखा प्रणालीमा रहेका समस्याहरू

बजेट खर्चको अवस्था र देशको समग्र वित्तीय अवस्थाको जानकारी दिने र कारोवारलाई निर्देशित गर्ने साधनको रूपमा लेखा प्रणाली रहेको छ। वि सं २०१८ देखि नयाँ श्रेस्ता प्रणाली लागु भए यता नेपालको लेखा प्रणालीमा खर्च, बजेट, निकासा, राजस्व, पेश्की, निर्माण, धरौटी, जिन्सीको लागि करिब २०० भन्दा बढी फारामहरू विकास गरी सरकारी आर्थिक कारोवारहरूको अभिलेख गर्ने, लेखाङ्कन गर्ने, प्रतिवेदन गर्ने कार्य हुँदै आएको छ। नेपालमा सरकारी कार्यालयहरूको लागी दोहोरो लेखा सिद्धान्तको आधारमा नगदमा आधारित लेखा प्रणाली प्रयोगमा रहेको छ। हाल प्रचलित यस लेखा प्रणालीमा हालसम्मको अभ्यासका आधारमा निम्न समस्याहरू भएको देखिएको छ :

- लेखा प्रणाली अन्तरगत छुट्टै फारामको रूपमा बजेट, निकासा, खर्च खातासूचीको आधारमा रकमगत शीर्षकगत र उपशीर्षकगत वित्तीय विवरण र अभिलेख तयार गरिएकोले आर्थिक कारोवारको हिसाबले पूर्ण र एकीकृत खर्च राजस्व आदिको अवस्थाको जानकारी दिएपनि सम्पति दायित्वको अवस्था भने लेखा प्रणालीले तयार गर्नसक्ने अवस्था छैन।
- प्रचलित लेखा प्रणालीले कार्यालयको कामको प्रकृतिको आधारमा कार्यसम्पादन गरेअनुसार वित्तीय सूचना उपलब्ध गराउन सक्दैन। खातासूची र बजेटको प्रकृतिअनुसार चालु, वित्तीय र पुँजीगत प्रकृतिको खर्चको सूचना भएपनि निर्माण, शिक्षा तथा स्वास्थ्य, कृषि, पर्यटन आदि क्षेत्रको कार्यक्रमको आधारमा उपयोगी हुने किसिमले वित्तीय सूचना उपलब्ध गराउने गरी लेखा प्रणालीको तर्जुमा गरिएको छैन। यसले गर्दा व्यवस्थापकीय प्रकृतिको वित्तीय तथ्याङ्कको अभाव रहने गरेको छ।
- एक कार्य समूह वा कार्यक्रमको लागत तय गरी लागत र उत्तरदायित्व केन्द्रको रूपमा मूल्याङ्कन गर्न आवश्यक लागत लेखा प्रणालीको विवरण हालको लेखा प्रणालीमा विद्यमान छैन। आयोजनाको रूपमा बजेट व्यवस्था गर्ने र खरिद कार्यको लागी लागत अनुमान तयार गर्ने गरिएको भएता पनि खास प्रकृतिको कामको लागत प्रक्रिया गणना गर्ने तौर तरिका हालको लेखा प्रणालीमा छैन।
- बजेटको आधारमा खर्चको वर्गीकरण गरी जिन्सी किताबमा अभिलेख राखिए पनि खर्चको प्रकृतिअनुसार सम्पति र दायित्वको लेखाङ्कन गर्ने प्रणाली विकास भएको छैन। सम्पतिको ह्रासकट्टी

गर्ने व्यवस्था नहुँदा सम्पतिको यथार्थ मूल्य स्थिति थाहा नहुने र सरकारको अधिन कति सम्पति छ र कति दायित्व सिर्जना भएको छ भन्ने वित्तीय स्थिति हालको लेखा प्रणालीबाट उपलब्ध हुँदैन, जुन यस लेखा प्रणालीको एक प्रमुख समस्याको रूपमा लिन सकिन्छ।

- लेखा प्रणालीको हालको स्वरूप करिब ६० वर्ष अघि विकास गरिएको र नगद प्रणालीको आधारमा तयार गरिने हालको कार्य प्रणालीमा केही लेखाको फारामहरू परिवर्तन गरी लेखा राखिंदै आएकोले लेखा प्रणालीको आधुनिकीकरण गर्ने कार्य प्रभावकारी रूपमा हुन सकेको छैन।
- विद्यमान लेखा प्रणालीमा केन्द्रीय र कार्यसञ्चालनस्तरको लेखा व्यवस्था गरिएको भएता पनि केन्द्रीय लेखा केवल औपचारिकतामा सीमित रहेको देखिन्छ। शुरु बजेट, रकमान्तर, थप घट वा स्रोतान्तरको अवस्था, कार्यक्रमगत बजेट, समग्र निकायको बजेट कार्यान्वयन स्थिति आदिको जानकारी हुने एकातर्फ र अर्कोतर्फ आर्थिक विवरण तयार गर्ने गरी केन्द्रीय लेखा राख्ने कानूनी प्रावधान पालनामा समस्या रहेको छ। त्यसैले, हालको लेखा प्रणालीमा केही विचलनको अवस्था छ। बजेट नाघी खर्च हुने गरी स्रोत सुनिश्चितताको अवस्था ल्याउन पनि हालको लेखा प्रणालीले सहायक भएको छ।
- हालको लेखा प्रणालीमा नगद प्रवाहको स्थिति विवरण उपलब्ध गराउने किसिमले फारामको तर्जुमा भएको देखिंदैन। वार्षिक कार्यक्रम फाराम (मलेप २०) भएता पनि यसको उपयोग व्यवहारमा औपचारिकतामा सीमित देखिन्छ। वार्षिक बजेटको कार्यान्वयन चक्रअनुसार नगद प्रवाहको आयतनमा उतार चढाव आउनु स्वभाविक भएपनि कुल बजेटलाई १२ महिनाले भाग गरी खर्चको प्रक्षेपण गर्ने अभ्यासले नगद प्रवाहलाई राजस्वसँग तुलना गरी सरकारको वित्तीय घाटा यकिन गर्ने कार्य गर्न सक्ने अवस्था छैन, जुन यस लेखा प्रणालीको अर्को प्रमुख समस्या हो।
- हाल लेखा समूहमा लेखाको कार्य सञ्चालन गर्न लेखासम्बन्धी योग्यता भन्दा अन्य संकायका जनशक्तिको आउने क्रमले हालको लेखाप्रणालीको लेखाङ्कन कार्य गर्न पनि कठिन हुने गरेको छ। यसले गर्दा समग्रमा लेखाङ्कन र लेखाप्रणालीको पूर्ण कार्यान्वयनमा समस्या आउने गरेको छ।
- आर्थिक कारोवार भएको समयको आधारमा लेखा अभिलेख गरी अवधिको यथार्थ खर्च तथा लागतको साथै सम्पति र दायित्व सिर्जना गर्ने लेखा प्रणालीको रूपमा रहेको प्रोदभावी लेखा प्रणाली शुरु नगर्दा अपूर्ण लेखा प्रणालीको आधारमा नै सरकारको आर्थिक कारोवार लेखाङ्कन भई राखेको छ। यसका कारण सरकारको वासलात तयार गरी समग्र वित्तीय अवस्था तयार गर्न नसक्नु वर्तमान लेखा प्रणालीको अर्का प्रमुख समस्या रहेको छ।

- सार्वजनिक लेखा प्रणालीको सम्पूर्ण लेखा प्रणाली जस्तै नगदमा आधारित वा परिमार्जित नगद लेखा प्रणाली, प्रोदभावी, बजेट, कोष तथा प्रतिवद्धता लेखा प्रणाली बारे समग्र ज्ञान र सीपको जानकारी राख्ने सार्वजनिक लेखा प्रणाली विशेषज्ञको अभाव देखिन्छ। लेखा प्रणालीको सामयिक विकास गर्ने, लागु गर्ने, बजेट तथा कार्यक्रमसँग सहसम्बन्ध राखी प्रभावकारी बनाउन सक्ने सीपको अभावमा पनि लेखा प्रणालीको उपादेयता वास्तविक रूपमा स्थापना गर्न सकिएको छैन।
- लेखा प्रणालीको पूर्ण सूचना प्रविधिमैत्री बनाउन नसक्नु पनि लेखा प्रणालीको एक समस्या रहेको छ। कम्प्यूटीकृत सरकारी लेखा प्रणाली तयार गरेपनि पूर्ण लागु हुन् सकेको छैन। मन्त्रालय वा अन्य निकायहरूले थरी थरीका लेखा सञ्चालन गर्ने सफ्टवेयर लागु गरेका छन्। एउटै निकायले लेखासम्बन्धी सफ्टवेयरको विकास गरी लागु गर्ने निकाय नतोकिएको कारणले पनि लेखा प्रणाली विद्युतीय स्वरूपमा सञ्चालन गर्न कठिन भएको छ।
- सम्पति व्यवस्थापनसम्बन्धी लेखा प्रणाली लागु हुन सकेको छैन। सरकारी निकायहरूले खरिद गरी सम्पतिको रूपमा परिवर्तन हुने कार्यालय मालसामान (कम्प्यूटर, ल्यापटप आदि), सवारी साधन, भवन, जग्गा, सडक पुल आदि निर्माण कार्य व्यवस्थापनको लागि लेखा प्रणालीले सम्बोधन गर्न सकेको छैन। माथि भनेझैं सम्पतिको ह्रासकट्टी गरिंदैन। यसले सम्पतिको यथार्थ मूल्य थाहा हुन् सक्ने अवस्था छैन। सरकारको सम्पतिको अद्यावधिक स्थितिको अभावमा वास्तविक मूल्याङ्कन थाहा हुँदैन।

## ६.२२.१ आन्तरिक नियन्त्रण प्रणालीका समस्याहरू

आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रत्येक मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली विकास गरी लागु गर्नुपर्ने प्रावधान छ। सो प्रणालीको अनुगमन अधिकारी तोकी प्रत्येक आर्थिक वर्ष २ पटक अनुगमन गर्ने व्यवस्था पनि छ। तर यो व्यवस्था लागु हुन् सकेको देखिंदैन जसको मुख्य समस्याहरू निम्न देखिन्छन्ः

- मन्त्रालयहरूले आन्तरिक नियन्त्रण प्रणाली विकास गरी लागु गर्ने पहल गरेको देखिंदैन। लेखा उत्तरदायी अधिकारीहरूको स्वामित्वको अभाव नै यस प्रणाली विकासमा प्रमुख समस्या रहेको छ।
- सरकारी कार्यालयका पदाधिकारीहरूको पदको नतिजामूलक कार्य विवरण तयार भएको देखिंदैन। समय र गति अध्ययनको आधारमा कार्य डिजाइन र कार्य विवरण तयार नहुनु र पदको कार्य पनि नतिजाउन्मुख हुने व्यवस्थाको अभावमा यस प्रणालीको विकास गर्न कठिनाइ भएको देखिन्छ।

- विषयगत र कार्यविधि कानूनहरूमा विभिन्न कामको कार्यप्रवाह उल्लेख गरेता पनि कुन पदले के काम गर्ने भन्ने स्पष्ट नहुँदा लम्बीय र क्षितीजीय जिम्मेवारी प्रवाह स्पष्ट छैन। प्रायः लाए अह्राएको काम गर्ने भन्ने उल्लेख भएको आधारमा यस्तो कार्य प्रवाह निश्चित गर्न कठिन छ।
- कार्यविभाजन नियमावलीअनुसार प्रत्येक पद र पद समूहको कार्य विवरण केवल विवरणात्मक मात्र देखिन्छ। अतः मापनयोग्य कार्य विवरणको अभावमा प्रणाली विकासमा समस्या रहेको छ।
- आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र प्रणाली विकास गर्ने प्राविधिक क्षमता र दक्षता भएको विशेषज्ञको पनि अभाव देखिन्छ। सीमित मन्त्रालय (जस्तै स्वास्थ्य) ले यस्तो प्रणाली विकास गरेको देखिए पनि त्यति प्रभावकारी देखिंदैन।
- कुनै काम वा कामको समूहको प्रतिफलको लागि चरणवद्ध रूपमा हुने प्रत्येक कामको लागी लागत गणना गर्न सकिने अवस्था छैन। लागत केन्द्र विकास गर्न नसक्नु पनि एक समस्याको रूपमा रहेको छ।
- वार्षिक कार्यक्रममा विस्तृत क्रियाकलापहरूको लागि बजेट व्यवस्था नगरी एकमुष्ट बजेटको व्यवस्था गरिंदा प्रत्येक पदाधिकारी र पदको लागि सम्भाव्य बजेट स्पष्ट हुन् नसक्नु पनि यस्तो प्रणाली विकास र कार्यान्वयनमा समस्या रहेको छ।
- कामको प्रकृतिअनुसार पदअनुसारको जोखिमको पहिचान गर्न कठिन छ। जस्तै - सडक खन्दा कुनै त्रुटि भएमा सव ईन्जिनियर, ईन्जिनियर, सिनियर डिभिजन ईन्जिनियर वा आयोजना प्रमुख मध्ये कसको के कति अंशको लागी जिम्मेवारी हुने हो सो को विभाजन र जोखिम स्पष्ट हुन् नसक्नु पनि प्रणाली विकासमा समस्याको रूपमा रहेको छ।
- कुनै कामको कार्यगत र पदगत नियन्त्रणको अख्तियारी यकिन गर्न कठिन छ। कार्यालयमा कुनै तथ्याङ्क माग भई आएमा तथ्याङ्क पठाउन ढिलाई भई कुनै जरूरी काम हुन नसकेमा तथ्याङ्कको जिम्मा लिने, तथ्याङ्क उपलब्ध गराउन आदेश दिने र आदेशअनुसारको पत्रको जवाफ पठाउने मध्ये को कति जिम्मेवार भन्ने छुट्याउन कठिन छ। त्यस्तै, यस अवस्थामा प्रत्येक पदको जोखिम पनि निर्धारण गर्न कठिन छ। यसले आन्तरिक नियन्त्रण प्रणाली व्यवहारमा उतार्न कठिनाइ देखिएको छ।
- आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको परीक्षण आन्तरिक लेखा परीक्षण प्रणालीले गर्नुपर्ने भएता पनि आन्तरिक लेखा परीक्षण केवल नियमितता (भौचर परीक्षण र कारोवारको कानूनी तथा अंक गणीतीय शुद्धता) परीक्षण गर्न नै सीमित रहेको देखिन्छ। अन्तिम लेखा परीक्षणको प्रतिवेदनमा

पनि आन्तरिक नियन्त्रण प्रणाली प्रति पर्याप्त चासो देखिंदैन। त्यसैले यो प्रणाली लागु गर्न मन्त्रालयका पदाधिकारीहरूलाई पर्याप्त दबाव र प्रभाव पर्न सकेको पनि छैन।

- आन्तरिक नियन्त्रण प्रणाली लागु नगरेमा कुनै दण्ड सजाय हुने व्यवस्था छैन। प्रणाली लागु गर्न पदाधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कनको आधार पनि बन्न सकेको छैन। यस कारणले पनि आन्तरिक नियन्त्रण प्रणाली लागु गर्न चासो कम देखिएको छ।
- आन्तरिक नियन्त्रण प्रणाली प्रायः वित्तीय पक्षको रूपमा बुझिने गरेको र सँगठनको कुन शाखा जस्तै प्रशासन, आर्थिक प्रशासन वा योजना शाखा वा अन्य कुनै शाखा जिम्मेवार हुने हो सो पनि तोकिएको अवस्था नहुँदा मन्त्रालयगत र कार्यालयगत रूपमा कामको जिम्मेवारी लिने पदाधिकारीको अभावमा पनि प्रणाली कार्यान्वयनमा समस्या आएको देखिन्छ।

## ६.२२.२ बढ्दो अनियमितता र बेरूजु

नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संघीय कानुनबमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा लेखा राख्ने एवं अन्य कुनै कार्यालय लेखापरीक्षण गर्नुपर्ने गरी संघीय कानुनमा व्यवस्था गर्न सकिने प्रावधान छ। संविधानको अतिरिक्त लेखापरीक्षण ऐन, २०४८ ले पनि महालेखापरीक्षकलाई लेखापरीक्षणसम्बन्धी तरिका, क्षेत्र, पद्धति निर्धारण गर्ने र नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेत विचार गरी परीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ। अन्तिम लेखापरीक्षणले सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव दिन तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्दछ। अन्तिम लेखा परीक्षणको सम्बन्धमा विशेष गरी लेखा ढाँचा, कानूनले तोकेको कार्यमा खर्च भए नभएको राजस्वसम्बन्धी दाखिला तथा सरकारी सम्पतिको अभिलेख र संरक्षणको व्यवस्थाको पर्याप्तता र नियमितताको जाँच परीक्षण गरिन्छ। सम्पतिको दुरूपयोग वा नोक्सानी रोक्न आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था, कागजात पुष्टयाँइको प्रमाण र विकास निर्माण र सेवा प्रवाह निर्धारित समयमा सम्पन्न भए नभएको पनि परीक्षण गरिन्छ। साधन स्रोतको उपयोगमा सरकारले वित्तीय जवाफदेहीताको अवस्थाको पनि मूल्याङ्कनको कार्य गरिन्छ।

तर अवस्था के छ भने प्रत्येक वर्ष औंल्याइएको बेरूजु तथा अनियमितता नियन्त्रण गर्न लिइने सुझावहरूको कार्यान्वयन र जवाफदेहीताको ठूलो समस्या छ। उदाहरणको लागि महालेखापरीक्षकले वार्षिक रूपमा अन्तिम लेखा परीक्षण गरी दिएको विगत ५ वर्ष (२०६९।७० देखि २०७३।७४सम्म) को प्रतिवेदनको अध्ययन गर्दा बेरुजुको प्रकृति र प्रवृति गम्भिर देखिन्छ।

महालेखापरीक्षकबाट उठाइएको बेरुजुको प्रकृति अध्ययन गर्दा सैद्धान्तिक प्रकृतिको बेरुजु प्रमुख रूपमा उठेको देखिन्छ। बेरुजुको रकम कलमको सन्दर्भमा मुख्यत ३ प्रकारको देखिन्छ। (१) असूल गर्नुपर्ने (२) नियमित गर्नुपर्ने र (३) पेश्कीसम्बन्धी असूल गर्नुपर्ने बेरुजु कार्यालयहरूले सम्बन्धित पदाधिकारी तथा संघ संस्थासँग असूल उपर गर्नुपर्ने रकम देखिन्छ। नियमित गर्नुपर्ने बेरुजु चार प्रकारको देखिन्छ। सर्वप्रथम अनियमित भएको बेरुजुको अधिकार प्राप्त अधिकारीबाट नियमित गराउनु पर्ने प्रकृतिको रहेको छ भने प्रमाण कागजात पेश नभएको बेरुजु अर्को प्रकृतिको बेरुजु रहेको छ। लेखा कागजातको प्रमाण कागजात नपुऱ्याई खर्च गर्ने र प्रमाण कागजात गोश्वारा भौचर साथ संलग्न नगरेको प्रकृतिको बेरुजु यसमा पर्दछ। त्यस्तै, लेखामा जिम्मेवारी नसारेको र सोधभना नलिएको बेरुजु पनि सामान्य प्रयासबाट नियमित गराउन सकिने बेरुजुको रूपमा देखिएको छ। पेश्कीसम्बन्धी बेरुजु पनि ४ प्रकारको देखिन्छ। यस प्रकारको बेरुजु क्रमशः कर्मचारी पेश्की, मोविलाईजेशन पेश्की, प्रतीतपत्रमा पेश्की र संस्थागत पेश्की रहेको छ।

समग्रमा विगत ५ वर्षमा बेरुजु झण्डै ४ गुणाले बढन गएको देखिन्छ। विगत ५ वर्षको बेरुजुको प्रवृत्ति विश्लेषणबाट देखिन्छ कि सरकारले गर्ने सय रुपैयाँको खर्चमा पाँच रुपैयाँ पचास पैसा बेरुजु हुने गरेको छ। सो मध्ये रू ०.९८ असूल उपर गर्नुपर्ने बेरुजु देखिन्छ भने नियमित र पेश्की बेरुजु क्रमशः रू २.४० र रू २.१७ हुने गरेको देखिन्छ।

पाँच वर्षको अवधि बिचका आर्थिक वर्षहरूमा पनि कुल बेरुजु बढेको नै देखिन्छ। उक्त आर्थिक वर्षहरूमा लेखा परीक्षण अंकको तुलनामा देखिएको बेरुजुको सरदर ५.५० प्रतिशत रहेको छ। उक्त बेरुजुहरूमा असूल गर्नुपर्ने बेरुजु पनि आर्थिक वर्षअनुसार घटीबढी हुँदा उल्लिखित आर्थिक वर्षहरूमा कुल बेरुजु मध्ये सबभन्दा कम ८.६० र सबभन्दा बढी ४२.२८ प्रतिशत देखिएकोमा पाँच वर्षमा सरदर १७.२८ प्रतिशत रहेको छ। बेरुजु मध्ये नियमित गर्नुपर्ने बेरुजुहरू ५ वर्षमा सरदर ४३.४३ प्रतिशत रहेको देखिन्छ। नियमित बेरुजुहरू मध्ये प्रमाण कागजात पेश नभएको सबभन्दा बढी रहेको र ५ वर्षमा यस्तो बेरुजु सरदर ६६.६५ प्रतिशत रहेको छ। यसरी सरकारी कार्यालयहरूले प्रमाण कागजात गोश्वारा भौचर साथ नराख्ने र अन्य लिखतहरू पेश नगरेको अवस्था विद्यमान रहेको छ। यस्तै बेरुजु मध्ये पेश्कीको बेरुजु पनि निकै देखिन्छ। कुल बेरुजु मध्ये ५ वर्षमा सरदर ३९.२८ प्रतिशत रहेको देखिन्छ। पेश्की बेरुजु मध्ये मोविलाईजेशन पेश्की र संस्थागत पेश्की ५ वर्षमा क्रमशः सरदर ४५.८३ र ३१.११ प्रतिशत रहेको छ। अतः यस्ता पेश्की फछ्र्यौटमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

महालेखापरीक्षकको कार्यालयले वार्षिक रूपमा नेपाल सरकारको बजेट तथा खर्चको अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्ने गरेको छ। वर्षैपिच्छे एउटै प्रकृतिको बेरूजु उठेपनि त्यस्तो बेरूजु

कम हुने गरेको देखिंदैन। बेरूजु बढ्ने प्रमुख कारणमा प्रत्येक वर्ष औंल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरूजू बढ्दै जाने समस्या देखिएको छ। यसले सरकारको वित्तीय उत्तरदायित्वको स्थिति कमजोर तुल्याएको छ। तालुक मन्त्रालयहरूको कमजोर आन्तरिक नियन्त्रण प्रणाली र मलेनिका मातहतका कोलेनिकाहरूको अप्रभावकारी आन्तरिक लेखापरीक्षण प्रणाली समस्याको रूपमा देखिन्छ। त्यस्तै, आर्थिक कार्यविधि तथा खरिदलगायतका कानुनमा रहेका प्रकृयाजन्य जटिलता, अपर्याप्तता एवं पालनामा कमी रहेकोले पनि बेरूजु बढाएको देखिन्छ।

आर्थिक कार्यविधि नियमावलीमा वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र पठाउनुपर्ने व्यवस्था भएपनि विकाससम्बन्धी निकायहरू सिँचाइ, खानेपानी, सहरी विकास मन्त्रालय र सडक विभागअन्तर्गतका एकाइलाई २०७४ आषाढ महिनामा मात्र रू.२३ अर्ब ४ लाख बजेट थप गरी अख्तियारी दिएको देखिंदा यस्तो अख्तियारीको कार्यान्वयनको पक्ष सोचनीय छ। ढिलो अख्तियारी पठाएको कारण खरिद र खर्च व्यवस्थापनको प्रकृया पालनामा समस्या उत्पन्न भएको छ। खर्च पनि अनियमित हुन जाने सम्भावनाको साथै भौतिक सुविधा विस्तार कार्यक्रम पनि प्रभावित हुने गरेको देखिन्छ।

आर्थिक कार्यविधि कानूनले सबै प्रकारको सहायता बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान गरेको भएता पनि सोझै भुक्तानीको विवरण समावेश भएको देखिंदैन। त्यस्तै, प्राविधिक सहायतासम्बन्धी विवरण केन्द्रीय आर्थिक विवरणमा समावेश गर्न्नुपर्नेमा नगरेकोले सरकारको समग्र आय-व्ययको चित्रण हुन् सकेको छैन।

सरकारी कार्यालय तर्फ २३ निकायअन्तर्गत सञ्चालनमा रहेका छन्। त्यस्तो कोषहरूमा नेपाली सेना कल्याणकारी कोष, नेपाल प्रहरी कल्याणकारी कोष, सशस्त्र प्रहरी बल कल्याणकारी कोष, पत्रकार कल्याण कोष, वातावरण संरक्षण कोष, वन विकास तथा घाटगद्दी कोष, छात्र शिक्षा कोष, जिल्ला शिक्षा कोष, शान्ति कोष, सांसद विकास कोष, शान्ति कोष, प्रविधि विकास कोष, नयाँ निर्माण कोष र सूचना विभाग कार्य सञ्चालन कोष प्रमुख छन्। निश्चित उद्देश्य राखी कोष स्थापना गरी रकम जम्मा गरेतापनि कार्यविधि बनाई कार्यान्वयन नगर्नाले कोषको रकमहरू निष्क्रिय रहेको देखिन्छ। कोष बारे तल छुट्टै विश्लेषण गरिएको छ।

नेपाल सरकार र दातृ निकायबिच भएको सम्झौताअनुसार आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन दिनुपर्नेमा सबै आयोजनाको हिसाब प्रमाणिकरणको लागी पेश गरेको छैन। सोधभर्ना पनि माग गर्ने गरेको छैन, यसले सोधभर्ना हुन नसकेको बेरुजु बढाएको छ। समयमै आयोजना हिसाब पेश नगर्दा सोधभर्नाको हिसाब पनि यकिन हुँदैन र हिसाब मिलानमा समस्या आउने गरेको देखिन्छ।

ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था गरिए पनि आर्थिक वर्ष २०७३। ७४ मा भौतिक पूर्वाधार, सिँचाइ, शहरी विकास, खानेपानी लगायतका ६ मन्त्रालयहरूले ठेक्का दोस्रो र तेस्रो चौमासिकमा बन्दोबस्त गरेको र तेस्रो चौमासिकमा गरेको ठेक्का बन्दोबस्तमध्ये रू.३० अर्ब ७६ करोडको ६६४ ठेक्का आषाढ महिनाको रहेकोछ। यस्तो ठेक्का व्यवस्थाले खर्च नहुने, बजेट सक्न अनावश्यक खर्च हुने र अर्को वर्षमा दायित्व सर्ने व्यवस्थालाई प्रोत्साहन गरेको छ।

ऐनको व्यवस्था विपरीत सिँचाइ, शहरी विकास, सहकारी, खानेपानी, स्वास्थ्य र गृह मन्त्रालयअन्तर्गत संरचना निर्माण र मालसामान खरिद कार्यलाई विभिन्न टुक्रामा विभाजन गरी प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको पाइन्छ। लागत अनुमान टुक्रा पारी सोझै खरिद गर्ने कार्य सार्वजनिक खरिद ऐनको दफा ९ विपरीत समेत भएकोमा त्यस्तो काम गर्ने पदाधिकारी उपर कारबाही गरी यस्तो खरिद कार्यमा नियन्त्रण समेत हुन नसकेको देखिन्छ।

परामर्श सेवा लिंदा विभागीय जनशक्तिबाट गराउन सकिने काममा समेत परामर्शदाता राखी खर्च गरेकोले आयोजनाको लागत लगायत खर्च बढ्न गएको छ। अत्यावश्यक सेवाबाहेक विभागीय जनशक्ति परिचालन गरेर परामर्शदाताको खर्चमा नियन्त्रण गर्ने कार्य समेत हुने गरको देखिंदैन।

सार्वजनिक खरिद कानून र खरिद सम्झौताबमोजिम निर्माण कार्यको भेरिएसन जारी गर्न सक्ने व्यबस्था भए तापनि पूर्वानुमान गर्न सकिने प्रकृतिको कार्यमा समेत भेरिएसन गरेको देखिन्छ। अधिकार प्राप्त नभएको तहबाट भेरिएसन थप गरेको, आवश्यकता निर्धारण नगरी बढी सामग्री प्राप्त हुने गरी भेरिएसन गरेको एवं कतिपय कार्यको भेरिएसन आदेश जारी नगरी भुक्तानी दिएको कार्य कानूनसम्मत छैन। यस्तो कार्य बेरूजुको स्रोत बन्ने गरेको छ।

सार्वजनिक खरिद नियमावलीमा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशतसम्म समावेश गर्न सकिने व्यवस्था छ। कन्टेन्जेन्सी खर्च गर्ने स्पष्ट नीति तय नभएको अवस्थामा सडक, सिँचाइ, खानेपानी, ऊर्जा, शहरी विकास मन्त्रालयहरू मातहतको निकायले २०७३। ७४मा रू.६ अर्ब ९० करोड ९२ लाख खर्च लेखेको कार्य शंकास्पद मानिएको छ। कन्टेन्जेन्सीबाट खर्च गर्ने स्पष्ट नीति तर्जुमा गरी अद्यावधिक अभिलेख राख्ने एवं तोकिएको सीमाभित्र रही खर्च गर्ने व्यवस्था नहुँदा यसबाट लागत र खर्च निकै बढ्ने गरेको देखिन्छ।

संगठित संस्था (संस्थान समेत) को लेखापरीक्षण गर्न झण्डै ५० प्रतिशत बाँकी रहेको छ। समयमा लेखापरीक्षण नगराउने संस्था र पदाधिकारीहरूलाई जिम्मेवार बनाई आवश्यक कारबाही गर्ने परिपाटी समेत निकै कमजोर देखिन्छ।

अनियमित कार्यमा संलग्न व्यक्ति उपर न्यून मात्रामा कारबाही भई दण्डहीनताले प्रश्रय पाएको छ। अतः वित्तीय जिम्मेवारी पालनाको मूल्याङ्कन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन।

## ६.२३ सरकारको खर्चको दायित्व वृद्धिका थप कारणहरू

माथि उल्लेखित कतिपय ठोस कारणहरू सहित भौतिक संरचनाहरूमा लगानी र सामाजिक क्षेत्रमा क्रमिक रूपले खर्चको दायित्व बढदै जानुका कारणहरूलाई निम्न रूपमा सूत्रवद्ध गर्न सकिन्छः

- **तयारी बिना आयोजना शुरु गर्नेः** निर्माणस्थलको उपलब्धि तथा विस्तृत सम्भाव्यता अध्ययन भित्रकै भौतिक संरचना निर्माणको लागि एकैपल्ट ठेक्कापट्टा गर्ने प्रकृया बढ्दै गएको छ। यिनमा भौतिक पूर्वाधारहरूका सडक, खानेपानी, सिँचाइका स-साना आयोजनादेखि ठूला ठूला परियोजनासम्म पर्दछन्। यसले गर्दा आयोजनाको तयारीमै आयोजनाको प्रारम्भिक अवधि बित्ने, पटक पटक आयोजना अवधि थपिने र लागत अनुमान पनि धेरै पटक संशोधन हुने, भेरिएशन तथा मूल्यवृद्धि पनि थपिने हुँदा आयोजना लागत ह्वात्तै बढ्दछ। बजेट एक वर्षका लागि बन्ने हुँदा त्यस्तो आयोजनामा छुट्याइएको निर्माणतर्फको बजेट बचत हुन जान्छ र रकमान्तरबाट अन्य आयोजनामा खर्च थप्ने अस्वस्थ्यकर परिपाटी बढ्छ। विगतमा ठेक्काका लागि काम नसकिएर रहेका अनगिन्ती आयोजनाहरूमा त्यस्तो रकम खर्च गरिएको छ। अन्य स्थानमा नयाँ ठेक्का लगाई दायित्व सिर्जना गर्ने र मोविलाईजेशन पेश्की दिई अर्को आ.व.को लागि बजेटमा भार थप्ने आम प्रवृत्ति बनेको छ।

- **कमजोर करार प्रशासनः** बजेटमा समावेश भई करार सम्झौता गरेपछि तोकिएको लागत र समयभित्र ठेक्कापट्टा पूरा गर्ने जिम्मेवारी सम्बन्धित आयोजना प्रमुखको हो। समयबद्ध अनुशासनमा आयोजना प्रमुख रहनुपर्दछ। तर निजलाई जिम्मेवार बनाउने र कार्य नगर्नेलाई दण्ड दिने प्रणाली अवलम्वन भएको पाइदैन। औचित्यपूर्ण र सघन कारण नभए पनि करारको म्याद थप गर्ने पद्धति बढेर गएको छ। आयोजना प्रमुख सरुवा भई अर्को हाजिर हुँदाका समयमा यस्तो कार्य बढी हुने गरेको छ। भेरिएसन आदेश दिने, मूल्य समायोजनको रकम भुक्तानी गर्ने, प्रमाण कागजात समयमा उपलब्ध नगराउने र करारको अर्को पक्षको दावी उपर समयमा प्रतिउत्तर नदिने र अभिलेख नराख्ने उपर पनि कारवाही नगरिने देखिएको छ। यस्ता कारणले पनि सरकारले खूद खर्च भन्दा बढी बजेट व्यवस्था गर्नुपर्ने अवस्था आई दायित्व बढन गएको छ।

- **विवाद व्यवस्थापनसम्बन्धी कार्यहरूः** करार सम्झौता भएपछि सरकार र करारको अर्को पक्ष बिच विविध कारणले विवाद सिर्जना हुन्छ। रनिङ्ग बिलको ढिला भुक्तानी हुनु, समयमा निर्माण

स्थल उपलब्ध नहुनु, सम्बन्धित पक्षबाट अनुमति लिन ढिलाई हुनु, निर्माण सामग्री निकाल्ने क्वेरी साईटको अनिश्चितता हुनु, तेश्रो पक्ष बिमाको व्यवस्था नहुनु विवादका कारण हुन्। सरकारले उचित प्रमाण कागजात तयार नगर्ने, गरेपनि समयमा प्रत्युत्तर नदिने र वहस पैरवीमा उचित तर्क पेश गर्न नसक्ने कारणले सरकारको प्रस्तुति कमजोर भई सो विवादमा सरकारको विपक्षमा फैसला हुनसक्ने सम्भावना हुन्छ। यस्तो कारणहरूले दायित्व सिर्जना हुँदै जान्छ। केही वर्ष अघि मेलम्ची खानेपानी आयोजनामा गरिएको भेरिएशनको करिब ३ करोड रकम भुक्तानी नगर्दा मध्यस्थकर्ताले झण्डै चालिस करोड रुपैंया तिर्नुपर्ने निर्णय दिएको र त्यसको विधिमा अदालती प्रकृया अपनाइदा निर्णय पर्खिने अवस्था आएको छ। अतः मध्यस्थकर्ताले दिएको निर्णयअनुसार भुक्तानी दिने र अदालतकै आदेश पर्खिने कार्यले पनि सरकारले भौतिक संरचना निर्माणतर्फको दायित्व बढ्दै गएको छ।

- **छिटो-छिटो सरकार परिवर्तनः** सरकारको छिटो छिटो परिवर्तन पनि दायित्व सिर्जनाको कारक हो। आय व्ययको सार्वजनिक वक्तव्यबाट श्रावण १ देखि आएको बजेटलाई त्यहि वर्ष आएका बजेटले नयाँ नयाँ आयोजना पनि थपने गरिएको छ। यसबाट बजेट कार्यान्वयनको अवधि थोरै हुने तर बजेट रकम धेरै भई अनेत्र रकम लगिने प्रथा पनि झाँगिएर गएको छ। साथै, एकपल्ट शुरु गरेपछि त्यसपछिका वर्षहरूमा पनि बजेट राख्नुपर्ने अवस्थाले गर्दा आयोजनामा बजेट विनियोजन गर्नैपर्ने र पुरानो आयोजना पनि छोड्न नसकिने अवस्थामा बजेटको आकार र दायित्व बढ्न गएको छ भने स्रोतको अभावमा आयोजनाहरू समयमा सम्पन्न नहुने अवस्था सृजना भएको छ।
- **बजेट स्रोतको सुनिश्चितता र बहुवर्षीय ठेक्काः** माथि भनेका यी दुबैमा टेकेर गरिएको आयोजन सञ्चालनबाट बजेट विनियोजनमा निकै ठूलो दायित्व सिर्जना भएको देखिन्छ।
- **एउटै नामको आयोजना दातृनिकाय पिच्छे अलग अलग अनुदान संख्या राख्नुः** एकै प्रकारको आयोजना तर दातृ निकाय पिच्छे फरक फरक नाम दिई आयोजना सञ्चालन गर्दा साधनको दूरूपयोग बढ्ने गरेको छ। आयोजना कार्यान्वयन एकाइ फरक फरक हुँदा सञ्चालन खर्च बढेको पाइन्छ। यस्ता आयोजनाहरू सहरी विकास, सडक निर्माण र सिंचाइतर्फ बढी छन्।
- **एउटै काम विभिन्न मन्त्रालय मार्फत गरिनुः** अन्तर मन्त्रालय समन्वय नहुँदा अन्य कार्यक्रमको अलावा ग्रामीण ठूला सडक पनि सडक विभाग र कृषि सडक आयोजनामा कार्यको दोहोरोपना देखिन्छ। यसले कार्यक्षेत्रको अस्पष्टता र खर्चको दुरूपयोग भएको प्रष्ट हुन आउँदछ।

- **नाम मात्रको रूपमा बजेट समावेश गरी (अस्तित्व राखी) पछि आयोजनाको रूपमा विकास गर्ने प्रवृत्तिः** विभिन्न कार्यहरूको लागि भनि थोरै थोरै बजेट विनियोजन गरी थोरै रकम राखी बजेट छर्ने प्रवृत्ति विद्यमान छ। सडक निर्माणको काम सडक विभाग, सहरी विकास तथा भवन विभाग, डोलिडार, सिँचाइ विभाग, विद्युत विकास केन्द्र, स्थानीय तह इत्यादिबाट भइरहेको छ।

- **रकमान्तर तथा स्रोतान्तरः** माथि उल्लेख गरे झैं कम रकम विनियोजन गर्ने र पछाडि रकमान्तर गरी पूरा गर्ने आयोजनाको नाम व्यय अनुमानको विवरण पुस्तिकामा पार्ने र आ.व.को मध्य वा अन्ततिर अन्य आयोजनाबाट रकमान्तर/श्रोतान्तर गरी थप रकम जोगाड गर्ने/गराउने, पूर्व सहमति अनुसार वार्षिक बजेटमा थोरै रकम राखी आयोजना खाता खोल्ने परिपाटी विकसित भएको छ। यसले भावी दायित्व सिर्जनामा एउटा महत्त्वपूर्ण कारकको रूपमा काम गरेको छ।

- **कार्यक्रमको नाम फरक तर क्रियाकलाप अर्कैः** पूर्वाधार विकास भनिने तर अनुगमन र तालिम जस्ता कार्यहरू राख्ने, दैनिक भ्रमण भत्ता, इन्धन तथा मर्मत जस्ता कार्यको लागि खर्च गर्ने प्रवृत्ति बढ्दो रूपमा देखिन्छ।

- **शिक्षाको गुणस्तर र संरचना, छात्रवृत्तिः** खर्चको उपयोग र गुणस्तरमा शिक्षकलाई जिम्मेवार बनाउन नसक्दा विभिन्न कार्यक्रममा रकम पर सारी खर्च गर्नुपर्ने बाध्यता आँउछ। यस्ता बाध्यताहरूका रूपमा वडैपिच्छे स्कूल भवन बनाउने कार्य गर्ने तर विद्यार्थी नहुँदा भवन उपयोग नहुने अवस्था सृजना हुने स्थिति छ।

- **छरिएको अनुदान कार्यक्रमः** कृषि, स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा विभिन्न नाममा अनुदानमार्फत रकम वितरण गर्ने गर्दा स्रोतको दोहोरो पर्ने र लक्षित वर्गले सुविधा नपाउने अवस्था देखिन्छ। के कति रुपैयाको दायित्व सिर्जना भएको छ वा हुनेछ भन्ने पूर्वानुमान नगर्दा वा गर्न नसकिंदा भावि दायित्व वृद्धि हुदैं जाने सम्भावना छ।

- **सामाजिक सुरक्षाका कार्यकमहरू छरिनुः** सामाजिक सुरक्षासँग जोडिएका ४० भन्दा बढी विभिन्न कल्याणकारी शीर्षकहरूमा विभिन्न मन्त्रालय मातहत कार्यत्रमहरू सञ्चालन गरी बजेट छरिएको पाइन्छ। समन्वय समेतको अभावमा यस्ता सुविधाहरू दोहोरिने र पाउनेलाई पनि पर्याप्त रकम नहुँदा यो प्रणाली प्रभावकारी भएको पाइदैंन।

- **निवृत्तभरणः** अवकाश उमेर र जीवनभर निवृत्तभरण दिने वर्तमान व्यवस्थाले कुल बजेटको ठूलै अंश भावी दायित्वका रूपमा थपिंदै गएको छ र यसले राज्यले धान्न नसक्ने अवस्थाको सिर्जना हुन सक्ने सम्मभावना छ।

## ६.२४ संघीय बजेट र खर्च प्रणालीमा गरिनुपर्ने सुधारहरू

सार्वजनिक खर्च प्रणालीमा देखिएका समस्याहरूको सुक्ष्म विश्लेषण माथि गरिसकिएको छ। विश्लेषणले समस्याहरूको मूलजड प्रणालीगत रहेको पुष्टि गरेको छ। कतिपय समस्याहरू प्रणाली आफैले जन्माएका छन्। प्रणाली भित्र समस्याहरू जेलिएका छन्। समस्याका जडहरू बिच एक र अर्कोमा कारक तत्त्व बन्दै समस्यालाई थप जटिल बनाएका छन्। अस्पष्ट र द्विविधापूर्ण नीति, गलत प्रवृति र संस्कार, जिम्मेवारीहीनता, समन्वयको अभाव र राजनैतिक अस्थिरताबाट उत्पन्न विकृति एवं विसँगतिहरू जस्ता कारणले खर्च प्रणालीमा अनियमितता, लागतमा वृद्धि, समयमा प्रतिफल प्राप्त नहुने जस्ता समस्याहरू थपिने गरेको छ। यी प्रणालीगत समस्याका केही दृषटान्तहरू हुन्। प्रणालीमा देखिएका समस्याहरूले प्रणालीवाटै समाधानको वाटो खोज्दछन। टुक्रे समाधानले केही क्षणिक सफलता मिलेको अनुभूति दिने भए पनि अन्तर सम्बन्धित समस्याका जडहरूले त्यस सफलतालाई पुनः निष्तेज पार्दछन्।

प्रणालीगत समाधानको खोजीले समग्र प्रणाली भित्रको अन्तर सम्बन्धलाई ध्यान दिन्छ। योजनादेखि बजेट तर्जुमासम्म र बजेट तर्जुमादेखि कार्यान्वयनसम्म प्रत्येक चरण र प्रक्रियाले अर्को चरण र प्रक्रियालाई असर गर्दछ। यसको साथै संस्थागत व्यवस्था, नीतिगत व्यवस्था, मानवीय संसाधनको क्षमता र दक्षता, उपलब्ध तथ्याङ्क, सूचना र सञ्चार, संस्थागत समन्वय जस्ता पक्षहरूले उपरोक्त चरण र प्रक्रियाको गुणस्तरमा प्रभाव पर्दछ। संघीयता कार्यान्वयनसगै प्रणालीगत सुधारका कार्य गर्न एउटा थप अवसर मिलेको छ। त्यसैकारणले सार्वजनिक खर्च व्यवस्थापनसँग अन्तरसम्बन्धित समस्याहरूलाई प्रणालीगत रूपमा समाधान गर्नुपर्ने निष्कर्ष सहित समग्र सुधारका सुझावहरू प्रस्तुत गरिएको छ।

प्रणालीभित्रका अन्तरनिहित विशेषताहरूको साथै प्रणाली भित्र खेल्ने प्रमुख चालक पक्षहरू अथवा एकाइ खण्डहरूको अन्तर सम्बन्ध र अन्तरक्रियाले सार्वजनिक खर्च प्रणालीको प्रतिफललाई निर्धारण गर्दछ। प्रणालीगत सुधार प्रक्रियामा एउटा खण्डको सम्बन्ध र सुधारलाई मात्र ध्यान दिँइदैन। समग्र प्रणालीगत अन्तर सम्बन्धलाई ध्यान दिइन्छ। वास्तवमा यी एकाइखण्डहरूले समग्र प्रणालीलाई क्रियाशील बनाउँदछन्। प्रणाली व्यवस्थित तरिकाले क्रियाशील बनाउन न्यूनतम शर्तको रूपमा आवश्यक पर्ने केही मूल पक्षहरू रहेकाछन्। उक्त मूल पक्षहरूले प्रणाली भित्रका सबै अवयवहरूलाई केही न केही रूपमा सहयोग पुऱ्याएका हुन्छन्। उक्त मूल पक्षहरू अन्तर सहयोगीको रूपमा रहेका छन्। समष्टिगत सुधार प्रस्तावमा प्रणालीलाई क्रियाशील बनाउने एकाइ खण्डहरू (Building Blocks) र न्यूनतम शर्तको रूपमा रहेका मूल पक्षहरूको (Cross Cutting Elements) व्याख्यासँगै संरचनात्मक समस्यालाई कसरी समाधान गरिनुपर्दछ भन्ने विस्तृत खाका तथ्य प्रस्तुत गरिएको छ। एकाइ खण्डहरू र न्यूनतम शर्तका मूल तत्त्वहरूको संयुक्त प्रयाससहित आवश्यक सुधार गरी कसरी परिवर्तन ल्याउने भन्ने बारे प्रस्थान विन्दुसहितको सुझावहरू यसमा प्रस्तुत गरिएको छ।

एकाइ खण्डहरूमा भएको सुधार र न्यूनतम आवश्यकता शर्तको रूपमा रहेका मूल पक्षहरूमा भएको सुधारको संयुक्त सम्बन्ध र अन्तरसम्बन्धले समग्र सार्वजनिक खर्च प्रणालीमा सकारात्मक परिवर्तन ल्याउँदछ। तर कतिपय एकाइ खण्डहरू बजेट तर्जुमासँग सम्बन्धित छन् र बाँकी एकाइ खण्डहरू बजेट कार्यान्वयनसँग सम्बन्धित छन्। त्यसैगरी कतिपय एकाइ खण्डहरू र न्यूनतम आवश्यक शर्तहरू बजेट तर्जुमा र बजेट कार्यान्वयन दुबैमा अन्तरसम्बन्धित छन्। समग्र प्रणालीमा बजेट तर्जुमा र बजेट कार्यान्वयन बिच एकले अर्कोलाई प्रभाव पारेको हुन्छ। बजेट तर्जुमाको समग्र गुणस्तरले बजेट कार्यान्वयनको गुणस्तरमा प्रभाव पार्दछ। बजेट कार्यान्वयनको अनुभव र अभ्यासले बजेट तर्जुमा असर गर्दछ। तसर्थ एकाइ खण्डहरू बिचको सम्बन्ध र अन्तर्क्रिया मात्र होइन बजेट तर्जुमा र बजेटको कार्यान्वयनको अन्तर्क्रियालाई समेत उत्तिकै ध्यान दिन आवश्यक छ।

चित्र नं. ६ मा प्रस्तुत गरिएको बाँयातिरको वट्टाभित्र नौ वटा एकाइ खण्डहरू चारकुने साना कोठाभित्र छन्। त्यसको बाहिरी घेरामा पाँच कुने कोठा भित्र न्यूनतम शर्तमा रहेका मूल पक्षलाई उल्लेख गरिएको छ। विन्दु युक्त रेखाले उक्त मूल पक्षहरूको अन्तरसम्बन्ध र यसको समग्र प्रणालीमा हुने सहयोगलाई देखाएको छ। सरलरेखाहरूले एकाइ खण्डहरू बिचको अन्तर सम्बन्ध र अन्तर्क्रियाहरूलाई प्रस्तुत गरेको छ। सम्पूर्ण एकाइ खण्डहरू वा एउटा एकाइ खण्डको मूल पक्षहरूसँग हुने सहयोग अन्तर सम्बन्धसहित सम्पूर्ण संरचनालाई सार्वजनिक खर्च प्रणालीको रूपमा प्रस्तुत गरिएको छ।

उपरोक्त सम्पूर्ण पक्षहरू एवं एकाइ खण्डहरूमा ल्याइने संयुक्त सुधारले सार्वजनिक खर्च प्रणालीमा नयाँ प्रस्थान विन्दु निर्धारण गर्दछ। समग्र प्रणालीमा गरिएको सुधारबाट हुने दक्षता बढाउन समेत प्रस्तुत गरिएको छ। एकाइ खण्डहरू र न्यूनतम शर्तको रूपमा रहेका मूल पक्षहरूको निम्नअनुसार चर्चा गरिएको छः

## ६.२४.१ एकाइ खण्डहरू

समग्र सार्वजनिक खर्च प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन नौवटा एकाइ खण्डहरूमा आधारित भएर सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ। विद्यमान संस्थागत तथा नीतिगत व्यवस्थामा सुधार एवं परिवर्तन गरी अन्य एकाइ खण्डहरूलाई क्रियाशील बनाउन आवश्यक देखिएको छ। समग्र योजना, तथा क्षेत्रगत योजना अनुरूप वार्षिक बजेट प्रभावकारी बनाउन मध्यकालीन दृष्टिकोण अनिवार्य हुन्छ। त्यसैले मध्यकालीन खर्च संरचनालाई बजेट प्रक्रियामा सुधार गर्ने एउटा शसक्त उपकरणको रूपमा उपयोग गर्न आवश्यक छ। उक्त उपकरणलाई सहि तरिकाले उपयोग गर्न सुधारिएको संस्थागत एवं नीतिगत व्यवस्थाले निर्दिष्ट गरेका सामान्य सार्वजनिक सेवाहरू, आर्थिक-सामाजिक सेवाहरू, वित्तीय संघीयता, पुँजी निर्माणमा सार्वजनिक लगानी जस्ता विषयहरू सरकारको कार्यक्षेत्र र दायित्वमा पर्ने

भएकोले कार्यक्रमहरूको बनावट र वर्गीकरण सरकारको नीति र त्यसवाट प्राप्त गरिनु पर्ने प्रतिफलको आधारमा नयाँ शिराबाट गर्न आवश्यक छ। संविधान प्रावधानअनुसार सरकारले छुट्याउनु पर्ने स्रोतको अनुमान गर्न आवश्यक छ। यसले बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित बनाउन र तिनै तहका सरकारको वित्तीय जिम्मेवारी सूदृढ गर्न मद्दत पुर्‍याउँछ। कार्यक्षेत्रहरूको दायरा र गहिराइ बढ्दै गएकोले साधन र स्रोतको आवश्यकता पनि बढ्दै जान्छ। दूर्लभ साधन र स्रोतको सहि तरिकाले उपयोग गरी प्रतिफल प्राप्त गर्न वैज्ञानिक र भरपर्दो प्राथमिकीकरणको विधि अबलम्बन गर्न आवश्यक पर्दछ। प्राथमिकीकरणको अन्तरसम्बन्ध र अन्तरक्रिया योजना, मध्यकालीन खर्च संरचना र बजेटको साथ साथै कार्यक्रमको बनावट र वर्गीकरणसँग पनि रहेको हुन्छ। मध्यकालीन खर्च संरचनाको दृष्टिकोण सहितका अन्य एकाइ खण्डहरूले नतिजा मूलक बजेट तयारीमा आधारभूत सहयोग प्रदान गर्दछन्। बजेट तयारीको प्रक्रिया पूरा भए पछि बजेट कार्यान्वयनमा जान्छ। सार्वजनिक वित्त व्यवस्थापन, अनुगमन मूल्याङ्कन र बजेट कार्यान्वयनमा त्रिकोणात्मक दोहोरो सम्बन्ध हुन्छ। यी नौ वटा एकाइ खण्डहरूमा एकै साथ परिवर्तन ल्याउनु पर्दछ। एकाइ खण्डहरू एक अपसमा प्रतिस्पर्धी होइन सहयोगी छन्। सुधार कार्य एकपछि अर्को होइन, एकैसाथ गर्नुपर्दछ। यसले छिटो र अपेक्षित प्रतिफल प्राप्त गर्न सहयोग पुग्दछ।


## ६.२४.२ न्यूनतम शर्तको रूपमा रहेका मूल पक्षहरू

समग्र सार्वजनिक खर्च प्रणाली भित्र ६ वटा पक्षहरू मानव साधनको क्षमता र सीप, एकीकृत सूचना प्रणाली, कानूनी प्रावधान, उर्ध्व र तेर्सो संस्थागत समन्वय, तथ्याङ्क आधार, तथा सुशासन र सूचना प्रवाह प्रस्तुत गरिएका छन्। यी क्षेत्रमा गरिने सुधारलाई खर्च प्रणालीको सुधारमा न्यूनतम आधारभूत शर्तहरूको रूपमा लिइएको छ। यी प्रत्येक मूल पक्षहरू एकाइ खण्डहरूको वरिपरि क्रियाशील भइरहेको हुनु पर्ने गरी चित्रमा प्रस्तुत गरिएको छ। यी सबै पक्षहरूले संयुक्तरूपमा एवं एक्ला एक्लै प्रत्येक एकाइ खण्डहरूलाई कार्यपरक वा क्रियाशील बनाउन सहयोग गर्दछन्। यी मूल पक्षहरूको गुणस्तर वा कार्य गतिशीलतामा परिवर्तन आएमा मात्र समग्र प्रणालीमा अपेक्षित अनुकुल प्रभाव पर्नेछ। तसर्थ, यी पक्षहरूको सुधार अनिवार्य छ र गर्नु पर्दछ।

यी मूल तत्त्वहरू र एकाइ खण्डहरूको संयुक्त प्रयत्नबाट प्रणालीगत सुधारमा गति आउनेछ। यसरी समग्र प्रणाली कार्यात्मक (Functional) भएपछि सार्वजनिक खर्चको उत्पादकत्वमा वृद्धि हुनेछ। समग्र प्रणालीमा दक्षता र प्रभावकारिता बढ्ने छ। दक्षता प्रभावकारिता भित्र ५ वटा मापनहरू मितव्ययीता, कुशल विनियोजन, दक्षता, प्रभावकारिता र लागत प्रभावकारिता समावेश गरिएको छ। यी सबै पक्षमा आउने सकारात्मक परिवर्तन र प्रतिफलका कारण सार्वजनिक सेवा प्रवाह र सुशासन, आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकासको माध्यमबाट समाजको रूपान्तरणमा ठोस योगदान पुग्नेछ।

पूर्वाधारहरूको विकास, सार्वजनिक सेवाहरू प्रभावकारी हुँदा निजी एवं सहकारी क्षेत्रहरूलाई आर्थिक क्रियाकलापमा संलग्न हुने प्रोत्साहन मिल्नेछ। आर्थिक विकासमा निजी क्षेत्रको भूमिका अहम् हुने भएकोले निजी क्षेत्रलाई उत्प्रेरणा र सुविधा एवं सहुलियत प्राय हुनेछ। सहकारी क्षेत्रलाई पनि आर्थिक विकासमा आफ्नो भूमिका देखाउँने अवसर प्राप्त हुनेछ।


**चित्र न ६ : संघीय समग्र सार्वजनिक खर्च प्रणालीमा सुधारको स्वरूप**




## ६.२५ बजेट तर्जुमा प्रक्रियामा सुधार

सार्वजनिक खर्च प्रणालीमा सुधारका लागि बजेट तर्जुमा सुधार एउटा महत्त्वपूर्ण पक्ष हो। बृहत आर्थिक तथा वित्त स्थायित्व, कुशल विनियोजन र बजेटको कार्यदक्षतामा वृद्धि ल्याउनको लागि बजेट तर्जुमा प्रक्रियाहरूमा आधारभूतरूपमा नै परिवर्तन र सुधार गर्न आवश्यक छ।

**चित्र नं ७ : बजेट तर्जुमा प्रक्रियामा सुधार**




तीनै तहका सरकारहरू आ-आफ्ना सञ्चित कोषमा विभिन्न स्रोतबाट रकम जम्मा गर्दा र उक्त सञ्चितकोषबाट विभिन्न शीर्षकका खर्च गर्दा अर्थतन्त्रमा सँधै सकारात्मक प्रभाव पर्दछ भन्ने सुनिश्चितता हुँदैन। वृहत् आर्थिक एवं वित्त स्थायित्वमा असर गर्न सक्दछ। यस तथ्यलाई मध्यकालीन वित्त संरचना तयार गर्ने क्रममा विशेष ध्यान दिनुपर्ने हुन्छ। वैज्ञानिक प्राथमिकीकरणका उपकरणहरूले कुशल विनियोजनलाई सुनिश्चितता दिन्छन्। प्राथमिकीकरणको प्रयोग सार्वजनिक, सामाजिक एवं आर्थिक सेवा प्रवाह, लगायत योजनादेखि बजेट तयारीको प्रक्रियासम्म रहेको हुन्छ। बजेट तर्जुमा सुधारका लागी ६ वटा आधार स्तम्भ चित्र नं. ७ मा प्रस्तुत गरिएको छ। उक्त आधार स्तम्भहरूको जगमा न्यूनतम आवश्यक शर्तहरू रहेका छन्। बजेट आफैमा राजनैतिक प्रतिवद्धतालाई उपलब्धिमा रूपान्तरण गर्ने दस्तावेज भएकोले सुधारका लागि राजनैतिक नेतृत्व आवश्यक पर्दछ। राजनैतिक प्रतिवद्धतासहित न्यूनतम आवश्यक शर्तहरू पूरा गर्ने संयुक्त प्रयासबाट मात्र बजेट तर्जुमामा सुधार ससक्त हुन्छन्।

संविधानबाट निर्दिष्ट गरिएका सार्वजनिक सेवा प्रवाह र आर्थिक एवं सामाजिक सेवाहरूको लागि कति स्रोत विनियोजन गर्नु पर्दछ, विभिन्न सरकारले के कसरी कति स्रोतमा आफ्नो क्षेत्रमा पर्ने सेवाहरू प्रदान गर्न सक्दछन् भन्ने विषयमा कुनै तथ्य एवं मानक (Benchmark) तयार भएको छैन। यसको तयारी हुन आवश्यक छ। त्यसैगरी विद्यमान् अवस्थामा क्रमागत कार्यक्रम/परियोजनाहरूमा धेरै प्रकृतिका समस्याहरू देखिएकोले ति समस्याहरूको छिनोफानो गर्नु पर्दछ। त्यसैले, यी दुबै कार्यहरूलाई बजेट तर्जुमा सुधारका कदम भित्र राखिएको छ। चित्र नं. ७ मा प्रस्तुत गरिएको आधार स्तम्भहरूबाट सुधारका प्रक्रियाहरू कसरी कार्यान्वयनमा लैजाने बारे तल उल्लेख गरिएका छन्।

## ६.२६ संस्थागत तथा नीतिगत व्यवस्थामा सुधार

### ६.२६.१ संस्थागत सुधार

सार्वजनिक खर्च प्रणाली र सो अन्तर्गतको व्यवस्थापनका पक्षमा सरसर्ति अध्ययन गर्दा एकातिर सम्बन्धित संस्थाहरूको कतिपय कार्यक्षेत्रहरू खप्टिएको तर कतिपय कार्यक्षेत्रहरू नसमेटिएको स्थिति छ भने अर्कोतर्फ कार्यक्षेत्रको स्पष्ट जिम्मेवारी र जवाफदेहीताको अभाव एवं संस्थागत कमजोरीहरू मुख्य समस्याको रूपमा रहेका छन्। यी समस्याहरू बारेमा माथि चर्चा गरिसकिएको छ। तसर्थ संस्थागत सुधारको लागि संस्थाहरू गाभ्ने र पुनर्गठन गर्ने गरी नयाँ संस्थागत संरचना निर्माण गर्न आवश्यक छ। नयाँ संरचना अनुसार संस्थाको कार्यक्षेत्र किटान गर्नुपर्ने हुन्छ। खप्टिएका क्षेत्र खुट्याउने र नसमेटिएका क्षेत्र समेट्ने कार्यगरी बजेट कार्यान्वयनलाई नतिजामूलक र मितव्ययी बनाउन निम्न संस्थागत संरचनाको प्रस्ताव गरिएको छ।

**तालिका नं.२ : संस्थागत सुधारका लागि प्रस्तावित खाका**

| क्र.सं. | संस्थागत सुधारका कार्य | साविक संस्थाहरू | कार्यक्षेत्र स्पष्ट भई सुदृढ बनाउन प्रस्ताव गरिएका संस्थाको नाम |
|---|---|---|---|
| १. | एकै प्रकृतिका संस्थाहरू समायोजन गरी थप सुदृढ, सशक्त र जिम्मेवारी युक्त बनाउने | सार्वजनिक खरीद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्र | समायोजन पछिको नाम: सार्वजनिक खरीद एवं प्राविधिक अनुगमन केन्द्र |
| २. | अर्थ मन्त्रालय भित्रका महाशाखाहरूको कार्य विभाजन थप स्पष्ट र सुदृढ गर्ने | बजेट तथा कार्यक्रम महाशाखा योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाको कार्यक्षेत्र थप स्पष्ट गर्ने र नाम परिवर्तन गर्ने | क्रमशः बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा र बजेट कार्यान्वयन तथा खर्च व्यवस्थापन महाशाखा |
| ३. | बजेट, खर्च र वित्त व्यवस्थापनको लागि मन्त्रालयगत दक्षताको विकास तथा सो अन्तर्गत योजना महाशाखालाई थप सुदृढ गर्ने | सुरक्षा सेवा, प्रशासन सेवा, आर्थिक सेवा, सामाजिक सेवा, भौतिक तथा सामाजिक पूर्वाधारको विस्तार वा सेवा प्रदान गर्ने मन्त्रलायहरूको क्षेत्रगत विशेषज्ञताको विकास गर्ने र थप सुदृढ बनाउने | मन्त्रालयका योजना महाशाखाहरू विशेषज्ञताको केन्द्र बनाउने, मानव साधनलाई थप दक्ष बनाउने गरी संस्थागत क्षमता विकास |
| ४. | राष्ट्रिय योजना आयोगको कार्यक्षेत्र संघीयता सान्दर्भिक | विद्यमान गठन आदेश अनुसार राष्ट्रिय योजना आयोगको कार्यक्षेत्र सिमित | संघीय योजना आयोग बनाई सबै तहको योजनाको समन्वय, नया परियोजनाको चयन र |

| | | | |
|---|---|---|---|
| | बनाउदैं थप स्पष्ट र सुदृढ गर्ने | र गठन अस्थाई प्रकृतिको भएकोले विशेषज्ञतालाई विशेष ध्यान दिई थप सुदृढ बनाउने | प्राथमिकीकरण, वृहद् आर्थिक एवं वित्त स्थायीत्व ल्याउन र बजेट सीमा निर्धारण गर्ने कार्य, पुँजी निर्माणमा सार्वजनिक लगानीको प्राथमिकीकरण र परियोजना बैंक तयार गर्न, अनुसन्धानमा आधारित नीतिहरू बनाउन तथा अनुगमन र मूल्यांकन मा प्रभावकारी भूमिका खेल्ने |

१. **साविकका सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्र समायोजन गर्नेः** विगतको कार्यसम्पादन विश्लेषण गर्दा दुबै संस्थाहरू अपेक्षाकृत प्रभावकारी नदेखिएको, दुबै संस्थाहरू हाल प्रधानमन्त्री कार्यालय अन्तर्गत रहेका, समायोजन गर्दा एक अर्काका सफलता वा सामर्थ्यले विद्यमान कमजोरी हटाउन सक्ने एवं मितव्ययी हुने हुनाले एक अर्कामा समायोजन गर्न आवश्यक छ। उक्त समायोजन गरिएको संस्थाको नाम सार्वजनिक खरिद एवं प्राविधिक अनुगमन केन्द्र सिफारिस गरिएको छ। यस केन्द्र र सुशासन ऐन, २०६४ र नियमावली २०६५ अन्तर्गत मूख्य सचिवको संयोजत्वमा रहेको अनुगमन तथा मूल्याङ्कन समितिको प्रत्यक्ष सम्बन्ध हुन्छ। यसो गर्दा कुनै समस्या देखिएमा समन्वयात्मक रूपमा समाधान गर्न र निर्णय कार्यान्वयन गर्न सहज हुन सक्छ। उक्त केन्द्रले साविकका दुई संस्थाहरूले गर्ने कार्य लगायत, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरी सम्बन्धित कर्मचारी एवं संस्थाको क्षमता, सीप र विशेषज्ञता विकास सम्बन्धी तालिमहरू नियमितरूपमा सञ्चालन गर्न उपयुक्त हुन्छ। सार्वजनिक खरीद ऐन/नियम, संघ, प्रदेश एवं स्थानीय तहमा समान प्रकृतिको हुने भएकोले उक्त तालिम कार्यक्रमहरू तीनै तहमा सञ्चालन गर्ने व्यवस्था गर्न सकिन्छ।

२. **अर्थ मन्त्रालयमा रहेका साविकका बजेट तथा कार्यक्रम महाशाखा, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाको कार्यक्षेत्र पुनः परिभाषित गर्ने र नाम परिवर्तन गर्नेः** अर्थ मन्त्रालय अन्तर्गतका महाशाखाहरूको कार्यक्षेत्र नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार अर्थ मन्त्रालयको कार्यक्षेत्रको आधारमा पुनर्गठित भएको छैन। अन्य महाशाखाहरूको पनि कार्यक्षेत्रको पुनः परिभाषित गर्नुपर्ने देखिन्छ। यहाँ बजेट तथा कार्यक्रम र सार्वजनिक खर्च व्यवस्थापनसँग सम्बन्धित भएकोले उक्त दुई महाशाखाको मात्र पुनर्गठनको बारेमा चर्चा गरिएको छ।

विद्यमान बजेट तथा कार्यक्रम महाशाखाले बजेट बनाउने, विनियोजन गर्ने र खर्च व्यवस्थापनको काम पनि गर्ने गर्दछ। मन्त्रालयगत सूचना प्रणालीमा समावेश भएको कार्यक्रम/परियोजनाहरू स्वतः स्वीकृत मानिने व्यवस्था छ। यस अर्थमा बजेट तथा कार्यक्रम महाशाखाको खर्च व्यवस्थापनमा निकै सानो भूमिका छ भन्ने गरिएको छ तर यथार्थ त्यस्तो छैन। बजेट पारित भएपछि उक्त सूचना प्रणालीमा कार्यक्रम तथा परियोजना समावेश गर्ने, विनियोजित बजेट खण्डीकरण नगरी तथा अबण्डामै राख्ने, स्रोत सुनिश्चितता दिने, बजेट विनियोजन गर्दा नै रकमान्तरको सोंचबाट निर्देशित हुने, श्रोतान्तर गर्ने, विविध अन्तर्गत निकै ठूलो रकम राख्ने, राष्ट्रिय गौरवका परियोजनमा पनि न्यून बजेट विनियोजन गर्ने जस्ता विकृतिहरू मुलतः एउटै महाशाखाबाट जन्मेका हुन्। एउटै महाशाखाले बजेट तथा कार्यक्रममा रकम विनियोजन र बजेट कार्यान्वयनको लागि खर्च व्यवस्थापन दुबै कार्य गर्नाले विकृति बढेको हो। वास्तवमा बजेट तथा कार्यक्रम महाशाखाको कार्य बजेट पारित भएपछि उक्त आर्थिक वर्षको सम्बन्धित कार्य सकिन्छ र अर्को आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रमको तयारी शुरु गर्नुपर्ने हुन्छ। बजेट तथा कार्यक्रम महाशाखाले अन्य काममा व्यस्त भएकोले बजेट पूर्वका कार्यहरूमा यथेष्ट समय दिन सकेको देखिदैन। यसको असरले बजेट उत्पादनशील र नतिजामूखी बनाउने तर्फ समस्या थपेको देखिन्छ। एकाइ स्थापना, जनशक्ति योजना तथा व्यवस्थापन, खरिद योजना लगायत परियोजना कार्यान्वयनका पूर्व तयारी सम्पन्न गर्ने तथा त्यसको अनुगमन गर्ने कार्यमा कुसलता हुन सकेको छैन। त्यसैले बजेट कार्यान्वयनलाई उपलब्धीमुलक बनाउन र प्रभावकारी कार्यान्वयन गर्न एउटा छुट्टै महाशाखा व्यवस्था गर्न उपयुक्त हुन्छ।

विद्यमान बजेट तथा कार्यक्रम महाशाखा र योजना, अनुगमन मूल्याङ्कन महाशाखाका कार्यहरूलाई थप स्पष्ट गरी बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा र बजेट कार्यान्वयन तथा खर्च व्यवस्थापन महाशाखा बनाउन उपयुक्त हुन्छ। उक्त महाशाखाको कार्यक्षेत्र निम्नअनुसार हुने सुझाव दिइएको छः

**तालिका ३ : प्रस्तावित महाशाखाहरूको कार्यक्षेत्र**

| **बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा** | **बजेट कार्यान्वयन तथा खर्च महाशाखा** |
|---|---|
| मध्यकालीन वित्त संरचना र बजेट सीमा निर्धारणको कार्य गर्न संघीय योजना आयोगसँग सहकार्य गर्ने। | जेष्ठ १५ मा बजेट पेश भएपछि श्रावण १ गतेसम्मको ४५ दिनको समयमा सम्बन्धित मन्त्रालयसँग सहकार्य गरी बजेट कार्यान्वयनको १२ महिना कै कार्य तालिका बनाउने, खरीद प्रक्रियाका लागि आवश्य कागजात गरी |

| | |
|---|---|
| | श्रावणको पहिलो हप्ता नै काम शुरु गर्ने व्यवस्था मिलाउने। |
| बजेट तर्जुमा मार्ग निर्देशन तयार गर्ने। | खर्च व्यवस्थापन तथा मितव्ययीतालाई प्राथमिकता दिने। |
| क्षेत्रगत बजेट नीति पत्र तयार गर्न सहयोग गर्ने। | आर्थिक कार्यविधि ऐन/नियम, खरिद ऐन/नियम कार्यान्वयन एवं वित्तीय जिम्मेवारी वहन गराउने, मापदण्डहरू बनाउने। |
| खरीद योजना सम्परीक्षण एकाइ खडा गरि परियोजनहरूको वार्षिक खरीद योजना, बजेट चौमासिक योजना विस्तृत परियोजना प्रतिवेदन भए नभएको हेर्ने। | संसदबाट पारित भएको बजेटलाई पूर्ण कार्यान्वयन गर्ने। |
| परियोजनाका बजेट पूर्व तयारीहरू पुरा गर्ने। | औचित्य पुष्टि नभई, मितव्ययिता हुने कारण नजनाई, बजेट प्रभावकारी हुने र जिम्मेवारी लिने व्यवस्था नभई रकमान्तर नगर्ने गर्नै परेमा निश्चत सीमा भित्र मात्र गर्ने। |
| बहुवर्षीय ठेक्कामा लागेका परियोजनाहरूको सबै दायित्व हिसाब गरी ठीक तरिकाले बजेट विनियोजन भए नभएको हेर्ने। | अनुगमन र मूल्याङ्कनको कार्य गर्ने, संघीय आयोग, सार्वजनिक खरीद एवं प्राविधिक अनुगमन केन्द्र, आदिको प्रतिवेदनअनुसार खर्च व्यवस्थापनलाई सुधार गर्ने। |
| अबण्डा वा खण्डिकरण विना वा रिप्याकेजिङ्ग गरेका कार्यक्रमहरू, सालबसालीका कार्यक्रमहरू विस्तृतरूपमा केलाउने, सम्परीक्षण गर्ने, कार्यक्रम, नाम क्रियाकलाप र उद्देश्य मिले नमिलेको हेर्ने, र संशोधन गर्न लगाउने। | समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिका निर्णयहरू कार्यान्वयन गर्ने। |
| मन्त्रालयगतरूपमा तयार भएका मध्यकालीन खर्च संरचना एकाइ तथा योजना महाशाखाबाट आएका कार्यक्रम तथा परियोजनाहरूको प्राथमिकीकरण, विनियोजन र बजेट सीमालाई ध्यानमा राखी मध्यकालीन बजेट संरचना अध्यावधिक गर्ने। | वित्तीय अनुशासन, बजेट (संसदले पारित गरेको कानून हो) को पूर्ण कार्यान्वयन गर्न बाध्य पार्ने। बजेट कार्यान्वयनको तालिकाअनुसार काम गर्ने, काम नगरेमा मुनासिब कारण दिनुपर्ने, नदिएमा विभागीय कार्यबाही हुन सक्ने चेतावनी दिने। |
| मध्यकालीन खर्च संरचना तयार गर्ने। | बजेटको उत्पादकत्व र प्रभावकारिता बढाउने। खरिद सम्झौताबाट बचत रकम मात्र रकमान्तर गर्ने। |
| मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गर्ने र पूर्ण बजेट तयार गर्ने। | अनुगमन मूल्याङ्कन विधि र सूचकांकहरू तयार गर्ने। |

| | |
|---|---|
| बजेट बनाउने समय तालिका अनुसार काम गर्ने। | बजेट कार्यान्वयनको समय तालिकाअनुसार काम गर्ने र अनुगमन गर्ने। |

३. **विभिन्न मन्त्रालयका योजना महाशाखाहरूको संरचना सुधारः** मन्त्रालयहरूमा रहेका विद्यमान योजना महाशाखा वा शाखाहरूको क्षमता अभिवृद्धि र पुनर्गठन गरिनुपर्दछ। प्रत्येक मन्त्रालयले आ-आफ्ना मध्यकालीन बजेट संरचना बनाई त्यसैअनुरूप बजेट गहनरूपले तयार गर्नुपर्दछ। क्षेत्रगत नीतिपत्रहरू तयार गर्ने, खरीद योजना तयार गर्ने, प्राथमिकीकरण गर्ने, नतिजामूलक बजेट तयार गर्ने, पहिले देखिको विभिन्न कारणले मन्त्रालयमा भारका रूपमा रहेका कार्यक्रम वा परियोजनाहरूको पुन-प्राथमिकीकरण गर्ने आदि कार्यको लागि एउटा सशक्त र निरन्तर लागि रहने विशेषज्ञको समूह आवश्यक पर्दछ। त्यसैले प्रत्येक मन्त्रालयले योजना महाशाखा अन्तरगत मध्यकालीन बजेट संरचना एकाइ गठन गर्ने र अर्थमन्त्रालयसँग संयुक्तरूपमा काम गर्ने व्यवस्था गर्नु पर्दछ।


४. **संघीय योजना आयोग बनाउनेः** राष्ट्रिय योजना आयोगले सबै तहको सरकारको आर्थिक सामाजिक विकासको समन्वय गर्ने संस्थाको रूपमा काम गर्नुपर्ने हुन्छ। नयाँ विकास कार्यक्रम वा परियोजनाहरू दोहोरिने अवस्थालाई हटाउन आयोगले सहयोगीको भूमिका खेल्नु पर्ने हुन्छ। आवश्यकता र मागको आधारमा प्रदेश र स्थानीय तहमा योजना आयोगले सहयोगको भूमिका खेल्नुपर्ने हुन्छ। सबै तहका सरकारहरूलाई विकाससम्बन्धी प्राविधिक सर-सल्लाह र सहयोग गर्नुपर्ने हुन्छ। प्रदेश वा स्थानीयतहका योजना तथा नीतिमा काम गर्ने निकायसँग नजिकमा रही काम गर्नु पर्ने हुन्छ। त्यसैले राष्ट्रिय योजना आयोगभन्दा संघीय योजना आयोगको रूपमा गठन गर्ने गरी रूपान्तरण गर्नु उपयुक्त हुन्छ। संघीय योजना आयोगको गठन विषय विशेषज्ञ र दक्ष चयन निर्माण गर्ने गरी हुन आवश्यक छ। योजना आयोगले राष्ट्रिय विकासको सोंच, लक्ष्य र रणनीति तथा लक्ष्यपरक नीति समेटी एकिकृत ढंगले योजना तर्जुमा गर्नुपर्ने हुन्छ। दीर्घकालीन क्षेत्रगत योजनाहरू बनाउनु पर्ने हुन्छ। दीर्घकालीन क्षेत्रगत योजना बनाउदा अन्तर क्षेत्रगत सम्बन्ध, कार्यान्वयनमा मितव्ययीता र आम जनसमुदायमा लाभ प्राप्त हुने अवस्थालाई पक्का गरिनुपर्ने हुन्छ। यस प्रकारको योजना तयार गर्दा २५/३० वर्षसम्मको सोंच र रणनैतिक चिन्तनबाट प्रेरित भएको हुनुपर्ने हुन्छ। यसैले प्रस्तावित संघीय योजना आयोगलाई बढी सक्षम बनाउनु पर्ने हुन्छ। आयोजना परियोजनाका सम्बन्धमा अवरोधहरू हटाउन पूर्व तयारीहरू सुनिश्चित गर्ने कार्यमा सहयोग पुऱ्याउन पर्दछ। संघीय योजना आयोगले मध्यकालीन वित्त संरचना मार्फत देशभित्र बृहत आर्थिक एबं वित्त स्थायित्व ल्याउन प्रमुख भूमिका खेल्नु पर्दछ। कुल बजेट सीमा आर्थिक तथा वित्तीय स्थायित्व र स्रोत उपलब्धताको आधारमा तोक्नु पर्दछ। सवै तहको सरकारको वित्त व्यवस्थापन र खर्च व्यवस्थापनको विश्लेषण गर्नु पर्दछ। परियोजनाहरू

प्रथामीकीकरण, परियोजना बैंक तयार गर्ने, पुँजी निर्माणमा सार्वजनिक लगानीको अनुगमन र मूल्याङ्कन गर्ने कार्य पनि संघीय योजना आयोगले गर्दछ।

## ६.२७ सार्वजनिक खर्च व्यवस्थापनमा परिवर्तित संस्थागत सम्बन्ध

संघीय योजना आयोग, अर्थ मन्त्रालय, र सम्बन्धित मन्त्रालयहरू एक आपसमा समन्वय र सहकार्य गरी नातिजामूलक मध्यकालीन खर्च संरचनाका मूलभूत पक्षहरू तयार गरी लागू गर्ने प्रणाली स्थापित गर्नु जरूरी छ। स्रोत अनुमान अर्थ मन्त्रालय राजस्व महाशाखा र अन्तर्राष्ट्रिय सहायता समन्वय महाशाखाबाट गर्ने र सोको जानकारी बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा र सम्बन्धित मन्त्रालयहरूमा हुने व्यवस्था गरिनुपर्दछ। कार्यक्रम तथा परियोजनाहरू मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ। वार्षिक बजेटलाई मध्यकालीन खर्च संरचनाको दृष्टिकोणवाट तर्जुमा गर्ने कार्य बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखाले गर्ने र बजेट पास भइसकेपछि कार्यान्वयनको काम बजेट कार्यान्वयन तथा खर्च महाशाखाले गर्ने गरी बजेट र खर्च व्यवस्थापनलाई थप प्रभावकारी बनाउन जरूरी छ। यस क्रममा खर्च गर्ने निकायहरू अर्थात सम्बन्धित मन्त्रालयहरू बिच समन्वय र सहकार्यको खाँचो छ महालेखा नियन्त्रक कार्यालयले खर्च व्यवस्थापन महाशाखासँगको समन्वयनलाई थप व्यवस्थित र प्रभावकारी गर्नुपर्दछ। खर्च गर्ने निकायहरूसँग सहकार्य गरी सार्वजनिक खर्चको लेखा राख्ने र आन्तरिक लेखापरीक्षण गर्ने कार्य गरिनु पर्दछ। सार्वजनिक खरीद एवं प्राविधिक अनुगमन केन्द्रले खरीद अनुगमनलाई प्रभावकारी बनाउने कार्य गर्नुपर्दछ। अनुगमन गरेका कार्यक्रम/परियोजनाहरूको सुझाव सहितका ताजा प्रतिवेदनहरू अर्थ मन्त्रालयको बजेट कार्यान्वयन तथा खर्च व्यवस्थापन महाशाखामा दिने व्यवस्था गरिनुपर्दछ। यस्तो ढाँचाको विकास र सो अनुरूप मूल्याङ्कन गर्ने परिपाटीले प्रणालीगत रूपमै कार्यान्वयनलाई प्रभावकारी बनाउन मद्दत पुग्नेछ। संघीय योजना आयोगले अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन उपलब्ध गराइ सो अनुरूप कार्यान्वयनमा प्रभावकारिता बढाउन उपयुक्त हुनेछ। माथि भने झै स्वतन्त्र एवं विशिष्ट निकायको रूपमा योजना आयोगले कार्यक्रम तथा परियोजनाहरूको मध्यकालीन नतिजा संरचना आधारमा अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी र परिणाममूखी बनाउन आवश्यक छ। परियोजना तहदेखि मन्त्रालयहरू र अन्य सम्पूर्ण संस्थाहरूले आ-आफ्नो काम सोही ढाँचामा आधारित रहेर प्रगति मूल्याङ्कन सार्वजनिक गर्ने व्यवस्था गरिनुपर्दछ। यसका लागि आवश्यक कानुनी व्यवस्था गर्न समेत आवश्यक हुनेछ।

**चित्र नं ८ : सार्वजनिक खर्च व्यवस्थापनः संस्थागत सुधार अन्तर्गत संस्थाहरूको सम्बन्ध**




चित्र नं. ८ मा अर्थ मन्त्रालय अन्तरगत महाशाखाहरू, संघीय योजना आयोग, संघका मन्त्रालयहरू, परियोजना एकाइहरू, सार्वजनिक खरिद एवं प्राविधिक अनुगमन केन्द्र र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान बिचको सम्बन्धहरू देखाइएको छ। दुबैतिर चुच्चो भएको रेखाले दुबै तर्फको सम्बन्धलाई दर्शाएको छ। एकातिर मात्र चुच्चो भएको रेखाले एकतर्फी सम्बन्धलाई देखाएको छ। बिचबिच टुक्रिएको रेखाले प्रतिवेदन पेश गर्नुपर्ने सम्बन्धलाई देखाएको छ। यसरी आपसी सम्बन्ध र सहकार्यबाट राम्रो प्रतिफल प्राप्त हुनेछ।

## ६.२८ नीतिगत एवं कानूनी व्यवस्थामा सुधार

बजेट प्रणालीमा सुधारको लागि राजनैतिक प्रतिवद्धतासहितको नेतृत्व आवश्यक पर्दछ। माथि भने झै बजेट, सार्वजनिक खर्च प्रणालीका प्रत्येक चरणमा प्रणालीगत सुधारको आवश्यकता छ। व्यवस्थापनलाई जिम्मेवारीयुक्त, पारदर्शी, नातिजामूलक र उत्तरदायी बनाउन आवश्यक छ। व्यक्तिका व्यवहार, प्रवृत्ति र अनुसाशनहिनातामा पनि सुधार ल्याउनुछ। कार्यान्वयनमा मितव्ययी, अनुशासन, पारदर्शी र जवाफदेयी बनाउन आवश्यक छ।

बजेट विनियोजन सार्वजनिक खर्च र वित्तीय व्यवस्थापनलाई जिम्मेवारीयुक्त पारदर्शी, नतिजामूलक एवं उत्तरदायी बनाउन नीतिगत एवं कानूनी व्यवस्था सुधार ल्याउन आवश्यक देखिन्छ। यसका लागि वित्त उत्तरदायीत्व एवं जिम्मेवारी ऐनको छिटो व्यवस्था गर्न आवश्यक छ। तीनैतहका सरकारहरूले अपनाउनु पर्ने पारदर्शिता र जवाफदेहीता वित्त नियम र बजेटको सीमा, प्रदेश सरकार र स्थानीय

सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा र प्रक्रिया तथा तीनवटै सरकारबाट लिइने आन्तरिक ऋणमा नेपाल राष्ट्र बैंकले अपनाउनु पर्ने प्रक्रिया आदिको सार्वजनिक खर्च व्यवस्थापन कार्यालयमार्फत् विषयमा पनि वित्त जिम्मेवारी ऐनले प्रष्ट पार्नुपर्दछ। खर्च गर्ने नियम, राजश्वसम्बन्धी नियम, ऋण सम्बन्धी नियम तर्जुमा गर्नुपर्ने आवश्यकता देखिन्छ। ती नियमहरू सजिलै मूल्याङ्कन गर्न सकिने हुनु पर्दछ। सार्वजनिक प्रशासन सेवाहरू प्रवाह गर्दा मितव्ययी बनाउन आवश्यक पर्ने मापदण्ड, मानक, प्रक्रियाको प्रत्येक चरणमा आवश्यक पर्ने खर्चको सीमा, कर्मचारीहरूलाई दिइने सुविधा एवं उपकरणहरूको मापदण्ड, उपयोगको सीमा, राजनैतिक नियुक्ति भएका व्यक्तिहरूलाई दिइने सुविधा निजी सचिवालयमा दिइने कर्मचारीको संख्या, तह, उनीहरूको सुविधा जस्ता विषयहरूमा पनि स्पष्ट मापदण्ड बनाउन जरूरी छ। योजना प्रणालीबाट देशमा सम्मृद्धि हासिल गर्न क्षेत्रगत रणनीति, आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट बिचको सिलसिलेवार अन्तरसम्बन्ध आवश्यक पर्दछ। प्रत्येक चरणमा तयार गरिएका नीति, रणनीति एवं योजनाहरू विश्वसनीय हुनु पर्दछ। तथ्य, विश्लेषण, संरचनात्मक समाधानहरूको प्रक्षेपण, योजना अवधिमा हुन सक्ने साधन र स्रोतको पूर्व अनुमान स्पष्ट मापदण्डसहितको प्राथमिकीकरण आदिले आवधिक योजनाहरू विश्वसनीय बन्दछन्। आवधिक योजनाहरू मूलतः वार्षिक बजेटबाट कार्यान्वयन हुन्छन्। मध्यकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट बिचको सम्बन्धलाई मजबुत बनाउँदछ। वार्षिक बजेट एकवर्षको अवधिका लागि बनाइने भए पनि तीन वर्षको दृष्टिकोणले मार्गनिर्देशन गर्दछ। अर्थात मध्यकालीन खर्च संरचनाको दृष्टिकोणबाट वार्षिक बजेटहरू बनाइन्छ। यसरी वार्षिक बजेट बनाउँदा आवधिक योजना, क्षेत्रगत रणनीति, राष्ट्रिय नीतिसँग अन्तरसम्बन्धित भएको हुनु पर्दछ। सँगति मिलेको वार्षिक बजेटले विश्वासिलो र आर्थिक-सामाजिक रूपान्तरणमा योगदान दिन सक्दछ।

## ६.२९ योजना र मध्यकालीन खर्च संरचना

### ६.२९.१ क्षेत्रगत रणनीतिक योजना, आवधिक योजना र वार्षिक बजेट बिचको अन्तर सम्बन्ध

सरकारसँग समृद्धिको लागि बलियो जग बसाउने ठूलो अवसर छ। संघीयता कार्यान्वयनको शुरुको अवस्था भएकोले यस्तो अवसर झन् फराकिलो भएको छ। यसै अवसरलाई सदुपयोग गर्दै वर्तमान सरकारले "समृद्ध नेपाल सुखी नेपाली" भन्ने दीर्घकालीन लक्ष्य तय गरेको छ। सरकार आफैंले लक्ष्यहरू निर्दिष्ट गर्ने र कार्यान्वयन गर्ने भएकाले योजना प्रक्रिया अनिवार्य हुन्छ। योजना विना निर्धारित लक्ष्यमा पुग्न सकिदैंन। योजना संयन्त्रका आफ्नै क्रमबद्धता हुन्छन्। समग्र आर्थिक-सामाजिक विकासको सोंच, क्षेत्रगत रणनैतिक योजनाहरू, आवधिक योजना, मध्यकालीन दृष्टिकोणबाट तयार गरिएको वार्षिक बजेट र त्यसको कार्यान्वयन जस्ता पक्षहरू योजना संयन्त्रको क्रमबद्धता भित्र पर्दछन्।

सरकारसँग आर्थिक-सामाजिक विकासको सोंच छ तर क्षेत्रगत रणनैतिक योजना तर्जुमा कार्य कमजोर र कम प्राथमिकतामा परेको देखिन्छ।

क्षेत्रगत रणनैतिक योजना विशेषतः दीर्घकालीन हुन्छ। सो अन्तर्गत आगामी चारपाँच दशकको समयमा हुन सक्ने र गरिने स्पष्ट खाकासहितको गुरुयोजना तयार हुन्छ। नेपालमा पनि क्षेत्रगत रणनैतिक योजनाका प्रयास नभएका होइनन्। दीर्घकालीन कृषि योजनालाई उदाहरणको रूपमा लिन सकिन्छ। तर कमजोर आधार र भविष्यको स्पष्ट दृष्टिकोण विनाको क्षेत्रगत रणनीतिले आशातित प्रतिफल दिदैंन। कृषिको रणनैतिक योजनामा कृषि क्षेत्रमा श्रमशक्तिको कमि हुँदा कसरी यान्त्रिकरणमा जाने वा प्रविधिको छनौट गर्ने भन्ने स्पष्ट खाका नभएकोले खेति गरिरहेका जमिनहरू बाँझो हुन गए।

क्षेत्रगत रणनीतिक योजनाहरू फराकिलो सोंचबाट निर्देशित हुनुपर्दछ। रणनैतिक योजनाको समय लामो हुने भएकाले राज्यका सबै पक्ष एवं सरोकारवालाहरूको सहमतिसहित क्षेत्रगत रणनीतिहरू तयार गर्नुपर्दछ।

उक्त तरिकाले दीर्घकालीन सोंचबाट तयार गरिएको क्षेत्रगत रणनैतिक योजनाले समग्र विकासको लागत घटाउँदछ। आर्थिक-सामाजिक विकासका अन्य नेतृत्वदायी क्षेत्रहरूसँगको दीर्घकालीन समन्वय एवं अग्रगामी र पृष्ठपोषक सम्बन्धले छिटो विकास गर्न सहयोग पुऱ्याउँदछ। सडक सञ्जाल सम्बन्धी रणनैतिक योजनालाई एक दृष्टान्तको रूपमा लिन सकिन्छ।

देशभरी निर्माण गरिने सडक सञ्जालको दीर्घकालीन रणनैतिक योजनाले कार्यान्वयनभन्दा पहिलेका कार्यहरू सम्पन्न गर्दै लैजान सहयोग पुऱ्याउँदछ। जस्तै जग्गा अधिकरणका कार्यहरू अगाडि नै गर्न सकिन्छ। अधिकरणकै बेला मूल्य फ्रिज गर्ने प्रणाली अपनाइ सो अनुसार जिम्मेवार आधुनिक अधिकरणको कार्य पूरा गर्नुपर्छ। यी कार्यहरू अगाडि गर्नाले परियोजना आफैंले बढाएको मूल्य तिर्नुपर्दैन। अर्कोतिर सडक सञ्जालको दीर्घकालीन गुरुयोजनालाई समेत आधार मानी सहरी विकास एवं जलमार्ग-पुल-जलस्रोतको उपयोगसम्बन्धी बहुउद्देश्यीय दीर्घकालीन रणनीतिहरू तयार गर्ने कार्यहरूमा सहयोग पुग्दछ। यी विभिन्न रणनीतिहरूको आधारमा मानव संशाधन तथा रोजगारी सिर्जनासम्बन्धि क्षेत्रगत रणनीतिलाई थप वस्तुनिष्ठ बनाउन सकिन्छ। त्यसैगरी कृषि, उद्योग एवं सूचना र सञ्चारसम्बन्धी रणनीतिहरू तयार गरिएका विभिन्न क्षेत्रगत रणनीतिवाट समग्र देश विकासको चित्रण तयार गर्ने मद्दत पुग्दछ। दीर्घकालीन क्षेत्रगत रणनीतिक योजनाहरू नै समृद्धिका आधार स्तम्भहरू हुन्। यिनै आधार स्तम्भसँग सम्बन्धित हुने गरी आवधिक योजनाहरू तयार गरिनु पर्दछ।

विगतमा कतिपय आवधिक योजनाहरू योजना बनाउने उद्देश्यले मात्र तयार गरिएका छन्। योजनाका दस्तावेज भित्र असान्दर्भिक, एक आपसमा बाझिएका अस्पस्ट नीति र रणनीतिहरू समावेस भएको प्रसस्त

दृस्टान्तहरू पाइन्छन्। योजना अवधिमा उपलब्ध हुन सक्ने साधन स्रोतको भरपर्दो पूर्व अनुमान, संरचनात्मक सम्बन्धहरूको प्रक्षेपण, प्रविधिको छनौट दक्षता र समानता बिच हुन सक्ने विरोधाभाष कमगर्ने विश्वास योग्य प्राथमिकता, सँगति मिलेको समस्टिगत नीति र क्षेत्रगत रणनीति जस्ता आधारभूत पक्षहरूवाट आवाधिक योजनालाई थप विश्वाशिलो बनाउन सकिन्छ। स्रोतको अभाव हटाउन परम्परागत नभई स्पष्ट मापदण्डसहितको प्राथमिकीकरण आवश्यक पर्दछ। राज्यको रणनैतिक प्राथमिकताअनुसार वार्षिक बजेट विनियोजन गर्ने र वित्त उद्देश्यअनुसार उक्त वार्षिक बजेट विनियोजन पक्का गर्ने काम मध्यकालीन बजेट संरचनाको दृष्टिकोणवाट गरिन्छ। विश्वशनीय मध्यकालीन खर्च संरचनाको दृष्टिकोणले वित्त नियम र नीति निर्माणमा सुधार गर्न प्रोत्साहन दिन्छ। वास्तवमा वार्षिक बजेटलाई मध्यकालीन खर्च संरचनाको दृष्टिकोणले मार्गनिर्देशित गर्दछ। मध्यकालीन खर्च संरचना बाषिक बजेट प्रणालीलाई सहयोग गर्ने औजार हो। मध्यकालीन आँखाले हेरेर बजेट बनाउने औजार हो। उक्त औजार विश्वसनिय हुनु पर्दछ। विश्वासिलो र भरपर्दो मध्यकालीन खर्च संरचनाले बजेट प्रणालीमा रहेको विद्यमान समस्या हटाउन सक्दछ। तसर्थ मध्यकालीन खर्च संरचनाको दृष्टिकोणवाट वार्षिक बजेट बनाउने कानुनी प्रावधान राखिएको छ। तर यसका सबै प्रक्रिया, जिम्मेवारी, समय तालिका, अनुमोदन गर्ने प्रक्रिया, राजनैतिक रूपमा स्वीकार्यता, दक्ष जनशक्तिको व्यवस्थापन गर्नुपर्ने जस्ता पक्षमा गरिएको उपेक्षाले अपेक्षित प्रतिफल दिन सक्दैन।


सामान्यतः मध्यकालीन खर्च संरचनाको स्वरूप निर्माणमा तीन चरणका कार्यहरू सम्पन्न हुन्छन् र यी आफैंमा साध्य होइनन्, साधन हुन्। प्रक्रियाबाट नतिजा कस्तो आयो र खासगरी बजेटको उत्पादकत्व वृद्धिमा कस्तो योगदान रह्यो भन्ने पक्ष सबैभन्दा महत्त्वपूर्ण हुन्छ। त्यसैले प्रभाव सुनिश्चितता र मापनको लागि मध्यकालीन खर्च संरचनाको विस्तारित रूप मध्यकालीन नतिजा सम्पादन संरचना तयार गरी लागू गर्नुपर्ने देखिएको छ र सोको प्रस्ताव गरिएको छ। यो संरचना नतिजामूखी उपकरण हो। खर्च व्यवस्थापन कति मितव्ययी भयो? निर्धारित लक्ष्यहरू कति प्राप्त भए? समग्रमा नतिजा कस्तो रह्यो भन्ने विषयहरू अनुगमन र मूल्याङ्कनसँग सम्बन्धित भएकाले यो कार्य उपयुक्त हुनेछ। यसलाई संघीय योजना आयोगले सम्पादन गरी मन्त्रालय र परियोजना तहसम्म संस्थागत गरी कार्यान्वियन परिपाटि सुदृढ गर्न जरूरी छ। यसले विनियोजन प्रकृयामा रहेका कमजोरीहरूलाई समेत मूल्याङ्कन गर्न मद्दत गर्नेछ। माथि भनेझै नतिजामूलक बजेट प्रणाली अवलम्बन गर्दा यो प्रणाली थप रूपमा अन्तर सम्बन्धित र एक अर्काको बलियो परिपुरक बन्नेछन्।

वार्षिक बजेटलाई सहयोग गर्न मध्यकालीन खर्च संरचनाको चरण, संस्थागत जिम्मेवारी र समय तालिका सारांशको रूपमा चित्र नं. ९ मा प्रस्तुत गरिएको छ। चरण, संस्थागत, जिम्मेवारी र समय तालिका सबैलाई वट्टावट्टामा राखिएको छ।

**मध्यकालीन खर्च संरचनामा तीनवटा पक्षहरूः** मध्यकालीन वित्त संरचना, मध्यकालीन बजेट संरचना र मध्यकालीन खर्च संरचना रहेका छन्। यी तीनवटै चरणलाई संयुक्त रूपमा वार्षिक बजेटलाई मध्यकालीन दृष्टिकोणवाट हेर्ने माध्यम वा औजारका रूपमा लिइन्छ। वार्षिक बजेटलाई मध्यकालीन दृष्टिले हेरी आवधिक योजनासँग जोडिन्छ। योजना आयोगले आगामी तीन वर्षको लागि बृहत आर्थिक परिसूचकहरूको प्रक्षेपण गर्दा दीर्घकालीन सोच, योजना लक्ष्य, परिवर्तित प्राथमिकताहरू जस्ता पक्षहरूलाई आधार बनाई वाषिक बजेटको सीमा तोक्ने कार्यमा नेतृत्व लिई वित्त संरचनालाई बढी वास्तविक बनाउँदै वार्षिक बजेटको दक्षता अभिवृद्धिसहित विश्वसनियता बढाउने गरी योगदान गर्न आवश्यक छ। मध्यकालीन वित्त संरचना मध्यकालीन खर्च संरचनाको पूर्वाधार हो। यस संरचना भित्र वित्त नीति एवं उद्देश्यहरू र मध्यकालीन बृहत आर्थिक वित्त लक्ष्यहरू प्रक्षेपण गरिन्छ। त्यस्तै, बजेट प्रस्तुत गर्दा मध्यकालीन खर्च संरचनाको अर्को आधार हो। यो प्रत्येक खर्च गर्ने निकायबाट आवश्यक बजेट अनुमान गर्ने माध्यम हो। यसका लागि वार्षिक बजेटको सीमा र क्षेत्रगत विनियोजनका नीतिगत आधारहरूका ठोस मापदण्डहरू तयार गर्दै निश्चित आधुनिक विधितर्फ उपयोगमा ल्याउनु पर्दछ। मन्त्रालयहरूले मध्यकालीन दृष्टिवाट बजेट संरचना गर्नुपर्ने हुनाले विगतमा जस्तै गरि हचुवा विधि प्रयोग गरिएमा यसको असर समग्र बजेट र खर्च प्रणालीमा पर्नेछ।

यसरी मध्यकालीन खर्च संरचना निर्माण गर्दा अपनाइने एक पछिको अर्को चरणले वित्त अनुशासन, नियम पालना गराउन र रणनैतिक प्राथमिकताहरूमा कटिबद्ध हुन सहयोग पुऱ्याउँछ। सार्वजनिक खर्चको सही सदुपयोग हुन सक्ने हुनाले नतिजाउन्मुख मध्यकालीन खर्च संरचना गर्ने लक्ष्यका साथ यस विधिको विकास गर्न सुझाव दिइएको छ।

**चित्र नं. ९** मध्यकालीन खर्च **संरचनाका पक्षहरू, संस्थागत जिम्मेवारी र समय तालिका**





यसरी मध्यकालीन नतिजा सम्पादन संरचना सार्वजनिक खर्च व्यवस्थापन दक्षता एवं प्रभावकारिता बढाउने एउटा महत्त्वपूर्ण उपकरण भएकोले यसलाई त्यही रूपमा सदुपयोग गरिनुपर्दछ। यस संरचनाले निर्धारित लक्ष्यहरू मितव्ययी एवं प्रभावकारीरूपमा नतिजा प्राप्त भयो भएन भनी मापन गर्न मद्दत गर्दछ। मध्यकालीन खर्च संरचनासँग मध्यकालीन नतिजा सम्पादन संरचनाका तत्त्वहरू समावेश गरी बजेट सुधार गर्दा बजेट प्रणालीमा रहेका विद्यमान समस्याहरू र कमी कमजोरीलाई समाधान गर्न वा सच्याउन ठूलो मद्दत पुग्नेछ।

## ६.२९.२ मध्यकालीन खर्च संरचना तर्जुमा प्रक्रियाको प्रस्तावित ढांचा

वार्षिक बजेटलाई प्रभावकारी बनाउने औजारको रूपमा मध्यकालीन खर्च संरचनाको प्रस्तावित ढाँचा र कार्यान्वयन प्रक्रिया निम्न चित्र नं १० मा प्रस्तुत गरिएको छ। यस ढाँचाले विद्यमान प्रक्रियाका राम्रा पक्ष र सही अभ्यासलाई समेटेको छ भने थप आवश्यक प्रक्रिया एवं संस्थागत व्यवस्थाको आवश्यकतालाई औंल्याएको छ। यसको समग्र संरचनालाई दुई चरणमा प्रस्तुत गरिएको छः (क) रणनैतिक चरण र (ख) स्रोत विनियोजन चरण। रणनैतिक चरण भित्र दुई कदमहरू रहेका छन्। पहिलो कदममा बृहत आर्थिक परिसूचकहरूको प्रक्षेपण, निरन्तरता दिइने कार्यक्रम/परियोजनाहरूको छनौट एवं सार्वजनिक पुँजी निर्माण योजनाको उपयोग रहेका छन्। यी तयारी कार्यहरू सम्पन्न गरे पछि प्रमुख रणनीति एवं क्षेत्रगत प्राथमिकताहरूको निर्धारण गरिनुपर्दछ। यी सबै विश्लेषण, क्षेत्रगत नीति र प्राथमिकताका आधारमा बजेटको सिमा निर्धारण गर्नुपर्दछ। स्रोत विनियोजन चरण अन्तर्गत ३

वटा कदमहरू हुनुपर्ने गरी चित्रमा प्रष्ट गरिएको छ। यी चरणहरूमा बजेटको मार्गनिर्देशन तयार गर्ने र तीन वर्षे बजेटको तयारी, पुनरावलोकन तथा अन्तिमरूप दिने कार्य गर्नुपर्ने हुन्छ।

**चित्र १०: प्रस्तावित मध्यकालीन खर्च संरचना र बजेट तर्जुमाको प्रक्रिया**




## मध्यकालीन बृहत आर्थिक तथा वित्तीय प्रक्षेपण

संघीय योजना आयोगको उपाध्यक्षको नेतृत्वमा गठित स्रोत समितिले वित्त संरचनाका आधारमा सरकारको स्रोतको आयतन र खर्चको सीमा निर्धारण गर्नु पर्दछ। उक्त बजेट सीमा निर्धारण बृहत आर्थिक परिसूचकहरू तथा राजस्व र अन्य आय स्रोतको अनुमान एवं प्रक्षेपण उपयुक्त विधिको आधारमा गरिनु पर्दछ। राजस्व र आर्थिक खर्चसँग सम्बन्धित विस्तृत सूचनाहरू प्रयोगमा ल्याइ अनुमानलाई बढी विश्वासिलो र यथार्थपरक बनाउन आवश्यक छ। यसैले वित्त संरचनाको खाका निर्माण गर्ने व्यवस्थासहित स्रोत समितिले गर्ने अनुमानहरूलाई थप विश्वाशिलो बनाउन योजना आयोगमा एउटा छुट्टै बजेट र तर्जुमा सहयोग एकाइ स्थापना गर्नुपर्ने देखिन्छ।

## क्षेत्रगत बजेट नीति पत्रहरू

सरकारले तथ्य एवं प्रतिवद्धताको आधारमा क्षेत्रगत प्राथमिकताहरू तोक्दछ वा तोक्नु पर्ने हुन्छ। त्यस्तै, प्रत्येक मन्त्रालयहरूले तथ्यगत विश्लेषणका आधारमा कति कार्यक्रम/परियोजनाहरूलाई निरन्तरता दिनुपर्ने हुन्छ; कति र कस्ता नयाँ कार्यक्रम/परियोजनाहरूलाई बजेटमा समावेश गर्ने हो; कार्यान्वयनको विधि र समयावधि के हुने हो लगायतको विषयमा नीति पत्रहरू बनाउने अभ्यास थालनी गर्नु पर्दछ। उक्त नीति पत्रहरू तयार गर्दा आवधिक योजना, क्षेत्रगत रणनीतिहरू र प्राथमिकताका

आधारहरूलाई प्रमुखरूपमा ध्यान दिइनु पर्दछ। नीतिपत्रले विगतको प्रतिफल र आगामी प्रतिफललाई पनि तुलना गर्न आवश्यक हुनेछ। उपरोक्त नीति पत्रहरूसहित सबै मन्त्रालयहरू बजेट निर्माणको क्रममा अर्थ मन्त्रालयसँग निरन्तर छलफलमा रहनु पर्दछ र तथ्यगत आधारमा बजेट मागको पुष्ट्याइ गर्नु पर्दछ।

## पुँजी निर्माणमा सार्वजनिक लगानी

पुँजी निर्माणमा सार्वजनिक लगानीको क्षेत्रमा संघीय योजना आयोगले क्षेत्रगत मन्त्रालयहरूको सहकार्यमा सार्वजनिक निर्माणका परियोजनाहरूको छनौट, मूल्याङ्कनदेखि बजेटमा समावेस गर्न योग्य परियोजनाहरूको परियोजना बैंक तयार गर्नुपर्ने प्रस्ताव गरिएको छ। पुँजी निर्माण योजनालाई मध्यकालीन खर्च संरचनाको एउटा महत्त्वपूर्ण हिस्सा बनाउन आवश्यक छ। पुँजी निर्माणमा सार्वजनिक लगानीको कार्य सामान्यतया बहुवर्षीय हुन्छन्। उक्त बहुवर्षीय योजनालाई वार्षिक बजेटमा राख्ने प्रक्रिया मध्यकालीन खर्च संरचना हो। तीन वर्षे मध्यकालीन खर्च संरचना प्रस्ताव गरिएको छ तर बहुवर्षीय परियोजनाहरू तिन वर्ष भन्दा बढी समयको हुन सक्दछ। यस अवस्थामा परियोजनाको समयलाई नै हेरेर वार्षिक बजेट राख्नु पर्दछ। तिन वर्ष भित्र कार्य सम्पन्न भइसकेका कार्यक्रम/परियोजनाहरूको उपयोगवाट कसरी अधिकतम प्रतिफल प्राप्त गर्ने, मर्मत सम्भारमा कसरी र कहिले गर्ने भन्ने कुराहरू समावेस हुनुपर्दछ। यसको साथै चालु भइरहेका परियोजनाहरूको हकमा ति परियोजनाहरूको निरन्तरता, गतिशिलता, वा वन्द गर्नुपर्ने जस्ता पक्षहरूको बिश्लेषण गरी निर्णय गर्नुपर्ने कार्य पनि छ। यस विषयको वारेमा विस्तृत बिवरण अर्को परिच्छेदमा दिइएको छ।

## बजेटको सीमा निर्धारण

वार्षिक बजेटलाई थप विश्वासिलो बनाउन र वित्तीय स्थायित्वलाई ध्यान दिन, उपलब्ध तथ्यको आधारमा तीन वर्षे खर्चको सीमा र स्रोतको अनुमान गर्ने परिपाटी थप सुदृढ गर्न आवश्यक छ। वित्तीय अनुशासनलाई सुदृढ गर्ने, सार्वजनिक खर्चमा दक्षता हासिल गर्ने, बजेट विनियोजनमा सुधार ल्याउने उद्देश्यबाट मन्त्रालयहरूलाई उक्त प्रकृयामा सहभागी बनाउँदै यस्तो सीमा निर्धारण गर्नु पर्दछ। कुल वार्षिक बजेट सीमा संघीय योजना आयोगवाट हुनु पर्दछ। उक्त सीमा भित्र रहेर प्रदेश र स्थानीयतहलाई दिइने विभिन्न अनुदान, क्षेत्रगत र मन्त्रालयगत बजेट सीमा अर्थमन्त्रालयवाट निर्धारण हुनुपर्दछ। मन्त्रालय अन्तर्गत, प्रदेश र स्थानीय तह अन्तर्गतको बजेटको सीमा निर्धारण सम्बन्धित निकायले गर्दछन्।

### वार्षिक बजेट मार्गदर्शन

रणनैतिक चरण पार गरेपछि अर्थ मन्त्रालयले तयार गरेको बजेट मार्गदर्शनको आधारमा सबै मन्त्रालयहरूले तीन वर्षे मध्यकालीन बजेट संरचना तयार गर्नु पर्दछ। हाल अर्थ मन्त्रालयले २०७३ मा बजेट तर्जुमा दिग्दर्शन र योजना आयोगले वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यकालीन खर्च संरचना समेत) तर्जुमासम्बन्धी मार्गदर्शन, २०७४ प्रकाशित गरेको देखिन्छ। यी दुबै दस्तावेज संघीय संरचना अनुरूप देखिदैंनन्। यसरी दुईवटा छुट्टाछुट्टै मार्गदर्शन तयार हुँदा अन्तर विरोध र भ्रम समेत सृजना हुने गर्दछ। तसर्थ नयाँ संरचना अनुसार बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखाबाट बजेट तर्जुमा मार्गनिर्देशन तयार गर्ने व्यवस्था गरिनुपर्दछ।

### मन्त्रालयगत बजेटको समीक्षा र अन्तिमरूप प्रदान

स्रोत साधन विनियोजनको चरणमा अर्थ मन्त्रालय, योजना आयोग तथा सम्बन्धित मन्त्रालयहरू बसी आवश्यकता, परियोजना पूर्व तयारीको अवस्था, प्राथमिकीकरणको विधि आदि विषयमा घनीभूत छलफल गरी मन्त्रालयगत बजेटको अन्तिम रूप प्रदान गरिनुपर्दछ। अन्तिमरूप प्रदान गरिएको कार्यक्रम परियोजनालाई मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्दछ।

## ६.२९.३ बजेट तर्जुमा र पूर्व बजेटको तयारी

सबै मन्त्रालयबाट संकलन गरिएको विनियोजित बजेटलाई एकमुष्ट गरी कुल बजेट तयार गर्ने प्रणाली थप प्रभावकारी बनाइनु पर्दछ। उक्त कुल बजेटको रकम बजेटको अन्तिम सीमा हुनु पर्दछ।

### बजेट तर्जुमा समय तालिका र जिम्मेवारी

मध्यकालीन खर्च संरचनाको लागि संस्थागत व्यवस्था अनुसार निम्न समय सारिणीअनुसार कार्य सम्पन्न गरिनुपर्दछ।

**तालिका ४ : मध्यकालीन खर्च संरचना र बजेट तर्जुमा समय सारिणी**

| क्र.सं. | कामको विवरण | जिम्मेवार निकाय | सम्पन्न गरिसक्ने कार्यअवधि |
|---|---|---|---|
| 1. | बजेट चक्र | | |
| १.१ | बृहत आर्थिक तथा वित्तीय प्रक्षेपण प्रारम्भ | बजेट तर्जुमा सहयोग एकाइ योजना आयोग/बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा, अर्थमन्त्रालय | श्रावण-असोज |

| क.सं. | कामको विवरण | जिम्मेवार निकाय | सम्पन्न गरिसक्ने कार्यअवधि |
|---|---|---|---|
| १.२ | मध्यकालीन खर्च संरचना तयारी पुनरावलोकन/अवधारणा पत्र बनाउने | बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा सम्बन्धित मन्त्रालयहरू/योजना आयोग | असोज-कात्तिक |
| १.३ | देशको समष्टिगत आर्थिक स्थिति विश्लेषण गरी स्रोत साधनको प्रारम्भिक प्रक्षेपण तयार गरी स्रोत समितिमा पेश गर्ने | योजना आयोग/अर्थ मन्त्रालयको बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा | कात्तिकको तेस्रो हप्ता |
| १.४ | स्रोत समितिले केन्द्रस्तरको कुल बजेटको आकार र सीमा निर्धारण गर्ने | स्रोत समिति/ संघीय योजनाआयोग/ बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | मंसिरको दोस्रो हप्ता |
| १.५ | अन्तर सरकारी वित्त परिषदको बैठक/ सरकारहरू बिचको समन्वय स्थापना | अर्थमन्त्रालय/वित्त परिषद | मंसिरको दोश्रो हप्ता |
| २. | वार्षिक बजेट तर्जुमा मार्गदर्शन र सीमा पठाउने | | |
| २.१ | मन्त्रालयगत तथा क्षेत्रगतरूपमा वार्षिक बजेटको सीमा र निर्देशन तयार गरी बजेटको सीमा र निर्देशन पठाउने | बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा अर्थमन्त्रालय | मंसिरको तेस्रो हप्ता |
| २.२ | प्राप्त वार्षिक बजेट सीमा र मार्गदर्शन आफू अन्तर्गतका विभाग र आयोजनाहरूमा पठाउने | सम्बन्धित मन्त्रालयहरू/अर्थ मन्त्रालय | मंसिरको चौथो हप्ता |
| ३. | प्रदेश तथा स्थानीय तहवाट दिइएको सिमा भित्र रही समपुरक अनुदान र विशेष अनुदानमा आधारित कार्यक्रम / आयोजनाको प्रस्ताव पेश गर्ने (मध्यकालीन खर्च संरचना समेत) | सम्बन्धित प्रदेश, स्थानीय तह/अर्थ मन्त्रालय | पौष मसान्त |
| ४. | कार्यक्रम तथा बजेट तयार गरी पेश गर्ने (त्रि–वर्षीय खर्च प्रक्षेपणसहित) | | |
| ४.१ | प्राप्त वार्षिक बजेटको सीमा भित्र रही बजेट तयार गरी सो अनुसारको बजेटमन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नेः वार्षिक लक्ष्य प्राप्त हुने गरी बजेट तयार गरी सो अनुसारको बजेट सूचना प्रणालीमा प्रविष्टि गरी सम्बन्धित निकायमा पठाउने। | सम्बन्धित मन्त्रालयहरू | पौष मसान्त |
| ४.२ | सम्बन्धित मन्त्रालयमा क्षेत्रगत नीति र मार्गदर्शनसहित पुँजी निर्माणको लागी सार्वजनिक लगानी अनुसार खरीद गुरुयोजना र वार्षिक खरीद योजनाको आधारमा विभागहरूसँग बजेट तथा कार्यक्रममा छलफल गर्ने। | सम्बन्धित मन्त्रालय/ योजना आयोग/ बजेट तथा खर्च संरचना महाशाखा, अर्थमन्त्रालय | माघको पहिलो हप्ता |
| ५ . | कार्यक्रम तथा बजेट उपर छलफल (त्रि-वर्षीय खर्च प्रक्षेपणसहित) र पुनरावलोकन | | |
| ५.१ | मन्त्रालयगत कार्यक्रम तथा बजेटको नीतिगत छलफल (चालु खर्च तर्फको कार्यक्रम खर्च,पुँजीगत खर्च र वित्तीय व्यवस्था समेत) र बजेटको अन्तिम रूप | अर्थ मन्त्रालय बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखा र सम्बन्धित मन्त्रालयहरू/ योजना आयोग | माघको चौथो हप्ता-फाल्गुणको दोश्रो हप्ता |
| ५.२ | सम्बन्धित मन्त्रालयहरूले आगामी वर्षको नीति तथा कार्यक्रम राष्ट्रपतिबाट | सम्बन्धित मन्त्रालयको सहभागितामा मन्त्रि परिषद् | फागुनको तेस्रो हप्ता |

| क.सं. | कामको विवरण | जिम्मेवार निकाय | सम्पन्न गरिसक्ने कार्यअवधि |
|---|---|---|---|
| | व्यवस्थापिका-संसदलाई सम्वोधन गर्ने प्रयोजनका लागि पठाउने। | | |
| ६. | अन्तरसरकारी वित्त परिषद्को बैठक | बजेटको अन्तिम तयारी | चैत्र महिना |
| ७.१ | वार्षिक बजेटको मस्यौदा अन्तिम तयारी | अर्थ मन्त्रालय | बैशाखको पहिलो हप्ता |
| ७.२ | संसदमा बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा छलफल | अर्थमन्त्री | बैशाखको पहिलो हप्ता |
| ७.३ | व्यवस्थापिका संसदमा राष्ट्रपतिबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत | राष्ट्रपति | बैशाखको दोस्रो हप्ता |
| ७.४ | वार्षिक बजेट र कार्यक्रमको मस्यौदा मन्त्रिपरिषद्को बैठकमा प्रस्तुति | अर्थमन्त्री | जेठको दोस्रो हप्ता |
| ७.५ | वार्षिक बजेट बक्तव्य | अर्थमन्त्री | जेठ१५गते |
| ८. | वार्षिक प्रस्तुत गर्ने र व्यवस्थापिका—संसदबाट पारित गर्ने | | |

## ६.३० कार्यक्रम बनावट र वर्गीकरणमा नयाँ स्वरूप

### ६.३०.१ कार्यक्रमको बनावट (Programme Design)

कुनै ठोस विश्लेषण र वैज्ञानिक आधार विना कार्यक्रमहरू तर्जुमा गरेको एवं बजेटमा समावेश गरेको पाइन्छ। प्रतिफलको विचार नगरी एकै प्रकृतिका र उस्तै प्रतिफल हासिल गर्नका लागि पनि छुट्टा छुट्टै टुक्रे कार्यक्रमहरू बजेटमा समावेश गरी वर्षौं वा सालबसाली रूपमा सञ्चालन भइरहेको पाइएको छ। वैदेशिक सहायताबाट सञ्चालन हुने गतिवधिहरू प्रायः छुट्टै कार्यक्रमको रूपमा बजेटमा राखिने प्रचलन छ। समग्रमा हेर्दा कार्यक्रमहरूको बनावट सरकारको कुनै विशेष नीति र त्यस नीतिबाट प्राप्त गरिनु पर्ने प्रतिफल ध्यानमा राखेर गरिएको पाइँदैन। नीतिसँगको सम्बन्ध, संस्थागत संरचना, लागत जस्ता पक्षहरूको उचित विश्लेषण गरी कार्यक्रमको निक्यौंल गर्ने प्रक्रिया र विधि कार्यमूलक र वैज्ञानिक देखिदैन। योजना आयोगले नयाँ कार्यक्रमको स्वीकृति दिने व्यवस्था भए पनि आयोजनागत अनुशासनका हिसाबले विद्यमान बजेटमा समावेश गरिएका कार्यक्रमको वनावट र वर्गीकरण हेर्दा हचुवा र परम्परागत हुने गरेको पुष्टि हुन्छ। विगतका वर्षहरू देखि नयाँ कार्यक्रमहरू मन्त्रालयगत बजेट सूचना प्रणालीबाट नै बजेटमा प्रविष्ट हुने गरिए पनि त्यसतर्फ पर्याप्त ध्यान दिइएको छैन।

बजेटमा समावेश गरिने कार्यकर्मको रूपरेखा, परिभाषा, त्यसले सरकारको नीतिसँगको सम्बन्ध र उक्त नीतिबाट प्राप्त गरिनु पर्ने प्रतिफल तथा प्रभाव लगायतका विषयहरूमा मूलभूत रूपमा नै सुधार गर्नु जरूरी देखिन्छ।

कार्यकर्मको बनावट, प्रशासनिक संरचना, प्रभावकारी कार्यान्वयन जस्ता पक्षलाई आधारका रुपमा लिन जरूरी हुन्छ। सम्पूर्ण लागतको मूल्याङ्कन (चालु तथा पुँजीगत) दुबै गर्न सकिने गरी कार्यक्रम बनाउनु पर्ने हुन्छ। यस प्रकारको कार्यक्रम बनावटले सार्वजनिक खर्चलाई उस्तै सेवा प्रवाह गर्ने र उस्तै उद्देश्य भएको खर्चहरू एकै समूहमा वर्गीकृत गर्दछ। यसले गर्दा विभिन्न कार्यक्रमहरूको लागत र प्रतिफलको विश्लेक्षण गर्न सजिलो हुन्छ। फलस्वरूप खर्चको प्राथमिकीकरणका साथ साथै नतिजामूलक बजेट पद्धतिको विकास गर्न मद्दत पुग्दछ।

साधरणतयाः प्रत्येक मन्त्रालय अन्तर्गत केही निश्चित कार्यक्रमहरूको तर्जुमा गर्नुपर्ने हुन्छ। अनावश्यक रूपमा एक अर्कासँग खप्टिने गरी टुक्रे कार्यक्रमहरू बनाउने परिपाटी अन्त्य गर्नुपर्छ। स-साना कार्यक्रमहरू तर्जुमा गर्नु हुदैन बरु समायोजन गर्नु पर्दछ। समस्त बजेट तर्जुमा प्रक्रियालाई कार्यक्रमको प्रकृति र स्वरूपको आधारमा थप व्यबस्थित गर्नुपर्दछ।

**वर्गीकरणमा नयाँ स्वरूप**

समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सरकारको अहम् भूमिका रहेको छ। जनताको जीवनस्तर उकास्न एवं आर्थिक कल्याणमा टेवा पुऱ्याउन सार्वजिनक सेवाहरू प्रदान गर्नुपर्ने राज्यको दायित्व हुन्छ। जनताको सुरक्षा, वैदेशिक कूटनीति, न्याय र सेवा आदिको जिम्मेवारी सरकारको हुन्छ। आधारभूत शिक्षा र स्वास्थ्य तथा सामाजिक सुरक्षा जस्ता सेवासहित, सामाजिक, आर्थिक एवं साँस्कृतिक अधिकार सुनिश्चित गर्नुपर्ने दायित्व सरकारको हुन्छ। आर्थिक सामाजिक अधिकारहरूको गर्नुपर्ने व्यवस्था संविधानले गरेको छ। सोही अनुरूप धेरै कानुनहरू पनि बनिसकेका छन्। नेपालले दीगा विकास लक्ष्यहरू सन् २०३० भित्र पूरा गर्ने प्रतिवद्धता समेत जनाएको छ। आर्थिक सामाजिक असमानता कम गर्ने गरी न्यायोचित वितरणका साथै श्रमिकको हक अधिकारको रक्षा राज्यले गर्नु पर्ने हुन्छ।

आर्थिक सामाजिक रूपान्तरणलाई तीव्रता दिई समृद्धिमा टेवा पुऱ्याउने गरी भौतिक एवं सामाजिक पूर्वाधारको विकास, कृषि, उद्योग एवं सेवा क्षेत्रको प्रर्वद्धन, सामाजिक पुँजीको विस्तार, नयाँ प्रविधिको विकास र उपयोग जस्ता क्षेत्रमा विशेष योजनासहित लगानी गर्न सकिए मात्र पुँजीको निर्माण र संचितीकरणको प्रकृयाबाट अर्थतन्त्रको उत्पादनशील क्षमता बढाइ विकासमा फड्को मार्न सकिन्छ। सन् २०३० भित्रै दिगो विकास लक्ष्यसहित छिटो सामाजिक न्यायमा आधारित आर्थिक समृद्धिको लक्ष्य प्राप्तिमा सहयोग पुग्नेछ। यी उद्देश्य प्राप्तिका लागि विद्यमान बजेटको ढाँचा र सो अनुरूपको खर्च वर्गीकरण उपयुक्त देखिँदैन। आयोजना/कार्यक्रमको परिभाषा र बनावट तथा प्राथमिकीकरण प्रक्रियाहरू अवैज्ञानिक छन् र तिनको प्रभावकारी कार्यान्वयनमा बाधक छन्। त्यसको ठाउँमा माथि भने झै राज्यको न्यूनतम सार्वजनिक सेवाको साथसाथै आर्थिक तथा सामाजिक अधिकार सहितको सेवाहरू प्रदान गर्ने जिम्मेवारी तथा समृद्धिको मार्गमा ठोस योगदान पुऱ्याउने गरी सामाजिक आर्थिक क्षेत्रमा

पुँजी निर्माणको लागि गरिनु पर्ने लगानीलाई फरक तरिकाले वर्गीकरण गर्ने गरी बजेट सुधारको आवश्यकता छ। वित्तीय संरचना अनुरूप स्रोत बाँडफाँडको विषेश व्यवस्था हुने गरी बजेट वर्गीकरणलाई अझ ठोस र वैज्ञानिक बर्गिकरण गर्न जरूरी छ। बजेटमा समावेस गरिएको सूचिमा लैङ्गिकमैत्री, गरीवी निवारण र हाल आएर दीगो विकास लक्ष्यसँग जोडेर रकम कति विनियोजन भयो भनि उल्लेख गर्ने गरिएको छ। त्यो बढी औपचारिकतामूखी छ। खर्चको नयाँ वर्गीकरण बजेट निर्माणको आधार बनाइनु पर्दछ। राज्य प्रदान गर्ने सार्वजनिक न्यूनतम सेवा तथा आर्थिक र सामाजिक अधिकारसँग जोडिएका सेवालाई अनिवार्य रूपमा निरन्तरता दिने गरी विनियोजनको नीति लिने गर्नुपर्दछ। त्यस्तै पुँजी निर्माणमा हुने लगानीको परियोजना चयनको वैज्ञानिक आधारमा गर्ने परिपाटीको थालनी यस प्रतिवेदनमा प्रस्ताव गरेको खाका बमोजिम गर्नुपर्दछ। प्रदेश र स्थानीय तहहरूमा गरिने स्रोत बाँडफाँड र हस्तान्तरणको अधिकार वित्त संघीयता सुदृढीकरणसँग जोडिनु पर्दछ। संघीय प्रणालीमा वित्तीय संरचनाअनुरूप स्रोतको बाँडफाँड र हस्तान्तरण गर्न आवश्यक हुन्छ र त्यसका लागि बजेटले सो सम्बन्धी स्पस्ट नीति अवलम्बन गरी तीन तहबिच सहयोगात्मक सम्बन्ध सुदृढ गर्दै जानु पर्ने हुन्छ।

यसरी स्रोतको सम्भावित आयतनको पक्षलाई समेत ध्यान दिई रणनैतिक तरिकाले खर्चको वर्गीकरण गरिनुपर्दछ। सो अनुरूप निम्न पाँच किसिमले सार्वजनिक खर्चको वर्गीकरण गरिनु पर्ने प्रस्ताव गरिएको छ। निजी क्षेत्रको लगानी प्रवर्द्धन तथा समुदाय र सहकारी क्षेत्रको स्रोत र साधनलाई उत्पादित क्षेत्रमा उपयोग गर्न प्रोत्साहित हुने तवरले बजेट विनियोजनको नीति लिनु पर्दछ-

**तालिका नं. ४ सार्वजनिक खर्चको वर्गीकरण**

| सार्वजनिक खर्चको वर्गीकरण | उद्देश्य/प्रतिफल |
|---|---|
| १. संविधानले निर्दिष्ट गरे अनुसारको सार्वजनिक प्रसाशन, सामाजिक र आर्थिक आवश्यक सेवाहरू | १. राज्यको न्यूनतम दायित्वअनुरूप सार्वजनिक, सामाजिक र आर्थिक सेवाहरू प्रभावकारी र दक्षतापूर्ण रूपमा प्रवाह गर्ने |
| - सार्वजनिक प्रशासन र सेवा | - राज्यको न्यूनतम दायित्वअनुरुप सार्वजनिक सेवा प्रभावकारीरूपमा प्रवाह गर्ने |
| - सामाजिक सेवा | - सामाजिक अधिकार, सामाजिक सुरक्षाको सुनिश्चितता सहित सामाजिक एकता र समान अवसरलाई प्रोत्साहन दिने। |
| - आर्थिक सेवा | - आर्थिक अधिकारहरूको सुनिश्चितता, आर्थिक समानता, सीप र दक्षता अभिवृद्धिसहित जीवनस्तर उकास्ने |
| २. वित्तीय हस्तान्तरण | २. प्रदेश र स्थानीय तहको विकासमा टेवा पुऱ्याउन, सेवा प्रवाह प्रभावकारी बनाउन र आर्थीक सामाजिक रूपान्तरणमा गति दिन। |

| | |
|---|---|
| ३. पुँजी निर्माणमा सार्वजनिक लगानी | ३. प्राथमिकीकरणका आधारमा आर्थिक सामाजिक क्षेत्रमा लगानी र पुँजी निर्माण/निजी क्षेत्रको लगानी प्रवर्द्धनमा टेवा र सहकारीलाई उत्पादनशील लगानीमा उत्प्रेरणा जगाई तीव्र आर्थिक विकासमा योगदान पुऱ्याउन |


**संविधानले निर्दिष्ट गरे अनुसारको सार्वजनिक प्रशासन, सामाजिक र आर्थिक सेवाहरू**

सार्वजनिक प्रशासन र सेवाको क्षेत्र र दायरामा वृद्धि भएको छ। संविधानका प्रावधान र कानूनले तोके अनुसारको जनताको आर्थिक-सामाजिक अधिकार सुनिश्चित गर्न न्यूनतम कति खर्च लाग्दछ भनी त्यसको विश्लेषण एवं खर्चको मानक आवश्यक छ। यसको लागि तत्काल एउटा कार्यदल बनाएर सो को अनुमानका आधारमा एउटा मापदण्ड बनाई बजेटमा रकम विनियोजन गर्न आवश्यक छ। खर्च अधिकार अनुरूप ती सेवा मध्ये कुन तहले के सेवा प्रदान गर्ने हो र त्यसमा तीन तहमा स्रोतको बाँडफाँड परिचालन कसरी गर्ने भन्ने पनि स्पष्ट खाका कोरी तिन तहबाट तोकिएको अधिकार अनुरूपको जिम्मेवारी पूरा गर्न आवश्यक छ।

**वित्तीय हस्तान्तरण**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दिएको शूत्र, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेखित प्रावधानअनुसार वित्तीय हस्तान्तरणको नीतिअनुरूप सार्वजनिक खर्चको विनियोजन गरिन्छ। वित्तीय संघीयतामा वित्तीय प्रवाहको अवस्था र सार्वजनिक खर्चको गणना गर्ने तरिका निम्न चित्रमा प्रस्तुत गरिएको छ। संघीय सरकारले प्रदेश एवं स्थानीय सरकारलाई दिने र प्रदेशले स्थानीयलाई दिने विभिन्न अनुदानहरू वित्तीय हस्तान्तरण स्वरूपमा बजेटको स्रोत हो। कतै कतै वित्तीय हस्तान्तरणलाई अनुदानको रूपमा मानी चालु खातामा गणना गरेको पाइएको छ। त्यसैले वित्तीय हस्तान्तरणकै रूपमा गणना गर्नुपर्दछ। खर्च गर्ने एकाइबाट भएको खर्चलाई मात्र सार्वजनिक खर्च मानिन्छ। वित्तीय हस्तान्तरणलाई खर्च मानेर गणना गर्दा दोहोरो गणना हुन जान्छ। तल स्पष्ट पार्न चित्रमा सार्वजनिक खर्च गणना गर्ने विधि दिइएको छ।

## चित्र नं. ११: संघीयतामा वित्तीय प्रवाह




तीन तहका सरकार बिच वित्तीय हस्तान्तरबाट हुनसक्ने दोहोरो गणना हटाउन तथा समग्र रकारको आम्दानी र खर्चको तथ्याङ्क तयार पार्न आवश्यक छ। तीनै तहका सरकारको एकमुष्ट आय व्यय विवरण अन्तर्राष्ट्रिय मुद्रा कोषको सरकारको वित्तीय तथ्याङ्क २०१४ (GFSM 2014) मा आधारित भई प्रकाशित गर्नु पर्दछ।

## १. पुँजी निर्माणमा सार्वजनिक लगानी

पुँजी निर्माणमा सार्वजनिक लगानी आर्थिक सामाजिक विकासको दृष्टिले ज्यादै महत्त्वपूर्ण हुन्छ। सार्वजनिक खर्च गरिने क्षेत्रमध्ये पुँजी निर्माणमा हुने लगानीले ठूलो अंश ओगटेको छ। ठूलो लगानी गरिने क्षेत्रमा औचित्यता पुष्टि गर्ने गरी विस्तृत तथ्यगत अध्ययनबाट आयोजना/परियोजना चयन गरेमा मात्र अपेक्षित प्रतिफल प्राप्त हुन सक्दछ। लगानीबाट गुमेको अवसर ठूलो हुन्छ। विगतमा राजनैतिक अस्थिरता समेतका कारण पुँजी निर्माणमा योगदान पुग्ने गरी सार्वजनिक लगानी छनौट गर्ने कार्य निष्प्रभावी रह्यो। राजनैतिक निर्णयका आधारमा परियोजना छनौटले प्राथमिकता पाए। परिणाम स्वरूप परियोजनाहरूको संख्या बढ्दै गयो। यस्ता परियोजनाहरू अहिले ठूलो आर्थिक दायित्व र प्रशासनिक भारको रूपमा रहेका छन्। नयाँ पुँजी निर्माणमा सार्वजनिक लगानीलाई विगतको भार वा दायित्वले अवरोध खडा गरेको छ। त्यसैले अर्को खण्डमा विद्यमान समस्या समाधानका उपायहरू र नयाँ परियोजनाहरू छनौट र प्राथमिकता निर्धारणको लागि विशेष प्रस्तव गरिएको छ।

### ६.३०.२ कार्यक्रमको वनावट र वर्गीकरणअनुसार पुन संरचना र प्राथमिकीकरण

आर्थिक वर्ष २०५८/५९ देखि प्राथमिकताका आधारहरू तयार गरी परियोजनाहरूलाई पहिलो, दोश्रो र तेश्रो प्राथमिकताका राखेर बजेटको सुनिश्चितता प्रदान गरिएको थियो। विद्यमान अवस्थामा पनि तिनै आधारहरू छन् तर परियोजनाहरूलाई पहिलो र दोश्रो प्राथमिकतामा मात्र राखिन्छ। बजेट प्रणाली भित्र छिरेपछि उक्त परियोजनाको बजेट स्वतः सुनिश्चित हुन्छ। बजेटको सुनिश्चितता नभएको परियोजना बजेट प्रणाली भित्रै छिर्न हुँदैन। यदि पहिलेकै परम्परा कायम भएमा यसले थप जटिलता निम्त्याउँदछ। त्यसैले बजेट भित्र पहिलो र दोस्रो प्राथमिकतामा राखु आफैमा गलत छ। अर्कोतर्फ १५ वर्ष अगाडि तयार भएका प्राथमिकता आधारहरूलाई निरन्तरता दिइएकाले पनि यस विधिमा प्रश्नहरू उठेका छन्। सामान्यतः प्राथमिकताहरू समय समयमा परिवर्तन भइरहन्छन् तर लामो समयसम्म उही आधारहरू प्रयोग भइरहेका छन्। प्राथमिकताका आधारहरू तय गर्दा अन्तर क्षेत्रगत र आन्तरिक क्षेत्रगत छुट्टै छुट्टै आधारहरू तय गरिनुपर्दछ। तर विद्यमान प्राथमिकताको आधार तय गर्दा अन्तरक्षेत्र र आन्तरिक क्षेत्र एउटै सतहमा राखिएको छ जसले गर्दा वास्तविक प्राथमिकता हुन सकेन अथवा सबै परियोजना प्राथमिकतामा परे। प्राथमिकताका आधार तय गर्दा अन्तरक्षेत्रहरू एउटै सतह र आन्तरिक क्षेत्रहरू उर्ध्वरूपमा रहेका हुन्छन्। योजना आयोगले तर्जुमा गरेको प्राथमिकीकरणका आधारहरूले क्षेत्रगतरूपमा आयोजनाहरूको प्राथमिकीकरण गर्न मद्दत गर्दैन। परियोजनाको आवश्यकता, महत्त्व, उपयोगिता, प्रतिफल/योगदान, कार्यान्वयन जस्ता पक्षहरू वर्तमान प्राथमिकीकरणका आधारहरूमा समेटिएका छैनन्। यसै कारणले गर्दा पनि कार्यान्वयनका लागि तयार नभएका धेरै परियोजनाहरू यसै पहिलो प्राथमिकतामा पारी निरन्तरता दिइएको छ र यसले बजेट र खर्च प्रणालीलाई प्रभावकारी र प्रतिफल उन्मुख बनाउने दिशामा समस्या बढाएको छ।

त्यसैले एकै क्षेत्रसँग सम्बन्धित र एकै प्रकारका परियोजनाहरू मध्येबाट प्राथमिकीकरण गर्नुपर्दा त्यसै क्षेत्रसँग सम्बन्धित मूल्याङ्कन विधि र परिसूचकहरू प्रयोग गर्न आवश्यक हुन्छन्। उल्लेखित मुख्य क्षेत्रहरू वा वर्गीकरणको लागि आ-आफ्नै प्राथमिकीकरणका मापदण्ड र विधिहरू आवश्यक हुन्छन्। त्यसैले कार्यक्रम वनावट र वर्गीकरणअनुसार प्राथमिकीकरण गर्ने विधिमा नयाँ प्रारूप अनुसार प्रस्ताव गरिएको छ। प्राथमिकतालाई वास्तविक स्वरूप प्रदान गर्न र त्यसका आधारहरू तयार गर्न सार्वजनिक खर्चलाई संविधानले निर्दिष्ट गरेको सार्वजनिक प्रशासन, सामाजिक-आर्थिक अधिकार सम्बन्धित सेवाहरू, वित्तीय हस्तान्तरण र पुँजी निर्माणमा सार्वजनिक लगानी गरी तीन भागमा विभाजन गरिएको छ। यस क्रममा भौतिक पूर्वधारहरूसँग सम्बन्धित परियोजनाको मूल्याङ्कन तथा प्राथमिकीकरणका आधार तथा विधिहरू बारे उदाहरणको रूपमा तल प्रस्तुत गरिएको छ-

प्राथमिकीकरण प्रणालीमा सुधार गर्नुपर्ने मुख्य पक्षहरू संक्षिप्त रूपमा निम्नअनुसार हुनुपर्ने देखिन्छ-

१. **सार्वजनिक प्रशासन र सेवाहरूः** यस्ता सेवाहरू राज्यले प्रदान गर्नुपर्ने भएकोले सेवा प्रवाहमा लाग्ने खर्चहरूको मापदण्डहरू निर्धारण गर्नु आवश्यक छ। हालको संघीय संरचना अनुरूप मितव्ययिता सहित सेवाहरूको प्रभावकारी रूपमा प्रवाह गर्न जरूरी छ। नयाँ संघीय संरचना लागू भएको हालको अवस्थामा यी सेवाहरूमा लाग्ने खर्चको अनुमान शून्यमा आधारित बजेट सिद्धान्तअनुरूप अनुमान गर्ने प्रणालीको व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ। यस्तो शून्य आधारमा तयार गरिने बजेट प्रत्येक पाँच वर्षमा मूल्याङ्कन गर्ने गरी सार्वजनिक सेवा प्रवाहमा लाग्ने खर्चको अनुमान गर्न समेत उपयुक्त हुनेछ।

२. **आर्थिक तथा सामाजिक हक अधिकार र अन्य सेवाहरूः** यस्ता सेवाहरूमा राज्यको अनिवार्य दायित्व र तिनबाट प्राप्त हुने परिणाम वा प्रतिफलका आधारमा प्राथमिकीकरणका आधारहरू निर्माण गर्नु उचित हुनेछ। सालबसाली रूपमा सञ्चालित कार्यक्रमहरू जस्तै आधारभूत शिक्षा, स्वास्थ्य, कृषि सेवा आदि भित्र लागत, प्रतिफल र प्रभावकारिता फरक हुने हुनाले वेग्लै मापदण्डको व्यवस्था गर्नुपर्दछ। प्रत्येक कार्यक्रम प्रतिफलसग सम्बन्धित भएको हुनुपर्दछ। उक्त कार्यक्रमले कति प्रतिफल दिन्छ? कति लागत लाग्दछ? अर्को कार्यक्रम त्यति मै लागतमा सञ्चालन गर्दा कति प्रतिफल दिन्छ त्यसको लेखाजोखा दिनुपर्दछ। लागत प्रभावकारिता र लाभ लागत बिश्लेषण गरिनुपर्दछ। यसको साथै कुन समूहले वा कसले उक्त सेवाहरूवाट बढी लाभ प्राप्त गरेको छ भन्ने बिश्लेषण पनि गरिनुपर्दछ। यस्तो विश्लेषणहरूको आधारमा कार्यक्रमलाई निरन्तरता दिने नदिने वा प्राथमिकतामा राख्ने नराख्ने निर्णय लिनुपर्दछ।

३. **पुँजी निर्माणमा सार्वजनिक लगानीः** नयाँ परियोजनाहरू बजेटमा राख्न योग्य भएको अनुमोदन पछि पनि पुनःप्राथमिकीकरण गर्नुपर्ने हुन्छ। बजेटमा समावेश गर्ने कि नगर्ने भन्ने निर्णय गरिनुपर्दछ। यसरी योजना आयोगबाट अनुमोदन भएपछि पनि नयाँ आयोजना बजेटमा समावेश हुने वा नहुने स्थिति हुन्छ। स्रोतको उपलब्धताको आधारमा परियोजना समावेश हुने नहुने भन्ने टुङ्गो गर्नुपर्ने हुन्छ। सम्पन्न भएको परियोजनामा स्रोत प्रवाह गर्नुपर्ने वा चालु परियोजनामा बढी स्रोत प्रवाह हुनुपर्ने कारणले रणनीतिक महत्त्वको नयाँ परियोजना पनि बजेटमा समावेश नहुने स्थित उत्पन्न हुन सक्छ। यी सबै पक्षको विश्लेषण गरी सार्वजनिक पुँजी निर्माणका परियोजनाहरूका लागि निम्नानुसार प्राथमिकता प्रक्रिया र मापदण्ड अपनाउन उपयुक्त हुने छ। तल तालिकामा उपयुक्त हुन सक्ने मापदण्ड र सम्भावित संस्थागत व्यवस्था प्रस्तुत गरिएको छ।

- सार्वजनिक भौतिक संरचनाको निर्माणमा गरिने खर्च, निर्माणको तौर तरिका र मर्मत सम्भार तथा त्यसको उपयोगमा समस्या रहँदै आएका छन्। संरचनाको व्यवस्थापनमा हुने दूरूपयोग ठूलो समस्याको रूपमा रहेको छ। यसबाट पुँजी लगानीको प्रतिफल प्राप्त हुने भन्दा उल्टो

बोझ थपिँदै जाने देखिएको छ। यसको राष्ट्रिय महत्त्वका परियोजनातर्फ स्रोत प्रवाह गर्न थप समस्या पैदा भएको छ। यसबाट निजीक्षेत्रको लगानी प्रवर्द्धन र सामाजिक क्षेत्रको विकासमा समेत नकरात्मक प्रभाव परेको छ।

- सार्वजनिक पुँजी निर्माणको प्रक्रिया विशेष प्रकृतिको हुन्छ। त्यसैले दीर्घकालीन योजना र बजेट तथा कार्यान्वयन गर्दा विशेष सावधानीसहित व्यवस्थापन गर्नुपर्ने हुन्छ। परम्परागत सोचाई भन्दा फरक सार्वजनिक पुँजी निर्माण (लगानी) ले भौतिक पूर्वाधार जस्तै सडक, पुल, सिँचाइ, विमानस्थल, खानेपानी, विद्युत, सञ्चार प्रणाली, बिद्यालय, अस्पताल निर्माण आदिलाई बुझाउँछ। यसरी सार्वजनिक पुँजी निर्माणको क्षेत्र व्यापक छ र यसले भौतिक सम्पत्ति मात्र नभइ शिक्षा एवं स्वास्थ्यमा गरिने मानवीय पुँजीमा गरिने लगानीलाई पनि समेट्दछ।

यस खण्डमा भौतिक संरचनामा गरिने लगानी र त्यसको व्यवस्थापन कसरी गर्नु पर्छ भन्ने उदाहरणको रूपमा प्रस्तुत गरिएको छ। यस विधिलाई उपकरणकै रूपमा वस्तुस्थिति अनुसार परिमार्जन गरी अन्य संरचनामा पनि उपयोग गर्न सकिन्छ। लगानी गरिएका परियोजनाहरू फरक फरक प्रकृतिका हुने हुनाले फरक फरक व्यवस्थापन संरचनाबाट लागू गर्ने आवश्यक हुन्छ। सार्वजनिक भौतिक संरचनाको निर्माण र सञ्चालन व्यवस्थापनको योजना मध्यकालीन खर्च संरचनाको महत्त्वपूर्ण अंग बनाउनु पर्दछ। यस्तो लगानी योजनाले निजी क्षेत्रको लगानी सम्भावनालाई पनि मार्गदर्शन गर्न आवश्यक छ।

**सार्वजनिक पुँजी निर्माणको योजना तर्जुमाको रणनैतिक मार्गदर्शन**

आवधिक योजना र क्षेत्रगत रणनीतिहरूले अपेक्षितकृत पुँजीगत बजेट निर्माणमा सहयोग गरेका छैनन्। परियोजनाहरूको विकास र प्राथमिकीकरणलाई पुँजी निर्माणको कोणबाट कम मात्र हेर्ने गरिएको छ। यसले गर्दा विकास नीति र लगानी नीति बिच स्पष्ट सम्बन्ध हुन नसकेको देखिन्छ।

पुँजीगत बजेट निर्माणका रणनैतिक संरचना बलियो बनाउन आवश्यक हुन्छ। आवधिक योजना, लागत अनुमान सहितको क्षेत्रगत रणनीति र मध्यकालीन खर्च संरचना बिच गहिरो सम्बन्ध स्थापित गरिनु पर्दछ। मध्यकालीन खर्च संरचनाको हेराइले वार्षिक बजेट बढी बिश्वाशिलो बनाउदछ।


सार्वजनिक पुँजी निर्माणको लागि विश्वसनीय रणनीति मार्गदर्शन आवश्यक प्रर्दछ। यसमा सार्वजनिक भौतिक संरचनाको निर्माण र व्यवस्थापन बजेट निर्माणको संस्थागत अंग बनाउने गरी आधारभूत प्रक्रियाहरूमै सुधार गर्न आवश्यक छ। यसका लागि एउटा दीर्घकालीन सार्वजनिक भौतिक संरचना लगानी रणनीति र भौतिक संरचनाका केन्द्रिय अभिलेख तयार गर्नु पर्दछ। क्षेत्रगत रणनीतिको लागि सम्बन्धित मन्त्रालयहरू जिम्मेवार भई कार्यक्रम/परियोजनाहरू तर्जुमा गर्दा खप्टिन नदिन, एक

परियोजनाबाट अर्को परियोजनामा सहयोग लिन र पूरकको रूपमा काम गर्न सक्ने सोंचले प्रेरित भएको हुनुपर्दछ। यसमा प्रदेश र स्थानीय सरकारसँग समन्वय गर्नुपर्दछ।

**परियोजना मूल्याङ्कन, व्यवस्थापन र छनौट**

परियोजनाको लगानी योजना र सोको मूल्याङ्कन गर्ने विद्यमान क्षमतामा वृद्धि गर्न आवश्यक छ। पुँजीगत बजेटको तर्जुमा गुणस्तरीय बनाउँनका लागि क्षमतावृद्धि महत्त्वपूर्ण छ। परियोजनाहरूको गुणस्तर मापन गर्ने वा मूल्याङ्कन गर्ने कार्यमा प्रस्तावित संस्थागत सुधारले सकरात्मक भूमिका खेल्नेछ। विद्यमान व्यवस्थामा परियोजनाहरूले गुणस्तरको मापदण्ड पूरा नगरेकाले अस्विकार गरिएको भन्ने आधार कमै पाइन्छ। यसमा योजना आयोगको भूमिका कमजोर देखिन्छ। विगतमा जिम्मेवार संस्थाको अनुमोदन विना नै परियोजना/कार्यक्रमहरू बजेटमा समावेश भएको पाइन्छ। पुँजीगत लगानीका नयाँ आयोजनाहरूको अनुमोदनको लागि योजना आयोगमा मजबुत र सक्षम महाशाखा राख्न पर्ने देखिन्छ। परियोजना बैंक राख्ने क्रममा पनि निर्माणसँग सम्बन्धित लगानीका आयोजनाको विशेष मूल्याङ्कन गर्न आवश्यक छ। सबै मन्त्रालयहरूले परियोजना मूल्याङ्कन मार्गदर्शन लागू गर्नुपर्दछ। यसको लागि योजना आयोग र मन्त्रालयहरूको क्षमता बृद्धि गरिनुपर्दछ। मन्त्रालयहरूलाई नयाँ यस्ता आयोजना योजना आयोग हुँदै बजेट तथा मध्यकालीन खर्च संरचना महाशाखाबाट अनुमोदन पछि मात्र बजेटमा राख्न अनुमति दिने व्यवस्था गरिनुपर्दछ।

**चित्र नं १२ : पुँजी निर्माणको सम्वर्द्धनमा आधारित भौतिक संरचना**




पुँजी निर्माण एवं सञ्चालन व्यवस्थापन आधारमा सम्पूर्ण परियोजनाहरूलाई तीनवटा वर्गमा विभाजन गर्न आवश्यक हुन्छ।

१. सम्पन्न भइसकेका परियोजनाहरू

२. निर्माण कार्य भइरहेका परियोजनाहरू

३. नयाँ परियोजनाहरू


### १. सम्पन्न भइसकेका परियोजनाहरू

सम्पन्न भएका परियोजनाहरूको पुरा जीवनकालसम्म फाइदा लिनको लागि निरन्तररूपमा मर्मत सम्भार गरिनु पर्ने हुन्छ। तिनीहरूको पुँजीगत अवस्थामा सुधार गरिनुपर्दछ। यसका लागि शुरुमा केन्द्रीय तहमा समयमै सम्पूर्ण परियोजनाहरूको खर्च र विस्तृत विवरण तयार गरिनुपर्दछ। विवरणमा तिनीहरूको भौतिक तथा वित्तीय अवस्था, उत्पादन-लाभ (उपज), सेवाको प्रयोग, सञ्चालन खर्च र आम्दानी, सेवा वर्ष आदि समावेश गरिनुपर्दछ। सम्बन्धित मन्त्रालयको मर्मतसम्भार र सञ्चालन जिम्मेवारी अनुरूप मर्मत सम्भार र सञ्चालन योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ। बजेट तर्जुमा प्रकृयामा यस विषयमा समुचित ध्यान दिन आवश्यक छ। परियोजना ठेक्कामा दिँदा निर्माण समस्या भएपनि निश्चित अवधिसम्म निर्माणको ठेक्का लिने, निर्माण व्यवसायीले नै मर्मत सम्भार गर्नुपर्ने नीति लिँदा विद्यमानमा देखिएका कतिपय समस्याहरू समाधान हुन सक्दछन्।

## २. चालु परियोजनाहरू

पूर्वाधारका परियोजनाहरू निर्धारित तालिकाअनुसार कार्यान्वयन हुनुपर्दछ। शुरु गरिसकिएको परियोजनाहरू सम्पन्न गर्न सम्भाव्यताको आधारमा पर्याप्त बजेट विनियोजन गरी छिट्टै सम्पन्न गरिनुपर्दछ। कार्यान्वयनमा रहेका ठूला परियोजनाहरूलाई पुनः प्राथमिकीकरण वा स्थगित गर्नुपर्ने देखिन्छ। केही परियोजनाहरू औचित्यहीन भएको समेत देखिएको छ। चालु परियोजनाहरूको सन्दर्भमा एउटा कार्यदल बनाइ उसले भौतिक र वित्तीय प्रगति, कार्यान्वयन अवस्था र योजना, हालसम्मको कुल खर्च र थप लाग्ने लागत पूरा हुन लाग्ने थप समय, परियोजनामा विविध जोखिम र समस्याका पक्षहरूको विश्लेषण गरि परियोजनाहरूको पुनः प्राथमिकीकरण र स्रोत उपलब्धताको आधार तय गरि सुझाव पेश गर्नुपर्दछ।

**चित्र नं. १३ : बोझ भइरहेका चालु परियोजनाहरूको फरफारक**




### कार्यदलको कार्य क्षेत्रहरू

१. अवधि नतोकिइ सालबसालीरूपमा सञ्चालन भएका कार्यक्रम/परियोजनहरू, निश्चित उद्देश्यका लागि वैदेशिक सहयोगमा सञ्चालन भई म्याद सकिएका तर विविध कारणले हाल नेपाल सरकारको आर्थिक सहयोगमा सञ्चालनमा आएका कार्यक्रम/परियोजनाहरूलाई पूर्णरूपमा स्थगित गर्ने र यदि पुन प्राथमिकीकरण गर्न आवश्यक देखिएमा शून्यमा आधारित बजेटको आधारमा संघ वा सम्बन्धित प्रदेशबाट सञ्चालन हुन सक्ने/नसक्ने वा आवश्यक भए/नभएको प्रदेशसँगै बसेर निर्णय लिने।

२. धेरै वर्ष अगाडि स्वीकृत भई कार्य प्रारम्भ नभएका आयोजनाहरू, निरन्तररूपमा ज्यादै न्यून बजेट विनियोजन गरी समय विताइरहेका परियोजनाहरू, सम्भाव्यता अध्ययन नै नगरी राजनैतिक प्रभावका

आधारमा न्यून बजेट राखी शुरु मात्र भएका परियोजनाहरूको पुनः प्राथमिकीकरण गरी परियोजना बैंकमा राख्ने र टुङ्गो लगाउने।

३. बहुवर्षीय ठेक्का लागेका आयोजनाहरूको ठेक्का लागेको अवधिको सम्पूर्ण लगत (नाम, स्थान, शुरु मिति, सम्पन्न मिति, वित्तीय एवं भौतिक प्रगति, कुनै तत्काल समस्या देखिएको वा नदेखिएको, ठेक्का व्यवसायीको विगतको कार्यसम्पन्नताको अवस्था, विस्तृत परियोजना प्रतिवेदन, भेरिएसन भए/नभएको, मूल्य समायोजन भए/नभएको आदि) तयार गर्ने र पुनः प्राथमिकीकरण गर्ने।

४. उपरोक्त परियोजनाहरू निरन्तरता दिने, परियोजना बैंकमा राख्ने वा पूर्णरूपमा बन्द गर्ने भन्ने निर्णय दिने। परियोजनालाई निरन्तरता दिदा भन्दा बन्द गर्दा (लागत-लाभ विश्लेषणको आधारमा) लाभ देखिएमा बन्द गर्ने निर्णय लिने।

५. निरन्तरता दिने परियोजनाहरू संघीय वा प्रदेश वा स्थानीय सरकारको कार्यक्षेत्र र छिटो कार्य सम्पन्न हुने आधारमा कार्यान्वयनलाई तीव्रता दिने।

६. माथि उल्लेख गरिएको कार्यक्रम वनावट सिद्धान्तअनुरूप परियोजनाहरूको नयाँ ढंगले परिभाषित गर्ने र कार्यक्रमको ढांचा प्रस्तुत गर्ने।

संघीय योजना आयोगले सबै ठूला परियोजनाको आवश्यक जानकारी र डाटाबेस दुरूस्त र अद्यावधिक राख्नुपर्दछ। यसको सम्पूर्ण अभिलेख अर्थमन्त्रालयको प्रस्तावित बजेट कार्यान्वयन तथा खर्च व्यवस्थापन महाशाखामा पनि हुनुपर्दछ। अर्थ मन्त्रालयले स्रोत सुनिश्चितको पत्र जारी गर्ने तर त्यसको अभिलेख नराख्ने गरेको उदाहरणहरू समेत छन्। यस्ता स्रोत सुनिश्चितताबाट जन्मेका परियोजनाहरूले कुनै अनुमोदन प्रक्रिया पार गरेको देखिँदैन। तिनले कति स्रोतको दायित्व वर्तमानमा गरेका छन् र भविष्यमा थप्दै जानेछन् अत्तो पत्तो छैन। तर ती मध्ये धेरै अहिले बहुवर्षीय परियोजनामा परिणत भएका छन्। स्रोत सुनिश्चितताको व्यवस्था पूर्णरूपमा अन्त्य गरिनुपर्दछ। आर्थिक वर्षको अन्त्यमा आउने नयाँ आयोजनाको हकमा राम्रो एवं निश्चित मापदण्डका आधारमा छानविन र सिफारिस पछि मन्त्रिमण्डलको निर्णयबाट शुरु गर्ने विधि अवलम्बन गरिनुपर्दछ।


### ३. नया परियोजनका लागि गर्नुपर्ने तयारीहरू

नयाँ भौतिक संरचनाका परियोजनाहरूले औपचारिक र कठोर मूल्याङ्कन प्रक्रिया पार गर्नुपर्ने आवश्यक हुन्छ। योजना आयोगले नयाँ परियोजनाको छानविन र छनौटको लागि आर्थिक सामाजिक मापदण्डहरू निर्माण गर्नु आवश्यक छ। त्यस्तै, आयोजना उत्पत्ति हुने मन्त्रालयहरूले परियोजनाहरू छनौट कार्यान्वयनका लागि आयोगबाट उपयुक्त मार्गदर्शन तयार गर्न सहयोग पुऱ्याउन आवश्यक छ।

प्रस्तावित सार्वजनिक पुँजी निर्माण योजना र स्रोत विनियोजन योजनाको प्रक्रिया पूरा गर्न आवश्यक हुन्छ। योजना आयोगको परियोजना मूल्याङ्कन प्रणालीअन्तर्गत बजेटमा राख्न योग्य परियोजनाहरूको सूची आयोगले तयार गरी अर्थ र सम्बन्धित मन्त्रालयमा उपलब्ध गराउने र सम्बन्धित मन्त्रालयले सूचीबाट छनौट भएका परियोजनाहरू बजेटमा समावेश गर्ने प्रकृया अगाडि बढाउने कार्य गर्नुपर्दछ। यसपछि अर्थ मन्त्रालयले बजेटको प्राथमिकताका आधारमा माथि सुझाइएअनुरूप बजेटमा समावेश गर्नुपर्दछ।

आयोगबाट प्रकाशित विद्यमान मार्गदर्शनहरूमा कार्यक्रमहरू प्राथमिकीकरण गर्ने तरिका र मापदण्ड पर्याप्त देखिँदैन। परियोजना मूल्याङ्कन गर्ने स्पष्ट विधि र मार्गदर्शन विना परियोजनामा लगानी गर्न उपयुक्त छ, छैन भन्ने नै थाहा हुँदैन। यिनै पृष्ठभूमिमा तल चित्रमा नयाँ परियोजनाको लागि विधि मापदण्ड प्रक्रियाको प्रस्ताव प्रस्तुत गरिएको छ। राष्ट्रिय, अन्तर प्रदेश तहका ठूला परियोजनाहरू संघीय सरकारबाट कार्यान्वयन हुन्छन् भन्ने मान्यता यसमा राखिएको छ।

**चित्र नं. १४ पुँजी निर्माणमा सार्वजनिक लगानीको व्यवस्थापन**




**परियोजना अवधारणा पत्र र प्रारम्भिक जाँच पड्ताल**

उपयुक्त संस्थागत व्यवस्थामा आधारित रहेर परियोजनाको औपचारिक प्रक्रिया मार्फत् अवधारणा पत्र तयार गरिनुपर्दछ। यस किसिमको प्रारम्भिक जाँचले विस्तृत परियोजना तर्जुमामा लाग्ने लागतलाई घटाउन मद्दत गर्दछ। सम्बन्धित मन्त्रालयले पेश गरेको परियोजना अवधारणाको समीक्षा र अनुमोदन योजना आयोगले गर्नुपर्दछ। यस अवधारणाभित्र परियोजनाको आधारभूत जानकारी, रणनैतिक एवं

क्षेत्रगत नीतिका उद्देश्यमा आधारित भएर प्राथमिकतामा पर्ने कारण, यसका प्रमुख क्रियाकलापहरू, सम्भावित प्रतिफल, यसको प्रभाव, अनुमानित बजेट, विकल्प आदि समावेश गरिनुपर्दछ।

**सम्भाव्यता एवं प्रभाव अध्ययन**

अवधारणा पत्र अनुमोदन भएका परियोजनाहरूको मात्र सम्भाव्यता अध्ययन गर्नुपर्दछ। ठूलो परियोजनाको हकमा यस चरणलाई पूर्व सम्भाव्यता र सम्भाव्यता चरण भनी विभाजन गर्न सकिन्छ। साना परियोजना आन्तरिक समीक्षा पछि अगाडि बढाउन सकिन्छ भने ठूला परियोजनाको लागि भने आन्तरिक एवं बाह्य दुबै समीक्षा आवश्यक पर्दछ। परियोजना मूल्याङ्कनको प्रमुख उद्देश्य परियोजनाको उपयुक्तता र परिवर्तन (Variability) आँकलन हुनु पर्दछ। यसको लागि सम्भाव्यता अध्ययन आवश्यक पर्दछ। तल सम्भाव्यता अध्ययनको अवयवहरू प्रस्तुत गरिएका छन्।

**तालिका ५ : पूर्व सम्भाव्यता अध्ययन र सम्भाव्यता अध्ययन बिचको फरक कार्यहरू**

| **सम्भावयता अध्ययनका अवयवहरू** | |
|---|---|
| **पुर्व सम्भाव्यता अध्ययन** | **सम्भाव्यता अध्ययन** |
| तथ्याङ्क सङ्कलन) भूगोल, जलवायु, सामाजिकआर्थिक र प्रविधि आदि(पूर्व अभिलेख अध्ययन | सम्पूर्ण उपयोगी तथ्याङ्कको संकलन |
| प्रमुख जोखिमहरू संस्थागत एवं बजेट | परियोजनाको लागि वैकल्पिक प्रविधि |
| विकल्पहरूको तुलना)इन्जिनियरिङ्ग सामाजिक आर्थिक लागत र लाभ() | छनौट भएका वैकल्पिक परियोजनाहरूको विस्तृत रूपमा लागत र लाभको मापन प्रारम्भिक डिजाइन |
| विकल्पमा रहेका परियोजना बारे सुझाव | विस्तृत जोखिम मूल्याङ्कन |
| परियोजनाको लागत र लाभको प्रारम्भिक अनुमान | विस्तृत दिगोपनको मूल्याङ्कन |
| नियामक आवश्यकताहरू | वातावरणीय प्रभाव मूल्याङ्कन |
| सम्भाव्यता अध्ययनको लागि अपूग भएको जानकारी पहिचान गर्ने | सामाजिक प्रभाव मूल्याङ्कन |
| | वित्तीय अर्थिक /व्यवसायिक संस्थाहरू |
| | लक्षित समूह (स्थानः पालिका, टोल वस्ती वडा नं. र संख्या/ समूहको विशेषतासहित) |
| | पूर्व अभिलेखन |

**परियोजना छनोट तथा प्राथमिकीकरण**

परियोजनाहरू बजेटमा रकम राख्न योग्य भएको अनुमोदन भइसकेपछि पुनःप्राथमिकीकरण गर्ने प्रक्रिया शुरु हुन्छ। यस प्रक्रियाबाट बजेटमा समावेश गर्ने कि नगर्ने भन्ने निर्णय गरिन्छ। यसको योजना आयोगबाट अनुमोदन भएपछि पनि बजेटमा समावेश हुन केही समय पर्खिनु पर्ने हुन्छ। यो पर्खिनुपर्ने अवस्था परियोजनाको कार्यान्वयनमा स्रोतको उपलब्धताले निर्धारण गर्दछ। मध्यकालीन वित्त संरचना र वार्षिक बजेटले नयाँ परियोजनाहरूको लगानीको लागि स्रोतको आधार निर्धारण गर्नुपर्दछ। वार्षिक

कार्यक्रमहरू विद्यमान प्राथमिकीकरणको मापदण्डअनुसार क्रम मिलाईन्छ। विद्यमान व्यवस्था अनुसार प्राथमिकीकरणको स्कोर कार्यान्वयन गर्ने निकायले गर्दछ। तसर्थ, यस प्राथमिकीकरण प्रक्रियाले अन्तर क्षेत्रगत प्राथमिकीकरण गर्दैन। पूर्ण मार्गदर्शन र सुपरिवेक्षणको अभाव रहेका विद्यमान प्राथमिकीकरणको अभ्यास माथि ठूलो प्रश्न खडा भएको छ। परियोजना मूल्याङ्कन र प्राथमिकीकरण बिच मापदण्ड अभाव रहेको विद्यमान प्रणालीले विनियोजन दक्षता हासिल गऱ्यो भन्ने कुरामा विश्वास गर्न कठिन छ।

त्यस्तै, सार्वजनिक पुँजी निर्माणका परियोजनाहरू लागि प्राथमिकता प्रक्रिया र मापदण्ड बनाउन सुझाव दिइएको छ। परियोजना छनौट गर्ने सम्भावित मापदण्ड र संस्थागत व्यवस्था तालिका ७ मा प्रस्तुत गरिएको छ।

## विस्तृत परियोजना तर्जुमा, वित्त व्यवस्थापन र कार्यान्वयन योजना

सम्भाव्यता अध्ययन पछिको यो महत्त्वपूर्ण चरण हो। यो चरण शुरु हुनभन्दा पहिले विस्तृत परियोजना प्रतिवेदन बनाउनको लागि बजेटको व्यवस्था गरिनुपर्दछ। यस प्रतिवेदनले परियोजना कार्यान्वयन गर्नका लागि तयारी पूरा भएको पक्का गर्दछ। यस चरणमा परियोजना प्रतिवेदन, पूर्ण कार्यान्वयनको योजना र कार्यका सूचकांकहरू समावेश गर्नुपर्दछ। योजना आयोगले यस प्रतिवेदनको समीक्षा गर्नुपर्दछ।

योजना आयोगले सबै पेश गरिएको परियोजनाहरूको विस्तृत तथ्याङ्क राख्नुपर्दछ। अनुमोदन गरिएका र अस्विकृत गरिएका परियोजनाहरूको तथ्याङ्क राख्नुपर्दछ। चालु आयोजनाहरूको पनि अभिलेख अध्यावधिक गर्नुपर्दछ। यसले परियोजनाहरूको कार्य सम्पन्नता सुपरिवेक्षण गर्न सहयोग गर्दछ।

निर्माणाधीन परियोजनाहरूको कार्यान्वयन स्थितिको मूल्याङ्कन तथा पुनःप्राथमिकीकरण र नयाँ परियोजनाहरूको प्राथमिकीकरण गर्ने क्रममा विशेष ध्यान दिनु जरूरी हुन्छ। वर्तमान प्राथमिकीरकणका आधारहरूले निर्माणाधीन र नयाँ परियोजनाहरू एकै मापदण्डहरू प्रयोग गरी प्राथमिकीकरण गरेको पाइन्छ। निर्माणाधीन परियोजनाहरू सम्पन्न नगरी नयाँ परियोजनाहरू थालनी गर्दा परियोजनाहरू लम्बिने, लगानी भएको रकमहरूको प्रतिफल समयमै प्राप्त नहुने हुन्छ। यसले गर्दा शुरु गरिएका परियोजनाहरूमा आवश्यक स्रोतहरूको अनिश्चितता हुन्छ र परियोजना व्यवस्थापनमा समस्या आउँछ।

प्राथमिकीकरणका लागि उचित पदानुक्रमिक संस्थागत संरचनाको व्यवस्था गर्नु आवश्यक छ। हालको अवस्थामा कार्यक्रम/परियोजना सञ्चालन गर्ने निकायले नै योजना आयोगले तयार गरेको सामान्य मार्गदर्शन प्रयोग गरी प्राथमिकीकरण गर्ने प्रचलन छ। योजना आयोग र अर्थ मन्त्रालयसँगको छलफलबाट के देखिन्छ भने प्राथमिकीकरणका आधारहरू नै उपयुक्त नहुनु र आवश्यक तथ्याङ्क एवं

जानकारी पनि नहुनु जस्ता कारणले प्रथामिकीकरणमा थप समस्या आउने गरेको छ। कम्तिमा ठूला परियोजनाहरूको हकमा तीन तहको प्राथमिकीकरण अभ्यास हुन आवश्यक हुन्छ।

- कार्यान्वयन गर्ने निकाय
- संघीय योजना आयोग
- अर्थ मन्त्रालयले गठन गरेको रणनैतिक प्राथमिकीकरण उच्चस्तरीय समिति

वर्तमान अवस्थामा प्राथमिकीकरणको नाममा कार्यक्रम र परियोजनाहरू प्रारम्भिक विश्लेषण विना नै बजेट भित्र पार्ने र ठाँउ ओगट्ने प्रवृत्ति रहेको पाइन्छ। कतिपय कार्यान्वयनयोग्य परियोजनाहरू पनि बजेटको अभावमा अलपत्र पर्ने गरेका छन्। पहिलो प्राथमिकताको रूपमा आगामी आर्थिक वर्षको बजेटले कम्तिमा सार्वजनिक पूर्वाधारका परियोजनाहरूको मध्यकालीन वित्तीय खाकाको परिधिभित्र रही पुनः प्राथमिकीकरण गर्न आवश्यक छ।

## ६.३१ बजेट कार्यान्वयन र सार्वजनिक वित्त व्यवस्थापनमा गरिनुपर्ने सुधार


### ६.३१.१ बजेट कार्यान्वयनका आधार स्तम्भहरू

बजेटले कानूनीरूप प्राप्त गरेपछि बजेट कार्यान्वयनमा जान्छ। बजेट कार्यान्वनसँग परिणाम वा प्रतिफल जोडिने भएकोले बजेट कार्यान्वयन सबै भन्दा महत्त्वपुर्ण पक्ष हो। बजेट प्रक्रियाबाट स्वीकृत भएका कार्यक्रम तथा परियोजनाहरू मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरिन्छ र ति स्वतः स्वीकृत भएको मानिन्छ। यसपछि सम्बन्धित मन्त्रालय र परियोजना एकाइले खरिद योजनाअनुसार खरिदको माग गरेपछि परियोजनाहरू वार्षिक वा बहुवर्षीय ठेक्का मार्फत् कार्यान्वयनमा लगिन्छ। पछि ठेक्कामा काम गर्ने निर्माण व्यवसायी, कोष तथा लेखा नियन्त्रक कार्यालय र आयोजना व्यवस्थापन गर्ने निकाय बिचको सहकार्य, समन्वय र सहयोगले कार्यान्वयमा भूमिका खेल्दछ। आर्थिक कार्यविधि ऐन २०५५, नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ आदिलाई आधार बनाएर आयोजनालाई कार्यान्वयनमा लगिन्छ। सम्बन्धित मन्त्रालय र परियोजना एकाइ, निर्माण व्यवसायी र सार्वजनिक वित्तीय व्यवस्थापन बिचको समन्वयसहित नीति नियम पालनाले परियोजनाको गुणस्तरमा असर पर्दछ।

बजेट तर्जुमा नीति तथा विनियोजन ऐन अनुसारको शर्त, निर्धारित समय र विनियोजित रकमको उपयोग जस्ता पक्षहरू बजेट कार्यान्वयनका अंग हुन् र बजेटका प्राथमिकताअनुसार साधन र स्रोतको दक्षतापूर्ण उपयोग गरी बजेटलाई उत्पादनशील, नतिजामूखी एवं उपलब्धिमूलक बनाउने कार्य प्रभावकारी कार्यान्वयनसँग जोडिएको छ। यो क्रममा खर्च नियन्त्रण र वित्तीय व्यवस्थापन महत्त्वपूर्ण हुन्छ। वित्तीय अनुशासन कायम राख्नको लागि खर्चको नियन्त्रण र मितव्ययी उपयोग आवश्यक पर्दछ। अनुशासन, पारदर्शीता र जवाफदेहीता बजेट कार्यान्वयनका पुर्व शर्तहरू हुन्। कार्यक्रम एवं परियोजनामा खर्च भएको रकम र बिनियिजित रकमको अनुपातवाट (बजेट प्रसोचन अनुपात) बजेटको कार्यान्वयनलाई मापन गर्ने गरेको समेत पाइन्छ। उक्त बजेट प्रशोचन अनुपातलाई कुशल बिनियोजन र बजेट पुर्व तयारीका शर्तहरूले निर्धारण गर्दछन्। सामान्यतः कुशल बिनियोजन र बजेट पुर्व तयारीको शर्तहरू पुरा गरिएको कार्यक्रम वा परियोजनाको बजेट प्रशोचन अनुपात बढी हुन्छ। बजेट कार्यान्वयनलाई बजेट तर्जुमाका पक्षहरूसँग जोडेर मात्र पुग्दैन। समय र स्रोत-साधनको अधिनमा रहेर कति भौतिक उपलब्धी हासिल गर्न सकियो, बजेटका प्राथमिकता अनुसार साधन र स्रोतको प्रभावकारी उपयोग भयो भएन वा कार्यान्वयनको चरणका सम्भावित अवसरहरूको अधिकतम उपयोग भयो भएन तथा प्रभावकारी रूपमा खर्च नियन्त्रण भयो भएन भन्ने जस्ता पक्षहरूसँग जोडेर बजेटको कार्यान्वयनको मापन गरिनु पर्दछ। त्यसैले बजेट कार्यान्वयनका उद्देश्यहरूमा मितव्ययिता र प्रभावकारिता हुँदै कार्यान्वयन दक्षता अन्तर्निहित हुनु पर्ने हुन्छ।

सम्बन्धित मन्त्रालय वा परियोजना कार्यान्वयन कार्यालय, सार्वजनिक खरिद प्रक्रिया, सार्वजनिक वित्तीय व्यवस्थापन, निजी क्षेत्र बिच प्रतिस्पर्धा र प्रतिस्पर्धी क्षमता जस्ता पक्षहरू बिचको सहकार्य र समन्वयले बजेट कार्यान्वयन प्रकृया र गतिको निर्धारण गर्दछ। ति संस्थाहरूका व्यवहार, प्रवृति, अभ्यास, चरित्र, सामाजिक मूल्यमान्यता जस्ता कार्यान्वयनसँग सम्बन्धित वातावरणका पक्षहरूले पनि कार्यान्वयनलाई प्रभावित गर्दछन्। बजेट कार्यान्वन पछि उपलब्धि के भयो, लक्षित समूह समय मै लाभान्वित भए भएनन् भन्ने तथ्यहरू उत्तिकै महत्त्वपुर्ण हुन्छन्। त्यसैले बजेट कार्यान्वन कसरी र के भयो भन्ने पक्षहरूसँग सम्बन्धित छ। यी तथ्यहरूको बिश्लेषणका आधारमा तयार गरिएका बजेट कार्यान्वयनका छवटा आधार स्तम्भहरू तलको चित्रमा प्रस्तुत गरिएको छ। बजेट कार्यान्वयन प्रणालीमा गर्नु पर्ने सुधारहरूलाई आधार स्तम्भहरूको रूपमा तल चर्चा गरिएको छ-

चित्र १५ : बजेट कार्यान्वयनका आधार स्तम्भहरू




## ६.३१.१.१ सम्बन्धित मन्त्रालय एवं परियोजना कार्यालयमार्फत् सार्वजनिक खर्च व्यवस्थापन

बजेट कार्यान्वयन भनेको विनियोजित रकम खर्च गर्ने मात्र होइन खर्चको लागि आवश्यक पर्ने राजस्व उठाउने र लक्ष्य अनुरूप खर्च गर्ने हो। यि दुई बिच सन्तुलन नमिले खर्च बढी भएमा स्रोतको संकट पर्न सक्दछ। स्रोत बचत भएमा अपेक्षित प्रतिफल प्राप्त हुन सक्दैन। त्यसैले चौमासिकरूपमा बजेट निकाशा दिने प्रचलन छ। विनियोजना ऐनले आर्थिक वर्ष शुरु भएको मितिबाट अधिकार प्राप्त अधिकारीलाई खर्च गर्न अख्तियारी दिने व्यवस्था गरेको छ। विनियोजित बजेट खर्च गरियो भने निर्धारित उद्देश्य वा नतिजा प्राप्त हुन्छ भन्ने मान्यताका साथ बजेट कार्यान्वयन गरिन्छ। त्यसैले वार्षिक खरिद

योजनाको अनुगमन गर्ने कार्य अर्थ मन्त्रालयको बजेट कार्यान्वयन तथा खर्च व्यवस्थापन महाशाखावाट हुनुपर्दछ। परियोजना कार्यान्वयन गर्ने क्रममा तालुक निकायहरूले समेत समय समयमा अनुगमन गरी सो आयोजनामा तोकिएको मितिमा कार्यसम्पन्न नगरिएमा जिम्मेवार पदाधिकारीलाई उपयुक्त कारण बाहेक विभागीय दण्ड हुने व्यवस्था सार्वजनिक खरिद कानूनमा गरिनुपर्दछ। आयोजना वा कार्यक्रम प्रमुखलाई कार्यसम्पादन करारमा वार्षिक खरिद योजना अनुसार कार्यसम्पादन गर्ने जिम्मेवारी भित्र र सो कार्यतालिका अनुसार कार्यसम्पन्न नगरेमा करार समाप्त गर्न सकिने वा दण्ड हुने व्यवस्था गरिनुपर्दछ। बजेट र कार्यक्रम स्वीकृति गर्दा तयार भएको कार्यान्वयन तालिका, वार्षिक खरिद योजनामा उल्लिखित समय तालिका र खरिद योजनाअनुसार काम शुरु र सम्पन्न हुने समय तालिकाअनुसार खरिद कार्यको लागि मासिक रूपमा प्रवाह हुने खर्चको अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

सम्बन्धित मन्त्रालय एवं परियोजना कार्यालयले गर्नुपर्ने पूर्व तयारी र अन्य सुधारका कार्यहरू निम्नअनुसार हुनु पर्दछः

- कतिपय कार्यक्रम/परियोजनाहरूमा क्रियाकलापको प्रतिफलसँग सम्बन्धित हुने गरी वार्षिक बजेट नबनाउने, लागत अनुमान ठीक तरिकाले विस्तृत रूपमा नगरी अवण्डामा राख्ने वा स्पष्ट उद्देश्य नदेखाउने बजेट तथा कार्यक्रमलाई बजेट सूचना प्रणालीमा समावेश नगर्ने जस्ता अभ्यासहरू हुने गरेका छन्। यस्तो अभ्यास तत्काल बन्द गरिनुपर्दछ। दिएका जिम्मेवारीहरू पूरा गर्ने अवस्था सुनिश्चित गर्नु पर्दछ। यसका लागि कामको जिम्मेवारी लिने, जिम्मेवार निकाय र सुपरीवेक्षण गर्ने सबै पक्षको जवाफदेहीता स्पस्ट बनाइनुपर्दछ। परीयोजना कार्यान्वयनका सम्भावित समस्याहरूको पूर्व आंकलन गरि तिनको समाधानको उपाय कार्यान्वयन अघिनै खोजिनु पर्दछ। परियोजना कार्यान्वयनमा जवाफदेहीताको परिपाटी कडाइका साथ लागू गर्नुपर्दछ।

- बजेट खर्चको निकासाको लागि प्रचलनमा रहेको एकल खाता कोष प्रणाली (Treasury Ingle Account) परिमार्जन गर्न आवश्यक छ। बजेट र कार्यक्रममा क्रियाकलापहरू समेतको भौतिक र वित्तीय कार्यप्रगति देखिने गरी भुक्तानी आदेश तयार गर्ने र सो अनुसार कोलेनिकाले खर्च लेख्ने व्यवस्था गरिनुपर्दछ। निकासा खर्चसमेत देखिने गरी यसमा परिमार्जन गरिनुपर्दछ। बजेट खर्चलाई प्रक्षेपण गर्न सकिने गरी मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (LMBIS) र बजेट व्यवस्थापन सूचना प्रणाली (BMIS), कोलेनिकाबाट निकासा खर्च गर्दा प्रयोग गर्ने गरिएको एकल खाता कोष तथा जिल्ला खर्च नियन्त्रण सफ्वेयर बिच एकीकृत गर्नुपर्दछ।

- आयोजना र कार्यक्रमको बजेट, यसको आयतन वा आकार, उपलब्धि र अपेक्षित प्रतिफलको आधारमा लचिलो सँगठन प्रणालीको व्यवस्थापन गरी प्राविधिक कर्मचारीको संख्या र क्षमता मूल्याङ्कन अनुरूप आयोजना सञ्चालन गर्ने संस्थागत संरचना (Institutional Framework) सँग तादाम्यता गर्नुपर्दछ। यसको

लागि तथ्याङ्क र उपयुक्त सीपको उपलब्धता र भरपर्दोपना पनि ध्यान दिनुपर्दछ। आयोजनाको लागि अनौपचारिक नियमहरू (जनसम्पर्क, सामाजिक संस्थाको आवाज आदि) पनि ख्याल गर्ने व्यवस्थालाई सादृश्य गराउनु आवश्यक छ।

- तोकिएको समयमा काम सम्पन्न गर्ने प्राविधिक र अन्य प्रत्यक्ष संलग्न कर्मचारीहरूलाई करार समयमा नै गुणस्तरसहितको कार्य गर्ने निर्माण व्यवसायीलाई दिने बोनस बराबरको रकम उत्प्रेरणा भत्ताको रूपमा प्रदान गर्ने व्यवस्था गरिनपर्दछ। तोकिएको कार्यतालिकाअनुसार कार्यसम्पन्न नगर्ने, म्याद थपको मनासिब कारण नहुने, मूल्य समायोजनको आधारभूत प्रमाण बिना भुक्तानी गर्नेदेखि कमजोरीका कारण दावी गर्न रकम तिर्नुपर्ने अवस्था विना आएमा सिफारिश, प्रमाणित, स्वीकृत गर्ने तथा भुक्तानी गर्ने सबैबाट खर्च असूल उपर गर्ने प्रावधान आर्थिक कार्यविधि ऐन तथा सार्वजनिक खरिद ऐनमा गर्नुपर्दछ।

- प्रत्येक आयोजना वा कार्यक्रमको लागि जिम्मेवार व्यक्तिको रूपमा तोकेर आयोजना प्रमुखसँग कार्यक्षेत्र, वित्तीय, सञ्चालन र कार्यान्वयन तालिका, वार्षिक खरिद योजना, कार्यक्रम तालिका र गुणस्तर र प्रतिफलको साथै कार्यसम्पादनका अन्य पूर्वशर्तहरू उल्लेख गरी कार्यसम्पादन करार गर्नुपर्दछ। आयोजना नसकिएसम्म निजलाई आयोजनाको प्रतिफल र उपलब्धि प्रति जवाफदेही हुने गरी काम गर्न दिइनुपर्दछ। निजको मागअनुसार कर्मचारी पदस्थापना हुने व्यवस्था गरि ३ वर्षसम्म काम गर्ने मौका दिइनुपर्दछ।

- प्रत्येक मन्त्रालय र समग्र आयोजनाको क्रमागत नम्बर र आर्थिक वर्ष उल्लेख गरी सोअनुसार आयोजना कार्यान्वयन तथ्याङ्क विकास गरी भौतिक र वित्तीय तथा व्यवस्थापकीय प्रगतिको लागि आयोजना सूचना प्रणालीको क्रियाकलापअनुसार वित्तीय र भौतिक प्रगतिको स्थिति प्रतिवेदन तयार गर्ने प्रणाली विकास गरिनुपर्दछ।

- भौतिक पूर्वाधारको कार्य गर्ने निकायहरूले निर्माण कार्य (सडक, नहर, भवन, पुल आदि) को अभिलेख दैनिक रूपमा प्रमाणित गर्ने व्यवस्था गर्नुपर्दछ। यसको लागि निर्माण व्यवसायीले दैनिक रूपमा सम्पन्न भएको निर्माण कार्य आईटमवाईज अभिलेखको आधारमा तयार गरी सुपरिवेक्षण गर्ने निकायको सम्बन्धित प्राविधिकबाट दैनिक रूपमा प्रमाणित गराउने कार्य अनिवार्य गरिनुपर्दछ। सो आईटमवाईज प्रमाणित कार्यको आधारमा मासिक वा करार सम्झौतामा उल्लेखित समयमा बिल अफ क्वान्टिटीको आईटमको आधारमा ठेक्कासम्बन्धी बिल तयार गर्ने प्रणाली स्थापित गरिनुपर्दछ। निर्माण कार्यको जिम्मेवारी विभाजन लिखीत रूपमा विकास गरी लागू गरिनुपर्दछ र सोअनुसार विभिन्न तहमा जिम्मेवारीको काम समयमा भए नभएको अनुगमन गर्ने व्यवस्था गरिनु पर्दछ।

- शुरुमा चौमासिक खर्च योजना अनुसार मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट आयोजना/कार्यक्रमको स्वतः स्वीकृत भए पनि आर्थिक वर्षको बिच बिचमा बजेट दिने र मन्त्रालयगत बजेट सूचना प्रणालीमा

संशोधनले गर्दा स्वीकृत गरिएमा कामहरू समेत कार्यान्वयन हुदैनन्। त्यसै गरि कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएको अवस्थामा विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरू बिच बाँडफाड गर्नुपर्दछ। उक्त बाँडफाँडको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्दछ। त्यसैगरी मन्त्रालयगत सूचना प्रणालीमा भएको चौमासिक विभाजनलाई संशोधन गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालय र सम्बन्धित निकायले प्रक्रिया पुऱ्याई संशोधन गर्ने र त्यसको जानकारी अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयलाई दिने व्यवस्था गर्नु पर्दछ। कार्यक्रम नै संशोधन गर्नुपर्ने भएमा मात्र अर्थ मन्त्रालयको स्वीकृति लिने व्यवस्था गरिनुपर्दछ। आयोजना वा कार्यक्रमको लागि चौमासिक वा तोकिएको कार्ययोजना अनुसार योजना तथा बजेट स्वीकृत नगर्ने नगराउने, आयोजनाको विस्तृत प्रतिवेदन र कार्यक्रम तयार, खरिद र खर्च नगर्ने नगराउने पदाधिकारीहरूलाई खर्च नभएको रकमको लागि उत्तरदायी वा जिम्मेवार हुने र दण्ड हुने आर्थिक कार्यविधि ऐनमा थप व्यवस्था गरिनुपर्दछ। खर्च गर्न नसक्ने वा निर्णय नगर्ने पदाधिकारीलाई भविष्यमा आयोजना वा कार्यक्रम प्रमुखको जिम्मेवारी नदिने निर्णय गरी सो तत्काल कार्यान्वयनमा ल्याउने व्यवस्था मन्त्रिपरिषदको निर्णयबाट गरिनुपर्दछ।

- भौतिक पूर्वाधारको कार्य गर्ने निकायहरूले निर्माण कार्य (सडक, नहर, भवन, पुल आदि) को अभिलेख दैनिक रूपमा नराख्ने, राखेपनि प्राविधिकले दैनिकरूपमा प्रमाणित नगर्ने, जिम्मेवारी बहन नगर्ने, दैनिक, कार्य सम्पादन अवस्था वा जोखिमको अवस्था थाहा नहुने आदि कारणले कामको गुणस्तरमा असर पर्नुको साथै समयमा काम सम्पन्न नहुने, भुक्तानी समयमा नहुने जस्ता समस्याहरू देखिदै आएका छन्। कामको क्रममा दैनिक समाधान हुने विषयहरू संकलित हुदै गइ ठुलो समस्याको रूप लिएको देखिएको छ। यसैले निर्माण व्यवसायीले दैनिक रूपमा सम्पन्न भएको निर्माण कार्यको आईटमवाईज अभिलेख र नापी किटान तयार गरी सुपरिवेक्षण गर्ने निकायको सम्बन्धित निर्माण कार्यमा संलग्न हुने सबै पदाधिकारीहरूको जवाफदेहीता सहित प्राविधिकबाट दैनिक रूपमा प्रमाणित गराउने कार्यलाई अनिवार्य गरिनुपर्दछ। सो आधारमा मासिक वा करार सम्झौतामा उल्लेखित समयमा बिल अफ क्वान्टिटीको आईटम अनुरूप ठेक्कासम्बन्धी बिल तयार गर्ने प्रणाली स्थापित गरिनुपर्दछ। निर्माण कार्यको जिम्मेवारी विभाजन लिखित रूपमा गर्ने र सो अनुसार विभिन्न तहबाट जिम्मेवारीको काम समयमा भए नभएको अनुगमन गर्ने व्यवस्था गरिनुपर्दछ।

- अनुगमन तथा मूल्याङ्कनको परिपाटी निकै कमजोर छ। सुदृढ संस्था, दक्षता, सीप, ज्ञान, नेतृत्वदायी क्षमताले मात्र अनुगमन तथा मूल्याङ्कनको कार्यलाई प्रभावकारी बनाउन सक्दछ। खरिद ऐन एवं नियमअनुसार गर्नुपर्ने कार्यहरू, समय तालिकालाई अनुसार कार्य भए नभएको, मध्यकालीन दृष्टिकोणसँग तादाम्यता हुने गरी खरिद गुरु योजना र वार्षिक खरिद योजना निर्माण भए नभएको जस्ता

विषयहरूको नियमित अनुगमन सम्बन्धित मन्त्रालयवाट हुनु पर्दछ। नगरिएमा माथिल्लो निकाय जिम्मेवार हुने व्यवस्था हुनु पर्दछ। अर्थ मन्त्रालयको बजेट कार्यान्वयन एवं खर्च महाशाखाले कार्य प्रगतिको नियमित अनुगमन गर्नु पर्दछ। कार्यान्वयन पूर्वका तयारी कार्यहरू मुलत बजेट तयारी गर्दा नै सम्पन्न भै सकेको हुने अवस्था निर्माण गर्नु पर्दछ । एक वर्षको लागि विनियोजन गरिएको बजेटलाई ३ ले भाग गरी आयोजना र कार्यक्रमको चौमासिक खर्च योजनामा राख्ने प्रवृत्तिको अन्त्य गरी यथार्थ परक ढंगले कामको प्रवाह, परिणाम र मासिक खरिद योजनाको चौमासिक विभाजन सहितको वार्षिक कार्यक्रम बनाउने प्रणाली सुदृढ गर्नु पर्दछ। नयाँ कार्यक्रम र परियोजनाहरूको कार्यान्वयन एकाइहरू स्थापना देखि जनशक्ति एवं व्यवस्थापन योजना सँग सम्बन्धित कार्यान्वयनसँग जोडिएका सम्पूर्ण पूर्व तयारीहरूका काम जेष्ठ १५ देखि श्रावण १ गते भित्र ४५ दिनको समयमा सम्पन्न गरिनुपर्दछ र उक्त कार्यहरू नगरेमा दण्ड जरिवाना वा नसिहत दिने व्यवस्था गरिनुपर्दछ।

- खर्च गर्ने कार्यकारी मन्त्रालयहरूले आफ्नै ढंगले लेखा प्रणालीको सफ्टवेयर प्रयोग गर्ने गरेकोले (स्वास्थ्यमा ट्याबुक्स, सडक विभागमा आयोजना लेखा प्रणाली) समस्या हुने गरेको छ। त्यसैले महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीको लागि हाल सीमित रूपमा प्रयोगमा ल्याएको कम्प्यूटिकृत सरकारी लेखा प्रणालीलाई सबै सरकारी कार्यालयहरूमा अनिवार्य रूपमा उपयोग गर्ने व्यवस्था गरिनुपर्दछ।

- आयोजनाहरूलाई हालको राष्ट्रिय गौरव, प्राथमिकता प्राप्त आयोजनाको प्राथमिकताको वर्गीकरणले लक्ष्य उद्देश्य प्राप्तिमा ठोस योगदान नगरेको र स्रोतको कुशलतम विनियोजन र कार्यान्वयन दक्षतामा समेत विसँगती थप्ने गरेको देखिएकाले यसको ठाउँमा रणनीतिक र अन्य कार्यक्रम एवं परियोजनाको रूपमा वर्गीकरण गर्ने परिपाटि अपनाइनु पर्दछ। रणनीतिक योजना कार्यान्वयनका लागि छुट्टै ऐनको निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ। नैतिक इमान्दारिता र कार्यदक्षता वा सक्षमता भएको व्यक्ति आयोजना प्रमुख, सञ्चालन र आर्थिक प्रशासन प्रमुखको रूपमा खटाउने विशेष व्यवस्था गरिनुपर्दछ। अन्य सबै आयोजना र कार्यक्रमहरू उपलब्ध बजेट सीमा भित्र लक्षित उद्देश्यहरू हासिल गर्ने गरी मन्त्रालयहरूबाट कार्यान्वयनमा ल्याइनुपर्दछ।

- प्राविधिक पदाधिकारीको क्षमता अभिवृद्धि र कामको दक्षता बढाउन पारिश्रमिक र पारितोषिक स्तर संरचनामा समुचित ध्यान दिनुपर्ने देखिन्छ। कार्यक्रम, आयोजना, र आर्थिक प्रशासन प्रमुखलाई आयोजना व्यवस्थापन, करार सम्झौता, खर्च प्रणाली, खरिद तथा आर्थिक कार्यविधिसम्बन्धी कानून बारे ७ देखि १५ दिनको तालिम दिएर मात्र पदस्थापना वा सरुवा गर्ने कार्यलाई अनिवार्य गरिनुपर्दछ। तोकिएको समयमा काम सम्पन्न गर्ने प्राविधिक र अन्य प्रत्यक्ष संलग्न कर्मचारीहरूलाई करार समयमा नै गुणस्तर सहितको कार्य गर्ने निर्माण व्यवसायीलाई दिने बोनस बराबरको रकम

उत्प्रेरणा भत्ताको रूपमा प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ। तोकिएको कार्यतालिका अनुसार कार्यसम्पन्न नगर्ने, म्याद थपको मनासिब कारण नदिने, मूल्य समायोजनको आधारभूत प्रमाण भुक्तानी गर्नेदेखि कमजोरीका कारण दावी रकम तिर्नुपर्ने अवस्था आएमा सिफारिश, प्रमाणित, स्वीकृत गर्ने तथा भुक्तानी गर्ने सबैबाट खर्च असूल उपर गर्ने व्यवस्था गरिनुपर्दछ। प्रत्येक आयोजना वा कार्यक्रमको लागि जिम्मेवार व्यक्तिको रूपमा तोकेर आयोजना प्रमुखसँग कार्यक्षेत्र, वित्तीय, सञ्चालन र कार्यान्वयन तालिका, वार्षिक खरिद योजना, कार्यक्रम तालिका र गुणस्तर र प्रतिफलको साथै कार्यसम्पादनका अन्य पुर्वशर्तहरू उल्लेख गरी कार्यसम्पादन करार गर्नुपर्दछ। आयोजना नसकिएसम्म निजलाई आयोजनाको प्रतिफल र उपलब्धि प्रति जवाफदेही हुने गरी काम गर्न दिइनुपर्दछ।

- अर्थ मन्त्रालयले नीति, योजना, कार्यक्रम, आयोजना, क्रियाकलाप र स्कीमसमेतको उदाहरण हुने गरी आयोजना विकास मापदण्ड र मार्गदर्शन जारी गरी कामको प्रकृति (भौतिक, सामाजिक, सुशासन आदि) को आधारमा आयोजना ढाँचा र विकास गर्ने चरणहरू तोकी आयोजनाको स्तरअनुसारको ढाँचा तयार गरी सोअनुसार आयोजना तयार गर्न सबै निकायहरूलाई आयोजना तयारी मार्गदर्शन मन्त्रिपरिषद्बाट निर्णय गराई जारी गर्नुपर्दछ। मन्त्रालय वा विभागले आफै आयोजना सञ्चालन गर्ने कार्य नगर्ने व्यवस्था गरिनुपर्दछ। आयोजनाको तयारी चरण भएमा कार्यदल गठन गरी काम गर्ने व्यवस्था गर्नुपर्दछ।


- आयोजनाको निर्माण कार्यको समाप्ति र कार्यसम्पन्न अवधिपछि (त्रुटि सच्याउने अवधि पछि) पनि आयोजनाको गुणात्मकता समेत सम्भार गर्नुपर्ने आवश्यकता हेरी ३ देखि ५ वर्षसम्मको मर्मत सम्भार अवधि तोकी सोही ठेकदारको जिम्मा दिने व्यवस्था गरिनुपर्छ र सो समयसम्म मर्मत सम्भार करार व्यवस्था निजसँग गरी करार सम्झौतामा गरिनुपर्दछ।

- विवाद व्यवस्थापनको लागि मध्यस्थकर्ताको सिफारिसमा प्राविधिक र कानूनी व्यवस्थाअनुसार निर्णय गरेपछि मध्यस्थकर्ताको निर्णय अन्तिम हुने गरी मध्यस्थकर्तासम्बन्धी कानूनमा व्यवस्था गरिनुपर्दछ। सो निर्णय उपर पुनरावलोकन गर्नुपर्ने भएमा सम्भाव्यताको आधारमा एक छुट्टै करार विवाद निरूपण न्यायाधिकरण खडा गरी विवाद निरूपण गर्ने व्यवस्था गरिनुपर्दछ। करार विवादमा न्यायाधिकरणको निर्णय अन्तिम हुने व्यवस्था समेत कानुनी रूपमा गरिनु पर्दछ।

- **भुक्तानीसम्बन्धी व्यवस्थाः** निर्माणसम्बन्धी कामको ठेक्कासम्बन्धी बिलमा करार सम्झौतामा उल्लिखित बिल अफ क्वान्टीटीको आधारमा निर्माण व्यवसायीले कार्यसम्पन्न विवरण तयार गरी प्रत्येक महिना वा करारमा तोकिएको समयमा पेशगर्ने व्यवस्था गरिनुपर्दछ। बिल पेश गरेको बढीमा १० दिन भित्र सबै प्राविधिक जाँच परीक्षण र गुणस्तर परीक्षण गरी निर्माणसम्बन्धी सबै अभिलेख (आईटमवाइज, कार्यअभिलेख, नापी किताब आदि) तयार गरी (कार्यप्रकृतिअनुसार गुणस्तर

परीक्षण गर्ने निकाय बाहिरको भए सो समय समेत विचार गरी ११ औं दिन आर्थिक प्रशासन (वा लेखा) शाखामा पेश गर्ने र सो शाखाले बढीमा ३ दिन भित्र सबै कामको अंकगणितीय शुद्धता लगायत अभिलेख र करार सम्झौता अनुसारको वित्तीय प्रावधान परीक्षण गरी भुक्तानी गर्न बजेट, कार्यक्रम, निर्माण लेखाको आधारमा स्वीकृतिको लागि पेश गर्नुपर्दछ। सो कार्यको अन्तिम स्वीकृत दिने पदाधिकारीले १ दिन भित्र स्वीकृति गर्नुपर्दछ। निर्माण व्यवसायीले बिल पेशगरेको मितिले १५ दिन भित्र निजले भुक्तानी पाउने वा निजको खातामा रकम जम्मा हुने व्यवस्था गर्नुपर्दछ। सो तालिका अनुसार भुक्तानी नभइ नेपाल सरकारलाई दावी रकम व्याज भुक्तानीको आर्थिक दायित्व सिर्जना भएमा खाता संचालकहरूबाट (अधिकार प्रत्यायोजन गरेको भए सो पदाधिकारी समेत) सम्पूर्ण आर्थिक दायित्व असूल उपर गर्ने र विभागीय कारवाही गर्ने प्रावधान सहितको व्यवस्था लागू गर्नुपर्दछ। सोहीअनुरूप आर्थिक कार्यविधि ऐन, निजामती सेवा ऐन र अन्य निर्माण कार्य सम्बन्धी संस्थाको कानूनमा परिमार्जन गरिनुपर्दछ।


चित्र १६: परियोजनाको भुक्तानी प्रक्रिया




## ६.३१.१.२ सार्वजनिक खरिद व्यवस्थापन

सार्वजनिक खरिदका मुलतः चार पक्षहरू हुन्छन्: ऐन/नियम पालना, मितव्ययी र कार्य दक्षता, गुणस्तर र तोकिएको समय, स्थान र परिमाणको भरपर्दोमा आपूर्ति । यी सबै पक्षहरूले एक्ला एक्लै एवं संयुक्त रूपमा सार्वजनिक खरीदलाई प्रभाव पर्दछन्। यस तथ्यलाई निम्न चित्रवाट प्रस्ट पारिएको छ। यी

पक्षहरू खरिद कार्यको माग पक्ष र आपूर्ति पक्ष दुबैमा लागु हुन्छन। यदि खरिद ऐन/नियमले अनावश्यक प्रक्रियालाई बढावा दिएमा खरिद प्रक्रिया जटिल हुन्छ। यसले खरिद खर्च बढाउदछ। यदि खरीद प्रक्रिया आवस्यक प्रक्रिया पुरा नहुने वा प्रक्रिया ठिक तरिकाले तर्जुमा नभएको भएमा स्रोत र साधनको दुरूपयोग हुने, आवश्यक गुणस्तर कायम नहुने, समय/स्थान/ परिमाणमा आपूर्ति नहुने जस्ता समस्याहरू देखा पर्दछन्। फलत यसको चक्रीय असर सार्वजनिक खरिदमा पर्दछ। त्यसैले खरिद प्रक्रियालाई उपयोगी, चुस्त र विश्वसनिय बनाइनु पर्छ। परियोजना कार्यक्रमलाई खर्च गुणस्तर सहित समय र लागतको सिमा भित्र सम्पन्न गर्नेतर्फ निकै समस्या रहेकोले खरीद प्रक्रिया विकास निमार्णलाई गति दिने दिशामा ज्यादै महत्त्वपूर्ण छ। यिनै विविध पक्षहरूलाई ध्यान राखी गरिनुपर्ने सुधारका उपायहरूको चर्चा गरिएको छ।




विद्यमान खरीद ऐन/नियम २०६३, २०६४ को सहि उपयोगः विद्यमान अभ्यास र प्रक्रियालाई अनुसरण गरिदा बोलपत्रको खरिद प्रक्रियाले काम शुरु गर्न झण्डै ११५ दिन लिन्छ। यही प्रक्रिया र अभ्यासमा बजेट पेश गर्न र आर्थिक बेरूजु हुने समयलाई ठिक तरिकाले उपयोग गर्दा खरिद प्रक्रियामा सुधार ल्याई सो कार्यदिन निकै घटाउन सकिन्छ। यसरी समय घटन जादा समयमै परियोनामा सञ्चालन र समाप्त गर्न सहयोग पुग्दछ। आर्थिक वर्षको अन्तिम तिर हुने भुक्तानी प्रवृत्तिका सुधारमै भुक्तानी पनि समयमा नै हुन सक्दछ। बैंकहरूले समयमा नै रकम समेत परिचालन गर्न पाई समग्र अर्थतन्त्रमा नै सकारात्मक असर हुन्छ। खरिद ऐनले निर्दिष्ट गरे अनुसार नयाँ परियोजनाको लागि सार्वजनिक खरिद प्रक्रिया पुरा गर्न चित्र देखाइए अनुसारको प्रक्रियाहरू पुरा गर्नुपर्दछ। प्रत्येक क्रियाकलापलाई लाग्ने दिन पनि त्यँहा राखिएको छ। चित्रमा देखाइएको समयको गणना औसतको आधारमा गरिएको छ। सार्वजनिक खरिदको प्रक्रिया र यसमा लाग्ने समय नेपालको वस्तुस्थिति जस्तै मौसम र चाडपर्वको समय, भौगोलिक अवस्थाले पनि निर्धारण गर्दछ। खरिद गर्ने प्रक्रिया ढिलो शुरु गर्ने, नेपालको वस्तुस्थिति अनुसार समय लामो भएर वा केही कतै नमिलेकोले आर्थिक वर्षको अन्त्यतिर खर्च गर्ने प्रवृत्ति देखिएकोले

यि पक्षलाई विचार गरी सार्वजनिक खरिदको प्रक्रिया र यसमा लाग्ने समय तय गरी त्यसै अनुसार खरिद योजना स्पस्ट हुनु पर्ने देखिन्छ। नियमित रूपमा काम गरेमा सबै प्रक्रियालाई ११५ दिन लाग्दछ। उक्त कुल दिन विद्यमान परिपाटीलाई लिएर गणना गरिएको हो। १ देखि ८ सम्म को कार्य वास्तवमा बजेट प्रक्रियासँग सम्बन्धित छन्। यी कामहरू बजेटमा राख्नुभन्दा पहिले गर्नु पर्ने शर्त हुन्। यी कार्यहरू बजेटमा पेश हुनुभन्दा पहिले नै पुरा भएमा कम्तिमा ३० दिनको कार्य घट्दछ। त्यस पछिका तयारीहरू जस्तै कार्यालय, मानव संसाधनको तयारी, कागजात, सूचना प्रकाशन जस्ता आन्तरिक तयारी आदि विविध कार्यहरू जेष्ठ १५ देखि श्रावण १ गते सम्म को ४५ दिन भित्र गर्न सकिन्छ। कतिपय कार्यहरू आउदो आर्थिक वर्षको भएकोले सो अवधिमा गर्न कानुनले मिल्दैन। आर्थिक वर्ष शुरु भएपछि ७० दिन भित्र खरिद सम्झ्यौता गर्न सकिन्छ। यस बाहेक अन्य प्रक्रियामा उत्तिकै तीव्रता दिनुपर्दछ।

**प्रक्रियालाई अनुसरणः** खरिद गुरू योजना स्वीकृत भएपनि बजेटको व्यवस्था नभई सो आयोजना वा कार्यक्रमको लागि करार सम्झौता गर्न मिल्दैन। हालसम्म करार सम्झौता भएको ठेक्कापट्टाको करार सम्झौता संकलन गरी यसरी संझौता गर्ने सम्बन्धित पदाधिकारीहरू उपर सो सम्झौतामा आउन सक्ने दावीको रकमको मूल्याङ्कन गरी असूल उपर सम्मको कारवाही गरिनु पर्दछ। सार्वजनिक खरिद ऐनले ठेक्का सम्झ्यौताको म्याद पटक पटक गरि असिमित तरिकाले थप्न पाइने व्यवस्था गरेको छ । यसको सट्टा शुरु कार्य अवधिको ५० प्रतिशतसम्मको अवधि थप्न सकिने व्यवस्था सार्वजनिक खरिद ऐनमा गर्नुपर्दछ।

- **लागत अनुमान मापदण्डः** लागत अनुमान तयार गर्दा यसको मापदण्ड र खर्च गरिने अवधिको लागि लागत अनुमान अद्यावधिक भए नभएको यकिन गर्नुपर्दछ।

- **पेश्कीको व्यवस्थाः** मालसामान, परामर्श सेवा, अन्य सेवा तथा निर्माणसम्बन्धी कार्यको लागि करार सम्झौता रकमको १० प्रतिशत मात्र पेश्की दिने व्यवस्था गर्नुपर्दछ। यस्तो पेश्की निर्माण कार्यको लागि २ चरणमा दिने व्यवस्था गर्नुपर्दछ। निर्माण कार्यको लागि कार्यस्थलमा जनशक्ति परिचालन भएको, निर्माण कार्यको करिब ५ प्रतिशत मालसामान कार्यस्थलमा झारेको, आवश्यक मेशीनहरू कार्यस्थलमा पुगेको र त्यस्तो सबै कुराहरू कार्यस्थलमा रहेको भनी प्राविधिकले प्रमाणित गरेको आधारमा ५ प्रतिशत र कार्यतालिकाबमोजिम काम शुरु गरेको प्रमाणित भएपछि ५ प्रतिशत दिने व्यवस्था गर्नुपर्दछ। यसको लागि बैंक जमानत लिने व्यवस्था गरिनुपर्दछ। मालसामानको सम्बन्धमा करारको पक्ष रहेको आपूर्तिकर्ताको नाममा मात्र प्रतितपत्र खोल्ने व्यवस्था गर्नुपर्दछ। मालसामानको उत्पादक करार सम्झौताको पक्ष रहेकोमा बाहेक निजको नाममा प्रतितपत्र खोल्न नमिल्ने व्यवस्था गर्नुपर्दछ। परामर्शदाताहरूले कार्यस्थलमा जनशक्ति परिचालन गरी काम शुरु गरेपछि मात्र पेश्की दिने व्यवस्था गर्नुपर्दछ।

- **बिमाको व्यवस्थाः** लागत अनुमानमा बिमा कम्पनीहरूको सम्भाव्य प्रिमियमलाई आधार मानेपनि करार सम्झौताको बिल अफ क्वान्टीटीमा बोलपत्रदाता वा प्रस्तावदाताले पेश गरेको सबै कामको -निर्माण कार्य,

तेश्रो पक्ष, मालसामान, कर्मचारी आदिको लागि यथार्थ प्रिमियमको रकम मात्र प्रस्ताव गर्ने र सोअनुसार भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ। करार सम्झौताको समयमा यस्तो रकम यकिन हुने व्यवस्था हुनुपर्दछ।

- **प्याकेजसम्बन्धी व्यवस्था:** खरिद आवश्यकता संकलन भएपछि लागत अनुमानको रकमको आधारमा बोलपत्र गर्ने सो नभए मात्र दरभाउपत्र र त्यसपछि सोझै खरिदको कार्य गर्ने गरी व्यवस्था गर्नुपर्दछ। एकल रूपमा सम्पन्न हुने कामहरू एउटै प्याकेजमा काम सम्पन्न हुने गरी बोलपत्र गर्ने व्यवस्था गर्नुपर्दछ। एकै स्थान र प्रविधिको अविच्छिन्नताको स्थिति तथा कामको समन्वय हुनुपर्ने वा अन्य अपरिहार्य कारणको प्राविधिक पुष्टी प्रमाणित नभएसम्म छुट्टै प्याकेजलाई एकत्रित गरी एउटा प्याकेज बनाई बोलपत्र आव्हान गर्न र करार गर्न नसकिने व्यवस्था गर्नुपर्दछ।

- **सोझै खरिदः** कुनै पनि खरिद विधि निर्धारण गर्दा पारदर्शी हुने किसिमले गर्नुपर्दछ। सोझै खरिद गर्दा एउटा मात्र प्रस्ताव भए हुने तर लागत अनुमान भित्र परेको हुनुपर्ने व्यवस्था गर्नुपर्ने र सोझै खरिद गर्दा एउटै प्रदायकबाट कम्तिमा ७ दिनको म्याद दिई लिखित दरभाउ माग गर्ने र वार्ता गरेर सम्झौता गर्ने व्यवस्था हुनुपर्दछ। यस्तै, सोझै खरिद गर्ने रकमको सीमा भित्र जतिपटक पनि खरिद गर्न सकिने व्यवस्था गर्नु पर्दछ।


- **सार्वजनिक खरिद प्रणाली तथा बोलपत्र/प्रस्ताव मूल्याङ्कन निर्देशिकाः** सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद प्रणालीको चरणहरू र कार्यप्रकृयाको मार्गदर्शन तयार गरी अविलम्ब मन्त्रिपरिषदबाट स्वीकृत गराई निर्देशिका जारी गर्नुपर्दछ। त्यस्तै, बोलपत्र वा प्रस्ताव मूल्याङ्कनको मार्गदर्शन पनि मन्त्रिपरिषदबाट स्वीकृत गराई सार्वजनिक निकायहरूको लागि मार्गदर्शन हुने व्यवस्था हुनु पर्दछ। सो प्रणाली र मार्गदर्शनअनुसार सबै नियामक निकायहरूले निगरानी गर्ने वा मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

- **करार सम्झौता प्रशासनः** प्रत्येक आयोजना प्रमुख/करार प्रशासकसँग श्रावण महिनाभित्र कार्यसम्पादन करार गरी वार्षिक खरिद योजना र कार्यान्वयन योजना अनुसार प्रतिफलको लागि जिम्मेवार तुल्याउनु पर्दछ।

- **काठमाडौं उपत्यकामा खरिदको नयाँ व्यवस्थाः** काठमाडौं उपत्यकामा सार्वजनिक खरिद अनुगमन कार्यालयले सम्बन्धित आर्थिक वर्षका लागि संरचनात्मक करारको माध्यमबाट प्रत्येक वर्ष मसलन्द, कम्प्युटर, ल्यापटप, यूपिएस तथा सवारी साधन लगायत प्रायः जसो खरिद हुने मालसामानको सूची बनाई सम्बन्धि स्थानका कार्यालयहरूलाई पायक पर्ने र प्रतिस्पर्धी मूल्यमा आपूर्ति गर्न कबूल गर्ने आपूर्तिकर्ताहरूको स्थानको आधारमा उपत्यका भरी प्रत्येक प्याकेजको लागि अनुमतिपत्र समेतको आधारमा एउटै मूल्य हुने गरी १० देखि १५ स्थानमा आपूर्तिकर्ताको सूचीकृत गर्ने व्यवस्था गर्नुपर्दछ।

छनौट भएका आपूर्तिकर्ताहरूको सूचीकृत मूल्यमा काठमाडौं उपत्यकाभरिका सबै कार्यालयहरूले संरचनात्मक करार सम्झौता गरी खरिद गर्ने व्यवस्था गर्नुपर्दछ। सूचीकृत मूल्यको आधारमा एक मूल्य कायम गरी सो मूल्यमा सम्बन्धित कार्यालयले करार सम्झौता गरी खरिद गर्ने व्यवस्था गर्नु आवश्यक छ। सो व्यवस्थाको प्रभावकारिताको आधारमा मूल्याङ्कन गरी क्रमशः काठमडौं बाहिर पनि लागू गर्न उपयुक्त हुनेछ। यसको लागि सार्वजनिक खरिद नियमावलीमा संशोधन हुनु आवश्यक छ।

**चित्र १७. नयाँ परियोजनाको लागि सार्वजनिक खरिदको सपूर्ण प्रक्रियाहरू**




○ **सार्वजनिक खरिदमा प्रतिस्पर्धात्मक विधिः** नेपाल सरकार भ्रष्टाचार विरुद्धको महासन्धिका हस्ताक्षर गर्ने पक्ष राष्ट्रको रूपमा उभिएको छ। यसको पक्ष भएकोले संयुक्त राष्टसंघीय अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी कानून आयोगको नमूना कानूनमा आधारित भई सरकारले छुट्टै सार्वजनिक खरिद ऐन तर्जुमा गर्नुपर्ने अवस्था उत्पन्न भयो। सो अनुसार वि.सं. २०६३ मा नेपाल सरकारले सार्वजनिक खरिद ऐनको तर्जुमा गरी लागू गर्नुपर्ने अवस्था सिर्जना भयो। सो ऐनले खरिद कार्यमा मुख्यतः पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धी खरिद विधि अपनाई सार्वजनिक खरिद कार्यमा सुशासन कायम गर्ने उद्देश्य राखिएको छ। त्यसैले प्रतिस्पर्धात्मक विधि यस ऐनको मुख्य प्रावधान हो। प्रस्तुत व्यवस्था भएपनि विगत केही वर्षहरुमा सार्वजनिक निर्माण कार्यमा प्रतिस्पर्धा विना आयोजना निर्माणको जिम्मा दिने गरिएको छ। यस्तो कार्य रोकिनु पर्ने देखिन्छ।

- **सार्वजनिक खरिद नीतिः** सार्वजनिक खरिदको लागि एक छुट्टै कानूनको रूपमा सार्वजनिक खरिद ऐन, २०६३ लागू भएको एक दशक भन्दा बढी भएको हुँदा हालसम्म सो कानूनको प्रभावकारिता, उपयोग र प्रभावको साथै सरकारको भूमिका वा व्यवस्थापनको क्षेत्रमा अन्य क्षेत्रको सबलता र

प्रभावकारिता समेतको मूल्याङ्कन गरी संघीयताको सन्दर्भमा संघ प्रदेश र स्थानीय तहको समेत कार्यविभाजन र शक्ति संरचनाको प्रभावकारिता विचार गरी सार्वजनिक खरिदसम्बन्धी नीति तर्जुमा गर्नु आवश्यक देखिन्छ। सबै प्रकारको सरकारको लागि सार्वजनिक खरिद प्रक्रिया, विधि र व्यवस्थापन तय गर्नको लागि यस्तो नीति आवश्यक छ। साथै अन्तर्राष्ट्रिय प्रतिवद्धता र अभ्यास, सुशासनको पक्ष तथा वर्तमान अवस्था मूल्याङ्कन तथा आँकलन गरी सार्वजनिक खरिद कानूनमा समेत सामयिक आवश्यक सुधार गरिनु आवश्यक देखिन्छ ।

- **खरिद अनुमान कार्यबाट मागदर्शन र व्याख्याः** सार्वजनिक खरिदको विषयमा सार्वजनिक खरिद कानूनको मर्म र भावनाअनुसार खरिद कार्यमा पूर्वानुमानयोग्य बनाउन र प्रकृया तथा प्रणालीमा सहजता र व्यवसायिकता कायम गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गर्ने प्राविधिक मार्गदर्शन र व्याख्या अन्तिम हुने गरी सार्वजनिक खरिद ऐनमा संशोधन हुन आवश्यक छ ।

- **सार्वजनिक खरिदका लागि विशेषज्ञता आवश्यकः** सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदसम्बन्धी विज्ञहरूको समूह परामर्शदाताको रूपमा निरन्तर संलग्न रहने (Retention) गरी न्यूनतम मासिक पारिश्रमिक र खास कार्य घण्टाको आधारमा प्रति घण्टा वा दिनको आधारमा पारिश्रमिक दिने गरी परामर्शदाता वा विज्ञ समूह काममा लगाउने व्यवस्था गर्नु आवश्यक छ। सार्वजनिक खरिद प्रक्रिया पुऱ्याउन निकै समय लाग्ने र सीपयुक्त, दक्षतापूर्ण कार्य हो। यसका लागि सम्पूर्ण प्रक्रिया, ब्यबहारिक ज्ञानको आवश्यकता पर्दछ। करार व्यवस्थापक वा समन्वयकर्ता नियुक्ती गर्दा निजले वित्तीय व्यवस्थापन खर्च कार्यविधि तथा करार प्रशासन र खरिद व्यवस्थापनसम्बन्धी कम्तिमा ६ दिनको तालिम लिएपछि मात्र पदस्थापन हुने व्यवस्था गर्नुपर्दछ। निजसँग कार्यसम्पादन करार गरी करार सम्झौतामा उल्लेखित कार्यतालिका र सो तालिका भित्रको कार्य प्रवाहअनुसार कार्यसम्पादन हुने गरी व्यवस्था गर्नु पर्दछ। एक प्याकेजको लागि सबै कार्यहरूमा कुन पदाधिकारीहरूले कुन कामको लागि जिम्मेवारी भनी तोकेरै कार्यविभाजन र जिम्मेवारी बाँडफाँड गर्ने र सो आयोजना वा कार्यक्रम शुरु गर्दा कै अवस्थामा हुने व्यवस्था गर्नुपर्दछ। परिमाण, गुणस्तर र जोखिम समेतको अवस्थामा निजहरूलाई सो कामको लागि जिम्मेवार र जवाफदेही हुने व्यवस्था गर्नुपर्दछ।

## ६.३१.१.३ सार्वजनिक वित्तीय व्यवस्थापन

सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा निम्न सुधार गर्नुपर्दछः

**आन्तरिक नियन्त्रण प्रणालीः**

- तीनै तहको सरकारको सम्पूर्ण कार्यालयहरूमा कामको प्रकृति र हरेक पदाधिकारीले प्रणालीको आधारमा भूमिका खेल्ने कार्य र जोखिमको विवरण तयार गरी सो कार्यप्रणालीको लागि आन्तरिक नियन्त्रण प्रणाली

लागू गर्नुपर्दछ। यसबाट वित्तीय जोखिम कम हुन जान्छ। कारोवार सञ्चालनको विश्वसनियता आँकलनको आधारमा लेखापरीक्षणको कार्य पनि सरल र सहज हुन्छ।

- खर्चको वास्तविक लागत निर्धारण गर्न र समग्र वस्तुस्थिति यकिन गर्नको लागि हालको नगदमा आधारित लेखा प्रणालीलाई प्रोदभावी लेखा प्रणालीमा रूपान्तरण गर्नुपर्दछ। सो प्रणाली ३ वर्षमा लागू गर्ने गरी कार्ययोजना बनाइनु पर्दछ।

- लेखा प्रणालीको उत्पादनहरू सूचना हुने गरी महालेखा नियन्त्रक कार्यालयले सरकारी लेखा प्रणाली सुधार रणनीति तयार गरी कार्यान्वयन गर्नु पर्दछ। संघ, प्रदेश र स्थानीय तहमा संरचनाको आधारमा यस्तो रणनीतिक योजना ५ वर्षका लागि तयार गरी लागू गर्नु आवश्यक छ।

- आर्थिक कारोवार हुना साथै खातासूची र क्षेत्रगत आधार (जस्तैः निर्माण, शिक्षा तथा स्वास्थ्य, कृषि, पर्यटन आदि) मा बजेट र कार्यक्रमको क्रियाकलापहरू समेत अभिलेख र प्रतिवेदन उत्पादन हुने गरी व्यवस्थापकीय लेखाङ्कनको आधार तयार गर्नुपर्दछ।

- एकल खाता प्रणालीबाट भुक्तानी आदेशको माध्यमबाट नै खर्चको वर्गीकरणको आधारमा लेखा तयार हुने र सम्पति र दायित्वको लेखाङ्कन गर्ने सूचना प्रणाली विकास स्वःचालित रूपमा लेखाङ्कन प्रतिवेदन हुने गरी प्रणाली विकास गर्नुपर्दछ।

- लेखा प्रणालीमा केन्द्रीय र कार्य सञ्चालनस्तरको व्यवस्थालाई व्यवहारमा लागू गर्नुपर्दछ। विशेष गरी केन्द्रीय लेखाको मन्त्रालयस्तरमा राख्ने कार्य अनिवार्य गरिनुपर्दछ। समग्रताको बजेट लेखा प्रणाली पूरकको रूपमा विकास गरी लागू गर्नुपर्दछ।

- बजेटको माध्यमबाट खडा हुने विभिन्न कोष वा सार्वजनिक क्षेत्रमा सरकारी कार्यालयको मातहतमा सञ्चालन हुने कोषको लेखा व्यवस्थित गर्न सरकारको एकीकृत कोष प्रणालीमा समावेश हुने गरी सरकारी कोष लेखा प्रणाली लागू गर्नुपर्दछ।

- सरकारले कुनैपनि करार सम्झौता गरेपछि अभिलेख गर्न र बजेट तर्जुमामा समेत उपयोग हुने गरी प्रतिवद्धता लेखा प्रणाली लागू गर्नु पर्दछ। एकल खाता कोष प्रणालीको भुक्तानी आदेशको प्रकृया मार्फत खर्च गर्ने निकायले सम्झौता हुनासाथ प्रमाणसहित अभिलेख हुने व्यवस्था गर्नुपर्दछ।

- कम्प्यूटरीकृत सरकारी लेखा प्रणाली (Computerised Government Accounting System(CGAS) लाई अद्यावधिक गरी सबै सरकारी कार्यालयहरू (संघ, प्रदेश र स्थानीय तह) मा पूर्णरूपमा लागू गर्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयन योजना तयार गरी तुरून्त लागू गर्नुपर्दछ।

- लेखा प्रणालीलाई सूचना प्रविधि मैत्री (Digitisation) गरी खातासूचीअनुसार खर्च र राजस्व, कार्यक्रम वा आयोजनाको क्रियाकलापको आधारमा भौतिक र वित्तीय सूचनाहरू नियमित उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ। यस्तो कार्य एकल खाता कोषमा प्रयोग हुने भुक्तानी आदेशमा विवरण थप गरी सबै सूचनाको आधारमा डाटावेश तयार गरी गर्न सकिने हुँदा सो कोषको निर्देशिकामा संशोधन गरी गर्नुपर्दछ।

- आयोजना लेखासम्बन्धी लेखा ढाँचा र मार्गदर्शन तयार गरी आयोजनामा काम गर्ने कर्मचारीहरूलाई नियमित प्रशिक्षण दिने व्यवस्था गर्नुपर्दछ। आयोजना प्रमुखहरूलाई समेत यस्तो लेखाको तालिम दिनु आवश्यक छ।

- संघीयता लागू भइसकेको अवस्थामा सबै सरकारको आर्थिक कारोवारको अभिलेख गर्ने आधारको रूपमा रहेको लेखा ढाँचा अविलम्ब लागू गर्नु पर्दछ। यस कार्यले लेखापरीक्षणको लागि परीक्षणको विषयवस्तु र परिमाणका साथै अवस्थाको आधार तयार गर्दछ। मलेनिकाले तीनै तहको सरकारको लागि त्यस्तो ढाँचा तयार गरी महालेखा परीक्षकबाट स्वीकृत गराई लागू गर्नुपर्दछ।

- सम्पूर्ण बजेट तयारी र स्वीकृति, निकासा, बजेट कार्यान्वयन, खर्च, लेखाङ्कन, प्रतिवेदन, सञ्चित कोषको व्यवस्था सम्बन्धी सम्पूर्ण कारोवारको छुट्टाछुट्टै सफ्टवेयर तयार गरी संघ, प्रदेश र स्थानीय तहमा अवलम्बनमा ल्याउनु पर्छ। यसक्रममा महालेखा नियन्त्रक कार्यालय अन्तर्गत सूचना प्रविधि एकाई (Cell) को स्थापना गरी सबै सम्बन्धित निकायहरू (अर्थ मन्त्रालय, कार्यकारी निकायको बजेट र खर्च ईकाई) सँग समन्वय गरी वित्तीय प्रतिवेदन तयार गर्ने र सार्वजनिकरण गर्ने प्रणाली प्रभावकारी रूपमा लागू गरिनु पर्छ। यस प्रणालीले खर्चको व्यवस्थापन, अनुगमन र मूल्याङ्कन तथा बजेटसँगको तादाम्यता एवं समग्र वित्तीय अनुशासन सुदृढ गर्ने कार्यमा सघाउ पुऱ्याउँछ। खर्चको गुणस्तर अभिवृद्धि गर्न समेत सघाउ पुऱ्याउने छ।

**आन्तरिक लेखा परीक्षणः**

- बेरुजु सालिन्दा बढ्दै गएको देखिएकोले आन्तरिक लेखा परीक्षण (आलेप) प्रभावकारी बनाउनु पर्ने देखिन्छ। सार्वजनिक खर्चलाई मितव्ययी र पारदर्शी बनाउने गरी अनुशासित र व्यक्ति जिम्मेवारीको परिपाटी सुदृढ गरिनुपर्छ। आन्तरिक लेखा प्रणालीलाई थप व्यवस्थित, थप जिम्मेवारीपूर्ण र आन्तरिक लेखा परीक्षणको प्रतिवेदन वा कार्यको को पारदर्शिता गर्ने गराउने कार्य गर्नुपर्दछ। आन्तरिक लेखा परीक्षण गर्दा वेरुजु प्रतिवेदनमा समावेश नभएको तर अन्तिम लेखापरीक्षणले वेरुजु कायम गरेमा उक्त आन्तरिक लेखा परीक्षण गर्ने कर्मचारी तथा अधिकारीहरूले पनि सजायँको भागी हुने व्यवस्था गर्नुपर्दछ। हाल चार-चार महिनामा आलेप गर्ने व्यवस्थामा परिवर्तन गरी दुई-दुई महिनामा गर्नुपर्दछ। यसले

आलेपबाट हुन् सक्ने प्रतिकुल असर घटाउने गरी समयमै भुक्तानी दिन र कामलाई तीव्रता दिन सहयोग गर्दछ। आलेपको चरणबद्ध प्रक्रियालाई मार्गदर्शक बनाउनु पर्दछ। हाल स्रोत सुनिस्चितताको नाउँमा देखिएको समस्या आलेप कमजोर भएर पनि देखिएको हो। यदि आलेपले बजेटमा नभएको खर्च भनि प्रश्न उठाएको भय यस्तो समस्या समयमा नै उजागर हुने थियो।

- आलेपको परीक्षणबाट असूल उपर गर्नुपर्ने वेरुजु निस्केमा निजबाट समेत समानुपातिक रूपमा असूल उपर गर्ने व्यवस्था आर्थिक कार्यविधि ऐनमा हुने व्यवस्था गर्नुपर्दछ। नियमित र पेश्की वेरुजुको सम्बन्धमा पनि नियमित नगरेमा विभागीय कारवाही हुने व्यवस्था हुनु आवश्यक छ। संघीयता लागू भैसकेको अवस्थामा सबै सरकारको आर्थिक कारोवारको अभिलेख गर्ने आधारको रूपमा रहेको लेखा ढाँचा अविलम्ब लागू गर्नु पर्दछ। यस कार्यले लेखापरीक्षणको लागि परीक्षणको विषयवस्तु र परिमाणका साथै अवस्थाको आधार तयार गर्नेछ। मलेनिकाले तीनै तहको सरकारको लागि त्यस्तो ढाँचा तयार गरी महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्नुपर्दछ।

- स्थानीय तहमा आलेप अधिकारीहरूको क्षमता अभाव र पेशागत स्वतन्त्रताको अभावको साथै राजनीतिक हस्तक्षेप हुन सक्ने अवस्थालाई मध्यनजर राखी पेशागत स्वतन्त्रता र सक्षमता विकास नभएसम्म कोलेनिकाहरूले आउने ५ वर्षसम्म आलेप गर्ने कार्य प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन र आर्थिक कार्यविधि ऐनमा परिवर्तन गर्नु उपयुक्त हुने देखिन्छ।

- लेखापरीक्षणको प्रभावकारितामा सुधारको लागि यस कार्यको परीक्षण एवं मूल्याङ्कनबाट कायम भएका कैफियत, त्रुटी वा वेरूजुहरूमा सुधार हुने वा दण्डनीय हुने व्यवस्था नभएमा लेखापरीक्षण कार्य एक कानूनी औपचारिकताको रूपमा सीमित हुन्छ। लेखापरीक्षण प्रतिवेदनले एकै प्रकृतिको वेरूजुबारे निरन्तर उल्लेख गर्नुले ठूलो प्रश्न चिन्ह उठ्ने गरेको छ। अतः आर्थिक कारोवारमा संलग्न पदाधिकारीहरूलाई हिनामिना भएको रकम व्याज सहित असूल उपर गर्ने देखि विभागीय कारवाही हुने व्यवस्था गरिनुपर्दछ। कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा वेरूजु वा अनियमिततालाई आधार बनाई बढुवा हुन रोक्का समेत गर्ने व्यवस्था सो ऐनमा गर्नुपर्दछ। रमाना पत्रमा समेत वेरूजु भएको कारोवार रकम र आर्थिक कारोवार गरेको अवधि समेत उल्लेख गरी सो कारोवारमा निजको जिम्मेवारी र उत्तरदायित्व हुने व्यवस्था गर्नु पर्दछ।

सरकारी खर्चको भुक्तानी गर्दा खासगरी तीनवटा शीर्षकमा भएको देखिन्छः उपभोग खर्च, कार्यालय सञ्चालन खर्च र खरिद खर्च। उपभोग खर्च भित्र तलव, भत्ता, औषधि उपचार, आदि पर्दछन्। त्यसैगरी कार्यालय सञ्चालनमा बत्ति बिजुली, कार्यालयमा सञ्चालनमा आवश्यक पर्ने सबै खाले खर्चहरू पर्दछन्। यसको भुक्तानीमा खासै समस्या छैन तर खर्चको मापदण्ड, मानक तयार गर्नुपर्दछ।

अर्को अलि जटिल पक्ष खरिद खर्च हो। यसकोलागी निम्न प्रक्रिया पुरा गर्नुपर्दछ ।

- आलेपको प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित कार्यकारी मन्त्रालयले सो प्रतिवेदन उपर अविलम्ब कारवाही गर्ने परिपाटी लागू गर्नुपर्दछ। अन्तिम परीक्षण हुनु अघि नै लेखा उत्तरदायी अधिकृतले सो वेरूजु जिम्मेवार व्यक्ति मार्फ फछ्र्यौट हुने व्यवस्था मिलाउनु पर्दछ। सो वेरूजु कायम रही रहेमा निज पनि सजायँको भागी हुनुपर्ने व्यवस्था गर्नुपर्दछ।
- आलेपको कार्य प्रभावकारी बनाउन लेखा समूह भित्र आन्तरिक लेखा परीक्षण उप समूह तुरून्त गठन गरी चालु आर्थिक वर्षभित्रदेखि नै सो उपसमूहले आलेप गर्ने व्यवस्था मलेनिकाले गर्नु पर्दछ। सो उपसमूहमा पदस्थापना भएपछि कम्तिमा १० वर्षअन्य उपसमूह वा समूहमा सरूवा नहुने व्यवस्था गर्नुपर्दछ। मलेनिकाले उपसमूह गठन गर्न संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय मार्फ मन्त्रिपरिषदबाट अविलम्ब स्वीकृत गराई २०७५। ७६ भित्र नै सो व्यवस्था गरी आलेप नियमित गराइनु पर्दछ। आलेप अधिकारीको रूपमा काम गरेको १० वर्षपूरा भएपछि मात्र निजले चाहेमा खर्च गर्ने निकायमा जान सक्ने व्यवस्था मलेनिकाले गर्नसक्ने व्यवस्था हुनुपर्दछ।
- आलेपको कार्यक्षेत्र केवल अंकगणितीय शुद्धता मात्रको परीक्षण गर्ने नभई मितव्ययिता, कार्यदक्षता र जवाफदेहीताको साथै जोखिममा आधारित लेखा परीक्षण हुने व्यवस्था गर्नुपर्दछ। हालको परीक्षण प्रणालीले सो कुरा समेटेको नदेखिएको हुँदा उल्लिखित कार्यक्षेत्र समेटी आलेप गर्नु पर्दछ।
- आलेप वेरूजु प्रतिवेदनमा समावेश नभएको तर अन्तिम लेखापरीक्षणले वेरूजु कायम गरेमा आलेप गर्ने कर्मचारी तथा अधिकारीहरूले पनि सजायँको भागी हुने व्यवस्था गर्नुपर्दछ। परीक्षकबाट असूल उपर गर्नुपर्ने वेरूजु निस्केमा निजबाट समेत समानुपातिक रूपमा असूल उपर गर्ने व्यवस्था आर्थिक कार्यविधि ऐनमा हुने व्यवस्था गर्नुपर्दछ। नियमित र पेश्की वेरूजुको सम्बन्धमा पनि नियमित नगरेमा विभागीय कारवाही हुने व्यवस्था हुनु आवश्यक छ।

- अन्तिम लेखा परीक्षणको प्रतिवेदन दिने समय आर्थिक वर्षअन्त भएकाले छिटो प्रतिवेदन दिने व्यवस्था गर्नुपर्दछ। लेखापरीक्षणमा सूचना प्रविधिको उपयोग गरी प्रथम चौमासिक भित्र प्रदिवेदन दिने व्यवस्था गरिएमा लेखा परीक्षण कार्यको प्रभावकारितामा समेत अभिवृद्धि गर्न सघाउ पुग्न जानेछ।

- लेखा परीक्षणको मापदण्डको उपयोग गरी एउटै प्रकृतिको आर्थिक कारोवारमा लेखापरीक्षण गर्ने अधिकारीको आत्म धारणाअनुसार फरक फरक कैफियत वा वेरूजु निस्कने प्रकृयामा सुधार हुनुपर्दछ। कानूनको व्याख्या मनोगत हुने र पेशागत दृष्टिकोणमा पनि विचलन आउने अवस्थालाई लेखापरीक्षण मापदण्ड र कार्यविधिमा निश्चितता विकास गरी कैफियत वा वेरूजु कायम गर्ने कार्य प्रक्षेपण गर्न सकिने बनाउनु आवश्यक छ।

- सरकारले वित्तीय जवाफदेहीताको पालना गरे नगरेको मूल्याँकन गरी दण्डनीय वा फरफारक गर्ने प्रणाली प्रभावकारी बनाउन संसदको सार्वजनिक लेखा समिति (आलेप) ले सम्बन्धित कैफियत वा वेरूजुको प्रकृतिको आधारमा निर्णय लिने र निर्णय कार्यान्वयन हुने व्यवस्था गरिनुपर्दछ। जनताको स्वामित्वबोधका साथ आर्थिक कारोवारको विचलन र पदाधिकारीहरूको कानूनी तथा पेशागत नैतिकताको पालनाको लेखा जोखा समेत सो समितिले गर्नु आवश्यक छ। सैद्धान्तिक, असूल, नियमित वा पेश्की वेरूजुसम्बन्धी मामिलाको वस्तुगत विश्लेषणको आधारमा निर्णय लिई उपयुक्त निकास दिनुपर्दछ। आर्थिक कारेवार कार्यान्वयन नहुँदै अध्ययन अनुसन्धान गर्ने अभ्यास बन्द गरी मलेपको प्रतिवेदनमा उठेका कैफियतहरू उपर आलेप केन्द्रित रहनु आवश्यक छ।

- लेखापरीक्षणको क्षेत्रमा कम्प्युटरको सहयोगमा लेखापरीक्षण गर्ने पद्धति क्रमशः लागू गर्नु आवश्यक छ। महालेखा नियन्त्रक कार्यालय र मलेप कार्यालयले समन्वय गरी यस्तो कम्प्युटरमा आधारित लेखापरीक्षण प्रणाली क्रमशः लागू गर्नु पर्दछ।

- विशेष व्यवस्थाः संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा प्रदेश तथा स्थानीय तहको स्थापना गर्दा कार्यकारी मन्त्रालय वा केन्द्रीय निकाय मातहतका क्षेत्रीय, डिभिजन तथा जिल्लास्तरीय कार्यालयको कार्यहरू हस्तान्तरण हुँदा साविक कार्यालयहरूको जिन्सी मालसामान, सवारी साधन, भवन, जग्गा आदि पनि हस्तान्तरण भएका वा केन्द्रीय निकायहरू (सम्बन्धित विभाग वा मन्त्रालयहरू) मा स्थानान्तरण भएको देखिन्छ। अतः हालसम्म यसरी हस्तान्तरण वा स्थानान्तरण भएका सबै सम्पतिहरूको अभिलेख,उपयोगको अवस्था र स्थिति यकिन गरी लिलाम बिक्री वा उपयोग गर्न सकिने अवस्थामा भए सो समेतको समग्र स्थिति प्रतिवेदन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संघीयता हेर्ने सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय,महालेखा नियन्त्रक कार्यालय,गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहभागिता रहने गरी एक संघीयता पश्चात सम्पति **व्यवस्थापन कार्यदल गठन** गर्नु आवश्यक छ। सो कार्यदलले जिम्मेवारी सरेको निकायगत विवरण, हस्तान्तरण भएको सम्पतिको प्रकार,

संख्या, मूल्य, अवधि खुल्ने भए अवधि आदिको विवरण लगायत हाल उपयोगको अवस्था र हालको मूल्याङ्कन स्थिति समेत अध्ययन गरी संघीयता पश्चातको हस्तान्तरित सम्पतिको एकीकृत प्रतिवेदन तयार गर्ने व्यवस्था गर्नु आवश्यक छ। सो प्रतिवेदनको आधारमा जिम्मेवार निकायले लिलाम बिक्री वा मर्मत गरी सम्पतिको उचित संरक्षण र रेखदेखको व्यवस्था गर्नुपर्दछ।

## ६.३१.१.४ निजीक्षेत्र, सहकारी र उपभोक्ता समितिको दक्षता र क्षमता

पूर्वाधार विकासको अवश्यकता र देशभित्रका निर्माण व्यवसायीको उपकरणमा लगानी बिच सन्तुलन मिल्न सकेको छैन। आवश्यक मात्रामा उपकरणहरू छैनन्। परियोजनाहरू समयमा कार्यान्वयन नहुने कारण समेतले गर्दा निर्माण व्यवसायीहरूको व्यवसायिक क्षमता विकासमा समस्या देखिएको छ। यो समेतका कारण ठूला उपकरणहरूमा उनीहरूको लगानी आकर्षण रहेको देखिँदैन। अर्को तर्फ निर्माण व्यवसायीहरू आफ्ना क्षमताभन्दा बढी परियोजनाहरू लिएर बस्ने प्रकृति हावि छ। यसले गर्दा समयमा कार्य सम्पन्न हुन नसकेको स्थिति छ। यसैले आवश्यकता र उपलब्धता बिचको खाडललाई पुर्न सरकारी -निजी- सहभागितामा नयाँ संस्थाहरूको स्थापना गरी सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ। यसले निजीक्षेत्रको क्षमता विकासमा मद्दत पुग्नेछ।

निर्माणको कामलाई भरपर्दो, प्रतिस्पर्धी बनाउन एक निर्माण कम्पनीको स्थापना गर्न आवश्यक देखिन्छ। यसको अन्तर्गत रहने गरी निजीक्षेत्रको संलग्नतामा एक लिजिङ कम्पनी समेत स्थापना गर्न उपयुक्त हुनेछ। त्यस्तै, परामर्श सेवालाई व्यवस्थित र गुणस्तरीय बनाउन एक इन्जिनियरिङ कन्सल्टेन्सी संस्था समेत स्थापना गर्न आवश्यक हुने देखिन्छ।

निर्माण व्यवसायको लागि एक ठूलो उद्योगको रूपमा विकास गर्नु र त्यसमा निर्माण व्यवसायी बिच, प्राविधिक र व्यवसायीक क्षमता विकासमा सरकारले थप पहल गर्न आवश्यक छ। निर्माण क्षमता विना विकास र सम्मृद्धि सम्भव नहुने भएकाले पनि यस उद्योगको विकासमा आवश्यक ध्यान दिन जरूरी छ। त्यस्तै, प्रदेश र स्थानीय तहमा समेत एकसाथ निर्माण व्यवसाय फस्टाउने गरी नीतिगत र अन्य उत्प्रेरक कार्यक्रमहरू आदि बढाउन आवश्यक छ। परियोजनाको प्रकृति हेरी सार्वजनिक निर्माण साझेदारी, सहकारी तथा उपभोक्ता सहितको सहभागितामा निर्माण व्यवसायलाई प्रोत्साहित र व्यवस्थित गर्न आवश्यक छ।

ठूला ठूला पूर्वाधार विकास विशेष गरी राजमार्ग वा ठूला ठूला सडक, पुल, विद्युत, भवन आदि जस्को व्यवसायिक मूल्य यकिन गर्न सकिन्छ त्यस्तो पूर्वाधारको लागि सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्यान्वयनलाई प्राथमिकतामा राखी वार्षिक बजेट बनाउँदा सोको आवश्यक पूर्वशर्तका कार्यहरूको लागि मात्र बजेट छुट्याई बाँकी पूर्वाधार अन्य प्रतिस्पर्धात्मक विधिबाट गर्ने व्यवस्था गर्नु उपयुक्त

हुनेछ। यस्तो साझेदारीको सम्भव्यताको आधारमा निर्माण स्वामित्व सञ्चालन र हस्तान्तरण, डिजाईन निर्माण र सञ्चालन वा अन्य त्यस्तै, माध्यमहरू पहिचान गरी उपयुक्त माध्यम उपयोग गरिनु पर्दछ ।

आर्थिक विकासको क्षेत्र भित्र पर्ने कृषि, पशु, वन, घरेलु र साना उद्योग, पर्यटन आदिको कार्य कार्यक्रम वा बजेटको कार्य हुनासाथ पहिलो प्राथमिकता लाभग्राही वर्गको संस्था वा उत्पादन र उपभोग सहकारी संस्थाहरूको माध्यमबाट गर्ने नीति लिनुपर्दछ । निजीक्षेत्रलाई पनि प्रोत्साहन गरी पशुपालन, करार खेती हुने स्थान, बाली र विशेषज्ञताको आधारमा संलग्न गराउने नीति लिनु आवश्यक छ। लाभग्राही वा सहकारी संस्थाहरू तथा निजी क्षेत्रको उपयोगको स्थिति भएपनि सरकारको भूमिका अनुदानको बजेट व्यवस्था गरी पुर्वाधार तयार गर्न, बिउ पुँजीको व्यवस्था गर्न, प्राविधिक सहयोग, संस्थागत सञ्चालन तालिम र व्यवसायिक पक्षसमेतको सचेतना विकासको लागि बजेट व्यवस्था गर्नुपर्दछ इक्वीटी सहभागिता समेत हुने गरी ठूला ठूला व्यवसायिक पशुपालन तथा कृषि उद्योग र फार्म (बृहत नागरिकको संलग्नता हुने गरी) लाभग्राही, सहकारी संस्था वा गैरसरकारी संस्थाहरूलाई प्रोत्साहन गर्नु आवश्यक छ।

## ६.३१.१.५ कार्यान्वयन प्रभावकारी बनाउने वातावरण

विगतका राजनैतिक अस्थिरताको कारणले बजेट तर्जुमादेखि कार्यान्वयनसम्म धेरै विसँगति बढेका थीए। बजेट कार्यान्वयनको आफनै प्रणाली छ, कानून छ, मापदण्ड छ, लामो अभ्यास छ। तर पनि कार्यान्वयनको समस्या प्रणालीगत रूपमै दुस्चक्रमा फसेकोले उक्त चक्रलाई टुटाइनु पर्छ। यसबाट मात्र कार्यान्वयन प्रभावकारी हुन सक्छ। यसका लागि काम गर्ने शैली र पद्धतिमा परिवर्तन आवश्यक छ। संयन्त्रमा परिवर्तन आवश्यक छ। कानूनी प्रावधान, सीप, बोध र दक्षताले व्यवहार, अभ्यास र चिन्तनमा परिवर्तन ल्याउदँछ। त्यसैले प्रणालीगत सुधारका लागि पद्धति, संस्थागत संरचना, कानूनी प्रावधान, मापदण्ड, दक्षता अभिवृद्धि आदि क्षेत्रमा सामयिक सुधार आवश्यक छ।

आयोजना अनुगमन र मूल्याङ्कनको कार्य आयोजना कार्यालय, मन्त्रालय स्तर, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री कार्यालयले गर्ने प्रणाली प्रभावकारी बनाउनु पर्दछ। आयोजना स्तरको लागि आयोजना वा कार्यक्रम प्रमुखले कार्यान्वयन योजना र वार्षिक खरिद योजना तथा उपलब्धी सूचकको मासिक भौतिक र वित्तीय प्रगति समीक्षाको प्रतिवेदन सम्बन्धित विभाग र मन्त्रालयमा पठाउने, मातहतका आयोजना वा कार्यक्रमको प्रतिवेदनको आधारमा मन्त्रालय स्तरमा सचिवले प्रत्येक महिना र मन्त्रीले प्रत्येक २।२ महिना र प्रधानमन्त्री स्तरमा राष्ट्रिय योजना आयोगको समन्वय र पहलमा प्रत्येक ४ महिनामा अनुगमन र मूल्याङ्कन गरी सोको आधारमा कार्यान्वयन प्रणाली प्रभावकारी बनाउनु पर्दछ। यसको लागि मध्यकालीन नतिजा सम्पादन संरचनाको विकास गरी लागू गर्नुपर्छ।

राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, सार्वजनिक लेखा समिति, अख्तियार दूरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालयले नियमितरूपमा अनुगमन र मूल्याङ्कन गर्ने निकायहरू बाहेक ओभरसाइटको रूपमा कार्य गरिरहेका छन्। कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनेतर्फ ओभरसाइट निकायको भूमिकालाई थप स्पष्ट पार्नपर्ने र कतिपय सुझावहरू लागु गर्ने तर्फ ठोस व्यवस्था गर्नुपर्ने देखिन्छ। प्रस्तावित सतर्कता केन्द्र र सार्वजनिक खरिदको नयाँ संरचनालाई प्रशासनिक र अन्य ढिला सुस्ति गरी जिम्मेवारीबाट पन्छिने प्रवृत्ति रोक्ने तथा प्राविधिक लेखाको कामलाई व्यापक र प्रभावकारी बनाई ठेक्कापट्टाको प्रकृयादेखि निर्माणकार्यमा हुने ढीला सुस्ति तथा अन्य वेथिति रोक्ने कार्यमा दक्ष र जिम्मेवार बनाइनु पर्दछ। महालेखापरीक्षकको कार्यालयबाट किटान गरिएका बेरुजु र अनियमितता नियन्त्रण गर्न सार्वजनिक लेखा समितिले विशेष पहल गर्दै सरकारका सम्बन्धित निकायहरू जिम्मेवार र जवाफदेही हुने परिपाटी सुदृढ गरिनुपर्दछ। त्यसैगरी संसदको अर्थ समिति लगायत अन्य समितिहरूले निति नियमको परिपालना तथा आयोजना/कार्यक्रमलाई प्रभावकारी बनाउनेतर्फ थप सशक्त भूमिका खेल्न सक्दछन्।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ठेक्कापट्टा र अन्य ठाउँमा हुने गरेका अख्तियार दुरूपयोगहरूको छानविनले आयोजना परियोजनामा हुने विभिन्न वेथिति वा भ्रष्टाचार रोक्न मद्दत पुग्छ। तर यसले अनुसन्धान र छानविन गर्दा लामो समय लाग्ने वा कतिपय सन्दर्भमा तथ्यगत आधार भन्दा उजुरीका आधारमा छानविन शुरु गरि हाल्दा परियोजना निर्माणमा ढिलाई हुने वा निर्माण कार्य नै बन्द भई ठूलो नोक्सानी उठाउनु पर्ने देखिएको छ। त्यसैले अनुसन्धानलाई द्रुत गर्दै परियोजना निर्माणमा समेत बाधा नपुग्ने तिर सजगता अपनाउनु पर्ने देखिन्छ। त्यस्तै, न्यायपालिकाबाट विकास निर्माणको कार्यमा सघाउ पुऱ्याउन क्षमता विकासको कार्य गर्नुका साथै सम्बन्धित अदातलमा छुट्टै वाणिज्य इजलास मार्फत् शीघ्र निर्णय हुने व्यवस्था गर्न आवश्यक छ।

**वैदेशिक सहायताको प्रभावकारितामा अभिवृद्धि**

विदेशी सहायता नीति र संस्थागत व्यवस्थामा सुधारसहित भुक्तानी र लेखा तथा जवाफदेहीताका क्षेत्रमा व्यापक परिवर्तनबाट मात्र वैदेशिक सहायताको प्रभावकारिता बढाउन सकिनेछ। यसबाट समग्र बजेट, खर्च र व्यवस्थापन प्रणालीमा प्रभावकारिता बढाउन योगदान पुग्नेछ। सहायता नीतिमा सुधार गर्दा विदेशी सहायता माथिको निर्भरता निश्चित अवधिमा शून्यमा झार्ने उद्देश्यबाट निर्देशित हुन जरूरी छ । उत्पादन र उत्पादकत्व बृद्धि, भौतिक र मानवीय पूजी निर्माण तथा दिगोपनालाई आधार बनाई मुलुकलाई क्रमशः आत्मनिर्भर बनाउन योगदान गर्ने आयोजनाहरूमा विदेशी सहायता लिइनु पर्दछ। सो अनुरूप न्युन लागत वा लागत कम गर्ने, स्वदेशमा उपलब्ध नभए मात्र महङ्गो विदेशी विशेषज्ञ सेवा लिने, नविन प्रविधि भित्र्याउने तथा सो सम्बन्धी ज्ञान र सिप हस्तान्तरण गर्ने तथा वातावरणमैत्री

लगातका रणनीतिक महत्त्वका आयोजनामा विदेशी सहायता लिने नीति लिन आवश्यक छ । सो क्रममा निजी क्षेत्रको लगानी प्रबर्द्धन हुने तथा लगानी अनुकुल वातावरण सिर्जना गर्न मद्दत पुग्ने सहयोगलाई विशेष प्राथमिकतामा राख्न जरूरी छ। परियोजना बैंक मार्फत उपयुक्त भनि सिफारिस गरिएका परियोजनाहरूमा मात्र विदेशी सहायता परिचालन गर्ने नीति लिनुपर्दछ। नीतिको उलंघन नहुने गरी नियमनको व्यवस्था कडा पार्न जरूरी छ ।

मूल रूपमा हाम्रा आफ्ना आन्तरिक प्रकृया, प्राथिमकता, कानुनी, बजेटरी र खर्चसम्बन्धी व्यवस्था अनुरूप विदेशी सहायता लिने र उपयोग गर्ने नीति लिन कडाइका साथ लागु गरिनुपर्दछ। यीसँग समन्धित कतिपय सुझावहरू माथि पनि दिइ सकिएको छ । विकास सहायता परिचालन गर्दा एकल र सानो परियोजनामा नभई क्षेत्रगत अवधारणा अनुरूप जानु उपयुक्त हुने देखिन्छ। यसरी विकास साझेदारहरूले बजेट प्रणालीभित्रबाट सहायता परिचालन गर्ने व्यवस्था अनिवार्य गरिनुपर्दछ।

मुलुक संघीयतामा गएकोले विकास सहायता नीति २०७१ मा सुधार गरी संघीय व्यवस्था अनुरूप विकास सहायता परिचालनको व्यवस्था गरिनुपर्दछ। स्थानीय र प्रदेश दुबै तहले विकास सहायता परिचालन गर्ने दिशामा केन्द्रबाट सहजीकरण हुने गरी नीतिगत व्यवस्था गरिनुपर्दछ। प्रक्रियागत रूपमा प्रदेश र स्थानीय सरकारहरूले सहायता परिचालनको लागि दातृ निकाय के कस्तो परियोजनामा सहयोग गर्न तयार हुन्छन् तथा सामाजिक आर्थिक दृष्टिले प्रस्तावित आयोजनाको सम्भाव्य अवस्था कस्तो छ सो को लेखाजोखा गरि केन्द्रमा सुझाव सहित सिफारिस गर्ने गरी केन्द्रले सहजीकरण गर्ने व्यवस्था गरिनुपर्दछ।

वैदेशिक सहायताको प्रभावकारिताका लागि संस्थागत सुधार अनिवार्य छ। सहायता क्षेत्रसँग सम्बन्धित जनशक्तिको क्षमता विकासमा जोड दिंदै सूचना प्रणालीलाई प्रभावकारी रूपमा उपयोगमा ल्याइनु पर्दछ। सार्वजनिक निकायहरूको लागि प्राप्त हुने द्विपक्षीय र बहुपक्षीय सहायता राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनै पर्ने व्यवस्था कडाइका साथ लागू गरिनु पर्दछ। अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरू मार्फत परिचालन हुने सहायता समाज कल्याण परिषद्मा अनिवार्य रूपमा अभिलेख रहने र निरन्तर अनुगमन हुने व्यवस्था गरिनुपर्दछ।

सहायता सम्झौता गर्नुपूर्व नै राखिएका शर्तहरू र ती शर्तहरूबाट पर्ने असरको यकिन गरेर मात्र सम्झौता गर्ने परिपाटी बसालिनु पर्दछ। त्यस्तै, साधनको अनुमान गर्दा विकास साझेदारको प्रतिवद्धता अनुरूप स्रोत सुनिश्चित हुने सम्भावनाको नियमितरूपमा आंकलन र समीक्षा गर्ने व्यवस्था समेत गरिनुपर्दछ।

वैदेशिक सहायताको अद्यावधिक अभिलेख एकीकृत रूपमा राख्ने परिपाटी बसाल्न आवश्यक छ । परिचालित रकमबाट के-कति उपलब्धि भयो त्यसको नियमित लेखाजोखा गरि लेखापरीक्षण प्रतिवेदन

समयमै प्राप्त गर्ने र लेखापरीक्षणले औंल्याएका अनियमितता र अन्य कमजोरीहरू हटाउने संस्थागत व्यवस्था गर्न जरूरी छ।

सहायता भित्र्याउने क्रमसँगै उल्टो लागत बढ्दा ऋण तथा साँवा व्याज भुक्तानी दायित्व थपिँदै जाने स्थिति हुन्छ। परियोजना र कार्यक्रमलाई अनिवार्य रूपमा नतिजामा आधारित प्रणालीमा ढाल्ने र बजेटमा समावेश गरी नतिजा सम्पादन संरचना अनुरूप अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी लागु गरिनुपर्दछ। यसबाट जिम्मेवारी र जवाफदेहीतामा समेत सुधार हुनेछ।

सार्वजनिक खरीद प्रक्रियालाई प्रभावकारी बनाउन ठेक्कापट्टामा प्रयोग हुने कागजातहरूमा विकास साझेदारहरूको सहभागिता स्तरीय बनाउदै मिलेमतो, दवाव र अनियमितता रोक्ने तर्फ विशेष पहलको खाँचा छ। खर्चको अनुगमन मूल्याङ्कन संयन्त्र र परिपाटीलाई नतिजामूलक बनाउने गरी हालको प्रतिवेदन प्रणालीमा सुधार गर्दै समस्या समाधान समितिको कामलाई थप प्रभावकारी बनाइनु पर्दछ।

नेपाललाई प्राप्त हुने विकास सहायतामा प्राविधिक सहायताको ठूलो हिस्सा छ। यसलाई बजेटको अंग बनाउँदै के कस्तो प्राविधिक सहायता स्वीकार गर्ने भन्ने बारे विकास सहायता नीतिमा स्पष्ट पारिनु आवश्यक छ।

विकास सहायताबाट निर्माण भएका आयोजनाहरू दिगो रूपमा सञ्चालन गर्न आयोजनाको तर्जुमाकै चरणमा मर्मत र सञ्चालनको दिगो व्यवस्था हुनु जरूरी छ। आयोजनाको प्रकृति हेरी केही बर्षको लागि सहायता रकमबाट ब्यहोर्ने र क्रमश: घटाउदै लगी आन्तरिक स्रोतबाट व्यहोर्ने दिगो परिपाटी सुनिश्चित गरी व्यवस्थापन गरिनुपर्दछ। विकास सहायताको आवधिकरूपमा प्रभाव मूल्यांकन गरी नेपालको दीर्घकालीन विकास लक्ष्यअनुरूप विकास सहायता लिने परिपाटी स्थापित गरिनुपर्दछ।

### ६.३१.१.६ मध्यकालीन नतिजा सम्पादन संरचना

मध्यकालीन खर्च संरचना र नतिजा मूलक बजेटलाई संयुक्त रूपमा मध्यकालीन नजिता सम्पादन संरचनाको मध्यमको रूपमा ब्याख्या गर्ने गरिएको छ। धेरै देशहरूमा यि सुधारका उपकरणहरू एकैसाथ उपयोग गरेको पाइन्छ। नतिजामा आधारित बजेट तर्जुमा सार्वजनिक खर्च व्यवस्थापन, उत्पादकत्व अभिवृद्ध र प्रभावकारिता बढाउन ज्यादै उपयोगी रहेको विभिन्न अध्ययन अनुसन्धानले पुष्टि गरिसकेका छन्। बजेट सुधारको यो उपकरणबाट उपलब्धिलाई अधिकतम बनाउन निश्चित प्रक्रिया र शर्तहरू पुरा गरिनुपर्दछ। बजेट व्यवस्थापनमा सुधारका लागि व्यवसायीकताको विकाससँगै निर्णय प्रक्रिया, दक्ष प्रशासन आदि पूर्व शर्तको रूपमा रहेका छन्। उक्त शर्तहरू पूरा गर्न समय लाग्ने हुन्छ। नतिजामूलक बजेट प्रणाली अवलम्बनसंगै नतिजा सम्पादन संरचना लागू गरिएमा मात्र बजेटको कार्यान्वयन दक्षता बढउन सकिनेछ।

मध्यकालीन खर्च संरचनाले मध्यकालीन आखाँले वार्षिक बजेटलाई हेर्दछ र योजना र बजेट बिच सम्बन्ध स्थापित गर्दछ। बजेट स्रोत व्यवस्थापन गर्न, व्यवस्थापनमा सुदृढीकरण गर्न र स्रोत विनियोजनमा दक्षता अभिवृद्ध गर्न विशेष भूमिका खेल्दछ। उपरोक्त सुधारिएको बजेट फ्रेमबाट निर्धारित लक्ष्यमा कति प्राप्ति भयो, कति मात्रामा दक्षता वा प्रभावकारितामा परिवर्तन भयो भन्ने मापनको कार्य मध्यकालीन नतिजा सम्पादन संरचनाले गर्दछ। मध्यकालीन नतिजा सम्पादन संरचनाले गत वर्ष र यस वर्षको प्राप्त नतिजालाई तुलना गर्दछ। विश्लेषण गर्दछ। उपलब्ध स्रोतको विश्लेषण, परियोजना सम्पन्न गर्न लागेको यथार्थ लागत र अनुमानित लागतको पुनरावलोकन गर्दछ। उपलब्ध साधन र स्रोतको अधिनमा रही प्राप्त प्रतिफलको मूल्याङ्कन गर्दछ। नतिजा सम्पादन संरचनाले प्रतिफलमा आधारित बजेटको विस्तार एवं विकासलाई सहयोग गर्ने मात्र होइन आवधिक योजना लक्ष्य प्राप्तिको यथार्थलाई पनि मापन गर्दछ।

मध्यकालीन खर्च संरचना पूर्णरूपमा कार्यान्वयनमा आएपछि नतिजा सम्पादन संरचनाको कार्य प्रारम्भ हुन्छ। स्रोतको यथार्थ परक प्रक्षेपण हुने, उपयुक्त प्राथमिकीकरणसहित विद्यमान बजेट प्रणालीमा यथेष्ट सुधार हुने अवस्था आएमा मात्र अपेक्षित नतिजा प्राप्त हुने सम्भावना रहन्छ। खर्च संरचनाले मुलतः बजेट विनियोजनालाई ध्यान दिन्छ भने नतिजा सम्पादन संरचनाले उक्त खर्च संरचनाको प्रयत्नबाट प्राप्त नतिजाको विश्लेषण गर्दछ।


नतिजा सम्पादन संरचनाले कार्यक्रम र परियोजनाको प्रत्येक चरण जस्तै स्रोतरसाधनको प्रयोग, क्रियाकलापको सम्पादन, प्रतिफलको प्राप्ति एवं प्रभाव आदिको नतिजाको मापन गर्दछ।

**तालिका ६ः नतिजा सम्पादन संरचनाले मापन गर्ने आयामहरू**

| आयाम | विस्तृतिकरण | मापनका केही उदाहरण |
|---|---|---|
| १. मितव्ययी | साधनको प्रयोगमा कति मूल्य तिर्नुपर्‍यो? क्रियाकलपहरू कसरी कुन विधि उपयोग गरी सम्पन्न भए? खरिद प्रक्रिया कसरी भयो? पुँजीगत खर्च र चालु खर्चको अवस्था के छ? समय कति लाग्यो आदि। | • प्रति एकाइ लागत (साधन)<br>• पुँजीगत खर्च र चालु खर्चको अनुमान<br>• अनुमानित लागत र यथार्थ लागतको फरक<br>• अनुमानित समय र सम्पन्न भएको समय आदि। |
| २. दक्षता | कसरी साधनहरू प्रयोग भई उत्पादनमा परिवर्तन भयो, सम्भावित क्षमतामा र त्यसका उपयोग अथवा औजारहरू पूर्ण क्षमता चले चलेनन्? लक्षित प्रतिफल र यथार्थ प्रतिफलको बिचको फरक के हो ? | • क्षमता-उपयोग अनुपात<br>• लक्षित प्रतिफल र यथार्थ प्रतिफलको अनुपात<br>• प्रति लाभग्राही अनुमानित लागत र वास्तविक लागत<br>• अनुमानित समयमाभन्दा ढिलो वा चाँडो सम्पन्न हुँदाको अनुमानित लाभ |
| ३. प्रभावकारिता | कार्यक्रम/परियोजनाहरूको लाभग्राहीमा पर्ने प्रभाव, सार्जवनिक सेवाको प्रभाव, कार्यक्रम/परियोजनाको गुणस्तर कस्तो रह्यो, विनियोजन गरिएका, प्राथमिकीकरण गरिएको यथार्थ अवस्था | • लाभग्राहीको जीवनस्तरमा आएको परिवर्तन, आर्थिक सामाजिक, रोजगारीमा आएको परिवर्तन<br>• परिवर्तनको प्रति एकाइ लागत |
| ४. समानता | प्राप्त प्रतिफलको वितरण, धनी वा गरीब कस्ले बढी लाभ प्राप्त गर्दछ, यसले असमानता बढाँउदछ वा बढाँउदै इत्यादि | • लाभ भार विश्लेषण |

उल्लेखित मापनका आयाम र विधिलाई निम्न चित्रमा सारांशकृत गरिएको छः

चित्र १८: नतिजा सम्पादन विधि




नतिजा सम्पादन संरचनाको प्रत्यक्ष सम्बन्ध खर्च गर्ने निकायहरूसँग हुन्छ। खर्च गर्ने निकायहरूले आफ्ना लक्ष्यअनुसार प्राप्त उपलब्धिहरूको निरन्तर अभिलेख गराउनु पर्दछ। अभिलेख राख्नुपर्दछ। समय समयमा प्राप्त तथ्याङ्कको आधारमा नतिजा सम्पादन गर्न सकिन्छ।

बजेटको वर्गीकरणको आधारमा पनि नतिजा सम्पादन कार्य गरिन्छ। आर्थिक एवं कार्यात्मक वर्गीकरणबाट सार्वजनिक खर्चको मूल्याङ्कन गर्न सकिन्छ। कुनै कार्यक्रमहरू निश्चित बजेटको वर्गीकरण बिना कार्यान्वयन गरिएमा नतिजा सम्पादनमा जटिलता थपिन्छ। त्यसैगरी परिमाणात्मक लक्ष्य निर्धारण नगरिएमा उपलब्धि मापन गर्न गाह्रो हुन्छ। त्यसैले प्रत्येक कार्यक्रम वा परियोजनामा चरणवद्ध कार्यान्वयन योजना र त्यसको सम्भावित प्राप्ति वा उपलब्धिलाई उल्लेख गर्नुपर्दछ। खर्च विनियोजन गर्ने तर लक्ष्य वा उपलब्धीसँग सम्बन्धित नगराइएको अवस्थामा नतिजामापन गर्न कठीन हुन्छ। नतिजा सम्पादनको लागि कार्यक्रम बजेट बढी मात्रामा उपयोगी हुन्छ।

नतिजामूलक बजेट प्रणालीलाई सहज बनाउन प्रशासनिक क्षमता आदिले प्रभाव पर्दछ। त्यसैले सबै ठाँउमा एकै प्रकारको नतिजामूलक बजेट प्रणाली सम्भव छैन। विद्यमान अवस्थामै नतिजामूखी बजेट प्रणाली कार्यान्वयन गर्न कठिन हुन्छ। त्यसतर्फ समय बद्ध योजना सहित पाइलाहरू चाल्नुपर्दछ। यसको लागि प्रत्येक चरणका क्रियाकलपा वा खर्चका अवस्था र त्यसबाट प्राप्त हुने उपलब्धीका सूचकांकहरू तयार गर्ने कार्य प्रारम्भ गर्नुपर्दछ। चौमासिक अनुसारको खर्च र उक्त खर्चबाट प्राप्त भएको भौतिक, कार्यक्रमिक वा क्रियाकलापमा उपलब्धी के भयो, त्यसको अभिलेख तयार गर्ने र प्रतिवेदन बनाउने कार्यले उपलब्धी वा नतिजा मापन गर्दछ। मध्यकालीन नतिजा सम्पादन संरचना

कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने संस्थागत व्यवस्था, दक्षता, मार्गदर्शन आदि संघीय योजना आयोगले तयार गर्नु पर्दछ। समय समयमा उक्त सम्पादन एवं मूल्यंकन आम समुदायमा पहुँच हुने गरी प्रतिवेदन प्रकाशित गर्नुपर्दछ।

विद्यमान लाइन आइटम बजेट अथवा साधनमूखी बजेटले कुन साधनमा कति कति खर्च गर्‍यो भनि खर्च गर्ने निकायलाई जिम्मेवार बनाउँदछ। खर्चलाई मात्र ध्यान दिन्छ। कार्यक्रमहरूलाई विगतमा भन्दा यसवर्ष अलि बढी खर्च आवश्यक हुन्छ भन्ने मान्यताका आधारमा अथवा साधनको मूल्य बढ्छ भन्ने आधारमा बजेटको अनुमान गरिन्छ। खर्च गरेर के प्राप्ति भयो? उपलब्धी कति भयो भन्ने तर्फ खासै ध्यान गएको छैन। अब के मा खर्च गर्ने भन्दा पनि कुनै निकायले कति खर्च गर्दा के उपलब्धी भन्ने प्रणालीतर्फ जान आवश्यक छ।

मध्यकालीन खर्च संरचनाबाट बजेट प्रणाली सुधार गर्दै जाँदा नतिजा सम्पादनका क्षेत्रहरू पनि पत्ता लगाउँदै जानुपर्ने हुन्छ। एकै पटक कार्यक्रम बजेट वा नतिजामूलक बजेट प्रणालीमा परिवर्तन गर्न सकिदैंन र कहिलेकाँही जोखिम पनि रहन्छ। तसर्थ, मध्यकालीन नतिजा सम्पादन संरचना अन्तर्गत संघीय योजना आयोगले क्षेत्रगत, आवधिक योजना एवं मध्यकालीन खर्च संरचनाले निर्धारण गरेका लक्ष्यहरू, उद्देश्यहरू प्राप्त भए नभएको मापन गर्ने कार्यलाई थप व्यवस्थित र विश्वसनीय बनाउनु पर्दछ। त्यसैगरी रणनैतिक महत्त्वका ठूला परियोजनाहरू तथा बहुउद्देश्यीय परियोजनाहरूको मितव्ययीता, दक्षता र प्रभावकारिताको अनिवार्य रूपमा मापन गर्नुपर्दछ। साना कार्यक्रम वा परियोजनाको सन्दर्भमा अर्थ मन्त्रालयको बजेट कार्यान्वयन तथा खर्च महाशाखाले कार्यान्वयन योजना/खरीद योजना, सम्पन्न गर्ने समय तालिका, अनुमानित लागत एवं यथार्थ लागत, प्राथमिकीकरणअनुसारको कार्य सम्पादन आदिलाई नतिजा सम्पादनको रूपमा समय समयमा मापन गर्ने विश्लेषण गर्ने, र प्रकाशित गर्ने गर्नुपर्दछ। यसो गर्दा नतिजा सम्पादनका विधिलाई सहयोग पुग्दछ।

## अध्याय सात

# प्रदेशका लागि प्रस्थावित वित्त व्यवस्थापन प्रणालीको खाका

## ७.१ पृष्ठभूमि

संविधान अनुसार प्रदेशको अधिकार र कार्यक्षेत्र संविधानको अनुसूची-६ मा उल्लेख गरिएको छ। त्यस्तै संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा छ।प्रदेश सरकारले यस्तो अधिकारको प्रयोग संविधान, संघीय तथा प्रदेश कानून बमोजिम हुने व्यवस्था गरेको छ।

प्रदेश सरकारलाई आफ्नो अधिकार क्षेत्रभित्रको कानुन निर्माण र नीति तथा योजना एवं वार्षिक बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकारको व्यवस्था संविधानमा गरिएको छ। प्रदेश सरकारहरूले बजेटबाट गर्ने समयसहित बजेट घाटा र अन्य वित्त अनुशासन सम्बन्धी संघीय कानुनबमोजिम गर्नु पर्ने व्यवस्था संविधानमा गरिएको छ। प्रदेश भित्र शान्ती सुरक्षाको लागि प्रहरी प्रशासन र अपराध रोकथाम तथा नियन्त्रण, प्रदेश निजामति सेवा, सरकारी सेवा, सरकारी कार्यालयहरूको भौतिक ब्यबस्थापन, भुमि ब्यबस्थापन र अभिलेख भाषा, लिपि, सस्कृति, ललितकला र धर्मको संरक्षण जस्ता सार्वजनिक सेवाहरू प्रदेश सरकारको अधिकारको सुची भित्र पर्दछ। प्रदेशको जनशक्ति व्यवस्थापन, शिक्षा र खेलकुद, स्थास्थ्य सेवाको कार्यक्षेत्र रहेको छ। आर्थिक विकाससँग जोडिएका विविध क्षेत्र जस्तै कृषि पशु, वन, भूमि व्यवस्था, उद्योग खनिज तथा पर्यटन, सडक, पुल, सिंचाई, भवन आदिको विकासमा प्रदेशको भूमिका महत्वपूर्ण छ।यी सबैसँग जोडेर आर्थिक योजना र क्षेत्र व्यवस्थापन,सो अन्तर्गत वित्तीय संस्थाहरूको सञ्चालन एवं सहकारी संस्थाको व्यवस्थापन तथा केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन र उपयोगको जिम्मेवारी रहेको छ।आर्थिक कार्यविधिसम्वन्धी नीति तथा कानून निर्माण, ऐन कार्यान्वयन र नियमन, बजेट सीमा निर्धारण र तर्जुमा तथा कार्यान्वयन, लेखानियन्त्रण तथा व्यवस्थापन, प्रदेशसंचित कोषको सञ्चालन र व्यवस्थापन, तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण समेतको जिम्मेवारी प्रदेशसंग रहेको छ।यसरी प्रदेश सरकारलाई आर्थिक अधिकार सहीत प्रदेशको विकास र समृद्धिमा ठोस योगदान दिने गरी महत्वपूर्ण जिम्मेवारी संविधानले प्रदान गरेको छ।

## ७.२ प्रदेशको वित्त व्यवस्थापन प्रणाली

प्रदेश सरकारको स्थापना पछि सातै प्रदेशले संचित कोष लगायत आर्थिक कार्यविधि व्यवस्थित गर्ने प्रदेश आर्थिक कार्यविधिसम्बन्धी ऐनको निर्माण गरेका छन्। संघको आर्थिक कार्यविधिको तात्विक कुरामा असर नपर्ने गरी प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन हुनुपर्ने भएकोले प्रायः संघले

अवलम्बन गरेको आर्थिक कार्यविधि नै प्रदेशको मार्गदर्शकको रूपमा रहेको देखिएको छ। सोही अनुसार करीब संघको जस्तै वित्तीय व्यवस्थापन प्रणालीमा प्रदेश कार्यक्षेत्र अनुसार कार्यान्वयन भएको देखिन्छ। आर्थिक कार्यप्रणालीको कार्यान्वयन प्रारम्भिक अवस्थामा रहेकोले प्रदेश सरकारले वित्त व्यवस्थापन सम्बन्धमा शुरुवाती कार्यहरू गरेको देखिन्छ। संविधान बमोजिम आयव्यय प्रस्तुती र बजेट तथा कार्यक्रमको स्वीकृतीको कार्य सम्पन्न गरेका छन्।हालसम्म प्रदेशले कार्यान्वयन गरेको वित्त व्यवस्थापनसम्बन्धी कार्यहरू संक्रमणकालीन अबस्था भएकाले कतिपय कार्यहरू र तिसँग सम्बन्धित संगठनहरूको ब्यबस्था गर्न बाकि नै छ। आवश्यक ब्यबस्था स्थापनामा हुन गएको ढिलाई र केहि कमी कमजोरीहरूलाई निम्नानुसार औल्याउन सकिन्छ।

- संघीय सरकारबाट प्राप्त भएको समानीकरण तथा र्सशर्त अनुदानको उपयोग गर्नको लागि आयोजना हस्तान्तरण गरिएको अवस्था अपूर्ण र खर्च गर्न कठिन तथा करार सम्झौताको अभिलेख पुर्णरूपमा रूपमा प्राप्त हुन सकेको देखिंदैन।
- प्रदेशले आफ्नो खर्च गर्ने निकाय र आर्थिक कारोवार सञ्चालन गर्ने पदाधिकारीको उपलब्धताको अभावमा उपलब्ध बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्न कठिन भएको अवस्था रहेको छ।
- प्रदेश सञ्चित कोष सञ्चालन भएपनि मलेनिकाको ढाँचामा प्रतिवेदन हुन सकेको छैन।
- सम्भाव्यता अध्ययन नभै क्रियाकलाप तथा आयोजनाहरू बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याईएको छ।
- बजेट तयार गर्न खर्चको केही मापदण्डहरू तयार गरेको देखिएता पनि प्रदेश सरकारको क्रियाकलापहरूको लागि खर्चको मापदण्ड तयार भएको देखिदैंन।
- प्रदेशको लेखाँकन, लेखा प्रणालीको प्रयोग, आन्तरिक लेखा परीक्षण, वित्तीय उत्तरदायित्वको विषय अभ्यासको क्रममा नै रहेको र यी सबै विषयको सम्बन्धमा निर्णयगरी आन्तरिकीकरण गर्नुपर्नेमा सो हुन सकेको देखिँदैन।
- प्रदेशको आय र व्ययको चौमासिक विवरण मन्त्रालय समक्ष पेश गर्नुपर्ने प्रावधानको अभ्यास हुन सकेको छैन।
- प्रदेशमा आन्तरिक नियन्त्रण प्रणाली विकास गरी लागू गर्न नसकिएको स्थिति छ।
- आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षणको कार्य प्रारम्भिक रूपको अभ्यास कै चरणमा रहेको छ।

## ७.३ प्रदेशको रूपान्तरण बजेट र वित्तका लागि प्रस्तावित खाका

### ७.३.१ बजेट र वित्त व्यवस्थापनका आधारहरू

प्रदेश स्थापना र सञ्चालनको प्रारम्भिककाल भएकोले प्रदेशले हालसम्म विकास गरेको वित्त व्यवस्थापनको आधारलाई उपयोग गर्नु पर्ने अवस्था छ। वित्त व्यवस्थापनका सबै प्रणालीहरू आन्तरिकीकरण भै नसकेको हुँदा हालको लागि संघीय तहको वित्त व्यवस्थापन प्रणालीको व्यवस्था र अभ्यासहरू उपयोग गर्नुपर्ने स्थिति छ। प्रदेशको आय व्यय र आर्थिक कार्यप्रणालीसम्बन्धी कानूनी व्यवस्था यसैसाथ संलग्न तालिकामा प्रस्तुत गरिएको छ। हाल रहेका कमी कमजेरीहरूलाई हटाउँदै बजेट र वित्त व्यवस्थापनले प्रभावकारी बनाउन प्रदेश सरकारहरूले योजना र मध्यकालीन खर्च संरचनाको निर्माण सहित निम्नानुसार गर्न उपयुक्त हुने देखिन्छः


- **आवधिक योजना तयार गर्नेः** प्रदेशले आफ्नो क्षेत्र विकास, समृद्धी जनताको जिवनस्तर अभिवृद्धि र सुशासनको लक्ष्य सहितको आर्थिक योजना तयार गर्नु आवश्यक छ।दीर्घकालिन रणनीति, आवधिक योजना र बार्षिक बजेटको अन्तर सम्बन्ध हुनु पर्दछ।राष्ट्रिय योजनाले प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन २०७५ प्रकाशित गरेकोछ।उक्त दिग्दर्शन बन्दै परम्परागत र प्रदेशको अधिकारको सन्दर्भमा अलि संकुचित देखिन्छ। प्रदेशले संघका लागी प्रस्तुत गरिएको सुझावलाई समेत आधार मानि योजना तर्जुमा गर्न उपयुक्त हुनेछ।

- **मध्यमकालिन खर्च संरचना तयार गर्नेः** बार्षिक बजेट तर्जुमा गर्दा मध्यकालिन दृष्टिकोण अपनाइएमा बजेटको प्रतिफल राम्रो हुन्छ। मध्यकालीन खर्च संरचना औजार हो। यसले आवधिक योजना र वार्षिक बजेटलाई जोड्दछ।वार्षिक बजेट केवल एक वर्षलाई मात्र ध्यान दिएर बनाइयो भने एक वर्ष भन्दा बढी लाग्ने कार्यक्रम र परियोजनाको लागत अनुमान गर्न, स्रोत अनुमान गर्न सकिदैन। त्यसैले परियोजनाहरूको छनौट सहित आवधिक योजनालाई मुख्य आधार वनाई प्रदेश सरकारहरूले मध्यमकालिन खर्च संरचना तयार गर्ने र सो अनुरूप कार्यान्वयन गर्ने व्यवस्था गर्न आवश्यक छ। सो संरचनाका आधारमा मात्र बजेट तयार तथा स्वीकृत गर्ने परिपाटि बसालिनु पर्दछ।आर्थिक मामिला तथा योजना मन्त्रालय र कार्यकारी मन्त्रालयहरूले यस्ता संरचना तयार गरी सोहि आधारमा बजेट र कार्यक्रम स्वीकृत गर्ने गरी मध्यकालिन खर्च संरचनालाई अद्यावधिक गर्दै जान आवश्यक छ।

  मध्यकालीन खर्च संरचना तयार गर्ने प्रक्रियालाई संक्षिप्तमा तलको चित्रमा प्रस्तुत गरिएको छ।मध्यकालीन खर्च संरचना वार्षिक बजेट तर्जुमा गरे संगै प्रत्येक वर्ष अध्यावधिक हुदै

जान्छ। मध्यकालीन खर्च संरचनाले बार्षिक बजेट बनाउन सहयोग गर्दछ। मध्यकालीन खर्च संरचनाका चरण, यसका प्रक्रिया अध्याय ५ मा बिस्तृतरूपमा चर्चा गरिएको छ।

**चित्र १: मध्यकालीन कालिन खर्च संरचनाको प्रक्रिया**




- **प्रदेश स्तरको आयोजनाको लागि स्थानीय तहबाट माग वा सहमति प्राप्त गर्ने:** एक भन्दा बढी स्थानीय तहमा सञ्चालन गर्नुपर्ने आयोजना वा कार्यक्रम (जस्तै प्रदेश सडक, सिंचाई, विद्युत आदि) प्रदेशको कार्यक्षेत्र भित्र पर्ने हुनाले स्थानीय तहबाट यस्ता कार्यक्रमहरूको माग वा सहमति प्राप्त गरी यस्ता कार्यक्रमहरूमा दिगोपना हुने गरी कार्यान्वयन गर्दै सो आयोजना कार्यान्वयन गर्दा स्थानीय तहको सहभागिता गराउने प्रणाली स्थापित गरिनु पर्दछ।

- **आयोजनाको सम्भाव्यता अध्ययन र आयोजना ढाँचा तयार गर्ने:** वार्षिक बजेट र कार्यक्रममा समावेश गरिने कार्यक्रम वा आयोजनाहरू सम्भाव्यता अध्ययन गरेको र आयोजना तर्जुमा गर्ने ढाँचामा मात्र स्वीकृत गर्ने प्रणाली स्थापित गरिनुपर्दछ। प्रदेशस्तरमा मागको रूपमा प्राप्त हुने आयोजना वा कार्यक्रमहरू सम्भाव्यता अध्ययन विना वार्षिक वजेट र कार्यक्रममा समावेश नगर्ने नीति लागू गर्न आवश्यक छ। संघीय सरकारले प्रयोग गर्ने गरेको आवश्यक विवरणहरू र आयोजना तयार गर्ने ढाँचा समेतलाई आधार मानी प्रदेशस्तरमा तयार गर्न पर्ने देखिन्छ।

- **बजेट र कार्यक्रमको लागि कार्यान्वयन योजना, खरिद योजना, अनुगमन सुचक र उपलब्धी सुचकहरूको विकास:** वार्षिक बजेट र कार्यक्रमको स्वीकृत गर्ने समयमा आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धीत मन्त्रालयको साथै योजना संयत्रले ती सबै कार्यक्रम र आयोजना

कार्यान्वयन हुने निश्चित व्यवस्था गर्नुपर्दछ। यस सम्बन्धमा प्रत्येक आयोजना वा कार्यक्रम स्वीकृत गर्दा अनिवार्य रूपमा प्राविधिक र व्यवस्थापकीय रूपमा कार्यसम्पन्न गर्ने प्रवाह अनुसार कार्यान्वयन योजना, गुरु तथा वार्षिक खरिद योजना, अनुगमन योजना र प्रतिफल (उपलब्धी) सुचकहरू समेत स्वीकृत गर्ने कार्य गर्नु आवश्यक छ।सो तालिका वा योजनाको साथै प्रतिफल सुचकहरूको आधारमा नै अनुगमन र मुल्याङ्कन गर्ने प्रणाली कार्यान्वयन गरिनु पर्दछ।तालिका वा योजना अनुसार बजेट र कार्यक्रम कार्यान्वयन नभएमा संलग्न पदाधिकारीहरूले मनासिब कारण प्रस्तुत गर्न सक्नु पर्दछ। लक्षित तालिका अनुसार कार्यसम्पन्न हुन नसकेमा सम्बन्धीत पदाधिकारीहरूले जवाफदेहिता वहन गरी दण्डको भागी हुने अवस्थाको पनि सामना गर्ने प्रणाली स्थापित गर्नुपर्दछ। संघीय तहमा राष्ट्रिय योजना आयोगले आयोजनाहरूको लागि तयार र अभ्यास गरिएको योजना खाका र अनुगमन सुचकहरू समेतलाई ध्यानमा राखी प्रदेशस्तरीय अनुगमन सुचकहरू तथा अनुगमन तथा मूल्याङ्कनको ढाँचा तयार गरी प्रदेशको लागि कानूनी व्यवस्था समेत गरी आन्तरिकीकराण गर्नु उपयुक्त हुनेछ।

- **योजना क्षमताको विकासः** योजना संयन्त्र वा एकाईमा कार्यक्रम तथा आयोजनाको प्रारूप निर्माण गर्नसक्ने दक्ष जनशक्तिको पहिचान र विकास गरी त्यस्तो जनशक्तिको क्षमता विकास गर्ने र स्थानीय स्तरमा योजना समुह विकास गरिनु पर्दछ।समुह विकास गर्न समय लाग्ने स्थितिमा योजना कार्यमा संलग्न कर्मचारीहरूलाई योजना तयारी सीप सम्बन्धी निरन्धर तालिम दिने संस्थागत व्यवस्था गरिनुपर्दछ।

  बजेट निर्माण प्राथमिकताको आधारमा मध्यकालिन खर्च संरचनामा उल्लिखित आयोजना र कार्यक्रमहरू सम्भाव्यता अध्ययन सहित बजेटमा समावेश गरिनु पर्दछ। बजेट निर्माण कार्य स्थानीय तह, निजि क्षेत्र र नागरिक समाज समेतको सहभागिता गराइनु आवश्यक छ।बजेट निर्माण गर्दा खर्च हुने शिर्षकहरूको मन्त्रालयगत र समग्र खर्चको मापदण्डको आधारमा लागत अनुमान तयार गरी कार्यक्रममा समावेश गरिनु पर्दछ। वहुवर्षिय आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा मध्यमकालिन खर्च योजना र खरिद गुरु योजनाको आधारमा मात्र स्वीकृत गर्ने प्रणाली स्थापित गरिनु आवश्यक छ। दीर्घकालिन विकास रणनीति वा योजनामा आधारीत भई यस्तो संरचना वा योजना निर्माणको कार्यमा तादाम्यता गर्ने कार्यमा समेत उचित ध्यान दिनु आवश्यक पर्छ।

- **खर्चको मापदण्ड विकासः** प्रत्येक प्रदेश मन्त्रालय र मातहतका निकायको स्वीकृत कार्यक्रम र बजेटमा समावेश भएको क्रियाकलापगत परिमाण र मुल्यको आधारमा त्यस्तो कार्य सम्पन्न गर्दा लागेको समय तथा गतिको अध्ययन आधार तयार गर्ने र सो अनुरूप वार्षिक रूपमा खर्चको

मापदण्ड विकास गर्नुपर्दछ। यसको लागि प्रत्येक मन्त्रालयमा बजेट तथा कार्यक्रम तयार गर्ने शाखा महाशाखाको प्रमुखको अध्यक्षतामा खरिद एकाई, आर्थिक प्रशासन शाखा प्रमुख र विषयगत प्राविधिक समेतको संलग्नतामा प्रत्येक वर्षको *श्रावण महिनामा* बैठक बसी विषयगत कार्यहरूको लागि खर्चको मापदण्ड निर्धारण गर्नुपर्दछ। सो मापडदण्ड आर्थिक मामिला तथा योजना मन्त्रालयले समग्र रूपमा श्रावण मसान्त भित्र तयार गरी प्रदेश मन्त्रिपरिषद्को कार्यालयबाट प्रत्येक वर्ष *भाद्र महिनाको १ गते* प्रदेश सरकारको लागि लागू हुने गरी खर्चको मापदण्ड प्रकाशित गर्नु पर्दछ। सो आधारमा प्रत्येक विषयगत निकायहरूले कार्यक्रमको क्रियाकलापको परिमाण तथा तालिका तय गरी खर्चको परिमाण समेत एकिन गरी लागत अनुमान तयार गर्ने कार्यमा प्रयोग गर्नुपर्दछ। प्रत्येक वर्ष सो समितिले सोही महिनामा मापदण्ड अद्यावधिक बनाउने कार्य गरिनुपर्दछ।

- **खातासुची र बजेटको वर्गिकरणः** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको खातासुचीको आधारमा नै राजस्व र खर्चको वर्गिकरण गरी बजेट तया कार्यक्रम तयार गर्नुपर्दछ। संघीय सरकारले तयार गरेको समग्र राष्ट्रको खातासुची अनुसारको वर्गिकरण कायम गर्न अनिवार्य भएकोले प्रदेश सरकारले समेत सोहि अनुरूप खातासुची र बजेट वर्गिकरणलाई निरन्तरता दिनु पर्ने देखिन्छ।

- **बजेट कार्यान्वयन माध्यमको पहिचानः** बजेट निर्माणको समयमा प्रदेश सरकारले गर्ने कार्यहरू मध्ये बाह्य पक्ष सक्षम भएको क्षेत्र जस्तै निर्माण, सचेतना, कार्यान्वयन अनुगमन, सुपरिवेक्षण, सुशासन आदि कार्य कसरी सम्पन्न गर्ने भन्ने उपयुक्त माध्यमको पहिचान र निर्धारण गर्नुपर्दछ। निर्माण कार्यमा तीन माध्यम ठेक्का प्रणाली, उपभोक्ता समिति र सार्वजनिक निजि साझेदारी उपयुक्त हुन सक्तछन्। खास समुदाय वा समाजका जनताले मात्र उपभोग गर्ने अवस्था भए उपभोक्ता समिति, सरकारले कार्य नगरी गुणस्तर, वातावरण र मुल्यको मात्र अनुगमन तथा सुपरिवेक्षण गर्ने गरी लामो अवधिको (२०,२५ वर्ष) लागि निर्माण कार्य भए सार्वजनिक निजि साझेदारीमा काम गर्ने गरी व्यवस्था गरिनु पर्दछ। ठूला ठूला निर्माणसम्बन्धी आयोजनाको लागि सीर्वजनिक निजि साझेदारीलाई प्राथमिकता दिनुपर्दछ। त्यसपछि मात्र बाहृय श्रोतको लागि ठेक्का लगाउने व्यवस्था गर्नुपर्दछ। समुदाय वा बस्तीमा आधारीत निर्माण कार्यहरू उपभोक्ता समिति मार्फत् गर्ने व्यवस्था गर्नुपर्दछ। स्वास्थ्य, शिक्षा, सामाजिक विकास र संरक्षणका कार्यहरू एवं सुशासनका क्षेत्रमा स्थान विशेष र समुदायको प्रकृति, संस्थागत क्षमता आदिको आधारमा बाह्य ठेक्का प्रणाली, सहकारी संस्था वा गैर सरकारी संस्था आदिको संलग्नताको विषय बजेटमा सम्बोधन गर्ने गरी कार्यान्वयन गर्ने प्रणाली प्रभावकारी बनाउनु पर्दछ।

- **बजेट प्रणालीमा सुधारः** नयाँ संरचना र नयाँ आधारमा जनताको माग र आवश्यकता अनुरूप विकास कार्यलाई अघि बढाउनु पर्ने आवश्यकता छ।वर्तमान बजेट प्रणालीमा परिवर्तन गर्ने यो उपयुक्त अवसर हो।सामान्य र नियमित प्रकृतिका कार्यालयहरूको लागि हुने साधारण प्रकृतिका खर्च जस्तैः पारिश्रमिक खर्चको रूपमा रहेको तलब, भत्ता, पोशाक तथा औषधी उपचार आदि र कार्यसञ्चालन (पानी, विजुली, टेलिफोन,भाडा आदि) को खर्चको लागि सीमान्त वृद्धि (Incremental) को आधारमा बजेट विनियोजन गर्ने प्रणाली अवलम्बन गरिनु पर्दछ। विषयगत कार्यक्रम र आयोजना जस्तै शिक्षा, स्वास्थ्य, कृषि, वन आदिको लागि कार्यक्रम तथा प्रतिफलको लेखा जोखाको आधारमा शून्यमा आधारीत (Zero Based) बजेट प्रणाली लागू गर्नु उपयुक्त हुनेछ।प्रत्येक वर्ष मानवीय, संरचना, बजेट र कार्यान्वयन प्रगतिलाई शून्यको आधारमा मुल्याङ्कन गरी यस्ता क्षेत्रहरूमा बजेट विनियोजनको नीति लागू गरिनु पर्दछ।हरेक क्रियाकलापलाई शून्य उपलब्धी मान्दा प्रत्येक वर्ष ती क्रियाकलाप र कार्यक्रम खर्चको आधारमा आवश्यक भए नभएको यकिन गरिनुपर्दछ।भौतिक पूर्वाधारको आयोजना वा कार्यक्रम (सडक, सिंचाई, भवन, पुल आदि) उपलब्धी वा परिणाम लक्ष्यलाई श्रोतसँग आबद्ध गर्ने गरी कार्यसम्पादन (Peformanced Based) मा आधारित बजेट प्रणाली लागू गरिनुपर्दछ।संघीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वय र बजेट प्रणालीमा सुधारआवश्यक छ।आर्थिक वर्ष २०७५।७६ मा शुरु गरी ३ वर्षमा प्रदेश स्तरमा नतिजामा आधारित बजेट लागू गर्ने गरी बजेट प्रणालीमा व्यापक सुधार गर्न आवश्यक छ।

- **आर्थिक कार्यविधिसम्बन्धी कानूनः** प्रदेशहरूमा आर्थिक कार्यविधि ऐन निर्माण भएपनि आर्थिक कार्यविधि नियमावली तयार गरी आउँदा २ वर्षभत्र ऐन कार्यान्वयन गर्ने कार्यविधि, प्रकृया तथा आर्थिक कारोवार सञ्चालनको लागि वस्तुगत प्रावधान राखी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत गराउनु आवश्यक छ। सो अनुसार बजेट निर्माण, आयोजना तथा कार्यक्रम निर्माण, खर्च कार्यविधि, आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण, वेरुजु फछ्र्यौट तथा निकायगत र पदाधिकारीहरूको काम कर्तव्य र जिम्मेवारी तोकिने व्यवस्था गर्नुपर्दछ।

- **अख्तियारी र बजेट बाँडफाँडः** संघीय तहको जस्तै कार्यकारी मन्त्रालय बजेट सुचना प्रणाली (Line Ministry Budget Information System) संग एकीकृत गरी प्रदेशको लागि ईन्टरफेश गरी सो आधारमा अख्तियारी र बजेट बाँडफाँड दिने व्यवस्था गर्नु पर्दछ।अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वय र

सहयोगमा सो प्रणाली प्रदेश तहको लागि समेत लागू गर्नुपर्दछ। निकासा र खर्चको लागि एकल खाता कोष (Treasury Single Account) प्रणाली अनिवार्य गरिनु पर्दछ।

- **कार्यसम्पादन सम्झौता** : कार्यक्रम र आयोजना शुरु गर्ने श्रावण महिनामा नै आयोजना वा कार्यक्रम प्रमुख तथा विभागीय प्रमुखसंग कार्यसम्पादन सम्झौता अनिवार्य गर्नुपर्दछ। प्रदेश सरकारको मन्त्रीले सचिवसंग र सचिवले विभागीय प्रमुख तथा आयोजना/कार्यक्रमको आयोजना प्रमुखसंग कार्यसम्पादन सम्झौता गर्नुपर्दछ। यस्तो सम्झौताको अभिन्न अंगको रूपमा करार सम्झौता, वार्षिक खरिद योजना, कार्यान्वयन योजना, कार्यतालिका र प्रतिफलको सुचकहरू समावेश हुनु पर्दछ। सम्झौता र तालिका अनुसार काम नगर्ने वा प्रगति नगर्नेलाई विभागीय वा पूँजीगत दण्डको व्यवस्था गर्नु आवश्यक छ।

- **करार प्रशासकको योग्यता तथा दण्ड पुरस्कारको व्यवस्थाः** आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि कार्यकुशल र योग्य करार प्रशासक वा व्यवस्थापकको नियुक्ती वा पदस्थापना गरिएको हुनुपर्दछ। तोकिएको समय, बजेट, परिमाण र गुणस्तर मापदण्ड भित्र सम्पन्न गर्ने सेवा प्रदायक र कार्यान्वयनमा संलग्न पदाधिकारीहरूलाई करार सम्पन्न गर्दाको समयमा बचेको रकम र समयको आधारमा पुरस्कार प्रदान गर्ने नीतिगत व्यवस्था लागू गर्नु आवश्यक छ।

- **बजेट तथा कार्यक्रमको अनुगमन** : बजेट तथा कार्यक्रम कार्यान्वयन तालिका अनुसार प्रत्येक महिना अनुगमन हुने व्यवस्था मिलाएको हुनुपर्दछ। प्रदेश सरकारमा मन्त्रालयको योजना तथा अनुगमन शाखाले मासिक रूपमा सचिव समक्ष, प्रत्येक २।२ महिनामा मन्त्री समक्ष र प्रत्येक चौमासिकमा योजना आयोगको संस्थागत माध्यमबाट मुख्यमन्त्रीको अध्यक्षतामा अनुगमन र मूल्याङ्कन गर्ने कार्य प्रणाली शुरु गर्नु पर्दछ। प्रत्येक तहको अनुगमन र मूल्याङ्कनको निर्णय सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्छ। अनुगमन र मूल्याङ्कन परिपाटिलाइ प्रभावकारी बनाउन योजना आयोगले मध्यकालीन खर्च सम्बन्धी खाका बनाइ सो आधारमा नियमित रूपमा अनुगमन र मूल्याङ्कन गर्ने परिपाटि बसाल्नु पर्दछ।

- **क्षमता विकास कार्यक्रम सञ्चालन** : प्रदेश स्तरमा आयोजना वा कार्यक्रम सञ्चालन गर्ने पदाधिकारीहरूलाई प्रत्येक वर्ष साउन महिनामा आयोजना व्यवस्थापन, खर्च तथा खरिद व्यवस्थापन प्रणाली र करार प्रशासनको शीप विकास हुने गरी क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

- **पुरस्कार र दण्ड व्यवस्था** : योजना तयार नगर्ने, बजेट र कार्यक्रम तयार र स्वीकृत नगर्ने, अख्तियारी नदिने, खर्च तथा खरिद कार्य समयमा नगर्ने, लेखा नराख्ने र प्रतिवेदन नगर्ने, लेखा

प्रस्तुत गरी बेरुजु फछ्र्यौट गर्ने कर्तव्य भएका जिम्मेवार पदाधिकारीहरूलाई आर्थिक उत्तरदायित्व पालना नगरेको आधारमा दण्डीत गर्ने व्यवस्था गर्नु पर्दछ। त्यस्तै कार्यकुशलतापूर्वक काम गरी राजस्व उठाउने र खर्चमा मितव्ययिता कायम गर्ने पदाधिकारीहरूलाई पुरस्कृत गर्ने गरी प्रदेशको आर्थिक कार्यविधि ऐन र सार्वजनिक खरिद ऐनमा आवश्यक संशोधन गरी वित्तीय उत्तरदायित्वसम्बन्धी प्रावधान राखिनु आवश्यक छ।

- **आन्तरिक नियन्त्रण प्रणाली**ः प्रदेश सरकारले आन्तरिक नियन्त्रण प्रणाली विकास गरी लागू गर्नुपर्दछ। यस सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको नमुना आन्तरिक नियन्त्रण प्रणालीको आधारमा आ-आफ्नो सरकार अनुकुल तर संघीय मापदण्ड बमोजिम विकास गरी लागू गरनु पर्दछ। प्रत्येक मन्त्रालय र मातहतका निकायहरूको लागि यो प्रणाली २०७५।७६ देखि नै लागू गरी वित्तीय जोखिम (Fiduciary Risk) नियन्त्रण गर्ने प्रणाली स्थापना गर्नुपर्दछ। मन्त्रालयले अनुगमन अधिकारी तोकी प्रत्येक चौमासिक रूपमा अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ।
- **लेखाँकन, अभिलेख तथा प्रतिवेदनः** प्रदेश तहले यस सम्बन्धमा तपसिलका कार्यहरू गर्नु आवश्यक छः
  - **संचित कोषको प्रतिवेदनः** प्रदेश सरकारको संचित कोषको ढाँचा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयले विकास गर्नुपर्दछ र सो आधारमा प्रदेश सरकारले प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ। महालेखा परीक्षकको कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रत्येक वर्ष असोज मसान्तसम्म पेश गरिने व्यवस्था गरिनु आवश्यक छ। यस्तो कार्य महालेखा नियन्त्रक कार्यालयले समय तालिका अनुसार पुसमा महालेखा परीक्षक समक्ष पेश गर्ने गरी तयार गर्ने प्रणाली प्रभावकारी बनाउनु पर्दछ।
  - **लेखाँकन प्रणालीको आधार निर्धारण गर्नेः** प्रदेश तहको लागि निम्न आधारमा लेखाँकन गर्ने प्रणाली विकास गरी लागू गर्नु आवश्यक छ।
  - **नगदमा आधारीत लेखा प्रणाली लागू गर्नेः** हाल संघीय तहमा लागू रहेको नगदमा आधारीत लेखा प्रणालीलाई नै लागू गरी सो अनुसार नै आय व्ययको प्रस्तुतीकरण, लेखाँकन र प्रतिवेदनको कार्य गर्नु पर्दछ।
  - **प्रोदभावी लेखा प्रणाली लागू गर्नेः** नगदमा आधारीत लेखा प्रणालीको कार्यान्वयनसंगै प्रोदभावी लेखा प्रणाली विकास गरी लागू गर्नुपर्दछ।यसको लागि अविलम्ब अवधारणा पत्र विकास गरी चरणबद्ध रूपमा लागू गर्न कार्यान्वयन अवधि ३ वर्षको हुने गरी प्रथम वर्षमा

२०७६।७७ मा आयोजना तयारी र क्षमता विकास तथा तालिम दोश्रो र वर्षमा कार्यान्वयन तयारी र तेस्रो वर्ष पूर्ण कार्यान्वयन गरिनुपर्दछ।

- **बजेट, कोष तथा प्रतिबद्धता लेखाप्रणाली लागू गर्नेः** नगदमा आधारीत लेखा प्रणाली लागू भएकै हालको आर्थिक वर्ष देखि नै प्रतिबद्धता लेखा प्रणाली लागू गरी प्रदेश सरकारले बाह्य पक्षसंग गरेको करार संझौताको आधारमा प्रतिबद्धता लेखाप्रणालीको आधारमा पूरक लेखा प्रणाली विकास गरी लागू गर्नु आवश्यक छ। विभिन्न कोषहरू स्थापना गर्दा जस्तै आकस्मिक कोष खडा गर्दा कस्तो खर्च प्रणाली प्रयोग गर्ने, लेखाँकन र प्रतिवेदन गर्ने कुरा निश्चित गर्ने गरी कोष लेखा प्रणाली लागू गर्नुपर्दछ। त्यस्तै प्रदेशको समग्र आर्थिक अनुशासनको अवस्थाको कार्यान्वयन र प्रतिवेदन गर्न बजेट लेखा प्रणाली पनि लागू गर्नुपर्दछ। बजेट र कोष लेखा प्रणाली पनि महालेखा नियन्त्रक कार्यालयको सहयोग र समन्वयमा सुधार गरिनु पर्दछ।

- **लेखा ढाँचाको फाराम लागू गर्नेः** प्रदेश तहको योजना, बजेट, कार्यक्रम, लेखाँकन र प्रतिवेदन लगायतका लेखाँ ढाँचा महालेखा नियन्त्रक कार्यालयले अविलम्ब तयार गरी महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई २०७५।७६ देखि अनिवार्य रूपमा प्रचलनमा ल्याइनु पर्दछ। राजस्व, खर्च, धरौटी, बजेट अवस्था, सम्पति दायित्व, संचितकोष आदिको अवस्था समेतको लागि फ्लास प्रतिवेदन, मासिक, चौमासिक, वार्षिक वा अवस्था अनुसार प्रतिवेदन गर्ने प्रणाली समेतको लागि फारामहरूको ढाँचा पनि महालेखा नियन्त्रक कार्यालयले तयार गरी महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई प्रदेश तहमा प्रचलनमा ल्याउन आवश्यक छ।

- **लेखा निर्देशिका लागू गर्नेः** खर्च गर्दा जुटाउनु पर्ने प्रमाण कागजात र संलग्न हुनुपर्ने कागजातको निर्धारणको लागि नेपाल सरकारले लागू गरेको लेखा निर्देशिका प्रयोगमा ल्याई खर्च व्यवस्थापन पारदर्शी र वस्तुगत बनाउन आवश्यक छ। लेखापरीक्षणको नियमितताको कैफियत निर्देशिका लागू गर्दा सजिलै हटाउन सकिन्छ। सो खर्चको आन्तरिक नियन्त्रण गर्ने कार्यविधिको लागि नेपाल सरकारले तयार गरेको लेखा निर्देशिका अनुसार २०७५।७६ देखि नै प्रभावकारी बनाउनु पर्दछ। प्रमाण कागजात तयार नगर्ने, समावेश नगर्ने पदाधिकारीहरूलाई (कार्य प्रमाणितमा संलग्न र प्राविधिक कार्य प्रमाणित गर्ने, खर्चको भुक्तानी स्वीकृती गर्ने र खर्चको लेखा राख्ने पदाधिकारीहरू) कार्यसम्पादनको भार बमोजिम दण्ड हुने व्यवस्था गर्नुपर्दछ।

- **वित्त व्यवस्थापन र प्रतिवेदनमा सुचना प्रविधिको उपयोग गर्नेः** बजेट कार्यान्वयन र प्रतिवेदन कार्यको शुद्धता, नियमितता, सामयिकता र प्रभावकारिताको लागि महालेखा नियन्त्रक कार्यालयले वेभमा आधारीत राजस्व, बजेट तर्जुमा, अख्तियारी प्रदान गर्ने, खर्च व्यवस्थापन, निकासा, भुक्तानी, अभिलेख, लेखाँकन र प्रतिवेदन,जमानत, धरौटी आदिको छुट्टाछुट्टै विषयगत उप प्रणाली सफ्टवेयर

तयार गरेको हुँदा सो प्रणाली लागू गर्नु आवश्यक छ। स्थानीय, प्रदेश र संघ तहको समष्टीगतको साथै सरकारको समग्र स्थितिको बजेटका सम्पूर्ण अवयवहरूको सुचना हुने गरी एकीकृत वित्तीय व्यवस्थापन सुचना प्रणाली (Integrated Financial Management Information System IFMIS) को सफ्वेयर तयार गरी महालेखा नियन्त्रक कार्यालयले सञ्चालन तथा कार्यान्वयन गर्ने व्यवस्था गरी अर्थ मन्त्रालयले अनुगमन गर्ने प्रणाली विकास गर्नुपर्दछ। सुचना प्रविधिमा आधारीत राजस्व दाखिला (Electronic Bill Payment) गर्ने र सरोकारवालालाई निजको बैंक खातामा नै भुक्तानी हुने (Electronic Fund Transfer) व्यवस्था मलेनिकाको समन्वयमा आगामी २ वर्ष भित्र (२०७६।७७,२०७७।७८) लागू गर्नु पर्दछ। प्रदेश सरकार, कोलेनिका र मलेनिकाले तयारी गरी संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालयबाट सहयोग तथा अनुगमन हुने व्यवस्था गर्नु आवश्यक छ। त्यस्तै कारोवार हुँदा (Transaction Based) कै वास्तविक समय (Real Time) मा खर्च भुक्तानी र प्रतिवेदन गर्ने प्रणाली पनि लागू गरी वास्तविक समयमा नै राष्ट्रिय तहमा एकीकृत तथा जानकारी हुने गरी कारोवार सञ्चालन र प्रतिवेदन हुने गरी गर्ने सुधार गर्न आवश्यक छ।

- **प्रतिवेदन प्रकाशित गर्नेः** प्रदेश तहले तयार गरेको प्रतिवेदनहरूको उद्देश्य अनुरूप तोकिएको समयमा कार्यालय वा खर्च गर्ने ईकाईको सुचना पाटी र वेभसाईटमा कम्तीमा प्रत्येक महिना आर्थिक प्रशासन शाखाले प्रकाशन हुने व्यवस्था अनिवार्य गरिनु पर्दछ। यसको अनुगमन प्रदेश लेखा नियन्त्रक कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रत्येक महिना गर्ने व्यवस्था गर्नुपर्दछ।

- **बाह्य छानबीन र लेखापरीक्षणः** लेखापरीक्षणको सम्बन्धमा प्रदेश तहमा निम्न सुधारका उपायहरू अवलम्बन गर्न आवश्यक देखिन्छः

  - **आन्तरिक लेखा परीक्षण (आलेप) को कार्यगर्नेः** प्रत्येक २।२ महिनाको अवधिमा प्रदेश कोलेनिकाले आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ। आलेप सम्पन्न भएपछि तेश्रो महिनाको ७ गते भित्र सो अनुसार आलेपको प्रतिवेदन अख्तियारी प्रदान गर्ने (लेखा उत्तरदायी अधिकृत) र खर्च गर्ने प्रमुख जिम्मेवार पदाधिकारीहरूलाई दिने व्यवस्था गर्नुपर्दछ। यसको लागि प्रदेश सरकारले आलेप निर्देशिका तयार गरी लागू गर्नुपर्दछ। यसका लागि प्रदेशको आर्थिक कार्यविधि कानूनमा समेत संशोधन गर्नु आवश्यक छ। प्रदेश तहको जनशक्तिको लागि आन्तरिक लेखा परीक्षणको पेशाविद क्षमता विकास गर्ने कार्यक्रम लागू गर्नुपर्दछ। यसबाट प्रदेश तहमा नै पेशाविदस्तरको आन्तरिक लेखापरीक्षकहरूको विकास गर्न सकिन्छ। अन्तिम लेखा परीक्षणबाट उठेका वेरुजुहरू अन्तिम लेखा परीक्षणमा समावेश

नभएमा स्वतः हटने व्यवस्था गरिनु पर्दछ। तर गम्भीर प्रकृतिको बेरुजु भएमा अन्तिम लेखा परीक्षणमा पनि यस्तो बेरुजु समावेश हुने व्यवस्था गर्नुपर्दछ।

- **प्रदेश तहको बेरुजुको लगत र फछ्र्यौटको अभिलेखः** प्रदेश तहको वेरुजुलागत र फरच्यौट आदिलाई प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहने व्यवस्था आर्थिक कार्यविधि कानूनमा गर्नुपर्दछ। महालेखा परीक्षकको कार्यालयबाट प्राप्त वेरुजुको प्रकृति अनुसार फछ्र्यौट गर्ने वा फछ्र्यौट नभए १५ दिन भित्र वेरुजुको लगत सो कार्यालयमा राख्ने व्यवस्था गर्नुपर्दछ। मुख्यमन्त्री तथा मन्त्रीहरूले प्रदेश सभाको लेखा समिति समक्ष अन्तिम लेखा परीक्षण प्रतिवेदनको बारेमा छलफल पश्चात कायम भएको बेरुजु फछ्र्यौटको लागि जवाफदेहितावहन गर्नुपर्दछ। लेखा समितिको निर्णयको आधारमा वेरुजुको फछ्र्यौटको कार्य गरी लगत अद्यावधिक गर्नु आवश्यक छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले नियमित आन्तरिक लेखा परीक्षण गर्ने र प्रतिवेदन दिने कार्य गर्नुपर्दछ।

- **पेफाको उत्तरदायित्व सुचकहरूको आधारमा वित्तीय जवाफदेहिताको मापन गर्नेः** सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व (Public Expenditure and Financial Accountability- PEFA) को ३१ सुचकहरू मध्ये दातृ निकायहरूको लागि ३ बाहेक २८ सुचकहरू सार्वजनिक वित्तीय व्यवस्थापनका प्रस्तुत सुचकहरू नेपाल सरकारले लागू गरिसकेको हुँदा प्रदेश सरकारले पनि वार्षिक रूपमा यस्तो सुचकहरू अनुसार सार्वजनिक वित्तीय व्यवस्थापनको जवाफदेहिताको स्वःमूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्नुपर्दछ। यसको लागि पेफा सचिवालयले प्रदेश तहको लागि सुचकहरू विकास, तथ्य संकलन, अध्ययन र सम्पुष्टी गर्ने प्रणाली तरीका विकास गरी प्रत्येक वर्ष परीक्षण गर्ने गरी निर्देशिका तयार गर्नुपर्दछ। सबै प्रदेश तहलाई सो निर्देशिका उपलब्ध र प्रशिक्षण गराई सो को वार्षिक प्रतिवेदन प्रत्येक वर्षको पौष मसान्तसम्ममा प्रकाशन गरी पेफा सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ। प्रदेश सरकार मध्ये उत्कृष्ट प्रदेशलाई प्रशंसा सहीत पुरस्कृत गर्ने र यसलाई राजस्व बाँडफाँडको अवस्थामा वार्षिक रूपमा आर्थिक अनुशासनमा भारीत हुने व्यवस्था राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयागले गर्नु आवश्यक छ। सो समेतको आधारमा नेपालको पेफा सचिवालयले राष्ट्रिय स्तरको मापन प्रतिवेदन तयार गर्नु आवश्यक छ।

- **सुधारका अन्य क्षेत्रहरुः** उपर्युक्त सुधारको अतिरिक्त वित्त व्यवस्थापनको कार्य सुव्यवस्थित र प्रभावकारी बनाउन निम्न सुधारका कार्यहरू गर्नु आवश्यक छ।

- **प्राकृतिक श्रोत लेखाँकन गर्नेः** प्रदेश तहको कार्यक्षेत्रमा उपलब्ध भएको प्राकृतिक श्रोत र साधनको अनुसन्धान र खोजी गरी त्यसको सूची तयार गर्ने र सो आधारमा सोको परिमाण, मुल्य र उपलब्ध गर्न आवश्यक पर्ने लागत समेतको विवरण तयार गरी श्रोत नक्शाँकन (Mapping) गरी प्राकृतिक श्रोत लेखाँकन (Natural Resources Accounting) को कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने।

- **जनशक्तिको क्षमता विकास गर्नेः** सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा क्षमता विकासका विषयगत तालिम तथा गोष्ठी सेमिनार सञ्चालन गर्नु पर्दछ।

- **प्रदेश कोलेनिकाहरूको क्लष्टर वा सेवा संरचनाको विकास गर्नेः** हाल ७ प्रदेश कोलेनिकाले बजेट तर्जुमामा सहयोग, बजेट निकासा, खर्च, भुक्तानी व्यवस्था, राजस्व तथा धरौटी व्यवस्थापन, प्रदेश तहमा हुने विभिन्न कोषको व्यवस्थापन, लेखाँकन र लेखा प्रणालीको पालना गराउने तथा आलेपको कार्य गरिरहेको अवस्था छ। आगामी वर्षहरूमा प्रदेशको कार्यालय वा आयोजना संख्या, कार्य आयतन, कामको जटिलता, वित्तीय जोखिमको अवस्था, स्थानीय आवश्यकता, संस्थागत क्षमता आदि समेतलाई ध्यानमा राखी कोलेनिकाको संगठनात्मक संरचना, कर्मचारी दरबन्दी तथा भौतिक पूर्वाधारको मूल्याङ्कन गर्नु आवश्यक छ। सो आधारमा आवश्यकतानुसार कोलेनिकाहरूलाई सेवा केन्द्र वा क्लष्टरको रूपमा विकास गर्नु आवश्यक छ।

| प्रदेशको आय व्यय र आर्थिक कार्यप्रणालीसम्बन्धी कानूनी व्यवस्थासम्बन्धी तालिका | | | | |
|---|---|---|---|---|
| **मुख्य काम अन्तर्गत समावेश हुने कार्यहरु** | **जिम्मेवार निकाय** | **सम्पन्न गर्ने समय** | **जिम्मेवार निकाय** | **सम्पन्न गर्ने समय** |
| १ | मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने | प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण | आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक वर्ष बजेट तर्जुमा गर्नु अघि |
| २ | स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने | गत आर्थिक वर्ष यथार्थ स्थिति र चालु आर्थिक वर्ष ६ महिनाको समष्टिगत आर्थिक परिसूचकहरू, आगामी आर्थिक वर्षउपलव्ध हुन सक्ने राजस्व, अनुदान, विकास सहायता र आन्तरिक ऋण रकम | आर्थिक मामिला तथा योजना मन्त्रालय | चालु आर्थिक वर्ष माघ मसान्तभित्र |
| ३ | बजेट सीमा र मार्गदर्शन | स्रोत अनुमान समितिबाट निर्धारीत स्रोत तथा खर्चको सीमाको अधिनमा | आर्थिक मामिला तथा योजना मन्त्रालय | चालु आर्थिक वर्ष फागुन महिनाको |

| | | | | |
|---|---|---|---|---|
| | पठाउने | रही बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी पठाउने | | दोस्रो हप्ताभित्र |
| ४ | पूव बजेट छलफल | विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सहितको पूर्व बजेट प्रदेशसभामा पेश गर्ने | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री | प्रदेशसभामा पेश गर्नुभन्दा कम्तिमा १(एक) महिना अघि |
| ५ | बजेट प्रस्ताव र छलफल | बजेट सीमा र मार्गदर्शनको अधिनमा रही निर्धारीत ढाँचामा आफू र आफ्नो मातहतका निकायको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने र प्रस्तावित बजेट तथा कार्यक्रम उपर सम्बन्धित लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल हुन | लेखा उत्तरदायी अधिकृत | तोकिए बमोजिम |
| ६ | विनियोजन विधेयक तयार गर्ने | बजेट तथा कार्यक्रम वा आयोजनालाई प्राथमिकीकरण गरी बजेट मस्यौदालाई अन्तिम रूप दिई विनियोजन विधेयक तयार गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | तोकिए बमोजिम |
| ७ | राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने | अन्तिम रूप दिईएको प्रदेश सरकारको आगामी आर्थिक बर्षो लागि राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेश गर्नुपर्ने, राजस्व संकलन भए नभएका साथै कर वा गैह्रकरमा छुट दिइएको विवरण,मध्यमकालीन खर्च संरचना,अनुदान, सार्वजनिक ऋण र लगानी सम्वन्धी नीति आदि | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री | प्रत्येक वर्षअसार महिनाको १ गते |

## प्रदेश तहको वित्तीय व्यवस्थापन प्रणाली सुधारको
### कार्यान्वयन तालिका

| सि.नं. | सुधारको प्रमुख कार्यहरु | सुधारको प्रमुख कार्यहरुको लागि गर्नुपर्ने प्रमुख कार्य र क्रियाकलापहरु | जिम्मेवार निकाय । पदाधिकारी | | सम्पन्न गर्ने समय -वर्ष | | | | | कार्यसम्पन्न सुचक । अनुगमन सुचकहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मुख्य निकाय (नेतृत्व) | सहयोगी निकाय | १ | २ | ३ | ४ | ५ | |
| १. | **आवधिक योजना तयार गर्ने** | क्षेत्र विकास, समृद्धी जनताको जिवनस्तर अभिवृद्धि र सुशासनको लक्ष्य सहितको आर्थिक योजना | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | ✓ | | | | | दिर्घकालिक आवधिक योजना |
| | | मध्यमकालिन, र दीर्घकालिन रणनीति तय | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | | | | मध्यम तथा दीर्घकालिन मन्त्रालयगत रणनीति |
| २ | **मध्यमकालिन खर्च संरचना तयार गर्ने** | आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना तयार | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | मध्यमकालिन खर्च संरचना तयार |
| ३. | **प्रदेश स्तरको आयोजनाको लागि स्थानीय तहबाट माग वा सहमति प्राप्त गर्नेः** | प्रदेशको कार्यक्षेत्र भित्र पर्ने स्थानीय तहबाट कार्यक्रमहरुको माग वा सहमति प्राप्त | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | क्षेत्रगत र विषयगत आयोजनाहरुको सुची |
| ४. | **आयोजनाको सम्भाव्यता अध्ययन र आयोजना ढाँचा तयार गर्नेः** | कार्यक्रम वा आयोजनाहरु सम्भाव्यता अध्ययन | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | सम्भाव्यता अध्ययन भएका आयोजनाहरुको सूची |
| | | आयोजना तर्जुमा गर्ने ढाँचामा मात्र स्वीकृत | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्रत्येक आयोजनाहरु विषयगत रुपमा आयोजनाको ढाँचामा तयार |
| ५. | **बजेट र कार्यक्रमको लागि कार्यान्वयन योजना, खरिद योजना, अनुगमन सुचक र उपलब्धी सुचकहरुको विकास** | चौमासिक विभाजनको आधारमा खास समयमा काम हुने गरी कार्यान्वयन योजना तयार गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | कार्यान्वयन योजना |
| | | कार्यक्रममा खरिद हुने कार्यहरुको लागि मात्र वार्षिक खरिद योजना तयार गरी स्वीकृत गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | वार्षिक खरिद योजना तयार |
| | | कार्यान्वयन र खरिद योजना अनुसारको अनुगमन सुचकहरु | आर्थिक मामिला तथा योजना | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | अनुगमन सुचकहरु तयार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तयार गर्ने | मन्त्रालय | | | | | | | |
| | | कार्यान्वयन भैसकेपछि हुने उपलब्धी । प्रतिफल सुचकहरु तयार गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | उपलब्धी । प्रतिफल सुचकहरु |
| ६. | **योजना** तर्जुमा **क्षमताको विकास** | दक्ष जनशक्तिको पहिचान र विकास | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | जनशक्तिको शीप पहिचान |
| | | योजना तयारी शीपसम्बन्धी तालिम | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | योजनासम्बन्धी तालिम संख्या |
| ७. | **खर्चको मापदण्ड** विकास | कार्य सम्पन्न गर्दा लागेको समय तथा गतिको अध्ययन गरी वार्षिक रुपमा तयार खर्चको मापदण्ड तयारी | योजना महाशाखा | आर्थिक प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | मापदण्डको लागि क्रियाकलापगत खर्च र उपलब्धी विवरण संकलन गर्ने |
| | | खर्चको मापदण्ड समिति गठन र मन्त्रालयगत मापदण्ड स्वीकृत गर्ने -श्रावण मसान्त भित्र) | योजना महाशाखा प्रमुख | मन्त्रालयको सबै महाशाखा वा शाखा प्रमुखहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | मन्त्रालयगत समिति गठन र मन्त्रालयको लागि मापदण्ड स्वीकृत गर्ने |
| | | सबै मन्त्रालयको खर्चको मापदण्ड एकीकृत रुपमा तयार गर्ने -श्रावण मसान्त) | आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्रदेशका सबै मन्त्रालयको लागि एकीकृत रुपमा खर्चको मापदण्ड तयार |
| | | खर्चको मापदण्ड स्वीकृत गर्ने (भदौ १) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | मन्त्रिपरिषद्ले एकीकृत खर्च मापदण्ड स्वीकृतीको निर्णय |
| | **खातासुची र बजेटको वर्गिकरणः** | खातासुची बमोजिमको राजस्व र खर्चको वर्गिकरण अनुसार बजेट तया कार्यक्रम परीक्षण | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | वर्गिकरण अनुसार बजेट तया कार्यक्रम |
| | | खातासुची बमोजिमको राजस्व र खर्चको वर्गिकरणमा परिवर्तन | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | वर्गिकरण अनुसार राजस्व र खर्च |
| | **बजेट कार्यान्वयन माध्यमको पहिचान :** | निर्माण कार्यमा तीन माध्यमः ठेक्का प्रणाली, | मुख्यमन्त्री तथा | आर्थिक मामिला तथा | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्रत्येक क्षेत्रको संस्थाहरुको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उपभोक्ता समिति र सार्वजनिक निजि साझेदारी पहिचान गरी आयोजना वर्गिकरण गर्ने | मन्त्रिपरिषद्को कार्यालय | योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, खर्च निकायहरु | | | | | | संख्या र कार्यक्रम आयोजना संख्या |
| | | आर्थिक क्षेत्र -कृषि, उद्योग, वनर,पर्यटन), सामाजिक -शिक्षा स्वास्थ्य सामाजिक विकास) तथा सुशासनसम्बन्धी कार्यमा बाहृय श्रोत ठेक्का प्रणाली, सहकारी वा ग्ैर सरकारी संस्था, पारम्परिक संस्थाहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, खर्च निकायहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्रत्येक क्षेत्रको संस्थाहरुको संख्या र कार्यक्रम आयोजना संख्या |
| | **बजेट प्रणालीमा सुधार** | सीमान्त वृद्धि (Incremental) को आधारमा बजेट | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | सीमान्त वृद्धि बजेट कार्यान्वयन |
| | | कार्यक्रममा (Program) आधारीत बजेट | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | कार्यक्रम बजेट कार्यान्वयन |
| | | शून्यमा (Zero) आधारीत बजेट | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु | | | ✓ | ✓ | ✓ | शून्यमा आधारीत बजेट लागू |
| | | कार्यसम्पादनमा (Performance) आधारीत बजेट | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | | | ✓ | ✓ | ✓ | कार्यसम्पादन बजेट लागू |
| | **आर्थिक कार्यविधिसम्बन्धी कानून** | आर्थिक कार्यविधिसम्बन्धी नियमावली तयार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, | ✓ | ✓ | | | | आर्थिक कार्यविधिसम्बन्धी नियमावली |
| | **अख्तियारी र बजेट बाँडफाँड** | कार्यकारी मन्त्रालय बजेट सुचना प्रणाली (LMBIS)र एकल खाता कोष (TSA) को आधारमा अख्तियारी र बजेट निकासाको व्यवस्था गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, | ✓ | ✓ | ✓ | ✓ | ✓ | बजेट खर्च सुचना प्रणाली |
| | **कार्यसम्पादन** | आयोजना वा कार्यक्रम | मुख्यमन्त्री | आर्थिक | ✓ | ✓ | ✓ | ✓ | ✓ | **कार्यसम्पादन** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सम्झौता** | प्रमुख तथा विभागीय प्रमुखसंग कार्यसम्पादन सम्झौता श्रावण महिनामा अनिवार्य - करार सम्झौता, वार्षिक खरिद योजना, कार्यान्वयन योजना, कार्यतालिका र प्रतिफलको सुचकहरु समावेश गर्ने) | तथा मन्त्रिपरिषद्को कार्यालय | मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | | | | | | **सम्झौता** संख्या |
| | **करार प्रशासकको योग्यता तथा दण्ड पुरस्कारको व्यवस्थाः** | योग्य करार प्रशासक वा व्यवस्थापकको नियुक्ती वा पदस्थापना | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | करार प्रशासनको योग्यता |
| | | करार सम्पन्न गर्दाको समयमा बचेको रकम र समयको आधारमा पुरस्कार | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | पुरस्कार प्राप्त गर्ने संख्या र रकम |
| | **बजेट तथा कार्यक्रमको अनुगमन** | प्रत्येक २।२ महिनामा मन्त्री समक्ष अनुगमन गर्ने | क्षेत्रगत मन्त्रालयहरु | योजना महाशाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | अनुगमन प्रतिवेदन |
| | | प्रत्येक चौमासिकमा योजना आयोगको संस्थागत माध्यमबाट मुख्यमन्त्रीको अध्यक्षतामा अनुगमन र मुल्यांकन गर्ने कार्य प्रणाली | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | ✓ | ✓ | ✓ | ✓ | अनुगमन प्रतिवेदन |
| | **आन्तरिक नियन्त्रण प्रणालीः** | आन्तरिक नियन्त्रण प्रणाली विकास | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | ✓ | | | | आन्तरिक प्रणाली लागू |
| | | आन्तरिक नियन्त्रण प्रणाली अनुगमन | आर्थिक मामिला तथा योजना मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | अनुगमन प्रतिवेदन |
| | **संचित कोषको प्रतिवेदनः** | प्रदेश सरकारको संचित कोषको ढाँचा | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत | ✓ | ✓ | ✓ | ✓ | ✓ | संचित कोषको ढाँचामा प्रतिवेदन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मन्त्रालयहरु, | | | | | | |
| | **लेखाँकन प्रणालीको आधार निर्धारण गर्नेः** | नगदमा आधारीत लेखा प्रणाली लागू गर्नेः | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | | | | | लेखा प्रणाली लागू |
| | | प्रोदभावी लेखा प्रणाली लागू गर्नेः | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | ✓ | ✓ | ✓ | ✓ | लेखा प्रणाली लागू |
| | | बजेट, कोष तथा प्रतिबद्धता लेखाप्रणाली लागू गर्नेः | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | ✓ | ✓ | ✓ | ✓ | लेखा प्रणाली लागू |
| | **लेखा ढाँचाको फाराम लागू गर्नेः** | प्रदेश तहको लेखा ढाँचा तयार गरी लागू गर्ने | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | | | | | **लेखा ढाँचाको फाराम लागू** |
| | **लेखा निर्देशिका लागू गर्नेः** | खर्चको प्रामाणिक कागजात र लेखाँकनको व्यवस्था विकास गरी लागू गर्ने | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | | | | | **लेखा निर्देशिका लागू हुने** |
| | **वित्त व्यवस्थापन र प्रतिवेदनमा सुचना प्रविधिको उपयोग गर्नेः** | कार्यकारी मन्त्रालयगत बजेट व्यवस्थापन सुचना प्रणाली (LMBIS) र एकल खाता कोष (Treasury Single Account) | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | ✓ | ✓ | ✓ | ✓ | विद्युतीय सुचना प्रणाली अनुसारको निकासा खर्चको कार्यप्रणाली स्थापना |
| | **बाह्य छानबीन र लेखापरीक्षणः** | आन्तरिक लेखा परीक्षण (आलेप) को कार्यगर्नेः | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | ✓ | ✓ | ✓ | ✓ | आन्तरिक लेखा परीक्षण प्रतिवेदन |
| | | प्रदेश तहको बेरुजुको लगत र फछ्र्यौटको अभिलेख | आर्थिक मामिला तथा योजना | प्रदेश लेखा नियन्त्रक कार्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | लगत र फछ्र्यौटको अभिलेख |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मन्त्रालय, | | | | | | | |
| | | पेफाको उत्तरदायित्व सुचकहरुको आधारमा वित्तीय जवाफदेहिताको मापन गर्नेः | मलेनिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | | ✓ | | ✓ | | सुचकहरुको मुल्याँकन प्रतिवेदन |
| | **सुधारका अन्य क्षेत्रहरुः** | प्राकृतिक श्रोत लेखाँकन गर्नेः | | आर्थिक मामिला तथा योजना मन्त्रालय, क्षेत्रगत मन्त्रालयहरु, | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्राकृतिक श्रोतको सुची र आयतन तथा मुल्याँकन |
| | | जनशक्तिको क्षमता विकास गर्नेः | आर्थिक मामिला तथा योजना मन्त्रालय, | क्षेत्रगत मन्त्रालयहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | जनशक्तिको संख्या |

# अध्याय आठ

# स्थानीय तहका लागि प्रस्तावित वित्त व्यवस्थापन प्रणालीको खाका

## ८.१ पृष्ठभूमि

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय सरकार बीच शक्तिको संरचना र अधिकारको बाँडफाँड गरेको छ। सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्ने गरी संघीयता कार्यान्वयन गर्ने सिद्धान्तलाई संविधानले अंगीकार गरेको छ। स्थानीय तहलाई जनतासँग रहेर स्थानीयस्तरमा सेवा सुविधा पुऱ्याउने र विकासका कार्यहरू सुलभ र गुणस्तरीय रूपमा प्रवाह गर्ने निकायको रूपमा जिम्मेवार बनाइएको छ। लोकतन्त्रका लाभहरू समानुपातिक समावेशी र न्यायोचित रूपमा गुणस्तरीय तौर तरिकाले जनतामा पुग्नु पर्दछ। संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने र त्यस्तो अधिकार संविधानको अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुने व्यवस्था गरिएको छ। स्थानीय नेतृत्वको विकास गरी स्थानीय शासन पद्दतिलाई सुदृढ गर्न स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने लक्ष्य स्थानीय सरकार सञ्चालन ऐनले लिएको छ। सो ऐनले स्थानीय तहको शान्ति सुव्यवस्था, आर्थिक क्रियाकलापसँग सम्बन्धित विविध क्षेत्रको तथ्याङ्क संकलन, अभिलेखीकरण, कर र राजस्व संकलन, विकास निर्माणका कार्यहरूदेखि तमाम कल्याणकारी काम गर्ने जिम्मेवारी सुम्पेको छ। स्थानीय तहको अधिकार र जिम्मेवारी अनुरूप प्रत्येक जनताको घरदैलो र समुदाय तहबाटै विकास कार्यलाई अघि बढाउँदै आम जनतामा विकास केन्द्रित गरी सिंगो मुलुकमै समृद्धिमा विशिष्ट योगदान गर्ने भूमिकामा स्थानीय तहहरू आएका छन्। यस्तो योगदानका लागि उपयुक्त सार्वजनिक वित्त व्यवस्थापन प्रणाली पूर्व सर्तको रूपमा रहेको छ।

## ८.२ बजेट र सार्वजनिक वित्त व्यवस्थापनका मूल पक्ष

सरकारका कार्यक्रमहरू ठीक ढंगले व्यवस्थापन गर्दै कार्यान्वयनमा लग्ने प्रमुख माध्यम वित्त व्यवस्थापन हो। सार्वजनिक वित्त व्यवस्थापन प्रणालीका ६ वटा अन्तर्सम्बन्धित आधारभूत पक्षहरू हुन्छन्। स्थानीय तहहरूमा पनि तिनैलाई आधार बनाउनु पर्ने हुन्छ। यस चक्र र क्रमवद्ध अनुरूप सर्वप्रथम नीति र योजना (Planning and Policy) को तर्जुमा गरिनुपर्दछ। यस्तो तर्जुमा गर्दा राजनीतिक दलका घोषणापत्रहरू मार्फत् जनता समक्ष गरिएका वाचाको प्रतिवद्धताहरू, नागरिकहरूका मागहरू र स्थानीय तहको समग्र विकासको सम्भावनाहरुका आधारमा उपलब्ध स्रोतहरूको लेखाजोखा गरी समेट्नु

पर्ने हुन्छ। लक्ष्य र ति लक्ष्य हासिल गर्न सुदृढ गर्नु पर्ने सुशासनको पक्षलाई योजना र नीतिमा समावेश गर्नुपर्ने हुन्छ।

दोश्रो चरणमा बजेट (Budget) को निर्माण गर्नुपर्ने हुन्छ। यस अन्तर्गत योजना र नीतिले तय गरेको उद्देश्य प्राप्तिको लागि सरकारका सबै अंगबाट उपलब्ध हुने सम्भावित स्रोतको अनुमान समेतका आधारमा कार्यक्रम तथा क्रियाकलापहरूका लागि लाग्ने लागत र सम्पादन गर्न लाग्ने खर्च आदि निश्चित खर्चको नर्मसको आधारमा अनुमान गरी बजेट निर्माण गर्नुपर्ने हुन्छ।

तेश्रो चरणमा बजेट स्वीकृति (Budget Approval) का लागि स्थानीय तहको सरकारले सम्बन्धित सभामा, प्रस्तुत गरी स्वीकृत गराउनु पर्दछ।

चौथो चरणमा सम्बन्धीत निकाय र पदाधिकारीहरूलाई बजेट कार्यान्वयन (Budget Execution) गर्न स्रोतगत बाँडफाँडको अख्तियारी दिइन्छ। कार्यान्वयन गर्दा आर्थिक कार्यविधि र सार्वजनिक खरिद कानूनको आधारमा खर्च, खरिद भुक्तानीको कार्य सम्पन्न गर्नुपर्ने हुन्छ। आन्तरिक नियन्त्रण कार्य पनि यसै चरणमा गरिनु पर्दछ।

पाँचौ चरणमा खर्चलाई आधार बनाई सिर्जित परिणाम वा प्रतिफलको प्रामाणिक कागजातका आधारमा अभिलेख, लेखाङ्कन (Recording & Accounting) तथा आवधिक प्रतिवेदन कार्य सम्पन्न गरिन्छ। यसमा आम्दानी खर्च अभिलेख सिर्जनाको समेत सम्पति तथा दायित्वको लेखाङ्कन गरिनु पर्दछ।

छैठौं चरणमा बाह्य परीक्षण (External Scruitiny) गरिन्छ। यस क्रममा अनुगमन तथा मूल्याङ्कन गर्ने निकायहरूको समीक्षा वा ठहर तथा आन्तरिक र अन्तिम लेखा परीक्षणसम्बन्धी कामहरूको उपलब्धिको कानूनसम्मत जवाफदेहिताको परीक्षण गरिन्छ। यस कार्यमा विशेष गरी महालेखापरीक्षकको कार्यालयले वार्षिक प्रतिवेदनको आधारमा संसदको लेखा समितिमा प्रस्तुत हुने कैफियतहरू र पृष्ठपोषणको आधारमा छलफल गरी सरकारको जवाफदेहिता तय गरिन्छ। सार्वजनिक सुनवाई वा नियामक निकायहरूको पृष्ठपोषणका साथै सामाजिक लेखा परीक्षणको रूपमा नागरिक समाजको भूमिका पनि यस सम्बन्धमा महत्त्वपूर्ण हुन्छ। यी सम्पूर्ण पृष्ठपोषणको आधारमा वित्त व्यवस्थापन विविध पक्षमा परिवर्तन गरी यस्को चक्रलाई निरन्तरता प्रदान गरिनुपर्दछ।

यी चरणहरू पूरा गर्दा स्थानीय सरकारहरूले समग्र वित्त अनुशासनमा ध्यान दिनुपर्ने हुन्छ। यसमा राजस्व, खर्च र ऋण व्यवस्थापनलाई दिगो बनाउने गरी व्यवस्थित गर्नु आवश्यक हुन्छ। आवश्यकता, प्राथमिकता र उपलब्धिको आधारमा विनियोजन वा बाँडफाँडलाई कार्यकुशलतासँग आवद्ध गर्ने तर्फ विशेष ध्यान दिनु पर्दछ। स्रोत उपयोगमा कार्यकुशलता हासिल गर्न आवश्यक हुन्छ। विशेष रूपमा

आर्थिक कार्यविधि एवं खरिद कानूनको प्रकृया र परिपालनामा ध्यान दिई जवाफदेहितालाई पारदर्शी एवं प्रभावकारी गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने हुन्छ।

## ८.३ स्थानीय तहको व्यवस्थापनसम्बन्धी वर्तमान व्यवस्था र कमी कमजोरीहरू

संघीय संरचनाको कार्यान्वयन पश्चात् हाल मुलुकभर ७५३ स्थानीय सरकार स्थापना भइसकेका छन् र तिनका लागि व्यवस्थापन बारे निम्न व्यवस्था गरिएको छः

### ८.३.१ योजना तथा नीति तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार अध्यक्ष वा प्रमुखले अध्यक्षता गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले स्रोत र बजेट सीमा निर्धारण गरी बजेट निर्माण गर्नुपर्ने र बजेट तथा कार्यक्रम समितिले आफ्नो काम प्रत्येक वर्षको फागुन महिनाभर सम्पन्न गरिसक्नुपर्ने हालको व्यवस्था छ। यस्तो अनुमान गर्दा दुई वर्षका लागि प्रक्षेपण समेत गर्नुपर्ने हुन्छ। उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा गठित राजस्व परामर्श समितिले राजस्वको अनुमानको विवरण उपलब्ध गराउनु पर्ने समेत कानूनी व्यवस्था छ। यसरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको आगामी आर्थिक वर्षको बजेट सीमालाई प्रमुख प्रशासकीय अधिकृतले चालु आर्थिक वर्षको चैत्र पन्ध्र गतेभित्र गाउँ वा नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने हुन्छ। सो सीमामा रही सबै शाखा, महाशाखा र वडा समितिले आयोजना सहीतको कार्यक्रम र बजेट पेश गर्नुपर्ने जिम्मेवारी तोकिएको छ।

प्रत्येक तहका सरकारहरूले निर्वाचन पछि आ-आफनो कार्यक्षेत्र भित्र आयोजना, कार्यक्रम तथा बजेट तयार गरी कार्यान्वयन गर्ने अभ्यास शुरु भएको छ। तर केही स्थानीय सरकारले अझै बजेट तयार गर्न बाँकी रहेको देखिन्छ। योजना तथा नीति तयार गर्ने संस्थागत एवं संगठनात्मक प्रणाली स्थापनाको चरणमा रहेकाले स्थानीय सरकारहरूले यतातर्फ धेरै प्रगति गर्न नसकेको देखिन्छ। स्थानीय तहले आवधिक योजना तथा मध्यकालीन खर्च बनाएको देखिंदैन। योजना तथा नीति तयार गर्ने संयन्त्रहरू निर्माण कै क्रममा रहेको र दक्ष एवं क्षमतायुक्त कर्मचारीहरूको अभावका कारण पनि यस्तो समस्या रहन गएको छ।

### ८.३.२ बजेट निर्माण

बजेट निर्माणसम्बन्धी प्रकिया र कार्यहरूबारे संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमावली तयार गरेपछि यसबारे स्थानीय सरकार सञ्चालन ऐनमा नै व्यवस्था गरिएको छ। केन्द्रीय

आर्थिक प्रणालीसंग तादाम्यता राख्नु पर्ने भएकाले सोहि आधारमा स्थानीय तहमा बजेट निर्माण कार्य भएको देखिन्छ।

- **आयव्ययको प्रस्तुतिः** स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको तथ्याङ्कसहितको विवरण प्रत्येक वर्षको पुष मसान्तभर मन्त्रालय सामु पेश गर्नुपर्ने हुन्छ। यस्तो विवरण अन्तर्गत मूलतः व्ययको अनुमान, आफ्नो स्रोतबाट संकलन हुन सक्ने अनुमानित राजस्व, राजस्व बाँडफाँडबाट प्राप्त हुनसक्ने अनुमानित रकम, अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम, बजेट घाटा पूरा गर्न आवश्यक पर्ने अनुमानित रकम र सो पूरा गर्ने स्रोतको उल्लेख गर्नुपर्ने हुन्छ। नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग परामर्श गरी आर्थिक वर्षको फागुन मसान्तभरमा राजस्व बाँडफाँड, वित्तीय समानीकरण सीमा उपलब्ध गराउनुपर्ने हुन्छ। स्थानीय तहका सरकारहरूले यस्तो आय व्ययको विवरण असार १० गते भित्र पेश गर्नुपर्ने कानुनी व्यवस्था छ। यस्तो व्यवस्था भएपनि केही गाउँ वा नगरपालिकाहरूले सो अनुरूप आफ्नो जिम्मेवारी पूरा नगरेको समेत पाइएको छ।

- **स्थानीय सञ्चित कोष (धारा २२९)** (१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने र त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम यस सञ्चित कोषमा रहने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा स्थानीय सञ्चित कोषमा गाँउपालिका र नगरपालिकाले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, कुनै व्यक्ति संघ संस्थाबाट प्राप्त रकम, राष्ट्रिय प्राथमिकताको आधारमा गाउँपालिका तथा नगरपालिकाको लागि नेपाल सरकारले स्वदेशी सरकार, निकाय संघ संस्था वा व्यक्तिबाट उपलब्ध रकम, अन्य गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम, आन्तरिक ऋणबाट प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम सञ्चित कोषको रूपमा समावेश गरिने व्यवस्था गरिएको छ। सोही ऐनको दफा ७५ मा उक्त सञ्चित कोषको रकम खर्च नभै बाँकी रहेको अवस्थामा आर्थिक वर्षको अन्त्यमा सोही सञ्चित कोषमा स्वतः जम्मा हुने व्यवस्था छ। यस प्रावधानले स्थानीय सरकारहरूबाट सञ्चित कोष निरन्तर रूपमा सञ्चालन गर्न सक्ने छुट दिएको छ।

  सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले सञ्चित कोषको खाता खोली सञ्चालन गरिदिने व्यवस्था गरिसकेको भए पनि सञ्चित कोषको नमूना

ढाँचा र सो को विवरण भर्ने र प्रतिवेदन तयार गर्ने जस्ता पक्षबारे संघीयस्तरबाट आवश्यक कार्य हुन सकेको देखिंदैन।

- **आयोजना तथा कार्यक्रमको निर्माणः** अझै पनि अधिकांश स्थानीय सरकारहरूले आयोजना तथा कार्यक्रमहरूको सम्भाव्यता अध्ययन र तिनको लेखाजोखा बिनै सामान्य माग पत्रको आधारमा बजेटमा समावेश गर्ने गरेको देखिन्छ। यसरी आयोजना तयारीसम्बन्धी अनुशासनको पालना नगन्य रूपमा भएको देखिन्छ। संघ, प्रदेश र स्थानीय सरकारको कार्यक्षेत्रबारे रहेको अस्पष्टताका कारण सबै प्रकृतिका आयोजनाहरू तीन तहमै सञ्चालन भई दोहोरोपनको ठूलो समस्या देखिन्छ।

- **खातासुची तथा खर्चको वर्गीकरणः** मध्यकालीन खर्च संरचनाभित्रका क्रियाकलापहरूको विवरण तयार गरिएपछि खर्चको लाइन आइटम (तलब, भत्ता, भवन निर्माण आदि) यकिन गर्नुपर्ने हुन्छ। राजस्व र खर्चको वर्गीकरणको लागि खातासूचीको उपयोग गरिनु पर्ने हुन्छ। स्थानीय सरकार सञ्चालन ऐनमा गाउँ तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण तथा खर्चका शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख गरिएको छ। यसमा गाउँ तथा नगरपालिकाले अवलम्बन गरेको मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गीकरण गर्नुपर्ने प्रावधान समेत छ। हालसम्म यस्तो थप वर्गीकरण हुन सकेको छैन।

- **खर्चको मापदण्ड सम्बन्धी व्यवस्थाः** स्थानीय तह सञ्चालनसम्बन्धी ऐन २०७४ मा प्रत्येक गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभरको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने व्यवस्था छ। यस्तो श्रमिकको ज्यालाको निर्धारण नेपाल सरकारको राष्ट्रिय न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी तोक्नुपर्ने र यसरी तोक्दा आर्थिक वर्ष शुरु हुनु भन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ। तर समग्र खर्चको लागि क्रियाकलापमा आधारित खातासूचीअनुसारको खर्च मापदण्ड तोकिएको अवस्था छैन। संघीय सरकारले प्रचलनमा ल्याएको निर्माणसम्बन्धी दरविश्लेषण प्रक्रियाको लागि स्वीकृत मापदण्डलाई नै स्थानीय सरकारहरूले लागत अनुमानको आधार बनाएको देखिएको छ।

- **बजेटको वर्गिकरणः** लाइन आइटम र खर्चको प्रकृतिको आधारमा उपभोग, सञ्चालन, हस्तान्तरण र पुँजीगत खर्चको आधारमा बजेटको वर्गीकरण गर्दै आयोजना वा कार्यक्रमको प्रतिफल वा उपलब्धिको आधारमा बजेटलाई चालु, पुँजीगत र वित्तीय गरी तीन भागमा वर्गीकरण गरी बजेट निर्माण गरिनु पर्ने हुन्छ। यसैका आधारमा स्थानीय सरकारको कार्यक्रमहरूले केमा योगदान गरेका छन् भन्ने मापन गर्न सकिने हुन्छ। स्पष्ट मापदण्डका आधारमा यस्तो वर्गीकरण समेत भएको पाइँदैन।

### ८.३.३ बजेटको स्वीकृति

स्थानीय सरकार सञ्चालन ऐनले बजेट पेश गर्ने तथा पारित गर्ने व्यवस्था गरेको छ। यसअनुसार अध्यक्ष, प्रमुख, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। यसरी वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान र आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाई सभामा पेश गर्नुपर्ने हुन्छ। सो बजेट माथि कार्यतालिका बनाई पन्ध्र दिनभित्र छलफल सम्पन्न गरी सभाले बजेट पारित गर्ने वा सुझाव सहित कार्यपालिकामा पठाउन सक्ने व्यवस्था गरिएको छ। कार्यपालिकाले यसरी फिर्ता भएको बजेट उपर पुनःविचार गरी ५ दिनभित्र पुनः पेश गर्नुपर्ने हुन्छ। स्थानीय सरकार सञ्चालन ऐनले सभाले पेश भएको बजेट असार मसान्तभर पारित गरिसक्नु पर्ने व्यवस्था गरेको छ। पूरक अनुमान तथा बजेटसम्बन्धी अन्य व्यवस्था समेत स्थानीय कानूनबमोजिम हुने व्यवस्था गरिएको छ। बजेट पास गरेका निकायहरूमा बजेट स्वीकृतिको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको स्थिति छ।

### ८.३.४ बजेट कार्यान्वयन

- **बजेट, खर्च र राजस्व व्यवस्थापनः** राजस्वसम्बन्धमा तीनै तहको सरकारलाई आफ्नो तहको भौगोलिक क्षेत्रमा लागू हुने कानूनको अधिनमा रही संघ, प्रदेश र स्थानीय तहलाई क्रमशः अनुसूची १, २ र ३ मा उल्लिखित कर, गैर कर र रोयल्टी लगाउन सक्ने तथा दण्ड जरिवाना उठाउन सक्ने अधिकार प्रदान गरिएको छ। तर कुनै दुई तहले उठाउने उल्लिखित करहरू एकल प्रशासनसम्बन्धी व्यवस्थाअनुसार एक तहले उठाएर प्रशासनिक खर्च वापत दुई प्रतिशत रकमसम्म छुट्याई बाँकी रकम सम्बन्धित तहको सञ्चित कोषमा बाडफाँड गर्नुपर्ने व्यवस्था गरिएको छ। यसबाट राजस्वको वर्गीकरण र तहअनुसार कर उठाउने व्यवस्थामा केही सरलीकरण भएको देखिन्छ। मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क रकमको बाँडफाँडको लागि एक संघीय विभाज्य कोष खडा गरी रकम जम्मा गर्ने र सो कोषबाट तीनै तहमा रकम बाँडफाँड गर्ने व्यवस्था गरिएको छ जसअनुसार संघ, प्रदेश र स्थानीय तहलाई क्रमशः ७०, १५ र १५ प्रतिशत संघको सञ्चित कोष तथा प्रदेश र स्थानीय तहको विभाज्य कोषमा जम्मा गरिने प्रावधान छ। यस्तो रकम मासिक रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेअनुसार जम्मा गरिने प्रावधान रहेको छ। त्यस्तै प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड रकम संघीय विभाज्य कोषमा राखिने र सो रकम सम्बन्धित तहको सञ्चित कोषमा वित्त आयोगको सिफारिशमा जम्मा हुने व्यवस्था छ।

अनुदानको सम्बन्धमा नेपाल सरकारले वित्तीय समानीकरण, सशर्त अनुदान, सम्पूरक तथा विशेष अनुदान रकम कामको प्रकृति हेरी प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्न सकिने व्यवस्था छ।

- **वैदेशिक ऋण तथा अनुदान सहायताः** वैदेशिक ऋण तथा अनुदान लिने अधिकार नेपाल सरकारको रहने व्यवस्था गरि स्थानीय सरकारलाई यस्तो अधिकार प्रदान गरिएको छैन। आन्तरिक ऋण भने नेपाल सरकारको अनुमति लिई स्थानीय तहले लिन सक्ने व्यवस्था गरिएको छ। स्थानीय तहले नेपाल सरकारसँग ऋण लिएर खर्च व्यवस्थापन गर्न सक्ने समेत व्यवस्था छ। अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐनमा स्थानीय तहले सार्वजनिक बजेट र खर्चको व्यवस्था गर्दा प्रत्येक आर्थिक वर्षमा सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ। यस्तो अनुमानमा चालु, पुँजीगत र वित्तीय व्यवस्थाको शीर्षकमा रकम छुट्याउनु पर्ने गरिएको छ। यो काम खातासूची अनुसार गर्नुपर्ने हुन्छ।

- **आन्तरिक नियन्त्रणको कार्यान्वयन पद्दतिः** स्थानीय सरकार सञ्चालन ऐनको दफा ७८ मा स्थानीय सरकारको आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ। यसमा प्रत्येक स्थानीय सरकारले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरी कार्यालयहरूबाट मितव्ययी, प्रभावकारी, नियमित र न्यायोचितपूर्ण ढंगबाट कार्य सम्पादन गर्दै वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्ने र कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। यसअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कामको प्रकृति अनुरूप जोखिमको पहिचान, नियन्त्रणको वातावरण र सुचनाको अभिलेखन, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटनु पर्ने व्यवस्था छ। अनुगमनका लागि गाउँपालिका वा नगरपालिकाको अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने ऐनमा व्यवस्था छ।

  स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो व्यवस्था भए पनि स्थानीय सरकारहरूले आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी लागू गर्न सकेको स्थिति छैन। यो कार्य प्राविधिक प्रकृतिको रहनुका साथै स्थानीय सरकारको समग्र नीति, बजेट तथा कार्यान्वयनसम्बन्धी व्यवस्थासँग जोडिएकाले धेरै प्रगति हुन नसकेको स्थिति छ।

- **अख्तियारी तथा बजेट र स्रोतको बाँडफाँडः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ बमोजिम खर्च गर्ने अख्तियारी गाउँ वा नगर सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्ष्यले प्रमुख प्रशासकीय अधिकृतलाई दिनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। यस्तै, सो अख्तियारी प्राप्त भएको पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा

प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। यसरी अख्तियारी प्राप्त अधिकारीलाई बजेटको परिधि भित्र रही खर्च गर्ने, लेखा राख्ने वा राख्न लगाउने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने गराउने उत्तरदायित्व दिइएको छ।

- **आर्थिक कार्यविधि कानूनको व्यवस्थाः** स्थानीय सरकारहरूले स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम आर्थिक कार्यविधिसम्बन्धी काम गरेको भए पनि छुट्टै आर्थिक कार्यविधि ऐनको व्यवस्था गरेको देखिँदैन। आर्थिक कार्यविधि नियमावली बनाउन सक्ने गरी सो नियमावली भने निर्माण गरेको देखिन्छ।

- **खातासूचीसम्बन्धी व्यवस्थाः** महालेखा नियन्त्रक कार्यालयले राजस्व र बजेट खर्चको वर्गीकरण अन्तर्राष्ट्रिय मुद्रा कोषको सरकारी वित्त तथ्याङ्क, २०१४ को मार्ग दर्शनअनुसार अद्यावधिक गरी स्थानीय र प्रदेश सरकारका लागि समेत वर्गीकरण गरी सो अनुसारको खातासूची प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि नेपाल सरकारले तोकेको खातासूची प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ।

- **खाता सञ्चालनः** स्वीकृत बजेटको अधिनमा रही अख्तियारी प्राप्त अधिकारीले प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने वा रखाउने, लेखा परीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने समेतको व्यवस्था गरिएको छ। स्थानीय कोषको सञ्चालन गाउँ वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख वा निजहरूले तोकेको पदाधिकारीहरूले गर्ने व्यवस्था गरिएको छ। प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्य प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिएको छ। कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था समेत गरिएको छ।

- **खरिद व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ अनुसार गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नुपरेमा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने व्यवस्था गरिएको छ भने सो ऐनको अधिनमा रही सम्बन्धित गाउँ वा नगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था गरिएको छ।

- **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कार्यालयबाट सम्पादन गर्ने कार्यमा मितव्ययी र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने व्यवस्था गरिएको

छ। यसको लागि कामको प्रकृति जोखिमको पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन र मूल्याङ्कन विषयलाई समेटनु पर्ने व्यवस्था रहेको छ।

### ८.३.५ लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन

- **लेखाङ्कन अवधि र व्यवस्थाः** प्रत्येक वर्षको साउनदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई कायम गरी आय व्ययको हिसाब राख्नुपर्ने र नेपाल सरकारले निर्धारण गरेअनुसार आय व्ययको वर्गीकरण र खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा मूल शीर्षकमा फरक नपर्ने गरी आय व्ययको थप वर्गीकरण गर्न सक्ने व्यवस्था कानुनमा गरिएको छ।

- **प्रतिवेदन व्यवस्थाः** स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरणसम्बन्धी प्रतिवेदन त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिन भित्र मन्त्रालय तथा प्रदेश समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय र व्ययको विवरण नेपाल सरकारले तोकेको ढाँचामा तयार गर्नुपर्ने र स्थानीय तहबाट प्राप्त भएको विवरण समेत समावेश गरी प्रदेशले आफ्नो आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त मितिले तीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ। साथै, प्रदेश तथा स्थानीय तहले दोश्रो चौमासिक आय व्ययको विवरण पेश गर्दा तेश्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नुपर्ने र यस्तो विवरण पेश नभएमा तेश्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। तोकिएको अवधि भर विवरण पेश हुन नआएमा नेपाल सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्ने व्यवस्था समेत गरिएको छ। केही स्थानीय तहले प्रतिवेदन पेश नगरेको हुँदा अनुदान रोक्का रहेको अवस्था छ।

- स्थानीय तहले चौमासिक प्रगति विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिन भित्र कार्यपालिका बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह तथा वडा कार्यालयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक गर्नुपर्नेछ। साथै, स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था गरिएको छ। यस्तो अभ्यास शुरु हुने क्रममा रहेकोले पूर्ण कार्यान्वयन नभएको अवस्था छ।

- **सूचना प्रविधिको उपयोग गर्नेः** स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारवाहीमा एकरूपता कायम गर्न, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सूचना

प्रविधिको ढाँचा तोक्न सक्ने व्यवस्था गरेको छ। यसबाट प्रतिवेदनको समग्र कामको लागि समेत सहयोग पुग्ने देखिन्छ।

यसरी स्थानीय तहको लागि लेखाङ्कन र प्रतिवेदनको प्रावधान गरिएको भएता पनि लेखाङ्कन र प्रतिवेदनको ढाँचा तयार हुन बाँकी रहेको देखिन्छ। सञ्चित कोषको प्रतिवेदनको ढाँचा समेत निश्चित नगरिएकोले प्रदेश तथा संघले प्रदेश र संघस्तरीय एकीकृत सञ्चित कोष तयार गर्न सक्ने अवस्था देखिंदैन। सूचना प्रविधिको माध्यमबाट खर्च र लेखाङ्कन, तथा प्रतिवेदन गर्ने कार्य अझै भई नसकेको हुँदा सरकारको सम्पूर्ण वित्तीय प्रतिवेदन तयार हुने अवस्था विद्यमानमा देखिंदैन। हाल स्थानीय तहले आफै विभिन्न लेखाको सफ्टवेयरहरू प्रयोगमा ल्याएको जानकारीमा आएकोले सरकारले चाहे जस्तो एकीकृत प्रतिवेदन, आर्थिक विवरण तथा सञ्चित कोषको स्थिति यकिन गर्न सकिने अवस्था हालसम्म बनिसकेको छैन।

### ८.३.६ बाह्य छानविन तथा परीक्षण

स्थानीय तहले आफ्नो आय व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था गरिएको छ। त्यस्तै, स्थानीय तहले कानूनबमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने र आन्तरिक लेखा परीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखा परीक्षण हुनु अगावै सम्परीक्षण गराउनु पर्ने समेत व्यवस्था गरिएको छ।

हालसम्मको अभ्यासमा आन्तरिक लेखापरीक्षणको खासै प्रभावकारिता देखिएको छैन भने स्वतन्त्र र दक्ष लेखापरीक्षक पेशाविदको अभावमा आन्तरिक लेखा परीक्षणको कार्य समेत अझै भएको देखिंदैन। महालेखा परीक्षकको कार्यालयले औंल्याएको कैफियत र बेरुजुलाई दृष्टिगत गर्दा स्थानीय तह सोझै खरिदमा प्राथमिकता दिई प्रतिस्पर्धामा कम ध्यान दिएको, लेखाङ्कन नगरेको, प्रतिवेदनमा नियमितता नभएको, प्रमाण नजुटाएको, अभिलेख पूर्ण नभएको र सञ्चित कोषको व्यवस्थापनको कार्यमा जिम्मेवार नभएको देखिन्छ।

## ८.४ वित्त व्यवस्थापन प्रभावकारिताको लागि प्रस्तावित खाका

स्थानीय तहमा वित्त व्यवस्थापन प्रणाली स्थापित गरी प्रभावकारी बनाउन हाल रहेका कमी कमजोरीलाई सम्वोधन गर्दै निम्न ढाँचा चरणवद्ध रूपमा कार्यान्वयनमा ल्याउन आवश्यक छः

### ८.४.१ योजना तथा नीति तर्जुमा

- स्थानीय तहले आ-आफ्नो क्षेत्र भित्रका सम्भावना समेतको आधार बनाई विकास निर्माण, समृद्धि र सुशासनको क्षेत्रमा गर्ने कार्यहरू सूचिबद्ध गरी राष्ट्रिय नीति तथा कार्यक्रम समेतलाई ध्यानमा राखेर

क्षेत्रगत रूपमा आवधिक योजना तयार गर्नु पर्दछ। यसले लक्ष्य रणनीति तथा नीतिमा विशेष ध्यान दिनु पर्दछ। आवधिक योजनाका आधारमा मध्यकालीन खर्च संरचना तयार गरिनु पर्दछ। योजना तयारीमा विषय विशेषज्ञ, नीजि क्षेत्र, विभिन्न सरोकार समूह तथा आमरूपमा नागरिक समाजलाई सहभागी बनाउनुपर्छ। यसको नेतृत्व अध्यक्ष वा प्रमुखको अध्यक्ष्यतामा गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नै गरी योजना तथा कार्यक्रमको समग्र स्वरूप निर्धारण गर्न सकिन्छ। योजनाका आधारमा मध्यकालीन खर्च संरचना र त्यसको आधारमा तयार गरिने योजना तथा आयोजनाका लागि निम्न सिलसिलावद्ध कार्यविधि अपनाउन उपयुक्त हुनेछ।

- उप प्रमुखको संयोजकत्वमा गठित स्थानीय राजस्व परामर्श समितिबाट राजस्व तथा अन्य स्रोतको प्रक्षेपण फागुन १५ सम्ममा प्राप्त गर्ने।

- अध्यक्ष वा प्रमुखको अध्यक्षतामा गठन हुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले संघ तथा प्रदेशको बजेट विनियोजनबाट स्थानीय तहको लागि छुट्याइएको वा विगतमा खर्च भएको वा प्रतिवद्धता समेत रहेको खर्च तथा बजेट उपलब्धताको साथै स्थानीय तहको उपलब्ध स्रोत अनुमानको आधारमा समग्र स्थानीय तह र वडास्तरको लागि बजेट सीमा फागुन मसान्त भित्र तोकी पठाउने।

- आगामी आर्थिक वर्षको बजेट तथा स्रोतको सीमा तथा आयोजना तर्जुमा मार्गदर्शन चैत्र १५ गते भित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाको विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउने।

- **जनसहभागितामा योजना छनौटः** प्राप्त बजेट सीमाको आधारमा वडा अध्यक्षले वडास्तरको आयोजना तर्जुमाको कार्य गर्ने। बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी वडा, बस्ती तथा टोलस्तरबाट आयोजना संकलन कार्य गर्ने र सोको लागि वडा सदस्यसहितको वडा भेला गरी जन सहभागिता सुनिश्चित गर्ने। सो भेलाको निर्णयको आधारमा चैत मसान्त भरी वडा कार्यालयले आयोजना माग संकलन गरिसक्ने।

- आयोजनाको माग संकलनपछि प्राथमिकीकरण निर्धारण गर्ने र सो आधारमा छनौट गरी वडाअध्यक्षले प्रत्येक वर्षको वैशाख ७ गते भित्र गाउँ वा नगरपालिकाको योजना तथा कार्यक्रम तोकिएको ढाँचामा गाउँ वा नगरपालिका प्रमुख समक्ष पेश गर्ने।


- अध्यक्ष वा प्रमुखले आफ्नो निकायको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा सो कार्यक्रम वा आयोजना पठाउने।

- **आयोजना रुजु र स्रोत निर्धारणः** संघ तथा प्रदेशको बजेटको साथै स्थानीय सरकारको उपलब्ध स्रोत अनुमानको आधारमा भौतिक, सामाजिक र आर्थिक प्रकृतिको साथै सुशासनसम्बन्धी कार्यक्रम तथा आयोजनाहरूको पहिचानको सूचीसँग तादाम्यता मिलाई आयोजना सूची र स्रोतको निर्धारण कार्य गर्ने। सो समितिले विगतमा कार्यसम्पन्न अभिलेख, कार्यसम्पन्न अवस्था, प्राथमिकीकरण एवं उपलब्ध स्रोत तथा साधनको आधारमा स्रोतको सीमा र आयोजना वा कार्यक्रमको अन्तिम सूची वैशाख १५ गते भित्र तयार गर्ने।

- **सञ्चालन हुन नसक्ने आयोजना संघ र प्रदेशमा पठाउनेः** प्राविधिक, कार्यसञ्चालन कार्यकुशलता वा बजेटको परिमाणको आधारमा स्थानीयस्तरमा सम्पादन हुन नसक्ने आयोजना भएमा सो गाउँ वा नगरपालिकाले निर्णय गरी प्रदेश सरकार वा संघीय सरकार समक्ष आयोजना तयारीको ढाँचामा वैशाख १५ सम्म पेश गर्ने।

- **मध्यमकालीन खर्च संरचनाः** अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा प्रत्येक सरकारले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको विवरण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान राखिएको छ। प्रस्तावित योजनाको उद्धेश्य, सम्भाव्यता अध्ययनको विवरण, खर्चको आवश्यकताको पुष्टयाई, कार्यान्वयन हुने आर्थिक वर्ष र सो आर्थिक वर्ष पछिका दुई आर्थिक वर्षपछि प्राप्त हुने प्रतिफल र उपलब्धि, आयोजनाको लागि कुल खर्च तथा लागत अनुमान, खर्च व्यहोर्ने स्रोत र प्राप्त हुने प्रतिफल र उपलब्धिको विवरण समावेश हुनुपर्ने प्रावधान राखिएको छ। स्थानीय सरकारले बजेट तयार गर्नु अघि आगामी ३ वर्षको लागि अनुमानित खर्च विवरणको आधारमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। मध्यकालीन खर्च संरचना बजेट बनाउने एउटा दृष्टिकोण हो। बार्षिक बजेट बनाउदा मध्यकालीन दृष्टिले बनाएमा कार्यक्रम वा परियोजनाको लागत र स्रोत अनुमान गर्न सकिन्छ। स्थानीय तहले आफ्नो क्षेत्र भित्र बिकासका कार्यहरु एक वर्ष भन्दा बढी समयका पनि हुन्छन।ति कार्यक्रम तथा परियोजनालाई बार्षिक बजेमा राख्दा मध्यकालीन अथवा ३ बर्षे दृष्टिकोण आवश्यक पर्दछ। मध्यकालीन खर्च संरचनाका बारेमा अध्याय ५ मा बिस्तृतरुपमा उल्लेख गरिएको छ।उक्त जानकारी भए पछी तल चित्रमा दिइएको प्रक्रिया अबलम्बन गरि स्थानीय तहले मध्यकालिन खर्च संरचना तयार गर्नु पर्दछ।

**चित्र न. १: मध्यकालीन खर्च संरचना**




➢ **बजेट पेश र पारित गर्नेः** उपाध्यक्ष उपप्रमुख वा कार्यपालिकाले तोकेको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने। यस्तो बजेटमा वर्षको राजस्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनु पर्ने व्यवस्था गर्ने। सभाले पेश भएको बजेटमा कार्यतालिका बनाई १५ दिन भित्र छलफलको काम सम्पन्न गरिसक्ने।

➢ **आयोजनाको सम्भाव्यता अध्ययन गर्नेः** नीति र कार्यक्रमको आधारमा आयोजनाहरूको आर्थिक सामाजिक वातावरणीय, प्राविधिक, वित्तीय र आर्थिक पक्षको सम्भाव्यता अध्ययन पूरा गरेर आयोजनाको प्रकृति र प्रकार निर्धारणका आधारमा आयोजनाको सूची तयार गरी कार्य, स्रोत, क्षमता र नतिजाको तादाम्यता मिलाउने। यस्तो कार्य योजना शाखाका पदाधिकारीहरूबाट सम्पादन गराउने।

➢ **आयोजना तर्जुमा गर्ने ढाँचा तयार गर्नेः** स्थानीय सरकारका योजना संयन्त्रले आफ्नो क्षेत्र भित्रको नीति र कार्यक्रमहरूको आधारमा तयार गरिने आयोजनाको स्वरूपमा आयोजना तयार गर्ने ढाँचा तोक्ने। हालको लागि संघीय सरकारले प्रयोग गर्ने गरेको आयोजनाको तयार गर्ने ढाँचा र आवश्यक विवरणहरू समेत यकिन गरी आयोजना स्वरूप तयार गर्ने।

➢ **आयोजना अनुगमन सूचकहरू तयार गर्ने र अनुगमन ढाँचा तोक्नेः** योजना संयन्त्रले आयोजना तयार गर्न, कार्यान्वयन गर्न र अनुगमन तथा मूल्याङ्कनको लागि राष्ट्रियस्तरमा राष्ट्रिय योजना आयोगले तयार गरेको अनुगमन सूचकहरू समेतलाई ध्यानमा राखी स्थानीयस्तरमा उपयुक्त हुने गरी अनुगमन सूचकहरू र अनुगमन तथा मूल्याङ्कनको आधार र ढाँचा तय गर्ने। बजेट तथा तर्जुमा समितिलाई २०७५। ७६ देखि प्रत्येक २। २ महिनामा र अध्यक्ष वा प्रमुखको अध्यक्षतामा ४। ४ महिनामा समग्र अनुगमन र मूल्याङ्कन गर्ने कार्य गर्ने। मूल्याङ्कनको प्रतिवेदन सार्वजनिक गर्ने अनिवार्य व्यवस्था मिलाउने।

➢ **योजना तयार गर्न सक्ने क्षमता विकासः** योजना संयन्त्र वा एकाईमा कार्यक्रम तथा आयोजनाको प्रारूप निर्माण गर्न सक्ने दक्ष जनशक्तिको पहिचान र विकास गर्नका लागि स्थानीयस्तरमा योजना समूहको विकास गर्ने। समूह विकास गर्न नसकिएमा योजना कार्य गर्ने सबै कर्मचारीहरूलाई प्रत्येक वर्ष योजना तयार गर्ने सीपको तालिम दिने। प्रदेशस्तरमा रहने तालिम केन्द्रले प्रत्येक वर्ष यस्तो तालिम कार्यक्रम तथा गोष्ठीको आयोजना गरी जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने र विशिष्टताको विकास गर्ने।

स्थानीय तहको लागि आयोजना तयारीको प्रकृया र चरणहरू (Project Formulation Steps) निम्नानुसार हुन उपयुक्त हुनेछः

**आयोजना तयारी प्रकृया। चरणहरू (Project Preparation Steps)**

| चरण | चरणको मुख्य कार्य | मुख्य कार्यको प्रामाणिकताको लागि सम्पन्न गर्नुपर्ने कार्यहरू | जिम्मेवार पदाधिकारी, निकाय | सम्पन्न हुने काम | सम्पन्न गर्ने समय |
|---|---|---|---|---|---|
| प्रथम | राजस्व स्रोत यकिन गर्ने | • स्थानीय तहले उठाउने राजस्वका स्रोतहरू र सम्भाव्य आयको अनुमान गर्ने<br>• राजस्व बाँडफाँडबाट प्राप्त हुने राजस्व रकम यकिन गर्ने<br>• स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा राजस्वको विवरण प्रतिवेदन पेश गर्ने | उपप्रमुखको अध्यक्षतामा राजस्व परामर्श समिति | राजस्व स्रोत यकिन प्रतिवेदन | फागुन १५ |
| दोश्रो | स्रोत अनुमान र बजेट सीमा निर्धारण गर्ने | • राजस्व परामर्श समितिको प्रतिवेदनको आधारमा राजस्वको स्रोत यकिन गर्ने<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार सशर्त तथा वित्तीय समानीकरण अनुदान लगायत अन्य अनुदान निश्चित गर्ने<br>• आयोजना कार्यक्रमको प्रकृति र आयतनअनुसार राजस्व, ऋण, रोयल्टी, वैदेशिक सहायताको रकमको उपलब्धता यकिन गरी खर्चको सीमा निर्धारण गरी शाखा, महाशाखा र वडास्तरसम्मको बजेट सीमा निर्धारण गर्ने | अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | स्थानीय तहको समग्र आय प्राप्ति र बजेटको कुल परिमाण यकिन | फागुन मसान्त |
| तेश्रो | बजेट सीमा पठाउने | • स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयअनुसार शाखा महाशाखा र वडा सचिवलाई | प्रमुख प्रशासकीय अधिकृत | शाखा महाशाखा र वडा सचिवलाई | चैत १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बजेट सीमा पठाउने | | बजेट सीमा प्राप्त हुने | |
| चौथो | बजेट सीमा अनुसार विषयगत बजेट सीमा यकिन गर्ने | • वडा सचिवले बजेट सीमामा उल्लेखित कार्यहरूको विगतमा भएको क्षेत्रगत कार्यहरूको अभिलेख भिडान गरी तथ्याङ्क यकिन गर्ने र बजेट सीमामा उल्लिखित निर्देशनको आधारमा अब गर्नुपर्ने सम्भाव्य विषयगत कार्यहरू यकिन गर्ने<br>• निर्धारीत विषयगत कामको आधारमा वडा अध्यक्ष समक्ष विषयगत रूपमा (शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि आदि) बस्ती वा टोलगत बजेट सीमा पेश गरी स्वीकृत गराउने | वडा सचिव र वडा अध्यक्ष, शाखा महाशाखा प्रमुखहरू | विषयगत र टोलगत वा बस्तीगत बजेट सीमा निर्धारण | चैत २० |
| पाँचौ | वडास्तरीय भेला गरी विषयगत रूपमा वडागत आयोजनाहरू निर्धारण गर्ने | • बस्ती र टोलस्तरमा आयोजना वा कार्यक्रम र प्राथमिकता बारे भेला गर्ने, छलफल गर्ने, बस्ती तथा टोलगत विवरण समेत निर्णय गर्ने<br>• आयोजना तयार गर्दा भर्नुपर्ने विवरणअनुसारको परीक्षण गरी आयोजना तयार गर्ने<br>• विषयगत आधारमा बस्ती वा टोलको विषयगत कार्यक्रम र आयोजनाको प्राथमिकता सूची तयार गर्ने, र<br>• बजेट सीमा बाहिरका आयोजनाहरूको सूची समेत तयार गरी निर्णय गर्ने | वडा अध्यक्ष,वडा सदस्य, वडा सचिव, विषयगत शाखा, महाशाखाका प्रमुखहरू, नागरिक समाज र निजी क्षेत्र समेत | वडागत र विषयगत प्राथमिकता आयोजना सूची र बजेट सीमा बाहिरका वडागत सूची तयार | चैत मसान्त |
| छैठौं | स्थानीय तहगत आयोजनाको एकीकृत र वडागत विवरण यकिन गर्ने | • वडास्तरबाट प्राप्त आयोजना सूचीको आधारमा विषयगत (शिक्षा, स्वास्थ, कृषि, खानेपानी, सडक आदि) एक भन्दा बढी वडामा वा वडास्तरमा नै सञ्चालन गर्नुपर्ने आयोजनाको प्राथमिकताको क्रम सहित (दिगो विकास लक्ष्य समेत विचार गरी) छनौट गरी प्रारम्भिक सूची तयार गर्ने<br>• स्थानीय निकायले मात्र गर्ने वा अर्को स्थानीय निकाय समेतमा कार्य हुने आयोजना भए सो समेत यकिन गरी खास आयोजनाको खाकामा तयार गर्ने<br>• स्थानीय तहको बजेट सीमाभित्र नपरेको आयोजना वा कार्यक्रम भए प्रदेश वा संघले सञ्चालन गर्ने वा दुवैको साझेदारीमा सञ्चालन गर्न सकिने आयोजनाको सूची तयार गर्ने | योजना महाशाखा प्रमुख, विषयगत शाखा प्रमुखहरू र योजना महाशाखाका कर्मचारीहरू तथा आयोजना विकास विशेषज्ञ | स्थानीय तहगत आयोजनाको एकीकृत र वडागत आयोजनाको विषयगत सूची तयार<br>प्रदेश वा संघले वा साझेदारीमा गर्ने आयोजना सूची तयार | वैशाख ७ |
| सातौं | स्थानीय तहगत आयोजनाको सूची निर्धारण गर्ने | • स्थानीय तह प्रमुख वा अध्यक्ष समक्ष स्थानीय तहगत (वडास्तरीय समेत) , प्रदेश र संघ स्तरको लागि प्रस्ताव गर्नुपर्ने आयोजनाहरूको सूची पेश गरी निर्णय गर्ने<br>• स्थानीय, प्रदेश र संघसँगको साझेदारी वा सहयोगमा सम्पन्न गर्न उपयुक्त हुने आयोजनाको अन्तिम सूची तयार गरी निर्णय गर्ने<br>• स्थानीय तहमा सञ्चालन हुने आयोजनाहरूको प्रारम्भिक र सम्भाव्यता गर्ने आयोजनाहरूको सूचीको प्राथमिकताक्रम यकिन गरी निर्णय गर्ने | अध्यक्ष वा प्रमुख, वडाअध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा महाशाखा प्रमुख | स्थानीय तहमा सञ्चालन हुने सूची, प्रदेश र संघसँग साझेदारीमा गर्ने आयोजनाहरू, प्रारम्भिक र सम्भाव्यता अध्ययन गर्ने आयोजनाहरूको सूची तयार | वैशाख १५ |
| आठौं | आयोजनाको सम्भाव्यता अध्ययन र आयोजना ढाँचामा तयार गर्ने | • प्रारम्भिक अध्ययन भएका, सम्भाव्यता देखिएका र नदेखिएका आयोजनाहरूको विषयगत सूची तयार गर्ने सम्भाव्य आयोजना कार्यान्वयन गर्न आयोजना ढाँचामा तयार गर्ने र प्राथमिकता यकिन गर्ने<br>• सम्भाव्यता अध्ययन गर्न स्वीकृत आयोजनाहरूको प्राविधिक, आर्थिक, वित्तीय, वातावरणीय, सामाजिक आदिको आधारमा सम्भाव्यता अध्ययनको कार्य | प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा महाशाखा, आयोजना विकास विज्ञ,<br>अध्ययन गर्ने परामर्शदाता | आयोजनागत ढाँचामा विस्तृत प्राविधिक विवरण सहित आयोजना तयार<br>सम्भाव्यता अध्ययन प्रतिवेदन | निरन्तर, वैशाख २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्पन्न गर्ने<br>• स्थानीय तहमा गर्न नसकिने तर प्रदेश वा संघमा सम्भाव्यता अध्ययन तथा साझेदारीको लागि प्रस्ताव गर्ने<br>• एक वर्ष वा वहुवर्षिय आयोजनाको सूची तयार गर्ने, वहुवर्षीय आयोजनाको लागि खरिद गुरुयोजना तयार गर्ने<br>• आयोजनाको विस्तृत डिजाईन, नाप, नक्शा, परिमाण, विल, अफ क्वान्टीटी आदि यकिन गरी लागत अनुमान यकिन र अद्यावधिक गर्ने | | तयार<br>खरिद गुरुयोजना, लागत अनुमान तयार | |
| नवौं | स्थानीय तहगत आयोजनाको अन्तिम सूची यकिन गर्ने | • सम्भाव्य आयोजनाहरूको विषयगत र प्राथमिकताअनुसार कार्यान्वयन गर्न निर्णयको लागि पेश गर्ने र स्थानीय तहगत आयोजनाहरूको सूचीको निर्णय गर्ने<br>• वार्षिक र वहुवर्षीय आयोजनाको लागि छुट्टै सूची तयार गरी अद्यावधिक गर्ने | अध्यक्ष वा प्रमुख, वडाअध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकारी, नागरिक समाज र निजी क्षेत्र समेत | स्थानीय तहगत आयोजनाको अन्तिम सूची | वैशाख ३० |
| दशौं | विषयगत आयोजनाको विस्तृत विवरण | • सम्भाव्य नभएका आयोजना र आवश्यक तर बजेटमा समावेश नभएका र भविष्यमा गर्न सकिने आयोजनाको सूची तयार गरी राख्ने<br>• विषयगत आयोजनाहरूको आधारमा शाखा तथा महाशाखाहरूले विस्तृत क्रियाकलापहरू यकिन गरी, लागत अनुमान, कार्यान्वयन गर्ने समय, सम्पन्न हुनुपर्ने समयको आधारमा बजेट तथा कार्यक्रम तयार गरी आयोजनाको अन्तिम सूची तयार गर्ने | प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा महाशाखा, खरिद इकाई, आयोजना विकास विज्ञ | विषयगत आयोजनाहरूको विस्तृत प्रतिवेदन र अन्तिम सूची तयार गर्ने | जेठ ३ |
| एघारौं | स्थानीय तहको कार्यान्वयन योग्य आयोजनाको अन्तिम सूची | • विषयगत शाखा महाशाखाहरूले तयार गरेको शाखा महाशाखागत, वडास्तरीय र विभिन्न वडाहरूले सञ्चालन गर्ने प्रत्येक आयोजनाको लागत अनुमान खर्च मापदण्ड, मध्यमकालीन खर्च संरचना, संघ प्रदेश सरकार समेतको निर्देशनको आधारमा आयोजनाको अन्तिम सूचीको निर्णय गर्ने<br>• बजेट तथा कार्यक्रम तयारीको लागि वार्षिक खरिद योजना, कार्यान्वयन योजना, अनुगमन योजना, प्रतिफल सूचकहरू तयार गरी बजेटमा पेश गर्न बजेट तथा कार्यक्रम समितिमा पठाउने निर्णय गर्ने। | बजेट तथा कार्यक्रम समिति, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा महाशाखा, खरिद इकाई, आयोजना विकास विज्ञ | स्थानीय तहको कार्यान्वयन योग्य आयोजनाको अन्तिम सूची (कार्यान्वयन र खरिद योजना सहित) तयार | जेठ १० |

## ८.४.२ बजेट निर्माण

- **सञ्चित कोषको व्यवस्था र विषयवस्तुः** स्थानीय सरकारको लागि सञ्चित कोषको ढाँचा तयार गरी समावेश गरिने विषयवस्तु, तयार गर्ने समय, आय व्ययको रकम समावेश गरिने स्थान (Positioning), तयार गर्ने पदाधिकारी, बजेटसँगको सम्बन्ध, प्रतिवेदन गर्ने प्रणाली र यसको परीक्षण तथा मूल्याङ्कन गर्ने प्रणाली सम्बन्धित सरकार प्रमुख, प्रशासकीय प्रमुख, आर्थिक प्रशासन प्रमुख तथा लेखा समितिको साथै प्रदेश सभा वा नगर तथा गाउँसभाको भूमिका जस्ता पक्षहरू स्पष्ट गरिनु पर्ने। यसको लागि अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रत्येक वर्ष असोज मसान्तसम्म पेश गर्ने व्यवस्था गर्ने। ढाँचाको

आधारमा प्रकृया समेत निश्चित गरी स्थानीय सरकारको सञ्चित कोष प्रदेश सरकारले र ती दुवै सरकारको सञ्चित कोष संघीय सरकारले एकीकृत गरी राष्ट्रिय सञ्चित कोष तयार गर्ने प्रणाली स्थापित गरी प्रभावकारी बनाइनु पर्ने। सो अनुरूप महालेखा नियन्त्रक कार्यालयले समय तालिकाअनुसार पौषमा महालेखा परीक्षक समक्ष पेश गर्ने प्रणाली प्रभावकारी बनाउनु पर्ने।

- **खर्च विवरण तथा मध्यकालीन खर्च संरचनाः** माथि भनेझै आवधिक योजनालाई आधार मान्दै स्थानीय सरकारले तीन वर्षको खर्च प्रक्षेपण गरी बजेट निर्माणको दौरानमा मध्यमकालीन खर्च संरचना तयार गर्ने प्रणाली अनिवार्य गरिनु पर्ने। राष्ट्रिय स्तरसँग तादाम्यता हुने स्थानीय तहहरूमा मध्यकालीन खर्च संरचना तयार गर्ने क्षमता विकास गरी सो प्रणाली प्राथमिकतामा लागू गर्ने।

- **आयोजना तथा कार्यक्रम निर्माणः** मध्यमकालीन खर्च संरचनाको आधारमा आयोजना र वार्षिक बजेट निर्माण अनिवार्य गर्नुपर्ने। प्राथमिकताको आधारमा आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी आयोजना र कार्यक्रम निर्माण गर्ने परिपाटी बसाल्ने। प्रतिफल र उपलब्धिको आधारमा तयार गरिएको आयोजना वा कार्यक्रमहरू मात्र बजेट निर्माणको लागि स्वीकृत गर्ने परिपाटी स्थापित र सुदृढ गर्दै जाने। बजेट निर्माणमा सम्बन्धित क्षेत्रगत सार्वजनिक सुनवाई कार्यक्रम समेत गरी पूर्व बजेट छलफल गर्ने प्रणाली लागू गर्ने।

- **खर्चको मापदण्ड र लागत अनुमानः** बजेट निर्माणमा खर्चको मापदण्ड र लागत अनुमान तयारीको लागि स्थानीय सरकारको प्रत्येक विषयगत महाशाखा वा शाखाको लागि बजेट तथा कार्यक्रम समितिले नै मापदण्ड निर्धारणको काम गर्ने। सो समितिमा प्रत्येक विषयगत शाखा, महाशाखाको सदस्य र वडाको सदस्य सचिव, खरिद एकाइ र आर्थिक प्रशासन शाखा प्रमुख समेतको संलग्नतामा प्रत्येक वर्षको श्रावण महिनामा बैठक बसी विषयगत कार्यहरूको लागि खर्चको मापदण्ड निर्धारण गरी कार्यपालिकाको स्वीकृति पश्चात प्रत्येक वर्ष भाद्र महिनाको १ गते स्थानीय सरकारको लागि लागू हुने गरी खर्चको मापदण्ड प्रकाशित गर्ने। सो आधारमा नै प्रत्येक विषयगत निकायहरूले कार्यक्रमको क्रियाकलापको परिमाण तथा तालिका तय गरी खर्चको परिमाण समेत यकिन गरी लागत अनुमान तयार गर्ने। प्रत्येक वर्ष सो समितिले सोही महिनामा मापदण्ड अद्यावधिक बनाउने कार्य गर्ने।

- **खातासूचीको व्यवस्थाः** महालेखा नियन्त्रक कार्यालयले तयार गर्ने कानूनी व्यवस्था भइ सकेकोले स्थानीय सरकारले सो अनुसार नै खर्च र राजस्वको वर्गीकरण गर्ने। क्रियाकलापको आधारमा व्यवस्थापकीय प्रयोजनको लागि स्थानीय र प्रदेश सरकारले अर्थपूर्ण लागत अनुमान वा निर्णयको

लागि उपप्रणालीको रूपमा उप खातासूची विकास गरी मापदण्ड समितिले निर्णय गरे अनुसार लागू गर्न सकिने व्यवस्था गर्ने।

- **बजेटको वर्गीकरणमाः** संघीय सरकारले गरे अनुसारको वर्गीकरण कायम गर्नुपर्ने अनिवार्य भएकोले सो अनुसार स्थानीय सरकारले बजेट वर्गीकरण गर्ने परिपाटी सुनिश्चित गर्ने।

## ८.४.३ बजेटको स्वीकृति

- संवैधानिक तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बजेट स्वीकृति गर्ने प्रणाली लागू गर्ने। सो अनुसार कार्य सम्पादन भए नभएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रत्येक स्थानीय सरकारले असार ११ गतेसम्म बजेट स्वीकृतिको सूचना दिने व्यवस्था गर्ने। सो अनुसार भए नभएको अनुगमन गर्ने प्रणाली समेत मन्त्रालयमा गरिनु पर्ने।
- उल्लिखित मितिमा बजेट स्वीकृत भएको सूचना प्राप्त नभएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बजेट खर्च गर्ने कार्यमा रोक लगाई बैंक खाता रोक्का गर्न अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयमा लेखी पठाउने व्यवस्था गर्ने। सो आधारमा महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई बैंक खाता रोक्ने आदेश दिई खर्च गर्ने कार्यमा रोक लगाउने।
- बजेट स्वीकृत नगरी खर्च गर्ने स्थानीय सरकारको पदाधिकारीहरूलाई उचित दण्ड दिने प्रणाली स्थापित गर्ने। यस्तो अवस्था आएमा त्यस्तो पदाधिकारीलाई खाता सञ्चालन गर्ने कार्यमा रोक लगाई बेरुजु भएमा निजबाट नै असूल उपर हुने व्यवस्था आर्थिक कार्यविधि ऐनमा गर्ने। आय व्यय पारित नगरी खर्च गर्ने गराउने राजनीतिक पदाधिकारी तथा प्रशासकीय प्रमुखलाई खर्च भएको रकम पारित वा समर्थन नभएमा निजहरूसँग असूल उपर गर्ने गरी आर्थिक कार्यविधि ऐन, स्थानीय सरकार सञ्चालन ऐनमा संशोधन गर्ने। यसको साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनमा आर्थिक अनुशासनहीनतालाई समेत स्रोत बाँडफाँडको आधार बनाउने।

## ८.४.४ बजेट कार्यान्वयन

- **अख्तियारीको अनुगमनः** स्थानीय सरकारले मातहतका निकायहरूलाई तोकिएको अवधि भित्र अख्तियारी दिए नदिएको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अनुगमन गरी सो को जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयलाई दिई महालेखा नियन्त्रक कार्यालय मातहतका प्रदेश लेखा नियन्त्रक कार्यालय र जिल्लास्थित कोष तथा लेखा

नियन्त्रक कार्यालयहरू मार्फत बजेट खर्च रोक्का गर्ने तथा सम्बन्धित बैंकको बैंक खाता रोक्का गर्ने गरी आर्थिक कार्यविधि ऐन तथा स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गर्ने।

- **खरिद व्यवस्थापनः** आर्थिक वर्ष शुरु हुनासाथ प्रमुख प्रशासकीय अधिकृत, शाखा महाशाखा प्रमुख र सदस्य सचिवसँग कार्यसम्पादन सम्झौता गरी बजेटको कार्यान्वयन शुरु गर्ने। श्रावण २२ गते भित्र अख्तियारी दिएसँगै यस्तो कार्यसम्पादन सम्झौता गर्ने। यस्तो सम्झौताको अभिन्न अंगको रूपमा वार्षिक खरिद योजना, कार्यान्वयन योजना र प्रतिफलका सूचकहरू समावेश गर्ने। खरिद कानूनका प्रावधानअनुसार र वार्षिक खरिद योजनाअनुसार काम भए नभएको अनुगमन बजेट तथा कार्यक्रम समितिले प्रत्येक महिनाको ७ गते भित्र गर्ने प्रणाली स्थापित गर्ने। तालिका अनुसार काम नगरेमा त्यस्तो पदाधिकारीलाई सचेत र मनासिब कारण बाहेक गम्भीरताको आधारमा विभागीय दण्ड दिने व्यवस्था गर्ने। करार प्रशासनको काम गर्ने करार प्रशासकलाई सो करारअनुसारको काम गर्न पूर्ण जिम्मेवार हुने व्यवस्था गर्ने। तोकिएको समय, बजेट, परिमाण र गुणस्तर मापदण्ड भित्र सम्पन्न गर्ने सेवा प्रदायक र कार्यान्वयनमा संलग्न पदाधिकारीहरूलाई करार सम्पन्न गर्दाको समयमा बचेको रकम र समयको आधारमा पुरस्कार प्रदान गर्ने व्यवस्था लागू गर्ने।

- **बजेटको कार्यान्वयन तालिका र अनुगमन कार्यः** बजेट तथा कार्यक्रम तयार गर्दा कै अवस्थामा तयार गरिने कार्यान्वयन तालिकाअनुसार कार्यसम्पादन गर्ने व्यवस्था गरिनु पर्ने। सोको प्रत्येक महिना अनुगमन हुने व्यवस्था मिलाउने। स्थानीय तहको बजेट तथा कार्यक्रम समितिले यसको नियमित अनुगमन (मासिक रूपमा) हुने व्यवस्था गर्ने।

- **बजेट कार्यान्वयनका लागि उपयुक्त वैकल्पिक निकायहरू उपयोग गर्नेः** स्थानीय सरकारले गर्ने कार्यहरू मध्ये बाह्य पक्ष सक्षम भएको क्षेत्र जस्तै निर्माण, सचेतना, कार्यान्वयन अनुगमन, सुपरिवेक्षण, सुशासन आदिको कार्यमा सम्पन्न गर्ने उपयुक्त माध्यम (Modality) निर्धारण गर्ने। खास समुदाय वा क्षेत्रका जनताले मात्र उपभोग गर्ने अवस्था भए उपभोक्ता समिति वा सरकारले कार्य नगरी गुणस्तर, वातावरण र मूल्यको मात्र अनुगमन तथा सुपरिवेक्षण गर्ने गरी लामो अवधिको (२०, २५ वर्ष) लागि निर्माण कार्यमा सार्वजनिक निजी साझेदारीमा काम गर्ने गरी व्यवस्था गर्ने। स्वास्थ्य, शिक्षा र सामाजिक विकास र संरक्षणका कार्यहरू तथा सुशासनका क्षेत्रमा स्थान विशेष र समुदायको प्रकृति, संस्थागत क्षमता आदिको आधारमा सहकारी संस्था एवं गैर सरकारी संस्था आदि समेतको प्रयोग गर्ने प्रावधान राखी सम्बन्धित बजेटको कार्यान्वयन गर्ने प्रणाली प्रभावकारी बनाउने।

- आयोजना वा कार्यक्रम सञ्चालन गर्ने पदाधिकारीहरूलाई प्रत्येक वर्ष साउन महिनामा आयोजना व्यवस्थापन, खर्च तथा खरिद व्यवस्थापन प्रणाली र करार प्रशासन सम्बन्धी सीप क्षमता विकासको कार्यक्रम सञ्चालन गर्ने।

- अख्तियारी नदिने, खर्च तथा खरिद कार्य समयमा नगर्ने, लेखा नराख्ने र प्रतिवेदन नगर्ने, लेखा प्रस्तुत गरी बेरुजु फछ्र्यौट गर्ने जिम्मेवारी पाएका पदाधिकारीहरू आर्थिक उत्तरदायित्व पालना नगरेमा दण्डित गर्ने। कार्यकुशलतापूर्वक काम गरी राजस्व उठाउने र खर्चमा मितव्ययिता कायम गर्ने पदाधिकारीहरूलाई पुरस्कृत गर्ने खालको प्रावधान आर्थिक कार्यविधि, सार्वजनिक खरिद ऐन र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गर्ने।

- **आन्तरिक नियन्त्रण प्रणाली विकास गरी लागू गर्नेः** स्थानीय सरकारले सञ्चालन गर्ने कार्य र प्रतिवेदन पारदर्शी तथा प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली विकास गरी लागू गर्ने। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको नमुना आन्तरिक नियन्त्रण प्रणालीको आधारमा आ-आफ्नो सरकार अनुकूल तर संघीय मापदण्डबमोजिम विकास गरी लागू गर्ने। यसको लागि जिल्ला समन्वय समितिको अध्यक्षतामा अनुगमन गर्ने जिम्मेवारी तोकी प्रत्येक चौमासिकमा निर्धारित ढाँचामा अनुगमन प्रतिवेदन सरकार प्रमुख (गाउँ वा नगरपालिका प्रमुख) समक्ष पेश गर्ने व्यवस्था हुनु पर्ने। यसै आधारमा आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित, उपयुक्त र वित्तीय जोखिम (Fiduciary Risk) को अवस्थामा भए नभएको बारेमा प्रतिवेदन गर्ने व्यवस्था गर्ने।

## ८.५ लेखाङ्कन, अभिलेख तथा प्रतिवेदनको कार्यमा सुधार

**लेखाङ्कन प्रणालीको आधार निर्धारणः** स्थानीय र प्रदेश तहको लागि निम्न आधारमा लेखाङ्कन गर्ने प्रणाली विकास गरी लागू गर्ने आवश्यक छः

- **नगदमा आधारित लेखा प्रणालीः** नेपाल सरकारको हाल संघीय तहमा लागू रहेको नगदमा आधारित लेखा प्रणालीलाई नै स्थानीय तहमा पनि हाल लागू गरी सो अनुसार नै आय व्ययको प्रस्तुतिकरण, लेखाङ्कन र प्रतिवेदनको कार्य गर्ने। स्थापनाको अवस्थामा नै यस प्रणालीको कार्यान्वयन शुरु भइसकेकोले औपचारिक रूपमा घोषणा गरी सबै स्थानीय सरकारले नेपाल सरकारको नगदमा आधारित लेखा प्रणाली लागू गर्ने कानूनी व्यवस्था गर्ने। स्थानीयस्तरमा कोष तथा लेखा नियन्त्रक कार्यालयले महालेखा नियन्त्रक कार्यालयको सहमतिमा यस्तो प्रणाली प्रचलनमा ल्याउने। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयले यस्को अनुगमन र मूल्याङ्कन गर्ने।

- **प्रोदभावी लेखा प्रणालीः** नगदमा आधारित लेखा प्रणालीको कार्यान्वयन भएपछि स्थानीय तहमा प्रोदभावी लेखा प्रणाली विकास गरी लागू गर्ने। तीनै तहको एकीकृत अवस्थाको लेखाङ्कन र प्रतिवेदनको लागि संघ तहमा समेत प्राथमिकतासहित लागू गर्ने। आगामी आर्थिक प्रथम वर्षमा २०७६। ७७ मा आयोजना तयारी र क्षमता विकास तथा तालिम, दोश्रो वर्षमा कार्यान्वयन आधार तयार गरी तेस्रो वर्षमा सबै तहमा लागू गर्ने।

- **बजेट, कोष तथा प्रतिवद्धता लेखाप्रणालीः** नगदमा आधारित लेखा प्रणाली लागू भएकै हालको आर्थिक वर्ष देखि नै प्रतिवद्धता लेखा प्रणाली लागू गरी स्थानीय सरकारले बाह्य पक्षसँग गरेको करार सम्झौताको आधारमा प्रतिवद्धता लेखाप्रणालीको आधारमा पूरक लेखा प्रणाली विकास गरी लागू गर्ने। विभिन्न कोषहरू स्थापना गर्दा जस्तै आकस्मिक कोष खडा गर्दा कस्तो खर्च प्रणाली प्रयोग गर्ने, लेखाङ्कन र प्रतिवेदनले कसरी गर्ने जस्ता पक्ष निश्चित हुने गरी कोष लेखा प्रणाली लागू गर्ने। त्यस्तै, स्थानीय निकायको समग्र आर्थिक अनुशासनको अवस्थाको कार्यान्वयन र प्रतिवेदन गर्न बजेट लेखा प्रणाली समेत लागू गर्ने।

- **लेखा ढाँचाको फाराम लागुः** स्थानीय तहको लेखाङ्कन व्यवस्था प्रभावकारी बनाउन कानूनले तोकेअनुसार योजना, बजेट, कार्यक्रम, लेखाङ्कन र प्रतिवेदन लगायतका लेखाँढाँचा महालेखा नियन्त्रक कार्यालयले अविलम्ब तयार गरी महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई सबै स्थानीय तहहरूमा सो बमोजिम २०७५। ७६ देखि लेखा ढाँचा राख्ने व्यवस्था अनिवार्य गर्ने। राजस्व, खर्च, धरौटी, बजेट अवस्था, सम्पति दायित्व, सञ्चितकोषका लागि फ्लास प्रतिवेदन, मासिक, चौमासिक, वार्षिक वा अवस्थाअनुसार प्रतिवेदन तयार गर्ने प्रणाली समेतका लागि आवश्यक फारामहरूको ढाँचा महालेखा नियन्त्रक कार्यालयले तयार गराइ महालेखा परीक्षकको कार्यालयबाट स्वीकृति समेतका आधारमा स्थानीय तहमा प्रयोग गर्ने व्यवस्था मिलाउने।

- **बजेट खर्चको प्रमाण व्यवस्थित गर्न लेखा निर्देशिकाः** खर्च गर्दा जुटाउनु पर्ने प्रमाण कागजात र संलग्न हुनुपर्ने कागजातको निर्धारणको लागि नेपाल सरकारले लागू गरेको लेखा निर्देशिका प्रयोगमा ल्याई खर्च व्यवस्थापन पारदर्शी र वस्तुगत बनाउने। खर्चको आन्तरिक नियन्त्रण गर्ने कार्यविधिको लागि नेपाल सरकारले तयार गरेको लेखा निर्देशिका २०७५। ७६ देखि नै प्रभावकारी बनाउने। प्रमाण कागजात तयार नगर्ने वा समावेश नगर्ने पदाधिकारीहरूलाई (कार्य प्रमाणितमा संलग्न र प्राविधिक कार्य प्रमाणित गर्ने, खर्चको भुक्तानी स्वीकृति गर्ने र खर्चको लेखा राख्ने पदाधिकारीहरू) कार्यसम्पादन भारबमोजिम दण्ड हुने व्यवस्था गर्ने। यस्तो कार्यको नेकीबदी वेरुजुको समयमा

मूल्याङ्कन गरी स्थानीय सरकारको लेखा समितिले उपयुक्त दण्डअनुसार असुल उपर, मिनाहा, विभागीय कारवाही आदि गर्न सक्ने व्यवस्था गर्ने।

- **सञ्चालन र प्रतिवेदनमा सूचना प्रविधिको उपयोग गर्नेः** बजेट कार्यान्वयन र प्रतिवेदन कार्यको शुद्धता, नियमितता, सामयिकता र प्रभावकारिताको लागि महालेखा नियन्त्रक कार्यालयले वेभमा आधारित राजस्व, बजेट तर्जुमा, अख्तियारी प्रदान, खर्च व्यवस्थापन, निकासा, भुक्तानी, अभिलेख, लेखाङ्कन र प्रतिवेदन,जमानत, धरौटी आदिको छुट्टाछुट्टै उप प्रणाली सफ्टवेयर तयार गरी लागू गर्ने। स्थानीय तहको लागि मात्र र स्थानीय, प्रदेश र संघ तहको समष्टिगतको साथै सरकारको समग्र स्थिति र बजेटसँग सम्बन्धित सम्पूर्ण पक्षहरू समावेश हुने गरी एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली (Integrated Financial Management Information System (IFMIS) विकास गरी लागू गर्ने। स्थानीय तहको लागि राजस्व, बजेट, खर्च, लेखाङ्कन र प्रतिवेदन सहितको व्यवसायिक निर्देशन सहितको एकीकृत सफ्टवेयर विकास गरी सबै स्थानीय तहमा २०७५। ७६ देखि नै लागू गर्ने। २ वर्ष भित्र सूचना प्रविधिमा आधारित राजस्व दाखिला गर्ने र सरोकारवालालाई निजको बैंक खातामा नै भुक्तानी हुने (२०७६। ७७, २०७७। ७८) व्यवस्था लागू गर्ने। कारोवार हुँदा कै अवस्था (Transactions Based) मा खर्च भुक्तानी र प्रतिवेदन गर्ने प्रणाली स्थानीय तहमा लागू गरी समयमा नै राष्ट्रिय तहमा जानकारी हुने गरी कारोवार सञ्चालन र प्रतिवेदन हुने व्यवस्था गर्ने।

- **सञ्चित कोषको तयारी र प्रतिवेदनः** नेपाल सरकारले निर्धारण गरेको ढाँचाअनुसार स्थानीय सरकारको सञ्चित कोषको अवस्था प्रतिविम्वित हुने गरी प्रत्येक वर्षको मंसिर महिनामा प्रदेश सरकार मार्फत् अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने व्यवस्था गर्ने। सोको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने व्यवस्था गर्ने।

- **प्रतिवेदन प्रकाशितः** स्थानीय तहले तयार गरेको प्रतिवेदनहरूको उद्देश्यअनुरूप तोकिएको समयमा कार्यालय वा खर्च गर्ने इकाइको सूचना पाटी र वेभसाईटमा कम्तिमा प्रत्येक महिना शाखा, महाशाखा र सदस्य सचिव र आर्थिक प्रशासन शाखाले प्रकाशन गर्ने व्यवस्था अनिवार्य गर्ने। यसको अनुगमन कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रत्येक महिना गर्ने व्यवस्था गर्ने।

## ८.६ बाह्य छानविन र लेखापरीक्षणमा सुधारका उपायहरू

- **समसामयिक लेखापरीक्षणः** आन्तरिक लेखा परीक्षणको कार्यको लागि स्वतन्त्र आन्तरिक लेखापरीक्षण इकाइको व्यवस्था स्थानीय तहमा नै गरी आर्थिक प्रशासन शाखाले कुनै पनि बिल भुक्तानीको लागि

प्राप्त भएपछि तुरुन्त पठाउने व्यवस्था गर्ने। सो इकाइले बिल विजकको अग्रिम परीक्षण २ दिन भित्र गरिसक्ने व्यवस्थाको रूपमा समसामयिक (Concurrent) लेखापरीक्षणको कार्य सम्पन्न गरी भुक्तानी दिने व्यवस्था गर्ने। सिफारिस भित्रको कार्यअनुसार भुक्तानी दिएपछि कुनै कैफियत आएमा सो इकाइ जिम्मेवार हुनुपर्ने व्यवस्था गर्ने।

- **आन्तरिक लेखा परीक्षण (आलेप)** लेखापरीक्षणको कार्य सम्बन्धित आर्थिक वर्षको लागि २।२ महिनाको अवधिमा आलेप इकाइ वा कोलेनिकाले आन्तरिक लेखा परीक्षण गर्ने कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने। आलेप सम्पन्न भएपछि तेश्रो महिनाको ७ गते भित्र सोअनुसार आलेप प्रतिवेदन स्थानीय तह प्रमुख, अख्तियारी प्रदान गर्ने र खर्च गर्ने जिम्मेवार पदाधिकारीहरूलाई दिने प्रणाली लागू गर्ने।

- **अन्तिम बेरुजुको लगत र फछ्र्यौटको संयन्त्र विकास गरी फछ्र्यौट व्यवस्था प्रभावकारी बनाउनेः** वेरुजुको लगत आर्थिक प्रशासन शाखामा वा कार्य आयतनको आधारमा छुट्टै बेरुजु फछ्र्यौट समिति गठन गरी महालेखा परीक्षकको कार्यालयबाट प्राप्त वेरुजुको प्रकृतिअनुसार फछ्र्यौट गर्ने वा फछ्र्यौट नभए १५ दिन भित्र वेरुजुको लगत सो समितिमा राख्ने व्यवस्था गर्ने। शुरुको ५ वर्षसम्म यसको लगत र अद्यावधिक अवस्था बारे स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा समेत राख्ने व्यवस्था गरी स्थानीय तहको वेरुजुको फछ्र्यौटको जानकारीको आधारमा सो लगत अद्यावधिक गरिँदै लाने। बेरुजु फछ्र्यौट समितिको बैठक महिनाको एकपटक बस्ने व्यवस्था गरी फछ्र्यौटबाट जवाफदेहिता वहन गर्ने परिपाटी बसाल्ने। लेखा समितिको निर्णयको आधारमा वेरुजुको फछ्र्यौटको कार्य गरी लगत अद्यावधिक गर्ने। असूल उपर गर्नुपर्ने प्रकृतिको बेरुजु भएमा बेरुजु फछ्र्यौट समितिले सो कुरा मासिक रूपमा प्रमुख प्रशासकीय अधिकारी समक्ष पेश गर्ने व्यवस्था गर्नुपर्ने र निजले असूल उपरको जिम्मेवारी वहन गर्ने। यसको आधारमा समेत निजको कार्यसम्पादन मूल्याङ्कन गर्ने।

- **पेफाको उत्तरदायित्व सूचकहरूको आधारमा वित्तीय जवाफदेहिताको मापनः** सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व (Public Expenditure and Financial Accountability (PEFA)) का ३१ सूचकहरू नेपाल सरकारले लागू गरिसकेको हुँदा स्थानीय सरकारले पनि वार्षिक रूपमा सूचकहरू अनुसार सार्वजनिक वित्तीय व्यवस्थापनको जवाफदेहिता प्रणाली लागू गर्ने। पेफा सचिवालयले स्थानीय तहको लागि सूचकहरू लगायत तथ्य संकलन, अध्ययन र सम्पुष्टि गर्ने प्रणाली विकास गरी प्रत्येक वर्ष परीक्षण गर्ने गरी निर्देशिका तयार गर्ने। सबै स्थानीय तहलाई सो निर्देशिका उपलब्ध र प्रशिक्षण गराई सो अनुसार आन्तरिक लेखा परीक्षण इकाइले मूल्याङ्कन गरी सोको वार्षिक प्रतिवेदन प्रत्येक

वर्षको पौष मसान्तसम्ममा प्रकाशन गरी पेफा सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने व्यवस्था गर्ने। स्थानीय सरकार मध्ये उत्कृष्ट स्थानीय तहलाई प्रशंसा सहित पुरस्कृत गर्ने र राजस्व बाँडफाँडको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोलले वार्षिक रूपमा आर्थिक अनुशासन भारीत हुने व्यवस्था गरी स्थानीय वित्तीय जवाफदेहिता सबल गर्ने।

## ८.७ सुधारका अन्य क्षेत्रहरू

- **प्राकृतिक स्रोत लेखाँकनः** स्थानीय तहको प्राकृतिक स्रोत र साधनको खोजी गरी त्यस्को सूची तयार गरी स्रोत नक्शाँकन (Resource Mapping) गर्ने सो आधारमा प्राकृतिक स्रोत लेखाङ्कन (Natural Resources Accounting) गर्ने व्यवस्था गर्ने।

- **जनशक्तिको क्षमता विकासः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको वित्तीय व्यवस्थापन विकास, सञ्चालन र कार्यान्वयनको साथै जवाफदेहिताको पक्षमा सुधारमा समयावद्ध कार्यक्रम लागू गर्ने।

- **कोलेनिकाहरूको क्लष्टर वा सेवा संरचनाको विकासः** हाल ७७ जिल्लाहरूमा कोलेनिकाले संघ र स्थानीय तहको लागि बजेट तर्जुमामा सहयोग, बजेट निकासा, खर्च, भुक्तानी व्यवस्था, राजस्व तथा धरौटी व्यवस्थापन, स्थानीय तहमा हुने विभिन्न कोषको व्यवस्थापन, लेखाङ्कन र लेखा प्रणालीको पालना गराउने कार्य गरिरहेका छन्। साथै आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्य पनि गरिरहेका छन्। आगामी वर्षहरूका स्थानीय तहहरूको कार्य आयतन, कामको जटिलता, वित्तीय जोखिमका स्थानीय आवश्यकता, संस्थागत क्षमता आदि समेत ध्यानमा राखी संगठन र व्यवस्थापन सर्भेक्षणको आधारमा महालेखा नियन्त्रक कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७५।७६ को अन्तिमसम्ममा कोलेनिकाको संगठनात्मक संरचना, कर्मचारी दरबन्दी तथा भौतिक पूर्वाधारको मूल्याङ्कन गरी कोलेनिकाको संरचना सुधारमा आवश्यक पहल गर्ने। स्थानीय तहको आर्थिक कारोवार चुस्त दुरुस्त गर्न कोलेनिकाहरूलाई सेवा केन्द्र वा क्लष्टरको रूपमा विकास गर्ने।

- **उपभोक्ता समितिले गर्ने कार्यमा जिम्मेवारीको मापदण्डः** स्थानीय तहमा विकास निर्माणको कार्य प्रत्यक्ष रूपमा जनतासँग जोडिएको हुँदा दिगोपनाको उपयुक्त पक्षलाई समुचित ध्यान दिन आवश्यक हुन्छ। यसैले स्थानीय तहले सबै प्रकारमा सार्वजनिक वस्तु (Public Goods) उपभोक्ता समिति मार्फत मात्रै गर्न भन्दा उपयुक्त विकल्पतर्फ ध्यान दिन आवश्यक देखिन्छ। उपभोक्ता समितिले आफुले कामको जिम्मा लिएर फेरि ठेक्का दिने चलनले विकृतिहरू समेत सृजना गरेको छ। यसैले कार्यको आयतन र

गुणस्तर तथा दीगोपन जस्ता पक्षका आधारमा उपभोक्ता समितिहरूलाई जिम्मेवारी दिनेबारे उपयुक्त मापदण्ड बनाउने।

## स्थानीय तहलाई प्रस्तावित व्यवस्थापन प्रणाली खाकाको प्रारुप र कार्यान्वयन तालिका

| सि.नं. | सुधारको प्रमुख कार्यहरु | सुधारको प्रमुख कार्यहरुको लागि गर्नुपर्ने प्रमुख कार्य र क्रियाकलापहरु | जिम्मेवार निकाय। पदाधिकारी | | सम्पन्न गर्ने समय -वर्ष | | | | | कार्यसम्पन्न सूचक। अनुगमन सूचकहरु | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मुख्य निकाय - नेतृत्व) | सहयोगी निकाय | 1 | 2 | 3 | 4 | 5 | | |
| १ | योजना तथा नीति तर्जुमा | जनताको आवश्यकता, अपेक्षा,र प्रतिबद्धताको आधारमा सहितको आवश्यक योजना | स्थानीय तहको योजना समिति/संयन्त्र | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | ✓ | | | | | अवधिक योजना तर्जुमा | |
| | | प्राथमिकता र श्रोत निर्धारण नीतिः | स्थानीय तहको योजना समिति/संयन्त्र | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्राथमिकता र श्रोतको निर्धारण प्रतिवेदन | |
| | | आयोजनाको सम्भाव्यता अध्ययन | स्थानीय तहको योजना समिति/संयन्त्र | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | सम्भाव्यता अध्ययन सम्पन्न आयोजनाको सूची | |
| | | आयोजना तर्जुमा ढाँचा तयार | स्थानीय तहको योजना समिति/संयन्त्र | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | ✓ | | | | | तर्जुमा ढाँचा मार्गदर्शन | |
| | | आयोजना अनुगमन सूचकहरु र अनुगमन ढाँचा तयारी | स्थानीय तहको योजना समिति/संयन्त्र | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | अनुगमन सूचक निर्देशिका | |
| | | योजना तयार गर्न सक्ने क्षमता विकास गर्ने र योजना समूहको विकास गर्ने | स्थानीय तहको योजना समिति/संयन्त्र | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | तालिम र समूहको आबद्धता | |
| २ | बजेट निर्माण | संचित कोषको ढाँचा तयार गरी समावेश गरिने विषयवस्तु, तयार गर्ने समय, आय व्ययको रकम समावेश स्थान एकीन गर्ने | स्थानीय तहको योजना समिति/संयन्त्र | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | ✓ | | | | | संचित कोष ढाँचा | |
| | | खर्च विवरण तथा मध्यकालिन खर्च संरचनाः | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | आर्थिक प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | मध्यकालिन संरचना | |
| | | आयोजना तथा कार्यक्रम निर्माण | स्थानीय तहको बजेट तथा कार्यक्रम | | ✓ | ✓ | ✓ | ✓ | ✓ | आयोजना र कार्यक्रम | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समिति | | | | | | | | |
| | | लागत अनुमानको लागि मापदण्ड निर्धारण समिति गठन | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | स्थानीय तहको आर्थिक प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | समिति गठन खर्चको मापदण्ड | |
| | | खातासुचीको व्यवस्था र उप खातासूची विकास गरी मापदण्ड समिति मार्फ् लागर | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | आर्थिक प्रशासन शाखा कोलेनिका, मलेनिका | ✓ | ✓ | | | | उपखातासूची तालिका | |
| ३ | बजेट पेश गर्ने र स्वीकृती | बजेट स्वीकृत भएको अनुगमन गर्ने प्रणाली | MOFAGA | कोलेनिका MoF | ✓ | ✓ | ✓ | ✓ | ✓ | अनुगमन तालिका | |
| | | बजेट स्वीकृत नगरी खर्च गर्ने स्थानीय सरकारको पदाधिकारीहरुलाई उचित दण्ड दिन आर्थिक कार्यविधि र स्थानीय सरकार संचालन ऐनमा व्यवस्था गर्ने | MOFAGA,MoF | FCGO | ✓ | ✓ | ✓ | ✓ | ✓ | कानुनमा दण्डको व्यवस्था | |
| ४ | बजेट कार्यान्वयन | अख्तियारीको अनुगमन प्रणाली | MOFAGA,MoF | FCGO | ✓ | ✓ | ✓ | ✓ | ✓ | अख्तियारी दिने स्नाथीय तहको सूची | |
| | | वार्षिक खरिद योजना अनुसार अनुगमन | प्रमुअ प्रशासकीय अधिकृत | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | खरिद योजना कार्यान्वयन प्रतिवेदन | |
| | | प्रशासकीय पदाधिकारीहरुसंग कार्यसम्पादन सम्झौता | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | कार्यसंपादन सम्झौता संख्या | |
| | | करार प्रशासनमा संलग्नलाई प्रशिक्षणको व्यवस्था | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | अनुगमन समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्रशिक्षण संख्या | |
| | | बजेटको कार्यान्वियन तालिका अनुसार अनुगमन | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | अनुगमन समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | अनुगमन प्रतिवेदन | |
| | | बजेट कार्यान्वयनका लागि वैकल्पिक संयन्त्र जस्तै सार्वजनिक निजी साझेदारी, उपभोक्ता र लाभग्राही समूह, गैर सरकारी संस्था, सहकारी संस्थाहरुको उपयोगसम्बन्धी निर्देशिका तयार गर्ने | स्थानीय तहको बजेट तथा कार्यक्रम समिति | कानुन शाखा | ✓ | | | | | निर्देशिका संख्या | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक नियन्त्रण प्रणालीको मार्गदर्शन तयार गरी लागू | योजना समिति वा संयन्त्र | प्रमुख प्रशासकीय अधिकृत | ✓ | | | | | मार्गदर्शनको प्रकाशन | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको मार्गदर्शन अनुसार अनुगमन | अनुगमन समिति | बजेट तथा कार्यक्रम समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | अनुगमन प्रतिवेदन | |
| ५ | लेखाँकन, अभिलेख तथा प्रतिवेदनको कार्य | नगदमा आधारीत लेखा प्रणाली लागू | FCGO | DTCO, स्थानीय तह | ✓ | ✓ | ✓ | ✓ | ✓ | कानुनी र व्यवस्थापकीय निर्णय | |
| | | प्रोदभावी लेखा प्रणाली लागू गर्ने | | | ✓ | ✓ | ✓ | | | निर्णय | |
| | | १.प्रोदभावी लेखाको अवधारणा विकास र पद्धति विकासको लागि मन्त्रिपरिषद्को स्वीकृती | FCGO | MoF DTCO, OPMCM | ✓ | | | | | | |
| | | २.पर्वाधारको अध्ययन- सम्पति, दायित्व मुल्याँकन, सम्भाव्य दायित्व, गणना आधार र मुल्यङ्कन, जनशक्ति, लजिस्टिक्स, प्राविधिक क्षमता आदि) र परामर्शदाताको नियुक्ती गरी प्रोदभावी लेखाको पूर्वाधार विकासको लागि मार्गदर्शन तयार, लेखासम्बन्धी वेभमा आधारीत। सफ्टवेयर तयारी र लाईभ परीक्षण, | FCGO | DTCO, स्थानीय तह | ✓ | ✓ | | | | अध्ययन प्रतिवेदन, मार्गदर्शन, सफ्वेयरको विकास र परीक्षण | |
| | | ३. प्रशिक्षक प्रशिक्षण तालिम र छानिएका पालिकामा पाईलट परीक्षण | FCGO | DTCO | | ✓ | ✓ | | | तालिम र पाईलट परीक्षणको संख्या | |
| | | ४. सबै पालिकामा र छानिएका नगरपालिकामा र उपमहानगरपालिकामा लेखा प्रणाली लागू | FCGO | DTCO | | | ✓ | ✓ | | गाउँपालिका, नगरपालिका संख्या | |
| | | ५. सबै नगरपालिका, उप। महानगरपालिकामा लेखा परीक्षण लागू | FCGO | DTCO | | | | ✓ | ✓ | नगरपालिका संख्या | |
| | | ६.प्रतिफल ढाँचा अनुसार स्थानीय र सबै सरकारको वासलात | FCGO | DTCO | | | | | ✓ | वासलात प्रकाशन | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तयार गरी प्रकाशन | | | | | | | | | |
| | | ७. लेखा प्रणालीको सफ्टवेयर अद्यावधिक गरी नियमित तालिम र ब्याकस्टोपिग कार्य गर्ने -निरन्तर) | FCGO | DTCO | | | ✓ | ✓ | ✓ | तालिम संख्या, सेवा संख्या वा पटक | |
| | | बजेट, कोष तथा प्रतिबद्धता लेखाप्रणाली मार्गदर्शन तयारी र लागू गर्ने | FCGO | DTCO | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्थानीय निकाय संख्या | |
| | | बजेट खर्चको प्रमाण व्यवस्थित गरी प्रमाण कागजात अद्यावधिक गर्न लेखा निर्देशिका लागू गर्ने | FCGO | DTCO | ✓ | | | | | लेखा ढाँचा फाराम प्रकाशन | |
| | | लेखा ढाँचाको फाराम तयार गरी लागू | FCGO | DTCO | ✓ | ✓ | ✓ | ✓ | ✓ | लेखा निर्देशिका पालना गर्ने निकायको संख्या | |
| | | संचालन र प्रतिवेदनमा सुचना प्रविधिको उपयोग | FCGO | DTCO | ✓ | ✓ | ✓ | ✓ | ✓ | सुचना प्रविधि प्रयोग गर्ने स्थानीय निकाय र कोलेनिका संख्या | |
| | | संचित कोषको तयारी र प्रतिवेदन कार्य | FCGO | DTCO | ✓ | ✓ | ✓ | ✓ | ✓ | संचित कोषको प्रकाशन | |
| | | प्रतिवेदन प्रकाशित गरी सुचना पाटी र वेभर्साईटमा राख्ने | FCGO | DTCO | ✓ | ✓ | ✓ | ✓ | ✓ | सुचना प्रकाशन | |
| ६ | बाह्य छानबीन र लेखापरीक्षण | समसामयिक लेखापरीक्षण गर्ने | लेखा परीक्षण समिति | आर्थिक प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | लेखापरीक्षण प्रतिवेदन | |
| | | आन्तरिक लेखा परीक्षण | लेखा परीक्षण समिति | आर्थिक प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | आलेप प्रतिवेदन र संख्या | |
| | | आन्तरिक लेखा परीक्षणको पेशाविद क्षमता विकास | प्रशासन शाखा | आर्थिक प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | तालिम संख्या | |
| | | अन्तिम बेरुजुको छलफल, निर्णय लगत र फछ्र्यौटको संयन्त्र विकास गरी फछ्र्यौटको व्यवस्था | सभाको लेखा समिति लेखापरीक्षण समिति, कोलेनिका | आर्थिक प्रशासन शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | लेखा समिति वैठक संख्या, वेरुजुको प्रकार र परिमाण, फछ्र्यौटको प्रतिवेदन | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पेफाको उत्तरदायित्व सूचकहरुको आधारमा वित्तीय जवाफदेहिताको मापन परिपाटि संस्थागत | PEFA Secretariat | स्थानीय तह | ✓ | ✓ | ✓ | ✓ | ✓ | पेफा सूचकको मुल्यॉंकन प्रतिवेदन | |
| ७ | सुधारका अन्य क्षेत्रहरु | प्राकृतिक श्रोत लेखाँकन | योजना समिति | प्रमुख प्रशासकीय अधिकृत, बजेट तथा कार्यक्रम समिति | ✓ | ✓ | ✓ | ✓ | ✓ | प्राकृतिक श्रोतको सुची | |
| | | वित्तीय व्यवस्थापनको लागि जनशक्तिको क्षमता विकासका कार्यहरु संचालन | प्रमुख प्रशासकीय अधिकृत, बजेट तथा कार्यक्रम समिति | आर्थिक प्रशासन र प्रशासन -तालिम) शाखा | ✓ | ✓ | ✓ | ✓ | ✓ | तालिम र कर्मचारी संख्या | |
| | | कोलेनिकाहरुको संस्थागत संरचना वा क्लष्टर संरचनाको विकास | FCGO | MoFAGA, MoF, OPMCM | ✓ | ✓ | ✓ | | | संगठन र व्यवस्थापन सर्भेक्षण र कानूनी व्यवस्था | |
| | | उपभोक्ता समिति संचालन निर्देशिका | बजेट तथा कार्यक्रम समिति | योजना महाशाखा | ✓ | ✓ | | | | उपभोक्ता समिति निर्देशिका र समिति संख्या | |

# अध्याय नौ

# विकास समिति ऐन र विशेष ऐनहरूबाट सञ्चालित/गठित समिति, परिषद्, आयोग, बोर्ड र केन्द्रमा सरकारको लगानी विश्लेषण गरी खारेज तथा पुनर्संरचना

## ९.१ पृष्ठभूमि

नेपालमा विकास समिति ऐन, विशेष ऐन र गठन तथा सञ्चालन आदेश अन्तर्गत गठित समिति, परिषद्, आयोग, केन्द्र र बोर्डहरू सङ्ख्यात्मक रूपमा यकिन गर्न कठिनाइ देखिएको छ। निकाय गठन गर्ने कानुन निर्माण गर्ने  कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र देशका सबै सङ्गठन संरचनाहरूको विवरण रहनुपर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत यस्ता निकायहरूको अद्यावधिक अभिलेख उपलब्ध हुन सक्ने अवस्था देखिएन। यस आयोगबाट सम्बन्धित निकाय मन्त्रालयहरूलाई विवरण उपलब्ध गराउन अनुरोध गरिए पनि पूर्ण विवरण प्राप्त नभएको, अपूरो विवरण प्राप्त भएको र स्पष्ट तथ्याङ्क नै उपलब्ध गराउन सकेको देखिएन। सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७ ले विकास समिति ऐन र विशेष ऐनहरू अन्तर्गत रहेका ७५ भन्दा बढी प्रकृतिका समिति, परिषद्, बोर्ड, केन्द्र तथा आयोगहरू रहेको उल्लेख गरेको थियो। महालेखापरीक्षकको पचपन्नौं वार्षिक प्रतिवेदन, २०७४ मा लेखापरीक्षण गरिएका निकायको विवरण अन्तर्गत समिति र अन्य संस्था उपशीर्षकमा यो वर्ष ८९७ समिति र अन्य संस्थाको रु. १ खर्व ३८ अर्व ८१ करोडको लेखापरीक्षण गरिएको उल्लेख छ। हालै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस्ता समिति, परिषद्, बोर्ड, वा आयोग खारेज गर्ने, गाभ्ने वा कायम राख्ने सम्बन्धमा तथ्याङ्क अद्यावधिक गरिरहेको जानकारी प्राप्त भएतापनि अद्यावधिक स्थिति अझै पनि थाहा हुन सकेको छैन। त्यसैले यस आयोगले सम्बन्धित निकाय/मन्त्रालयबाट प्राप्त विवरण, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिदैं गरेको प्राप्त विवरण र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित विवरण समेतका आधारमा अध्ययन गरी प्रतिवेदन तयार गरेको छ। उपलब्ध विवरणको आधारमा त्यस्ता निकाय गाभ्ने, खारेज गर्ने वा निरन्तरता दिने, निरन्तरता दिने भएमा कसरी दिने भनी सिफारिस गरिएको छ। विवरणको स्थिति अध्ययन गरी उल्लिखित निकायहरूको सम्बन्धमा निम्न आधारमा निष्कर्ष निकालिएको छः

क) स्थापनाको उद्देश्यअनुरूप यदि वर्तमान अवस्थामा सान्दर्भिकता छ वा छैन?

ख) कार्य एवं सञ्चालन प्रभावकारिता कस्तो छ?

ग) यी निकायबाट सम्पादन हुने कार्य सम्बन्धित मन्त्रालय/विभाग/प्रदेश वा स्थानीय तहबाट सम्पादन हुन सक्ने हुन वा होइनन्?

घ) यी निकायको कार्य क्षेत्र वर्तमान सन्दर्भमा कत्तिको आवश्यक छ वा सामिप्यता कस्तो छ ?

ङ) भावी सम्भावना कस्तो छ ?

च) एकभन्दा बढी निकायले एउटै प्रकृतिको कार्य गर्छन् वा गर्दैनन् ?

## ९.२ समिति, परिषद्, आयोग र बोर्डको सञ्चालन, खारेजी तथा पुनःसंरचना गर्न लिइएका आधारहरू

कोष, परिषद्, आयोग, बोर्डहरू विभिन्न कानुनी धरातलमा उभिएर गठन गरिएकाले हरेकको फरक फरक कार्यबोझ, विशेषता, प्रकृति र संरचना देखिन्छ। यसर्थ, यी संस्थाहरू वीच पनि एकरूपता भने कमै देखियो। पृथक पृथक प्रकृति र स्वभावका संस्थाहरू एकीकृत गर्न कठिन पनि देखिन्छ। विकास समिति ऐन, विशेष ऐन गठन एवं सञ्चालन आदेश अन्तर्गत गठित समिति, परिषद्, आयोग, बोर्ड सम्बन्धमा कतिपय यस्ता समितिहरू हालै खारेज भएका छन्। कतिपय निरन्तरता दिने निर्णय भएका छन् भने कतिपय खारेज गर्ने वा निरन्तरता दिने सम्बन्धमा कुनै निर्णय नभएका पनि रहेका छन्। यस्ता निकाय खारेज गर्ने, निरन्तरता दिने वा सञ्चालन गरी रहने हो भने कुन तहबाट सञ्चालन गर्ने भन्ने सम्बन्धमा निम्नानुसारको नीति अवलम्बन गरिएको छः

क) स्थापनाकालका उद्देश्यहरू परिवर्तित सन्दर्भमा सान्दर्भिक नदेखिएका संस्थाहरू खारेज गर्ने।

ख) मन्त्रालय र विभागले गर्ने कार्यसँग प्रत्यक्ष सम्बन्धित भई कार्यमा दोहोरोपन आउने देखिएका निकाय खारेज गरी सम्बन्धित निकायले व्यवस्थापन गर्ने।

ग) एउटै प्रकृतिको काम गर्ने निकायहरू एक आपसमा गाभ्ने।

घ) प्रदेशको कार्यक्षेत्र भित्र पर्ने र प्रदेश भित्र काम गर्ने निकायहरू तत् तत् प्रदेशहरूमा स्थानान्तरण गर्ने।

ङ) स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने र स्थानीय तह भित्र काम गर्ने निकायहरू तत् तत् स्थानीय तहहरूमा स्थानान्तरण गर्ने।

च) अन्य क्षेत्रहरूले सञ्चालन गर्न सक्ने आधारमा गठन संरचना परिवर्तन वा पुनः संरचना गर्ने।

छ) हालकै स्वरूपमा सञ्चालन गर्ने कार्य आवश्यकता।

## ९.३ सिफारिस

आयोगमा उपलब्ध भएसम्मका समिति, बोर्ड, आयोग, परिषद्को नाम नक्साको आधारमा अध्ययन र विश्लेषण गरी माथि बुँदा ९.२ अनुसारका नीतिअनुसार तपसिलबमोजिम सिफारिस गरिएको छः

**सरकारको लगानी विश्लेषण गरी खारेज तथा पुनर्संरचनाको लागि सिफारिस गरिएका विकास समिति ऐन र विशेष ऐनहरूबाट सञ्चालित/गठित समिति, परिषद्, आयोग, बोर्ड र केन्द्रको विवरण**

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १.१ | कर्णाली विकास आयोजना | खारेज भइसकेको। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खारेज गर्ने निर्णय भइसकेको |
| १.२ | सुदूरपश्चिम विकास आयोग | खारेज भइसकेको। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खारेज गर्ने निर्णय भइसकेको |
| १.३ | नीति अनुसन्धान परिषद् | कायम रहनुपर्ने। | सरकारले अख्तियार गर्ने सबै प्रकारका नीतिसम्बन्धी अनुसन्धान एवं मार्गदर्शनको लागि गठन भएको। राष्ट्रिय योजना आयोग र यसको कार्यक्षेत्रबारे थप स्पष्ट गर्नुपर्ने। |
| १.४ | प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष | कायम रहनु पर्ने। | नेपाल भौगोलिक प्रकोपको उच्च जोखिममा रहेको र बढ्दो जलवायु परिवर्तनले बर्सेनी दैवी एवं प्राकृतिक प्रकोप आइपर्ने सम्भावना हुँदा यो निकाय कायम रहनु पर्ने र यसको विस्तार प्रदेश अन्तर्गत मुख्यमन्त्री दैवी प्रकोप उद्धार कोषका नाममा समेत कोष स्थापना हुन उपयुक्त हुने। |
| १.५ | प्रधानमन्त्री सहायता कोष | कायम रहनु पर्ने। | राष्ट्रिय आवश्यकताको समयमा आकस्मिक सहयोग गर्नुपर्ने भएकोले कायम रहनुपर्ने। |
| १.६ | राष्ट्रिय पुनर्निर्माण कोष | कायम रहनु पर्ने | स्थापनाको उद्देश्य करिव २ वर्षमा पूरा हुने जानकारी भए पनि तोकिएको अवधि समाप्तिपछि खारेज गर्नुपर्ने। |
| १.७ | धरहरा पुनर्निर्माण कोष | कायम रहनु पर्ने। | राष्ट्रिय प्रकृतिको कोष र नागरिक तथा सकारको संयुक्त सहभागितामा काम गर्नुपर्ने भएकोले हाल यथावत सञ्चालन गर्ने, पछि कोष नियमावलीअनुसार गर्ने। |
| १.८ | शान्ति कोष सचिवालय (एडिवि) | खारेज गर्नुपर्ने। | स्थापनाको उद्देश्य पुरा भएकोले। |
| १.९ | क्षेत्रीय दैवी प्रकोष उद्धार कोष | गाभ्नु पर्ने। | साविकमा क्षेत्रीय प्रशासन कार्यालयले सञ्चालन गरेकोले सो कार्यालयको काम हाल समाप्त हुने क्रममा रहेकोले प्रदेश अन्तर्गत मुख्यमन्त्री दैवी प्रकोप उद्धार कोषका नाममा गाभ्ने। |
| २ | **अर्थ मन्त्रालय** | | |
| २.१ | सार्वजनिक संस्थान निर्देशन वोर्ड | खारेज गर्नुपर्ने। | साविकमा भइआएका यस बोर्ड अन्तर्गतका काम संस्थान सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयबाट हुने गरी खारेज गर्नुपर्ने। |
| २.२ | मिलिनियम च्यालेन्ज एकाउन्ट, नेपाल | कायम राखे | वैदेशिक सहयोग निश्चित उद्देश्यका साथ भएकोले काम पूरा र विदेशी सहयोग समाप्त भएपछि खारेज गर्नुपर्ने। |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| २.३ | नेपाल स्टक एक्सचेन्ज लि. | कायम रहनु पर्ने। | रणनैतिक साझेदार तयार गरी सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने। |
| २.४ | नेपाल धितोपत्र बोर्ड | कायम रहनु पर्ने। | यी नियामक निकाय भएकोले कायम रहनु पर्ने। क.स. २.५ मा रहेको निक्षेप तथा कर्जा सुरक्षण कोषलाई संरक्षणको प्रकृति फरक भएकोले अन्तर्राष्ट्रिय अभ्यास समेतको आधारमा निक्षेप सुरक्षा कोष र कर्जा सुरक्षण कोष बनाउने। |
| २.५ | निक्षेप तथा कर्जा सुरक्षण कोष | | |
| २.६ | बीमा समिति | | |
| **३** | **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय** | | |
| ३.१ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | खारेज गर्नुपर्ने। | संघीयताको सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कामहरू प्रदेश र स्थानीय तहमा निक्षेपण भएकोले मन्त्रालयको सम्बन्धित महाशाखाको सो कार्यसँग प्रत्यक्ष सम्बन्धित भएकोले खारेज गर्ने। |
| ३.२ | नेपाल इन्टर मोडल विकास समिति | गाभ्नु पर्ने। | भण्डारण, पारवहन, क्लियरिङ्ग, फरवार्डिङ्ग जस्ता कामहरू नेपाल पारवहन तथा गोदाम लिमिटेडसँग सम्बन्धित देखिएको र उक्त कार्यमा सो कम्पनी प्रत्यक्ष संलग्न भएको देखिएकोले कार्य प्रकृतिको आधारमा गाभ्ने |
| ३.३ | घरेलु तथा साना उद्योग विकास समिति | हस्तान्तरण गर्ने। | स्थापनाकालको उद्देश्य पूरा भई कार्यक्षेत्र समेत परिवर्तन भएकोले खारेज गरी सम्बन्धित प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने। |
| | क. ऋण लगानी कोष | | |
| | ख. कर्मचारी घरजग्गा कोष | | |
| | ग. रिभल्भिङ्ग फण्ड | | |
| ३.४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | खारेज गर्ने। | निजी क्षेत्र सक्षम भएकोले रणनीतिक साझेदारीको रूपमा पुनः संरचना गर्ने |
| ३.५ | केन्द्रीय कारागार कोष | कायम रहनु पर्ने। | सान्दर्भिकता रहेको। कैदी वन्दीहरूले गर्ने कामको पारिश्रमिक समेतको व्यवस्था गर्ने हुँदा हालकै स्वरूपमा सञ्चालन गर्न |
| ३.६ | हस्तकला प्रवर्द्धन केन्द्र, ललितपुर | हस्तान्तरण गर्ने। | स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने देखिएकोले ललितपुर महानगरपालिकालाई हस्तान्तरण गर्ने। |
| ३.७ | भू-बहाल कर तथा शिक्षा र तालिम | खारेज गर्नुपर्ने। | स्थानीय तह कै कार्यक्षेत्र भित्र परेकोले |
| ३.८ | नेपाल क्यापासिटी इन्हान्स फर ट्रेड प्रोजेक्ट | खारेज गर्नुपर्ने। | मन्त्रालय/विभागले नै काम गर्न सक्ने भएकोले सो निकायबाट सञ्चालन गर्ने गरी खारेज गर्ने |
| ३.९ | प्रविधि विकास कोष | खारेज गर्नुपर्ने। | मन्त्रालय/विभागले नै काम गर्न सक्ने भएकोले सो निकायबाट सञ्चालन गर्ने गरी खारेज गर्ने |
| ४ | **ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय** | | |
| ४.१ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | कायम गर्ने | वैदेशिक स्रोत रहेकाले समन्वय लगायत स्रोत व्यवस्थापन गर्न हालकै स्वरूपमा केन्द्रीय समन्वयकारी निकायका रूपमा सञ्चालन गर्ने |
| ४.२ | भूमिगत जलश्रोत विकास समिति | खारेज गर्नुपर्ने। | कार्य बोझ परिवर्तन भई सम्बन्धित काममा दोहोरोपना समेत हुने भएकोले जलस्रोत तथा सिँचाइ विभागले गर्नुपर्ने। |
| ४.३ | सुनसरी मोरङ सिँचाइ | हस्तान्तरण | प्रदेशको कार्यक्षेत्र भित्र परेकोले प्रदेश नं १ मा |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| | विकास समिति | गर्नुपर्ने। | हस्तान्तरण गर्ने। |
| ४.४ | जल तथा ऊर्जा आयोग | कायम गर्ने। | अध्ययन अनुसन्धानको लागि हालकै स्वरूपमा सञ्चालन गर्न आवश्यक भएकोले। |
| ४.५ | विद्युत नियमन आयोग | कायम गर्ने। | विद्युतको बढ्दो उत्पादन र मूल्यको नियमन गर्न नियामक निकाय भएकोले कायम गर्न। |
| **५** | **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय** | | |
| ५.१ | केन्द्रीय कानून पुस्तकालय विकास समिति | गाभ्ने। | राष्ट्रिय पुस्तकालयसँग कार्य प्रकृति मिल्ने देखिएकोले राष्ट्रिय पुस्तकालयमा सो समितिको समेत काम पर्ने गरी गाभ्ने। |
| ५.२ | कानून किताव व्यवस्था समिति | गाभ्ने। | मुद्रण तथा प्रकाशन लगायतका काममा समन्वय हुने भएकोले मुद्रण विभागमा गाभ्ने। |
| ५.३ | न्याय सेवा तालिम केन्द्र | गाभ्ने। | न्यायिक प्रशिक्षण प्रतिष्ठानको कार्यसँग मिल्ने भएकोले गाभ्ने। |
| ५.४ | नेपाल कानून आयोग | कायम गर्नुपर्ने। | कानून निर्माण/परामर्श आवश्यक भएकोले। |
| ५.५ | केन्द्रीय कानुनी सहायता समिति | कायम राख्नुपर्ने | गरिवी असक्तहरूको लागि सरकारको कानूनी सहायता आवश्यक भएकोले, |
| ५.६ | मानवअधिकार पुरस्कार व्यवस्थापन समिति | समायोजन गर्नुपर्ने। | राष्ट्रिय मानवअधिकार आयोगले हेर्ने गरी समायोजन गर्नुपर्ने। |
| **६** | **कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय** | | |
| ६.१ | कालीमाटी फलफूल तथा तरकारी व्यवस्था विकास समिति | सहकारीकरण गर्नुपर्ने। | सहकारी क्षेत्रको संलग्नता कृषि क्षेत्रमा भएको र सो क्षेत्रले व्यवस्थापनको कार्य हुने सहकारीकरण गर्नुपर्ने। |
| ६.२ | नेपाल उखु तथा चिनी विकास समिति | सहकारीकरण गर्नुपर्ने। | सहकारीकरण गर्नुपर्ने। |
| ६.३ | कपास विकास समिति | खारेज गर्नुपर्ने। | असान्दर्भिक र अनावश्यक रहेको |
| ६.४ | चन्द्रडाँगी विउविजन तथा दुग्ध विकास समिति | सहकारीकरण गर्नुपर्ने। | यसको कार्यमा सहकारीहरूको बढ्दो संलग्नता देखिएकोले सहकारीकरण गर्नुपर्ने। |
| ६.५ | गरिव घरपरिवार सहयोग समन्वय वोर्ड | खारेज भइसकेको। | सहकारी र गरिवी निवारण मन्त्रालयले हेर्ने गरी बोर्ड खार्ज भइसकेको। |
| ६.६ | नेपाल कृषि अनुसन्धान परिषद् | कायम रहनु पर्ने | कृषि सम्बन्धि अनुसन्धान आवश्यक पर्ने हुँदा कायम राख्नु पर्ने। |
| ६.७ | उष्ण प्रदेशीय वागवानी विकास केन्द्र | गाभ्ने | खारेज गरी नेपाल कृषि अनुसन्धान परिषद्मा गाभ्नु पर्ने। |
| ६.८ | राष्ट्रिय चिया तथा कफि विकास बोर्ड | हस्तान्तरण गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालयले केन्द्रीय नीति बनाउने गरी बोर्डका सम्बन्धित काम प्रदेशको सम्वन्धित मन्त्रालयले हेर्ने। |
| ६.९ | नेपाल पशु चिकित्सा परिषद् | कायम रहनु पर्ने | नियामक निकाय भएकोले। |
| ६.११ | राष्ट्रिय दुग्ध विकास बोर्ड | खारेज गर्ने। | सहकारी मोडेलमा मन्त्रालयले गर्ने गरी खारेज गर्ने |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| ६.१२ | पशु विकास फार्म पोखरा | हस्तान्तरण गर्ने | प्रदेश तहको कार्यक्षेत्र भित्र परेकोले गण्डकी प्रदेशमा हस्तान्तरण गर्नुपर्ने। |
| ६.१३ | पशु विकास फार्म कार्य सञ्चालन कोष | खारेज गर्ने | संविधान विपरित भएकोले खारेज गर्ने। |
| ६.१४ | मुक्त कमैया पुनस्थापना स.स. आयोग | कायम गर्ने | स्थापनाको उद्देश्य पूरा भइनसकेको र समुदाय केन्द्रीत भई कार्य सम्पादनगर्नु पर्ने देखिएकोले कायम गर्ने। |
| ६.१५ | मुक्त हलिया पुनस्थापना स.स. आयोग | कायम गर्ने | स्थापनाको उद्देश्य पूरा भइनसकेको र समुदाय केन्द्रीत भई कार्य सम्पादनगर्नु पर्ने देखिएकोले कायम गर्ने। |
| ६.१६ | समस्याग्रस्त सहकारी व्यवस्थापन समिति | कायम गर्ने | खर्चको कार्यकाल भएकोले र केन्द्रीय प्रकृतिको भएकोले अवधि समाप्त भएपछी स्वतः खारेज हुने गरी हाललाई कायम राख्ने। |
| ६.१७ | राष्ट्रिय सहकारी विकास बोर्ड | खारेज गर्नुपर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले कार्य गर्ने गरी खारेज गर्ने। |
| ६.१८ | गुठी संस्थान सञ्चालन समिति | कायम गर्नुपर्ने। | हस्तान्तरण गर्न संविधानको अनुसूची ६ सँग सम्बद्ध भएकोले हरेक प्रदेशमा गठन गर्ने गरी हस्तान्तरण गर्ने। |
|  | राष्ट्रिय बीउ विजन कम्पनी लिमिटेड | गाभ्ने | एउटै प्रवृतिको काम र एउटै लक्षित समूह भएकोले एक अर्कासँग गाभ्ने |
|  | कृषि सामग्री कम्पनी लिमिटेड |  |  |
| **८** | **खानेपानी मन्त्रालय** |  |  |
| ८.१ | मेलम्ची खानेपानी विकास समिति | कायम राख्ने। | परियोजनाको काम हाल सम्पन्न भई नसकेकाले कायम राख्ने तर परियोजना समाप्त भएपछि स्वतः खारेज गर्ने। |
| ८.२ | ग्रामिण खानेपानी तथा सरसफाइ कोष विकास समिति | खारेज गर्नुपर्ने। | समितिको संरचना खारेज गरी कोष स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने। |
| ८.३ | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | कायम गर्ने। | मेलम्चीको खानेपानी व्यवस्थापनसम्बन्धी भएको र अझै कार्य बाँकी नै रहेकोले कायम राख्ने। |
| ८.४ | खानेपानी महशुल निर्धारण आयोग | कायम गर्ने। | नियामक निकाय भएकोले कायम रहने। |
| **९** | **परराष्ट्र मन्त्रालय** |  |  |
| ९.१ | परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान | कायम गर्ने। | परराष्ट्र मामिला सम्बन्धमा अध्ययन, अनुसन्धान, प्रशिक्षण र समसामयिक छलफल समेत गर्ने भएकोले कायम राखी अझबढी सक्षम बनाउनुपर्ने। |
| **१०** | **महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय** |  |  |
| १०.१ | अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री विकास समिति | कायम गर्ने। | अन्तर्राष्ट्रियस्तरमा काम गर्नुपर्ने र समन्वयको काम आवश्यक परिरहने भएकोले कायम रहने। |
| १०.२ | केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समिति | खारेज गर्नुपर्ने। | प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रमा परेकोले यकिन गरी सम्बन्धित तहमा हस्तान्तरण गर्ने। |
| १०.३ | वृद्ध कल्याण कोष | कायम गर्ने | सामाजिक सुरक्षाका राष्ट्रिय कार्यक्रम समेतमा सहयोग पुग्ने भएकाले कायम राख्ने। |
| १०.४ | राष्ट्रिय अपांग सहायता कोष | कायम गर्ने | सामाजिक सुरक्षामा सहयोग पुग्ने भएकाले कायम रहने। |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| १०.५ | समाज कल्याण परिषद् | कायम गर्ने | आवश्यक गैर सरकारी संस्थाको सहयोगको समन्वय तथा समाज कल्याणसँग सम्बन्धित भएकोले यसलाई चुस्त, दुरुस्त बनाइ सञ्चालन गर्ने। |
| **११** | **युवा तथा खेलकूद मन्त्रालय** | | |
| ११.१ | राष्ट्रिय खेलकुद परिषद् | गाभ्ने | नेपाल स्काउटलाई गाभी राष्ट्रिय खेलकुद परिषद्बाटै सञ्चालन गर्ने गरी कायम राख्ने। |
| ११.२ | नेपाल स्काउट | | |
| ११.३ | राष्ट्रिय युवा परिषद् | खारेज गर्ने | मन्त्रालयबाटै कार्य सञ्चालन गर्न सकिने भएकवले खारेज गर्ने। |
| ११.४ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | कायम गर्ने | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मातहत सञ्चालन गर्ने। |
| **१२** | **रक्षा मन्त्रालय** | | |
| १२.१ | नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति | कायम गर्ने। | राष्ट्रिय सुरक्षासँग सम्बन्धित भएकोले कायम राख्ने। |
| १२.२ | नेपाली सैनिक कल्याणकारी कोष | कायम गर्ने | राष्ट्रिय सुरक्षासँग सम्बन्धित भएकोले कायम राख्ने। |
| १२.३ | बहु व्यवसाय उद्योग | कायम गर्ने | राष्ट्रिय सुरक्षासँग सम्बन्धित भएकोले कायम राख्ने। |
| १२.४ | बसुन्धारा क्यान्टिन | कायम गर्ने। | राष्ट्रिय सुरक्षासँग सम्बन्धित भएकोले कायम राख्ने। |
| १२.५ | बीरेन्द्र अस्पताल, मेन्टिनेन्स फण्ड | कायम गर्ने। | राष्ट्रिय सुरक्षासँग सम्बन्धित भएकोले कायम राख्ने। |
| १२.६ | स्वयम्भु वारुद खाना | कायम गर्ने। | राष्ट्रिय सुरक्षासँग सम्बन्धित भएकोले कायम राख्ने। |
| **१३** | **वन तथा वातावरण मन्त्रालय** | | |
| १३.१ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति | कायम गर्ने। | वन कार्यालय, प्रदेश एवं स्थानीय तह र जनताको सहभागितामा संरक्षण कार्यक्रम सञ्चालन गर्ने। |
| १३.२ | राष्ट्रिय प्रकृति संरक्षण कोष | कायम गर्ने। | संरक्षणसम्बन्धी कार्य निरन्तर गर्न आवश्यक हुने भएकोले कायम गर्ने |
| १३.३ | वन पैदावर विकास समिति | गाभ्ने। | एकै प्रकृतिको कार्य भएकोले दुवै संस्था गाभी वन पैदावार व्यवस्थापन केन्द्रको रूपमा विकास गर्ने |
| १३.४ | द टिम्बर कर्पोरेसन अफ नेपाल लि. | | |
| १३.५ | जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र | गाभ्ने | एकै प्रकारको कार्य प्रकृति भएकोले नेपाल औषधि लिमिटेडमा गाभ्ने। |
| १३.६ | कार्य सञ्चालन कोष ६६ वटा | खारेज गर्नुपर्ने। | यस्ता कोष खारेज गरी सञ्चितकोषमा दाखिला भए विनियोजन बजेटबाट खर्च गर्ने। |
| **१४** | **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | | |
| १४.१ | साझा प्रकाशन | सहकारीकरण | कार्य आवश्यकता रहेकोले पूर्ण सहकारी मोडेलमा सञ्चालन गर्ने गरी पुनः संरचना गर्ने। |
| १४.२ | मेडिकल कलेज पुर्वाधार विकास समिति गेटा | हस्तान्तरण | प्रदेशको कार्यक्षेत्रसँग सम्बन्धित देखिएकोले सुदूरपश्चिम प्रदेशमा हस्तान्तरण गर्ने। |
| १४.३ | जनक शिक्षा सामाग्री केन्द्र | गाभ्ने | मुद्रण कार्यसम्बन्धित भएको एउटै कार्य प्रकृति भएकोले सम्बन्धित विभागलाई मुद्रण विभाग बनाई सो विभागमा गाभ्ने। |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| १४.४ | वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान | कायम गर्ने। | स्वास्थ्य सेवाजस्तो अत्यावश्यक सेवा भएकोले कायम राख्ने। |
| १४.५ | वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल चितवन | कायम गर्ने। | विशिष्ट कार्यक्षेत्रमै कार्य आधारित भएकोले कायम राख्ने। |
| १४.६ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | कायम गर्ने। | विशिष्ट कार्यक्षेत्रमै कार्य आधारित भएकोले कायम राख्ने। |
| १४.७ | स्वप्न वगैंचा विकास समिति | कायम गर्ने। | सरकारी स्वामित्व कायम राखी निजी क्षेत्रलाई व्यवस्थापन र सञ्चालनको जिम्मेवारी दिने। |
| १४.८ | डिल्लीरमण रेग्मी-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति | गाभ्ने | डिल्लीरमण रेग्मी स्मारक तथा पुस्तकालयलाई राष्ट्रिय पुस्तकालयमा गाभी विकास समिति खारेज गर्ने |
| १४.९ | विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति | खारेज गर्नुपर्ने। | छुट्टै आवश्यकता नदेखिएकोले यसको काम शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयले गर्ने गरी विकास समिति खारेज गर्ने। |
| १४.९ | नेपाल राष्ट्रिय इन्जिनियरङ तथा प्रविधि प्रतिष्ठान विकास समिति | खारेज भएको | खारेज भइसकेको। |
| १४.१0 | शिक्षक सेवा आयोग | कायम गर्ने। | राष्ट्रियस्तरको कार्य भएकोले कायम राख्ने। |
| १४.११ | राष्ट्रिय परीक्षा बोर्ड | कायम गर्ने। | राष्ट्रियस्तरको कार्य भएकोले कायम राख्ने। |
| १४.१२ | नेपाल व्यवसायिक तथा प्राविधिक परिषद् | हस्तान्तरण गर्ने | प्रदेश तहले सक्षमताका साथ सञ्चालन गर्न सक्ने देखिएकोले प्रदेशमा हस्तान्तरण गर्ने। |
| १४.२३ | सिप विकास परियोजना काठमाडौं | हस्तान्तरण गर्ने | प्रदेश तहबाट सञ्चालन गर्ने गरी प्रदेशमा हस्तान्तरण गर्ने। |
| १४.२४ | त्रि.वि.उच्च शिक्षा परियोजना का.का. | कायम गर्ने | विशवविद्यालयको सुधारका लागि कायम रहने। |
| १४.२५ | युनेस्कोका निमित्त राष्ट्रिय आयोग | कायम गर्ने | संघमै कायम गर्ने। |
| **१५** | **शहरी विकास मन्त्रालय** | | |
| १५.१ | सिंहदरबार सचिवालय पुननिर्माण समिति | कायम गर्ने | यो कार्य आवश्यक देखिएकोले कायम राख्ने तर समिति खारेज गर्ने सम्बद्ध मन्त्रालय र विभागबाट कार्य गराउने। |
| १५.२ | अन्तर्राष्ट्रिय सम्मेलन विकास समिति | कायम गर्ने | सम्मेलन सञ्चालन गर्न आवश्यक देखिएकाले कायम राख्ने तर क्रमशः समिति खारेज गर्दै सरकारी निकायबाटै सञ्चालन गर्न उपयुक्त हुने। |
| १५.३ | संयुक्त राष्ट्रसंघ पार्क विकास समिति | कायम गर्ने | यो कार्य आवश्यक देखिएकोले कायम रहने। |
| १५.४ | अधिकार सम्पन्न बागमती सभ्यता विकास समिति | कायम गर्ने | बागमतीको संरक्षण र विकासको लागी आवश्यक रहेकोले कायम रहने। |
| १५.५ | जग्गा विकास चक्रकोष | खारेज गर्ने | यो कोष खारेज गरी सम्बन्ध निकायबाटै सञ्चालन गर्ने। |
| १५.६ | दक्षिणकाली क्षेत्र प्रवन्ध विकास समिति | हस्तान्तरण गर्ने | स्थानीय तहमा हस्तान्तरण गर्ने। |
| १५.७ | नगर विकास समिति | खारेज गर्ने | परिवर्तित सन्दर्भमा आवश्यक नदेखिँदा खारेज गर्ने र यो कार्य सम्बद्ध नगरपालिकाले गर्न सक्ने। |
| १५.८ | काठमाडौं उपत्यका विकास | हस्तान्तरण गर्ने | यस सम्बन्धी कार्य हालको परिवेशमा स्थानिय तहबाटै हुने |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| | प्राधिकरण | | हुँदा खारेज गर्ने। |
| १५.९ | राष्ट्रिय आवास कम्पनी लि. | हस्तान्तरण गर्ने | प्रदेशतहबाट कार्य गर्ने गरी हस्तान्तरण गर्ने। |
| १६ | **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** | | |
| १६.१ | तारागाउँ विकास समिति | खारेज गर्ने | यसको कार्य मन्त्रालय, विभागबाट सम्पन्न गर्ने गरी खारेज गर्ने। |
| १६.२ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | कायम गर्ने | गाभ्ने |
| १६.३ | पर्वतीय प्रशिक्षण विकास समिति | | |
| १६.४ | देवघाट क्षेत्र विकास समिति | कायम गर्ने | राष्ट्रिय महत्त्वको धार्मिक स्थल भएकोले संघमै रहने। |
| १६.५ | भानु जन्मस्थल विकास समिति | हस्तान्तरण गर्ने | सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने बहु प्रदेशमा पर्ने, भए ठूलो भूभाग जुन प्रदेशमा छ त्यही प्रदेशमा हस्तान्तरण गर्नुपर्ने। |
| १६.६ | बुढानिलकण्ठ क्षेत्र विकास समिति | हस्तान्तरण गर्ने | |
| १६.७ | मनकामना क्षेत्र विकास समिति | हस्तान्तरण गर्ने | |
| १६.८ | बौद्धनाथ क्षेत्र विकास समिति | कायम गर्ने | प्रसिद्ध धार्मिक क्षेत्र भएकोले संघमै रहने। |
| १६.९ | पाटन संग्रहालय विकास समिति | कायम रहने। | पुरातत्विक महत्त्वको विषय भएकोले केन्द्रमै राख्ने। |
| १६.१० | पाथीभरा क्षेत्र विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.११ | हलेसी महादेव विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.१२ | राष्ट्रिय ताल संरक्षण विकास समिति | हस्तान्तरण गर्ने। | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्वन्धित प्रदेशले गर्ने। |
| १६.१३ | रुरु रेसुंगा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.१४ | खप्तड क्षेत्र पर्यटन विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.१५ | विराट क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.१६ | सलहेश क्षेत्र पर्यटन प्रर्वद्धन विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.१७ | विदेह-मिथिला क्षेत्र पर्यटन प्र.विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| १६.१८ | सिम्रोन क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.१९ | चिसापानी क्षेत्र प्रवर्द्धन विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.२ | लुम्विनी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.२१ | कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति | हस्तान्तरण गर्ने | सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.२२ | बृहत्तर बराह क्षेत्र विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.२३ | हनुमानढोका दरबार संग्राहालय | कायम गर्ने। | पुरातत्विक महत्त्वको विषय भएकोले केन्द्रमै राख्ने। |
| १६.२४ | मेची पहाडी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति | हस्तान्तरण गर्ने। | प्रदेशबाट सञ्चालन हुन सक्ने देखिएकोले सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| १६.२५ | साँस्कृतिक संस्थान | कायम गर्ने। | राष्ट्रियस्तरको कार्य भएकोले संघमा कायम राख्ने। |
| १६.२६ | नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी | कायम गर्ने। | राष्ट्रियस्तरको कार्य भएकोले संघमा कायम राख्ने। |
| १६.२७ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | कायम गर्ने। | राष्ट्रियस्तरको कार्य भएकोले संघमा कायम राख्ने। |
| १६.२८ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | कायम गर्ने। | राष्ट्रियस्तरको कार्य भएकोले संघमा कायम राख्ने। |
| १६.२९ | लुम्बिनी विकास कोष | कायम गर्ने। | राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वको संग सम्बन्धित भएकोले संघमा कायम राख्ने। |
| १६.३ | नेपाल नागरिक उड्डयन प्राधिकरण | कायम गर्ने। | नियामक निकाय भएकोले संघमा कायम राख्ने। यसलाई अझ सक्षम बनाई कार्य गराउनु पर्ने। |
| **१७** | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | | |
| १७.१ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कायम राख्ने। | यो संस्थाको कार्यसम्पादन राम्रो छ। यस्लाई सुदृढ गरी संघीय मन्त्रालयबाट सञ्चालन भइरहेका तालिम दिने कार्य खारेज गरी यसबाट सबै किसिमका तालिम दिने व्यवस्था गर्ने। |
| १७.२ | फोहोरमैला व्यवस्थापन प्राविधिक सहायता केन्द्र | कायम गर्ने र त्रमसः हस्तान्तरण गर्ने | हाल कायम राखी क्रमसः स्थानीय तहसँगै सहकार्य गर्दै हस्तान्तरण गर्ने। |
| १७.३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | खारेज गर्ने। | परिवर्तित सन्दर्भमा बजेट तर्जुमा, कर, प्रणाली, लेखा प्रणालीसम्बन्धी तालिम यो मन्त्रालयले दिन नसक्ने हुँदा खारेज गर्ने। |
| १७.४ | आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान | कायम गर्ने। | संवैधानिक आयोग गठन भएपछि खारेज गर्नुपर्ने। |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| १७.५ | राष्ट्रिय दलित आयोग | खारेज गर्ने। | नेपालको संविधान जारी हुनुभन्दा अगाडि कार्यकारी निर्णयबाट गठन भएका यी आयोगहरू हाल संवैधानिक आयोगहरू बनिसकेकेकाले आवश्यक नभएको। |
| १७.६ | राष्ट्रिय मुस्लिम आयोग | खारेज गर्ने। | |
| १७.७ | वादी समुदाय उत्थान विकास समिति | कायम गर्ने। | संवैधानिक आयोग गठन भएपछि खारेज गर्नुपर्ने। |
| १७.८ | पिछडिएको समुदाय उत्थान विकास समिति | कायम गर्नुपर्ने। | संवैधानिक आयोग गठन भएपछि खारेज गर्नुपर्ने। |
| १७.९ | दूर्गम क्षेत्र विकास समिति | खारेज गर्नुपर्ने। | मन्त्रालय विभागबाटै सो सम्बन्धी कार्य गर्ने। |
| १७.१ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | गाभ्ने। | लुम्बिनी विकास कोषमा गाभ्ने। |
| १७.११ | उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति | खारेज गर्नुपर्ने। | नेपालको संविधान जारी हुनुभन्दा अगाडि कार्यकारी निर्णयबाट गठन भएकोले यो समिति हाल संवैधानिक आयोग बनिसकेकेकाले आवश्यक नभएको। |
| १७.१२ | निजामती कर्मचारी अस्पताल | कायम गर्ने | निजामती कर्मचारीको स्वास्थ्यसँग सम्बन्धित भएकाले संघमै कायम रहने। |
| १७.१३ | स्थानीय निकाय वित्तीय आयोग | खारेज गर्ने | हाल अर्थ मन्त्रालयबाटै स्थानीय तहलाई वित्त हस्तान्तरण हुने हुँदा औचित्य नभएको। |
| १७.१४ | नेपाल कोरिया मैत्री अस्पताल | हस्तान्तरण गर्ने | सम्बद्ध प्रदेशले सञ्चालन गर्न सक्ने हुँदा प्रदेश तहमा हस्तान्तरण गर्ने |
| **१८** | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** | | |
| १८.१ | नेपाल दूर सञ्चार प्राधिकरण | कायम गर्ने। | नियामक निकाय भएकाले कायम राखी यसलाई सक्षम रूपमा सञ्चालन गराउने। |
| १८.२ | सुरक्षण मुद्रण विकास समिति | गाभ्ने। | मुद्रण तथा प्रकाशन विभागमा गाभ्ने |
| १८.३ | रेडियो प्रसार सेवा विकास समिति | गाभ्ने | रेडियो प्रसार सेवा विकास समिति, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान गाभेर सञ्चार प्राधिकरण बनाई चलाउने |
| १८.४ | नेपाल टेलिभिजन | गाभ्ने | |
| १८.५ | गोरखापत्र संस्थान | गाभ्ने | |
| १८.६ | राष्ट्रिय समाचार समिति | कायम गर्ने | सरकारी समाचार समिति भएकोले आवश्यक रहेको। |
| १८.७ | प्रेस काउन्सिल नेपाल | खारेज गर्ने | यसलाई खारेज गरी मन्त्रालय, विभागवाटै कार्य गर्न सक्ने हुँदा खारेज। |
| १८.८ | न्युनतम पारिश्रमिक निर्धारण समिति | खारेज गर्ने | सम्वद्ध मन्त्रालय, विभागवाटै कार्य गर्न सक्ने हुँदा खारेज गर्ने। |
| १८.९ | चलचित्र विकास बोर्ड | कायम गर्ने। | चलचित्रको विकाससँग सम्बन्धित रहेकोले कायम रहने। |
| १८.१ | चलचित्र जाँच समिति | कायम गर्ने। | चलचित्रको विकाससँग सम्बन्धित रहेकोले कायम रहने। |
| १८.११ | राष्ट्रिय सूचना आयोग विशेष कोष | खारेज गर्ने। | छुट्टै कोष राखीराख्न उपयुक्त नभएकोले खारेज गर्ने र यसको कार्य सम्बद्ध निकायबाट गराउने। |
| १८.१२ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | कायम गर्ने। | सूचना प्रविधिको विकासको लागि आवश्यक भएकोले कायम रहने। |
| **१९** | **भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय** | | |
| १९.१ | सडक बोर्ड नेपाल | खारेज गर्ने | यसको कार्य मन्त्रालय, विभागबाटै गर्ने गरी यसलाई |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| | | | खारेज गर्ने। |
| १९.२ | रेल्वे कम्पनी | खारेज गर्ने | रेल विभाग गठन भइसकेकोले यो कम्पनी राखी राखु आवश्यक नदेखिंदा खारेज गर्ने। |
| **२०** | **गृह मन्त्रालय** | | |
| २०.१ | केन्द्रीय दैवी प्रकोप उद्धार समिति | गाभ्ने | प्र.म. तथा मं.प्र.को कार्यालयमा रहेको सोही प्रकृतिको एउटै कोषमा गाभ्ने। |
| २०.२ | केन्द्रीय हज कमिटी | खारेज गर्ने | यसको सञ्चालन गृह मन्त्रालयबाटै गर्ने गरी खारेज गर्ने। |
| २०.३ | प्रहरी कल्याण कोष | कायम गर्ने। | आवश्यक रहेकोले कायम रहने। |
| **२१** | **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** | | |
| २१.१ | वि.पि कोइराला मेमोरियल क्यान्सर अस्पताल | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.२ | मानव अंग प्रत्यारोपण विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.३ | जि पि कोइराला स्वासप्रस्वास उपचार केन्द्र | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.४ | शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.५ | कान्ति अस्पताल विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.६ | परोपकार प्रसुती तथा स्तृरोग अस्पताल विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.७ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.८ | सिंहदरबार बैद्यखाना विकास समिति | कायम राखे | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.९ | राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र | कायम राखे | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.१ | नरदेवि आयुर्वेद अस्पताल विकास समिति | कायम राखे | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.११ | मानसिक अस्पताल विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.१२ | चिकित्सा विज्ञान राष्ट्रिय प्र. विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| | | | कायम रहने। |
| २१.१३ | पाटन स्वास्थ्य विज्ञान प्र. विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.१४ | वि पि कोइराला स्वास्थ्य वि.प्र.विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.१५ | गंगालाल हृदयरोग केन्द्र विकास समिति | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.१६ | किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र | कायम राख्ने। | विशेषीकृत स्वास्थ्य सेवासँग सम्बन्धित रहेकोले संघमै कायम रहने। |
| २१.१७ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान विकास समिति | हस्तान्तरण गर्ने | साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.१८ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.१९ | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२ | मध्यपश्चिम क्षेत्रीय अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२१ | मध्यपश्चिम क्षेत्रीय आयुर्वेद चिकित्सालय विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२२ | धौलागिरी अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२३ | राप्ती अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२४ | भेरी अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२५ | कोशी अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२६ | कोशी अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२७ | सगरमाथा अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.२८ | जनकपुर अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |

| सि.नं. | समिति, परिषद्, आयोग, बोर्ड, र केन्द्रको नाम | सिफारिस | सिफारिसका आधार |
|---|---|---|---|
| २१.२९ | लुम्बिनी अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.३ | सेती अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.३१ | महाकाली अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |
| २१.३२ | नारायणी अञ्चल अस्पताल विकास समिति | हस्तान्तरण गर्ने | प्रदेशतहबाट सञ्चालन हुनसक्ने भएकोले साविक विकास समिति खारेज गरी सम्बद्ध प्रदेशमा हस्तान्तरण गर्ने। |

## अध्याय दश

# सार्वजनिक संस्थानहरूको लगानी र दायित्वको स्थिति र दिगो वित्तीय व्यवस्थापनको उपायहरू

## १०.१ पृष्ठभूमि

सार्वजनिक संस्थानहरू सरकारले गर्नुपर्ने कार्यहरू छिटो-छरितो, सरल र व्यावसायिकरूपमा सम्पादन गर्न स्थापना गरिएका हुन्छन्। सार्वजनिक संस्थानहरूमा सरकारको नियन्त्रण रहे पनि सञ्चालन एवं व्यवस्थापनका लागि यस्ता निकायहरूलाई स्वायत्तता प्रदान गरिएको हुन्छ। तसर्थ यस्ता संस्थानहरूमा एकसाथ व्यावसायिक र सरकारी क्षेत्र दुवैका विषेशताहरू रहेका हुन्छन्। सार्वजनिक स्वामित्व, सार्वजनिक उद्देश्य र जिम्मेवारी, सार्वजनिक उत्तरदायित्व, सार्वजनिक हित, सार्वजनिक व्ववस्थापन र नियन्त्रण आदि सार्वजनिक पक्षका विशेपताहरू हुन् भने व्यावसायिकता, सिर्जनशीलता, नव-प्रवर्तन, लतकता, पेशाविज्ञत्ता, उद्यमशीलता, उत्पादकत्व, जोखिम वहन, लगानीको यथोचित प्रतिफल, व्यायसायिक लेखाङ्कन आदि व्यवसायिक विशेपताहरू हुन्। आर्थिक, सामाजिक, पूर्वाधार विकास एवं जनहितका कार्यहरू गर्ने उद्देश्यले यस्ता संस्थानहरू सरकारको लगानीमा स्थापना हुने गरेका छन्। विश्व बैंकका अनुसार राष्ट्रमा हुने कुल लगानीको २० प्रतिशत सम्म सार्वजनिक संस्थानहरूमा लगानी भएको, यस्ता संस्थानहरूले ५ प्रतिशतसम्म रोजगारी प्रदान गर्ने गरेका र कुनै कुनै देशमा त अर्थव्यवस्थाको ४० प्रतिशत सम्मको उत्पादन अंश सार्वजनिक संस्थानहरूको रहेको छ।

सन् १९३० को महामन्दी र दोस्रो विश्वयुद्धपछि राज्यहरूको पुननिर्माण एवं पुनर्स्थापना, योजनाबद्ध विकास प्रकृयालाई अघि बढाउदै लोककल्याणकारी राज्य स्थापना गर्न, उद्यमशीलताको विकास, बेरोजगारी समस्याको समाधान, पूंजीको परिचालन एवं प्रविधिको विकास गरी अर्थतन्त्रमा योगदान पुर्याउदैं विश्वव्यापि रूपमा नै सार्वजनिक संस्थानहरूको स्थापना र विकास भएको देखिन्छ। सन् १९५० र १९६० को दशकमा जनहित एवं सार्वजनिक कल्याणसम्वन्धी, निजीक्षेत्रको एकाधिकार र अस्वस्थ प्रतिस्पर्धाको अन्त्य गर्न, मुल्य स्थिरता कायम गर्न र निजीक्षेत्र आकर्षित नहुने क्षेत्रमा सरकारको उपस्थितिका लागि समेत सार्वजनिक संस्थानहरू स्थापना भएको पाइन्छ। त्यसवेला यस्ता सार्वजनिक संस्थानहरूले देशको अर्थतन्त्रमा उत्पादनमा, रोजगारी र आयमा ठूलो योगदान गर्ने गरेको र सरकारले यी मार्फत् आफ्ना कयौं नीतिहरू कार्यान्वयन गर्दथे।

तर यो अवस्था सधैं रहेन। संक्षेपमा राज्यको बढी हस्तक्षेप र नियन्त्रणसँगै स्रोत र साधनको दक्षपूर्ण प्रयोगमा ठूलो समस्या आंउदै थुप्रै विसंगति र विकृतिहरू अर्थतन्त्रमा मौलाउने स्थिति बन्यो। यसको प्रतिकुल असर मूल्य, गरीबी, भुक्तानी संतुलन जस्ता क्षेत्रमा पऱ्यो। धेरै मूलुकहरूले नियन्त्रण र निर्देशनमूलक अर्थ व्यवस्था परित्याग गरी यसको ठाँउमा निजी क्षेत्रलाई आर्थिक, व्यापारिक एवं सेवामूलक क्षेत्रमा बढी सहभागी बनाउने नीति अवलम्वन गरे। यहि दशकमा सुरु भएको उदारीकरण तथा आर्थिक सुधारका कार्यक्रम अन्तर्गत सार्वजनिक संस्थानहरूलाई निजीकरण गर्ने अभियान पनि चलाइयो।

फेरि विश्वको सन् २००८/२००९ को वित्तीय संकटपछि विश्वमा सार्वजनिक क्षेत्रको भूमिकाको पुनरावृत्ति भएबाट बजार र सरकारी क्षेत्रको परिपूरक र समन्वयकारी भूमिकामा जोड दिन थालिएको छ। सोही अनुरूप सामाजिक सुरक्षा, समावेशीता, सामाजिक न्याय र गुणस्तरीय सार्वजनिक सेवामा राज्यको भूमिका हुँदैं संस्थानहरूको भूमिका महत्त्वपूर्ण हुने कुरामा जोड दिन थालिएको छ। बजारमा हुने एकाधिकार वा नियन्त्रणलाई रोक्ने कार्यमा सार्वजनिक संस्थानहरू उपयोग गर्ने नीति समेत लिने गरिएको छ।

यही पृष्ठभूमिमा यस परिच्छेदमा नेपालमा सार्वजनिक संस्थानको ऐतिहासिक पृष्ठभूमि एवं व्यवस्थापन, सार्वजनिक संस्थानको अर्थतन्त्रमा रहेको भूमिका, सरकारको लगानीको प्रतिफलको अवस्था, संस्थानहरूको दायित्व, सार्वजनिक संस्थानहरूको सञ्चालन र व्यवस्थापनको विविध पक्षहरूको विश्लेषण गर्दै अब के सुधार गर्नु पर्छ र राज्यले के-कस्ता संस्थानहरूमा संरचनात्मक सुधार गरी व्यवसायिक ढंगले सञ्चालन गर्नुपर्दछ, के कस्ता संस्थानहरूलाई गाभ्नुपर्दछ, के कस्ता संस्थान विनिवेश गर्नुपर्दछ र के कस्ता संस्थानलाई रणनीतिकरूपले सञ्चालन गर्नु पर्दछ भन्ने लगायतको विषयमा उपयुक्त विकल्पहरू समेटिएको छ।

## १०.२ निजीकरणपछि हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थान

वि.सं. १९९३ सालमा विराटनगर जुट मिल र १९९४ मा नेपाल बैंक लिमिटेडसँगै नेपालमा सार्वजनिक संस्थानहरूको स्थापना र सञ्चालन भएको हो। संस्थान स्थापनाको क्रम बढ्दै गई सातौं योजनाको अन्त (वि.सं. २०४७ साल) सम्म आइपुग्दा नेपालमा कुल ६२ वटा सार्वजनिक संस्थानहरू स्थापना भएका थिए।

नेपालले आठौं योजनाको आरम्भसँगै अवलम्बन गरेको खुला, उदार र बजारमूखी आर्थिक नीति अन्तर्गत निजीकरणमा उच्च प्राथामिकता दिएका कारण ठूलो संख्यामा सार्वजनिक संस्थानहरूको निजीकरण गरियो। केही सार्वजनिक संस्थानहरू बन्द समेत गरिए। निजीकरण गर्ने क्रममा विदेशी

राष्ट्रको सहयोगमा स्थापित रणनैतिक महत्त्वका सार्वजनिक संस्थानहरू समेत निजीकरण गरियो। यसले गर्दा निजीकरण नै विवादित बन्यो। निजीकरण प्रति अविश्वास बढ्यो। निजीकरण गरिएका कुनै पनि संस्थानहरू राम्ररी सञ्चालन हुन सकेनन्। कतिपय समाप्त भएर गए। यस्ले देशमा औद्योगिकीकरण र रोजगारी प्रवर्द्धनमा ठूलो प्रतिवद्धता थपियो। अर्थतन्त्रको परनिर्भरता वृद्धिमा यो सहायक हुन पुग्यो। नेपालमा ठूलो राजनीतिक परिवर्तनपछि बनेको संविधानले राज्य र बजारको भूमिकालाई नयाँ ढंगले परिभाषित गर्नुका साथै तीन खम्बे अर्थनीति अघि सार्दै समाजवाद उन्मुख समृद्ध अर्थतन्त्रको परिकल्पना गरेको छ। यसले सार्वजनिक संस्थानको आवश्यकता र महत्त्व बढेको छ।

आठौं योजना (वि.सं. २०४८ देखि) को आरम्भदेखि एक दशकको अवधिमा धेरै संस्थानहरूलाई निजीकरण, विघटन र खारेज गरियो। केही संस्थानहरू घाटामा गई सञ्चालन हुन नसकेर बन्द पनि भए। हाल ३९ वटा संस्थानहरू अस्तित्वमा रहेका छन् भने ३५ वटा संस्थानहरू मात्रै सञ्चालनमा रहेकाछन्। अस्तित्वमा रहेका ४ वटा संस्थानहरू जनकपुर चुरोट कारखाना लिमिटेड, नेशनल कन्स्ट्रक्सन कम्पनी लिमिटेड र नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र लिमिटेडको हालसम्म पनि खारेजी, विघटन तथा मर्जरको प्रक्रिया पुरा गरिएको छैन। नेपाल औद्योगिक विकास बैंक लिमिटेडलाई राष्ट्रिय बाणिज्य बैंकमा विलय गराइएको छ। वि.सं. २०७५ को जेष्ठसम्म अस्तित्वमा रहेका सार्वजनिक संस्थानहरू मध्ये औद्योगिक क्षेत्रमा ७; व्यापारिक क्षेत्रमा ६; सेवा क्षेत्रमा ७; सामाजिक क्षेत्रमा ५; जन-उपयोगी क्षेत्रमा ५ र वित्तीय क्षेत्रमा ९ वटा रहेका छन्। अस्तित्वमा रहेका यी सार्वजनिक संस्थानहरू विभिन्न ऐनद्वारा स्थापित छन् । २७ वटा कम्पनी ऐन अन्तर्गत स्थापना भएका हुन् भने सातवटा संस्थानसम्वन्धी विशेष ऐन, तीनवटा संस्थान सञ्चार ऐन र दूईवटा संस्थान ऐन अनुसार स्थापित छन्। ३९ संस्थानहरूमध्ये २० संस्थानमा नेपाल सरकारको पूर्ण स्वामित्व रहेको छ भने १९ वटामा नेपाल सरकारको अधिकांश स्वामित्व रहेको छ। सञ्चालनमा रहेका ३५ वटा संस्थानहरूको विवरण तालिका १ मा उल्लेख गरिएको छ।

**तालिका १: हाल अस्तित्वमा रही सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरू**

**सार्वजनिक संस्थानहरु**

| क्षेत्रगत वर्गीकरण | संख्या | सञ्चलित | संस्थानको नाम |
|---|---|---|---|
| औद्योगिक | ७ | ६ | दुग्ध विकास संस्थान, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि., हेटौंडा सिमेन्ट उद्योग लि., जनकपुर चुरोट कारखाना लि., नेपाल औषधि लि., उदयपुर सिमेन्ट उद्योग लि. र नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा. लि. |
| व्यापारिक | ६ | ५ | कृषि सामग्री कम्पनी लि., राष्ट्रिय बीउ बिजन कम्पनी लि., नेशनल ट्रेडिङ्ग लि., नेपाल खाद्य संस्थान, नेपाल आयल निगम लि. र दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. |
| सेवा | ७ | ५ | नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम, औद्योगिक क्षेत्र व्यवस्थापन लि., नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि., राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि., नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि. र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. |
| सामाजिक | ५ | ५ | सांस्कृतिक संस्थान, गोरखापत्र संस्थान, जनक शिक्षा सामग्री केन्द्र लि., नेपाल टेलिभिजन र राष्ट्रिय आवास कम्पनी लि. |
| जनोपयोगी | ५ | ५ | नेपाल दूरसञ्चार कम्पनी लि., नेपाल विद्युत प्राधिकरण, विद्युत उत्पादन कम्पनी लि., राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि. र नेपाल खानेपानी संस्थान |
| वित्तीय | ९ | ९ | कृषि विकास बैङ्क लि., राष्ट्रिय वाणिज्य बैङ्क लि., नेपाल बैङ्क लि., राष्ट्रिय बीमा संस्थान, राष्ट्रिय बीमा कम्पनी लि., निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल स्टक एक्सचेञ्ज लि., नागरिक लगानी कोष र जलविद्युत लगानी तथा विकास कम्पनी लि. |
| जम्मा | ३९ | ३५ | नेशनल ट्रेडिङ्ग लि. बन्द भएको, जनकपुर चुरोट कारखाना बन्द भए पनि भाडा र अन्य आय प्राप्त भएको तथा एन.आई.डि.सी. डेभलपमेन्ट बैङ्क लि. राष्ट्रिय वाणिज्य बैंकमा गाभिएकोले अब संस्थानको संख्या ३५ मात्र रहेको |

*श्रोतः सार्वजनिक संस्थानहरूको वार्षिक स्थिति समीक्षा (२०७०-७५)*

नेपालमा सार्वजनिक संस्थानहरूको स्थापनासम्वन्धी कानूनका प्रावधानहरूको विश्लेषण गर्दा संस्थानहरूको सञ्चालन र व्यवस्थापनमा मुख्यतया सम्वन्धित मन्त्रालय, अर्थ मन्त्रालय, संस्थानको साधारण सभा, संस्थानको संचालक समिति, उच्च व्यवस्थापन तह र कार्यसञ्चालन तहसहितको सांगठनिक संरचनाको भूमिका रहेको देखिन्छ। सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण अधिकार साधारण सभामा रहेको छ साधारण सभा अन्तर्गत रहने संचालक समिति संस्थानको समग्र सञ्चालन तथा व्यवस्थापनप्रति जवाफदेही हुन्छ। संस्थानहरूमा कार्यकारी प्रमुख, उच्च व्यवस्थापन तह र कार्यसञ्चालन तह गरी तीन तहको जनशक्ति रहने गरेको छ।

## १०.३ सार्वजनिक संस्थानहरूको वित्तीय अवस्था

सार्वजनिक संस्थानहरूको वित्तीय विश्लेषण यस्ता संस्थानहरूको कारोवार, नाफा, शिरोभार खर्च, संस्थानमा सरकारले गरेको लगानी र सोको प्रतिफल, खूद सम्पत्ति एवं दायित्वहरू, कोषमा व्यवस्था नगरिएको दायित्व जस्ता पक्षहरूका आधारमा गर्न सकिन्छ। सरकारको लगानी, यसको प्रतिफल र सरकारले व्यहोर्नु पर्ने दायित्व दीर्घकालीन दृष्टिले महत्त्वपूर्ण हुने भएकोले स्वभावतः सरकारको चासोका विषयहरू हुन्छन्। यस विश्लेषणमा यी पक्षहरूलाई विस्तृतरूपमा चर्चा गरिएको छ।

### १०.३.१ सार्वजनिक संस्थानहरूमा सरकारको लगानीको प्रवृत्ति र प्रतिफल

नेपाल सरकारले सार्वजनिक संस्थानहरूमा शेयर लगानी, ऋण लगानी र वैदेशिक शेयर लगानीको माध्यमबाट लगानी गर्ने गरेको छ। शेयर लगानी अन्तर्गत शेयरमा के कति लगानी भयो र त्यसको प्रतिफलको रूपमा नगद लाभांश वा बोनस शेयरको रूपमा कति प्राप्त भयो भनेर लेखाजोखा गरिन्छ

भने ऋण लगानी अन्तर्गत साँवा र व्याज दुबै रकम फिर्ता कहिले र कसरी हुने भन्ने आंकलन गरिएको हुन्छ। हालका वर्षहरूमा सरकारले सार्वजनिक संस्थानमा गरेको शेयर लगानीको प्रवृत्ति र प्रतिफलका साथै ऋण लगानीको अवस्था तल तालिका २ मा प्रस्तुत गरिएकोछ।

विगत ५ वर्षको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०६९/७० मा सार्वजनिक संस्थानहरूमा सरकारले कुल रु. ९६ अर्व वरावरको सेयर लगानी गरेकोमा आर्थिक वर्ष २०७२/७३ मा यो लगानी वढी रु. १२९ अर्व पुगी आर्थिक वर्ष २०७३/७४ मा यो अझै बढेर रु.१६७ अर्व पुगेको देखिन्छ। विगत ५ वर्षमा सरकारले प्रतिवर्ष थप गर्दै गरेको सेयर लगानी र त्यो सेयर लगानीको प्रतिफलको अवस्था हेर्दा स्थिति सन्तोषजनक देखिदैन। यस अवधिमा पाँच प्रतिशतको हाराहारीमा मात्र सरकारले लाभाँस प्राप्त गरेको छ। शेयर लगानीमा लाभांशको अवस्था (तालिका २) मा प्रस्तुत गरिएको छ।

**तालिका २: विगत ५ वर्षमा सरकारको सेयर लगानी र प्रतिफल**

| आर्थिक वर्ष | क्रमशः थपमा थप हुदै गएको शेयर लगानी (रु. लाख) | प्रतिवर्ष प्राप्त लाभांस (रु. लाख) | प्राप्त लाभांस प्रतिशत |
|---|---|---|---|
| २०६९/०७० | ९६६३८० | ६६८१८ | ६.९१ |
| २०७०/०७१ | १०७०२८१ | ६५६५६ | ६.१३ |
| २०७१/०७२ | ११५८८७० | ६९४४० | ५.९९ |
| २०७२/०७३ | १२९५९०४ | ७३७०७ | ५.६८ |
| २०७३/०७४ | १६७०६३४ | ७७७७० | ४.६५ |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा (२०६९-२०७५)*

सेयरको प्रतिफलको हिसावले यो लाभांस न्यून हो। यस अवधिमा भएको वार्षिक मुद्रास्फितिसँग यो लाभाँस प्रतिशत तुलना गरी हेर्ने हो भने सरकारले संस्थानमा गरेको सेयर लगानीको प्रतिफल नकारात्मक प्रायः छ। यसबाट सरकारको ठूलो अवसर लागत परेको स्पष्ट देखिन्छ। तसर्थ, सरकारले यी सार्वजनिक संस्थानहरूमा सुधार नगरी लगातार लगानी बढाँउदै लग्ने हो भने सेयर लगानी थप फलदायी नहुने अवस्था छ। सरकारले कस्तो संस्थानमा कति सम्म सेयरमा लगानी गर्ने हो भन्ने नीतिगतरूपमै विचार गर्नुपर्ने देखिन्छ।

अर्कोतर्फ सरकारले ऋण लगानी गरेपछि समयमै साँवा र व्याज फिर्ताको अपेक्षा गरे पनि संस्थानहरूले साँवा र व्याज फिर्ता गर्ने गरेका छैनन्। विगत ५ वर्षमा वर्सेनि थपिदै गएको ऋण रकम र त्यसको साँवा र व्याज फिर्ताको रकम निम्न तलिका ३ मा प्रस्तुत गरिएको छ। यस अनुसार सरकारले एकोहोरो सार्वजनिक संस्थानहरूलाई ऋण दिएको छ भने संस्थानहरूले सरकारलाई साँवा र व्याज रकम फिर्ता अत्यन्तै न्यून रूपमा गरेका छन् भन्ने स्पष्ट हुन्छ।

**तालिका ३: सरकारको प्रतिवर्ष थप हुँदै गएको ऋण र साँवा व्याज फिर्ता**

(रु. लाखमा)

| आर्थिक वर्ष | वर्सेनी थप हुँदै गएको ऋण | यस आ.व.मा फिर्ता भएको साँवा रकम | यस आ. व.मा फिर्ता भएको व्याज रकम |
|---|---|---|---|
| २०६९/७० | १०६५०१७ | ७५५३ (०.७१) | ५२६३ |
| २०७०/७१ | १११६८१७ | ५६९८ (०.५१) | १६५१९ |
| २०७१/७२ | १२९९६१८ | २०८५१ (१.६०) | १९४०६ |
| २०७२/७३ | १३०५०६८ | १३६९४० (१०.४९) | ३०९०८ |
| २०७३/७४ | १५२५०७५ | २९४०२ (१.९३) | २२०१३ |

*स्रोतः स्रोतः सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन (२०७३/०७४), महालेखा नियन्त्रकको कार्यालय*

*द्रष्टव्यः कोष्ट भित्रको अंकले तत् तत् वर्षको ऋण लगानीको प्रतिशत जनाउछ।*

आ.व. २०७२/७३ मा सरकारले त्यसवर्षको कुल तिर्न बाँकी ऋणको करिव १०.५ प्रतिशत साँवा फिर्ता पाएको छ। अन्य वर्षहरूमा साँवा फिर्ता अत्यन्तै न्यून रहेको छ। हालैका वर्षहरूमा सरकारलाई सार्वजनिक संस्थानहरूले रु.२ देखि ३ अर्वसम्म व्याज रकम तिर्ने गरेको पाइन्छ।

सरकारले क्षेत्रगत रूपमा गरेको लगानी हेर्दा सबैभन्दा वढी रकम जनउपयोगी क्षेत्रका संस्थानहरूमा प्रवाह भएको देखिन्छ। यस्ता जनउपयोगी संस्थानहरू स्वभावैले पूँजी-सघन हुने हुँदा यसो भएको हुनसक्छ। हालैका वर्षहरूमा सेवा क्षेत्रका सार्वजनिक संस्थानहरूमा १० देखि १५ प्रतिशतले लगानी बढेको देखिन्छ भने जनउपयोगी क्षेत्रका संस्थानहरूमा लगानी निकै नै बढेको देखिन्छ। त्यसैगरी वित्तीय क्षेत्रका संस्थानहरूमा पनि लगानी बढाइएको छ। जनउपयोगी क्षेत्रमा उल्लेख्यरूपमा लगानी बढाइएता पनि नेपाल दूरसञ्चार कम्पनी लिमिटेड बाहेक अन्य कुनै पनि संस्थानबाट सरकारले लाभांश (प्रतिफल) प्राप्त हुन सकेको छैन। सबैभन्दा ठूलो लगानी भएको नेपाल विद्युत प्राधिकरण नै सबैभन्दा ठूलो नोक्सानीमा रहेको छ। सरकारले विगत ५ वर्षमा गरेको सेयर लगानीको विवरण निम्न तालिका ४ मा प्रस्तुत छ।

**तालिका ४: सार्वजनिक संस्थानहरूमा क्षेत्रगत सेयर लगानीको अवस्था**

(रु. लाखमा)

| आ व | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
|---|---|---|---|---|---|
| औद्योगिक क्षेत्र | ११९७२ (०.७९) | ९३७७ (७.०३) | ५९७६ (०.२६) | ४०३९ (२.२५) | १९३४ (०. ६०) |
| व्यापारिक क्षेत्र | १९५७ (०.१०३) | १८८३ (१.४१) | १८१५ (०.०७९) | -१२२३५७ (-६८.१५) | ११०० (०.५०) |
| सेवा क्षेत्र | १९५९१ (१.२९) | १३२६४ (९.९५) | ३०३९१ (१.३४) | २००३५ (११.१६) | ९२६२९ (१४.०) |
| सामाजिक क्षेत्र | २४७५ (०.१६) | २९८२ (२.२४) | ७५०० (०.३३) | २७०० (१.५०) | ३९०१ (०.८९) |
| जनोपयोगी क्षेत्र | १३४४९५१ (८८.७६) | १०७८०९ (८०.८७) | २०८८११ (९.१३) | २४०६६१ (१३४.०५) | २६३२५४ (४०.००) |
| वित्तीय क्षेत्र | १३४३६६ (८.८७) | -२००७ (-१.५०) | ३१७६६ (१.३९) | ३४४५२ (१९.१९) | १७२२५ (४४.००) |
| कुल जम्मा | १५१५३१२ (१००) | १३३३०८ (१००) | २२८६२५९ (१००) | १७९५३० (१००) | ३८००४३ (१००) |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा (२०६९-२०७५)*

*नोटः कोष्ट भित्रको अंकले कुल जम्माको प्रतिशत जनाउछ। आ. व. २०७०/२०७१ मा कृषि विकास वैंकले नेपाल सरकारको ऋण चुक्ता गरेको हुनाले वित्तीय क्षेत्र अन्तर्गतको रकम नकारात्मक हुन गएको। त्यसैगरी आ. व. २०७२/७३ मा नेपाल आयल निगमले सरकारको ऋण चुक्ता गरेकोले व्यापारिक क्षेत्र अन्तर्गतको लगानी घट्न गएको।*

## १०.३.२ सार्वजनिक संस्थानहरूको सम्पत्ति र दायित्व

सार्वजनिक संस्थानहरूको सम्पत्ति एवं दायित्वको स्थितिले ती संस्थानहरूको यथार्थ अवस्थाको चित्रण गर्दछ। यसबाट सरकारको लगानीले के कति थप सम्पत्ति सिर्जना भयो? सम्पत्ति र दायित्व वीच सन्तुलन वा असन्तुलनको स्थिति के छ, सम्पत्तिले दायित्व चुक्ता गर्ने क्षमता राख्छ राख्दैन? सरकारको दीर्घकालीन दायित्व के कसो हुने? आदिको लेखाजोखा गर्न सकिन्छ। सार्वजनिक संस्थानहरूको विगत ५ वर्षको खुद स्थिर सम्पत्ति एवं ऋण दायित्वको स्थिति निम्न तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५: सार्वजनिक संस्थानहरूको सम्पत्ति र दायित्वको अवस्था**

| आर्थिक वर्ष | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
|---|---|---|---|---|---|
| कुल सम्पत्ति एवं दायित्व (रू.लाखमा) | ४५४०५६३ | ५४१५४८३ | ७३०५४६२ | ७६८३३९४ | १०८२०३४३ |
| खुद स्थिर सम्पत्ति (रू.लाखमा) | ११८५६८६ | १२६२७०३ | २४४१३८८ | २२५१०५५ | १८०६८३३ |
| कुल सम्पत्तिमा खूद स्थिर सम्पत्तिको अंश | २६% | २३% | ३३% | २९% | १७% |
| कुल दायित्वमा ऋण दायित्व रकम (रू.लाखमा) | ११५९५३० | १३७६२२७ | १४०४३९८ | १४०८३९५ | १७०४६०५ |
| कुल दायित्वमा ऋण दायित्वको अंश | २६% | २५% | १९% | १८% | १६% |
| कुल दायित्वमा कोषमा व्यवस्था नभएको सम्भावित दायित्व रकम (रू.लाखमा) | ४१६५०७ | ३५८६१० | ३३३७२९४ | ४२५६०९ | १७४१७४० |
| कुल दायित्वमा कोषमा व्यवस्था नभएको सम्भावित दायित्व अंश | ९% | ७% | ४६% | ६% | १६% |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा (२०६९-२०७५)*

विगत ५ वर्षलाई आधार बनाई सम्पत्ति एवं दायित्वको अवस्थालाई विश्लेषण गर्दा आर्थिक वर्ष २०६९/७० मा रु. ४५४ अर्व वरावरको कुल सम्पति तथा दायित्व भएकोमा आर्थिक वर्ष २०७३/७४ मा यो बढी रु.१०८२ अर्व वरावर पुगेको देखिन्छ। तर यसमा कुल स्थिर सम्पतिको अंश भने निकै कम हुन गएको देखिन्छ। आर्थिक वर्ष २०६९/७० मा रु. ११८ अर्वको कुल स्थिर सम्पति भएकोमा आर्थिक वर्ष २०७३/७४ यो केही बढी रु १८० अर्व पुगेको देखिन्छ जुन कुल सम्पतिको केवल १७ प्रतिशत मात्र हुन आउछ।

अर्कोतर्फ ऋण दायित्व भने उल्लेख्य रहेको छ। आर्थिक वर्ष २०६९/७० मा रु. ११५ अर्वको ऋण दायित्व भएकोमा आर्थिक वर्ष २०७३/७४ मा आइपुगर्दा यो वढी रु. १७० अर्व पुगेको छ जुन कुल दायित्वको १६ प्रतिशत हुन आउँछ। महत्त्वपूर्ण पक्ष के छ भने कुल दायित्वमा कोषमा व्यवस्था नभएको सम्भावित दायित्वको अंश निकै बढी छ। आर्थिक वर्ष २०६९/७० मा रु. ४१ अर्वको कोषमा व्यवस्था नभएको दायित्व थियो भने आर्थिक वर्ष २०७३/७४ मा आइपुग्दा यो दायित्व बढी रु.१७४ अर्व पुगेको छ। यो दायित्व कुल दायित्वको करिव १६ प्रतिशत रहेको छ। यसरी कोषमा व्यवस्था नगरिएको दायित्व बढेकाले सरकारको दीर्घकालीन दायित्व लगातार बढेको छ।

## १०.३.३ सार्वजनिक संस्थानहरूको कुल प्रशासकीय खर्च

सार्वजनिक संस्थानहरूको दायित्वको अवस्था किन र कसरी वृद्धि भयो भनी हेर्ने एउटा मुख्य आधार संस्थाहरूको कुल प्रशासकीय खर्चको प्रवृत्ति हो। सार्वजनिक संस्थानहरूको कारोवार र आम्दानी नबढ्ने तर प्रशासकीय खर्च बढ्दै जाँदा संस्थानहरूको दायित्व क्रमशः बढ्दै जान्छ। यसरी वर्सेनि

प्रशासनिक खर्च बढ्दै जाने हो भने सार्वजनिक संस्थानहरूको दायित्व थेग्नै नसकिने गरी बढ्ने देखिन्छ। प्रशासनिक खर्च बढ्नु भनेको संस्थानको सञ्चालन लागत बढ्नु हो। सञ्चालन लागत बढ्दै जाँदा संस्थानको नाफा आर्जन क्षमता घट्दै जाने मात्रै होइन कि कोषमा व्यवस्था गर्नुपर्ने रकमको व्यवस्था गर्न पनि कठीन हुन्छ।

प्रशासनिक खर्च बढ्नु वित्तीय हितमा हुँदैन। सार्वजनिक संस्थानहरूको प्रशासकीय खर्चको अवस्थालाई निम्न तालिका ६ मा प्रस्तुत गरिएको छ। तालिका अनुसार औद्योगिक क्षेत्रमा कुल खर्चको करिब १० प्रतिशतको हाराहारीमा प्रशासकीय खर्च देखिन्छ भने व्यापारिक क्षेत्रमा संस्थानहरूमा निकै कम प्रशासकीय खर्च देखिन्छ। हालैका वर्षहरूमा जनउपयोगी संस्थानहरूमा पनि यो खर्च कमी नै देखिन्छ। तर सेवा क्षेत्र, सामाजिक क्षेत्र र वित्तीय क्षेत्रका संस्थानहरूमा भने यो निकै बढी देखिएको छ। कुनै कुनै संस्थानमा कुनै वर्ष त कुल खर्चको करिव ५० प्रतिशत सम्म खर्च प्रसाशकीय खर्चको रूपमा रहेको छ। यसो हुनुको कारण संस्थानको कारोवार, आय, उत्पादन र उत्पादकत्वको तुलनामा कर्मचारीहरूको सेवा सुविधा बढी भएकोले हो। निम्न तालिका ६ मा विगत ५ वर्षको प्रशासकीय खर्च र कुल खर्चमा यसको अंश प्रस्तुत गरिएको छ।

**तालिका ६: सार्वजनिक संस्थानहरूको कुल प्रशासकीय खर्च**

(रू.लाखमा)

| क्षेत्रगत संस्थानहरू | आ. व. २०६९/७० | आ. व. २०७०/७१ | आ. व. २०७१/७२ | आ. व. २०७२/७३ | आ. व. २०७३/७४ |
|---|---|---|---|---|---|
| औद्योगिक क्षेत्र | ४१९९ (७) | ६२५४ (९) | ६२६५ (९) | ५३२१ (८) | ८३८३ (११) |
| व्यापारिक क्षेत्र | १३८६४ (१) | १७१२४ (१) | १६९८२ (१) | १६३९७ (२) | ३६६६१ (३) |
| सेवा क्षेत्र | २४७३३ (३१) | २१९८८ (२२) | २३०१९ (२०) | २२३३० (४३) | ३७३४१ (३०) |
| सामाजिक क्षेत्र | ५५९६ (३७) | ६२२६ (५०) | ६५९५ (४७) | ७२६४ (५०) | ८४४२ (४१) |
| जनउपयोगी क्षेत्र | १७१११९ (३०) | २०४११८ (३४) | १००३५१ (१६) | ७३७५३ (१३) | ९४२६३ (१३) |
| वित्तीय क्षेत्र | ८५३४९ (४५) | १०५५९५ (४९) | १०७०९१ (४४) | १०८५३९ (३८) | ११७९४१ (३४) |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा (२०६९-२०७५)*

*द्रष्टव्यः कोष्टभित्रको अंकले कुल खर्चमा प्रसाशनिक खर्चको अंश प्रतिशत जनाउँछ।*

## १०.३.४ कोषमा व्यवस्था नगरिएको भावी दायित्व

सार्वजनिक संस्थानहरूको कर्मचारी विनियमावली तर्जुमा गर्दा कर्मचारीलाई उपलब्ध गराइने विभिन्न सेवा सुविधा उपदान, पेन्सन, बोनस, बीमा, सामाजिक सुरक्षा समेतको व्यवस्था गर्ने गरी तर्जुमा गरिएको हुन्छ। कर्मचारी विनियमावलीमा व्यवस्था भएको रकम संस्थान कुनै पनि वेला बन्द, विघटन वा

खारेज भएपनि संस्थाको सम्पत्तिबाट वा सरकारले नै यो दायित्व चुक्ता गर्ने व्यवस्था गरी दिनुपर्ने हुन्छ। संस्थानहरूले यी सुविधाहरूका साथै कर तथा अन्य दायित्व भुक्तानीका लागि समेत छुट्टै कोष खडा गरी रकम जम्मा गर्न सकेनन् भने सो दायित्वको भुक्तानी सरकारकै कोषबाट गर्नुपर्ने अवस्था सिर्जना हुन्छ। त्यसैले यस्तो कोषमा व्यवस्था नगरिएको रकम बढ्नु संस्थानको हितमा हुँदैन। कोषमा व्यवस्था नगरिएको दायित्वको अवस्था निम्न तालिका ७ मा प्रस्तुत गरिएकोछ ।

**तालिका ७: विगत पाँच वर्षमा कोषमा व्यवस्था नगरिएको दायित्वको अवस्था**

(रु. लाखमा)

| | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| **क्षेत्रगत विवरण** | **२०६९/७०** | **२०७०/७१** | **२०७१/७२** | **२०७२/७३** | **२०७३/७४** |
| औद्योगिक क्षेत्र | ३३०३८<br>(७६.५) | १९११०<br>(३२.८) | २३६५१<br>(१८.७) | १७३५५<br>(४५.०) | २३५६७<br>(१४.३) |
| व्यापारिक क्षेत्र | ८२५१<br>(३.१) | ७०३३<br>(२.०) | ९३५५<br>(२.८) | ६७२०<br>(१५.६) | ४४००<br>(१.७) |
| सेवा क्षेत्र | ५०१६<br>(१६.०) | ८५६२<br>(१०.९) | ६६१६<br>(२.५) | ९९६८<br>(६.७) | ९२३३<br>(२.३) |
| सामाजिक क्षेत्र | ६७२७<br>(NA) | ८७२९<br>(५९.५) | ४७४५<br>(१९.७) | ८५४२<br>(५६.७) | १३६२८<br>(३७.७) |
| जनोपयोगी क्षेत्र | २०७५१३<br>(२०.७) | २१४२९७<br>(१९.९) | २०४९७३<br>(१०.८) | २८०५११<br>(२२.३) | ३३१५६२<br>(१४.८) |
| वित्तीय क्षेत्र | ९१५१<br>(०.३) | १२४५९<br>(०.३) | ८७२८<br>(०.२) | २६९<br>(०.००१) | ३२८६<br>(०.५) |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा (२०६९-२०७५)*

*द्रष्टव्यः कोष्ट भित्रको अंकले कुल दायित्वमा कोषमा व्यवस्था नगरिएको दायित्वको अंशलाई जनाउँछ।*

विगत ५ वर्षमा कोषमा व्यवस्था नगरिएको दायित्व विश्लेक्षण गर्दा सबैभन्दा बढी औद्योगिक क्षेत्रमा देखिन्छ भने सबैभन्दा न्यून वित्तीय क्षेत्रका संस्थानहरूको देखिन्छ। वित्तीय क्षेत्रका संस्थानहरूले आफ्नो नाफाबाट नै यस्तो कोष खडा गर्दै लगेको हुनाले यो कम देखिएको हो । सामाजिक क्षेत्र र जनउपयोगी क्षेत्रका संस्थानहरूमा पनि यो निकै बढी छ। संस्थाको हिसावले हेर्दा सबैभन्दा धेरै कोषमा व्यवस्था नगरिएको दायित्व रकम नेपाल विद्युत प्राधिकरणको रहेको छ। विद्युत प्राधिकरणले वर्षेनी आफ्नो नोक्सानीलाई नाफा नोक्सान खाताबाट हटाउन सरकारलाई दवाव दिने गरेको समेत देखिन्छ।

## १०.४ सार्वजनिक संस्थानको दक्षता र आर्थिक सामाजिक विकासमा योगदान

बजारको अपूर्णता र असफलतालाई सच्याउन, निजीक्षेत्रले ठूलो लगानी गरी कारोवार गर्न आकर्षित नहुने क्षेत्रहरूमा लगानी गर्न, विशेषतः आधारभूत आवश्यकताका वस्तु तथा सेवा सर्वसुलभ रूपमा

उपलब्ध गराउन, पूर्वाधार निर्माण गर्न, वस्तु तथा सेवाको उत्पादन र वितरणमा उद्यमशीलता र व्यवसायिकता अवलम्वन गर्न, सरकारको आपूर्ति प्रणालीलाई प्रभावकारी बनाउन, रोजगारी सिर्जना गरी देशको आर्थिक विकासमा योगदान पुऱ्याउन सार्वजनिक संस्थानहरू स्थापना गरिने भएकोले यी क्षेत्र-उपक्षेत्रहरूमा सार्वजनिक संस्थानको योगदान अपेक्षा गरिन्छ।

सार्वजनिक संस्थानहरू कति दक्षतापूर्णरूपमा सञ्चालन भईरहेका छन् भनी विविध दृष्टिकोणहरूबाट हेर्ने गरिन्छ। संस्थानको नाफा नोक्सान खाताको दृष्टिले हेर्दा नाफा कमाएको अवस्थालाई दक्षतापूर्णरूपमा सञ्चालन भएको मानिन्छ भने संस्थानको वासलातको दृष्टिले चाँहि नेटवर्थको वृद्धि भएको अवस्थामा दक्षतापूर्ण रूपमा सञ्चालन भएको मान्ने गरिन्छ। सार्वजनिक वित्तको दृष्टिकोणबाट भने सरकारलाई कम भार पार्ने र राजस्वमा योगदान गरेमा दक्षतापूर्णरूपमा सञ्चालन भएको मान्ने गरिन्छ। यस्तै रोजगारी सिर्जनाको दृष्टिकोणबाट भने जति वढी रोजगारी सिर्जना गऱ्यो त्यतिनै राम्ररी सञ्चालन भएको मानिन्छ।

उत्पादकत्वको दृष्टिकोणबाट भने वस्तु तथा सेवाको प्रति इकाइ लागत कम भन्दा कममा उत्पादन र वितरण गर्न सकेमा दक्षतापूर्ण रूपमा सञ्चालन भएको मानिन्छ। बजार मूल्यको दृष्टिकोणबाट हेर्दा भने उत्पादित वस्तु तथा सेवाको मूल्य सधैं स्थिर कायम राख्न सकिएमा दक्षतापूर्ण रूपमा सञ्चालनमा रहेको मानिन्छ। सामाजिक उत्तरदायित्वका हिसाबले भने जति बढी सामाजिक उत्तरदायित्व वहन गऱ्यो त्यतिनै राम्रो मानिन्छ। नेपालमा पनि सार्वजनिक संस्थानहरूको दक्षता जाँच गर्दा यस्तै आधारहरू लिनु पर्ने हुन्छ।

नेपालका सार्वजनिक संस्थानहरूको हकमा नाफा कम हुनु, वासलातमा नेटवर्थ वढ्न नसक्नु, सरकारलाई राजस्व वुझाउने भन्दा पनि बढी सरकारले राज्यकोषबाट भरथेग गरिरहनु, रोजगारी कममात्र सिर्जना हुनु, प्रतिइकाइ उत्पादन लागत कम हुन नसक्नु, वस्तु तथा सेवाको तारन्तार मूल्य बढी रहनु र सार्वजनिक संस्थानहरूले खासै सार्वजनिक उत्तरदायित्व वहन गर्न नसक्नुले यस्ता संस्थानहरूको दक्षतामा प्रश्नचिन्ह उठ्ने गरेको छ।

हाल सार्वजनिक संस्थानहरूबाट करिव २८ हजार जतिमात्र स्थायी रोजगारी सिर्जना हुन सकेको छ भने केही संख्यामा मात्र अस्थायी, ज्यालादारी र करारमा रोजगारी उपलब्ध भएको छ। तसर्थ रोजगारीका हिसाबले सार्वजनिक संस्थानहरूको योगदान अव तुलनात्मक रूपमा निकै कम हुन गएको छ।

वितग ५ वर्षमा संस्थानको लगानीबाट सरकारलाई प्राप्त हुने कर राजस्व निम्न तालिका ८ मा प्रस्तुत गरिएको छ। सो तालिकाअनुसार आ. व. २०६९/७० मा सरकारलाई ३२ अर्व ७७ करोड

वरावरको कुल राजस्व प्राप्त भएको थियो भने यो रकम बढ्दै गई आ व २०७३/७४ मा कुल ४२ अर्व ८८ करोड राजस्व प्राप्त भएको छ।

**तालिका ८: सरकारलाई सार्वजनिक संस्थानबाट प्राप्त भएको कर राजस्व**

(रु. लाखमा)

| आर्थिक वर्ष | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|---|---|
| औद्योगिक क्षेत्र | ३७५५ | ३७३२ | १९२९ | ३४६५ | ६०६८ |
| व्यापारिक क्षेत्र | २२३०१६ | १५९०८१ | १४९०४२ | १५६२०२ | २६०३७६ |
| सेवा क्षेत्र | १०२५१ | १३२६१ | १५२११ | ६९२ | १६२१८ |
| सामाजिक क्षेत्र | १५२६ | १९१७ | १३१२ | १६९७ | १८९४ |
| जनउपयोगी क्षेत्र | ७१९१० | ८९४१६ | ९००१६ | १००८६८ | ९९५७१ |
| वित्तीय क्षेत्र | १७२५४ | ८९२२ | १५५०४ | ५३८७६ | ४४६६९ |
| कुल राजस्व | ३२७७१२ | २७६३२९ | २७३०१४ | ३१६८०० | ४२८८१६ |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा (२०६९-२०७५)*

यसैगरी सरकारलाई सार्वजनिक संस्थानहरूबाट कर वाहेक अरु रकमहरू गैह्रकरको रूपमा प्राप्त हुन्छन्। विगत ५ वर्षमा सरकारलाई प्राप्त हुने गैह्रकर राजस्व निम्न तालिका ९ मा प्रस्तुत गरिएको छ।

**तालिका ९: सरकारलाई सार्वजनिक संस्थान बाट प्राप्त हुने गैह्रकर राजस्व**

(रु. लाखमा)

| आर्थिक वर्ष | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|---|---|
| औद्योगिक क्षेत्र | २५ | २८ | १७ | १४३ | २०६ |
| व्यापारिक क्षेत्र | १५०० | ० | ८७९ | १७४५ | २४०७ |
| सेवा क्षेत्र | ० | ० | ० | ० | ० |
| सामाजिक क्षेत्र | ० | ० | ० | ० | ० |
| जनउपयोगी क्षेत्र | २९६८५ | २९२६५ | ३०३३५ | ३२७६५ | २५८०१ |
| वित्तीय क्षेत्र | ० | ० | ० | ० | ० |
| कुल गैरकर राजस्व | ३१२१० | २९२९३ | ३१२३१ | ३४६५३ | २८४१४ |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा (२०६९-२०७५)*

सार्वजनिक संस्थानबाट आर्थिक वर्ष २०७३/७४ मा गैर कर राजस्व बापत २ अर्व ८४ करोड प्राप्त भएको छ। पूँजीबजारको माध्यमबाट बजारमा तरलता प्रवाह गर्न धितोपत्र बजारको विकासबाट प्रत्यक्ष वित्तीय मध्यस्थता प्रणालीलाई प्रोत्साहित गरी दोश्रो बजारको विकासका लागि सार्वजनिक संस्थानको थोरै मात्र योगदान रहेको छ। नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा सूचीकृत कुल १४० कम्पनीहरूमध्ये केवल ६ वटा मात्र सार्वजनिक संस्थानहरू रहेका छन्। बजार पूँजीकरणमा सार्वजनिक संस्थानहरूको हिस्सा केवल १५ प्रतिशतको हाराहारीमा मात्र रहेको छ भने नेपाल दूरसञ्चार कम्पनी लमिटेडको धितोपत्र बजारको कारोबारमा राम्रै हिस्सा रहेको छ।

सार्वजनिक संस्थानहरूबाट प्राकृतिक एवं दैवी विपत जस्ता आकस्मिक कार्यक्रमहरूमा समेत छिटो छरितो ढङ्गले राहत र पुनर्स्थापनाको कार्य गर्न योगदान पुगेको पाइन्छ । जस्तो २०७२ सालको

महाभूकम्पमा नेपाल टेलिभिजन, दूरसञ्चार संस्थान, नेपाल बैंक लिमिटेड, दुग्ध विकास संस्थान जस्ता संस्थानहरूले २४ सै घण्टा सेवा प्रवाह गरेर संकटग्रस्त समयमा पुऱ्याएको सेवाले यस्ता संस्थानहरूबाट कठीन परिवेशमा समेत सार्वजनिक सेवा प्रवाहमा योगदान पुगेको देखिन्छ।

केही सार्वजनिक संस्थानहरूबाट निजीक्षेत्रबाट हुने मूल्य वृद्धिलाई नियन्त्रण गर्न समेत योगदान पुगेको पाइएको छ। विषेश गरी चाडपर्वको बेलामा बढ्ने मूल्यलाई स्थिर राख्न यस्ता संस्थानहरूको भूमिका रहने गरेको छ। यद्यपि, यिनको वस्तु तथा सेवाको उत्पादन र वितरणलाई प्रतिइकाइ लागतका हिसावले हेर्दा त्यति दक्षतापूर्ण रूपमा सञ्चालनमा रहेको पाइदैन।

## १०.५ वित्तीय दायित्व न्यून गर्ने दिगो व्यवस्थापनका उपायहरू

### १०.५.१ सार्वजनिक संस्थानमा गरिनुपर्ने समष्टिगत सुधार

१. नेपालमा सार्वजनिक संस्थानहरूको वर्गीकरण गरिएको आधारनै नै स्पष्ट नभएको अवस्था छ। के कस्ता प्रकृतिका संस्थानहरू औद्योगिक हुन्? के कस्ता व्यवसायिक हुन्? कुन प्रकृतिका सेवामुलक हुन्? कुन वित्तीय प्रकृतिका हुन्? भनी स्पष्ट किटान हुनु आवश्यक छ। जस्तो हाल सामाजिक क्षेत्रको वर्गीकरणमा राखिएको जनक शिक्षा सामग्री केन्द्र जसले पुस्तकहरूको छपाइ गरी ब्यापार गर्नेलाई व्यवसायिक संस्थानको रूपमा परिभाषित गर्न उपयुक्त हुन्छ भने हाल सेवा क्षेत्रको वर्गीकरणमा राखिएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड जसले केवल भाडामा जग्गा उपलब्ध गराउने मात्र काम गर्छ लाई पनि व्यावसायिक संस्थानको रूपमा परिभाषित गर्नु उपयुक्त हुन्छ। यस्तै समस्या नेपाल वायुसेवा निगम र नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडको वर्गीकरणमा पनि छ। यिनलाई समेत व्यवसायिक संस्थानकोरूपमा वर्गिकृत गर्नु उपयुक्त हुन्छ। संस्थानहरूको वर्गीकरण गर्दा नाफा आर्जन गरी सञ्चालन गर्नुपर्ने सार्वजनिक संस्थान, उत्पादत लागत उठाउनुपर्ने व्यवसायिक प्रकृतिका सार्वजनिक संस्थान, सरकारले अनुदान (सब्सिडी) वा विशेष सहुलियत दिई स्थापना र सञ्चालन गर्नुपर्ने सार्वजनिक संस्थान, वित्तीय सेवा र स्रोत साधन परिचालन गर्ने र सबै जनताको पहुँच हुनुपर्ने जस्ता आधारहरू लिन उपयुक्त हुनेछ।

२. सार्वजनिक संस्थानहरू नाफा आर्जन, व्यवसाय प्रवर्द्धन, नागरिक सेवामा पहुँच, आपूर्ति वा वितरण सुनिश्चितता के हो? स्पष्ट हुनु आवश्यक छ। व्यापारिक प्रकृतिका संस्थानहरूले आफ्ना कारोबारहरू सञ्चालन गर्दा निजी क्षेत्रले जस्तै निश्चित कार्यविधि बनाई व्यापारिक प्रकृतिको कमिशन दिन सक्ने, परल मूल्यमा छुट दिन सक्ने विक्रीकक्ष नै स्थापना गरी

व्यापार गर्न पाउने जस्तो सुविधा उपलब्ध गराउनु उपयुक्त हुन्छ। यसको लागि सबै संस्थानहरूले पालन गर्नुपर्ने सार्वजनिक खरिद ऐन र नियममा लचकता दिनु आवश्यक छ।

३. विभिन्न ऐनद्वारा स्थापित सार्वजनिक संस्थाहरूलाई एउटा छाता ऐनले निर्दिष्ट गर्ने गरी एकरूपता कायम गर्नुपर्ने देखिन्छ। यसका लागि सार्वजनिक संस्थान व्यवस्थापन तथा सञ्चालन ऐन तर्जुमा गर्नु उपयुक्त हुनेछ।

४. सार्वजनिक संस्थानहरूको सम्पत्ति विशेष गरी भवन, जग्गा, प्लान्ट तथा अन्य मेशीनरी सम्पत्तिहरूको एकीकृत अभिलेख तयार हुन सकेको देखिदैंन। सम्पत्तिहरूलाई किताबी मूल्यका साथै बजार मूल्यमा समेत उल्लेख हुने गरी विद्युतीय सफ्टवेयर निर्माण गरी सम्पत्तिको एकिकृत अभिलेख तयार गर्नु आवश्यक देखिन्छ। यसो गर्दा सम्पत्तिको मूल्यमा परिवर्तन हुँदा स्वचालितरूपमा सम्पत्तिको मूल्य यकिन हुने भएकोले सम्पत्ति मूल्याङ्कनमा समेत विवाद नरहने अवस्था सिर्जना हुन्छ ।

५. बन्द, विघठित र खारेजी सार्वजनिक संस्थानहरूको सम्पत्तिको लागत यकिन गरी संस्थानका जग्गा, भवन एवं अन्य उपकरण र पूर्वाधारहरूलाई सञ्चालनमा ल्याउन सरकारीस्तरमै एउटा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्नु आवश्यक देखिएको छ।

६. सार्वजनिक संस्थानहरूको दायित्व हिसाव एकीकृत रूपमा अभिलेखाङ्कन गर्ने पद्धतिको निर्माण गर्न सकिएको छैन। अर्थ मन्त्रालयबाट प्रकाशित हुने पहेलो पुस्तकले समेत यसलाई उल्लेख गर्दैन। संस्थानहरूले अर्थ मन्त्रालयमा बजेट माग्दा समेत यस्ता दायित्वहरूको बारेमा कुरा उठ्ने गर्दैन। त्यसैले सम्पूर्ण सार्वजनिक संस्थानहरूको एकीकृत दायित्वको हिसाव राख्नुपर्ने देखिन्छ।

७. सरकारद्धारा संस्थानमा कार्यरत कर्मचारीलाई उपलब्ध गराइने प्रशासनिक खर्चलाई समेत संस्थानमा गरिएको लगानीको रूपमा परिभाषित गरिएको छ। यस्तो रकमलाई कि त सापटीको रूपमा वा सञ्चालन अनुदानको रूपमा उपलब्ध गराउनु उपयुक्त हुनेछ।

८. घाटामा रहेका सार्वजनिक संस्थानहरूले सरकार माथिको निर्भरतालाई बढाउदै लगेको देखिन्छ भने नाफामा रहेका संस्थानहरूको आवश्यकता भन्दा बढी सुविधा लिने गरेको पाइन्छ। यसमा नियमन हुनु जरुरी छ।

९. सरकार परिवर्तनसँगै सञ्चालक समितिका सदस्य तथा कार्यकारी प्रमुखको परिवर्तनले व्यबस्थापन र सञ्चालनमा समयानुकुल गति लिन सकेको छैन। यसमा सुधार हुनु जरुरी छ।

१०. सार्वजनिक संस्थानहरूको अनुगमन र मूल्याङ्कनमा स्पष्ट नीति र संयत्रको अभाव देखिएको छ। सम्बन्धित मन्त्रालयले गर्ने वा अर्थ मन्त्रालयले गर्ने वा छुट्टाछुट्टै गर्ने हो वा संयुक्तरूपमा गर्ने हो सुधार गर्नुपर्ने खाँचो छ।

११. करिव ५०/५५ वर्ष अधि स्थापना भएका कतिपय सार्वजनिक संस्थानहरूको तत्कालीन उद्धेस्य हाल असान्दर्भिक भएको, कतिपय संस्थानहरू विदेशी वस्तुगत सहयोगमा स्थापना भएका र प्रविधिमा आएको ठूलो परिवर्नतले यस्ता संस्थानहरूका लागि सहयोग स्वरूप प्राप्त मेसिनरी उपकरणहरू पुराना भएकोले यथास्थितिमा सञ्चालन गरिरहदा प्रतिश्पर्धी हुन नसक्ने अवस्था छ। पुराना मेसिन उपकरणहरूका पाटपूर्जाहरू हाल काम नलाग्ने भएका तर त्यस्ता पाटपूर्जाहरू हाल उपलव्ध नहुने भएकोले प्रतिस्थापन गर्न नसकिने अवस्था छ। यसमा अव पुनर्विचार गर्नुपर्ने अवस्था आइसकेको छ। फेरि बन्द अवस्थामा रहेका संस्थानमा कर्मचारीलाई समयमा निर्णय गर्न नसक्दा राज्यकोषबाट निरन्तर तलव भत्ता दिनु परिराखेको छ। यस्ता संस्थानका कर्मचारीहरूलाई अवकाश दिई संस्थान सञ्चालनको अन्य विकल्प अपनाउनु उपयुक्त हुन्छ। परम्परागत संगठन संरचनालाई पुनरावलोकन गरी उपयुक्त कार्यमूलक र धान्न सक्ने संगठनको रूपमा ल्याउनुपर्छ।

१२. सार्वजनिक संस्थानहरूको विघटन, खारेजी र बन्द हुँदा सम्पत्ति सुरक्षाका लागि करारमा कर्मचारी भर्ना गरी रकम उपलब्ध गराउने गरिएको छ। बुटवल धागो कारखाना, बीरगंज चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना लगायतका संस्थामा वार्षिक बजेट जस्तै गरी रकम उपलब्ध गराउदै आइएको छ। स्थापनासँगै खरिढुङ्गा तथा धातु उत्पादन गर्ने उद्देश्यले खोलिएका ओरिन्ड म्याग्नेसाइट लि र नेपाल मेटल कम्पनी जस्ता संस्थामा समेत बजेट उपलब्ध गराउने गरिएको छ। यस्ता संस्थानहरूले आफैं व्यवसायिक उत्पादन गरी कर्मचारी र प्रशासनिक खर्च जुटाउनु उपयुक्त हुन्छ।

१३. सार्वजनिक संस्थानमा रहेको कर्मचारी युनियनको अनावश्यक सकृयतामा केहि बन्देज लगाउनु पर्ने देखिन्छ। आधिकारिक युनियनमात्र राख्न पाउने गरी युनियनका सदस्यहरूलाई पनि संस्थानको कार्य सञ्चालनमा जिम्मेवार बनाउनुपर्छ। हालको जस्तो कामै नगरी तलव भत्ता पाउने परिपाटीको अन्त्य हुनु जरुरी छ।

१४. सार्वजनिक संस्थानमा लगानी गर्ने आधार स्पष्ट हुनु आवश्यक छ। जुनसुकै संस्थानलाई पनि अनुदान दिने पद्धति (वित्तीय एवं अन्य पक्षको विश्लेषण नगरिकन) लाई अन्त्य गर्नुपर्छ। संस्थानमा लगानी गर्ने नीति प्रष्ट हुनु आवश्यक छ। ऋण लगानी वा शेयर लगानी कुनमा लगानी गर्ने र यो के आधारमा गर्ने भन्ने सम्वन्धमा मापदण्ड र निर्देशिका बनाई कार्यान्वयन गर्नुपर्छ। अनुदान तथा लगानीको मापदण्ड बनाउँदा वर्तमान अवस्थामा संस्थानको

आवश्यकता र औचित्य, संस्थानको कार्य सम्पादन, वित्तीय अवस्था, साख विश्लेषण, संस्थानको व्यवसायको भविष्य, कर्मचारीको उत्पादकत्व जस्ता सूचकहरूलाई आधार लिन उपयुक्त हुनेछ।

१५. सार्वजनिक संस्थानको स्थापना, सञ्चालन र व्यवस्थापनमा एकरूपता छैन। एउटै संस्थानबाट हुन सक्ने कामको लागि पनि विभिन्न संस्थानहरूलाई जीवित राखिएको अवस्था छ। यी संस्थानहरू गाभ्न सकिन्छ।

१६. हाल भौतिक आधारशीला निर्माणका कार्यहरू तीव्रत्तर रूपमा अगाडि बढाउनु पर्ने भएकोले केही संस्थानहरू सरकारको पहलमा संथापना गर्न आवश्यक हुने देखिन्छ। निर्माणमा संलग्न हुने गरी नेशनल कन्सट्रक्सन कम्पनी र परामर्श सेवामा संलग्न हुने गरी इन्जिनियरिङ्ग कन्सल्टेन्सी जस्ता कम्पनीहरूको स्थापन गरी स्वस्थ्य प्रतिस्पर्धा र खाँचो पूरा गर्न उपयुक्त हुनेछ। त्यस्तै, सरकारको पहलमा उपकरण र मेशीनरीको आपूर्तिका लागि लिजिङ्ग कम्पनी खोल्न समेत उपयुक्त हुनेछ। यसबारे विभिन्न बैकल्पिक मोडालिटीमा प्रतिस्पर्धा र नाफामूलक हुने पक्षलाई सुनिश्चित गर्न सकिन्छ।

१७. सार्वजनिक संस्थानहरूको स्थापनासँगै यस्ता संस्थानका भावी दायित्वहरू (जस्तै कर्मचारीको बिदा, औषधिउपचार, उपदान, बीमा, दुर्घटना, घर निर्माण, चाडवाड खर्च, सामाजिक परम्परा समेतका खर्चहरू) का लागि जे जति खर्च हुन्छ सोको स्थायी कोष बनाउनु अनिवार्य देखिन्छ। साथै, सञ्चित नाफाबाट भावी नोक्सानीका लागि समेत व्यवस्था गर्नु उपयुक्त हुनेछ।

१८. सार्वजनिक संस्थानहरूमा पदाधिकारी, उच्च व्यवस्थापक कार्यकारी र कर्मचारीहरूले पाउने सुविधाहरू संस्थान पिच्छे फरक फरक रहने गरेका छन्। यी संस्थानहरूमा उपलब्ध गराइने सुविधाहरूमा एकरूपता कायम गर्नुका साथै यस्ता सुविधाहरू निश्चित मापदण्ड र औचित्यका आधारमा मात्र उपलब्ध गराउने र अनावश्यकरूपमा समितिहरू गठन गरी भत्ता लिने कार्यलाई समेत कटौती गर्नु उपयुक्त हुनेछ। संस्थाकै काम गर्दा समेत अतिरिक्त भत्ता लिने प्रवृत्तिलाई नियन्त्रण गर्नु त्यतिकै आवश्यक छ।

१९. सार्वजनिक संस्थानका सम्पत्ति र दायित्व बीच सन्तुलन छैन। कतिपय संस्थानहरूको खुद सम्पती नै नकारात्मक रहेको छ। त्यसैले, सार्वजनिक संस्थानहरूमा आफ्ना सम्पत्ति दायित्वलाई सन्तुलन कायम हुने गरी स्रोत, साधनको परिचालन हुन आवश्यक छ।

२०. राज्य संघीय प्रणालीमा गइसकेको वर्तमान परिवेशमा सार्वजनिक संस्थानहरूको उचित व्यवस्थापनका लागि संघले के कस्ता र प्रदेशले के कस्ता संस्थानहरू सञ्चालन गर्न उपयुक्त

हुन्छ, निश्चित ऐन एवं नियमका आधारमा सांगठनिक संरचना, स्वरूप र आधार समेत निश्चित गरी व्यवस्थित गर्नु उपयुक्त हुनेछ।

२१. कुनै पनि संस्थानको व्यावसायिक योजना, वस्तु विकास, उत्पादन, विक्री-वितरण, बजार प्रवेश लगायत व्यवस्थापकीय योजना र रणनीति बनाई संस्थानहरू सञ्चालन गर्ने नीति अनिवार्य गरिनुपर्छ।

## १०.५.२ दिगो वित्तीय व्यवस्थापनका लागि रणनीति

सार्वजनिक संस्थानहरूको दिगो व्यवस्थापनको लागि अवसर र सम्भावना हुने आधारमा मूल्याङ्कन गरी संस्थानलाई सुधार गर्दै निरन्तरता दिने र कुनलाई गाभ्ने वा कुनमा रणनीतिक साझेदार प्रवेश गराई दिगो वित्तीय व्यवस्थापन गर्न सकिन्छ भन्ने तर्फ विशेष ध्यान दिन र निर्णयमा पुग्न उपयुक्त हुनेछ। सो क्रममा पूँजी संरचना, नाफा-नोक्सान तथा सेयर धनीकोषको व्यवस्था, भुक्तानी गर्नुपर्ने दायित्व, लगानी तथा सम्पतिको विवरण, लेखा परीक्षणको स्थिति, सार्वजनिक-निजी साझेदारीमा संचानल गर्न सकिने सम्भावना, जनशक्तिको अवस्था र रोजगारीको सम्भावना, भूमिका वा रणनीतिक महत्त्व, भावी योजना र सफल कार्यान्वयनको सम्भावना, विनिवेशको सम्भावना, संघीयताको पृष्टभूमिमा प्रदेशमा हस्तान्तरण गरी सञ्चालन गर्न सकिने सम्भावना आदि पक्षलाई आधार बनाई निर्णय गर्न उपयुक्त हुनेछ। यि विविध पक्षहरूलाई ध्यान दिंदा निम्नानुसार गर्नु उपयुक्त हुने देखिन्छः

### १०.५.२.१ औद्योगिक क्षेत्र

**उदयपुर सिमेन्ट उद्योग र हेटौंडा सिमेन्ट उद्योग गाभ्नेः** औद्योगिक क्षेत्रमा अस्तित्वमा रहेका ७ वटा उद्योगहरूमध्ये उदयपुर सिमेन्ट उद्योग र हेटौडा सिमेन्ट उद्योगलाई एउटै प्रकृतिको व्यवस्थापकीय अभ्यासमा सञ्चालन गर्ने गरी पुनसंरचना गर्न उपयुक्त हुनेछ। यी दुई संस्थामा कार्यरत कर्मचारीहरू एक अर्को कारखानामा समेत सरुवा हुने गरी व्यवस्थापन गर्न सकिन्छ। यसो हुँदा एउटै सञ्चालक समिति, एउटै कार्यकारी प्रमुख र उच्च व्यवस्थापकबाट दुबै कारखाना सञ्चालन हुनगई पदाधिकारीहरूको पारिश्रमिक र भत्ता जस्ता खर्चमा कटौति हुने र दुबै संस्थाबाट तलब भत्ता जस्ता प्रशासनिक खर्चमा समेत करिब ३५ प्रतिशतसम्मको कटौति गर्न सकिने छ। यी दुबै सिमेन्ट उद्योगलाई एउटै व्यवस्थापनबाट सञ्चालन गर्दा उद्योगको क्षमता बढी माग अनुरूपको सिमेन्ट उत्पादन गर्न समेत सकिनेछ।

**दुग्ध विकास संस्थानले निजी र सहकारीसँग साझेदारीसहित अनलाइन सेवा दिनेः** दुग्ध विकास संस्थानमा हाल १००० को संख्यामा कर्मचारीहरू रहेका छन्। दुग्ध विकाश संस्थानको शेयर लगानी विभिन्न सहकारीहरूमा समेत रहेको छ। यसले उत्पादन गर्ने वस्तुको वजार बढ्दो क्रममा रहेको छ। आफ्नै विक्री कक्ष र डिलरमार्फत् आफ्ना उत्पादित वस्तुहरूको विक्री गर्ने गरेको छ।

अब दुग्ध विकास संस्थानले निजी तथा सहकारी मार्फत् साझेदारीमा कार्य गरी आफ्नो व्यवसायलाई विस्तार गर्न उपयुक्त हुने देखिन्छ। अनलाइन सेवाको माध्यमबाट वितरण गर्ने नीति लिई अधिक कर्मचारी खर्चमा कटौति गरी संस्थानको भावी दायित्व घटाई संस्थाले दुग्ध संकलन तथा त्यसको व्यवस्थापनमा मुख्य ध्यान दिने र किसानको हितमा समेत कार्य गरी दुग्ध पदार्थको संकटलाई समाधान गर्ने रणनीति अवलम्वन गर्नुपर्दछ।

**नेपाल ओरिण्ड म्याग्नेसाइट तथा मेटल कम्पनीलाई निजी साझेदारको संयुक्त व्यवस्थापनमा सञ्चालनः** नेपाल ओरिण्ड म्याग्नेसाइट र नेपाल मेटल कम्पनी लिमिटेड दुबैमा सरकारको साथै निजी व्यावसायिक घरानको शेयर स्वामित्व रहेको छ। दुबैको सञ्चालक समितिमा यिनीहरूको प्रतिनिधित्व हुन्छ। मेटल कम्पनीमा सरकारले थप लगानी नगर्ने निर्णय गरेसँगै यसमा चाइनिज कम्पनी छाइयुनको शेयर स्वामित्व बढ्दै गएको छ। यी दुबै कम्पनीलाई सरकार र कम्पनीसहितको संयुक्त व्यवस्थापनबाट सञ्चालनमा ल्याउन उत्पादन विस्तार तथा व्यवसायिक प्रवर्द्धन गर्न उपयुक्त हुने देखिन्छ।

**जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी र नेपाल औषधि लिमिटेड गाभी व्यवसायिकरूपमा सञ्चालनमा ल्याउनेः** जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी र नेपाल औषधि लिमिटेड जस्ता कम्पनीहरू रणनैतिकरूपले महत्त्वपूर्ण हुने र एउटै प्रकृतिका छन्। त्यसैले जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड र नेपाल औषधि लिमिटेडलाई एकीकरण गरी व्यवसायिक रूपमा सञ्चालन गर्न आवश्यक छ।

### १०.५.२.२ ब्यापारिक क्षेत्र

**कृषि सामग्री कम्पनी लि, राष्ट्रिय बीउ बीजन कम्पनी लि, नेशनल ट्रेडिङ्ग लिमिटेडलाई नेपाल खाद्य संस्थानमा गाभी राष्ट्रिय आपूर्ति कम्पनी निर्माण गर्नेः** ब्यापारिक क्षेत्रका ६ वटा संस्थानहरूमध्ये कृषि सामग्री कम्पनी लि, राष्ट्रिय बिउ बिजन कम्पनी लि र नेशनल ट्रेडिङ लिमिटेडलाई नेपाल खाद्य संस्थानमा गाभेर राष्ट्रिय आपूर्ति कम्पनी लि निर्माण गर्न उपयुक्त हुनेछ। यी सबै संस्थानहरूले कृषिजन्य, मल बिउ र उत्पादनहरू खरिद विक्री गर्ने जस्ता एउटै प्रकृतिका कार्य गर्दछन् ।

**निजी साझेदारी सहभागिता सहित नेपाल आयल निगमको पूँजी संरचना र व्यवस्थापनमा सुधार गर्नेः** नेपाल आयल निगमले एकाधिकार प्रकृतिको व्यवसाय सञ्चालन गरेको छ। यस्तो व्यवसाय गर्दा समेत निगमले बारम्बार वित्तीय समस्याको सामना गर्ने गरेको छ। आयल निगमको व्यवस्थापनमा ट्यांकर व्यवसायी, ग्याँस उद्योग व्यवसायी, पेट्रोलियम डिलर एसोसिएसन जस्ता निजी व्यवसायीहरूको भुमिका महत्त्वपूर्ण रहेको छ। नेपाल आयल निगमले सुधारका लागि नयाँ पूँजी संरचना तयार गरी कार्यान्वयन गर्ने क्रममा रहेको छ र उक्त पूँजि संरचनामा ५५ प्रतिशत नेपाल

सरकारको शेयर र अन्य शेयर स्वामित्वमा निजी क्षेत्रको सहभागितामा पूँजी वृद्धि गर्दै सार्वजनिक निजी स्वामित्वको स्वरूपबाट यसलाई व्यवस्थापन गर्न उपयुक्त हुनेछ।

**द टिम्बर कर्पोरेशन अफ नेपाललाई पुनर्संरचना गरी व्यवसायीकरूपमा सञ्चालन गर्नेः** द टिम्बर कर्पोरेसन अफ नेपालले गोलिया काठहरू खरिद गरी विक्री गर्ने गर्दछ। नेपालमा मलेशिया, इन्डोनेशिया जस्ता देशहरूबाट आयात गरिने काठ र सोबाट निर्मित वस्तुहरूको माग बढ्दो छ र बजार हिस्सा पनि यिनै देशबाट आयातित काठको बढी देखिन्छ। टिम्बर कर्पोरेशनले व्यवसायिकरूपमा काम नै गर्न नसकेकोले यसले सम्पादन गर्ने कार्य निजी काठ मिलहरूले पनि सहजै गर्न सक्दछन्। काठको मूल्यलाई स्थिरीकरण गर्न पनि यसले भूमिका खेल्न सकेको छैन। यसको संरचनागत सुधार गरी व्यवसायिक रूपमा सञ्चालन गर्न जरुरी छ।

## १०.५.२.३ सेवा क्षेत्र

**कन्स्ट्रक्न कम्पनी तथा इन्जिनियरिङ्ग कम्पनीको स्थापना र संचालनः** सेवा क्षेत्रका ७ वटा संस्थानहरूमध्ये ३ वटा संस्थानहरू बन्द अवस्थामा रहेका छन् भने निर्माण क्षेत्र र इन्जिनियरिङ्ग कन्सल्टेन्सीको क्षेत्रमा व्यवसायिक र प्रतिस्पर्धात्मक रूपमा सार्वजनिक क्षेत्रबाट काम गर्ने कम्पनीको आवश्यकता देखिएको छ। यसैले यस्ता कन्सट्रक्सन कम्पनी स्थापना गरी व्यवसायिकरूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ। निजी क्षेत्र समेतको सहभागितामा ठूलो स्केलको लिजिङ्ग कम्पनी समेत स्थापना गर्नुपर्ने खाँचो छ। यस्तो खाँचो पुरा गर्न उल्लेखित संस्थानको स्थापना गर्नुपर्ने देखिन्छ।

**राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडलाई औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभ्नेः** राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडलाई औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभ्नु उपयुक्त हुनेछ।

**नेपाल नागरिक उड्डयन प्राधिकरणलाई क्रमशः नियामक निकायको भूमिकामा लैजानेः** नेपाल नागरिक उडचयन प्राधिकरणले नियामक र विमानस्थल व्यवस्थापन दुबै काम गरिरहेको छ। विमानस्थललाई प्राधिकरण मार्फत् व्यवस्थापन गरी यसलाई नियामक निकायको जिम्मा दिने नीति लिन उपयुक्त हुनेछ।

**नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीलाई विदेशी कम्पनीसँग साझेदारीमा व्यवसाय प्रवर्द्धन गर्नेः** नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीको मुख्य कार्य कलकत्ता तथा हल्दिया बन्दरगाहमा मालवस्तुको क्लियरिङ एण्ड फर्वाडिङको काम गर्ने रहेको छ। सोही क्षेत्रका एजेन्टहरूसँग सहकार्य गरी कार्य गर्नुपर्ने हुँदा यो संस्थालाई उपयुक्त विदेशी कम्पनीसँग साझेदारीमा कार्य गर्ने गरी व्यवस्थापन गर्न उपयुक्त हुनेछ।

### १०.५.२.४ सामाजिक क्षेत्र

**नेपाल टेलिभिजन प्रशारण तथा प्रकाशन कम्पनीको स्थापनाः** सामाजिक क्षेत्रका ५ वटा सार्वजनिक संस्थानहरूमध्ये गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, रेडियो प्रशार समिति, रेडियो नेपाललाई गाभेर नेपाल टेलिभिजन प्रशारण तथा प्रकाशन कम्पनी स्थापना गर्न उपयुक्त हुनेछ। यसले गर्दा सञ्चार क्षेत्रका विभिन्न संस्थान समितिलाई एकीकृत रूपमा सञ्चालन गर्न सकिनेछ।

**राष्ट्रिय आवास कम्पनीलाई राष्ट्रिय पुनःनिर्माण प्राधिकरणमा गाभ्नेः** भुकम्प पीडितका लागि आवास निर्माण लगायतका कार्यमा संलग्न गराउने गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा गाभ्न उपयुक्त हुनेछ।
**जनक शिक्षा सामग्री केन्द्रलाई मुद्रण विभागमा गाभ्नेः** जनक शिक्षा सामग्री केन्द्रले व्यवस्थित ढङ्गले पुस्तक छपाई गरी समयमै वितरण गर्न सकेको छैन। हरेक वर्ष छपाईका लागि सरकारलाई लगानी गर्ने अनुरोध गरेको अवस्था छ। बारम्बार सरकारसँग ऋण माग गरी संस्थान सञ्चालन गर्नु व्यवसायिक दृष्टिकोणले उपयुक्त हुदैंन। त्यसैले जनक शिक्षा सामग्री केन्द्रको व्यवसायिक व्यवस्थापन क्षमता बढाउने गरी यसलाई मुद्रण विभागमा गाभेर सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ। जनक शिक्षाका कर्मचारीहरूलाई सुविधा सहित अवकाश दिनु उपयुक्त हुन्छ।

### १०.५.२.५ जनउपयोगी क्षेत्र

**केन्द्रीयस्तरमा खानेपानी संस्थानको खारेजीः** नेपाल खानेपानी संस्थानको धेरैजसो कार्य काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा हस्तान्तरण भइसकेको छ। प्रदेश र स्थानीय तहमा खानेपानीको प्रवन्ध प्रदेश सरकार र स्थानीय पालिकाहरूको जिम्मामा हुनेछ। केन्द्रीयस्तरमा खानेपानी संस्थानलाई खारेजी गर्न उपयुक्त हुनेछ।

**नेपाल दूरसञ्चार कम्पनीमा विदेशी रणनीतिक साझेदार ल्याउनेः** नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले आफ्नो प्रविधिलाई स्तरीय बनाउदै कम भन्दा कम लागतमा इन्टरनेट एवं अन्य सेवा उपलब्ध गराई यसको प्रतिस्पर्धी क्षमता बढाउन आवश्यक छ। यसका लागि विदेशी साझेदारलाई सीमित शेयर स्वामित्वमा प्रवेश गराई व्यवस्थापकीय र प्राविधिक क्षमता बढाउनु उपयुक्त हुनेछ। नेपाल सरकारको वहुमत स्वामित्व शेयर रहने गरी विदेशी रणनीतिक साझेदार ल्याउन आवश्यक देखिन्छ।
**नेपाल विद्युत प्राधिकरणको संरचनागत सुधारः** नेपाल विद्युत प्राधिकरण सरकारको सबैभन्दा ठूलो लगानी भएको रणनैतिक महत्त्वको संस्था हो। उत्पादन, प्रशारण र वितरणलाई टुक्राएर फरक फरक विभाग खडा गरी यो संस्थानलाई सञ्चालन गर्नुपर्नेमा सरकारको लगानीमा संरचनात्मक सुधार नै नगरी थप दुई विद्युत उत्पादन कम्पनी लि र राष्ट्रिय प्रशारण ग्रीड कम्पनी लि सार्वजनिक संस्थानको रूपमा स्थापित गरिएको छ। विद्युत प्राधिकरणले विभिन्न सहायक कम्पनीहरू समेत

स्थापना गर्दै आइरहेको छ। विद्युत खरिद संझौतामा मात्रै आफुलाई केन्द्रीकृत गर्दै प्राधिकरणलाई नियमनकारी संस्थाकोरूपमा लग्नुपर्नेमा छुट्टै नियामक निकाय गठन भइसकेको छ। प्राधिकरणले आफ्नो व्यवस्थापकीय एवं वित्तीय अवस्था सुधारका लागि खर्बौं रुपैयाँको नोक्सानीलाई वित्तीय विवरणमा उल्लेख नगरी (राइट अफ) अल्पकालीन रूपमा वित्तीय र व्यवस्थापकीय विश्वसनियता बढाउने नीति लिएको छ जुन दिगो वित्तीय व्यवस्थापनका हिसावले उपयुक्त होइन। त्यसैले, विशेष लेखा परीक्षण गरी उक्त वित्तीय योजनाको विश्लेषणका आधारमा जनशक्तिलाई समेत ठिक्क आकारमा राख्ने गरी यसको संरचनागत सुधार गर्न आवश्यक छ।

### १०.५.२.६ वित्तीय क्षेत्र

वित्तीय क्षेत्रका १० वटा सार्वजनिक संस्थानहरू मध्ये राष्ट्रिय वाणिज्य बैंकमा एन.आइ.डि.सि. विकास बैंक गाभिइ सकेको छ।

**नेपाल धितोपत्र विनिमय बजार लिमिटेडको संरचनात्मक सुधारः** वित्तीय स्वार्थको द्वन्द्व नहोस् भन्ने उद्देश्यले नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा नेपाल राष्ट्र बैक र नेपाल सरकारको शेयर कम गर्दै लग्ने रणनीति अघि बढाई विनिमय बजार लिमिटेड को पुँजी संरचना योजना (विशेष लेखा परीक्षण पछिको) लाई कार्यान्वयन गरी लिमिटेडको शेयरमा बैंक तथा वित्तीय संस्था, ब्रोकर एवं विदेशी साझेदार समेत संलग्न गरी संरचनात्मक सुधार गर्नु उपयुक्त देखिन्छ।

**कृषि विकास बैंकमा साझेदार भित्र्याउनेः** कृषि विकास बैंकको ३० प्रतिशत शेयरमा रणनैतिक साझेदार भित्र्याउने गरी परामर्शदाता नियुक्त गरिएकोमा परामर्शदाताबाट नै ५१ प्रतिशत शेयर विनिवेस नगरी रणनैतिक साझेदार प्रवेश गर्न नसक्ने सुझाव प्राप्त भएको अवस्था छ। अब विदेशी रणनीतिक साझेदार ल्याउन पहल गर्नुको सट्टा स्वदेशी निजी बैंकलाई साझेदार बनाई स्वदेशी निजी बैंकको संयुक्त साझेदारीमा सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ।

**नेपाल बैंक लिमिटेडमा पनि स्वदेशी निजी बैंकलाई साझेदारको रूपमा प्रवेश गराउनेः** नेपाल बैंक लिमिटेडमा शेयर विनिवेस गर्ने गरी कार्यक्रम प्रस्ताव गरिएको छ। सो कार्यक्रमलाई कार्यान्वयन गरी अघि बढ्नु उपयुक्त हुनेछ।

## १०.६ सार्वजनिक संस्थानहरूको विनिवेशको अवस्था तथा सुधारका उपायहरू

सैद्धान्तिकरूपमा सार्वजनिक संस्थानहरूको विनिवेश गर्ने वित्तिकै सार्वजनिक वस्तुहरूको स्वामित्वमा परिवर्तन हुन्छ र सार्वजनिक वस्तुहरू निजीवस्तुहरूमा रुपान्तरण हुन्छन्। यसरी निजी वस्तुमा रुपान्तरण हुने वित्तिकै त्यस्ता संस्थानबाट उत्पादन र वितरण हुने वस्तु तथा सेवाको विशेषतामा परिवर्तन हुन्छ। विशेषतः निजी वस्तु तथा सेवामा प्रतिद्धन्द्धिता र वन्चितीकरणको समस्या देखिन्छ

जुन सार्वजनिक वस्तु तथा सेवामा विलकुलै फरक हुन्छ। निजीकरण वा विनिवेशमा जाने निर्णय गर्नु भन्दा पहिने विचार गर्नु पर्ने विषयहरू नै यी दुई पक्ष हुन्। कल्याणकारी राज्य प्रणालीमा यी दुई नहूनु भन्ने मनसाय राखिन्छ किनकी यस्तो राज्य प्रणालीमा सार्वजनिक संस्थानहरूलाई सार्वजनिक नीति अनुरूप सर्वसुलभ र सर्वपहुँच हुने गरी वस्तु तथा सेवाको उत्पादन र वितरण गर्ने काममा प्रयोग गरिन्छ।

माथि उल्लेख गरिए अनुरूप नेपालमा सार्वजनिक संस्थानहरूको निजीकरण (विनिवेश) मूलतः मिश्रित, उदार खुला एवं बजारउन्मुख हुने गरी अर्थतन्त्रमा संरचनात्मक सुधार गर्न निजीकरण आरम्भ गरिएको थियो। सोको लागि २०५० मा निजीकरण ऐन लागू गरिएको थियो।

निजीकरण ऐन लागू हुनु पूर्व ४ वटा सार्वजनिक संस्थानहरूलाई सम्पति एवं व्यवसाय विक्रीको रूपमा निजीकरण गरी पूर्णरूपले निजी लगानी, स्वामित्व र सञ्चालन एवं व्यवस्थापन स्थापित हुने गरी निजीकरणमा लगिएको थियो। तर यी ४ वटै संस्थाहरू पूर्णरूपले बन्द भएको अवस्था छ।

निजीकरण ऐन २०५० लागु भइसकेपछि भने शेयर विक्री, शेयर तथा व्यवसाय विक्री, शेयर, सम्पतितथा व्यवसाय विक्री, व्यवस्थापन करार, भाडा, खारेजी, विघटन, बन्द एवं सहकारीकरण जस्ता प्रकृया अवलम्बन गरी सार्वजनिक संस्थानहरूको निजीकरण गरिएको थियो।

त्यसरी निजीकरण गरीएका ३० वटा संस्थानहरूमध्ये १२ वटा सञ्चालनमा छन्। ती मध्ये ५ वटा संस्थानहरू मात्रै नाफामा छन्। अन्य ७ वटा संस्थानहरू घाटामा छन्। वि.सं.२०६३ पछि संस्थानहरूको निजीकरण गर्ने कार्य अघि बढेन। कृषि विकास बैंकको ३० प्रतिशत शेयरमा रणनैतिक साझेदार प्रवेश गराउने नेपाल दूरसञ्चार संस्थान लि.मा रणनीतिक साझेदारको माध्यमबाट विनिवेस गर्ने। नेपाल स्टक एक्सचेन्ज लि.मा रहेको शेयर क्रमशः विनिवेस गर्दै जाने तथा सरकारले लगानी नगर्ने जस्ता नीतिहरू अवलम्वन गरिएको छ तर यस नीतिअनुसार कार्य हुन भने नसकेको अवस्था छ।

सार्वजनिक संस्थानको निजीकरणका लागि खडा भएको निजीरकण इकाई सन् २००८ मा विघटन भएपछि अहिले छुट्टै निजीकरण इकाई अस्तित्वमा छैन। अर्थ मन्त्रालयले हाल संस्थान महाशाखाबाट निजीकरण विनिवेशको कार्य गर्ने गरी सांगठनिक संरचना बनाइएको देखिन्छ। निजीकरण/विनिवेसका साथै अनावश्यक र खराब वित्तीय अवस्था भएका संस्थानहरूलाई बन्द तथा खारेज गरी उपयुक्त स्वरूपमा सञ्चालनमा ल्याउने, सरकारले सञ्चालन नगर्ने संस्थानरुलाई निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न, रणनैतिक साझेदारीको कार्य अघि बढाउने कार्यका लागि समेत यस्तो इकाई पुनः खडा गरी विभिन्न विज्ञको समेत व्यवस्था गरी यस इकाईलाई पुनः सक्रिय बनाउनु आवश्यक देखिन्छ।

### १०.६.१ निजीकरण/ विनिवेसमा गर्नुपर्ने सुधार

सरकारले सार्वजनिक संस्थानहरूमा लगानी विस्तार गर्दै जाने नयाँ संस्थानहरूको स्थापना गर्दै जाने हो भने भावी दायित्व बढ्ने निश्चित छ। सार्वजनिक संस्थानहरू बन्द हुँदा सरकारले कर्मचारीको दायित्व भुक्तानी गर्ने क्रममा केही वर्षयता जनकपुर चुरोट कारखानामा कार्यरत कर्मचारीका लागि ३ अर्ब, विराटनगर जुट मिल्सका कर्मचारीका लागि ५५ करोड, नेशनल कन्सट्रक्सन कम्पनी लिमिटेडका लागि ३२ करोड नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सीका लागि २५ करोड रुपैयाँ र नेशनल ट्रेडिङ्ग लिमिटेडका कर्मचारीलाई अवकाश दिंदा १ अर्ब ६६ करोड रुपैयाँ भुक्तानी गरेको थियो। पुनः यस प्रकृतिका समस्याको पुनरावृत्ति नहोस् भनेर निम्न सुझाव दिइएको छः

१. **उपयुक्त विनिवेश प्रणालीको अवलम्वनः** सार्वजनिक संस्थानहरू बन्द, खारेजी र विघटन गर्ने क्रममा निजीकरणको सुरूका वर्षहरूमा समेत करोडौं रुपैयाँ कर्मचारीको दायित्व चुक्ता गर्न प्रयोग भएको थियो। तर धेरै ठूलो रकम भने जनकपुर चुरोट कारखानाका कर्मचारीको दायित्व चुक्ता गर्न भएको देखिन्छ र यस्तो दायित्व अझै बाँकी रहेको छ जनकपुर चुरोट कारखानाको गोदाममा रहेको सूर्तिको रकमको भुक्तानीका लागि भारतको मितापल्ली कम्पनीले राजदूतावास मार्फत् अझै भुक्तानी नपाएको भनेर माग गरिरहेको अवस्था छ। पछिल्लो समय बन्द अवस्थामा रहेको गोरखकाली रबर उद्योगले समेत कर्मचारी दायित्व चुक्ता गर्न १ अर्ब ५० करोड रकम माग गरेको छ। संस्थानहरू बन्द अवस्थामा रहँदा समेत अन्य विकल्प खोजी नगरेको कारणले यस्तो दायित्व सिर्जना भएको हो। त्यसैले, संस्थानहरू सञ्चालन गर्न कठिनाई हुने वित्तीकै संस्थान बन्द हुँदा कै समयमा संस्थानलाई खारेज गरी कर्मचारीलाई अवकाश दिनु उपयुक्त हुन्छ।

    निजीकरण भई सकेका कम्पनीहरूमा समयमै संस्थानहरूको विनिवेश नहुँदा विभिन्न दायित्वको चुक्ता गर्न अर्थ मन्त्रालयले बजेट निकासा गरिरहेको अवस्था छ। बैंकहरूको ऋण चुक्ता गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालयले थप ऋण लगानी गर्दै रकम भुक्तानी गरिरहेको अवस्था छ। यसरी निजीकरणका नीतिहरू विवादित भएको परिप्रेक्षमा सार्वजनिक संस्थानहरूको दिगो वित्तीय व्यवस्थापनका लागि निजीकरणमा देखिएका कमि कमजोरीहरूलाई सुधार गरी उपयुक्त विनिवेश प्रणाली विकास गर्नु उपयुक्त हुन्छ।

२. **संस्थानहरूको विनिवेश पट्टा भाडा तथा सहकारीकरणको माध्यमबाट गर्नेः** संस्थानहरूलाई विनिवेश गर्दा विनिवेशका विभिन्न स्वरूप हरू मध्ये सम्पत्ति र व्यवसाय विक्रीको स्वरूप राष्ट्रिय हितमा हुँदैन भन्ने तथ्य हरिसिद्धी ईटा कारखाना, भृकुटी कागज कारखाना, तथा काँचो छाला संकलन केन्द्र जस्ता निजीकृत संस्थानहरूको असफलताले स्पष्ट हुन्छ। स्थायी सम्पत्तिहरू

जग्गा, भवनहरूको मूल्य बढ्दो क्रममा रहेको विद्यमान अवस्थामा सम्पत्ति र व्यवसाय विक्रीको लागत अधिक हुने हुँदा यो रणनीतिबाट संस्थानहरू विनिवेस गर्न पनि कठिन हुन्छ। त्यसैले पट्टा, भाडा, सार्वजनिक निजी साझेदारी, व्यवसायिक नाम तथा व्यवसाय विक्री, फ्रेन्चाइज र सहकारीकरण जस्ता स्वरूप लाई निरन्तरता दिई विनिवेसमा जानु उपयुक्त हुन्छ। यसो गर्न सकेमा वित्तीय व्यवस्थापन उपयुक्त हुने सरकारले वर्षेनी सम्पत्ति सुरक्षाका लागि दिनुपर्ने रकममा कटौति हुने बन्द संस्थानहरूको सम्पत्ति सुरक्षा गर्न सरकारले खर्च व्यहोर्नु नपर्ने अवस्थाको सृजना हुन्छ।

३. **बन्द एवं खारेजी संस्थाहरू सञ्चालनमा ल्याउनेः** सार्वजनिक संस्थानहरूको विघटन जटिल बन्दै गएको, सञ्चालनमा नरहेका, तथा बन्द संस्थानहरूको लेखापरीक्षण समेत हुन हुन नसकेकोले संस्थानको अवस्थानै यकिन नभएको अवस्था छ। त्यसैले, सार्वजनिक संस्थान सञ्चालन नभइ बन्द हुने अवस्था पूर्व नै संस्थाको विशेष लेखा परीक्षण गराइ विघटनको कार्यलाई सहज बनाउनु उपयुक्त देखिन्छ । विनिवेस निजीकरण पूर्व यस्ता संस्थानहरूको लेखापरीक्षण गरी उपयुक्त विनिवेशका विकल्पहरू विकास गरी बन्द एवं खारेजी संस्थाहरू सञ्चालनमा ल्याउनु उपयुक्त हुन्छ।

४. **कृषि औजार कारखाना तथा विराटनगर जुट मिल्स भाडामा दिनेः** निजीकरण पश्चात् बन्द भएका कृषि औजार कारखाना तथा विराटनगर जुट मिल्स जस्ता उद्योगलाई भाडामा दिइ सञ्चालन गर्नु उपयुक्त हुन्छ। सरकारले कृषि औजार कारखानको सुरक्षा प्रयोजनका लागि वार्षिक २० लाख बजेट उपलब्ध गराउदै आएको छ। कारखाना भाडामा दिने हो भने वार्षिक २० लाख बचत भई थप २० लाख वार्षिक भाडा प्राप्त गर्न सकिन्छ। कारखाना सञ्चालनबाट कृषि औजारहरू, ट्याक्टरहरू पम्प लगायतका कृषि सामग्री उत्पादन बेचविखन भई रोजगारी समेत बृद्धि हुन जानेछ। विराटनगर जुट मिल्स भाडामा सञ्चालन भई रहेकोमा हाल कारखाना बन्द छ। पुनः भाडामा कारखाना सञ्चालन हुन सकेमा वर्षेनी सरकारले विराटनगर जुट मिल्समा गर्ने ऋण लगानीलाई कम गर्न सकिन्छ। यी दुबै कारखानालाई अधिकतम ३० वर्षसम्मको भाडामा दिन सक्ने गरी सञ्चालनमा ल्याउन उपयुक्त हुन्छ।

५. **निजीकरण पछिको अवस्थाको अध्ययन अनुसन्धान विश्लेषण गर्नेः** निजीकरण गरेका संस्थानहरूको निजीकरणपछिको अवस्था प्रष्ट देखिने गरी अध्ययन, अनुसन्धान एवं विश्लेषण हुन सकेको छैन। निजीकरणपश्चात निजीकरणका शर्त तथा सम्झौताहरू, भाडा रकमको समेत पुनरावलोकन हुन सकेको छैन। सम्झौताका शर्तहरूको पालना सरकार तथा निजी व्यवसायी दुबैले गरे नगरेको समीक्षा हुन सकेको छैन। म्याद सकिइसकेपछि पुन नविकरण गर्ने निश्चित

मापदण्ड र आधारहरू समेत बनेको देखिदैंन। त्यसैले सार्वजनिक संस्थानहरूको विनिवेश/निजीकरण गर्नु पूर्व यी विषयहरूलाई सम्वोधन गर्नुपर्ने देखिन्छ।

६. **निजीकरण ऐनमा सुधारः** २०५० सालमा बनेको निजीकरण ऐन हालसम्म पुनः संशोधन हुन सकेको छैन। त्यस्तै निजीकरण नियमावली समेत तर्जुमा हुन सकेको छैन। निजीकरण ऐनमा समय सापेक्ष सुधार गर्दै निजीकरण समितिलाई सानो आकारको बनाई निजीकरणका प्रकृया, विधिलाई समेत समयानुकुल बनाउनुपर्ने देखिन्छ। निजीकरण समितिको बैठक समेत नियमितरूपमा बस्न नसकेको हुनाले ऐनमा नै यस्तो समितिको बैठक वर्षमा न्यूनतम यति पटक हुनेछ भनेर तोक्न समेत आवश्यक देखिन्छ। निजीकरण नियमावली तर्जुमा गरी लागू गर्नुपर्ने देखिन्छ।

७. **विवादित विषयहरूको समाधानः** निजीकरणसँग विभिन्न विवादित विषयहरू जस्तै जग्गा अतिक्रमण, शर्त र सम्झौता अनुरूपको सम्पत्ति प्राप्त गर्न नसकेको, निजीकरणपछि सम्झौताको नविकरण एवं पुनःसम्झौता जस्ता विषयहरूलाई सरकार र व्यवसायीको संयुक्त पहलमा समाधान गर्नु उपयुक्त हुनेछ।

## अध्याय एघार

# सरकारी कोष सञ्चालन व्यवस्थामा गर्नुपर्ने सुधारहरू

## ११.१ पृष्ठभूमिः

नेपालको संविधान २०७२ मा संघीय सञ्चित कोष वा अन्य कुनै संघीय सरकारी कोषबाट मात्र रकम झिक्न सक्ने व्यवस्था गरिएको छ। यस्तो कोष मुख्यतः संघीय सञ्चित कोषमाथिको व्ययभार र संघीय विनियोजन ऐन बमोजिम खर्च हुने रकम पर्दछन। छुट्टै कोष खडा नगर्ने र विनियोजन ऐन बमोजिम मात्र रकम प्राप्त गरी खर्च गर्नु पर्ने व्यवस्था भएको देखिन्छ। आम्दानी गर्दा कोषमा सिधै जम्मा नगरी सरकारी राजस्व कोषमा जम्मा गर्ने र सो कोषबाट खर्च गर्दा विनियोजन ऐन बमोजिम रकम प्राप्त गरी खर्च गर्ने व्यवस्था छ। कोष खडा गरी आय व्यय गर्ने कारोवार गर्दा सालबसाली रूपमा रकम प्रिmज गर्नु नपर्ने र त्यस्तो रकम अर्को आर्थिक वर्षा खर्च गर्न सकिने अवस्था रहन्छ। खर्च गर्दा सरकारको मुल बजेटबाट खर्च गर्दा जस्तो औपचारिक कार्यविधि रहँदैन। कोषबाट खर्च गर्दा लोचकता रहन्छ। यस्ता कोषको रकमहरू विनियोजन बजेटमा समष्टिमा रहने हुनाले संसदमा खासै चासो र छलफल पनि हुने गर्दैन। कोषमा रकम आएपछि स्वतन्त्र र स्वायत्त किसिमले खर्च गर्न सकिने हुँदा यस्ता कोषहरू स्थापनाको लागि कतिपय निकायहरू प्रेरीत हुने गरेको पनि देखिन्छ। विनियोजन ऐनमा बजेटको विषयगत सीमाको कारणले समावेश हुन नसकेका कतिपय काम र कार्यक्रमहरू पनि यस किसिमको कोषहरूबाट खर्च गर्ने गरिन्छ। तर सबै कोषहरू नेपाल सरकारको सार्वजनिक कोषको दायरा भित्र आउने हुँदा यस्तो कोषको सार्वजनिक जवाफदेहिता सरकारले पूरा गर्नुपर्दछ। त्यसैले कोषको अवस्था एकीन गर्नुपर्ने सरकारको दायित्व रहन्छ। कोष स्थापनाको उद्देश्य र आवश्यकता पूरा भएपछि बन्द गर्नुपर्दछ। बन्द गर्नु नपर्ने वा विनियोजन ऐन बमोजिम बजेट प्राप्त नगर्ने नभएपनि कोषको व्यवस्थापन र हिसाब किताब पारदर्शी र वस्तुगत बनाउने जिम्मा पनि सरकारको हुन्छ। यसको लागि लेखाँकन गर्ने र लेखा परीक्षण गरी जवाफदेहिता पालना गराउने जिम्मेवारी सरकारको रहन्छ। त्यसैले सरकारले यस्ता कोषहरूको अवस्था एकीन गरी सरकारी कोषको समग्र व्यवस्थापन गर्नु आवश्यक छ।

## ११.२ कोष सञ्चालनको वर्तमान अवस्था

अर्थ मन्त्रालयले हालको संविधान अघि अर्थ मन्त्रालयबाट २०६५।४।३० मा कुनै पनि निकायअर्न्तगत कार्य सञ्चालन कोष रहेको भए बन्द गरी विनियोजन ऐन बमोजिम खर्च गर्ने निर्णय भएपनि हालसम्म पनि यस्ता कोषहरू सञ्चालनमा नै रहेका देखिन्छन। महालेखा परीक्षकको कार्यालयको २०७४ को प्रतिवेदनमा सरकारी कार्यालयतर्फ २३ निकाय अर्न्तर्गत सञ्चालनमा रहेका कोषहरूमा आर्थिक वर्ष२०७३।७४ को अन्तसम्म रु.९२ अर्ब ८२ करोड ६ लाख बाँकी रहेको उल्लेख गरिएको छ। सरकारी निकायहरू मातहत सञ्चालनमा रहेका यस्ता कोषहरू मध्ये २३ निकाय अर्न्तर्गत करिब ५६ वटा कोषहरू विभिन्न नामबाट सञ्चालनमा आएको देखिन्छ। यस्ता कोषहरू कार्यपालिका न्यायपालिका र व्यवस्थापिका तीनै अंगमा रहेको देखिएको छ।

हाल संचालित ५६ कोषहरू मध्ये कार्यसञ्चालन कोष ८ वटा देखिन्छ। यस्तो कोषहरू पूर्वाधार विकाससंग सम्बन्धीत मन्त्रालय मातहतमा ठुलै रकम बाँकी रहेको देखिन्छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत १ अरब ४५ करोड भन्दा बढी देखिन्छ भने शहरी विकास मन्त्रालय र खानेपानी तथा सरसफाई मन्त्रालय अर्न्तर्गत क्रमशः १० करोड ९६ लाख र ३ करोड ६७ लाख रकम बाँकी देखिन्छ। कतिपय कोषहरू विनियोजन बजेटबाट छुट्टै राखी विकास निर्माण कामको लागि खडा गरिएको छ, जस्तै पुनः निर्माण कोष, शान्ति कोष एडिबि, धरहरा पुननिर्माण कोष आदि। यस्ता कोषहरूमा वैदेशिक सहयोगको रकम समेत समावेश हुने गरेको देखिन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय मातहत प्रायः प्रकोप व्यवस्थापन र कल्याणकारी कार्यको लागि स्थापना भएको देखिन्छ। उद्योग र पशुपंक्षी अर्न्तर्गत प्रायः घुम्ती कोषको रूपमा रकम राख्ने गरिएको देखिन्छ। परराष्ट्र तथा अर्थ मन्त्रालय अर्न्तर्गत बाँडफाँड गर्नुपर्ने किसिमको रकम कोषमा राखिएको देखिन्छ। रक्षा मन्त्रालय मातहतको स्निक कल्याणकारी कोषमा सैनिकहरूको कल्याणको लागि भनी सबैभन्दा बढी ३९ अरब ६२ करोड जति रहेको छ। त्यस्तै गृह मन्त्रालय मातहत प्रहरी तथा सशस्त्र प्रहरी कोषमा ४९ लाख जति बाँकी देखिन्छ। यस्ता कोषहरू विनियोजनबाट भएको देखिंदैन।

हाल सञ्चालनमा रहेका कोषहरूमा आय व्यय भैरहेको देखिन्छ। तर १७ वटा कोषहरूबाट २०७३।७४ मा खर्च भएको देखिंदैन। खर्च नहुने कोषहरूको बारेमा आवश्यकता र औचित्यमा ध्यान दिनुपर्दछ। कोषहरू स्थापना गर्दै जाँदा २०७३।७४ सम्म आईपुग्दा ९२ अरब ८२ करोड रकम बाँकी रहेको देखिन्छ, जुन २०७५।७६ को कुल बजेट १३ खर्व १५ अरबको करीब ७

प्रतिशत हुन आउँछ। त्यसैले सरकारी कोषको सञ्चालन र व्यवस्थापनमा उचित ध्यान दिनु आवश्यक रहेको छ।

## ११.३ कोष सञ्चालनका कमी कमजोरीहरू

हाल सञ्चालनमा रहेको कोषको सञ्चालनमा निम्न कमी कमजोरीहरू देखिएको छः

- सरकारी कोषको लेखाङ्कन र आय व्यय व्यवस्थित गर्न कोष लेखा प्रणाली लागू गरिएको छैन। त्यस्ौले लेखाङ्कन गर्ने र अन्य निकायको लेखा प्रणालींसंग तादाम्यता मिलाउन र एकीकृत विवरण तयार गर्न सकिएको देखिंदैन।
- संविधानले विनियोजन ऐनबाट मात्र रकम प्राप्त गरी खर्च गर्ने भनेको भएता पनि हालसम्म कार्यसञ्चालन कोषहरू कायमै रहेको देखिन्छ। सम्बन्धीत मन्त्रालय र निकायहरूले यस्ता कोषहरू बन्द गर्ने काम गरेको देखिंदैन।
- स्थापित कोषहरूको स्थिति प्रतिवेदन संसदको छलफल र वहसको लागि उपलब्ध हुन सकेको देखिंदैन। त्यसैले हालसम्म कोषहरूको उद्देश्य बमोजिम कार्य सम्पन्न भए नभएको र सो अनुसारको सािर्वजनिक जवाफदेहिताको स्थिति प्रतिवेदन जानकारी हुने अवस्था देखिएन।
- कोषको सञ्चालन कार्यविधि स्पष्ट छैन। सबै कोषको आय व्ययको सञ्चालन र व्यवस्थापन कार्यविधि बनाई कार्यान्वयन गर्ने प्रणाली स्थापित नहुँदा जुन उद्देश्यले कोष स्थापना भएको हो सो उद्देश्य प्राप्त भयो भएन भन्ने अवस्था एकीन हुन सक्ने अवस्था देखिंदैन।
- सरकारले कोष लेखा प्रणाली औपचारिक रूपमा लागू गरेको छैन। अतः कोषको लेखा प्रणाली कस्तो हुने एकीन नहुने अवस्थामा कोषको लेखाँकन प्रणाली स्पष्ट भएको देखिंदैन।
- कतिपय कार्यालय मातहमा रहेको कोषहरू निष्क्रिmय रहेपनि कायमै रहेको देखिंदा सम्बन्धीत कार्यालय र तालुक निकायले यस बारेमा सक्रिय गर्ने वा खारेज गर्ने विषयमा कारबाही गरेको छैन।
- कार्य सञ्चालन कोष बन्द गरी विनियोजन ऐनबमोजिम खर्च गर्ने निर्ण्ाय भएपनि यस्ता कोषहरू हालसम्म सञ्चालनमा नै रहेको देखिएकोले संविधान विपरीत कोष कायम रहेका छन।

- कोषको आयव्ययको ढाँचा र लेखापरीक्षण गर्नुपर्ने भए पनि लेखापरीक्षण प्रतिवेदन तालुक निकाय मार्फ राष्टिय लेखाँकन हुन सकेको छैन।

- राष्टिय लेखामा कोषको अवस्था प्रस्तुत हुन सकेको छैन र सरकारी कोषको अवस्था संसदमा छुट्टै प्रतिवेदन गरी औचित्य र आवश्यकताको बारेमा छलफल हुन सक्ने वातावरण हुन सकेको छैन।

- यस्ता कोषहरूको लागि नेपाल सार्विजनिक लेखामान लागू हुने नहुने एकीन हुन सकेको देखिंदैन।

- कोषको व्यवस्थापन र सुधारको लागि गर्नुपर्ने कार्यहरुः सरकारी कोषहरूको व्यवस्थापन र सञ्चालनमा सुधारको लागि निम्न कार्यहरू गर्नु आवश्यक देखिन्छः

- कार्य सञ्चालन कोषको रूपमा रहेका कोषहरू सम्बन्धीत मन्त्रालयहरूले तुरुन्त बन्द गरी बाँकी रकम सरकारी कोषमा जम्मा गर्नु पर्दछ।

- सबै सरकारी कोषहरूको अवस्था पत्ता लगाउन अर्थ मन्त्रालयले क्रियाशिलता देखाउनु पर्दछ। यसको लागि महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट बैंक र सरकारी कारोवार सञ्चालन गर्ने बैंकहरू बीच समन्वय गरी हाल सञ्चालनमा रहेका सम्पर्ूण्ा सरकारी कोषहरूको अद्यावधिक स्थिति पत्ता लगाउनु पर्दछ।

- कोष लेखा प्रणाली -ँगलम ब्अअयगलतष्लन क्थकतझ) महालेखा नियन्त्रक कार्यालयले तयार गरी महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई लागू गर्नुपर्दछ। जुनसुकै कोष स्थापना हुँदा सो प्रणाली अनुसार कोषको आय व्यय, लेखा राख्ने प्रणाली विकास गर्नर्ुपर्दछ

- महालेखा नियन्त्रक कार्यालयले सबै यस्ता सरकारी कोषको रकम राष्टिय लेखामा समावेश हुने व्यवस्था गर्नुपर्दछ। आवश्यकतानुसार सरकारी कोषको छुट्टै अवस्था -आन्तरिक लेखा परीक्षण प्रतिवेदन सहीत) पनि केन्द्रीय कोषको अवस्थाको प्रतिवेदन गर्दा समावेश गर्नु पर्दछ। अर्थ मन्त्रालयले कुनै पनि सरकारी वा सार्विजनिक कोष स्थापनाको स्वीकृती दिंदा महालेखा नियन्त्रक कार्यालयको राष्टिय लेखा र कोष प्रणालीमा लेखाँकन हुने व्यवस्था मिलाएर मात्र स्वीकृत दिनुपर्दछ। कोष लेखा प्रणाली लागू हुने कुरा पनि अर्थ मन्त्रालयले स्वीकृती दिने समयमा स्वीकृति पत्रमा उल्लेख गर्नु पर्दछ।

- सबै सरकारी कोषहरूको साथै आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था हुनर्ुपर्दछ। सो प्रतिवेदन समेतको आधारमा अन्तिम लेखा परीक्षण गराउने व्यवस्था गर्नुपर्दछ।

- विनियोजन गर्दाको अवस्था वा विनियोजन नभए पनि जुनसुकै मन्त्रालय मातहत यस्तो कोष स्थापना भएपनि प्रत्येक आर्थिक वर्षा सो कोषको स्थापनाको उद्देश्य संचालिक कार्यक्रम आय व्ययको अवस्था मन्त्रालयगत आर्थिक स्थितिको प्रतिवेदनमा यस्तो कोषको छुट्टै प्रतिवेदन गर्ने व्यवस्था हुनु पर्दछ। सरकारी कोष भएकोले कोषको जवाफदेहिताको परीक्षणको सन्दर्भमा संसदमा उपलब्ध हुने व्यवस्था हुनुपर्दछ।

- तुरुन्तै कोष लेखा प्रणाली लागू गर्न नसकिने अवस्थामा  सरकारी कोषको आयव्यय सञ्चालनसम्बन्धी निर्देशिका नेपाल सरकारले स्वीकृत गरी कोषको आय व्ययको लेखाँकन प्रकृयासम्बन्धी निर्देशिका लागू गर्नुपर्दछ।

- कुनै पनि कोष सार्वजनिक वा सरकारी स्तरमा स्थापना गर्दा अर्थ मन्त्रालयको पर्ूवस्वीकृती लिने व्यवस्था अनिवार्य गरिनुपर्दछ। अर्थ मन्त्रालयले वार्षिक रूपमा यस्तो कोषको सञ्चालन स्थिति अनुगमन र परीक्षण गरी आवश्यक निर्देशन दिनुपर्दछ।

- कोषको खर्च व्यवस्थापनको कार्यविधि र प्रकृया -बजेट, कार्यक्रम र योजना, खर्च कार्यविधि, भुक्तानी, खरिद, आन्तरिक नियन्त्रण र लेखा परीक्षण तथा वेरुजु फछ्र्यौट व्यवस्था आदि)को लागि नेपाल सरकार -मन्त्रीपरिषद्) ले सरकारी कोष सञ्चालन आर्थिक कार्यविधि नियमावली स्वीकृत गरी लागू गराउनुपर्दछ।

- तालुक मन्त्रालयहरूले यस्तो सरकारी कोषको लागि वार्षिक वजेट तथा कार्यक्रममा समावेश गर्ने र सो को समिक्षा नियमित गर्ने व्यवस्था लागू गर्नु आवश्यक छ।

सरकारी वा सार्वजनिक कोष सरकारको दायित्वमा पर्ने भएकोले पारदर्शी किसिमले काम गर्न खरिदको काम कारवाही गर्दा सार्वजनिक खरिद कानूनको अन्तरनिहीत मान्यता र प्रावधान लागू हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति प्राप्त गरी सरकारी कोष सञ्चालन गर्ने निकायहरूले खरिद विनियमावली तयारी लागू गर्ने व्यवस्था हुनु आवश्यक देखिन्छ।

# अध्याय बाह्र

# एकीकृत सूचना प्रणालीको विकास मार्फत् बजेट, खर्च र वित्तीय व्यवस्थापनमा प्रभावकारिता

## १२.१ पृष्ठभूमि

बजेट, खर्च, र वित्तीय व्यवस्थापन प्रणालीलाई आधुनिक सूचना प्रविधिको उपयोग मार्फत् कार्यकुशल र प्रभावकारी बनाउनु आवश्यक छ। बजेट तर्जुमा, श्रोत विनियोजन, खर्च तथा वित्तीय प्रणालीको व्यवस्थापनमा विद्युतीय सूचना प्रणाली अनिवार्य भइसकेको छ। संघीयताको कार्यान्वयनसँगै सरकारको आर्थिक कारोवार, सञ्चालन र व्यवस्थापन समन्वयात्मक ढंगले तिनै तहमा गर्ने गरी वित्तीय व्यवस्थापनको क्षेत्रमा परिवर्तन र सुधार आवश्यक छ। स्थानीय, प्रदेश र संघ सरकारको आय व्यय र छुट्टाछुट्टै सञ्चितकोष भएको हुँदा सबै सरकारको समग्र बजेट, राजस्व, खर्च, कोष, आदिको एकीकृत सूचना प्राप्त गर्न सबै तहमा विद्युतीय सूचना प्रणालीको प्रयोग अपरिहार्य भएको छ। त्यस्तै, एकीकृत सार्वजनिक लेखा प्रणालीको विकास गरी त्यसको तिनै तहमा योजना र बजेट तर्जुमा तथा वित्तीय व्यवस्थापनमा उपयोग गर्नुपर्ने खाँचो र आवश्यकता छ।

हाल बजेट कार्यक्रम, राजस्व, आर्थिक खर्च लेखा तथा स्रोत प्रतिवेदनको निमित्त विभिन्न प्रकृतिका सफ्टवेयर विकास गरी लागू भइरहेको छन्। विभिन्न निकायहरुले आफ्नो ढंगले सफ्टवेयरको विकास र उपयोग गरिरहेका छन्। यी सबै पृष्ठभूमिमा आवश्यकता र महत्त्वको दृष्टिबाट अब एकीकृत व्यवस्थापन सूचना प्रणाली (Integrated Management Information System) को विकास गर्नु जरुरी देखिएको छ। यस्तो एकीकृत प्रणालीले संघ, प्रदेश र स्थानीय तहलाई सूचनाको माध्यमबाट बजेट, खर्च र वित्त व्यवस्थापनलाई आवद्ध गर्न सकिनेछ। खर्चको प्रभावकारी व्यवस्थापन तथा समग्र वित्त अनुशासन कायम गर्न तथ्याङ्कको आधार फराकिलो र विश्वसनीय बनाउनु पर्ने हुन्छ। योजना, बजेट र बजेट भित्रका वैज्ञानिक विश्लेषणका आधारमा बढी विश्वासिलो बनाउन पनि एकीकृत सूचना प्रणाली ज्यादै महत्त्वपुर्ण हुन्छ।

## १२.२ बजेट, खर्च र वित्तीय व्यवस्थापनको क्षेत्रमा हाल प्रयोगमा रहेका विद्युतीय सूचना प्रणाली र उपयोगको अवस्था

हाल बजेट, खर्च र वित्तीय व्यवस्थापनको क्षेत्रमा प्रयोग गरिएका सूचना प्रविधि प्रणालीहरू निम्न रहेका छन्ः

१. **बजेट तर्जुमा तथा नियन्त्रणः** अर्थ मन्त्रालयले कार्यकारी मन्त्रालय बजेट सूचना प्रणाली (LMBIS) तथा बजेट व्यवस्थापन सूचना प्रणाली (BMIS) बाट बजेट सिलिङ्ग, लाइन आईटम र क्रियाकलापअनुसारको बजेट प्रस्ताव, बजेट अन्तिम स्वीकृति, बजेट अख्तियारी, रकमान्तर र स्रोत परिवर्तन, अतिरिक्त बजेट र

पूरक बजेटको काम गर्दछ। बजेट नियन्त्रण प्रणालीको लागि रकमान्तरको अभिलेख, स्रोत परिवर्तन र थप बजेटको लागि विकास गरिएको सफ्टवेयर प्रयोगमा रहेको छ। कारोवार लेखा र बजेट नियन्त्रण प्रणाली (TABUCS) संघ तहमा प्रयोग गरिएको छ। प्रस्तुत सफ्टवेयर स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय पुनःनिर्माण प्राधिकरण र शहरी विकास मन्त्रालयले समेत प्रयोगमा ल्याएको छ। यी सबै सफ्टवेयरहरू संघीय सरकारमा प्रयोग भएका छन्। प्रदेश तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले बजेट सिलिङ्ग, लाइन आइटम र क्रियाकलापवद्ध बजेट प्रस्ताव र बजेट अन्तिम स्वीकृति (२०१७ को खातासूची) कारोवार लेखा समेतको काम गर्ने गरी विकास गरेको छ। स्थानीय तहबाट पनि सोही प्रयोजनको लागि सूत्रको प्रयोग गरिएको छ।

२. **निकासा र भुक्तानी व्यवस्थाः** संघीय तहमा एकल खाता कोष (TSA) प्रणालीअन्तर्गत विद्युतीय सूचना प्रणाली विकास गरी बजेट निकासा, धरौटी भुक्तानी, अन्य कोषको भुक्तानी, विद्युतीय कोष हस्तान्तरण (EFT), प्रतिवद्धता अभिलेखको काममा उपयोग गरिने गरिएको छ। प्रदेश तहमा पनि सोही प्रणाली लागू गर्ने नीति रहेकोमा हाल म्यानुएल रूपमा कार्य भइरहेको छ। स्थानीय तहमा यसको व्यवस्था भएको छैन। म्यानुयल रूपमा नै काम भइरहेको छ। अधिकांश स्थानीय तहले नीजि कम्पनीको सहयोगमा छुट्टै सफ्टवेयर प्रयोग गरिरहेका समेत पाइएको छ।

३. **राजस्व वा प्राप्तिसम्बन्धी कार्यः** यस कार्यको लागि संघमा राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) विकास गरी राजस्व संकलन, लेखा र अभिलेखको कार्यको साथै विद्युतीय बिल भुक्तानी (EBP) को कार्यमा (राजस्व प्राप्ति) प्रयोग गरिएको छ। अभिलेखको लागि मलेनिकामा ऋण व्यवस्थापनसँग सम्बन्धित माइक्रोसफ्ट एक्सेसमा लेखाङ्कन सूचना प्रणाली प्रयोगमा छ। प्रदेश तहमा यस्तो कामको लागि कुनै सूचना प्रणाली विकास भएको छैन। अधिकांश स्थानीय तहहरूले निजी कम्पनीहरुको सहकार्यमा आफ्नै किसिमले सफ्टवेयर विकास गरी यस्तो कार्यहरू गरिरहेको देखिन्छ। भवन निर्माण तथा शहरी विकास विभागको एकीकृत राजस्व व्यवस्थापन प्रणालीलाई केही स्थानीय तहले प्रयोगमा ल्याएका छन। स्थानीय तहको लागि नगरपालिका प्रशासन राजस्व प्रणाली (MARS) स्थानीय स्वशासन ऐन अनुसार गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले काठमाडौं नगरपालिकामा परीक्षण गरेपनि व्यवहारमा लागू हुन सकेको छैन।

४. **लेखाङ्कन र प्रतिवेदनः** संघीय तहमा यस प्रयोजनको लागि कम्प्यूटीकृत सरकारी लेखा प्रणाली (CGAS) लागू गरी अख्तियारी, केन्द्रीय लेखा, धरौटी लेखा र अन्य कोषको लेखाको साथै एकल खाता कोषसँग एकीकृत गर्ने गरी तयार गरिएकोमा सीमित कार्यालयहरूमा मात्र लागू भएको छ। संघको सबै

कार्यालयहरूमा र प्रदेश र स्थानीय तहमा यो प्रणाली लागू हुन बाँकी नै छ। तर स्वास्थ्य मन्त्रालयले यस्तो प्रयोजनको लागि संघ तहमा नै ट्याबुक्सको माध्यमबाट क्रियाकलापमा आधारित लेखाङ्कन, पेरोल, अख्तियारी, केन्द्रीय लेखा, धरौटी लेखा, अन्य कोष लेखा, बेरुजुको लेखा र वार्षिक खरिद योजनाको काम गर्ने गरेको छ। त्यस्तै, सडक विभागले क्रियाकलापमा आधारित लेखाङ्कन, अख्तियारी, केन्द्रीय लेखा, करारको कन्टीनजेन्सी लेखाङ्कन, करार व्यवस्थापन जस्ता कामको लागि सूचना प्रणाली विकास गरेको छ। प्रदेश तह र स्थानीय तहमा यस्तो प्रणाली छैन। अधिकांश स्थानीय तहमा निजी क्षेत्रको सहकार्यमा फरक फरक प्रकृतिका एकाउन्टिङ्ग सफ्टवेयरहरू प्रयोग भएका छन्।

**५. अन्य सूचना प्रविधि प्रणालीः**

- मलेनिकामा संघको एकीकृत वित्तीय प्रतिवेदन गर्ने र तथ्याङ्क भण्डारण प्रयोजनको लागि वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) प्रयोगमा रहेको छ।
- नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) प्रणाली एक्सेलमा आधारित रहेको छ। यसले केन्द्रीय आर्थिक एकाइहरूको वित्तीय कारोवारको एकत्रित विवरण तयार गर्दछ। यस्तो प्रणाली संघमा मात्र लागू भएको छ। स्थानीय र प्रदेश तहमा यो प्रणाली लागू हुन बाँकी नै रहेको छ।
- निवृत्तभरण व्यवस्थापन प्रणाली (PMS) र सार्वजनिक सम्पति सूचना प्रणाली (PAIS) क्रमशः अवकाश प्राप्त कर्मचारी निवृत्तभरण रकम व्यवस्थापन र सरकारी निकायहरूको सम्पति अभिलेख तथा प्रतिवेदनको लागि व्यवस्था गरिएको छ।
- योजना आयोग, केन्द्रिय तथ्याङ्क विभागदेखि अन्य निकायहरूले आफ्नो अनुकुल विद्युतीय सूचना प्रणाली उपयोगमा ल्याइरहेका छन्।

## १२.३ सूचना प्रविधिको उपयोगमा विद्यमान समस्याहरू

बजेट, खर्च र सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्दो छ र हुने क्रममा रहेको छ। हालको उपयोगको अवस्थाको अवलोकन र स्थिति विश्लेषण गर्दा सूचना प्रविधिको विकास र उपयोगमा तपसिलबमोजिमका समस्याहरू रहेको देखिन्छः

- **बजेट, खर्च र वित्तीय व्यवस्थापनको समष्टिगत र क्षेत्रगत सूचनाको कार्यक्षेत्र पहिचानमा समस्याः** बजेट, खर्च र वित्तीय व्यवस्थापनको लागि कुन कुन क्षेत्र र विषयमा सूचना प्रविधिको विकास आवश्यक हुने हो सोको समष्टिगत कार्यक्षेत्र र विषयहरू पहिचान भएको छैन। सामान्यतया बजेट निर्माण प्रकृया र बजेट निकासा र खर्च, लेखाङ्कन तथा प्रतिवेदनको लागि अर्थ मन्त्रालय लगायत अन्य मन्त्रालयहरू

तथा महालेखा नियन्त्रक कार्यालयले सफ्टवेयर तयार गरी लागू गरेको स्थिति छ। खर्च र वित्तीय व्यवस्थापनले सरकारको समग्र नीति, योजना, आयोजना, कार्यक्रम, क्रियाकलापको कार्यान्वयन र सञ्चालनमा पृष्ठपोषकको रूपमा काम गर्नुपर्दछ। सोहीअनुरुपको विद्युतीय सूचना प्रणालीको उपयोग गर्ने गरी सफ्टवेयर विकास योजना हुनु पर्नेमा सो हुन सकेको छैन। खर्च गर्ने प्रणालीको सञ्चालन र लेखाङ्कन गर्न, अभिलेख गर्न र प्रतिवेदन गर्नको लागि पनि सूचना प्रणालीलाई लेखा प्रणाली, प्रतिवेदन प्रणाली, निकासा प्रणाली, खर्चप्रणाली, नगद प्रवाह प्रणाली जस्तासँग आवद्ध गर्नुपर्ने हुन्छ। त्यस्तै, सरकारको सञ्चित कोष, समग्र आर्थिक विवरण प्रस्तुतिकरण, सरकारको सम्पति र दायित्वको अवस्था, सरकारको ऋण तथा जमानतको स्थितिको अभिलेख र प्रतिवेदन तथा प्रक्षेपण जस्ता क्षेत्रमा छिटपुट र छुट्टै विखण्डित (Stand Alone) रूपमा केही काम भएको देखिन्छ। तर सरकारको समग्र बजेट र वित्तीय व्यवस्थापनको कार्यक्षेत्र र सो कार्यको लागि जिम्मेवार निकायको पहिचान हुन नसकेकोले समष्टिगत खाकाको विकास मार्फत बजेट, खर्च र वित्तीय व्यवस्थापनका क्षेत्रमा सूचना प्रणाली लागु गर्न सकिएको छैन।

- **निकायगत सूचना प्रविधि विकास गर्ने बढ्दो प्रवृत्ति र समन्वयः** जिम्मेवार वा समन्वय गर्ने निकाय नतोकिएकोले बजेट तयार गर्ने, खर्च यकिन गर्ने, क्रियाकलाप नियन्त्रण र जानकारी गर्ने, लेखाङ्कन र प्रतिवेदन तयार गर्ने कार्यका लागि क्षेत्रगत मन्त्रालय तथा विभागहरूले आ-आफ्नै तरिकाले वित्तीय सूचना प्रविधिसम्बन्धी सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याएका छन्। स्वास्थ्य मन्त्रालय, पुनर्निर्माण प्राधिकरण, शहरी विकास विभाग, सडक विभाग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ-आफ्नै प्रयोजनको लागि वित्तीय सूचना प्राप्त गर्ने गरी वित्तीय सफ्टवेयर विकास गरी लागू गरेका छन्। अहिले पनि स्थानीय तहले आफ्नो तहको लागि छुट्टा छुट्टै सफ्टवेयर तयार गरी लागू गरेका छन्। महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी प्रयोगमा ल्याएका छैनन्। यस अवस्थामा निकायगत रूपमा प्रणाली विकास गर्दा समन्वयको अभावमा एकीकृत र एकरूपता नहुने र जिम्मेवार निकायको सहमति बिना विकास भएको यस्तो प्रणालीले सरकारको खर्च बढाउने अवस्था रहन्छ। हाल त्यस्तो प्रवृत्ति मौलाएको छ।

- **सूचना प्रविधिको विकास र लागू गर्ने निकायको यकिनको अभावः** बजेट, खर्च र वित्तीय व्यवस्थापनको क्षेत्र व्यापक छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रक कार्यालय, बजेट कार्यान्वयन गर्ने कार्यकारी मन्त्रालयहरू बजेट, खर्च र वित्त व्यवस्थापनको योजना तथा कार्यक्रम स्वीकृति, निकासा खर्च

लेखाङ्कन, भुक्तानी र प्रतिवेदन आदिको काममा संलग्न भइरहेका निकायहरू हुन्। यस्ता निकायहरू भएपनि वित्तीय व्यवस्थापन जस्तो महत्त्वपुर्ण क्षेत्रमा समेत सूचना प्रविधिसम्बन्धी काम गर्ने जिम्मेवार संस्था तोकिएको छैन। मलेनिकाले आफ्नो क्रियाशिलता र केही दातृनिकायहरूको सुझावमा यससम्बन्धी काम गर्दै आइरहे पनि औपचारिक रूपमा मलेनिकाले नै यस क्षेत्रको सूचना प्रविधिको विकास गर्ने गरी जिम्मेवारी पनि तोकिएको छैन। विभिन्न विभाग र मन्त्रालयहरूले सक्रियता देखाई आआफ्नै किसिमले वित्तीय सूचना लागू गर्नुको प्रमुख कारण मलेनिकासँग समन्वय नहुनु हो। अतः वित्तीय सूचना प्रणालीको जिम्मेवार संस्था समेत नतोकिएको कारणले कुन संस्थाले यसमा अग्रसरता लिने भन्ने अन्योलता कायम रही सो प्रणाली विकासमा बाधा पुगेको देखिन्छ।

- **वित्तीय व्यवस्थापनमा सूचना प्रविधि प्रयोगसम्बन्धी समग्र नीति र रणनीतिक योजनाको कमीः** बजेट, खर्च र वित्तीय व्यवस्थापनको कोणबाट स्वयम् सूचना प्रविधिको विकास र सुधार गरी लक्षित परिणाम प्राप्त गर्ने गरी समग्र नीति तयार भएको छैन। यसको अभावमा सूचना प्रविधिको विकासमा भएको प्रगतिको अवस्थाका आधारमा रणनीति तर्जुमा गर्ने र सुधारका क्षेत्रमा चाल्नु पर्ने काम बारे अन्योलता छ। यसले गर्दा सूचना प्रविधिको विकास पछि पर्ने अवस्था छ।

- **दातृ निकायहरूले कार्यक्षेत्रको विश्लेषण नगरी सूचना प्रविधि विकासमा कार्यकारी निकायलाई सहयोगः** लगानीको क्षेत्र पहिचान गर्ने क्रममा अर्थ मन्त्रालय र मलेनिकासँग समन्वय नगरी दातृ निकायहरूले कार्यकारी निकायहरूलाई (संघीय मामिला, स्वास्थ्य मन्त्रालय आदि) वित्तीय व्यवस्थापनको क्षेत्रमा सफ्टवेयर विकास गर्न सहयोग गरेको देखिन्छ। ती निकायहरूलाई सहायता गरे पनि कुनै विवाद भएमा व्यवसायिक नियमको व्याख्या गर्ने वा निर्क्यौल गर्ने कार्यमा समन्वय नहुँदा विकास गरिएको सूचना प्रणाली लागू नै हुन नसक्ने अवस्था रहेको स्थिति छ। अतः दातृ निकायको बुझाइको समस्याले गर्दा पनि यो क्षेत्रको विकासले गति लिन सकेको देखिंदैन।

- **एकीकृत वित्तीय सूचना प्रणाली र प्रतिवेदनको समस्याः** हालसम्म छुट्टाछुट्टै सफ्टवेयर विकास गरी लागू समेत गरेको कारणले समग्र कार्यक्षेत्रको विवरण र सूचना समेटेर एकीकृत सूचना प्रतिवेदन हुन सक्ने अवस्था छैन। कार्यकारी मन्त्रालयको बजेट प्रणाली, एकल खाता कोष प्रणाली, कम्प्युटीकृत लेखा प्रणाली र हालसालै प्रयोगमा आएको विद्युतीय भुक्तानी प्रणाली बिच सम्बन्ध एकीकृत गर्ने प्रणाली नहुँदा समग्र प्रतिवेदन र सूचना प्रविधि गर्न नसकेको स्थिति छ। अतः हालको छरिएर रहेको सूचना प्रविधि प्रणालीले बजेट र वित्तीय व्यवस्थापनमा अपेक्षित परिणाम दिन सक्दैन। यस्ता विविध कारणले गर्दा

देशको समग्र आर्थिक सामाजिक अवस्थाबारे जानकारी अद्यावधिक गर्न छुट्टै गणना गर्नुपर्ने अवस्था रहेको छ।

- **बजेट र वित्तीय व्यवस्थापनको लागि सम्पर्क विन्दु निकायको अलमलः** सामान्यतः अर्थ मन्त्रालय र मलेनिका मूल रूपमा बजेट र वित्तीय व्यवस्थापनको लागि जिम्मेवार निकाय भएपनि दुवै निकायले आ-आफ्नै तरिकाले सूचना प्रणाली विकास गरी लागू गरिरहेका छन्। LMBIS, BMIS जस्ता सफ्टवेयर प्रयोगमा ल्याई बजेट तयारी र स्वीकृति तथा बजेट नियन्त्रणको काम भइरहेको छ भने एकल खाता कोष लगायत अन्य सफ्टवेयरको माध्यमबाट निकासा खर्च र प्रतिवेदनको कार्य भइरहेको छ। वित्तीय व्यवस्थापनको सर्म्पर्क विन्दु कायम नगरिंदा सूचना प्रविधिको विकासमा स्वामित्व लिने कार्य हुन सकेको छैन।

- **सूचना प्रविधिको विकासको लागि मलेनिकाको संस्थागत विकास हुन नसकेकोः** वित्तीय व्यवस्थापनको क्षेत्रमा मलेनिकाले सक्रियता देखाए पनि सूचना प्रविधिको लागि जिम्मेवार पदाधिकारी र संरचना प्रभावकारी देखिंदैन। केही परामर्शदाताको सहयोगमा सूचना प्रविधिको कार्य हालसम्म भएको भएता पनि मलेनिका कै स्थायी संरचना र जनशक्तिको क्षमता र दक्षता विकास हुन नसक्दा बाह्रय परामर्शदाताको भरमा सूचना प्रविधि प्रणालीको विकास र सुधार गर्न कठिन देखिन्छ। मलेनिकाको प्रमुखको बारम्बार परिवर्तन र नेतृत्वमा यससम्बन्धी ज्ञानको अभावमा पनि समयअनुसार गर्नुपर्ने सुधारले अपेक्षित गति लिन सकेको देखिंदैन।

- **समग्र सरकार (संघ प्रदेश र स्थानीय तह) को वित्तीय अवस्थाको चित्रण गर्ने सूचना प्रणालीको अभावः** वित्तीय संघीयता लागू भएको हालको अवस्थामा तीनै तह (संघ प्रदेश र स्थानीय तह) को आयव्यय, सञ्चित कोष, राजस्व, ऋण आदिको समयमा सूचना प्राप्त गर्न सकिने बजेटसँग सम्बन्धित वित्तीय सूचना प्रणाली हालसम्म विकास भएको छैन। यसले गर्दा एकीकृत वित्तीय विवरण तयार गर्न सकिने अवस्था हाल छैन। समग्रमा सरकारले वित्त अनुशासन कायम गर्न सकेको छ छैन भनी अनुगमन गर्ने र आर्थिक अवस्थाका आधारमा बजेटको प्रवाह बढाउने वा नियन्त्रण गर्ने र भावी कदम चाल्नेबारे हालको प्रणाली पर्याप्त छैन।

- **सूचना प्रविधिको लागि कानूनी व्यवस्था नहुनुः** वित्तीय व्यवस्थापनको क्षेत्रमा सूचना प्रविधि लागू गर्न आर्थिक कार्यविधि कानूनमा व्यवस्था गरिएको छैन। सो कानूनमा निकायगत व्यवस्था नगरेको कारणले कुन निकायले यस क्षेत्रमा स्वामित्व लिने र रणनीति तय गर्ने भन्ने अन्यौल छ। यसले गर्दा बजेट र अन्तरसम्बन्धित वित्तीय व्यवस्थापनको क्षेत्रमा कार्यरत संस्थाहरू पनि अलमलमा रहेको स्थिति छ।

- **सूचना प्रविधिको संरचना र आधारभूत पूर्वाधारको अभावः** इन्टरनेटको माध्यमबाट वास्तविक समय (Real Time) मा बजेट र खर्चसँग सम्बन्धित वित्तीय सूचना लगायत अर्थतन्त्रमा महत्त्वपूर्ण परिसूचकहरूको अध्ययन तथा एकीकृतरुपमा सञ्चय गर्ने आधारभूत संरचना र सुविधा सबै स्थानहरूमा नभएको हुँदा सूचना प्रवाहमा समस्या हुने गरेको देखिन्छ। फरक रूपमा तयार भएका भौतिक पूर्वाधारहरू डाटा सेन्टर तथा कार्यालयगतमा रहेका कम्प्युटर तथा नेटवर्क प्रणालीहरूको दीर्घकालीन व्यवस्थापनमा समस्या रहेको छ।

- **सूचना प्रविधि उपयोगमा जनशक्तिको दक्षता र क्षमताको कमीः** सूचना प्रविधि जनशक्तिको उपलब्धता कठिन नभएपनि सरकारी कार्यालयहरूमा स्तरीय पारिश्रमिकको अभावमा अन्य क्षेत्रमा काम नपाएसम्मको लागि मात्र यो जनशक्तिले सरकारी कार्यालयमा काम गर्ने मानसिकता बनाएको देखिन्छ। त्यसैले कतिपय दक्ष र क्षमतावान् विज्ञहरूलाई कार्यालयमा कायम (Retention) राख्न सकिने अवस्था छैन। यसले गर्दा यस क्षेत्रको विकासमा कठिनाई उत्पन्न भएको देखिन्छ।

- **सूचना प्रविधिको सुरक्षा पूर्वाधारको कमीः** सूचना प्रविधिको लागि प्रयोगमा रहेको प्रणालीको सुरक्षाको लागि पर्याप्त पूर्वाधार विकास भएको छैन। निरन्तर तथा निर्वाध सञ्चार प्रवाहको लागि तेश्रो पक्षको जाँच परीक्षण हुने प्रणाली (System Audit, Security Audit) विकास भएको छैन जुन नितान्त आवश्यक छ।

## १२.४ सूचना प्रविधिको व्यापक प्रयोग र उपयोगिताका लागि गर्नुपर्ने सुधारहरू

बजेट, खर्च र वित्तीय व्यवस्थापनसहित बहुक्षेत्रमा उपयोगका निमित्त एकीकृत सूचना प्रविधिको विकास गर्न आवश्यक छ र यसका निम्ति निम्न उपायहरू अवलम्बन गर्न उपयुक्त हुने देखिन्छः

- संघीयताको परिप्रेक्ष्यमा बजेट तर्जुमा र प्रक्षेपण, वित्तीय व्यवस्थापनलगायत समग्र अर्थतन्त्रको अवस्था बारे जानकारी र अध्यावधिक गर्ने काममा टेवा पुऱ्याउने गरी सूचना प्रणालीको व्यापक रूपमा विकास र प्रयोग गर्न सकिन्छ। यसका लागि दीर्घकालीन रणनीति तयार गर्न अर्थ मन्त्रालय, मलेनिका, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक र बजेटको ठूलो अंश खर्च गर्ने कुनै ३ कार्यकारी मन्त्रालयहरूको प्रतिनिधित्व गराई एक कार्यदल गठन गरी सुझाव लिन आवश्यक छ।
- अल्पकालीन उपायको रूपमा हाल बजेट, राजस्व, निकासा, खर्च र प्रतिवेदन प्रणालीमा उपयोग गरिएका सूचना प्रविधि LMBIS, BMIS, TSA-DEC, RMIS तथा अन्य सफ्टवेयरहरूलाई एकीकृत गर्ने गरी एकीकृत सफ्टवेयरको विकास गरिनु पर्दछ। तीनै तह -संघ, प्रदेश र स्थानीय तहमा लागू गरिनुपर्दछ।

सो क्रममा योजना आयोग, तथ्याङ्क विभाग र अन्य निकायहरूले उपयोगमा ल्याएको सफ्टवेयरलाई सो एकीकृत प्रणालीमा ल्याउने गरी सफ्टवेयरको विकास गरिनुपर्छ।


- मलेनिकाले विकास गरेको कम्प्यूटीकृत सरकारी लेखा प्रणाली तथा मौजुदा सञ्चालनमा रहेका लेखा प्रणालीको Re-engineering गरी सबै संघीय निकायहरू तथा दुई वर्षभित्र प्रदेश तथा स्थानीय तहका सबै निकायहरूमा लागू गरिनुपर्दछ।
- वित्तीय व्यवस्थापनको क्षेत्रमा सूचना प्रविधिको विकास र लागू गर्ने जिम्मेवार निकायको रूपमा मलेनिकालाई तोकिनुपर्दछ। यसरी नेपालमा वित्तीय व्यवस्थापनको लागि सूचना प्रविधिसम्बन्धी जे जस्तो सफ्टवेयर विकास गरिन्छ त्यसको अग्रणी र समन्वयात्मक भूमिका मलेनिकाले खेल्ने व्यवस्था गरिनुपर्दछ। साथै, मलेनिकाले समन्वय गर्ने गरी राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना सञ्चार प्रविधिको मापदण्ड तोक्ने निकाय र बजेट कार्यान्वयन गर्ने मुख्य ३ कार्यकारी मन्त्रालयहरू रहेको एक समिति गठन गरी नियमितरूपमा वित्त व्यवस्थापनको क्षेत्रमा सूचना प्रविधिको प्रगतिसम्बन्धी समीक्षा गर्ने र सुधार बारे मार्गदर्शन गर्ने व्यवस्था गरिनुपर्दछ।
- दातृ निकायहरूले वित्तीय व्यवस्थापनसँग सम्बन्धित सूचना प्रविधिको क्षेत्रमा सहयोग गर्दा अर्थ मन्त्रालय र मलेनिका मार्फत् गर्ने व्यवस्था हुनु उपयुक्त हुनेछ।
- हाल संघीय सरकारको लागि लागू गरिएको एकल खाता कोष, राजस्व, खर्च, लेखाङ्कन, सञ्चित कोष तथा प्रतिवेदन कार्यको लागि प्रदेश र स्थानीय तहमा समेत लागू गरिनु आवश्यक छ। यसको अभावमा एकीकृत वित्तीय स्थिति यकिन गर्न नसकिने भएकोले २ वर्षभित्र उक्त व्यवस्था लागू गर्ने गरी तयारी गर्नु आवश्यक छ। अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले यस सम्बन्धमा अबिलम्ब कार्ययोजना बनाई लागु गर्नुपर्दछ।
- तीनै तहका सरकारहरूको जोड सूचना प्रविधिमैत्री नीतिमा देखिएकोले प्रदेश तथा स्थानीय तहहरूलाई सूचना प्रविधिको संरचना र आधारभूत पूर्वाधार विकासमा लगानी गर्न प्रोत्साहित गरिनुपर्दछ। आवश्यकताका आधारमा वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदान प्रदेश र स्थानीय तहमा इन्टरनेट लगायतको संरचना विकासमा सहयोग उपलब्ध गराउने नीति अवलम्बन गर्नुपर्दछ। यसबाट बजेट, खर्च र समग्रमा वित्त र वित्तीय व्यवस्थापनमा समन्वयात्मक ढंगले अघि वढ्न मद्दत पुग्नेछ।

- सरकारको सूचना प्रविधि क्षेत्रमा जनशक्तिलाई कायम राख्न वा आकर्षक बनाउन थप सुविधा दिने व्यवस्था गर्नु पर्दछ।

- विभिन्न निकाय र तहमा उपयोग गरिएका सूचना प्रविधिसम्बन्धी सफ्टवेयरको माध्यमहरूलाई सूचना आदान प्रदान हुनसक्ने गरी प्रविधिको विकास गर्दै एकीकृत सूचना प्रणाली लागू गरिनु पर्दछ र त्यसमा एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली (Integrated Financial Management Informaion System) लाई उच्च प्राथमिकता दिनु पर्दछ। यसको आधारमा बन्ने एकीकृत सूचना व्यवस्थापन प्रणाली (IIMS) मा आर्थिक, सामाजिक क्षेत्रका तथ्याङ्कहरू आवद्ध गर्नुपर्दछ। त्यसबाट योजना, बजेट, सार्वजनिक एकीकृत लेखा प्रणालीलाई बढी भरपर्दो र विश्वासिलो बनाउन तथा बजेट र खर्चसहित अर्थतन्त्रका प्रवृत्तिहरूको नियमित अनुगमन गर्न सहयोग पुग्नेछ।

- सूचना प्रविधिको लागि प्रयोगमा रहेका सबै प्रणालीहरूको सुरक्षाको लागि न्यूनतम रूपमा सूचना प्रविधि प्रणाली परीक्षण र सुरक्षा परीक्षण (System and Security Audit) को व्यवस्था गरी सूचना प्रणालीको निर्वाध व्यवस्थापन र सञ्चालन हुने व्यवस्था गरिनुपर्दछ। तल संघ, प्रदेश र स्थानीय तहमा कसरी एकीकृत सूचना प्रणाली अवलम्बन गर्न सकिन्छ भन्ने सुझावसहितको खाका प्रस्तुत गरिएको छ।

- सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारका लागि सरकारी डाटा सेन्टर (egovernment Integrated Data Center) को क्षमता अभिवृद्धि र विस्तार गरी सोको प्रयोगलाई जोड दिनुपर्छ।
- संघ, प्रदेश स्थानीय तहमा विकास हुने प्रणालीहरू Whone-Of-egovernment Approach को आधारमा स्वीकृत Enterprises Architecture को आधारमा बनाउनुपर्छ।



एकीकृत वित्तीय ब्यबस्थापन सूचना प्रणाली (संघ, प्रदेश र स्थानिय तह)
AMIS
NPC
CBS
MoF
LMBIS
BMIS
IIMS
FCGO
IFMIS & FMIS
संघ
DTCO
RMIS
DECS/TSA
ProjectUnit
Project Monitoring
SpendingUnit
CGAS
NPSAS
Province Planing Commission
MoEAP
Province LMBIS
Province BMIS
Province FMIS
प्रदेश
NPSAS
Project_Unit
DECS/TSA
Project Monitoring
Spending_Unit
Province CGAS
Province RMIS
स्थानिय तह
Municipal FMIS
Municipalities
NPSAS
Municipal Budget Planning System, Line Agency Budget Information System
Municipal CGAS
Municipal Revenue and Tax System
DTCO
DECS/TSA
Ministry of Finance (MoF)
Financial Comptroller General Office (FCGO)
National Planning Commission(NPC)
Central Bureau of Statistics(CBS)
District Treasury Controller Office (DTCO)
Ministry of Economic Affairs and Planning(MoEAP)
Line Ministry Budget Information System (LMBIS)
Budget Management Information System(BMIS)
Aid Management Information System (AMIS)
Financial Management Information System (FMIS)
Integrated Information Management System (IIMS)
District Expenditure Control System/Treasury Single Account System (DECS/TSA)
Computerized Government Accounting System (CGAS)
Revenue Management Information System (RMIS)
National Public Sector Accounting Standards (NPSAS)

# अध्याय तेह्र

## प्रस्तावित सुधारबाट समग्र अर्थतन्त्रमा पर्ने अपेक्षित प्रभाव

यो अध्यायमा प्रतिवेदनमा दिएका सुझावहरू कार्यान्वयनमा जाँदा समष्टिगत अर्थतन्त्रका मुलभूत सूचकांकहरुमा के कस्तो प्रभाव पर्न सक्छ भनी आंकलन गर्ने प्रयास गरिएको छ। प्रस्तावित सुधारले ल्याउने संरचनागत परिवर्तनबाट अर्थतन्त्रमा पर्न सक्ने सम्भावित असरलाई समष्टिगत ढाँचामा आधारित रहेर समष्टि मुख्य मुख्य कारकहरूको अपेक्षित प्रवृत्तिको अनुमान र विश्लेषण गरिएको छ। गत आर्थिक वर्ष २०७४/७५ लाई आधार मानि सोहि वर्षको स्थिर मूल्यमा आगामी १० वर्ष सम्म अर्थात आर्थिक वर्ष २०८४/८५ सम्मका लागि आर्थिक वृद्धि, लगानी, सरकारी खर्च र राजस्वको सम्भावित अवस्था तथा कुल ऋण दायित्व एवं साँवा र व्याज भुक्तानीका सम्भावित प्रवृतिहरूको अनुमान गरिएको छ।

सुधारका कार्यहरु जस्तै- चालू खर्च नियन्त्रणमा उच्च प्राथमिकता, हालको सङ्गठनात्मक ढाँचामा पुनर्संरचना गर्दै कर्मचारी व्यवस्थापनमा थप सुधार एबं परिवर्तन, संविधानमा भएको व्यवस्था अनुरूप खर्च अधिकारमा टेकेर चालु आयोजना/कार्यक्रमहरूको नयाँ ढङ्गले बाँडफाँड, वित्तीय संघीयता अनुरूप संरचनागत, संस्थागत, व्यवस्थापकीय प्रबन्ध र प्रभाकारीता, सामाजिक सुरक्षा र अनुदानका कार्यक्रमलाई एकिकृत र प्रभावकारी, सार्वजनिक सेवा सहज र मितव्ययी, सार्वजनिक संस्थानहरूको दायित्वमा न्यूनतासहित वित्तीय व्यवस्थापनलाई कुशल र दीगो बनाउनेतर्फ दिइने उच्च प्राथमिकताबाट बजेट, खर्च र वित्तीय व्यवस्थापनको आधार सुदृढ भई यी तीनै क्षेत्रमा एकअर्को अन्तरसम्बन्धित हुनेगरी प्रणालीगत रूपमै सुधारलाई अघि बढाउन मद्दत पुग्नेछ भन्ने मान्यता राखिएको छ।

योजना र मध्यकालीन खर्च संरचना हुँदै बजेट परिपाटीमा व्यापक सुधारमार्फत् लक्ष्य, क्षेत्रगत, परियोजनागत तथा कार्यक्रमिक प्राथमिकीकरण र तदनुरूप श्रोत विनियोजनमा दक्षता हासिल हुँदा यसको सकरात्मक योगदान आर्थिक वृद्धि हुँदै समग्र अर्थतन्त्रमा पर्नेछ।यी सुधारहरूको सबभन्दा ठूलो सकारात्मक असर सार्वजनिक क्षेत्रको लगानी विस्तार र त्यसको उत्पादकत्व वृद्धिमा पर्नेछ। बजेटमा गरिने नयाँ वर्गीकरणले राज्यको दायित्व निर्वाह गर्नुपर्ने क्षेत्रमा खर्च नियन्त्रणसहित सेवा प्रवाहलाई निरन्तरता दिने, संविधानमा व्यवस्था गरे अनुरूप जनताका आर्थिक, सामाजिक अधिकारहरू सुनिश्चित गर्ने गरी विनियोजन परिपाटीलाई लक्ष्यउन्मुख तथा बढी परीणामुखी बनाउने गरिँदा निश्चित अवधिभित्र त्यस्ता अधिकारहरूको प्रत्याभूत गर्न सहज हुनेछ। त्यस्तै वित्तीय संघीयता अनुरूप वित्तीय हस्तान्तरणको नीति ठोस र प्रभावकारी बनाउँदा यस्ता अधिकारहरू समयावद्ध रुपमा सुनिश्चत गर्न विशेष मद्दत पुग्नेछ। पुँजी निर्माणमा सार्वजनिक लगानीलाई उच्च प्राथमिकता दिंदा त्यसको सकारात्मक असर अर्थतन्त्रको उत्पादन संरचना र सम्बन्धमा परि त्यसबाट उच्च तर गुणस्तरीय आर्थिक वृद्धि हासिल गर्न सकिनेछ। गुणस्तरीय आर्थिक वृद्धितर्फ अर्थतन्त्रलाई रुपान्तरित गर्दा हाम्रा आफ्ना स्रोत र साधनको अधिकतम उपयोग हुने, हाम्रा तुलनात्मक लाभका क्षेत्रमा साधनको प्रभाव हुने तथा रोजगारी

अभिवृद्धिमा विशेष टेवा पुग्न जानेछ। सम्पन्न आयोजनाको मर्मत संभार तथा सुदृढीकरण एवं क्रमागत कार्यक्रमहरूको पुनर्संरचनाले थप रूपमा खर्च प्रणालीमा सुधार हुन गई त्यसको सकारात्मक असर विनियोजन दक्षता तथा खर्च व्यवस्थापन र प्रभावकारीतामा पर्नेछ। साधनमुखीको ठाउँमा नतिजामा आधारित बजेट प्रणाली र नतिजा सम्पादनमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीले यि दुई क्षेत्रमै संरचनागत सुधार र परिवर्तनमा विशेष योगदान पुग्नेछ। खरिद प्रणालीको व्यवस्थापन, सार्वजनिक र निजी-साझेदारी तथा सहकारी एवं समुदायको थप भूमिका, विदेशी सहायताको प्रभावकारीतामा वृद्धि, परियोजना कार्यान्वयनमा जिम्मेवारी र दण्डको ठोस व्यवस्थासँगै लेखा प्रणालीमा सुधार, ओभरसाइट निकायहरूको सक्रिय भूमिका आदिबाट बजेट र खर्च प्रणालीमा आधारभूतरूपमै परिवर्तन र सुधार भइ त्यसको तात्कालीन, मध्यकालिन र दीर्घकालीन सकरात्मक असर अर्थतन्त्रमा पर्नेछ।सुधार प्रकियामा प्रभावकारिता, अर्थतन्त्रका सूचांकहरुमा सकारात्मक परिवर्तन, एक सूचांकले अर्को सूचांकमा गुणात्मक प्रभाव (multiplier effects) परि परिणाम शृङ्खला (result chain) को प्रक्रियाबाट अपेक्षित आर्थिक वृद्धि प्राप्त हुनेछ ।

यस्ता मान्यताहरूलाई आधार बनाएर गरिएको प्रक्षेपणबाट चालू आ.ब. सहित ५ वर्षको अवधिमा आर्थिक वृद्धिदर प्रतिवर्ष औषत करिब ९ प्रतिशत र त्यसपछिको ५ वर्षमा वृद्धिदर थप उच्च भई १० वर्षको अवधिमा प्रतिवर्ष औषतरूपमा १०.५ प्रतिशतका दरले आर्थिक वृद्धिदर हासिल गर्न सकिनेछ। स्थानीय र प्रदेशस्तरमा विकास निर्माणले थप गति लिंदा आर्थिक वृद्धिदर अझ उच्च हुन सक्ने सम्भावना छ। उक्त आर्थिक वृद्धिदर हासिल गर्न आर्थिक वर्ष २०७४/७५ को मूल्यमा आर्थिक वर्ष २०७९/८० मा कूल ग्राहस्र्थ उत्पादनको तुलनामा लगानी अनुपात करिब ४४.७ प्रतिशत र आ.ब.२०८४/८५ मा आइपुग्दा सो अनुपात करिव ४७.२ प्रतिशत पुऱ्याउनु पर्नेछ। प्रस्तावित सुधारको ठूलो सकरात्मक प्रभाव सीमान्त पुँजी प्रतिफल अनुपातमा पर्नेछ। सो अनुपात हालको ५.२:१ बाट क्रमशः घटि ४.१:१ मा झर्ने अनुमान गरिएको छ। विनियोजन प्रणाली र खर्च तथा वित्तीय व्यवस्थापनमा हुने सुधार एवं निजी एवं सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रतर्फ प्रभाहित हुँदा यसको सकरात्मक असर समग्र अर्थतन्त्रको उत्पादकत्व वृद्धिमा पर्नेछ। चालू खर्चमा रहेको पुँजीगत अंशको योगदान तथा सरकारले लगानि विस्तारमा दिने जोडले कुल गार्हस्थ उत्पादनको तुलनामा सरकारी क्षेत्रको हाल न्यून लगानी अनुपात ७.८ प्रतिशतबाट आ.ब. २०७९/८० मा १३ प्रतिशत र आ.ब. २०८४/८५ मा १६.५ प्रतिशत पुग्ने अनुमान गरिएको छ। चालु खर्चमा गरिने नियन्त्रणले हालको कूल खर्चमा यसको हिस्सा हालको ६४-६५ प्रतिशतबाट ५७-५८ प्रतिशतमा झर्नेछ। सामाजिक सुरक्षासहित आर्थिक तथा सामाजिक अधिकारका क्षेत्रमा राज्यको आर्थिक तथा वित्तीय हस्तान्तरण समेतका कारणले चालु खर्चको अंश केही उच्च नै रहने अनुमान गरिएको छ। सार्वजनिक संस्थानमा सरकारको बढ्दो दायित्व व्यापकरूपमा कम गर्न पर्ने छ र त्यसको सम्भावना पनि उच्च छ। समग्रमा पुँजीगत खर्चको हालको २५ प्रतिशतको हिस्सालाई आ.ब. २०८४/८५ मा पुग्दा करिब ३५.६ प्रतिशतमा पुऱ्याउन सकिने छ। आयोजना परियोजना सम्बन्धी मापदण्डको अनुसरण तथा रणनीतिक एवं अन्य गरी दुई किसिमले

मात्र परियोजनाको वर्गीकरण गरी प्राथमिकता तोक्दा पुँजी खर्च र पुँजी निर्माण बिचको हालको फरक शून्यमा झर्ने अनुमान प्रक्षेपणमा गरिएको छ।

उच्च आर्थिक वृद्धिदर हासिल गर्न चाहिने लगानीका लागि स्रोतको सम्भावित अवस्था के हुन्छ वा प्रक्षेपित स्रोतले लगानी सम्भव छ छैन भनी संकेत गर्ने हुनाले त्यो पक्ष अझ महत्त्वपूर्ण छ। त्यसले उच्चदरको आर्थिक वृद्धि तथा अन्य लक्ष्यहरू कति सम्भावनाको नजिक छन् भन्ने पनि देखाउँछ। थप सम्भावित सकरात्मक अपेक्षा के हो भने बजेट र खर्च प्रणालीमा गरिने सुधारबाट उत्पादन संरचनामा परिवर्तनसँगै आर्थिक कृयाकलाप र गतिविधिमा विस्तार भई त्यसको सकरात्मक असर राजस्व परिचालनमा पर्नेछ। त्यसको थप अनुकुल असर विदेशी सहायताको उपयोगमा पर्नेछ। सोही मान्यतामा कूल गार्हस्थ उत्पादनको तुलनामा आन्तरिक राजस्वको अनुपात क्रमशः वृद्ध हुँदै गई आर्थिक वर्ष २०८४/८५ मा करिव ३४.५ प्रतिशतको हारहारीमा पुग्ने अनुमान गरिएको छ। यी तीनवटै श्रोतबाट बढ्दो कुल खर्चमा योगदान उच्च हुँदाहुँदै पनि बजेटघाटा कूल ग्राहर्स्थ उत्पादनको तुलनामा करिब ५ प्रतिशत हुने देखिन्छ। सो घाटा आन्तरिक ऋणबाट व्यहोर्नु पर्नेछ। उक्त अनुपात तुलनात्मक रूपमा केही उच्च भए पनि उत्पादनशील क्षेत्रमा गरिने लगानी, सार्वजनिक तथा नीजिक्षेत्र बिचको लगानी साझेदारी जस्ताका कारण आर्थिक स्थायित्वमा नकरात्मक असर नपर्ने देखिएकोले मूल्यवृद्धदर ५ देखि ६ प्रतिशतको बिचमा कायम गर्न सकिनेछ।

सो प्रक्षेपणहरूमा बाह्य र आन्तरिक ऋणको साँवा र ब्याज भुक्तानी दायित्वमा के असर पर्नेछ भनि आंकलन गरेर हेर्दा दायित्व धेरै उच्च दरले नबढ्ने देखिन्छ। तुलनात्मक रूपमा नेपालको कूल ऋण दायित्व कूल ग्राहर्स्थ उत्पादनको तुलनामा कम रहेको छ र २०८४/८५ मा पुग्दा सो अनुपात करिव ३९ प्रतिशतको आसपासमा रहने देखिन्छ। यसरी मुलधन, साँवा र ब्याज भुक्तानीका लागि हुने खर्चलाई समायोजन गरेर हेर्दा त्यसको राजस्वमा ठूलो भार नथपिने समेत देखिन्छ।

समष्टिगत ढाँचाका आधारमा गरिने प्रक्षेपणका आफ्नै सीमा हुने हुँनाले उन्नत विधि र खाकाको उपयोग गरी बजेट र खर्चको प्रक्षेपण गर्ने अभ्यास संस्थागत रुपमै सुदृढ गर्न आवश्यक छ। यसबाट बजेट र खर्चसम्बन्धी अनुमानहरू बढी विश्वसनीय बनाउँदै बजेटको प्रभावकारीता बढाउन मद्दत पुग्नेछ।

# अनुसूची १

# आयोगको सचिवालयमा कार्यरत विज्ञ तथा कर्मचारीहरूको विवरण

## विज्ञ

| सि. नं. | नाम | कैफियत |
|---|---|---|
| १. | पूर्व सचिव श्री सूर्यप्रसाद आचार्य | |
| २. | डा. माणिकलाल श्रेष्ठ | अवैतनिक रुपमा पूर्ण कालिन |
| ३. | डा. मुक्तिराम रिजाल | |
| ४. | श्री कमलराज पाण्डे | |
| ५. | श्री रोमकान्त पाण्डे | |

## सचिवालयमा कार्यरत कर्मचारीहरू

| सि. नं. | कर्मचारीको नाम | पद | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | डा. वासुदेव शर्मा पौडेल | सचिव | प्रदेश प्रमुखको कार्यालय, प्रदेश नं. २, जनकपुर | |
| २. | श्री रामहरि ज्ञवाली | उपसचिव | अर्थ मन्त्रालय jramhari@yahoo.com | |
| ३. | श्री ढाकाराम तिवारी | उपसचिव | अर्थ मन्त्रालय | |
| ४. | श्री किशोर बर्तौला | उपसचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३ | |
| ५. | श्री रोमाकान्त काफ्ले | उपसचिव | महालेखा नियन्त्रक कार्यालय | |
| ६. | डा. डिल्लीराज अर्याल | उपसचिव (तथ्यांकशास्त्री) | अर्थ मन्त्रालय | |
| ७. | श्री राधेश्याम दाहाल | शाखा अधिकृत | अर्थ मन्त्रालय | |
| ८. | श्री विनोद पौडेल | शाखा अधिकृत | अर्थ मन्त्रालय | |
| ९. | श्री उर्मिला भण्डारी | शाखा अधिकृत | अर्थ मन्त्रालय | |
| १०. | श्री मुरारी प्रसाद काफ्ले | शाखा अधिकृत | अर्थ मन्त्रालय | |
| ११. | श्री कृष्ण प्रसाद शर्मा | अर्थशास्त्री | अर्थ मन्त्रालय | |
| १२. | श्री विमला पोखरेल | अर्थशास्त्री | अर्थ मन्त्रालय | |
| १३. | श्री ठेकु श्रेष्ठ | कम्प्यूटर अधिकृत | अर्थ मन्त्रालय | |
| १४. | श्री ध्रुब प्रसाद सिटौला | ना.सु. | अर्थ मन्त्रालय | |
| १५. | श्री सुमन ढकाल | कम्प्यूटर अपरेटर | महालेखा नियन्त्रक कार्यालय | |
| १६. | श्री प्रेम प्रसाद पराजुली | कम्प्यूटर अपरेटर | महालेखा नियन्त्रक कार्यालय | |
| १७. | श्री भिष्मराज पौडेल | कम्प्यूटर अपरेटर | अर्थ मन्त्रालय | |
| १८. | श्री कपिल प्रसाद आचार्य | हलुका सवारी चालक | अर्थ मन्त्रालय | |
| १९. | श्री हरि कुमार श्रेष्ठ | हलुका सवारी चालक | अर्थ मन्त्रालय | |
| २०. | श्री अमर पौडेल | हलुका सवारी चालक | अर्थ मन्त्रालय | |
| २१. | श्री समुन्द्र घिमीरे | हलुका सवारी चालक | अर्थ मन्त्रालय | |
| २२. | श्री अविन्द्र प्रधान | हलुका सवारी चालक | अर्थ मन्त्रालय | |
| २३. | श्री किरण वस्नेत | कार्यालय सहयोगी | अर्थ मन्त्रालय | |
| २४. | श्री रामकृष्ण महर्जन | कार्यालय सहयोगी | अर्थ मन्त्रालय | |
| २५. | श्री पूर्ण महर्जन | कार्यालय सहयोगी | अर्थ मन्त्रालय | |

## अन्य कर्मचारीहरुः

| सि. नं. | कर्मचारीको नाम | पद | कार्यरत कार्यालय | कैफियत |
| --- | --- | --- | --- | --- |
| १. | श्री हरिश्चन्द्र ढकाल | उप सचिव | अर्थ मन्त्रालय | |
| २. | श्री किसन सिंह वस्नेत | उप सचिव | अर्थ मन्त्रालय | |

# अनुसूची २

# माननीय मुख्य मन्त्री तथा मन्त्रीज्यूहरूको सहभागितामा प्रदेशस्तरमा आयोगद्वारा सञ्चालित अन्तर्क्रिया तथा छलफल कार्यक्रमका सहभागीहरू

## प्रदेश नं. १

| सि. नं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | माननीय श्री शेरधन राई | मुख्य मन्त्री | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २. | माननीय श्री हिक्मत कुमार कार्की | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| ३. | माननीय श्री ईन्द्र बहादुर आङ्वो | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| ४. | माननीय श्री जीवन घिमिरे | मन्त्री | सामाजिक विकास मन्त्रालय | |
| ५. | माननीय श्री जगदिशप्रसाद कुसियैत | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| ६. | श्री सुवोधराज प्याकुरेल | उपाध्यक्ष | प्रदेश योजना आयोग | |
| ७. | श्री केदार न्यौपाने | प्रमुख सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ८. | श्री बलदेव प्रसाद जोशी | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ९. | श्री यज्ञ बहादुर खत्री | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १०. | श्री हरि प्रसाद दहाल | सचिव | सामाजिक विकास मन्त्रालय | |
| ११. | श्री बद्रीराज ढुङ्गाना | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| १२. | श्री प्रल्हाद प्रसाद सापकोटा | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| १३. | श्री सागर कुमार राई | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| १४. | श्री गोपाल प्रसाद पराजुली | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |

## प्रदेश नं. २

| सि. नं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | माननीय श्री लालबाबु रावत | मुख्य मन्त्री | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २. | माननीय श्री जितेन्द सोनाल | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ३. | माननीय श्री विजय मुमार यादव | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| ४. | माननीय श्री रामनरेश राय | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| ५. | माननीय श्री ज्ञानेन्द्र कुमार यादव | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| ६. | माननीय श्री शैलेन्द्र साह | मन्त्री | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| ७. | माननीय श्री नवल किशोर सुडी | मन्त्री | सामाजिक विकास मन्त्रालय | |
| ८. | श्री हरिप्रसाद फुँयाल | नि. प्रमुख सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ७. | डा. श्री वंशी शर्मा | सचिव | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| ८. | श्री मेघनाथ काफ्ले | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| ९. | डा. श्री किरण रुपाखेती | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| १०. | श्री जीवछ मण्डल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ११. | श्री देवीराम भण्डारी | सचिव | सामाजिक विकास मन्त्रालय | |
| १२. | श्री जगदीश रेग्मी | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |

## प्रदेश नं. ३

| सि. नं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | माननीय श्री डोरमणि पौडेल | मुख्य मन्त्री | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २. | माननीय श्री केशव स्थापित | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ३. | माननीय श्री शालीकराम जम्मर कट्टेल | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| ४. | माननीय श्री अरुण प्रसाद नेपाल | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| ५. | माननीय श्री कैलाशप्रसाद ढुङ्गेल | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| ६. | डा. खिमलाल देवकोटा | उपाध्यक्ष | प्रदेश योजना आयोग | |
| ७. | श्री आनन्दराज ढकाल | प्रमुख सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ८. | श्री रमेश प्रसाद शिवाकोटी | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ९. | श्री रुद्रा देवी शर्मा | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १०. | श्री इन्दिरा दहाल | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ११. | श्री केवलप्रसाद भण्डारी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| १२. | श्री दीर्घ नारायण पौडेल | सचिव | सामाजिक विकास मन्त्रालय | |
| १३. | श्री शिवलाल तिवारी | सचिव | प्रदेश प्रमुखको कार्यालय | |
| १४. | श्री कौशल किशोर झा | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| १५. | श्री डा. विजय चन्द्र झा | सचिव | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| १६. | श्री राजकुमार श्रेष्ठ | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| १७. | श्री भरत कुमार बुढाथोकी | सचिव | प्रदेश सभा सचिवालय | |
| १८. | श्री आत्मराम सत्याल | नि. सचिव | नीति तथा योजना आयोग | |

## गण्डकी प्रदेश

| सि. नं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | माननीय श्री पृथ्वी सुव्वा गुरुङ्ग | मुख्य मन्त्री | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २. | माननीय श्री किरङ्ग गुरुङ्ग | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| ३. | माननीय श्री हरि बहादुर चुमान | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| ४. | माननीय श्री रामशरण वस्नेत | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ५. | माननीय श्री नरदेवी पुन मगर | मन्त्री | सामाजिक विकास मन्त्रालय | |
| ६. | माननीय श्री विकास लम्साल | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| ७. | माननीय श्री लेख बहादुर थापा मगर | मन्त्री | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| ८. | श्री गिरीधारी शर्मा | उपाध्यक्ष | नीति तथा योजना आयोग | |
| ९. | श्री लक्ष्मीराम पौडेल | प्रमुख सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १०. | श्री राजेन्द्र घिमिरे | मुख्य न्यायाधिवक्ता | प्रदेश न्यायाधिवक्ताको कार्यालय | |
| ११. | श्री विष्णुराज ढकाल | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १२. | श्री शरदचन्द्र श्रेष्ठ | सचिव | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| १३. | श्री मुक्ति प्रसाद पाण्डे | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| १४. | श्री फणिन्द्रमणी पोखरेल | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| १५. | श्री विष्णुप्रसाद भण्डारी | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण | |
| १६. | श्री ईश्वर चन्द्र मरहट्टा | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| १७. | श्री कृष्णमुरारी न्यौपाने | सचिव | सामाजिक विकास मन्त्रालय | |
| १८. | श्री सम्भु खड्का | सचिव | प्रदेश सभा सचिवालय | |

| | | | |
|---|---|---|---|
| १९. | श्री देवी प्रसाद ज्ञवाली | सचिव | प्रदेश प्रमुखको कार्यालय |

## प्रदेश नं. ५

| सि. नं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | माननीय श्री शंकर पोखरेल | मुख्य मन्त्री | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २. | माननीय श्री बैजनाथ चौधरी | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ३. | माननीय श्री कुल प्रसाद के. सी. | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| ४. | माननीय श्री आरती पौडेल | मन्त्री | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| ५. | डा. प्रकाश कुमार श्रेष्ठ | उपाध्यक्ष | प्रदेश योजना आयोग | |
| ६. | डा. श्री तिर्थराज ढकाल | प्रमुख सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ७. | श्री भरतमणि रिजाल | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ८. | श्री थानेश्वर गौतम | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| ९. | श्री सनत कुमार दुवाडी | सचिव | प्रदेश प्रमुखको कार्यालय | |
| १०. | श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ११. | श्री दुर्लभ कुमार पुन मगर | सचिव | प्रदेश सभा सचिवालय | |
| १२. | श्री धनञ्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| १३. | श्री दिपक ज्ञवाली | प्रमुख लेखा नियन्त्रक | प्रदेश लेखा नियन्त्रक कार्यालय | |

## कर्णाली प्रदेश

| सि. नं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | माननीय श्री प्रकाश ज्वाला | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| २. | माननीय श्री नरेश भण्डारी | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| ३. | माननीय श्री दल बहादुर रावल | मन्त्री | सामाजिक विकास मन्त्रालय | |
| ४. | माननीय श्री खड्क खत्री | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ५. | माननीय श्री विमला के.सी | मन्त्री | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| ६. | माननीय श्री नन्द सिंह बुढा | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| ७. | श्री कलानिधि पौडेल | नि. प्रमुख सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ८. | डा. मान बहादुर बि.के. | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| ९. | श्री शिवनारायण चौधरी | सचिव | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| १०. | श्री ढुण्डीप्रसाद निरौला | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | |

## सुदूरपश्चिम प्रदेश

| सि. नं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | माननीय श्री त्रिलोचन भट्ट | मुख्य मन्त्री | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २. | माननीय श्री प्रकाश बहादुर शाह | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | |
| ३. | माननीय श्री कृष्णराज सुवेदी | मन्त्री | सामाजिक विकास मन्त्रालय | |
| ४. | माननीय श्री पठान सिंह वोहरा | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ५. | माननीय श्री झपट बहादुर वोहरा | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| ६. | माननीय श्री माया भट्ट | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| ७. | श्री नारायण प्रसाद विडारी | प्रमुख सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

| | | | |
|---|---|---|---|
| ८. | श्री यज्ञ प्रसाद भट्टराई | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ९. | श्री रविन्द्र बहादुर प्रधान | सचिव | भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| १०. | श्री राजेश्वर ज्ञवाली | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ११. | श्री इन्द्र देव भट्ट | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १२. | श्री गोगन बहादुर हमाल | सचिव | सामाजिक विकास मन्त्रालय |

## अनुसूची ३

# प्रदेशस्तरमा सञ्चालन भई रहेका राष्ट्रिय गौरव तथा प्रथम प्राथमिकता प्राप्त आयोजनाहरूको आयोगद्वारास्थलगत अवलोकन भ्रमण विवरण

१. सुनसरी-मोरङ्ग सिंचाई आयोजना, सुनसरी।

२. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा।

३. व्यापारिक मार्ग विस्तार आयोजना (वेलहिया-बुटवल खण्ड, मणिग्राम, रुपन्देही।

४. भेरी-ववई-डाईभर्सन बहुउद्देश्यीय सिंचाई आयोजना, भेरी।

५. सिक्टा सिंचाई आयोजना, बाँके।

६. रानी-जमरा-कुलरीया सिंचाई आयोजना, कैलाली।

७. कर्णाली लोकमार्ग, कैलाली।

८. खुटिया दिपायल सडक आयोजना, कैलाली।

# अनुसूची ४

# आयोगलाई सुझावहरू दिई योगदान पुऱ्याउनु हुने महानुभावहरू

## सभामुख

| सि.नं. | नाम |
|---|---|
| १. | सम्माननीय श्री कृष्ण बहादुर महरा |

## सभापति

| | |
|---|---|
| १. | श्री कृष्णप्रसाद दाहाल, अर्थ समिति प्रतिनिधि सभा |

## पूर्व अर्थ मन्त्रीहरू

| सि.नं. | नाम |
|---|---|
| १. | डा. प्रकाश चन्द्र लोहनी |
| २. | श्री भरत मोहन अधिकारी |
| ३. | डा. रामशरण महत |
| ४. | श्री सुरेन्द्र पाण्डे |
| ५. | श्री विष्णु प्रसाद पौडेल |

## संवैधिनक अंगका प्रमुखहरू

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १. | माननीय श्री टंकमणी शर्मा | महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| २. | माननीय डा. लवदेव अवस्थी | अध्यक्ष | भाषा आयोग |

## राष्ट्रिय योजना आयोगका पदाधिकारीहरू

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | माननीय प्रा.डा. पुष्पराज कँडेल | उपाध्यक्ष |
| २. | माननीय डा. कृष्ण प्रसाद ओली | सदस्य |
| ३. | माननीय डा. उषा झा | सदस्य |
| ४. | माननीय डा. दिल बहादुर गुरुङ्ग | सदस्य |
| ५. | माननीय ई. सुशिल भट्ट | सदस्य |
| ६. | माननीय श्री मिन बहादुर शाही | सदस्य |
| ७. | माननीय डा. रामकुमार फुयाँल | सदस्य |

## राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षहरू

| सि.नं. | नाम |
|---|---|
| १. | श्री पृथ्वीराज लिगल |
| २. | डा. शंकर प्रसाद शर्मा |

| | |
|---|---|
| ३. | श्री दिपेन्द्र बहादुर क्षेत्री |
| ४. | डा. गोविन्द राज पोखरेल |
| ५. | डा. मिन बहादुर श्रेष्ठ |
| ६. | डा. स्वर्णिम वाग्ले |

## राष्ट्रिय योजना आयोगका पूर्व सदस्यहरू

| सि.नं. | नाम |
|---|---|
| १. | डा. गोविन्द नेपाल |
| २. | डा. पोषराज पाण्डे |
| ३. | डा. चन्द्रमणि अधिकारी |

## नगर प्रमुख तथा उप-प्रमुख

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री द्वारिकालाल चौधरी | प्रमुख | ईटहरी उप-महानगरपिलका |
| २. | श्री सुशिला मिश्र भट्ट | उप-प्रमुख | धनगढी उप-महानगरपिलका |

## प्रमुख कार्यकारी अधिकृत

| सि.नं. | नाम | कार्यालय |
|---|---|---|
| १. | श्री सुशिल ज्ञवाली | राष्ट्रिय पून:निर्माण प्राधिकरण |

## नेपाल सरकारका सचिवहरू

| सि.नं. | नाम | मन्त्रालयको नाम |
|---|---|---|
| १. | श्री कृष्ण प्रसाद देवकोटा | पर्यटन, नागरिक उड्डयन तथा संस्कृति मन्त्रालय |
| २. | श्री अनुप कुमार उपाध्याय | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय |
| ३. | श्री मधु प्रसाद रेग्मी | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ४. | श्री रेश्मीराज पाण्डे | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५. | श्री लाल शंकर घिमिरे | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६. | श्री दिपेन्द्रनाथ शर्मा | सहरी विकास मन्त्रालय |
| ७. | श्री मधुसुदन अधिकारी | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ८. | श्री खगराज बराल | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ९. | श्री दिनेशकुमार थपलिया | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १०. | श्री लक्ष्मण अर्याल | राष्ट्रिय योजना आयोग |
| ११. | श्री अर्जुन कुमार कार्की | राष्ट्रिय पुन:निर्माण प्राधिकरण |
| १२. | डा. वैकुण्ठ अर्याल | राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग |

## नेपाल सरकारका पूर्व सचिव

| सि.नं. | नाम |
|---|---|
| १. | श्री वालानन्द पौडेल |
| २. | श्री सुमन प्रसाद शर्मा |

## अर्थ विद्/प्राध्यापकहरू

| सि.नं. | नाम |
|---|---|
| १. | प्रा.डा. मदन कुमार दाहाल |
| २. | प्रा.डा. केशव बहादुर खड्का |
| ३. | प्रा.डा. कुसुम शाक्य |
| ४. | श्री केशव आचार्य |
| ५. | सह-प्राध्यापक डा. पद्मप्रसाद खतिवडा |
| ६. | सह-प्राध्यापक डा. उमा शंकर प्रसाद |
| ७. | उप-प्राध्यापक डा. रश्मी राजकर्णिकार |
| ८. | उप-प्राध्यापक डा. निर्मल राउत |

## आर्थिक सल्लाहकार

| सि.नं. | नाम |
|---|---|
| १. | डा. रामशरण खरेल |

## गाउँपालिका राष्ट्रिय महासंघ

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | श्री होम नारायण श्रेष्ठ | अध्यक्ष |

## अर्थ समिति प्रतिनिधि सभा

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | श्री सुरेन्द्र अर्याल | समिति सचिव |

## नेपाल सरकारका सह-सचिव, उप-सचिव र अधिकृतहरू

| सि. नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री निर्मलहरि अधिकारी | सह-सचिव | अर्थ मन्त्रालय |
| २. | श्री सुशिल चन्द्र तिवारी | सह-सचिव | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय |
| ३. | श्री यज्ञराज कोईराला | सह-सचिव | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ४. | श्री तेजराज भट्ट | सह-सचिव | खानेपानी मन्त्रालय |
| ५. | डा. श्री हरिप्रसाद लम्साल | सह-सचिव | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ६. | श्री तेज बहादुर सुवेदी | सह-सचिव | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ७. | श्री सरिता मास्के | सह-सचिव | शहरी विकास मन्त्रालय |
| ८. | श्री माधव वेल्वासे | सह-सचिव | जल तथा उर्जा आयोग |
| ९. | श्री सुमन राज अर्याल | महा-निर्देशक | केन्द्रीय तथ्यांक विभाग |
| १०. | श्री सन्दिप कुमार देव | उप महानिर्देशक | विद्युत विकास विभाग |
| ११. | श्री कृष्ण वेल्वासे | सह-सचिव | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय |
| १२. | श्री चक्रपाणि पाण्डे | प्रमुख प्रशासकिय अधिकृत | धनगढी उपमहानगरपालिका |
| १३. | श्री ईश्वरी प्रसाद भण्डारी | निर्देशक | केन्द्रीय तथ्यांक विभाग |
| १४. | श्री श्रीधर पन्थी | उप सचिव | सार्वजनिक खर्च अनुगमन कार्यालय |

| | | | |
|---|---|---|---|
| १५. | श्री रामचन्द्र शर्मा | उप सचिव (लेखा) | सार्वजनिक खर्च अनुगमन कार्यालय |
| १६. | श्री रुद्र प्रसाद लामिछाने | उप सचिव (लेखा) | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १७. | श्री भुपेन्द्र बहादुर श्रेष्ठ | सि.डि.ई. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १८. | श्री गोकर्ण राज पन्थ | सि.डि.ई. | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय |
| १९. | श्री प्रमोद कुमार श्रेष्ठ | सि.डि.ई. | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय |
| २०. | श्री याम प्रसाद ढुङ्गाना | उप सचिव (लेखा) | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय |
| २१. | श्री सुवर्ण खनाल | सि.डि.ई. | विद्युत विकास विभाग |
| २२. | श्री उपेन्द्र कुमार खनाल | उप सचिव (लेखा) | विद्युत विकास विभाग |
| २३. | श्री लाल कुमार श्रेष्ठ | उप सचिव | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| २४. | श्री शुकदेव प्रसाद बाँस्कोटा | उप सचिव (लेखा) | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| २५. | श्री प्रदर्शनी कुमारी | उप सचिव | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| २६. | श्री जनार्दन प्रसाद बडाल | उप सचिव (लेखा) | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| २७. | डा. विनोद प्रसाद देवकोटा | उप सचिव | वन तथा वातावरण मन्त्रालय |
| २८. | श्री लक्ष्मण प्रसाद खनाल | उप सचिव (लेखा) | वन तथा वातावरण मन्त्रालय |
| २९. | श्री भक्तराज जोशी | उप सचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ३०. | श्री कमल सापकोटा | उप सचिव (लेखा) | शहरी विकास मन्त्रालय |
| ३१. | श्री गणेश कर्मचार्य | सि.डि.ई. | शहरी विकास मन्त्रालय |
| ३२. | श्री विष्णु प्रसाद ज्ञवाली | उप सचिव (लेखा) | शहरी विकास मन्त्रालय |
| ३३. | श्री मुकुन्द केशरी पोखरेल | उप सचिव (लेखा) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ३४. | श्री अनोज प्रसाद उपाध्याय | सि.डि.ई. | शहरी विकास मन्त्रालय |
| ३५. | श्री खडानन्द अधिकारी | उप सचिव | भरतपुर उपमहानगरपालिका |
| ३६. | श्री कमलकान्त पौडेल | अर्थशास्त्री | शहरी विकास मन्त्रालय |
| ३७. | श्री राजेन्द्र प्रसाद घिमिरे | लेखा अधिकृत | शहरी विकास मन्त्रालय |
| ३८. | श्री त्रिलोचन भण्डारी | ईन्जनियर | शहरी विकास मन्त्रालय |
| ३९. | श्री नानी बाबु शिपखान | लेखा अधिकृत | शहरी विकास मन्त्रालय |
| ४०. | श्री छायालाल मोक्तान | शाखा अधिकृत | पर्यटन, नागरिक उड्डयन तथा संस्कृति मन्त्रालय |
| ४१. | श्री विष्णु बहादुर रायमाझी | लेखा अधिकृत | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ४२. | श्री भोला प्रसाद बराल | शाखा अधिकृत | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ४३. | श्री बबिता भट्टराई | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |

## नेपाल नगरपालिका संघ

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | श्री कलानिधि देवकोटा | कार्यकारी सचिव |

## गैर सरकारी संस्थाका महानुभावहरुः

| सि.नं. | नाम | पद | आवद्ध संस्था |
|---|---|---|---|
| १. | श्री जीतराम लामा | अध्यक्ष | गैर सरकारी संस्था महासंघ |
| २. | डा. नेत्र प्रसाद तिम्सीना | क्षेत्रीय संयोजक | दक्षिण एसियाली गरिवि उल्मुलन मंच |
| ३. | श्री उर्मिला जोशी | उपाध्यक्ष | सावती |
| ४. | श्री गुणराज भट्ट | सदस्य | सावती |

| | | | |
|---|---|---|---|
| ५. | श्री किशोर महर्जन | सदस्य | सावती |
| ६. | श्री गणेश विश्वकर्मा | महासचिव | मासम, नेपाल |
| ७. | श्री राम खड्का | अर्थशास्त्री | डिएफआईडि |
| ८. | श्री निलु थापा | प्रोग्रामर कोर्डिनेटर | सावती |

## निजी क्षेत्रका महानुभावहरुः

| **सि.नं.** | **नाम** | **पद** | **आवद्ध संस्था** |
|---|---|---|---|
| १. | श्री दिनेश श्रेष्ठ | प्रतिनिधि | नेपाल उद्योग वाणिज्य महासंघ |
| २. | श्री मनिष कुमार खेमका | प्रतिनिधि | नेपाल उद्योग परिसंघ |
| ३. | श्री पर्शुराम दाहाल | प्रतिनिधि | नेपाल चेम्वर अफ कमर्स |
| ४. | श्री रवि सिंह | अध्यक्ष | नेपाल निर्माण व्यवसायी महासंघ |
| ५. | श्री निकोलस पाण्डे | वरिष्ठ उपाध्यक्ष | नेपाल निर्माण व्यवसायी महासंघ |
| ६. | श्री आङ्दोर्जी एडि लामा | उपाध्यक्ष | नेपाल निर्माण व्यवसायी महासंघ |
| ७. | श्री रत्न बहादुर खड्का | उपाध्यक्ष | नेपाल निर्माण व्यवसायी महासंघ |
| ८. | श्री टंक चौलागाई | उप-महासचिव | नेपाल निर्माण व्यवसायी महासंघ |
| ९. | श्री मंगल शाही | सदस्य | नेपाल निर्माण व्यवसायी महासंघ |
| १०. | श्री यक्ष ध्वज कार्की | अध्यक्ष | नेपाल निर्माण व्यवसायी संगठन |
| ११. | श्री लंक बहादुर के.सी. | पूर्व अध्यक्ष | नेपाल निर्माण व्यवसायी संगठन |
| १२. | श्री खोपनिधि लोहनी | | नेपाल निर्माण व्यवसायी संगठन |
| १२. | श्री प्रेम सिंह ऐर | | नेपाल निर्माण व्यवसायी महासंघ |
| १३. | श्री रामचन्द्र गिरी | | नेपाल निर्माण व्यवसायी महासंघ |

# अनुसूची ५

## ३.१ संघ अन्तर्गत रहने मन्त्रालयको सुची एवं दरवन्दी

| सि.नं. | मन्त्रालयको नाम | अन्तर्गत विभागको संख्या | मन्त्रालयको बर्गिकरण | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्र.म. तथा मं.प.को कार्यालय | ६ | ग | 88 | संघीयता सम्बन्धी एक महाशाखा राख्ने |
| २ | अर्थ मन्त्रालय | ३ | ग | ८८ | सा.वि.व्य तालिम केन्द्र खारेज गर्ने<br>सा.ऋ.व्य. केन्द्र मन्त्रालय मै राख्ने |
| ३ | उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय | 2 | ख | 75 | |
| ४ | उर्जा जलश्रोत, सिंचाइ तथा खानेपानी मन्त्रालय | 2 | ख | 75 | खानेपानी मन्त्रालय गाभीएको |
| ५ | कानुन, न्याय संघीय मामिला तथा तथा संसदिय व्यवस्था मन्त्रालय | - | क | 62 | |
| ६ | कृषि भुमिव्यवस्था तथा सहकारी मन्त्रालय | 3 | ख | 75 | कृषि तथा पशुपंक्षि तथा भु.व्य. सहकारी तथा ग.नि.म. गाभिएको |
| ७ | गृह | २ | ग | 88 | |
| ८ | परराष्ट्र मन्त्रालय | 1 | क | 62 | |
| ९ | भौतिक पुर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | 2 | ख | 75 | शहरी विकास मन्त्रालय गाभिएको |
| १० | वन तथा वातावरण मन्त्रालय | 2 | ख | 75 | |
| ११ | महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालय | 1 | क | 62 | |
| १२ | रक्षा मन्त्रालय | 1 | क | 62 | |
| १३ | शिक्षा, संचार, विज्ञान तथा प्रविधि मन्त्रालय | 3 | ख | 75 | शिक्षा, संचार, विज्ञान तथा प्रविधि मन्त्रालय गाभिएको |
| १४ | श्रम रोजगार, युवा तथा खेलकुद मन्त्रालय | 2 | ख | 75 | श्रम रोजगार, युवा तथा खेलकुद मन्त्रालय गाभिएको |
| १५ | संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | 2 | ख | 75 | |
| १६ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | 3 | ख | 75 | |
| | जम्मा | 35 | | 1187 | |

## ३.२ संघ अन्तर्गत मन्त्रालयमा रहने दरवन्दी तालिका

| सि. नं. | विवरण | सचिव | सह-सचिव | उपसचिव | अधिकृत | ना.सु. | कम्प्युटर अपरेटर | ड्राइभर | का.स. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मन्त्रीको निजी सचिवालय | | | 1 | 1 | | 1 | 1 | 1 | 5 |
| २ | सचिव र निजको सचिवालय | 1 | | | 1 | | 1 | 1 | 1 | 5 |
| ३ | महाशाखा | | 1 | 3 | 5 | 1 | 1 | 1 | 1 | 13 |
| ४ | लेखा शाखा | | | 1 | 1 | | 1 | 1 | 1 | 5 |
| ५ | कानुन शाखा | | | 1 | 1 | | 1 | 1 | 1 | 5 |
| ६ | मुलदर्ता | | | | | 2 | | | 1 | 3 |
| | जम्मा | 1 | 1 | 6 | 9 | 3 | 5 | 5 | 6 | 36 |

५ वटा महाशाखा हुँदा 13 X 5 = 65 + 23 = 88 जना

४ वटा महाशाखा हुँदा 13 X ४ = ५२ + 23 = 7५ जना

३ वटा महाशाखा हुँदा 13 X 3 = 39 + 23 = 62 जना

**नोट :** *प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यलिय, अर्थ मन्त्रालय र गृह मन्त्रालयलाई कार्य प्रकृतीका आधारमा ५ वटा महाशाखा रहने प्रस्ताव गरिएको छ।*

## ३.३ संघीय विभागको संगठन संरचना

| सि.नं. | विवरण | ३ वटा निर्देशनालय राख्दा | | | | | | | | ४ वटा निर्देशनालय राख्दा | ५ वटा निर्देशनालय राख्दा | रा.प. विशिष्ट श्रेणीका कार्यलय प्रमुख भएमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रा.प.प्र | रा.प.द्वि | रा.प.तृ | ना.सु. | कम्प्युटर अपरेटर | ड्राइभर | का.स. | जम्मा | | | |
| १ | महानिर्देशक | 1 | | | 1 | 1 | 1 | 2 | 6 | 6 | 6 | 6 |
| २ | उपमहानिर्देशक | 1 | | | 1 | 1 | 1 | 1 | 5 | 5 | 5 | 5 |
| ३ | निर्देशक | | 3 | 6 | 1 | 1 | 3 | 1 | 15 | 20 | 25 | 30 |
| ४ | लेखा शाखा | | | 1 | 1 | | | 1 | 3 | 3 | 3 | 3 |
| ५ | कानुन शाखा | | | 1 | 1 | | | 1 | 3 | 3 | 3 | 3 |
| ६ | मुलदर्ता | | | | 2 | | | 1 | 3 | 3 | 3 | 3 |
| 15 | जम्मा | 2 | 3 | 8 | 7 | 3 | 5 | 7 | 35 | 40 | 45 | 50 |

४ वटा निर्देशनालय हुँदा रा.प. द्वीतिय १, तृतीय २ र का.स. १ र ड्राइभर १ गरी जम्मा ५ जना थप हुने ।

५ वटा निर्देशनालय हुँदा रा.प. द्वीतिय २, तृतीय ४ र का.स. २ र ड्राइभर २ गरी जम्मा १० जना थप हुने ।

रा.प. विशिष्ट श्रेणीका कार्यलय प्रमुख भएमा तृतीय १, कम्प्युटर अपरेटर १ का.स. २ र ड्राइभर १ गरी जम्मा ५जना थप हुने ।

नोट :

| | | | |
|---|---|---|---|
| क | वर्ग सचिव (रा.प.विशिष्ट श्रेणी) रहने विभागमा | जम्मा | ५० |
| ख | वर्ग रा.प.प्रथम प्रमुख र २ जना DDG रहने विभागमा | जम्मा | ४५ |
| ग | वर्ग रा.प.प्रथम प्रमुख र १ जना DDG रहने विभागमा | जम्मा | ४० |
| घ | वर्ग रा.प.प्रथम प्रमुख र ४ वटा निर्देशनालय रहने विभागमा | जम्मा | ३५ |

# ३.४ संघीय विभागहरुको वर्गीकरण

| सि.नं. | मन्त्रालयको नाम | क्र.सं. | विभागको नाम | निर्देशनालयको संख्या | कर्मचारी दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | प्र.म. तथा मं.प.को कार्यालय | 1 | सं.सु.तथा रा.अ.वि. | 5 | 45 | |
| | | 2 | रा.यो.आ.को सचिवालय | 5 | 50 | |
| | | 3 | तथ्याङ्क विभाग | 4 | 40 | |
| | | 4 | नेपाल ट्रष्टको कार्यालय | 3 | 40 | |
| | | ५ | जनशक्ति व्यवस्थापन विभाग | 3 | 35 | |
| | | ६ | राष्ट्रिय सतर्कता केन्द्र | 4 | 40 | 250 |
| 2 | अर्थ मन्त्रालय | 1 | भन्सार विभाग | 5 | 45 | |
| | | 2 | आ.रा.विभाग | 5 | 45 | |
| | | 3 | म.ले.नि.का. | 5 | 50 | 140 |
| 3 | उद्दोग वाणिज्य तथा आपुर्ती मन्त्रालय | 1 | उद्योग, वाणिज्य तथा उ.सं.वि. | 5 | 45 | |
| | | 2 | गुणस्तर, नापतौल तथा खानी | 5 | 45 | 90 |
| 4 | उर्जा जलश्रोत, सिंचाइ तथा खानेपानी मन्त्रालय | 1 | जलश्रोत, सिचाई तथा खानेपानि | 5 | 45 | |
| | | 2 | मौसम विज्ञान विभाग | 3 | 35 | 80 |
| ५ | कानुन, न्याय संघीय मामिला तथा तथा संसदिय व्यवस्था मन्त्रालय | | नरहेको | | | |
| 6 | कृषि भुमिव्यवस्था तथा सहकारी मन्त्रालय | 1 | कृषि, पशुसेवा तथा सहकारी | 5 | 45 | |
| | | 2 | खाद्य प्र. तथा गुण नि.वि. | 3 | 35 | |
| | | 3 | भुमी व्यवस्था तथा नापि | 5 | 45 | 125 |
| 7 | गृह मन्त्रालय | 1 | अध्यागमन विभाग | 3 | 35 | |
| | | 2 | कारागार व्य. विभाग | 3 | 35 | 70 |
| ८ | परराष्ट्र मन्त्रालय | 1 | राहदानी तथा क.से.वि. | 3 | 35 | 35 |
| 9 | भौतिक पुर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | 1 | सडक, रेल तथा यातायाता व्यवस्था | 5 | 45 | |
| | | 2 | शहरी विकास तथा या.नि.वि. | 4 | 40 | 85 |
| 10 | वन तथा वातावरण मन्त्रालय | 1 | वन, वनस्पती तथा वातावरण | 5 | 45 | |
| | | 2 | भु संरक्षण, रा.नि. तथा व.आ. | 5 | 45 | 90 |
| ११ | महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालय | 1 | महिला वि. तथा सामाजिक सुरक्षा सेवा विभाग | 3 | 35 | 35 |
| 12 | शिक्षा, संचार, विज्ञान तथा प्रविधि मन्त्रालय | 1 | शिक्षा विभाग | 4 | 40 | |
| | | 2 | मुद्रण, सुचना तथा प्र.विभाग | 3 | 35 | |
| | | 3 | हुलाक सेवा विभाग | 3 | 35 | 110 |
| 13 | श्रम रोजगार, युवा तथा खेलकुद मन्त्रालय | 1 | श्रम तथा वय.ज. सुरक्षा वि. | 3 | 35 | |
| | | 2 | युवा, खेलकुद तथा वै.रो.वि. | 3 | 35 | 70 |
| 14 | संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | 1 | पर्यटन विभाग | 4 | 40 | |
| | | 2 | पुरातत्व विभाग | 3 | 35 | 75 |
| 15 | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | 1 | स्वास्थ्य सेवा विभाग | 5 | 45 | |
| | | 2 | औषधी व्यवस्था विभाग | 4 | 40 | |
| | | 3 | आयुर्वेद तथा वै.वि. विभाग | 3 | 35 | 120 |
| 16 | रक्षा मन्त्रालय | 1 | नेपाली जंगी अड्डा | 3 | 35 | 35 |
| | **जम्मा** | **35** | | **139** | **1410** | **1410** |